MAGARUSA - 2004

# २० वर्ष

## विगतलाई हेर्दा...

**मगर संघ अमेरिका**

**MAGAR ASSOCIATION USA INC.**

२० वर्ष

विगतलाई हेर्दा...

मगर संघ अमेरिका

Magar Association USA

**मगर संघ अमेरिका**

**Magar Association USA, Inc.**


## २० वर्ष विगतलाई हेर्दा...


| | |
|---|---|
| **प्रकाशक/सर्वाधिकार** | : मगर संघ अमेरिका |
| **प्रधानसम्पादक** | : प्रदिप परियार थापा मगर |
| **सम्पादक** | : कुलबहादुर राना मगर (कुलदीप) |
| **प्रकाशन संयोजक** | : दीपसागर बुढा मगर (वरिष्ठ उपाध्यक्ष) |
| **सम्पादन सहयोगी** | : याम पुन मगर (अध्यक्ष) |
| | : भुवनसिंह आले मगर (महासचिव) |
| | : पूर्ण बहादुर पाइजा मगर (सचिव) |
| | : मानबहादुर राना मगर (पूर्व महासचिव) |
| | : दुर्लभ मगर (पूर्व महासचिव) |
| **कभर/लेआउट** | : डिलबहादुर गुरूङ (९८४१३७१९३२) |
| **संस्करण** | : प्रथम संस्करण |
| **मुद्रण** | : कानुङ प्रेस, बागबजार (९८५१०५१४१६) |
| **संख्या** | : ५०० प्रति |
| **सहयोग रकम** | : $२० (रू.५००) |



**Magar Association USA, Inc.**

69-08 Woodside Avenue, 2nd Floor, Woodside, NY 11377
Phone: +1-917-596-4810
Email: info@magarusa.org
Website : www.magarusa.org



याम पुन मगर

# प्रकाशकीय

सर्वप्रथम मगर संघ अमेरिका स्थापनाको २०औं वार्षिकोत्सवको सुवसरमा अमेरिकामा बसोवास गर्नु हुने सम्पूर्ण मगर तथा आम शुभेच्छुकहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

अमेरिका आउनुभएका पहिलो पुस्ताका मगर अग्रजहरूले सन् २००४ मा मगर संघ अमेरिकाको स्थापना गरी मगरहरूबीच एकता, भातृत्व र सहयोग आदान प्रदान गर्ने संस्थागत प्रयास स्वरूप मगर संघ अमेरिका (तत्कालिन लाङ्घाली एसोसिएशन अफ युएसए) स्थापना गर्नुभएको थियो । त्यसैको परिणाम स्वरूप आज हामीले संघको ऐतिहासिक २०औं वार्षिकोत्सव मनाउँदैछौं । तसर्थ, यो ऐतिहासिक अवसरमा सम्पूर्ण संस्थापक अग्रजहरूलाई ससम्मान गर्दै सम्झन चाहन्छु र संघको २० वर्षे सांगठनिक यात्रामा कार्य समितिमा रहेर नेतृत्व गर्नुहुने सबै अग्रज व्यक्तित्वहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

कुनै पनि संस्थाको जीवनमा सफलतापूर्वक दुई दशक पुरा गरी क्रियाशील रहनु आफैंमा महत्वपूर्ण उपलब्धि हो । हालसम्म मगर संघ अमेरिका केन्द्रीय समिति अन्तरगत न्यूयोर्क, डीएमभी, टेक्सास, न्यूजर्सी, इलिनोइ, क्लोराडो, पेन्सिलभानिया र मासाचुसेट्स गरी ८ वटा राज्य च्याप्टरहरू स्थापना भै क्रियाशील छन् । मगर संघ अमेरिका केन्द्रीय समितिले सबै राज्य च्याप्टरहरूसँग मिलेर मगर जातिको भाषा, संस्कृति, इतिहास र पहिचानलाई संरक्षण र सम्वर्द्धन गर्न अमेरिका र नेपालमा सक्दो प्रयास गर्दै आएको छ । हालै अमेरिकामा बस्ने मगरहरूको अवस्था थाहा पाउन आन्तरिक जनगणना सर्वेक्षण पनि सम्पन्न गरिएको छ ।

यसै क्रममा मगर संघ अमेरिकाको वर्तमान कार्य समितिले यहि सन् २०२४ को जुलाई २८ तारिख न्यूयोर्क सहरमा संघको २०औं वार्षिकोत्सव र ९औं वार्षिक साधारणसभा विशेषरूपमा मनाउने निर्णय गरेको छ । सोही बमोजिम स्थापनादेखि हालसम्म भए गरेका गतिविधिहरूलाई दस्तावेजीकरण गर्ने उद्देश्यले मगर संघ अमेरिकाको २० वर्ष नामक स्मारिका पुस्तक प्रकाशन

गरिएको सहर्ष जानकारी गराउन चाहन्छु । संघले पहिलो प्रकाशनको रूपमा सन् २०११ मा 'याँभू' ईजर्नल प्रकाशन गरेको थियो । त्यसयता मगर संघ अमेरिका १० वर्ष (२०२४), 'याँभू' (२०२१) र 'याँभू' (२०२३) प्रकाशन गरिसकेकोछ । संघका यि सबै प्रकाशनहरूलाई समेटेर एकीकृत ऐतिहासिक दस्तावेजकोरूपमा यो कृति प्रकाशन गरिएको छ । स्मारिकाले संघको स्थापनादेखि हालसम्मको मुख्य मुख्य गतिविधि तथा आगामी योजनाबारे जानकारी दिनेछ भन्ने विश्वास लिएको छु । स्मारिका प्रकाशनको लागि अहोरात्र खट्नुहुने सम्पादक मण्डल, लेखक तथा सम्पूर्ण सहयोगी साथीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा, हामी अमेरिकावासी मगरहरूको साझा संस्था मगर संघ अमेरिकाको संस्थागत हित र प्रगतिको लागि योगदान गर्दै आउनुभएका कार्य समितिका पदाधिकारीहरू, सल्लाहकारहरू, आजीवन सदस्यहरू लगायत आर्थिक, नैतिक, भौतिक सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूलाई स-धन्यवाद हार्दिक आभार ब्यक्त गर्न चाहन्छु । तपाईहरूको सहयोगमा हाम्रो समुदायको सामाजिक रूपान्तरणको यात्रा निरन्तर जारी रहनेछ ।

**जय मगर !**

अध्यक्ष<br>
मगर संघ अमेरिका<br>
केन्द्रीय समिति



दीप सागर बुढा मगर

# प्रकाशन संयोजकको मन्तव्य

**जेधो / जोर्ले / सिमेङपाउ !**

मगर संघ अमेरिकाको २० औं वार्षिकोत्सवको उपलक्ष्यमा अमेरिकाबासी मगरहरू र सम्पूर्ण शुभचिन्तकहरूमा सुस्वास्थ, दीर्घायू र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

मगर संघ अमेरिकाको इतिहासलाई साक्षी राख्दै भावी पुस्तालाई संघको २० वर्षे दस्ताबेजीकरण कोशेली दिन 'मगर संघ अमेरिका २० वर्ष (बिगतलाई हेर्दा...')' ऐतिहासिक कृति प्रकाशन गर्न लागिएको हो । मगर संघ अमेरिकाको ऐतिहासिकतालाई अविस्मरणीय बनाउन हाम्रो संस्थालाई माया गर्नु हुने सम्पूर्णजनहरूमा इतिहासदेखि वर्तमानसम्मको सत्य तथ्य भोगाई बाँड्न यो कृतिको परिकल्पना गरिएको हो । समय बलवान् छ, परिवर्तित छ । आज हामीले इतिहास कोरेनौं भने यात्राको अर्को फड्को अगाडि बढ्ने बेला विगतमा के भएको थियो भन्ने इतिहास हराउँछ । त्यसैले यो दस्ताबेजीकरणको प्रयास मगर संघ अमेरिकाको गौरवपूर्ण ईतिहासको संरक्षण गर्ने एक सतत् प्रयास हो । पहिलो 'याँभू' ईजर्नल (२०११), मगर संघ अमेरिका १० वर्ष (२०२४), 'याँभू' (२०२१) र 'याँभू' (२०२३) मा उनिएको ऐतिहासिक गतिविधिहरू र लेखरचनाहरूको मालालाई यो सुनौलो कृतिमा समेटिएको छ । हिजो उनिएका ति मालाहरू हिजोको समयमा छुट्टै महत्व थियो, आज ऐतिहासिक महत्व छ, त्यसैले यहाँहरूको माँझमा पुनः पस्किएका छौं । विगतदेखि यो स्मारिकासम्म निरन्तर सम्पादनको जिम्मेवारी लिनु हुने वरिष्ठ सञ्चारकर्मी प्रदिप परियार थापा मगरप्रति सम्मानकासाथै हरेक इतिहासमा जोडिएर काम गर्नु भएकोमा मगर संघ अमेरिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

मगर संघ अमेरिकाको दुई दशकको इतिहास दस्ताबेजीकरण गर्ने संयोजकको जिम्मा मलाई दिनु भएकोमा केन्द्रीय समितिका सारथीहरूप्रति हार्दिक आभार र सधन्यवाद व्यक्त गर्दछु । अघिल्ला स्मारिकाहरूको संयोजन गर्नुहुने संयोजकहरूप्रति सधन्यवाद टकर्याउँदछु ।

हामीलाई यसपालि विविध क्षेत्रका विशिष्ट व्यक्तित्वहरूबाट शुभकामना प्राप्त गर्ने सौभाग्य मिल्यो। यो ऐतिहासिक कृतिमा शुभकामना मन्तव्य प्रदान गर्नु हुने नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालप्रति हार्दिक आभार साथै स-धन्यवाद प्रकट गर्दछु । नेपालको प्रतिनिधिसभाका उपसभामुख इन्दिरा राना मगर, त्रिभुवन विश्वविद्यालयका उपकुलपति केशरजंग बराल मगर, नेपाल मगर संघ केन्द्रीय समितिका अध्यक्ष ज्ञानेन्द्र पुन मगर र मगर संघ अमेरिकाका संस्थापक अध्यक्ष दलबहादुर बुढाथोकी मगरप्रति शुभकामना र सद्भावका निम्ति हार्दिक आभारकासाथै स-धन्यवाद प्रकट गर्दछु ।

त्यसैगरी, अमेरिकी संघीय तल्लो सदन हाउस अफ रेप्रिजेन्टेटिव सभासद ग्रेस मेंग, न्यूयोर्क राज्य सदन (एसेम्वली) का सभासद स्टिभन रागाप्रति शुभकामना, सद्भाव र सहकार्यका निम्ति हार्दिक आभारकासाथै सधन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा विगतदेखि वर्तमानसम्म मगर संघ अमेरिकालाई हरेक तवरबाट साथ, सहयोग, हौसला प्रदान गर्नु हुने सम्पूर्ण मगर समुदाय, शुभेच्छुकहरू र अग्रजहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

**धन्यवाद !! जय मगर !!!**

संयोजक
मगर संघ अमेरिका
स्मारिका प्रकाशन समिति
वरिष्ठ उपाध्यक्ष
मगर संघ अमेरिका केन्द्रीय समिति



**कुलदीप रानामगर**

# शुभकामना मन्तव्य !

मगर संघ अमेरिकाको स्थापनाको उद्देश्य मगर समुदायको मौलिक भाषा, संस्कार, संस्कृतिको संरक्षण र भौगोलिकताका आधारमा अमेरिकाभर छरिएर बसेका मगर समुदायलाई एकीकृत गर्ने, आउने पिढीलाई मगर संस्कार र संस्कृति पुस्तारन्तरण गर्ने साथै मगर समुदायमा भैपरी आउने समस्या समाधान गरी सफलताका खुसीहरू साटासाट गर्ने हो । मगर संघ अमेरिका सन् २००४ मा लांघाली संघ अमेरिकाको रूपमा स्थापना भएको थियो । त्यतिबेला अमेरिकामा बसोबास गर्ने मगरहरूको संख्या थोरै तथा मगर समुदायको आगमन कम थियो । तर त्यसबखतदेखि नै संघले आफ्नो सांगठनिक गतिविधि सुरू गरी समुदायमा भैपरी आउने समस्या समाधान गर्ने, हाम्रो समुदायबाट अमेरिका आएको बौद्धिक तथा राज्यको उच्चतहमा रहेका व्यक्तिहरूलाई स्वागत, सम्मान गर्ने, नेपालमा हुने प्राकृतिक प्रकोप र स्वास्थ्य उपचार गर्न नसक्नेहरूका लागि आर्थिक सहयोग गर्ने कार्य गर्दै आइरहेको छ ।

मगर संघ अमेरिकालाई स्थापनाकालदेखि आजको युवावस्थासम्म हुर्काउन हरतरहबाट योगदान पुऱ्याउनु हुने सम्पूर्ण अग्रज व्यक्तित्वहरूलाई सम्झन चाहन्छु । मैले सन् २०१५ देखि २०१८ सम्म मगर संघ अमेरिकाको केन्द्रीय कार्यसमिति सदस्यको रूपमा काम गर्ने अवसर पाएको थिएँ । जब संघको एक सिपाहीको रूपमा काम गर्ने अठोट गरें तबदेखि मैले मगर संघ अमेरिकाको विगतको इतिहासलाई सुक्ष्म तबरले अध्ययन गर्न थालेको थिएँ । समाज विकास र परिवर्तनको लागि आफूसँग जे छ त्यहीं दिनु हाम्रो सामाजिक दायित्व हो । त्यसै अनुरूप मैले पनि सन् २०१८ देखि २०२१ मा पहिलो पटक संघको अध्यक्षको जिम्मेवारी बहन गर्ने अवसर पाएँ ।

यसै पहिलो कार्यकालमा मगर समुदायको बढ्दो जनसंख्यालाई समेट्न संघको विधानलाई परिमार्जन गरी मगर संघ अमेरिकालाई केन्द्रीय समिति र राज्य च्याप्टर गरी अमेरिकाभरी संगठितरूपमा विस्तार गर्न सुरू गरियो । त्यसैअनुसार ४ वटा राज्यहरूमा च्याप्टर समिति गठन गरी संस्थाको विधान र मर्मअनुसार कार्य सम्पादन गरियो । हाल संघको ८ वटा राज्य च्याप्टरहरू गठन भैसकेकोछ । केन्द्रीय कार्यालयको रूपमा न्यूयोर्क सहरमा संघको इतिहासमै पहिलो पटक कार्यालय स्थापना

गरियो। संघको हरेक गतिविधि सो कार्यालयबाट सञ्चालन गरी इमेल, वेवसाईट, फेसबुक, फोन सम्पर्क कार्यालयलगायत संघको आधिकारिक कार्यलाई व्यवस्थित गरियो। त्यसैगरी, अमेरिकास्थित स्थानीय संघ संस्था र अमेरिकी सरकारसँग सहकार्यको थालनी गरियो। कोरोना महामारी प्रकोपको विषम परिस्थितिको बाबजूद पनि संघको सबै संयन्त्रलाई सक्रियतापूर्वक परिचालन गरी मेरो पहिलो कार्यकाल सफलतापूर्वक सम्पन्न भयो।

यसैबीच, मगर संघ अमेरिकाको स्थापनाकालदेखि तथा हाम्रो कार्यकालमा भएको संघको गतिविधि र मगर बौद्धिक व्यक्तित्वहरूको लेखरचनाहरूलाई समेटी याँभू प्रकाशनलाई निरन्तरता दिईयो। सन् २०२१ मा न्यूजर्सीमा सम्पन्न संघको आठौं राष्ट्रिय महाधिवशेनबाट मैले दोस्रो कार्यकालको लागि पुनः नेतृत्व गर्ने अवसर पाएँ। मगर संघ अमेरिकाको मर्मलाई समुदायले मप्रति गरेको विश्वासलाई निरास नगरी न्यूयोर्क राज्यसँग सामाजिक संस्थाले पाउने सुविधा प्राप्तिको लागि संघका मन थापा (सर्बुजा) मगर, विष्णु राना मगर, विष्णु राना मगरलाई समेटी कार्य सुरू गरियो। पहिलो पटक क्विन्स बोरो प्रेसिडेंट कार्यालयबाट अनुदान प्राप्त गर्न सफल भयौं। त्यसैगरी, संघलाई न्यूयोर्क सिटीको मेयर कार्यालयसँग आवद्धता गरी सिटीले गर्ने हरेक गतिविधिहरूबारे संघले जानकारी प्राप्त गर्न र सहकार्य गर्न शुरू भयो। अमेरिकी सरकारको विभिन्न निकायहरूसँग सहकार्य गरेवापत मगर संघ अमेरिकालाई कदरपत्रहरूबाट सम्मानित गरिएकोछ।

दोस्रो कार्यकालमा मगर आपत्कालिन कोषको स्थापना गरिनुकासाथै छात्रवृत्ति स्थापना र वितरण शुरू गरियो। अमेरिकामा रहेको बौद्धिक व्यक्तित्वहरूलाई समेटी विद्यार्थीहरूको विविध समस्यालाई सहजीकरण गर्दै मगर विद्यार्थी र बुद्धिजिवीहरूलाई संस्थामा समेट्ने कार्य गरियो। नेपालमा नेपाल मगर संघले सञ्चालन गरेको लोक सेवा तयारी कक्षाको लागि अनुदान प्रदान गरियो। नेपालको बौद्धिक व्यक्तित्वहरू तथा मगर प्रकाशन समितिको पहलमा आर्थिक संयोजन गरी मगर जाति सम्बन्धी विभिन्न विधाका १४ वटा पुस्तकहरू प्रकाशन गरियो।

यसैक्रममा आफ्नो इतिहास आफैले कोर्ने उक्तिलाई आत्मसात गर्दै मगर संघ अमेरिकाको दस्ताबेजीकरण गर्ने क्रममा समुदायको भण्डारण तथा समुदायमा आफ्नो उर्बर जीवन व्यतित गरेका आदरणीय अग्रज दाजु प्रदीप थापा मगरले संघलाई गरेको योगदानलाई सम्झिन चाहन्छु। मगर संघ अमेरिकालाई हरतरहले सहयोग गर्नु हुने सम्पूर्ण मगर तथा गैरमगरहरूप्रति पनि यसै अवसरमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। मगर संघ अमेरिका अहिले तन्नेरी अवस्थामा पुगेको छ। अमेरिकामा मात्र नभै विश्वभरी रहेका मगरहरूलाई एकताको सन्देश दिंदै संघको २० वर्षको ऐतिहासिक दस्तावेज भावी पिढीहरूको हातमा पुऱ्याउने उद्देश्यअनुरूप संघको सांगठनिक गतिविधि र रचनात्मक क्रियाकलापलाई एउटै पुस्तकमा दस्ताबेजीकरण गर्ने प्रयास गरिएको छ।

अन्त्यमा, मगर संघ अमेरिकाको २०औं वार्षिकोत्सव र नवौं वार्षिक साधारणसभाको पूर्ण सफलताको कामना गर्दछु। साथै, यो कृति हाम्रो भावीपुस्ताको लागि महत्वपूर्ण र उपयोगी दस्तावेज बन्नेछ र मगर संघ अमेरिकाको सांगठनिक जीवनलाई मार्गदर्शन गर्दै अगाडि बढ्न मद्दत गर्नेछ भन्ने कुरामा म विश्वस्त छु।

निवर्तमान अध्यक्ष
एवं सल्लाहकार मगर संघ अमेरिका



**प्रदीप परियार थापा मगर**

# गौरवपूर्ण दुई दशक !

मगर संघ अमेरिकाको गौरवपूर्ण दुई दशकको यात्रा सफलतापूर्वक पुरा हुने क्रममा छ । स्थापनाकाल सन् २००४ र सन् २०२४ बीचको ऐतिहासिक कालखण्डलाई लिपिबद्ध गर्ने शुरूवात संघको पहिलो मुखपत्र ईजर्नल याँभू (२०११) को प्रकाशनसँगै शुरू भएको हो । त्यसयता दशक स्मारिका (२०१४), याँभू (२०२१) र याभूँ (२०२३) को प्रकाशन भैसकेको छ । विगतका यि सबै प्रकाशनहरूलाई एउटै कृतिकोरूपमा दस्तावेजीकरण गर्ने कार्य पनि यो कृतिको प्रकाशनसँगै पुरा भएकोछ । मगर संघ अमेरिकाको स्थापनाकालदेखि हालसम्म संघले ७ जना अध्यक्षहरूको सबल नेतृत्व र अभिभावकत्व पाएको छ । संस्थापक अध्यक्ष दलबहादुर बुढाथोकी मगर (२००४-२००६): निलम थापा मगर (कार्यबाहक अध्यक्ष २००६-२००८): लेफ्टिनेण्ट महेन्द्रकुमार थापा मगर (२००८-२०१०, २०१०-२०१२): क्या. दलबहादुर रोका मगर (२०१२-२०१५): रूद्र थापा आले मगर (२०१५-२०१८): कुलदीप राना मगर (२०१८-२०२१, २०२१-२०२३) र याम पुन मगर (२०२३-२०२५) । हाम्रा यि अगुवा अध्यक्षहरूका अलावा विगत बीस वर्षका सयौं सारथीहरूले संघको विभिन्न समितिहरूमा रहेर पुऱ्याएको अतुलनीय योगदानको यहाँ स्मरण गर्न चाहन्छु ।

कस्तो संयोग ! मैले विगतदेखि वर्तमानसम्मको सबै स्मारिकाहरूको सम्पादन समूहमा रहेर सम्पादन गर्ने अवसर पाएकोमा गौरवान्वित छु । मगर संघ अमेरिकाको यो ऐतिहासिक सत्कर्ममा सामेल हुने अवसरको निम्ति संघको विगतदेखि हालसम्मको नेतृत्वलाई हार्दिक आभार व्यक्त गर्दछु । मगर संघ अमेरिकाले मगर जातिको पहिचानको निम्ति तय गरेको दुई दशकको लामो यात्रा आफैंमा एक कोशेढुंगा हो । अझ खुशीको कुरा, संघको अबको अनन्त यात्राको लागि मगर समुदायको उत्साही युवा सारथीहरू लामबद्ध छन् । त्यसैले हामी ढुक्कसँग आशा र कामना गर्न सक्छौं कि हाम्रा सन्ततिहरूले मगर संघ अमेरिकाले थालेको सामाजिक रूपान्तरणको यो सुनौलो अभियान र गर्विलो परम्परालाई युगौं युगसम्म निरन्तरता दिनेछन् ।

प्रमुख सम्पादक, याँभू
सम्पादक, Nepalism .com

काठमाडौं, नेपाल

प्रधानमन्त्री

## शुभकामना

मगर संघ अमेरिकाले बिसौं वार्षिकोत्सव तथा नवौं साधारणसभाको अवसरमा संघ विविध गतिविधिहरू समेटेर **"मगर संघ अमेरिका २० वर्ष, विगतलाई हेर्दा"** नामक पुस्तक प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ।

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक एवं विविधतायुक्त विशेषता भएको स्वाधीन देश हो। विभिन्न जात, धर्म, वर्ण, संस्कृति, संस्कारहरूमध्ये मगर जातिको समेत आफ्नै मौलिक संस्कार एवं संस्कृति छ। मगर जाति नेपालको मध्यपहाडी भेगमा बसोबास गर्ने प्रकृति पूजक जाति हो। जनसङ्ख्या, संस्कृति र मौलिकताका दृष्टिले नेपालको समृद्ध जातिभित्र पर्ने मगर समुदायको नेपालको इतिहास निर्माण, सभ्यताको विकास एवं राजनीतिक, आर्थिक, सामाजिक परिवर्तनमा महत्वपूर्ण योगदान रहँदै आएको छ। नेपालको भौगोलिक एकीकरण, संस्कारको विकास, पछिल्लो राजनीतिक परिवर्तनमा समेत मगर समुदायको योगदान विशिष्ट छ।

भूमण्डलीकरणको प्रभावसँगै विश्वमा विभिन्न भागमा फैलिएका मगर समुदायले संयुक्त राज्य अमेरिकामा समेत नेपाली सांस्कृतिक पहिचानको रूपमा मगर लोक संस्कृतिको प्रचारप्रसार र प्रवर्धन गरेको जानकारी पाउँदा थप खुसी लागेको छ। यसले नेपालको पहिचान, नेपालका विविध भाषा र संस्कृतिको प्रवर्धन हुनुका साथै अन्तर्राष्ट्रिय कुटनीति र पर्यटन प्रवर्धनका क्षेत्रमा समेत महत्वपूर्ण योगदान पुग्दछ। यो महत्वपूर्ण प्रयासका निम्ति यहाँहरू सबैमा विशेष धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, मगर संघ अमेरिकाले आफ्नो कार्यकालको दुई दशकको इतिहासलाई लिपिबद्ध गर्दै विशेष कृति प्रकाशन गर्न लागेको अवसरमा नेपाल सरकारको तर्फबाट मगर संघ अमेरिकाको थप उनन्नयन र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु। धन्यवाद।

मिति : २१ जेठ, २०८१

नेपाल संवत् ११४४, बछलागा, द्वादशी

03 July, 2024 A.D.

पुष्पकमल दाहाल 'प्रचण्ड'

इन्दिरा राना
उपसभामुख

संघीय संसद
# प्रतिनिधि सभा

सिंहदरबार, काठमाडौं नेपाल

## शुभकामना !

मगर संघ अमेरिकाको २०औं वार्षिकोत्सव एवं ९औं वार्षिक साधारणसभाको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु। यसै सन्दर्भमा, मगर संघ अमेरिकाको दुई दशक लामो यात्रालाई लिपिबद्ध गरी कृतिको रूपमा प्रकाशन गर्न लागेको अवसरमा बधाई ज्ञापन गर्दछु ।

नेपाल विविध जाति, भाषा, संस्कृतिको सुन्दर फूलबारी हो। यसै विविधतामा फूलेको सुन्दर फूलहरू मध्ये मगर जाति पनि एक हो । राष्ट्र निर्माण र नेपालीत्व पहिचानमा मगर समुदायको ऐतिहासिक भूमिका रहि आएको छ । आधुनिक समावेशी नेपालको निर्माणमा मगरहरूको थप सक्रियता, सहभागिता र प्रतिनिधित्व अपेक्षित छ ।

नेपालबाट संयुक्त राज्य अमेरिकामा पुगी उतै बसोबास गरेका मगर समुदायहरूबीच म धेरै पटक साक्षात्कार भएको छु । अमेरिकामा मगर सँस्कृति र परम्परालाई जीवन्त बचाई राख्न मगर संघ अमेरिकाले गरिरहेको प्रयास सराहनीय छ ।

अन्त्यमा, अमेरिकाबासी सम्पूर्ण मगर समुदायलाई यहाँहरूको दुई दशक लामो यात्रा सफलतापूर्वक पुरा गर्नुभएकोमा र भविष्यको दूर यात्रामा पनि सफलता मिलोस् भन्ने हार्दिक कामना व्यक्त गर्दछु ।

४ जुलाई, २०२४

इन्दिरा राना
उपसभामुख

मिति : २०२४ -०६- १०

# शुभकामना

मगर संघ अमेरीकाले आफ्नो ९ औं बार्षिक साधारण सभा साथै ऐतिहासिक २० औं बार्षिकोत्सव भव्यताको साथ मनाउन गइरहेको र सो अवसरमा संस्थाले स्थापना कालदेखि वर्तमानसम्म गरेको गतिबिधि समेटेर " मगर संघ अमेरीका २० बर्ष (बिगतलाई हेर्दा)" नामक पुस्तक प्रकाशन गर्न लागेको थाहा पाउँदा गर्व महशुस गरेको छु ।

मगर संघ अमेरीकाले यस अवधिमा समाजमा विभिन्न किसिमका सह्रानीय र कल्याणकारी कार्यहरु गर्दै आइरहेको र आफ्नो उदेश्यतिर पाइलाहरु चालिरहेको देख्दा खुशी लागेको छ । आउँदा दिनहरुमा पनि यसले दुर्गम र पिछडिएको ठाउँका गरीब र जेहेन्दार बिधार्थीहरु साथै अशक्त व्यक्तिहरु लक्षित कार्यक्रमहरुको निरन्तरता दिनेछ भन्ने आशा लिएको छु ।

अन्त्यमा ९ औं बार्षिक साधारण सभा साथै २० औं बार्षिकोत्सव भव्यताको साथ सम्पन्न होस भन्दै अध्यक्ष लगायत कार्यसमितिका पदाधिकारीज्यूहरु एवं अमेरीकामा बसोबास गर्नुहुने सम्पूर्ण मगरहरु प्रति सु-स्वास्थ्य, दिर्घायु र उत्तरोतर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यबाद !
जय मगर !!

दल बहादुर बुढाथोकी मगर
संस्थापक अध्यक्ष
मगर संघ अमेरिका
(हाल: लण्डन)

GRACE MENG
HOUSE OF REPRESENTATIVES
Washington, D.C. 20515

July 28, 2024

Magar Association USA Inc.
69-08 Woodside Avenue, 2nd Floor
Woodside, NY 11377

Dear Friends:

I am pleased to extend my heartfelt greetings to all gathered at the twentieth anniversary of the Magar Association USA.

Since being established in 2004, the Magar Association has remained steadfast in their commitment to support and serve the Magar community who have migrated to the United States. Magar Association USA spearheads several initiatives supporting the Magar community in Nepal during natural disasters and humanitarian emergencies. The organization continues to demonstrate dedication to improving our community and bettering the lives of others through its services.

Please accept my best wishes for a wonderful celebration and much continued success!

Sincerely,

Grace Meng
Member of Congress



STEVEN RAGA
Assemblymember
30th District

THE ASSEMBLY
STATE OF NEW YORK
ALBANY

**COMMITTEES**
Aging
Agriculture
Banks
Government Operations
Labor
Social Services

**CAUCUS & TASK FORCES**
Black, Puerto Rican, Hispanic, &
Asian Legislative Caucus
Asian Pacific American Taskforce
Puerto Rican/Hispanic Taskforce

Sunday, July 28, 2024

Magar Association USA, Inc.
69-08 Woodside Ave, 2nd Floor
Woodside, NY 11377

Dear Magar Association USA, Inc.,

I am delighted to offer my warmest congratulations on your 20th Anniversary!

It pleases me to learn that the Magar Association USA, Inc. is publishing a special book documenting two decades of rich history of your storied organization. It is an honor to wish you success now and for the future.

We know that the Magar Association USA, Inc. has tirelessly worked on preserving the culture and legacy of the Magar community of Nepal. Your work is important to the diverse communities of New York's 30th Assembly District, which is home to many of our Magar and Nepali community members.

Thank you for your unwavering dedication to preserving and promoting the Magar culture within our community. We look forward to continuing our collaboration in the years to come. Please feel free to reach out to us at any time. My office is always open in the future for further cooperation.

Sincerely,

Steven Raga, MPP, MPA, MBA, MS
Assemblymember
New York State Assembly — 30th District

ALBANY OFFICE: 921 Legislative Office Building, Albany, NY 12248 • 518-455-4755 • FAX: 518-455-3791
DISTRICT OFFICE: 55-19 69th Street, Maspeth, New York 11378 • 718-651-3185 • FAX: 718-651-3027

त्रिभुवन विश्वविद्यालय

**उपकुलपतिको कार्यालय**

कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र संख्या च. नं.



## शुभकामना

मगर संघ अमेरिकाको ९ औं वार्षिक सभा साथै ऐतिहांसिक २० औं वार्षिक उत्सवको उपलक्षमा मगर संघ अमेरिका २० वर्ष प्रकाशनले मगर संघ अमेरिकाको इतिहांसलाई दस्तावेजिकरण गर्ने छ भन्ने विश्वास मलाई लागेको छ र मगर संघ अमेरिकाको ९ औं वार्षिक सभा साथै ऐतिहांसिक २० औं वार्षिक उत्सवका उपलक्षमा संयुक्त राज्य अमेरिकामा बस्नु हुने सबै मगरहरुलाई हार्दिक शुभकामना दिन चाहान्छु ।

प्रा. डा. केशर जङ्ग बराल

उपकुलपति

जेठ, २०८१

फोन : ४३३०४३३/४३३०४३४, E-mail : vcoffice@tu.edu.np, पोष्ट बक्स नं. : ८२१२

"मगरात सभ्यता सहितको समृद्ध मगर समाज"

"मगर इतिहास, भाषा, संस्कृति संरक्षण-सम्वर्द्धन मगरहरूको मूल मन्त्र,
मगरात पहिचान र स्वायत्त शासन सहितको संघीय लोकतान्त्रिक गणतन्त्र ।"

का.जि.प्र.का.द.नं. २५२/०४९/०५०

# नेपाल मगर संघ
# NEPAL MAGAR ASSOCIATION

केन्द्रीय समिति, कलंकी, काठमाडौं

च.नं./पंस.:२०८०/०८१/४४१ मिति :२०८१।०२।२६ गते

## हार्दिक शुभकामना

विविधता युक्त देश नेपालमा पहिचान रक्षार्थ संघर्ष पेचिलो बन्दै गईरहेको वर्तमान परिपेक्षमा नेपाली आदिवासी मगरहरु नेपाल मगर संघमा गोलबन्द भईरहेका छन् । नेपालका मुलधारका पार्टीहरु र राज्य संयन्त्र एकल पहिचानलाई जर्बजस्त स्थापित गर्न तल्लिन छन् भने आदिवासीहरु बहुल पहिचानको संरक्षण संबर्द्धन गर्दै नेपाल देश निर्माणमा गरेको ऐतिहासिक योगदानको सम्मान र वर्तमान दमन विभेदको क्षतिपूर्ति स्वरुप जातिय पहिचानको आधारमा प्रदेशको पुर्नसंरचना गरि नामाकरण सहितको राज्याधिकारको पक्षमा संघर्षरत छन् । यहि संघर्षमा आदिवासी मगरहरुको साँझा नेपाल मगर संघ पनि सामाजिक न्याय र समानताको पक्ष निरन्तर क्रियाशिल भईरहेको सर्वविदितै छ । यहि दौरानमा पहिचान र अस्तित्व रक्षार्थ विभिन्न देशमा बसोबास गरि रहनुभएका मगरहरु सोही देशमा क्रियाशिल मगर संघमा आबद्ध हुनेक्रममा अमेरिका निवासी मगरहरु संगठित र गोलबन्द भएको संस्था **मगर संघ अमेरिका**ले आफ्नो ९औं वार्षिक साधारणसभा तथा ऐतिहासिका २०औ वार्षिक उत्सवको अवसरमा मगर संघ अमेरिकाले स्थापना कालदेखि वर्तमान सम्म गरेका हरेक गतिविधी समेटेर **"मगर संघ अमेरिका २० वर्ष (विगतलाई हेर्दा)"** प्रकाशन हुदै गरेको सुखद खबरले नेपाल मगर संघ केन्द्रीय समिति हर्षित भएको छ । यस सुखद अवसरमा मगर संघ अमेरिका परिवारलाई धन्यवाद सहित उत्तरोक्तर प्रगतिको समेत कामना व्यक्त गर्दछु । भाषा, संस्कार-संस्कृति सहितको ऐतिहासिक पहिचान र अस्तित्व जर्गेना गर्ने सिलसिलामा नेपाल मगर संघले ***मगरात सभ्यता सहितको समृद्ध मगर समाज*** बनाउने दिर्घकालिन लक्ष्य सहितको महत्वकांक्षी अभियानमा क्रियाशिल भईरहेको अवस्थामा यस पुस्तकले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गर्दै यो पुस्तकले सबै पाठक वर्ग र मगरात सभ्यताको जगमा उभिएको मगर जातिको विकासमा थप टेवा पुऱ्याउने छ भन्ने शुभकामना व्यक्त गर्दछु ।

मगरात सभ्यता सहितको समृद्ध मगर समाज बनाउने अभियानको शिलशिलामा मगर जातिको ईतिहास, भाषा, संस्कृतिको गहन अध्ययन अनुसन्धान गर्दै दस्तावेजीकरण गरि मगरहरुको मार्गदर्शन सिद्धान्त **मगरात दर्शन** तयार गरेर मगर समुदायलाई आफ्नो खास र वास्तविक पहिचान बुझ्दै बुझाउदै समुदायको एकता र ऐक्यबद्धताको शुत्रमा जोड्नु नै अबको अपरिहार्य आवश्यकता हो । यहि दर्शन नै विश्वभरि बसोबास गर्ने लाखौलाख मगर समुदायहरुलाई जोड्ने बलियो कडी हुनेछ । मगरको समग्र समृद्धिका लागि हाम्रो भाषा, सस्कृतिको जर्गेना गर्दै ***मगरहरुको शिक्षा (सचेतना) मा बिकास, मगरहरुको सामाजिक साँस्कृतिक सशक्तिकरण, मगरहरुको आर्थिक समृद्धि*** र ***मगरहरुको राजनीतिक सशक्तिकरण*** गर्ने **चार (४) खम्बे नीति** मार्फत समुदायलाई रुपान्तरण गर्दै सबै मगरले आफू र आफ्नो जाति प्रति गर्व गर्दै सहअस्तित्वको आधारमा एकले अर्को मगर प्रति सम्मानको भावले विविधतामा एकताको संकल्प सहित मगरको समृद्धि गर्ने नेपाल मगर संघको अभियानमा अमेरिकामा बसोबास गरिरहेका आम मगर समुदायलाई मगर संघ अमेरिका मार्फत हार्दिक अपिल गर्दछु ।

अन्त्यमा, ***राजनीतिक/पार्टीगत, पेशागत र धार्मिक आस्थाहरु आवश्यकता वा चाहनाले परिवर्तन गर्न सकिन्छ र सक्नुपर्दछ तर आफ्नो बंशज, रगत र जात परिर्वतन गर्न किमार्थ सकिदैन*** यहि धुर्व सत्य अर्थाथतालाई आत्मबोध गरि मगर एक्यबद्ध हुनुको हामीसंग विकल्प छैन भन्ने बुझाईका साथ नेपाल मगर संघ अगाडी बढेको हुदा यि सबै अभियानलाई सार्थक र दिगो बनाउन **मस्तिष्कमा समझदारी, हृदयमा ईमान्दारी, काँधमा जिम्मेवारी, कार्यमा साझेदारी** भन्ने मुलमन्त्रलाई हृदयगमन गर्दै सबै मगरहरुलाई संस्थामा संगठिन हुर्दै पहिचान रक्षाको यात्रामा सहभागी हुन यसै शुभकामना मार्फत सबैमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद, जय मगरात ! जय संघिय लोकतान्त्रिक गणतन्त्र नेपाल !!

ज्ञानेन्द्र पुनमगर
**(अध्यक्ष)**

सम्पर्कः ०१-५२१८३३७ कार्यालय E-mail: nepalmagarsangh@hotmail.com, Website: https://nepalmagarassociation.org.np

# विषयसूची

**खण्ड १**

सांगठनिक गतिविधि २०२३-२०२४ २३

मगर संघ अमेरिकाको स्थापनाको कालखण्ड ३७

मगर भाषाको ऐतिहासिक परिचय ३९

**खण्ड २**

**सन् २०२३ प्रकाशित गतिविधि**

सांगठनिक गतिविधि २०२१-२०२३ ५५

सदस्यता वितरणको अवस्था र आवश्यकता ६९

न्यूयोर्क च्याप्टरको गतिविधि २०२१-२०२३ ७०

न्यूजर्सी च्याप्टरको गतिविधि २०२१-२०२३ ७४

डिएमभी च्याप्टरको गतिविधि २०२१-२०२३ ६४

टेक्सास च्याप्टरको गतिविधि २०२१-२०२३ ८०

कोलोराडो च्याप्टरको गतिविधि २०२१-२०२३ ८४

ईलिनोइ च्याप्टरको गतिविधि २०२१-२०२३ ८६

**सन् २०२१ प्रकाशित गतिविधि**

मगर संघ अमेरिका केन्द्रीय समितिको सांगठनिक गतिविधि २०१८-२०२१ ८८

न्यूयोर्क च्याप्टरको सांगठनिक गतिविधि २०१६-२८ ९४

डीएमभी च्याप्टरको सांगठनिक गतिविधि २०१८-२०२१ ९६

न्यूजर्सी च्याप्टरको सांगठनिक गतिविधि २०१९-२०२१ ९८

टेक्सास च्याप्टरको सांगठनिक गतिविधि २०१९-२०२१ ९९

मगर संघ अमेरिकाको गतिविधिहरू २०१४-२०१७ १०१

**सन् २०१४ प्रकाशित गतिविधि**
अमेरिकी मगरहरूको संस्थाको नाम परिवर्तन : 'मगर संघ अमेरिका' बन्यो १०७
न्यूजर्सीमा मगर संघ अमेरिकाको पाँचौं अधिवेशन सम्पन्न ११०
न्यूयोर्कमा ३०औं 'मगर दिवस' २०१२ सम्पन्न ११२
मगर संघ अमेरिकाद्वारा विभिन्न व्यक्तित्वहरू सम्मानित ११४
'याँभु' (इन्द्रेणी) इ-जर्नलको प्रकाशन शुरूवात ११६
मगर संघ अमेरिकाद्वारा माघे संक्रान्ति पर्व मनाउने परम्परा ११७
अमेरिकामा नेपालका प्रथम शहीद लखन थापा मगरको सम्झनामा स्मृति दिवस १२३
छैठौ महाधिवेशन बाल्टिमोरमा सम्पन्न १३५
खड्ग गर्बुजा साँझ सम्पन्न १३६
न्यूयोर्कमा मगर संघ अमेरिकाद्वारा पहिलो सार्वजनिक देउसी भैलो कार्यक्रम २०१२ सम्पन्न १३७
न्यूयोर्कमा लाङ्घाली एसोसिएसनद्वारा रक्तदान कार्यक्रम सम्पन्न १३९
मगर संघ अमेरिकाद्वारा दोहोरी साँझ १४१
अमेरिकी राज्य जर्जियामा भुटानिज मगरहरूको वार्षिक भेला सम्पन्न १५२
अमेरिकाको भलिबलमा मगर संघको बर्चश्व १५३

**खण्ड ३**
**सन् २०२३ प्रकाशित सम्पादकीय/शुभकामना**
मगर संघ अमेरिकाको दुई दशक ! १५७
प्रकाशकीय १६१
**सन् २०२१ प्रकाशित सम्पादकीय/शुभकामना**
मगर संघ अमेरिकाको १७ वर्ष ! १६८
**सन् २०१४ प्रकाशित सम्पादकीय/शुभकामना**
यात्राको निरन्तरता : मगर संघ अमेरिकाको एक दशक १८०
**सन् २०११ प्रकाशित सम्पादकीय/शुभकामना**
याँभूको सन्देश १८३
अध्यक्षको मन्तब्य १८६

**खण्ड ४**
**सन् २०२३ प्रकाशित लेख/रचना**
Emergency Fund of Magar Association USA Inc. १९५
Connecting Magars in USA १९७
मगर जातिको पहिचानको सवाल र ऐक्यबद्धताको खाँचो २०१
नेपालको कानूनमा मातृभाषाको व्यवस्था २११

**सन् २०२१ प्रकाशित लेख⁄रचना**

नेपालमा मगरभाषीहरूको अवस्था २१६
मगर खाम बस्तीका संस्कार-संस्कृति र प्रचलित प्रथा २२५
डोल्पाका तराली मगरहरूको साँस्कृतिक परिचय २३२
गोरेबहादुर खपाङ्गी मगरको व्यक्तित्व र योग्दान २३७
मगर समुदायको लोकप्रिय संस्कृति नाँच 'हूर्रा/हूर्रा देउसी' २२४
नेपालको समृद्धिसँग जोडिएको प्रश्न २५०

**सन् २०१४ प्रकाशित लेख⁄रचना**

संस्था प्रोफाइल मगर संघ अमेरिका २५४
यसकारण हुन् लखन थापा मगर (द्वितीय) नेपालको प्रथम शहीद २५७
मगर संस्कृतिमा माघ्या सकराती : एक परिचर्चा २६६
जातिभाषा विज्ञानको हेराइमा मगर भाषा २७२
प्रकृतिवादभित्रको दर्शन र मगर संस्कारमा नवपुरोहितवादको प्रवेश २८९
मिडियामा मगर पहुँच किन ? २९५
संघीयताको प्रश्न मगरात स्वायत्त प्रदेश २९९
हाम्रो देश हाम्रो भेष मगर जाति ३०६
तेरिया मगर ३०९

**सन् २०११ प्रकाशित लेख⁄रचना**

मगरहरूको राष्ट्रिय पर्ब माघे संक्रान्ति ३१२
युवा र राजनीति ३१५
मगरीकरण कि हिन्दूकरण ? ३१८
भूम्या वा नाम पूजाको महत्व ३२३
देशभित्र र बाहिरका मगर संघको सम्बन्ध ३२८
प्रस्तावित मगरात प्रदेशको समीक्षा ३३१
मित्रसेनको झुप्रोलाई एक साँझ ३४१
शैक्षिक दृष्टिकोणमा राज्यको संघीय पुनसंरचना ३४५
चलचित्र निर्देशनमा आदिवासी जनजाति महिला ३५०
राजनीतिमा मगर ३५३
मगर भाषाको अवस्था ३५६
जीन्दगीको एक दिन ३६२
आशा ३६८
मगर गाउँको अभियान ३७४
प्रतिभा परिचय : बिन्दु थापा मगर ३७६
सिनेमा निर्माणमा मगरहरू ३७७

**खण्ड ५**

**सन् २०२३ प्रकाशित साहित्य**


गीत ३८३

ङा, ङा न आले ३८४


**सन् २०२१ प्रकाशित साहित्य**


राहानी कान्छा ३८५

युङला बासर ३८६

पर्देशिको सन्देशः गाउँ र जन्मभूमिलाई ‼ ३८७


**सन् २०११ प्रकाशित साहित्य**


के थाहा त्यो पहिलो दिनको ३८८

इन्द्रेणी ३८९

गजल ३९०

गीत ३९१

ग्रीन कार्ड ३९२

आखिर छर्छ हावाले फेरि एक मुठी खरानी ३९३

झझल्को ३९४

सलाम बीर शहीदलाई ! ३९५


**खण्ड ६**


मगर संघ अमेरिका केन्द्रीय समिति तस्वीरमा २०११ A२

मगर संघ अमेरिका केन्द्रीय समिति तस्वीरमा २०१४ B५

मगर संघ अमेरिका केन्द्रीय समिति तस्वीरमा २०२१ A१७

मगर संघ अमेरिका केन्द्रीय समिति तस्वीरमा २०२३ B२५

मगर संघ अमेरिका केन्द्रीय समिति तस्वीरमा २०२४ B४१

# खण्ड १

## संगाठनिक गतिविधि २०२३–२०२४



भुवन सिंह आले मगर
महासचिव

# सांगठनिक गतिविधि २०२३–२०२४

**पृष्ठभूमि**

मगर संघ अमेरिकाको स्थापना सन् २००४ को मार्च २८ तारिख न्यूयोर्क सहरमा संयुक्त राज्य अमेरिकाको विभिन्न राज्यहरूमा बसोबास गर्ने मगरहरूको ऐतिहासिक भेलाले सम्पूर्ण मगरहरूको साझा संस्थाको रूपमा 'लाङ्घाली एसोसिएसन अफ यूएसए (Langhali Association of USA)' नाम राखी शुरू भएको हो । ढुट मगर भाषामा 'लाङ्घाली' को अर्थ 'गाउँले' हुन्छ । सन् २०१० को अक्टोबर २४ मा न्यूजर्सी राज्यमा सम्पन्न ऐतिहासिक चौंथो राष्ट्रिय महाधिवेशनबाट स्थापना कालको नाम 'लाङ्घाली एसोसियसन अफ यूएसए' लाई परिवर्तन गर्दै 'मगर संघ अमेरिका (Magar Association USA)' को नामाकरण गरिएको थियो । स्थापना कालदेखि सन् २०१६ सम्म मगर संघ अमेरिकाले विभिन्न राज्यहरूमा संस्थाको गतिविधिहरू केन्द्रीय समिति मातहतमा रहेका विभिन्न विभागहरूमार्फत् सम्पन्न गर्दै आइरहेको थियो । संस्थाको उद्देश्य, काम, कर्तव्य सहजतापूर्वक सम्पन्न गर्न मगरहरूको सघन बस्तीहरू भएका अमेरिकाको विभिन्न राज्यहरूबाट आएको सुझाबलाई आत्मसात् गर्दै सन् २०१६ मा केन्द्रीय समिति र च्याप्टर समितिको अवधारणा अगाडि सार्दै विधानमै व्यवस्था गरी राज्य च्याप्टर समितिहरू गठन गर्न शुरू गरियो । सर्व प्रथम न्यूयोर्क राज्य च्याप्टर गठन गरियो । हालसम्म मगर संघ अमेरिका केन्द्रीय समितिको मातहतमा ८ वटा राज्यहरूमा च्याप्टर समिति गठन भई सकेको छ । जसअनुसार (१) न्यूयोर्क च्याप्टर, (२) न्यूजर्सी च्याप्टर, (३) डिएमभी (डिसी–मेरिल्याण्ड–भर्जिनिया) च्याप्टर, (४) टेक्सास च्याप्टर, (५) कोलोराडो च्याप्टर, (६) ईलेनोई च्याप्टर, (७) मासाचुसेट्स च्याप्टर र (८) पेन्सिलभानिया च्याप्टर गठन भैसकेकोछ । अन्य राज्यहरूमा पनि क्रमशः राज्य च्याप्टर समिति गठन प्रक्रिया रहेको छ ।

**उद्देश्य**

**'जहाँ रहेपनि जहाँ बसेपनि नभुलौं हाम्रो मातृभूमिलाई,**
**जोगाई राखौं युगौं युग हाम्रो मौलिक भाषा, कला र संस्कृतिलाई'**

यो मूल नाराका साथ संयुक्त राज्य अमेरिकाभर छरिएर रहेका मगरहरूलाई मगर संघ अमेरिकाको एउटै छानामुनि गोलबद्ध गरेर आपसी भेटघाट, समुदायको मर्म, भावनालाई सरोकार राख्दै विभिन्न क्षेत्रमा रहेका मगर समुदायको समन्वयमा सूचना प्रवाह, सुख, दुःखमा सहयोग आदानप्रदान साथै नेपालका पूर्वदेखि पश्चिमका अनेक विविधतामा एकता रहेको हामी मगरहरूको भाषा, भेषभूषा, संस्कार, संस्कृति, रीतिरिवाज तथा परम्परालाई संरक्षण र सम्वर्द्धन गर्दै अन्य नेपाली र अमेरिकी समुदायहरूसँग समन्वय र सहकार्य गर्ने उद्देश्यले मगर संघ अमेरिकाको स्थापना गरिएको हो । भावी मगर पुस्तालाई मौलिक मगर संस्कार, संस्कृति, मगर मातृभाषा र मगर भेषभूषा पुस्तान्तरण गर्दै एकआपसमा भ्रातृत्व, एकता र सद्भाव विकास गर्नु रहेको संघको उद्देश्य रहेको छ । अमेरिकामा हरेक क्षेत्रमा उपलब्ध हुने अवसरहरूलाई आत्मसात् गर्दै रोजगारी, व्यवसाय तथा विभिन्न क्षेत्रमा स्थानीय, राज्य र संघीयस्तरमा मगर समुदायका सदस्यहरूलाई स्थापित गर्न सहयोग र प्रोत्साहन गर्ने संघको प्रयास रहेको छ ।

**सांगठनिक गतिविधि (२०२३-२०२४)**

अमेरिकाको कोरोलाडो राज्यको डेनभर सहरमा सन् २०२४, जुलाई २९ मा भएको मगर संघ अमेरिकाको ऐतिहासिक नवौं महाधिवेशन सम्पन्न भयो । सो महाधिवेशनले न्यूयोर्क निवासी, संघको न्यूयोर्क च्याप्टरका पूर्व अध्यक्ष याम पुन मगरको अध्यक्षतामा वर्तमान केन्द्रीय कार्य समिति निर्वाचित गर्यो । संघको केन्द्रीय समितिको पहिलो बैठकबाटै संस्थाको उद्देश्य प्राप्तिका लागि विभिन्न कार्ययोजना प्रस्तुत गर्दै २०२३-२०२५ को कार्यकाल सुरू गरियो । यो वर्ष (सन् २०२४)को वार्षिक साधारण सभासम्म आइपुग्दा केन्द्रीय समिति र राज्य च्याप्टर समितिहरूले विविध संस्थागत गतिविधि तथा सामाजिक कार्यहरू सम्पन्न गर्न सफल भएको छ । ति गतिविधिहरूबारे संक्षिप्त विवरण प्रस्तुत छ :

**सल्लाहकार समिति गठन (२०२३-२०२५)**

मगर संघ अमेरिका केन्द्रीय समितिलाई सल्लाह, सुझाबहरू दिन मगर संघ अमेरिकाको पहिलो बैठकबाट विभिन्न अग्रज र बौद्धिक व्यक्तित्वहरूलाई समेटेर सल्लाहकार समितिमा चयन गरेकोछ । सल्लाहकार समितिमा निम्नानुसार व्यक्तित्वहरू रहनुभएको छ :

कुलदिप राना मगर (निवर्तमान अध्यक्ष, न्यूयोर्क)
डा. गंगा पुर्जा पुन मगर (भर्जिनिया)
डा. चक्र बुढाथोकी मगर (मेरिल्याण्ड)
लक्ष्मीकुमारी राना मगर (न्यूजर्शी)
डा. कृष्ण थापा मगर (टेक्सास)
बखन थापा मगर (क्यालिफोर्निया)
ईश्वर बुढा मगर (पेन्सिलभानिया)
विष्णु (Vishnu) राना मगर (न्यूयोर्क )
लछुमन राना मगर (कोलोराडो)
डा. चन्द्र थापा मगर (केन्सास)

डा. कमान थापा मगर (ओहायो)
संगिनी राना मगर (मेरिल्याण्ड )
डा. खुशिमान पुन मगर (वासिङ्टन)

**माघे सङ्क्रान्ति**

मगर समुदायको महान राष्ट्रिय साँस्कृतिक पर्व माघे सङ्क्रान्ति विभिन्न मगरहरूको सघन बस्ती भएका राज्यहरूमा भव्य रूपमा मनाउँदै आइरहेको छ । सन् २०२४ को माघे सङ्क्रान्ति पर्व सबै च्याप्टर समितिहरूद्वारा केन्द्रीय सदस्यहरूको उपस्थितिमा सांस्कृतिक कार्यक्रम गरी भव्यतापूर्वक मनाइयो ।

**मगर संघ स्थापना दिवस**

मगर संघ अमेरिकाको २०औँ ऐतिहासिक दिवस सन् २०२४ मार्च २८ मा भर्चुअल जुम माध्यमबाट संस्थापक अध्यक्ष दलबहादुर बुढाथोकी मगर (हाल युके) को प्रमुख आतिथ्यतामा बृहत शुभकामना आदानप्रदान गरी मनाइयो । यस अवसरमा सबै च्याप्टर समितिहरूले आआफ्नो अनुकूल खेलकुद, सामाजिक कार्य, रक्तदान कार्यक्रम तथा भेटघाट गरी मनाइयो । मगर संघ अमेरिकाको नवौं वार्षिक साधारणसभा तथा २०औं वार्षिकोत्सव समारोह सन् २०२४ जुलाई २८ तारिख न्यूयोर्क सहरमा शुभकामना तथा सांस्कृतिक साँझसहित मनाईदैछ ।

**मगर जनगणना २०२४**

मगर संघ अमेरिकाको दीर्घकालिन योजनाअनुरूप संस्थाको भविष्यमा मगर समुदायप्रति दायित्व, योजनालाई मध्यनजर गर्दै अमेरिकाबासी मगरहरूको आन्तरिक जनगणना गर्ने र अमेरिकाको ५० वटै राज्यहरूका मगरहरूलाई समेट्ने उद्देश्य अनुसार मगरहरूको तथ्यांक संकलन गर्ने काम सुरू गरियो । तथ्यांक संकलन समितिमा संघका केन्द्रिय उपाध्यक्ष (पश्चिम क्षेत्रीय) टेकबहादुर थापा मगर संयोजक, यज्ञकुमार थापा मगर सहसंयोजक र सबै च्याप्टरहरूबाट प्रतिनिधि रहने व्यवस्था गरियो । अमेरिकामा करिब ८ हजार मगरहरूको बसाइँ रहेको अनुमान छ । तथ्यांक संकलन गर्ने कार्य क्रमशः नियमित र दीर्घकालिन रूपमा सञ्चालन गरिनेछ । पहिलो चरणमा गरिएको जनगणनाअनुसार अनुमानित संख्याको २० प्रतिशत मगरहरू जनगणनामा सहभागिता जनाएका छन् ।

**आपत्कालिन कोष**

मगर संघ अमेरिकामा आवद्ध सदस्यहरूलाई आइपर्ने आपत्कालिन समस्यालाई तत्काल समाधान गर्ने उद्देश्य अनुरूप मगर संघ अमेरिकाको आपत्कालीन कोषलाई पूर्णता दिन कोषको लक्ष्य अनुसार पहिलो चरणको ५० हजार डलर जम्मा गर्ने काम सम्पन्न भयो । हरेक आजीवन सदस्यता शुल्कबाट उठेको रकम आपत्कालिन कोषमा जम्मा गर्ने प्रावधान रहेको छ ।

**सदस्यता वितरण**

मगर संघ अमेरिकाको सदस्यता संयोजक केन्द्रीय सचिव पूर्ण बहादुर पाइजा मगरको संयोजकत्वमा सबै च्याप्टर कमिटीहरूसँग सहकार्य गरी अमेरिकामा बसोबास गर्नु हुने सबै मगरहरूलाई सदस्यता वितरण गर्ने काम निरन्तर रूपमा गरिएको छ । संस्थाको आजीवन सदस्य शुल्क ५०० डलर र साधारण सदस्य शुल्क ५० डलर रहेको छ । मगर संघ अमेरिकाको वेबसाइटमार्फत् पनि सदस्यता लिन सकिने व्यवस्था रहेको छ ।

**शैक्षिक विभाग**

**मगर छात्रवृत्ति कोष**

- मगर संघ अमेरिकाको शैक्षिक विभागलाई अझ प्रभावकारी बनाउन विभागका संयोजक डा. कृष्ण थापा मगरको संयोजकत्वमा शैक्षिक विभाग गठन गरियो । अमेरिकामा अध्ययनरत मगर विद्यार्थीहरूलाई प्रोत्साहन दिन स्थापना गरिएको Student Scholarship Department कोषको सहयोगार्थ शुभ दीपावलीको अवसरमा न्यूयोर्कस्थित केन्द्रीय कार्यालयमा देउसी भैलो गरी ३ दिने भर्चुअल देउसी भैलो खेली १३,५७८ डलर संकलन गरियो ।
- विगतका वर्षहरूमा वार्षिक ३ जना विद्यार्थीहरूलाई प्रदान गर्दै आइरहेको छात्रवृत्ति सन् २०२४ मा १९ जना जेहेन्दार विद्यार्थीहरूलाई प्रदान गर्ने निर्णय गरियो ।
- शैक्षिक विभागको संयोजकत्वमा नियमित रूपमा जुम भर्चुअल मिटिंग माध्यमबाट शिक्षा, स्वास्थ्य तथा व्यापार व्यवसाय लगायत विभिन्न विषयमा अन्तरक्रिया कार्यक्रम गरी सूचना आदानप्रदान गर्ने काम भईरेहेको छ ।
- शैक्षिक विभागको संयोजनमा अमेरिकामा अध्ययनरत गर्ने मगर विद्यार्थीहरूलाई पर्न सक्ने समस्या र अवसरहरूलाई मध्यनजर गरी नेपालबाट वा अन्य देशबाट भविष्यमा अमेरिकामा अध्ययन गर्न आउन चाहने विद्यार्थीहरूलाई मध्यनजर गरी सूचना आदानप्रदान गर्ने उद्देश्यअनुसार फेसबुकमा Magar Student Network, USA एकाउन्ट सञ्चालनमा रहेको छ ।

**कार्यालय सञ्चालन तथा ट्याक्स फाइल**

- मगर संघ अमेरिकाको केन्द्रीय कार्यालय ६९०८ उड्साइड एभिन्यु न्यूयोर्कमा आधिकारिक कार्यालयसहितको अफिस सञ्चालनमा रहेको छ । कार्यालय व्यवस्थापनमा मगर संघ अमेरिकालाई माया, सद्भाव गर्ने विभिन्न मनकारी मगरहरूको सहयोग रहेको छ ।
- मगर संघ अमेरिकाले गर्नुपर्ने सबै प्रक्रिया पुऱ्याएर नियमित रूपमा समयमा ट्याक्स फाइल गरी संघलाई वैधानिकरूपमा अपटुडेट राखिएको छ ।

**न्यूयोर्क सिटी फण्ड**

मगर संघ अमेरिका स्थापना कालदेखि वर्तमान अवस्थासम्म सम्पूर्ण मनकारी मगर हरूको आर्थिक साथ सहयोगले सञ्चालन हुँदै आएको सर्वविदित नै छ । अमेरिकाको कुनैपनि राज्य वा संघीय सरकारबाट गैरनाफामूलक संस्थाले पाउन सक्ने सुविधाहरूको खोज गर्नको लागि मगर संघ अमेरिका केन्द्रीय समितिको सल्लाहकार विष्णु (Vishnu) राना मगरको संयोजकत्वमा निवर्तमान कोषाध्यक्ष बिष्णु (Bishnu) राना मगर र केन्द्रीय पदाधिकारी तथा न्यूयोर्क च्याप्टरसहितको सहयोग रहने गरी कार्य सम्पादन हुँदै आएको छ ।

**मानवीय कार्य**

१. मगर संघ अमेरिका केन्द्रीय समितिका भूतपूर्व उपाध्यक्ष वर्तमान समितिका सल्लाहकार बखन थापाका छोरा नविन थापा मगर क्यान्सर पीडित रहेको अवस्थामा सहयोगी मनहरूबाट ९,५६४.०० डलर संकलन गरी हस्तान्तरण गरियो ।

**वेबसाइट र अफिसियल इमेल**

मगर संघ अमेरिकाको वेबसाइट www.magarusa.org लाई नियमित अपडेट गर्दै संस्थाको गतिविधिहरूलाई वेबसाइटमा राख्नको निम्ति केन्द्रीय सदस्य कमल सारू मगरको संयोजकमा कार्य समिति निर्माण गरियो । संस्थाको अपडेट भएका आधिकारिक इमेलहरू निम्न रहेको छः

**Magar Association USA INC**
Central Committee
Magars2004@gmail.com
info@magarusa.org
admin@magarusa.org
Magar Association USA, INC & Facebook Page and
**Finance Department :** Finance@magarusa.org
**Membership Department :** membership@magarusa.org
**Election Department :** email@magarusa.org
**Students Department :** education@magarusa.org
**Facebook Page** : Magar Student Network, USA
**New York Chapter :** nychapter@magarusa.org
**New Jersey Chapter :** njchapter@magarusa.org
**DMV Chapter :** dmvchapter@magarusa.org
**Texas Chapter :** txchapter@magarusa.org
**Illinois Chapter :** ilchapter@magarusa.org
**Colorado Chapter :** cochapter@magarusa.org
**Massachusetts Chapter :** machapter@magarusa.org
**Pennyslvania Chapter :** pachapter@magarusa.org

**खेलकुद**

- युवा पुस्तालाई खेलकुदबाट अनुशासन र स्वस्थ रहन उत्प्रेरणा जगाउनुकासाथै मगर संघ अमेरिकामा आबद्ध गर्नको लागि विशेष योजना बनाई अघि बढिएको छ । मगर संघ अमेरिका केन्द्रीय समितिका उपाध्यक्ष (पूर्वी भाग) जीवराज बुढा मगरको संयोकत्वमा खेलकुद बिभाग गठन गरियो ।
- विभिन्न राज्यस्तरमा च्याप्टर कमिटीसँग सहकार्य गर्दै ब्याडमिन्टन प्रतियोगिता, भलिबल प्रतियोगिता, फुटबल प्रतियोगिता लगायत अन्य खेलकूद प्रतियोगिताको आयोजना गर्दै आएका छौं ।

**सहकार्य र सहभागिता**

- नेपाल आदिवासी जनजाति महासंघ अमेरिका (फिप्ना) को सन् २०२४, जनवरी २८ मा सम्पन्न भएको नवौं राष्ट्रिय महाधिवेशनमा संस्थाको सहभागिता जनाइयो । निवर्तमान अध्यक्ष कुलदीप राना मगर फिप्नाको President Award बाट सम्मानित हुनु भएको थियो । संस्थाको तर्फबाट कार्यकारी सदस्यमा प्रिती माया पुन मगरलाई सिफारिस गरिएको थियो ।

- निवर्तमान अध्यक्ष कुलदीप राना मगर फिप्नाको सल्लाहकार समितिमा चयन हुनु भएको छ ।
- नेपाल आदिवासी जनजाति महासंघ अमेरिकाको आयोजनामा प्रथम सहिद लखन थापा मगरको १४७औं स्मृति दिवसमा मगर संघ अमेरिकाले सहभागिता जनाएकोछ ।
- नेपाल मगर संघ केन्द्रीय समिति मुख्य आयोजक र मगर संघ अमेरिका सहआयोजक रहेर आदिवासी मगर प्राज्ञिक सम्मेलन २०८० सम्पन्न गरियो । कार्यक्रमको लागि सहयोग स्वरूप रू. १ लाख ५० हजार हस्तान्तरण गरियो ।

**नेपाल मगर संघको स्थापना दिवस, सहिद लखन थापा मगरको स्मृति दिवस**

- नेपाल मगर संघको ४२औँ स्थापना दिवस मगर संघ अमेरिका केन्द्रीय समितिले सबै राज्य च्याप्टरहरूसँग सहकार्य गरी शुभकामना आदानप्रदान गरी मनाइयो ।
- नेपालका प्रथम सहिद क्या. लखन थापा मगरको १४७औँ स्मृति दिवस केन्द्रीय कार्यालयमा उहाँको तस्विरमा माल्यार्पण गर्दै अन्तरक्रिया गरी मनाइयो ।

**विविध कार्यक्रमहरू**

- नेपाल मगर संघ केन्द्रीय समिति सल्लाहकार कृष्ण थापा मगरसँग मगर संघ अमेरिकाको केन्द्रीय कार्यालयमा सन् २०२३ को सेप्टेम्बर १८ मा न्यूयोर्क च्याप्टरको सहकार्यमा अन्तरक्रिया कार्यक्रम गरियो ।
- न्यूयोर्क च्याप्टरको सहकार्यमा केन्द्रीय कार्यालयमा प्रोफेसर डा. लालबहादुर पुन मगर र नेपाली सेनाका लेफ्टिनेन्ट कर्णेल तारा थापा मगरसँग अन्तरक्रिया कार्यक्रम गरियो ।
- न्यूयोर्क च्याप्टरको सहकार्यमा केन्द्रीय कार्यालयमा नेपाल सरकार आदिवासी जनजाति आयोगका सदस्य तथा नेपाल मगर संघका सल्लाहकार डा. मीन श्रीस मगरसँग अन्तरक्रिया कार्यक्रम गरियो ।

## राज्य च्याप्टर गतिविधिहरू

### न्यूयोर्क च्याप्टर गतिविधि

- मगर संघ अमेरिका न्यूयोर्क च्याप्टर (२०२३–२०२५) को लागि अमृत रोकामगरको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरियो । अमृत रोका मगरको अध्यक्षतामा बनेको कार्यसमितिको पहिलो वर्षको संगठनिक गतिविधिहरू:

**खेलकुद**

- अक्टोवर, २०२३ । पहिलो MAUSA CUP 2023 BADMINTON TOURMENT भव्य रूपमा सम्पन्न ।

**सांस्कृतिक कार्यक्रम**

- मगरहरूको राष्ट्रिय पर्व माघे सक्रान्ति २०२४ भव्य रूपमा सम्पन्न ।

**रक्तदान कार्यक्रम** (Blood Drive):

- मगर संघ स्थापना दिवसको अवसरमा NEWYORK BLOOD CENTER सँग समन्वय गरी मार्च ३१, २०२४ मा रक्तदान कार्यक्रम सम्पन्न ।

**स्थापना दिवस**

- मगर संघ अमेरिका २१औं स्थापना दिवसको अवसरमा शुभकामना आदान-प्रदान कार्यक्रम साथै (माघे संक्रान्ति २०२४) को कलाकारहरूलाई सम्मान कार्यक्रम मे ३१, २०२४ मा सम्पन्न ।

**भेटघाट सम्मान तथा बधाई कार्यक्रम :**

- जुलाई १४, २०२३ मा संघको कार्यलयमा सुपरिचित अनुसन्धानकर्ता, वन्यजन्तुविद् कमल थापा मगरसँग भेटघाट तथा नेपालको प्राकृतिक स्रोत र आदिवासी समुदायको सहअस्तित्वकोबारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- सेप्टेम्बर २३, २०२३ मा संघको कार्यालयमा नेपाल मगर संघ केन्द्रीय समितिको सल्लाहकार कृष्ण थापा मगरसँगको भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- नोभेम्बर ४, २०२३ मा संस्थाको कार्यालयमा सौन्दर्यशास्त्री सान्द्रा पुन मगरसँग भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- काठमाडौं विश्वविद्यालय School of Management का वरिष्ठ अनुसन्धानकर्ता डा. लालबहादुर पुन मगर र उहाँकी श्रीमति नेपाली सेनाका ले. कर्णेल तारा थापा मगरसँगको भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- अप्रिल २३, २०२४ मा नेपाल सरकारको संबैधानिक आयोगअन्तरगतको आदिवासी जनजाति आयोगको सदस्य, नेपाल मगर संघको सल्लाहकार, मगर संस्कार र संस्कृतिमा पिएचडी गरेका डा. मिन श्रीष मगरसँग भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

**सहभागिता**

- जुलाई २९, २०२३ मा कोलोराडोमा सम्पन्न मगर संघ अमेरिका केन्द्रीय समितिको ९औं महाधिवेशनमा न्यूयोर्क च्याप्टरका प्रतिनिधीहरूको सक्रिय सहभागिता ।
- अगष्ट २६, २०२३ मा २९औं विश्व आदिवासी दिवसको नेपाल आदिबासी जनजाति महासंघ अमेरिकाद्वारा आयोजित कार्यक्रममा सहभागिता ।
- मगर संघ अमेरिका केन्द्रीय समितिको च्याप्टर बिस्तार अभियानको क्रममा मगर संघ अमेरिका म्यासाचुसेट्स च्याप्टर समिति र मगर संघ अमेरिका पेन्सेलभेनिया च्याप्टर गठन गर्न सहभागीता ।
- न्यूयोर्क राज्य सदन (एसेम्वली) का सभासद् स्टिभन रागाले ३३ नेपाली सामाजिक संस्थाहरूलाई आबद्ध गरेर न्यूयोर्क राज्यको राजधानी अल्बानेमा आयोजना गरेको Nepal Heritage Day मा सहभागिता ।

**शुभकामना तथा बधाई**

- मगर संघ अमेरिकाको नवौं राष्ट्रिय महाधिवेसनबाट केन्द्रीय समिति अध्यक्षमा निर्वाचित न्यूयोर्क च्याप्टरका पूर्वअध्यक्ष याम पुन मगरको अध्यक्षतामा गठित नयाँ केन्द्रीय कार्यसमितिका सम्पूर्ण पदाधिकारी र सदस्यहरूलाई च्याप्टरको तर्फबाट बधाई एवं सफल कार्यकालको शुभकामना गर्दै बिभिन्न पदमा नवनिर्वाचित न्यूयोर्क निवासी अध्यक्ष याम पुन मगर, वरिष्ठ उपाध्यक्ष दिप सागर बुढा मगर, सचिव पूर्ण ब. पाईजा मगर, कोषाध्यक्ष याम कुमारी थापा मगर र सदस्य विकास घर्ती मगरलाई सम्मान ।

**न्यूजर्सी च्याप्टर गतिविधि**

- मगर संघ अमेरिका न्यूजर्सी च्याप्टर (२०२३-२०२५) कार्यकालको लागि जयबहादुर राना मगरको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरियो ।

**पहिलो वर्षको सांगठनिक गतिविधिहरू**

- मगर संघ अमेरिका केन्द्रीय समितिको ९औं महाधिबेशनमा सहभागिता ।
- मगरहरूको राष्ट्रिय पर्व माघे संक्रान्ति २०२४ भब्य रूपमा सम्पन्न ।
- नेपाल मगर संघको स्थापना दिवस, प्रथम सहिद लखन थापा मगरको १४७औं दिवस र मगर संघ अमेरिकाको २१औं स्थापना दिवस सम्पन्न ।
- मगर संघ अमेरिका केन्द्रीय समितिका महिला उपाध्यक्ष जेनिशा घर्ति मगरको प्रमुख आतिथ्यमा वार्षिक साधारणसभा तथा पिकनिक कार्यक्रम सम्पन्न ।

**डीएमभी च्याप्टर गतिविधि**

- मगर संघ अमेरिका डीएमभी च्याप्टर (२०२३ -२०२५) कार्यकालको लागि सन् २०२३ जुन १० मा ओमकार बुढा मगरको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरियो। नयाँ कार्यसमिति गठन भएपछि पहिलो वर्षको गतिविधिहरूः
- नेपालीहरूको महान पर्व शुभ दिपावलीको अवसरमा संस्थाको वित्तीय पक्ष मजबुत पार्न नोभेम्बर ११, २०२३ मा देउसी भैलो कार्यक्रम सम्पन्न ।
- मगरहरूको राष्ट्रिय पर्व माघे संक्रान्तिको अवसरमा सन् २०२४ जनवरी १४ तारिख राष्ट्रिय तथा स्थानीय कलाकारको सांगितिक प्रस्तुति सहित भव्य रूपमा सम्पन्न ।
- मगर संघ अमेरिकाले आयोजना गरेको आन्तरिक जनगणना कार्यक्रमअन्तर्गत डिएमभी च्याप्टरले पनि आफ्नो तर्फबाट डिसी, मेरिल्याण्ड, भर्जिनिया क्षेत्रमा बसोबास गर्ने मगर समुदायहरूको अनलाइन मातदाता संकलन ।
- जुन २५, २०२४ मा बृहत् पिकनिक तथा सम्मान कार्यक्रम सम्पन्न । डीएमभी च्याप्टरको निवर्तमान अध्यक्ष ललित तिलिजा मगरलाई लामो समयसम्म संस्थामा गरेको अमूल्य योगदानको कदर गर्दै सम्मान र अन्य बिभिन्न विधामा बिभिन्न मगर व्यक्तिहरूलाई सम्मान ।
- नेपाल सरकार प्रतिनिधिसभाको उपसभामुख सम्माननीय इन्दिरा राना मगर र पि.ए. नेपालको कार्यकारी अध्यक्ष सुवानी आले मगरलाई जुन १, २०२४ मा अमेरिका भ्रमणको क्रममा बाल्टिमोरमा स्वागत, भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- मगर संघ अमेरिकाको कोलोराडोमा सम्पन्न नवौं महाधिवेशनमा यस च्याप्टरको प्रतिनिधित्व गरी सक्रिय सहभागिता ।
- बाल्टिमोर नेपाली समाज (बाना) को आयोजनामा Bana Street Festival मा मगर संघ अमेरिका डिएमभी च्यापटरले आफ्नो मौलिक मगर भेषभुषासहित झाँकी प्रदर्शन गरी गौरवपूर्ण सहभागिता ।

**आर्थिक सहयोग**

- बाल्टिमोरमा रहेको नेपालीहरूको साझा संगठन बाल्टिमोर नेपाली समाज (बाना) लाई स्ट्रीट फेस्टिवलको लागि यस संस्थाको तर्फबाट ५०० सहयोग ।

- Himalayan Soccer Tournament को लागि ५०० सहयोग ।
- नेपालीहरूको साझा संगठन बाल्टिमोर नेपाली समाज (बाना) को बाल्टिमोरमा रहेको भवनको ऋण भुक्तानको लागि हाम्रो संस्थाले पनि ट्रस्टी बन्नको लागि २,५०० सहयोग ।
- पि.ए. नेपालको अध्यक्ष सिवानी आले मगर अमेरिका भ्रमणको क्रममा निजको संस्थालाई यस च्याप्टरको तर्फबाट १,७४७ (नेरू २,३०,६०४) सहयोग ।

**टेक्सास च्याप्टर गतिविधि**

मगर संघ अमेरिका टेक्सास च्याप्टरको तेस्रो अधिबेशनबाट भिम थापा मगरको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरियो । मे १, २०२३ मा टेक्सासको डलास शहरमा अधिबेशन सम्पन्न भएको थियो । भिम थापा मगरको नेतृत्वमा पहिलो बर्ष भएको गतिविधिहरू :

- मे १, २०२३ मा समर पिकनिक कार्यक्रम सम्पन्न ।
- मगर संघ अमेरिका केन्द्रीय समितिको ९औं राष्ट्रिय महाधिबेशनमा उल्लेखनीय सहभागिता ।
- अगस्ट २६, २०२३ मा नेपाली समाज टेक्सास (एनएसटी)द्वारा आयोजित बृहत् रक्तदान कार्यक्रममा सहभागीता ।
- अगस्ट २७, २०२३ मा अन्तराष्ट्रिय नेपाली साहित्य समाजद्वारा आयोजित साहित्य र साँस्कृतिक कार्यक्रममा सहभागिता ।
- तनहुँ जिल्ला निवासी शेरबहादुर राना मगरलाई उपचारको लागि आर्थिक सहयोग ।
- सेप्टेम्बर ३०, २०२३ मा नेपाली समाज टेक्सास (एनएसटी) को २५औं वार्षिक उत्सबमा आयोजित साँस्कृतिक कार्यकममा मगर कौराह नृत्य प्रस्तुत ।
- माघे संक्रान्ति २०२४ मा बिबिध साँस्कृतिक कार्यक्रमसहित चर्चित कलाकार मुना थापा मगरको साथमा भब्य रूपमा सम्पन्न ।
- नेपाल मगर संघको स्थापना दिवसको उपलक्षमा Blood Donars of America (BDA) संगको सहकार्यमा बृहत रक्तदान कार्यक्रम सम्पन्न ।
- मार्च १७,२०२४ मा 2nd MAUSA CUP 2024 पुरूष तथा महिला भलिबल प्रतियोगिता भब्य रूपमा सम्पन्न ।
- चर्चित लोक तथा दोहोरी गायक प्रसाद खप्तरी मगर र प्रजित बाँठा मगरलाई आर्थिक सहयोग ।
- जुन १६, २०२४ मा समर पिकनिक कार्यक्रम सम्पन्न ।

**कोलोराडो च्याप्टर गतिविधि**

- मगर संघ अमेरिका कोलोराडो च्याप्टरको दोस्रो अधिबेशन जुन ११, २०२३ मा सम्पन्न भयो । कृष्ण थापा मगरको अध्यक्षता १३ सदस्य नयाँ कार्यसमिति गठन गरियो । कृष्ण थापा मगरको नेतृत्वमा भएको पहिलो वर्षको गतिविधिहरू:
- जुन ११, २०२३ समर पिकनिक कार्यक्रम सम्पन्न ।
- मगर संघ अमेरिकाको ऐतिहासिक ९औं राष्ट्रिय महाधिबेशन कोलोराडो च्याप्टरको ब्यबस्थापनमा भब्य रूपमा सम्पन्न ।
- नेपाली हिन्दू नारीहरूको महान चाड हरितालिका तिजका अवसरमा सम्पूर्ण महिलाहरूको सम्मानमा सम्पन्न ।
- कोलोराडोको वेस्ट मिनिस्टरमा निर्माणाधिन नेपाली साँस्कृतिक भवनको लागि आर्थिक सहयोग ।

- मगर छात्रवृति कोष स्थापनार्थ आयोजित देउसी भैलो कार्यक्रममा च्यापटरको संस्थागत सहयोग ।
- मगरहरूको राष्ट्रिय पर्व माघे संक्रान्ति २०२४ मा ख्याति प्राप्त कलाकारहरूको उपस्थितिमा मौलिक झाँकीसहित सम्पन्न ।
- मगर संघ अमेरिकाको २१औं स्थापना दिवसको उपलक्ष्यमा प्रथम MAUSA CUP 2024 भब्य रूपमा सम्पन्न ।
- नेपाल सरकार प्रतिनिधि सभाका उपसभामुख सम्माननीय इन्दिरा राना मगरसँग भेटधाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- जुन २३, २०२४ मा वार्षिक साधारणसभा तथा समर पिकनिक सम्पन्न ।
- कोलोराडोमा स्थापित बिभिन्न संस्थाका कार्यक्रमहरूमा संस्थागत सहभागिता ।

**इलिनोइज च्याप्टर गतिविधि**

- मगर संघ अमेरिका इलिनोइ च्याप्टर (२०२३-२०२५) कार्यकालको लागि शंकर झेडी मगरको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरियो ।

**इलिनोइज च्याप्टरको पहिलो वर्षको सांगठनिक गतिविधिहरू**

- मगरहरूको राष्ट्रिय पर्व माघे संक्रान्ति २०२४ भब्य रूपमा सम्पन्न ।
- प्रथम सहिद लखन थापा मगरको १४७औं दिवस र मगर संघ अमेरिकाको २१औं स्थापना दिवस सम्पन्न ।
- समर पिकनिक २०२४ सम्पन्न ।

**म्यासाचुसेट्स च्याप्टर गतिविधि**

- मगर संघ अमेरिका म्यासाचुसेट्स च्याप्टर जनवरी ७, २०२४ मा घोषणा गरिएको थियो । मगर संघ अमेरिका केन्द्रीय समितिका अध्यक्ष याम पुन मगर, निवर्तमान अध्यक्ष कुलदीप राना मगर, न्यूयोर्क च्यापटरका अध्यक्ष अमृत रोका मगरलगायत न्युयोर्कमा रहेका अन्य केन्द्रीय समितिका पदाधिकारीहरू, न्यूयोर्क च्याप्टर पदाधिकारीहरूको उपस्थितिमा देवराज पुन मगरको अध्यक्षतामा कार्यसमिति गठन गरियो ।
- देवराज पुन मगरको नेतृत्वमा भएको पहिलो वर्षको गतिविधिहरू:
- माघे संक्रान्ति २०२४ बिबिध साँस्कृतिक सहित भब्य रूपमा सम्पन्न ।
- माघे संक्रान्ति २०२४ का कलाकार, स्वयमसेवक र प्रायोजकहरूलाई सम्मान ।
- नेपाल सरकार प्रतिनिधिसभाको उपसभामुख सम्माननीय इन्दिरा राना मगर र पि. ए. नेपालको अध्यक्ष सुवानी आले मगरलाई स्वागत, भेटघाट, सम्मान तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- मगर संघ अमेरिकाको २१औं स्थापना दिवसको उपलक्षमा बिबिध कार्यक्रमसहित सम्पन्न ।
- समर पिकनिक २०२४ भब्य रूपमा सम्पन्न ।

**पेन्सिलभानिया च्याप्टर गतिविधि**

- मगर संघ अमेरिका पेनसिलभानिया च्याप्टर मार्च २८, २०२४ मा मगर संघ अमेरिकाको २१औं स्थापनाको दिन घोषणा गरिएको थियो । मगर संघ अमेरिका केन्द्रीय समितिका

अध्यक्ष याम पुन मगर, निवर्तमान अध्यक्ष कुलदिप राना मगर, न्यूयोर्क च्यापटरका अध्यक्ष अमृत रोका मगर लगायत न्यूयोर्कमा रहेका अन्य केन्द्रीय समिति र न्यूयोर्क च्याप्टरका पदाधिकारीहरूको उपस्थितिमा राजेन्द्र बुढा मगरको अध्यक्षतामा कार्यसमिति गठन गरियो ।

**पहिलो वर्षको गतिविधिहरू:**

- मगर संघ अमेरिकाको स्थापना दिवस सम्पन्न ।
- कार्यालय स्थापना, सदस्यता वितरण तथा मगर जनगणना, भुमे पर्व २०२४ सम्पन्न ।

**मगर संघ अमेरिकको आगामी चुनौती र कार्यदिशा**

अमेरिकामा बढ्दो मगरहरूको जनसंख्या र गौरवमय साझा संस्थाको रूपमा मगर संघ अमेरिका चासोको विषय रहेको छ। राज्यस्तरीय च्याप्टर समितिहरू गठन भएका राज्यमा मात्र हैन अन्य धेरै राज्यहरूमा मगरहरूको बस्ती बाँक्लिदो छ । विशेषगरी मगरहरूको राष्ट्रिय पर्व साथै विशेष पर्वहरू धेरै राज्य र सहरहरूमा भव्य रूपमा मनाइदैं आएको छ ।

अमेरिकावासी सबै क्षेत्रमा बसोबास गर्ने, सबै उमेरका पुस्ता तथा अग्रजहरूको विश्वासिलो गर्व गर्न लायक संस्था बनाउन सबै मगरहरूको भावना बुझेर मगर संघ अमेरिकाले आगामी योजना बनाई कार्यक्रमहरू चुस्त दुरूस्त गर्न जरूरी छ । विगतमा मगर संघ अमेरिकाको स्थापना कालदेखि अहिलेसम्म संस्थालाई निःस्वार्थ सहयोग गर्नुहुने अग्रजहरूलाई सम्मान गर्दै अबको भविष्यमा संस्थालाई अर्को उचाइमा पुऱ्याउने जिम्मा नयाँ पुस्ताको हो भन्ने कुरामा दुईमत छैन । यस अवस्थामा अमेरिकामा रहनु हुने सबै मगरहरूलाई संस्थाको एउटै छानामुनि ल्याएर संस्थाको मूल मर्म, उद्देश्य, दायित्व, काम तथा कर्तव्य समयानुकूल आवश्यकताअनुसार परिमार्जित गर्दै जानुपर्ने देखिन्छ ।

मगर संघ अमेरिकाले युवा विद्यार्थीहरूलाई पर्न सक्ने सम्भावित समस्याहरू, सावधानहरू साथै सम्भावनाहरू–रोजगारी, शीपमुलक कार्यक्रमहरू, व्यवसायको सम्भावना तथा चुनौतीहरू सिकाउनु जरूरी छ भने नेपालबाट भर्खर आउनु भएका सदस्यहरूलाई यहाँको नियम कानुन सम्भावना चुनौतीहरू, समाजका जेष्ठ नागरिक आमाबुबाहरूको लागि स्वास्थ्य, सुरक्षामा सूचनात्मक कार्यक्रमहरू गरी सहयोग गर्नुपर्ने देखिन्छ । अमेरिकामा आएका मगरहरू मात्र नभई भविष्यमा नेपालबाट अथवा कुनै पनि देशबाट अमेरिका आउने मगर समुदायहरूलाई थोरै भएपनि यहाँको बारेमा जानकारी दिनसके उहाँहरूको आगमन साथै सुरूको बसाइँ केही सहज हुने थियो । तसर्थ वर्तमान कार्य समितिले सबै पक्षलाई लक्षित गरी नियमित रूपमा सूचनात्मक कार्यक्रमहरू गरिरहेको छ ।

संघको संगठन विस्तार गर्नु चुनौतीको विषय रहेको छ । मगरहरूको बढ्दो जनसंख्या रहेको अवस्थामा वर्तमान समितिले सबै राज्यमा मगरहरूको आन्तरिक जनगणना गर्ने काम सुरू गरिसकेको छ र यसलाई निरन्तर रूपमा अघि बढाउने निर्णय भएको छ । यसबाट संस्थाले संगठन विस्तार तथा भविष्यमा योजना बनाउन सहयोग पुग्ने अपेक्षा लिएको छ ।

मगर संघ अमेरिकाले विविधतामा एकता हामी मगरहरूको लागि नेपालको पूर्वदेखि पशचिमसम्म फरक–फरक संस्कार, संस्कृति, भाषा, भेषभूषा रहेको हुनाले यसलाई प्रवर्धन गर्दै नयाँ पुस्तालाई हस्तान्तरण गर्नुपर्ने हुन्छ ।

मगर संघ अमेरिकाले गर्ने हरेक कार्यक्रमहरूमा युवा पुस्तालाई विशेष प्राथमिकतामा राखेर सहभागी गराउनु पर्ने देखिन्छ ।

मगरहरू भाषिक रूपमा पनि विविधता छ । क्षेत्रगत रूपमा मगरहरूले मगर ढुट, मगर

खाम, मगर काईके गरी ३ वटा मगर भाषाहरू चल्तीमा रहेको छ । मगर संघ अमेरिकाले केन्द्रीय उपाध्यक्ष (भाषिक) गणेश आले मगरको संयोजकत्वमा भाषा शिक्षण कार्य सुरू गरेको छ । मगर ढुट भाषाको सामान्य शिक्षा भएपनि दिन सकियोस् भनेर विशेषतः बच्चाहरूलाई आकर्षित गर्न सक्ने गरी भिडियो बनाएर भिडियोमार्फत सामान्य शिक्षा दिने कोसिस संस्थाले गरेको छ ।

मगर संघ अमेरिकाले मगर समुदायका विभिन्न क्षेत्रमा विज्ञ रहेको व्यक्तित्वहरूलाई सम्मान गरी संस्थामा आबद्ध गर्नुपर्ने हुँदा न्यूयोर्कमा हुने ९औं वार्षिक साधारणसभा पछि बौद्धिक सम्मेलन तथा अन्तरक्रिया गरी सम्मान गर्दैछ ।

स्थापनाकालदेखि लामो समयसम्म निःस्वार्थ सहयोग गर्नुहुने अग्रज व्यक्तित्वहरूलाई सम्मान स्वरूप मगर संघ अमेरिकाको संरक्षक बनाई उहाँहरूको योगदानको सम्मान गर्ने संस्थाको योजना रहेको छ ।

मगर संघ अमेरिका सबै मगरहरूको साझा घर हो । यो घरलाई हामी सबैको माया, सद्भाव, साथ र सहयोगको सदैव खाँचो छ ।



दलबहादुर बुढाथोकी मगर

संस्मरण

# मगर संघ अमेरिकाको स्थापनाको कालखण्ड

म २००१ को सेप्टेम्बर महिनामा अमेरिकाको न्यूयोर्कमा पुगेको थिएँ । न्यूयोर्क पुगेपछि नेपालीहररूसँग भेटघाट हुने क्रममा सबैभन्दा पहिला मेरो भेट नन्दसिंह राना मगर र त्यसपछि क्रमसः अखान काउचा मगर, नगेन्द्र राना मगर, हेमन्त थापा मगर, संजीता थापा मगर र मोति थापा मगरहरूसँग भएको थियो । न्यूयोर्कमा बस्दै गर्दा मगर समाज स्थापना गर्नुपर्छ भनेर विशेष गरी नगेन्द्रजी र हेमन्तजीले कुरा चलाउनु भएको थियो । कुराकानीकै क्रममा फोनमार्फत बोष्टन म्यासाचुसेट्स राज्यको हार्वर्ड विश्वविद्यालयमा रिसर्च गरिरहनु भएका बिके राना मगर र त्यहिँ अध्यायनको सिलसिलामा हुनुभएका सरीना थापा मगरसँग पनि सम्पर्क भयो । त्यसैगरी पेनसल्भानिया राज्यको फिलाडेल्फियामा आफ्नै व्यवसाय गरेर बस्नुभएका निर्मल थापा मगर, न्यूजर्सीमा बस्नु हुने महेन्द्र कुमार थापा मगर र देबेन्द्र थापा मगर, डेलावेयरमा हुनुभएका मधुराम थापा मगर कनेक्टिकटमा हुनुभएका देवु थापा मगरसँग पनि सम्पर्क भयो । छलफलको क्रममा सबैले अमेरिकामा एउटा मगर संगठनको आवश्यकता महशुस गरेको र न्यूयोर्कमा भेला भई मगर संघ गठन गर्नुपर्छ भन्ने निर्णयमा पुगेका थियौँ ।

लामो समयको छलफल पछि २८ मार्च, सन् २००४, आइतबारको दिन न्यूयोर्कबाट नगेन्द्र राना मगर, मोति थापा मगर, संजीता थापा मगर, हेमन्त थापा मगर, अखन काउचा मगर, नरबहादुर बुढा मगर, रूद्र पाइजा मगर, श्याम बुढा मगर, बरमाया बुढा मगर, राजु राना मगर, नारायण काउचा मगर र म, बोष्टन मेन क्याम्ब्रिजबाट बिके राना मगर र सरीना थापा मगर, न्यूजर्सीबाट महेन्द्र थापा मगर र देवेन्द्र थापा मगर, डेलवेयरबाट मधुराम थापा मगर र विमल थापा मगर गरी जम्मा १८ जना न्यूयोर्कको क्विन्स, ज्याक्सन हाइटमा संजिताजीको घरमा भेला भयौँ । त्यसदिन कति मगरबन्धुहरू उपस्थित हुने चाहना हुँदाहुँदै पनि कार्य व्यस्तताले




लाङ्घाली परिवारको पहिलो भेट '२८ मार्च २००४' मा लिएको तस्वीर

गर्दा उपस्थित हुन सक्नु भएको थिएन । भेलाको सम्पर्क र व्यवस्थापन न्यूयोर्कबाट नगेन्द्र र हेमन्तज्यूको पहलमा गरिएको थियो । छलफल गर्ने क्रममा संगठनको नाम के राख्ने र कसको अध्यक्षतामा स्थापना गर्ने भन्ने कुरामा छलफल भयो । संगठन स्थापना गरेपछि अध्यक्ष त चाहिने नै भयो । तर कसैले पनि अध्यक्ष पद लिन चाहनु भइरहेको थिएन । सुरूमै मधुराम थापा मगर र बिके राना मगरज्यूले संस्थाको नाम लांघाली परिवार यूएसए र अध्यक्षमा मेरो नाम प्रस्ताव गर्नुभयो । एकैचोटी मेरो नाम प्रस्ताव हुँदा म पनि छक्क परेको थिएँ । किनभने त्यस बेलासम्म सामाजिक क्षेत्रमा सक्रिय रूपमा काम नगरेको कारण म पनि तयार थिइन । तैपनि उहाँहरूले प्रस्ताव गर्नुभएको र सबैले हुन्छ भनेको कारण आवश्यकताअनुसार कार्य समितिमा सदस्यहरू पछि थप्ने गरी मेरो अध्यक्षतामा ११ सदस्यीय कार्य समिति चयन भएको थियो । जसमा उपाध्यक्ष नगेन्द्र थपा मगर, महासचिवमा मोति प्रसाद थापा मगर र कोषाध्यक्षमा सजिता थापा मगर, सह-कोषध्यक्षमा हेमन्त थापा मगर, सदस्यहरूमा याम बुढा मगर, बर माया बुढा मगर र नारायण काउचा मगर त्यस्तै न्यूजर्सीबाट प्रतिनिधिमा देबेन्द्र थापा मगर, कनेक्टिकटबाट प्रतिनिधिमा देबु थापा मगर समाबेश गरी सदस्यीय कार्य समिति गठन गरिएको थियो भने सल्लाहकार समितिमा बि के राना मगर, महेन्द्र कुमार थापा मगर मगर, सरीता राना मगर र मधुराम थपा मगरहरूबाई चयन गरिएको थियो । त्यसरी सबैको सरसल्लाह र मिलोमतोमा लाङ्घाली परिवार अमेरिका स्थापना भएको थियो भने लाङ्घाली परिवारको मुख्य उद्देश्य भनेको अमेरिकामा छरिएर बसेका मगर बन्धुहरूलाई एकत्रित गैरमगरहरूको भाषा, धर्म, कता, संस्कृति रितिरिवाज र भेषभुषाको संरक्षण र सम्वर्द्धन गर्नुरहेको थियो । तर त्यो विशाल अमेरिकामा आजको जस्तो सामाजिक सञ्जाल त्यति सहज र सर्वसुलभ नभएको कारण त्यतिबेला त्यसरी काम गर्नु ज्यादै चुनौतिपूर्ण र अप्ठेरो अवस्था थियो । तैपनि मगर समाज स्थापना गर्न र

त्यसको उद्देश्य प्राप्त गर्नको निम्ति अरू राज्यहरूमा पनि ब्राघात्री परिवारको शाखाहरू खोल्नुपर्छ भनेर बोष्टन शहरदेखि न्यूयोर्क आउनुभएको थियो । त्यसपछि न्यूयोर्कबाट बिके राना, नगेन्द्र राना, हेम थापा र म गरी हामी ५/६ जना समय मिलाएर नगेन्द्र रानाज्यूको घरमा सन २००४ को अप्रिल महिनामा हुनुपर्छ नोट कतै मिति हराएर भएनी न्यूजर्सी, पेनसल्भानिया, डेलावेयर राज्यहरू हुँदै मेरिल्याण्डको बाल्टिमोरसम्म पुगेर निलम थापा मगर, लायन बुढा मगर साथै अरू धेरै साथीहरूसँग भेट भएर शाखा खोल्ने प्रयत्न गरियो । त्यसैक्रममा न्यूयोर्कदेखि वहाँसँग हेम थापा, म र नगेन्द्र राना गरी न्यूजर्सी, डेलावेर राज्यको फिलाडेल्फिया हुँदै मेरिल्याण्डको बाल्टिमोर पुगेका थियौ । बाटोमा फिलाडेल्फिया पसेर हामी निर्मल थापाज्यूसँग पनि भेट भएर छलफल गरेका थियौं । बाल्टिमोर पुगेर हाम्रो भेट निलम कुमार थापा मगर, लायन बुढा मगर, राम तिलिजा मगर, रीता तिलिजा मगर, सचिन तिलिजा मगर, गंग पुन मगर, धन कुमारी पुन मगर, राधीका तिलिजा मगर, नरेश तिलिजा मगर र निशा तिलिजा मगरहरूसँग लाङ्घाली परिवारको शाखा विस्तार गर्ने कुरामा छलफल भएको थियो ।

त्यस्तै सन २००५ नोभेम्बर महिनाको अन्त्यतिर कनेक्टिकटदेखि देबु थापा मगर, न्यूहेम्पसायरमा रहनु भएका प्रेम पुलामी मगर, न्यूजर्सीदेखि महेन्द्र कुमार थापा मगर, र देबेन्द्र थापा मगर त्यस्तै न्यूयोर्कदेखि मोति प्रसाद थापा मगर, नगेन्द्र राना मगर, हेम थापा मगर, संजिता थापा मगर र म क्याम्ब्रिजको बोष्टन शहरमा बि के राना मगरज्यूको घरमा भेला भयौँ । ती दुबै भेलामा लांघली परिवारको शाखा खोल्ने विषयमा गहन छलफल चलायौं । छलफल



नोभेम्बर २००५ मा बोष्टन शहर बि के राना मगरज्यूको घरमा लिएको तस्वीर

अत्यन्तै सौहार्दपूर्ण र सकारात्मक बन्यो । जसले गर्दा शाखा खोल्ने विषयतिर सकारात्मक रूप धारण गऱ्यो । त्यसैको प्रतिफलको रूपमा हामीले मार्च २४ सन २००६ शुक्रबारको दिन बाल्टिमोरबाट न्यूयोर्क आएर संयुक्त रूपमा 'लाङ्घाली साँझ'को आयोजना गर्न सफल भएका थियौं । त्यस दिनको कार्यक्रममा बाल्टिमोरबाट टिका कुमार पुन र निलम कुमार थापा मगरको नेतृत्वमा नेपालका ख्याती प्राप्त गायिका शान्ति भण्डारी र श्याम गुरूङसँगै आएका टिमले न्यूयोर्कमा सांस्कृतिक धमाका मच्चाएको थियो । त्यसरी स्थापना भएको एक बर्षपछि भएको उक्त कार्यक्रमपछि लांघाली परिवार अमेरीका राम्रोसंग स्थापित हुन पुगेको थियो । त्यस्तै दोस्रो बर्ष पनि १७ मार्च सन २००६ शनिबारको दिन फेरी बाल्टिमोरबाट टिका पुन मगर र निलम पुन मगर साथै सपना श्री परियार सँगको टिमले सफलतापूर्वक 'लाङ्घाली नाइट'को आयोजना गऱ्यो । सन् २००६ पछि 'लाङ्घाली परिवार'ले भन्दा 'मगर संघ'ले वृहत् रूपमा मगरहरूको प्रतिनिधित्व गर्छ भन्ने मान्यताको आधारमा हामीहरूबीच लगातार छलफल चल्यो ।

अन्ततः सन् २०१० मा यस संस्थाको नाम 'लाङ्घाली परिवार'बाट 'मगर संघ'मा परिवर्तन भएको हो । त्यसक्रममा मलाई सरसल्लाह, सुझाव दिनुहुने र सहयोग गर्नुहुनेहरू मध्ये बिर्सनै नहुने नामहरूमा सल्लाहकारहरू बि के राना मगर, सरीना थापा मगर, र मधुराम थापा मगर, पूर्व अध्यक्षहरू महेन्द्र कुमार थापा मगर, निलम कुमार थापा मगर, दल बहादुर रोका मगर र रूद्र बहादुर आले मगर, पूर्व महासचिव सचिव दुर्लभ मगर, पद्मा लिंखा मगर, गंगा पुन मगर राजेश थापा मगर, धन पुन मगर लगायत अन्य मैले बिर्सेर नाम लिन नसकेकोमा वहाँहरू प्रति माफी माग्दै मगर संघ अमेरिका स्थापना गर्न जसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मलाई सल्लाह सुझाव दिएर सहयोग गर्नुभयो सम्पूर्ण प्रति आभार व्यक्त गर्न चाहन्छु ।

धन्यबाद ।

संस्थापक अध्यक्ष
मगर संघ अमेरिका
हाल बेलायत



डा. मीन श्रीस मगर


# मगर भाषाको ऐतिहासिक परिचय

**परिचय**

मानव समाजका भौतिक तथा आत्मिक गतिविधिहरूको सिलसिलामा प्राप्त ज्ञान तथा सम्पर्क बढाउने माध्यमको रूपमा भाषाको विकास भएको हो । संसारभरी करिब सात हजार भाषा बोलिन्छन् । नेपाल जस्तो सानो देशमा पनि १२४ भाषा बोलिने गरेको तथ्यांक वि. सं. २०७८ को जनगणनाले देखाएको छ । खासखास भौगोलिक पर्यावरणमा बसोबास गर्ने मानव समूहहरूमा आ–आफ्नै खालका भाषाहरूको विकास भएको पाइन्छ । नेपालमा मूलतः भारोपेली परिवार, चिनीया–तिब्बती परिवार, आग्नेसियाली परिवार र द्रबिड परिवारका भाषाहरू बोलिएको पाइन्छ । तीमध्येकेही भाषा लोपोन्मुख अवस्थाबाट गुज्रिरहेका छन् भने केही भाषाले क्षेत्रगत रूपमा विस्तृत भू- भागमा फैलिने अवसर पाएका छन् ।

नेपालको तेस्रो ठूलो जातीय जनसंख्या भएको मगरहरूको भाषा सतहत्तरै जिल्लामा फैलिएको पाइन्छ । जनगणना २०७८ अनुसार मगर जातिमा बोलिने भाषाको तीन समूहहरू मध्ये मगर ढुट वक्ता सतहत्तर जिल्लामा, मगर खाम वक्ता ५३ जिल्लामा र मगर काइके वक्ता एघार जिल्लामा रहेको देखिन्छ । नेपालमा बोलिने १२४ भाषामध्ये नेपाली भाषालाई मातृभाषाका रूपमा बोल्ने ४४.८६% (१३,०८४,४५७), मैथली ११.०५% (३,२२२,३८९), भोजपुरी ६.२४% (१,८२०,७९५), थारू ५.८८% (१,७१४,०९१), तामाङ ४.८८% (१,४२३,०७५), बज्जिका ३.८९% (१,१३३,७६४), मगर ३.०९% ९०३,२९३ यसमध्ये मगर ढुट ८१०,३१५ (२.७८%), मगर खाम ९१,७५३ र मगर काइके १,२२५, अवधि २.९६% (८६४,२७६), नेपालभाषा (नेवारी) २.९६% (८६३,३८०), डोटेली १.७% ( ४९४,८६४), उर्दू १.४२%, याक्थुङ/लिम्बू १.२% (३५०,४३६) र गुरूङ १.१२% (३२८,०७४) रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।


नक्सा संख्या १ः मगर भाषाको उत्पत्तिस्थल योमाखार-पेल्मा क्षेत्रको नक्सा




## मगर भाषाको उत्पत्ति स्थल

रूकुम पूर्वी जिल्लाको पुथा उत्तरगंगा गाउँपालिकामा पर्ने हुकाम, टाका र बाच्छी गाउँमा प्रचलित मिथकहरूका अनुसार सोही क्षेत्रको पेल्मा उपत्यकाको पिमाछारे भन्ने स्थानलाई मगर जातिको पुर्ख्यौली उत्पत्ति स्थल मानिएको छ । पुथा उत्तरगंगा गाउँपालिकाको गर्खानी, गोलखाडा, तक, बाच्छी, हुकाम, मैकोट, योमाखार, पेल्मा आदि क्षेत्रमा मगर जातिको प्रारम्भिक समाज र सभ्यता विकासको थालनी भएको मानिएकाले मगर भाषाको उत्पत्ति स्थल पनि सोही क्षेत्र भएको प्रष्ट हुन्छ । भाषाशास्त्री डेविड वाटर्सले यो क्षेत्रमा बोलिने मगर भाषा दुई हजार वर्ष पुरानो भाषा हुन सक्ने अनुमान गरेका छन् । त्यसकारण नेपालमा बोलिने भाषाहरू मध्ये मगर भाषा ज्यादै पुरानो भाषा भएको बुझिन्छ । वि. सं. ११५० तिर नागराजले जुम्लाको सिंजालाई राजधानी कायम गरी खस साम्राज्य स्थापना गरेपछि खस (सिंजाली) भाषाको विकास भएको मानिन्छ । खस साम्राज्यकाल (वि. सं. ११५०-१४५०) मा सिंजाली भाषा विस्तार हुँदै गण्डकी प्रश्रवण क्षेत्रमा पुग्दा पर्वत भाषामा रूपान्तरण भयो भने नेपाल एकीकरणको समयमा पर्वते भाषाले गोर्खा भाषाको रूपमा सरकारी कामकाजको भाषाको मान्यता प्राप्त गऱ्यो । वि. सं. १९९० देखि गोर्खा भाषा नेपाली भाषामा रूपान्तरण भएको पाइन्छ । तत्कालीन खस (सिंजाली) भाषाको विभिन्न भाषिका भेद वा रूपान्तरणहरू डोटेली, बझाङ्गी, अछामी, बैतडेली, बाजुरेली, जुम्ली आदि भाषा कर्णाली र सुदूरपश्चिम प्रदेशमा बोल्ने गरिन्छ । खस भाषाबाट विभिन्न भाषा भाषिकाहरूको विकास भए झैं मगर भाषाबाट पनि हिमालीय (Himalayish) र बोडिश (Bodish) अन्तर्गतका विभिन्न भाषाहरूको विकास भएको देखिन्छ । ब्राड्ले (सन् १९९७: ५४) ले मगर खामलाई भोट-बर्मेली अन्तर्गत मध्य हिमाली (Central Himalayan) समूहमा वर्गिकरण

**रेखाचित्र संख्या १ः मगर भाषाकोपारिवारिक सम्बन्ध दर्शाउने रेखाचित्र**




गरेर मगर ढुट र चेपाङसँग निकट तथा किराँती भाषासँग टाढाको सम्बन्ध रहेको उल्लेख गरको छन् । डेबिड वाटर्स (सन् २००१ः ७७५) ले मगर खाम र मगर ढुट ४४ प्रतिशत तथा मगर खाम र चेपाङ ३८ प्रतिशत समानता रहेको उल्लेख गरेका छन् ।

मगर भाषाको उत्पत्ति स्थल रूकुम क्षेत्रमा मगर खाम अर्थात मगर बाोली (मगर भाषा) भन्ने गरिन्छ । 'खाम' शब्दको अर्थ बोली (भाषा) हुन्छ भने 'खाम'को पर्यायवाचीको रूपमा 'पाङ' र 'ढुट' शब्दको पनि प्रयोग हुने गर्दछ । मगर खामलाई स्थान विशेषका आधारमा तकालेखाम (तकसेरा क्षेत्रमा बोलिने), गमालेखाम (गाम खोला क्षेत्रमा बोलिने), तरालीखाम (शहरतारा, टुप्पातारा आदि तराली क्षेत्रमा बोलिने), भीरकोटेखाम (भीरकोट क्षेत्रमा बोलिने) आदि नामले पनि चिनाउने चलन छ । डोल्पामा बोलिने तराली खामलाई मगर काइके र कालीगण्डकी प्रश्रवण क्षेत्रमा बोलिने भीरकोटखामलाई मगरढटु नामले चिन्ने गरिन्छ ।

**मगर भाषाको पारिवारिक सम्वन्ध** (Genetic affiliation)

भाषाको रचना–तत्वमा र अर्थ–तत्वमा समानताका आधारमा भाषाविद्हरूले भाषा परिवार छुट्याएका छन् । मगरलगायत नेपालका अधिकांश आदिवासी जनजाति समुदायमा बोलिने भाषाको माउभाषालाई चिनीया–तिब्बती (Sino-Tibetan) भाषा भनिएको छ । त्यस अन्तर्गत भोट–बर्मेली (Tibeto-Burman) महाशाखाको बोडिक (bodic) शाखाभित्र पर्ने 'हिमालीय' (Himalayish) उपशाखामा मगर भाषालाई राखिएको छ (यादव, सन् २००३ः १४६) । लेबिस एम. पउल (सन् २००९) द्वारा सम्पादित 'एथ्नोलगः ल्याङ्ग्वेजेज अफ दी वर्ल्ड' मा चिनिया–तिब्बती परिवारको भोट–बर्मेली महाशाखा अन्तर्गतको हिमालीय उपशाखाभित्र पर्ने महाकिराती

**रेखाचित्र संख्या २: मगर भाषाका तीन समूह र भाषिक भेदहरू**

मगर भाषा (मगरखाम)

मगरखाम (तकालेखाम)
बक्ताः ९१,७५३ (०.३१%)

१. पर्वत्या भाषिका
२. महत-सिमा भाषिका
३. गमाल्या भाषिका
४. सेसी भाषिका

मगरकाइके (तरालीखाम)
बक्ताः १,२२५ (०.००४%)

मगरढट्ट (भीरकोटेखाम)
बक्ताः ८१०,३१५ (२.७८%)

१. पश्चिमेली भाषिका
(क) मलू पश्चिमेली उपभाषिका
(ख) मध्य-पश्चिमेली उपभाषिका
(ग) पूर्वी-पश्चिमेली उपभाषिका
२. पूर्वेली भाषिका

हाँगामा मगर भाषाको खाम र ढुटलाई राखिएको छ भने हिमालीय उपशाखा भित्रकै तिब्बती-कनउरी हाँगाको पश्चिम हिमाली हाँगामा काइके राखिएको पाइन्छ ।

**मगर भाषाका समूह र भाषिक भेदहरू**


भाषामा निरन्तर परिवर्तन आइरहनु र विभिन्न भेदहरू देखापर्नु सामान्य प्रक्रिया हो । कालान्तरमा गएर भाषिक भेदले नयाँ भाषाको रूप लिन्छ भने कतिपय भाषा समय क्रमसँगै लोप भएर जान्छ । वर्तमान विश्वमा सबैभन्दा सशक्त र विस्तारित मानिएको अग्रेंजी भाषाको पनि त्यति लामो इतिहास छैन । बेलायतमा चौधौं शताब्दीसम्म फ्रेन्च भाषा बोलिन्थ्यो । स्कटिस भाषा र फ्रेन्च भाषाको मिश्रणबाट बनेको नयाँ भाषा हो अंग्रेजी । अहिले संसारभरि बोलिने अंग्रेजी भाषामा पनि एकरूपता छैन । 'एक कोश पर पानी फेरिन्छ, दुई कोश पर बानी, अझै पर जाँदा भाषाभेष पनि फेरिन्छ' भने झैँ स्थान भिन्नताले शब्दहरूमा मात्र होइन, भाषिकाहरूको बीचमा ध्वनि तथा व्याकरणमा पनि भिन्नता देखापर्दछ । भौगोलिक आधारमा एकै भाषाका अनेकौं स्थानीय भेद (भाषिका) हरू देखा पर्दछन् । मगर जातिको उत्पत्ति स्थल मानिएको रूकुमको हुकाम मैकोट क्षेत्रमा विकसित भएको मगर भाषामा पनि कालान्तरमा मुख्य तीन वटा भाषिक भेद देखा पर्न गयो । वागलुङदेखि पूर्व कालीगण्डकी प्रश्रवण क्षेत्रमा बसोबास गर्ने मगर समाज र डोल्पा क्षेत्रमा बसोबास गर्ने मगर समाजमा मूलथलो राप्ती प्रश्रवण क्षेत्रमा भन्दा भिन्न भाषिक भेदको विकास हुनगयो । भौगोलिक आधारमा विकसित भएका मगर भाषाका राप्तेली, गण्डकेली र डोल्पाली भाषिक भेद नै कालान्तरमा मगर खाम, मगर ढुट र मगर काइकेको रूपमा फरक- फरक भाषामा रूपान्तरण हुन गयो । खासगरी बसाइँ सराइँ अन्य भाषिक समुदायहरूसँगको सम्पर्कका माध्यमबाट मगर भाषामा देखा परेका भाषिक भेदहरूले लामो समयान्तरालमा तीन वटा छुट्टाछुट्टै भाषाको रूप ग्रहण गरेको बुझिन्छ ।

नागराजले जुम्लाको सिंजालाई राजधानी कायम गरी खस साम्राज्य स्थापना गरे पछि खस भाषा (सिंजाली भाषा)को विकास भएको मानिन्छ । खस भाषाको प्रभावले मगर भाषामा नयाँ भाषिक समूहको विकास चिनिया-तिब्बती भाषाहरू (Sino-Tibetan Languages), खाम, ढुट, चेपाङ, भुजेल, राउटे, राजी, नेवार, सिनिटिक (Sinitic), भोट-बर्मेली (Tibeto-Burman), कारेन (Karen), चिनिया (Chinese), बोडिक (Bodic), अन्य (Others), बोडिश (Bodish)

**तालिका संख्या १ः मगर भाषाका तीन समूहका केही शब्दहरू**

| नेपाली भाषा | मगरखाम | मगरकाइके | मगरढुट |
|---|---|---|---|
| बाटो | यम/गेन/ग्वा | लम | लाम |
| दाउरा | सीं | सीं | सीँ |
| मासु | स्याः | स्या | स्या |
| म | ङाँ | ङा | ङा/ङई |
| तिमी | नङ् | ना | नाङ |
| घर | झीम | इम | ईम |
| तीन | सोःमोलो | सुम | सोम |
| चार | अप्जी | ली | बली |
| छ | – | रू | टु/टीङ्गा |
| आठ | – | के | के/विङग |
| नौ | – | धू | कू |
| पानी | री | त्यू | डी |
| खानु | ज्याने | झ्याःचे | ज्याने/ज्याके |
| आगो | म्हे | म्हे | म्हे |
| मृत्यु | सीउका | सीबोः | सीवा |

हिमालीय (Himalayish), तिब्बती (Tibetan), TGTM पश्चिमी हिमाली, मध्य हिमाली, पूर्वी हिमाली (किराँती भाषा), गुरूङ, थकाली, छन्तेल, थामी, काइके, तामाङ, Tibeto-Kanauri हुन गयो । दुल्लु पादुका स्थानमा प्राप्त खस सम्राट अशोकचल्लको पाला (वि.सं. १३१२–३५) को अभिलेखलाई खस भाषाको सर्वप्राचिन नमूना मानिएको छ । गोर्खा ताघई गुम्वामा प्राप्त शाके १२४३ र १२५० को ताम्रपत्र, कुमाऊँकी रानीको वि. सं. १५३४ को दानपत्र तथा काठमाडौं उपत्यकाका मल्ल राजाहरूका वि. सं. १६९८ देखि १७७१ सम्मका पाँच वटा अभिलेखमा खस भाषाको प्रयोग भएको देखिन्छ । खस साम्राज्यको सिमाना पूर्वमा नारायणी त्रिशुलीसम्म, पश्चिममा केदारखण्ड (कुमाऊँ–गढवाल) र लद्दाख तथा उत्तरमा खारी प्रदेश (गुगे, गांग्री र पुरूङ) सम्म फैलिएको थियो भने काठमाडौं उपत्यकामा वि. सं. १३४४–१३९१ सम्मसात पटक आक्रमण गरी कर उठाएको उल्लेख पाइन्छ । खस साम्राज्यकाल (वि. सं. ११५०–१४५०) मा करिव तीन सय वर्ष कायम रहेको खस भाषा राजकीय भाषाको रूपमा प्रचलनमा रहेको कारण पश्चिम नेपालको साझा सम्पर्क भाषा बनेको थियो (अधिकारी, २०६७ः १२६–१२९ र १९–२००) । खस साम्राज्यको पतन पछि खस भाषा ऐतिहासिक मगरात क्षेत्रमा पर्वते भाषा र गोर्खा भाषाको रूपमा विकसित हुँदै नेपाली भाषामा परिणत भएको हो । मूलथलो राप्ती प्रश्रवण क्षेत्रबाट सप्तगण्डकी प्रश्रवण क्षेत्रमा विस्तारित भएका मगर समाजमा खस साम्राज्यकालमै खस भाषाको प्रभाव फैलिएको बुझिन्छ । खस साम्राज्यको विघटन पछि गण्डकी क्षेत्रमा उदायको राजा बलि राना मगरको बल्ढेङगढी राज्यको सिमाना गोरखपुरसम्म फैलिएको तथा त्यसपछि शक्तिमा आएको पाल्पा राज्यको सिमाना तनहूँदेखि पूर्वमा कन्काईसम्म तथा गोरखपुरदेखि चम्पारनसम्म फैलिएको हुँदा यस भेगमा बसोबास गर्ने मगरहरूको भाषामा खस (सिंजाली)




भाषाका साथै अवधि भाषाको समेत प्रभाव भित्रिएर नयाँ भाषिक समूह भीरकोटेखाम (ढुट) को विकास हुनगयो ।

मगर भाषाको अर्को समूह तरालीखाम (काइके) को विकास पनि खस साम्राज्यको पतनपछि भएको मानिन्छ । काइकेको विकासको सम्वन्धमा स्थानीय लोकश्रुति प्रचलित रहेको पाइन्छ । 'काइके' को अर्थ 'अप्सराको बोली' भन्ने हुन्छ । 'काइ' को अर्थ अप्सरा/परी र 'के' को अर्थ भाषा/बोली हुन्छ । लोककथनअनुसार जुम्ला राज्यमा शत्रुको आक्रमणपछि ज्यान जोगाएर लुक्दै भाग्दै गरेकी गर्भवती राजकुमारीले वर्तमान डोल्पाको गुम्बातारा क्षेत्रमा आइपुग्दा गर्भे नामक छोरो जन्माएकी थिइन् । गर्भे हुर्किएर युवा भएपछि त्यही वनक्षेत्रको पोखरीमा नुहाउन आउने अप्सरालाई समाएर घरमा भित्र्याइएको थियो । ती अप्सराले बोल्ने भाषा र गर्भेको आमाछोराले बोल्ने भाषा फरक–फरक भएकाले आपसमा कुराकानी हुन सकेन । केही दिनसम्म अप्सराले कुनै शब्द उच्चारण नगरेपछि आमाछोरोको सल्लाहअनुसार उनलाई बोल्न बाध्य पार्नका लागि बाकसमा बन्द गर्न खोजे जस्तो गरे । यसैक्रममा अप्सराले 'तैखेनान् ?' (के गरेको ?) भनिन् । तर उनको बोली (भाषा) उनीहरूले बुझेनन् । त्यसपछि आमाछोरोले अप्सराको बोली अर्थात काइके सिकेर आपसमा कुराकानी गर्न थाले । यस लोकश्रृतिलाई समाजशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गर्दा जुम्ली राजकुमारीका छोरा गर्भेले डोल्पाका स्थानीय

**तालिका संख्या २: मगर भाषाको प्रदेशगत वितरण**

| प्रदेशकहरू | मगरढुट | | मगरखाम | | मगरकाइके | |
|---|---|---|---|---|---|---|
| | वक्ता संख्या | प्रतिशत | वक्ता | प्रतिशत | वक्ता | प्रतिशत |
| कोशी | १४३,११७ | २.८८ | १८३ | ०.०० | ५९ | ०.०० |
| मधेश | ४४,३८५ | ०.७३ | २८८ | ०.०० | ० | ० |
| वागमती | १४६,७३८ | २.४० | १,४५७ | ०.०२ | ४१ | ०.०० |
| गण्डकी | २३६,७२९ | ९.६० | ८,०३० | ०.३३ | ० | ० |
| लुम्बिनी | १९४,९४८ | ३.८१ | ५९,१०४ | १.१५ | ३३ | ०.०० |
| कर्णाली | २७,०७२ | १.६० | १३,५३५ | ०.८० | ९५८ | ०.०६ |
| सुदूर पश्चिम | १७,३२६ | ०.६४ | ९,१५६ | ०.३४ | १२९ | ०.०० |
| जम्मा | ८१०,३१५ | २.७८ | ९१,७५३ | ०.३१ | १,२२५ | ० |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०८०

मगर खाम भाषी सुन्दरीलाई घरमा भित्र्याएर उनकै भाषा बोलचालमा प्रयोग गरेको बुझिन्छ । गर्भे र अप्सराका तीन छोराहरूले रूकुम, तिब्बत (भोट) र जुम्लाका कन्याहरूसँग विवाह गरेपछि उनीहरूले बोल्ने गरेको काइके (अप्सराको बोली) अर्थात तरालीखाम भाषामा फरक भाषिक समुदायका नयाँ बुहारीहरू मार्फत भोटको तिब्बती भाषा र जुम्लाको खस भाषाका शब्दहरू सम्मिश्रण हुनगए । यसरी दोस्रो पुस्तामा पुग्दा काइके अर्थात स्थानीय खाम भाषी अप्सराको बोलीमा व्यापक रूपान्तरण देखापर्न थाल्यो । अर्कोतर्फ डोल्पाली मगरहरूले तिब्बतसँग नून र अन्न साट्ने वस्तु विनिमयको व्यापार लामो समयसम्म गरेकाले तिब्बती भाषाको प्रभाव व्यापक रूपमा पर्न गयो । परिणाम स्वरूप मगर काइके भाषाको वर्तमान स्वरूपको विकास हुनगयो ।

मगर समाजमा अहिले तीन प्रकारका भाषा बोलिन्छन् । राप्ती प्रश्रवण क्षेत्रमा बोलिने तकालेखाम अर्थात मगर खाम (पाङ)लाई मूल स्वरूप मानिन्छ । मूलथलोबाट बसाइँ सराइँ तथा अन्य भाषिक समूहसँगको अन्तरघुलनका कारण मगर ढुट र मगर काइकेको विकास हुनगएको पाइन्छ । मगर खाम भाषामा खस भाषाको प्रभावले मगर ढुट तथा तिब्बती भाषाको प्रभावले मगर काइके समूहको विकास भएको बुझिन्छ । तलको रेखाचित्रमा मगर समाजमा बोलिने तीन प्रकारका भाषा समूह र वक्ता संख्या उल्लेख गरिएको छ ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार नेपालको कुल जनसंख्याको ३.०७% (९०३,२९३) ले मगर भाषा बोल्दछन् । कुल मगर जनसंख्या २,०२३,३२५ मध्ये जम्मा ९०३,२९३ (४४.६४%) ले मात्र मगर भाषा बोल्ने गर्दछन् । नेपालमा बोलिने १२४ भाषा मध्ये मगर ढुट नवौं स्थानमा, मगर खाम चौबिसौं स्थानमा र मगर काइके ९८औं स्थानमा पर्दछ । जनगणनाको तथ्यांकअनुसार मगर ढुटको वक्ता ८१०,३१५ जना रहेका छन् । यो संख्या कुल मगर भाषीको ८९.७०% हो । मगर खाम १०.१५% अर्थात ९१,७५३ जनाले बोल्दछन् भने मगर काइके भाषा जम्मा ०.१३% अर्थात १,२२५ जनाले मात्र बोल्ने गर्दछन् (राष्ट्रिय जनगणना, २०७८) । मगर काइकेलाई अति लोपोन्मुख भाषा समूहमा राखिएको छ । तलको तालिकामा मगर भाषाका तीन समूहबीचको अन्तरसम्बन्ध औंल्याउन सहयोग पुग्ने केही शब्दहरू संकलन गरिएका छन् ।

खस साम्राज्यको अन्त्यपछि देखा परेको राजनीतिक अस्थिरता, व्यापक बसाइँ सराइँ र भिन्नभिन्न भाषिक समूहहरूबीचको सम्पर्कका कारण मगर भाषामा स्पष्ट तीन वटा भाषिक

**नक्सा संख्या ३: मगर भाषाको खाम, ढुट र काइके समूहको क्षेत्र देखाइएको नक्सा**




समूह मगर खाम, मगर ढुट र मगर काइके देखा पर्‍यो । कालान्तरमा गएर यी तीन भाषिक समूहमा पनि आन्तरिक रूपान्तरणहरू देखा परेको पाइन्छ । एकै भाषिक समूहका वक्ताहरूबीचमा निरन्तर सम्पर्कको अभाव हुनु, लेख्य परम्परा र पठनपाठन कार्यक्रमको व्यवस्था नहुनु तथा सञ्चार माध्यममा प्रयोग नहुनुका साथै आगन्तुक शब्द (अन्य भाषिक समुदायको शब्द) को प्रभाव भित्रिनुले गर्दा विभिन्न भाषिक भेदहरू देखा परे । 'मगर नेपाली शब्द कोश २०६४' का लखे क/सम्पादक/संकलक कर्णबहादुर बुढामगरका अनुसार मगर खामका चार वटा भाषिक भेदहरूको विकास भएको पाइन्छ । मगर खाममा चार तान (सामान्य, स्वरित, अनुदात्त र उदात्त) एवं चार भाषिक भेद छन् । १. पर्वत्या भाषिक भेद (Parbatyā Linguistic Variation): रूकुम (पूर्व) कोपुथा उत्तरगंगा गाउँपालिकाको गर्खानी, कोल, राङ्सी, जाङ, तक, बाच्छी, सेरा, घुम्लिबाङ, हुकाम, मैकाटे, रन्मा, पुच्छर, योमाखार, पेल्मा आदि भेगमा मगर खाम भाषाको योभेद पहिचान भएकोछ । यो भाषिक भेदको फैलावट कर्णाली र सुदूरपश्चिम प्रदेशसम्म रहेको पाइन्छ । २. महत-सीमा भाषिक भेद (Mahat-Simā Linguistic Variation): रूकुम (पूर्व) को भूमे गाउँपालिका अन्तगर्तका सीमा, क्याँसी, महत आदि गाउँबस्तीहरूमा मगर खाम भाषाको यो भेद प्रचलनमा रहेको देखिन्छ । ३. गमाल्या भाषिक भेद (Gamālyā Linguistic Variation): रोल्पा जिल्लाको सुनछहारी गाउँपालिका अन्तर्गत पर्ने गाम, सिउरी, सेरम, बरग्वे, पोबाङ आदि भेगमा मगर खाम भाषाको गमाल्या भाषिक भेद प्रचलनमा रहेको छ । ४. सेसी भाषिक भेद (Sesi Linguistic Variation): रोल्पा जिल्लाकै रोल्पा नगरपालिकाको तपनाङ, जङकोट, माडी गाउँपालिकाको भाबाङ, कोर्चाबाङ, होमा तथा गण्डकी प्रदेश वागलुङ जिल्लाको निसीखोला गाउँपालिकाको निसी, भल्कोट, तिघ्रापानी आदिका साथै ढोरपाटन नगरपालिकाको बोवाङ र सेरावाङमा बोलिने मगर खाम भाषाको भेदलाई सेसी भाषिक भेदको रूपमा चिनारी दिइएको छ । डेभिड वाटर्स (सन २००२: ११) अनुसार मगर खामको भाषिक संकेत ISO 639-3 तथा भाषिक भेद चिनाउने संकेत Gamale Kham (glottocode gama1251, ISO-639 kgj), Eastern Parbate Kham (glot. east2354, ISO-639 kif), Western Parbate Kham (glot.

west2420, ISO-639 kjl)/ Sheshi (Glot. shes1236, ISO-639 kil) रहेको छ ।

मगर ढुटका वरिष्ठ साहित्यकार लोकबहादुर थापामगर (२०७४) अनुसार मगर ढुटमा पश्चिमेली र पूर्वेली गरी मुख्य दुई वटा भाषिक भेद रहेका छन् । पश्चिमेली भेद अन्तर्गत मलू पश्चिमेली उपभेद (पश्चिम स्याङजा, मध्य पाल्पा, सुर्खेत र प्यूठानमा बोलिने), मध्य-पश्चिमेली उपभेद (पूर्वी स्याङ्जा, पश्चिमी तनहूँ र पूर्वी पाल्पामा बोलिने) र पूर्वी–पश्चिमेली उपभेद (पूर्वी तनहूँ, नवलपरासी र गोरखामा बोलिने) रहेका छन् । मगर ढुटको पूर्वेली भेद सिन्धलुी, उदयपुर, धनकुटा, दार्जिलिङ, सिक्किम र आसामसम्म बोलिन्छ । मगर ढुटमा उच्च र निम्न गरी दुई वटा तान तथा दुई वचन (एकवचन र वहुवचन) रहेको छ भने लिङ्गको संगति क्रियापदसँग हुँदैन (थापा मगर, २०७४ः ८७) । मगर ढुटका अध्ययता प्राज्ञ डा. विष्णुकुमार सिङ्जाली मगरका अनुसार मगर ढुटको पश्चिमेली भेद अन्तर्गत पश्चिम स्याङ्जा, मध्य पाल्पा, सुर्खेत र प्यूठानमा बोलिने उपभदे र मगर खामको सम्बन्ध धेरै नै नजिक देखिन्छ । भाषाशास्त्री डेविड वाटर्सका अनुसार मगर काइकेमा ६ किसिमका तान (tone) रहेका छन् । शहरतारा र तुप्पातारामा बोलिने काइकेमा सामान्य भिन्नता पाइने भए पनि भाषिका भेदकैरूपमा व्याख्या गर्न मिल्ने देखिदैन । भाषा आयोगले काईके गाउँपालिकामा बोलिने पोइके भाषाको पहिचान गरेको भनिए पनि यो मगर काइके (तरालीखाम) कै स्थानीय भाषिका भेद भएको बुझिन्छ ।

**मगर भाषाको विस्तार र विकासक्रम**

मगर जातिको मुल थलो राप्ती–गण्डकी प्रश्न वणक्षेत्रमा विकास भएको मगर भाषा विभिन्न कालखण्डहरूमा पूर्व र पश्चिमतर्फ विस्तार भएको बुझिन्छ । खस साम्राज्यकाल (वि. सं. ११५०–१४५०) मा गण्डकी प्रश्रवण क्षेत्रमा खस भाषाकोप्रभाव फैलिनेक्रमसँगै मगर ढुटको विकास भएको तथा खस साम्राज्यको अन्त्यसँगै विकसित भएको राजनितिक अस्थिरताले सिर्जना गरेको भुरेटाकुरे राज्यहरू र आपसी द्वन्द्वको अवस्थामा रूकुमको उत्तरी भेगमा तिब्बती भाषाको प्रभावका कारण मगर काइकेको विकास भएको देखिन्छ । गण्डकी प्रश्रवण क्षेत्रमा विकास भएको मगर ढुट पूर्वतर्फ व्यापक विस्तार भएको पाइन्छ । यसरी व्यापक विस्तार हुनुको मूल कारण यो भाषिक समूहका वक्ताहरूको प्रत्यक्ष सम्पर्क र सम्वन्ध राज्यसत्तासँग रहेको देखिन्छ । मगर ढुट वक्ताहरू खस साम्राज्यका केन्द्रीयस्तरका अधिकारी, उच्च पदस्थ सैनिक अधिकारी र क्षेत्रीय तथा स्थानीय प्रशासकको रूपमा रहेका थिए । इतिहासकार सूर्यमणि अधिकारी (२०६७) का अनुसार खस साम्राज्यकालमा गण्डकी प्रदेश अथार्त मगरातका मगर मुखियाहरूले अधिनस्थ सामन्तका रूपमा स्थानीय शासन चलाएका थिए । खस साम्राज्यसँग मगर मुखियाहरूको निकट र सार्थक सम्बन्ध थियो । खस साम्राज्यको सेना र प्रशासनमा मगरहरूको महत्वपूर्ण भूमिका थियो । मगरका थरहरू सिञ्जाली, सिञ्जापति, थापा, राना, बुढा, खड्गा, भण्डारी, रोकाया आदिले सिञ्जा राजधानीमा उनीहरूको उपस्थिति र त्यहाँको सेना तथा प्रशासनमा उनीहरूको ऐतिहासिक योगदानलाई प्रष्ट पार्दछ । खस साम्राज्यको अवसानपछि गण्डकी प्रश्रवण क्षेत्रका मगर सामन्त राजाहरूले खान, सेन, शाह आदिका रूपमा आ–आफ्नो थर परिवर्तन गरी आफूलाई स्वतन्त्र राजा घोषित गरेका थिए । मगर शासकहरूले आफूलाई ठकुरी भनाए भन्ने सम्वन्धमा मानवशास्त्रीहरू पनि सहमत छन् (पृ. ८७ र ८८) । खस साम्राज्यकालमै मगर ढुटको विस्तार पश्चिममा कर्णाली–महाकालीसम्म र पूर्वतर्फ त्रिशुली–नारायणीसम्म भएको देखिन्छ । ह्यामिल्टन (सन् १८१९) ले सन् १४५० तिर कुमाऊँमा मगर चिफ रहेको उल्लेख गरेकाले मगर भाषाको विस्तार कुमाऊँसम्म भएको बुझिन्छ । खस साम्राज्यको पतनपछि गण्डकी क्षेत्रमा

उदय भएको पाल्पा राज्यको विस्तार पूर्वमा कन्काई नदीसम्म भएकाले शक्तिशाली पाल्पाली राजा मुकुन्द सेन प्रथम (वि. सं. १५७५-१६१०) को पालामै मगर ढुट पूर्वी नेपालमा विस्तार भइसकेको देखिन्छ । त्यसपछि मगर ढुट दार्जलिङ, आसाम, सिक्किम र भुटानसम्म फैलिने मार्ग प्रशस्त भएको पाइन्छ ।

वि. सं. १८६१ सम्म स्वतन्त्र अस्तित्वमा रहेको शक्तिशाली पाल्पा राज्यसँग मगर ढुट समूहको निकट सम्बन्ध रहेकै कारण यो भाषाको विस्तार व्यापक भएको बुझिन्छ । पाल्पा राज्यका शक्तिशाली राजा मुकुन्दसेन प्रथमकी रानी र आमा दुबै पार्कोटे मगर राजाका राजकुमारी थिइन् भने मुकुन्दसेन द्वितीयकी फुपू गोरखाका शक्तिशाली राजा पृथ्वीनारायण शाहकी आमा थिइन् । त्यसैगरी मकवानपुर राज्यका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीको विवाह गोरखाली राजा पृथ्वीनारायण शाहसँग भएको थियो । त्यसकारण मगर ढुटको व्यापक विस्तार र विकास भएको प्रष्ट हुन्छ । गोरखा राज्यले विस्तारिकरणको अभियान सञ्चालन गरेपछि गोरखाली सेनाहरू पूर्वमा टिष्टा र पश्चिममा काँगडासम्म पुगेका थिए । विजय गरिएका राज्यहरूको सुरक्षाका निम्ति हजारौंको संख्यामा मगर ढुट वक्ता सेनाहरू सपरिवार नयाँ क्षेत्रमा बसोबास गर्न थाले । खासगरी नेपाल एकीकरणको समयमा मगर ढुट वक्ता सैनिक र तिनका परिवार मार्फत नै मगर ढुटलाई नेपालको हरेक क्षेत्रमा पुऱ्याउने कार्य भएको पाइन्छ । जनगणना २०७८ को भाषाभाषी विवरणअनुसार मगर ढुट ७७ वटै जिल्लामा फैलिएको देखिन्छ ।

माउभाषा तकालेखाम अर्थात मगर खामको विस्तार र विकासको गति भने मगर ढुटको तुलनामा ज्यादै कमजोर देखिन्छ । यो भाषाले उद्गम स्थल रूकुमको सेरोफेरोका क्षेत्रहरूमा मात्र फैलिने अवसर पाएको देखिन्छ । खासगरी भौगोलिक विकटता र राज्यसत्तासँगको निकट सम्बन्ध स्थापना हुन नसकेको कारण मगर खामको विस्तार र विकास हुन नसकेको बुझिन्छ । जनगणना २०७८ को तथ्यांकले रूकुम, रोल्पा र दाङ जिल्लामा मगर खाम वक्ताको संख्या अधिक रहेको देखाउँदछ । रोल्पामा ३०,७५६, पूर्वी रूकुममा १०,०९६, र दाङमा ७,६१८ मगर खाम वक्ता रहेका छन् । बागलुङमा ४,४७६, डोल्पामा ४,१६८, कैलालीमा ३,०५२, डोटीमा २,७५५, पश्चिम रूकुम २,०३८, डडेलधुरा १,६९४ कास्कीमा १,५४३, जाजरकोट १,४२२, दैलेखमा १,३४७, अछाम १,०८९, काठमाडौं १,००४, कपिलवस्तु ९६३, पर्वत ८६२, हुम्ला ७५०, म्याग्दीमा ७२८, रूपन्देही ६७४, सुर्खेत ५६६, कालिकोट ४८९, बाजुरा ३९४, जुम्ला ३११, बाँके २६६, मुस्ताङ १९५, बर्दिया १९०, सिरहा १८४, ललितपुर १६७, प्यूठान १६२, कञ्चनपुर १५५, तनहुँ १५०, गुल्मी १३८, अर्घाखाँची १२३ र चितवनमा १०३ मगर खाम वक्ता रहेका छन् । मनाङ, मुगु, लम्जुङ, बैतडी, पाल्पा, पूर्वी नवलपरासी, पश्चिम नवलपरासी, सप्तरी, बारा, पर्सा, तेह्रथुम, झापा, मोरङ, सुनसरी, उदयपुर, धादिङ, भक्तपुर र मकवानपुर जिल्लामा एक सयभन्दा कम वक्ता रहेको देखिन्छ । भारतको देहरादून, अलमोडा, भाक्सु, गढवाल आदि ठाउँमा पनि यो भाषा फैलिएको पाइन्छ । यसैगरी जनगणना २०७८ अनुसार मगर काइके वक्ता डोल्पा जिल्लाको काईके गाउँपालिका अन्तर्गतका टुप्पातारा, शहरतारा, ताराकोट र बेलवा गाउँमा रहेको देखिन्छ । डोल्पामा ८४६, जुम्लामा ११०, डोटीमा ४३, कञ्चनपुरमा ३२, बैतडीमा ३१, रूपन्देहीमा २८, कैलालीमा १९, इलाममा १९, काठमाडौंमा १८, ललितपुरमा १४, सुनसरीमा ११ र उदयपुरमा १० जना मगर काइके वक्ता रहेका छन् । प्रदेशगत रूपमा मगर भाषाको उपस्थितिलाई विश्लेषण गर्दा मगर ढुट क्रमशः गण्डकीमा ९.६०%,

लुम्बिनीमा ३.८१%, कोशीमा २.८८%, वागमतीमा २.४०%, कर्णालीमा १.६०%, मधेशमा ०.७३% र सुदूर पश्चिम प्रदेशमा ०.६४% फैलिएको देखिन्छ । मगर खाम क्रमशः लुम्बिनीमा १.१५% (५९,१०४), कर्णालीमा ०.८०% (१३,५३५), सुदूर पश्चिममा ०.३४% (९,१५६), गण्डकीमा ०.३३% (८,०३०), वागमतीमा ०.०२% (१,४५७), मधशे मा २८८ जना वक्ता र कोशीमा १८३ वक्ता रहके ो देखिन्छ । मगर काइके वक्ता सबैभन्दा बढी कर्णाली प्रदेशमा ०.०६% (९५८), सुदूर पश्चिममा १२९, कोशीमा ५९, वागमतीमा ४१ र लुम्बिनीमा ३३ रहेको देखिन्छ ।

## सरकारी कामकाजको भाषा

नेपालको संविधानको धारा ७ को उपधारा ३ र भाषा आयोग ऐन, २०७४ को दफा ३ (ख) वमोजिम भाषा आयोगले नेपाली भाषाका अतिरिक्त न्यूनतम २ वटा भाषा वा ६% र सोभन्दा बढी वक्ता भएका राष्ट्रभाषाहरूलाई प्रदेशगत रूपमा सरकारी कामकाजको भाषा तोक्न नेपाल सरकार समक्ष सिफारिस गरेअनुसार गण्डकी र कर्णाली प्रदेशमा मगर ढुटले प्रदेशगत रूपमा सरकारी कामकाजको भाषाको मान्यता पाउने भएको छ । यसैगरी भाषा आयोगले स्थानीय तहका लागि समेत नेपाली भाषाका अतिरिक्त बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई सरकारी कामकाजको भाषा तोक्न सिफारिस गरेको छ । मातृभाषामा शिक्षालाई सरकारी कामकाजको भाषाको पूर्वाधारको रूपमा लिन तथा सम्बन्धित वडाको सिफारिसमा पालिकाको व्यवस्थापिकाबाट सरकारी कामकाजको भाषाका रूपमा मातृभाषामा शिक्षा उपलब्ध गराउने व्यवस्था मिलाउन समेत सिफारिस गरेको छ । पालिका र वडा केन्द्रित भाषाको स्तरगत योजना निर्माण गर्न र लोपोन्मुख भाषाको लागि समुदायस्तरमा विशेष व्यवस्था गर्न सिफारिस गरेकोछ । संवैधानिक, कानूनी र भाषा आयोगको सिफारिसका आधारमा स्थानीय तहहरूले मगर ढुट, मगर खाम र मगर काइकेलाई सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्न सक्ने छन् । डोल्पाको काईके गाउँपालिकाको व्यवस्थापिकाबाट पारित गरेर सो पालिकाभित्र सरकारकारी कामकाजको भाषाको रूपमा मगर काइकेलाई लागू गर्न सक्दछ । यसैगरी मगर खाम र मगर ढुट वक्ताको बाहुल्यता रहेका पालिकाहरूमा पनि तत्तत् पालिकाको व्यवस्थापिकाबाट पारित गरेर सरकारी कामकाजको भाषाको रूपमा प्रयोगमा ल्याउन सक्ने देखिन्छ ।

## निष्कर्ष

नेपालका १४२ जातजातिहरू मध्ये जातिगत जनसंख्याको आधारमा तेस्रो तथा आदिवासी जनजातिमध्ये पहिलो स्थानमा पर्ने मगर जाति सतहत्तरै जिल्लाभरि फैलिएर बसोबास गरेको पाइन्छ । धौलागिरी हिमालकोकाख राप्ती र गण्डकी प्रश्रवण क्षेत्रमा आदिमकालदेखि नै मगर सभ्यताको विकास भएको मानिन्छ । मगर समाजमा प्रचलित किंवदन्तीअनुसार रूकुम पूर्व जिल्लाको योमाखार र पेल्मा क्षेत्रमा मगर जातिका आदिम पुर्खाहरूको उत्पत्ति भई सोही क्षेत्रमा प्राचीन मगर सभ्यता र मगर खाम (मगर भाषा) को विकास भएको हो । मगर खामको बारेमा भाषाशास्त्रीय अध्ययन गरेका भाषाशास्त्री डेभिड वाटर्सले यो भाषा दुई हजार वर्षभन्दा पुरानो भाषा भएको उल्लेख गरेका छन् । नेपाली इतिहासको मध्यकालमा कर्णाली प्रदेश जुम्लाको सिंजालाई राजधानी कायम गरी नागराजले खस साम्राज्यको स्थापना गरेपछि मगर जाति आफ्नो उद्‌गमस्थलबाट पूर्व र पश्चिमतर्फ विस्तार भएको मानिन्छ । खस

साम्राज्यकाल (वि. सं. ११५०–१४५०) मा खस (सिंजाली) भाषाको विकाससँगै मगर भाषामा तीन वटा भाषिक समूह तकालेखाम (मगर खाम), भीरकोटेखाम (मगर ढुट) र तरालीखाम (मगर काइके) विकास भएको मानिन्छ । तकालेखामले मगर जातिको उद्‌गम स्थलको माउ भाषाको प्रतिनिधित्व गर्दछ भने भीरकोटेखाम (मगर ढुट) ले मूलथलोबाट विस्तारित हुँदै पूर्वतर्फ फैलिएको मगर जातिको प्रतिनिधित्व गर्दछ । माउ भाषा (तकालेखाम) मा खस (सिंजाली) भाषाको प्रभाव भित्रिएर भीरकोट अर्थात कालीगण्डकी प्रश्रवण क्षेत्रमा फैलिएको मगर समाजमा भीरकोटेखाम (मगर ढुट) भाषिक समूहको विकास भएको हो । यो भाषिक समूह पाल्पाली राजा मुकुन्द सेन प्रथमको समयमा पूर्वतर्फ विस्तारित भएको मानिन्छ । मगर ढुट पूर्वी नेपालको सिमा नाघेर दार्जिलिङ्, सिक्किम हुँदै भुटानसम्म फैलिन पुगेको छ । माउ भाषा तकालेखाम (मगर खाम) मा तिब्बती भाषाको प्रभाव भित्रिने क्रममा तरालीखाम (मगर काइके) भाषिक समूहको विकास भएको हो । यो भाषिक समूह डोल्पाको काईके गाउँपालिका क्षेत्रमा मात्र सिमित रहेको पाइन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्याको ३.०९% (मगर ढुट २.७८%, मगर खाम ०.३१% र मगर काइके ०.००४%) ले मगर भाषा बोल्ने गर्दछन् । नेपालमा बोलिने १२४ भाषामध्ये मगर ढुट नवौं स्थानमा, मगर खाम चौबीसौं स्थानमा र मगर काइके ९८औं स्थानमा रहेको छ । कुल मगर जनसंख्या २,०२३,३२५ मध्ये जम्मा ९०३,२९३ (मगर ढुट ८१०,३१५, मगर खाम ९१,७५३ र मगर काइके १,२२५ जना) ले अर्थात ४४.६४% ले मात्र मगर भाषा बोल्ने गर्दछन् । मगर मातृभाषीमा मगर ढुट वक्ता ८९.७०%, मगर खाम वक्ता १०.१५% र मगर काइके वक्ता ०.१३% रहेको देखिन्छ । मगर काइके लोपोन्मुख अवस्थामा रहेको छ ।

भाषाको माध्यमबाट हरेक जातिको साहित्य, परम्परागत संस्कार (जीवनचक्रीय संस्कार), पेशा, चलन, चाडवाड, धार्मिक मान्यता आदि मौलिक संस्कृति बाँचिरहेको हुन्छ । त्यसैले मगर खाम वक्ताहरूको सघन बसोबास रहेको रूकुम, रोल्पा, पश्चिम बागलुङ आदि क्षेत्रमा मगर जातिको मौलिक संस्कृतिले निरन्तरता पाइरहेको देखिन्छ भने मगर ढुट र मगर काइके वक्ताहरूको बसोबास क्षेत्रमा मौलिक परम्परा लोप हुँदै गइरहेको अवस्था छ । यसैगरी मगर भाषा नबोल्ने मगर समाजमा मौलिक संस्कृति लोप भइसकेको देखिन्छ । त्यसैले मातृभाषा लोप हुनु भनेको परम्परागत मौलिक संस्कृति लोप हुनु हो अर्थात जातीय पहिचान मेटिनु हो । मगर खामको लेख्य परम्पराको विकास हुन नसक्दा मगर जातिको उत्पत्ति, सभ्यता र राजनीतिक तथा सामाजिक इतिहास, जीवनदर्शन, संस्कृति एवं साहित्यको दस्तावेजिकरण हुन सकेको छैन । अर्कोतर्फ कथ्य परम्परामा बाँचिरहेको लोकसंस्कृति र इतिहास पनि वाह्य संस्कृति र भाषाको प्रभावका कारण पुस्ताहस्तारण हुन सकिरहेको छैन । त्यसकारण मगर जातिको इतिहास, लोकसाहित्य, दर्शन र परम्परागत लोकसंस्कृतिको संरक्षण एवं सम्वद्धर्न का लागि मगर खामको प्रवर्द्धनात्मक कार्यक्रमहरू अघि बढाइनुपर्ने देखिन्छ । जबसम्म मातृभाषामा पठनपाठनको व्यवस्था हुँदैन तबसम्म त्यसको महत्वबारे जानकारी पनि हुँदैन । औपचारिक शिक्षादिक्षा, सञ्चार माध्यम र सरकारी कामकाजमा मातृभाषाको प्रयोगले सम्बन्धित समुदायमा रोजगारीको अवसर सिर्जना हुनुका साथै इतिहास र साहित्यको लिखित परम्पराको पनि विकास हुन्छ । मातृभाषाहरूको संरक्षण र पुस्तान्तरणको लागि विद्यालय र विश्वविद्यालयहरूमा बहुभाषिक शिक्षा नीति लागू गरिनु पर्दछ । त्यसका लागि सबैभन्दा पहिला स्थानीय तहका जनप्रतिनिधिहरूको चासो र सक्रियताको खाँचो पर्दछ ।

**सन्दर्भ सामग्री सूची**

- अधिकारी, सूर्यमणि । (२०६१, पुनर्मुद्रण २०६७). खश साम्राज्यको इतिहास. काठमाडौं: भुँडीपुराण प्रकाशन ।
- थापा मगर, लोकबहादुर । (२०७४) । भाषा एउटा माध्यम. काठमाडौं: मगर भाषा प्रतिष्ठान ।
- बुढामगर, कर्णबहादुर । (२०६४) । मगर-नेपाली शब्दकोष. काठमाडौं: नेपाल मगर संघ केन्द्रीय समिति ।
- ———. (२०७८) । आधारभूत मगर व्याकरण. ललितपुरः म्याग्दी मगर समाज ।
- भाषा आयोग । (२०७८) । सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू ।
- भाषा आयोग । (२०८०) । सरकारी कामकाजको भाषासम्बन्धी पूरक सिफारिसहरू ।
- Bradley, David. 1997. Tibeto-Burman languages of the Himalayas. Canberra: Australian National University.
- Hamilton, F. B. (1819). An account of the kingdom of Nepal and of the territories annexed to this dominion by the house of the Gorkhas. New Delhi: Asian Educational Services. http://www.ethnologue.com/
- Lewis, M. Paul (ed.), 2009. Ethnologue: Languages of the World, Sixteenth edition. Dallas, Te xas: SIL International.
- N.S.O. (2023). National Population and housing census, 2021, National Report on Caste/ethnicity,
- Language & Religion. Kathmandu: Office of the Prime Minister and Council of Ministers.
- Watters, D. & Watters, N. (1972). A vocabulary of the kham language. SIL, INS, TU (T. U.), (mi), pp. 40 included in Hale, CSDPL – N IV: 46-312.
- Watters, David E.. 2002. A grammar of Kham. Cambridge: Cambridge University.
- Yadav, Yogendra P. (2003). "Language". In Population Monograph of Nepal vol. I. Central Bureau of Statistics, Kathmandu. Pp. 137-161.

# खण्ड २

## गतिविधि

दीप सागर बुढा मगर
महासचिव

# सांगठनिक गतिविधि २०२१–२०२३

मगर संघ अमेरिका संयुक्त राज्य अमेरिकामा बसोबास गर्ने सम्पूर्ण मगरहरूको साझा संस्था हो । मगर संघ अमेरिकाको स्थापना सन् २००४ मार्च २८ को दिन न्यूयोर्कमा भएको हो । उक्त दिन अमेरिकाको बिभिन्न राज्यका मगरहरूको न्यूयोर्कमा भएको ऐतिहासिक भेलाले संस्थाको नाम 'लाङ्घाली एशोसियसन् अफ यूएसए' (Langhali Association USA) राख्यो । ढुट मगर भाषामा 'लाङ्घाली' को अर्थ 'गाउँले' हुन्छ ।

सन् २०१० को अक्टोवर २४ मा न्यूजर्सी राज्यमा सम्पन्न ऐतिहासिक चौंथो राष्ट्रिय महाधिवेशनबाट स्थापनाकालको नामलाई परिवर्तन गरेर 'मगर संघ अमेरिका' (Magar Association USA, Inc.) नामाकरण गरियो । सन् २००४ देखि सन् २०१६ सम्म मगर संघ अमेरिका र यस मातहत बिभिन्न विभागहरू थिए । ति बिभिन्न विभागमार्फत् संस्थाले आफ्नो काम कर्तब्यहरू अगाडि बढाउँदै आएका थिए । सन् २०१६ देखि केन्द्रिय समिति र च्याप्टरको अवधारण अगाडि सार्दै विभिन्न राज्यहरूमा च्याप्टर कमिटिहरू गठन गर्ने क्रम शुरू गरियो । हालसम्म ६ अमेरिकी राज्यहरू न्यूयोर्क, डिएमभि (डिस्ट्रक्ट अफ कोलम्बिया, मेरिल्याण्ड र भर्जिनिया), टेक्सास, न्यूजर्सी, कोलोराडो र ईलेनोईमा मगर संघ अमेरिकाको च्याप्टर गठन भैसकेको छ भने अन्य राज्यहरूमा पनि विस्तार प्रक्रिया अगाडि बढेको छ । अमेरिकामा करिब ५ हजार मगरहरू रहेको अनुमान छ ।

### उद्देश्य

अमेरिकाभर छरिएर रहेका नेपालीमुलका सम्पूर्ण मगरहरूलाई मगर संघ अमेरिकाको एउटै छातामुनी गोलबद्ध गरेर आपसी भेटघाट, सहयोग आदानप्रदान लगायत बिबिधतामा एकता रहेका हामी मगरहरूको भाषा, भेषभुषा, संस्कार संस्कृति र रितिरिवाज तथा परम्पराहरूलाई अमेरिकामा संरक्षण र सम्बर्द्धन गर्दै अमेरिका मै रहेका अन्य नेपाली समुदायहरूसँग समन्वय र सहकार्य गर्ने उद्देश्यले मगर संघ अमेरिकाको स्थापना गरिएको हो ।

यसका साथै, अमेरिकी संस्कारमा उदाउँदो हाम्रो नयाँ पुस्तालाई नेपाली मौलिक मगर

संस्कार, संस्कृति र मगर भाषा, मगर भेषभुषा पुस्तान्तरण गर्नु र अमेरिकामा हाम्रो मगर समुदायलाई आइपर्ने समस्याको संस्थागत सहयोग गर्दै एक आपसमा भातृत्व सम्बन्ध प्रगाढ बनाउँदै मगरहरूबीच एकता र सद्भाबको विकास गर्नुरहेको छ । मगरहरूलाई अमेरिकाको मूलधारको विविध क्षेत्रमा स्थापित गर्नु पनि संघको प्राथमिकता रहेको छ ।

**सांगठानिक गतिविधि (२०२१-२०२३)**

मगर संघ अमेरिका केन्द्रिय समितिको सन् २०२१ को जुलाई ३१ मा न्यूजर्सी राज्यमा भएको ८औं राष्ट्रिय महाधिबेशनबाट पुनः अध्यक्षमा निर्वाचित कुलबहादुर राना मगरको अध्यक्षतामा वर्तमान कार्य समितिको कार्यकाल सुरूवात भएको थियो । कोभिड-१९ (कोरोना भाइरस)को बिकराल परिस्थिति साम्य हुँदै गरेको बीचमा उदाएको वर्तमान कार्य समिति विषम् परिस्थितिलाई चिर्दै शुरूवातीका दिनहरूमा प्रत्यक्ष जमघटका कार्यक्रमहरू गर्न असमर्थ रहे पनि भर्चुअल माध्यमबाट सांगठानिक कार्यहरू गर्न सफल भयो । सन् २०२२ र सन् २०२३ मा संस्थाको गतिविधिलाई पहिलेकै लयमा पुऱ्याएर बिविध सामाजिक कार्यहरू सम्पन्न गर्ने सफल रह्यो ।

**मगर संघ अमेरिका केन्द्रिय समिति (२०२१-२०२३)**

मगर संघ अमेरिका केन्द्रिय समितिलाई सुभाब सल्लाहहरू दिन मगर संघ अमेरिकाको पहिलो बैठकबाट निम्न अग्रज व्यक्तित्वहरूलाई सल्लाकार समितिमा मनोनयन गरियो ।

**संगठनात्मक तह**

मगर संघ अमेरिकाको केन्द्रिय समिति र च्याप्टर समितिहरू रहेको छ । हाल केन्द्रिय समिति मातहत न्यूयोर्क, न्यूजर्सी, डिएमभी, टेक्सास, कोलोराडो र इलिनोइ च्याप्टर रहेको छ । न्यूयोर्क र डीएमभी (डिस्ट्रक्ट अफ कोलम्बिया, मेरिल्याण्ड र भर्जिनिया) च्याप्टरको चौंथो अधिवेशन, न्यूजर्सी र टेक्सास च्याप्टरको तेस्रो, कोलोराडो च्याप्टरको दोस्रो र इलिनोइ च्याप्टरको पहिलो अधिवेशन सम्पन्न भएको छ ।

**कार्यालय स्थापना**

मगर संघ अमेरिका केन्द्रिय समितिले 69-08 Woodside AVE - 2nd FL , Woodside NY 11377 न्यूयोर्कमा कार्यालय स्थापना गरेको छ । कार्यालय ब्यवस्थापनमा मगर संघ अमेरिकालाई माया गर्ने निम्न मनकारी मगरहरूको सहयोग रह्यो ।

**ट्याक्स फाइल**

गैरनाफामूलक संस्था ५०१ सी प्राप्त संस्थाले गर्नु पर्ने ट्याक्स फाइल बिभिन्न प्रक्रिया पुरा गरेर २०२१/२०२२ र २०२२/२०२३ को ट्याक्स फाइल गरिएको छ ।

**संस्थालाई प्राप्त सम्मान तथा प्रसंसा**

कोरोना भाइरसको बिकराल समयमा मगर संघ अमेरिकाले मगर समुदाय र अन्य समुदायमाझ गरेको मानवीय कार्यको उच्च सम्मान गर्दै वर्तमान न्यूयोर्क सिटीका मेयर तथा तत्कालिन ब्रोकलिन बोरो प्रेसिडेण्ट एरिक आडम्सबाट कोभिड हिरोद्वारा सम्मान ।

नेपाली अमेरिकन हेरिटेज डे 'नेपाल डे' घोषणा भएको ऐतिहासिक दिन र न्यूयोर्क राज्यसभा सदस्य जेनिफर राजकुमारको तर्फबाट रेजुलेशन प्राप्त ।

न्यूयोर्क र अमेरिकाको विभिन्न राज्यमा नेपाली आदिवासी जनजातिहरूको संस्कृतिको प्रवर्द्धन र संस्थाले बिभिन्न चरणमा मानवीय कार्यहरू गरेकोमा न्यूयोर्क सिटी काउन्सिल मेम्बर जुली ओनद्वारा सम्मान ।

### भेटघाट तथा सम्मान

अमेरिकाको वायोमिंग विश्वविध्यालयले आयोजना गरेको खुर हुने जनावरहरू (Ungulates) को विश्व सम्मेलनमा नेपालको तर्फबाट कार्यपत्र प्रस्तुत गर्न आएका नेपाली बन्यजन्तु बैज्ञानिक तथा संरक्षणविद् कमल थापा मगरलाई सन् २०२३ को जुलाई १३ मा सम्मान गरियो । साथै, उहाँसँग मगर संघ अमेरिकाको कार्यालयमा भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

नेपाल सरकार संघीय संसदका उपसभामुख तथा समाजसेबी इन्दिरा राना मगरलाई सम्मान गरियो । साथै, उहाँसँग मगर संघ अमेरिकाको कार्यालयमा भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

नेपाल सरकारको संबैधानिक आयोग आदिवासी जनजाति आयोगका माननीय अध्यक्ष रामबहादुर थापा मगरलाई सम्मान गरियो ।

निफ अवार्ड २०२१ मगर चलचित्र 'ट्याङ चालाक' बाट उत्कृष्ट नायिकाको अवार्ड जित्न सफल नायिका तिला मगरलाई सम्मान गरियो ।

एनआरएनए एएनसीसी ओरेगन च्याप्टरका अध्यक्ष लक्ष्मण दर्लामी मगरसँग संस्थागत स्वागत र भेटघाट सम्पन्न भयो ।

बेलायतबाट साहित्यिक सम्मेलनको सिलसिलामा अमेरिका आउनु भएका पर्या साहित्यकार विजय हितान मगरसँग संस्थागत स्वागत र भेटघाट सम्पन्न भयो ।

### स्थापना दिवस

मगर संघ अमेरिकाको १९औं स्थापना दिवस जुम भर्चुअल माध्यमबाट संस्थापक अध्यक्ष दलबहादुर बुढाथोकी मगरको प्रमुख आतिथ्यमा बृहत शुभकामना आदानप्रदान गरेर मनाइयो । सो अवसरमा च्याप्टर कमिटीहरू मार्फत बिभिन्न सामाजिक कार्यहरू गरेर मनाउने सर्कुलर जारी गरिएको र ति अनुरूप च्याप्टरहरूले आ–आफ्नो अनुकुलका भेटघट तथा पुण्य कार्यहरू गरेर मनाईयो । यसैगरी, मगर संघ अमेरिकाको २०औं स्थापना दिवस मगर संघ अमेरिकाका पूर्व अध्यक्ष रूद्र आले मगरको प्रमुख आतिथ्यमा जुम भर्चुअल शुभकामना आदानप्रदान गरेर मनाइयो र च्याप्टर कमिटीहरूले स्थापना दिवसको उपलक्ष्यमा बिभिन्न सामाजिक कार्यहरू गरेर मनाईयो ।

### माघे संक्रान्ति

माघे संक्रान्ति २०२२ का कार्यक्रमहरू कोभिड १९ को कारण अन्तिममा रद्द गर्नु परेको कारण मगर संघ अमेरिका केन्द्रिय समितिको आयोजनामा भर्चुअल माध्यमबाट शुभकामना आदानप्रदान गरेर मनाईयो । माघे संक्रान्ति २०२३ सबै च्याप्टरहरूमा केन्द्रिय समितिको उपस्थितिमा भब्य रूपमा सम्पन्न गरेर मनाईयो ।

**समर पिकनिक तथा भेटघाट**

मगर संघ अमेरिका केन्द्रिय समितिको समन्वयमा मगर संघ अमेरिका मातहतका सबै च्याप्टरहरूको आयोजनामा २०२२ र २०२३ मा वार्षिक समर पिकनिक तथा भेटघाट कार्यक्रम सम्पन्न गरियो ।

**मगर छात्रवृत्ति कोष**

अमेरिकामा अध्ययनरत मगर विधार्थीहरूलाई प्रोत्साहन दिन Student Schlorship Department स्थापना गरियो । डा. कृष्ण थापा मगर संयोजकमा कृष्ण राना मगर र प्रियंका थापा मगर सदस्य रहेको छ । तीन तहका उत्कृष्ट एक/एक विधार्थीलाई $१,००० ले सम्मान गर्ने कार्यको सुरूवात गरिएको छ ।

१. **High School Student**
२. **Undergraduate Student**
३. **Graduate Student**

सो अन्तर्गत पहिलो पटक २०२१/२०२२ को उत्कृष्ट निम्न २ तहका विधार्थीहरूलाई सम्मान गरियो ।

**Undergraduate** : Nirjal Thapa Magar -New Jersey_
**Graduate** : Krishana Rana Magar -Georgia_

सन् २०२३ मा तीन जेहेन्दार विधार्थीहरूले छात्रवृत्ति पुरस्कार पाउन सफल भए ।

**High School** : Unik Rana Magar -Colorado_
**Undergraduate** : Satya Pun Magar -Texas_
**Graduate** : Gyanu Rana Magar -Kentucky_

यसका साथै, STUDENT SCHOLARSHIP DEPARTMENT को संयोजनमा जुम भर्चुअलको माध्यमबाट शिक्षा, स्वास्थ्य तथा ब्यापार व्यावसायलगायत बिभिन्न बिषयमा अन्तरक्रिया कार्यक्रमहरू गरेर मगरहरूबीच एक आपसमा एकले अर्कोमा ज्ञान लिने दिने कार्य बिभिन्न चरणमा सम्पन्न गर्न सफल रहयो ।

**आपतकालिन कोष स्थापना**

मगर संघ अमेरिका केन्द्रिय समितिको आपतकालिन कोषलाई पूर्णता दिन कमिटी गठन गरियो । आपतकालिन कोष कमिटिको अवधि, कोषको नीति निर्देशिकाअनुसार ३ वर्षको कार्यकाल रहनेछ । आपतकालिन कोष कमिटिको नीति निर्देशिकाको मूल खाका मगर संघ अमेरिका केन्द्रिय समितिका सल्लाहकारद्वय डा. गंगा पुर्जा मगर र डा. चक्र बुढाथोकी मगर, संघका अध्यक्ष कुलबहादुर राना मगर र कोषाध्यक्ष विष्णु राना मगरसहितको टीमले तयार गरेका थिए ।

**आपतकालिन कोष कमिटी**

आपतकालिन कोष कमिटि, मगर संघ अमेरिका केन्द्रिय समिति, च्याप्टर समितिहरू र अन्य मगर बुद्धिजिबीहरूसँग छलफल गरेर कोषका बिभिन्न प्रावधानहरू तयारी गरि कोषलाई मूर्तरूप दिने कार्य सम्पन्न गरेको छ । साथै, कोषको पहिलो चरणमा ५० हजार डलर रकम जम्मा गर्ने लक्ष्य रहेको छ । सन् २०२२ को देउसी भैलोको उपलक्षयमा मगर संघ अमेरिका न्यूयोर्क च्याप्टरका निवर्तमान अध्यक्ष तथा आपतकालिन कोष कमिटी सदस्य यम पुन मगरको संयोजकत्वमा अनलाइन देउसी भैलो खेलेर रकम जम्मा गर्ने सुरूवात गरिएको हो । कोषमा हरेक आजीवन सदस्यको सदस्यता शुल्कको ४५ प्रतिशत रकम पनि जम्मा गर्ने प्रावधान रहेको छ । अनलाइन देउसी-भैलो कार्यक्रम २०२२ मा निम्न मनकारी मगरहरूले दान प्रदान गर्नुभएको छ ।

- Ishor Budha Magar -PA_ $550
- Kuldeep Rana Magar -NY_ $501
- Yam Pun Magar -NY_ $501
- Lachhimi Rana Magar -NJ_ $501
- Vishnu Rana Magar -NY_ $501
- Gyanu Thapa Magar -NY _ $501
- Bhabin Sherpunja Magar -NY_ $501
- Dr. Ganga Purja Magar -DMV_ $501
- Bishnu Rana Magar -NY_ $501
- Rudra Ale Magar -NJ_ $501
- Dr. Chakra Budhathoki Magar -DMV_ $501
- Chandra Gurmachan Magar -NH_ $301
- Tika Kumar Pun Magar -CA_ $301
- Roshan Thapa Magar -NY _$301
- Devindra Thapa Magar -NJ_ $301
- Kumar Thapa Magar -NY_ $301
- Deep sagar Budha Magar -NY_ $255
- Dipu÷Dilip Shrees Magar -NY_ $251
- Omkar Budha Magar -NY_ $250
- Raju Thapa Magar -TX_ $250
- Deepak Roka Magar -NY_ $222
- Devendra Thapa Magar -NY_ $205
- Raju Gharti Magar -NY_ $201
- Ratna Garbuja Magar -NY_ $201
- Rabi Thapa Magar -NJ _ $201
- Surjan Gharti Magar -NY_ $201
- Chakra Budha Magar -NY_ $201
- Man B Rana Magar -NY_ $201
- Lalit Tilija Magar -DMV_ $201
- Amrit Roka Magar -NY_ $201
- Man Sarbuja Magar -NY_ $201
- Purna Bahadur Paija Magar -NY_ $201
- Mani Thapa Magar -TX_ $201
- Bhuban Singh Ale Magar -TX_ $201
- Rabi Soti Magar -NY_ $201
- Hari Gahrti Pun Magar -NY_ 201
- Adibisista Magar -TX_ $201
- Bishnu Kumari Thapa Magar -NJ_ $201
- Man Garbuja Magar -PA_ $201
- Omkar Gharti Magar -DMV_ $200
- Janak Pun Magar -DMV_ $200
- Ganesh Ale Magar -CA_ $155
- Padma Linkha Magar -NY_ $151
- Aashish Thapa Magar -NY $151
- Janaki Thapa Magar -TX_ $151
- Prawin Pun Magar -DMV_ $151
- Susang Budha Magar -NY_ $150
- Gagan Thapa Magar -NY_ $150
- Krishna Thapa Magar -CO_ $150
- Rajesh Budha Magar -NY_ $111
- Lal Bahadur Pun Magar -NY_ $111
- Reman Thapa Magar -TX_ $111
- Dr. Deo Pun Magar -TX_ $108
- Phan B. Thapa Magar -TX_ $105
- Lachhuman Rana Magar -CO_ $105
- Raju Gharti Magar -NY_ $105
- Shyam Pun Magar -NY_ $105
- Rupa Thapa Magar -VA_ $105
- Deepak Thapa Magar -DMV_ $105
- Prem Rana Magar -NJ_ $105
- Migeen Thapa Magar -NY_ $101
- Mohan Pun Magar -NY_ $101
- Prema Gharti Magar -NY_ $101
- Priti Maya Pun Magar -NY_ $101
- Sudhar Budha Magar -NY_ $101
- Bir Chakra Budha Magar -NY_$101
- Biru Thapa Magar -NY_ $101
- Bikash Gharti Magar -NY_ $101
- Denij Gharti Magar -NY_ $101

- Bindu k Pun Magar -NY_ $101
- Barmaya Pun Magar -NY_ $101
- Tilak Rana Magar -NY_ $101
- Prakash Rana Magar -NY_ $101
- Mohan Roka Magar -NY_ $101
- Indra Thapa Magar -NY_ $101
- Bayan Budha Magar -Bhargare_ NY $101
- Hurmat Roka Magar -NY_ $101
- Thaman Pun Magar -NY_ $101
- Padam Pun Magar -NY_ $101
- Niroj Pulami Magar -NY_ $101
- Bishal Jugjali Magar -NY_ $101
- Mahendra Pun Magar -NY_ $101
- Dinesh Pun Magar -NY_ $101
- Shobindra Thapa Magar -NY_ $101
- Khum Budha Magar -NY_ $101
- Kumar Lungeli Magar -NY_ $101
- Manoj Gharti Magar -NY_ $101
- Kabal Budha Magar -NY_ $101
- Tekmilan Pun Magar -NY_ $101
- Yam Bahadur Pun Magar -NY_ $101
- Kul B Roka Magar -NY_ $101
- Rim Thapa Magar -TX_ $101
- Suman Thapa Magar -TX_ $101
- Yashika Batha Magar -TX_ $101
- Purna Pun Magar -TX_ $101
- Krishna Thapa Magar -TX_ $101
- Himal Sinjali Magar -TX_ $101
- Kamala Thapa Magar -TX_ $101
- Bandana Thapa Magar-TX_ $101
- Bal Kumar Magar -TX_ $101
- Nirmal Ale Magar -TX_ $101
- Ram Thapa Magar -DMV_ $101
- Santosh Thapa Magar -DMV_ $101
- Amber Rajan Magar -DMV_ $101
- khim B Marsangi Magar -DMV_ $101
- Amrit Rana Magar -DMV_ $101
- Mahendra Thapa Magar -NJ_ $101
- Ganesh Thapa Magar -NJ_ $101
- Jabendra Thapa Magar -NJ_ $101
- Ganesh Gaha Magar -NJ_ $101
- Kami Budha Magar -PA_ $101
- Dinesh Budha Magar -PA_ $101
- Bhim Thapa Magar -TX_ $101
- Bhuwan Ale Magar -CA_ $101
- Bakhan Thapa Magar -CA_ $101
- Bir Bahadur Gharti Magar -NY_ $101
- Tilu Pun Magar -VA_ $100
- Santosh Budha Magar -TX_ $100
- Indra Budha Magar -NY_ $100
- Rabin Rana Magar -NY_ $100
- Sagar Pun Magar -NY_ $100
- Shiva Roka Magar -NY_ $100
- Sushil Budha Magar -NY_ $100
- Suku Ale Magar -TX_ $100
- Karna Thapa Magar -TX_ $71
- Tek Thapa Magar -CO_ $55
- Bal Krishna Rana Magar -TX_ $55
- Kisam Thapa Magar -CO_ $55
- Lal Jung Thapa Magar -CO_ $55
- Surendra Thapa Magar -CO_ $55
- Shristina Purja Magar -CO_ $55
- Kamal Rana Magar -CO_ $55
- Mangala Budha Magar -CO_ $55
- Khem Chauhan Magar -CO_ $55
- Bishnu Pun Magar -CO_ $55
- Amrit Rana Magar -CO_ $55
- Les Rana Magar -CO_ $55
- Bhumika Pun Rana Magar -CO_ $55
- Shankar Gurung -CO_ $55
- Saru Ale Magar -CO_ $55
- Raju Ale Magar -CO_ $55
- Rupa Ale Magar -NJ_ $55
- Roshani Rana Magar -NJ_ $55
- Dhana Thapa Magar -NY_ $52
- Mekh Kaucha Thapa Magar -TX_ $51
- Deepak Barakoti Magar -NY_ $51
- Sher Khaptari Magar -TX_ $51
- Upendra Rana Magar -CO_ $51
- Rabin Thapa Magar -TX_ $51
- Poonam Thapa Magar -CO_ $51
- Bhakta Ale Magar -TX_ $51
- Dr. Abinash Pun Magar -IL_ $51
- Vinod Ale Magar -CO_ $50
- Min Darlami Magar -IL_ $50
- Rasmita Pun Magar-NY_$40

---

जम्मा - $22,447/-
(अक्षेरूपी बाइस हजार चार सय सत्चालिस डलर)

देउसी-भैलो कार्यक्रम २०२२ मा दान गर्नु हुने सम्पूर्ण दाताहरूलाई धेरै-धेरै धन्यवाद अनि आभार प्रकट गर्दछौं ।

### न्यूयोर्क सिटी फन्ड

मगर संघ अमेरिकाको स्थापनाकालदेखि वर्तमानसम्म मगर संघ अमेरिका सम्पूर्ण मगरहरूको आर्थिक रूपमा साथ सहयोगले चाल्दै आएको सर्बवित नै छ । वर्तमान कार्य समितिले अमेरिकाको कुनै पनि राज्य या संघीय सरकारबाट गैरनाफामूलक संस्थाले पाउन सक्ने सुबिधाहरूको खोज गर्नको लागि मगर संघ अमेरिका केन्द्रिय समितिको सल्लाहकार बिष्णु राना मगरको संयोजकमा निवर्तमान कोषाध्यक्ष विष्णु राना मगर, केन्द्रिय पदाधिकारी तथा न्यूयोर्क च्याप्टरसहितको सहयोग रहने गरि एक टिम गठन गरेर कार्य सम्पादन हुँदै आएको छ ।

### मानवीय सेवा र सहयोग

न्यूयोर्कमा स्वः हेमु राना मगरको असामयिक निधनपश्चात् नीज मृतकको शव मगर संघको रोहबरमा अन्त्यष्टी सम्पन्न भएको छ ।

सडक दुर्घटना परेर सिकिस्त भएका टेक्सासका सरोज मगर उपचारको लागि गो फन्डमार्फत् सहयोग रकम संकलन सम्पन्न भएको छ ।

रोल्पा स्थाई घर, टेक्सासमा असामयिक निधन मृत्यु भएका अदित बुढा मगरको शव मगर संघको रोहबरमा अन्त्यष्टी, अन्त्यष्टीमा लाग्ने रकम संकलन र अन्य कागजी प्रक्रियामा संस्थागत सहयोग सम्पन्न भएको छ ।

न्यूयोर्कको नर्दन मानोर मल्टीकेयर सेन्टरमा रहेका बिरामी धनबहादुर पुन मगरलाई परिवारको अनुरोधमा संस्थाले रेखदेख र आवश्यक सहयोग गर्दै बिभिन्न कागजी प्रक्रियाहरू पुरा गरिदिएर अन्ततः नेपालबाट परिवार ल्याएर पुनर्मिलन गराउन सफल भएको छ ।

### सहकार्य र प्रकाशन

मगर संघ अमेरिकाको आर्थिक सहयोगमा नेपालको जनगणना २०७८ मा मगरहरूको व्यापक सहभागिता रहोस् भन्ने उद्देश्यका साथ नेपाल मगर संघ केन्द्रिय समितिसँग सहकार्य गरेर ७७ जिल्लामै घरदैलो तथा बिभिन्न प्रचार सामाग्रीहरू वितरण गर्न सफल भएको छ ।

नेपाल मगर संघ केन्द्रिय समितिको मुख्य व्यवस्थापनमा मगर संघको केन्द्रिया कार्यालय कलंकीमा आयोजित मगर विद्यार्थी लक्षित निःशुल्क 'शाखा अधिकृत लोक सेवा तयारी कक्षा' को लागि आवश्यक पर्ने फोटोकपी मेसिन र त्यससँग सम्बन्धित सबै सामाग्रीहरू सहयोग गर्न सफल भएको छ । नेपाली रूपैंयाँ करिब २ लाख ५० हजार बराबरको उक्त मेसिन मगर संघ अमेरिकाको आजीवन सदस्य गौचन बुढा मगरबाट एक कार्यक्रमबीच नेपाल मगर संघ केन्द्रिय समितिलाई हस्तान्तरण गरियो ।

मगर संघ अमेरिकाको आर्थिक सहयोग र मगर प्रकाशन समितिको संयोजनमा मगरहरूको लिपिबारे खोज अनुसन्धान गर्न र अक्खा लिपि प्रति सबैको ध्यानाकर्षण मिलोस् भनेर एम.एस. थापा मगरद्वारा लिखित 'प्राचीन मगर र अक्खा लिपि' पुस्तकको पुन. प्रकाशनमा गरिएको छ ।

डा. महावीर पुन मगरले २०५३ र २०५८ सालमा प्रकाशन गर्नुभएको पुन मगरहरूको खोज अध्ययन मुलक पुस्तक 'पुन मगरहरूका लोककथाहरू' (भाग १ र २) तथा 'पुन मगरहरूले स्थानिय रूपमा पूजा गर्ने दर-देवताहरू' मगर संघ अमेरिकाको आर्थिक सहयोगमा पुन. प्रकाशन गरिएको छ ।

लेखक कर्णबहादुर बुढा मगरद्वारा लिखित मगर खाम भाषाको 'मगर खाम पाङ्

शव्दकोष' (Trilinagual Dictionary of the Magar Language -Athara Magarat: Magar Kham Pang) को पुनः प्रकाशन गरिएको छ । यो शब्दकोषको प्रकाशनले नेपालमा स्थानीयतह, विद्यालयमा र विश्वविद्यालयहरूमा मगर खाम भाषाको पाठयक्रम निर्माणमा लागि सहयोग पुग्ने छ ।

बिभिन्न मगर बौद्धिक व्यक्तिहरूको अनुसन्धानमुलक लेखहरू संग्रहित 'मगर अध्ययन' वर्ष ३, अंक २ प्रकाशन गर्न मगर संघ अमेरिकाको आर्थिक सहयोगमा प्रकाशन गरिएको छ ।

बल बहादुर घर्ति मगरद्वारा लिखित राप्ती 'धौलागिरी, र भेरी प्रश्रवण क्षेत्रमा प्रचलित 'मगर संस्कार' पुस्तक मगर संघ अमेरिकाको आर्थिक सहयोगमा प्रकाशन गरियो ।

१८ मगरात मगर खाम क्षेत्रका साहित्यहरूलाई दस्तावेजीकरण गर्ने क्रममा मगर प्रकाशनसँग सहकार्य गरेर निम्न मगर खाम भाषिक साहित्यकारहरूको पुस्तक मगर संघ अमेरिकाको आर्थिक सहयोगमा प्रकाशन गरियो ।

- टंक बहादुर झाँक्री मगर (समिप बैरागी) को 'पार्सी'
- लक्षिण कुमार पुन मगर (याङो श्रो) को - 'निमी स्यावै'
- बिपल पुन मगर - 'साङ'
- राकेश बुढा मगर (चिन्तन) - 'आल्लाका सुल'
- माल बहादुर बुढा मगर (महेश आरोही) - 'जिन्दगीलै ओल्दे रङक'

*(नोट : मगर संघ अमेरिकाको आर्थिक सहयोगमा प्रकाशन गरिएका सबै पुस्तकहरू कभरसहित अन्तिम पृष्ठमा राखिएको छ ।)*

**वेबसाइट अपडेट र अफिसियल इमेल**

मगर संघ अमेरिकाको वेबसाइट : www.magarusa.org लाई इन्टरनेटको वर्तमान अवस्थालाई मध्यनजर गर्दै मगर संघको हरेक गतिबिधि वेबसाइडबाट नै प्राप्त हुन सक्ने नयाँ फिचरहरू अपडेट गरियो । संस्थाको आधिकारिक प्रयोगको लागि निम्न इमेलहरू तयार गरिएको छ ।

Magar Association USA Inc.
Central Committee
magar2004@gmail.com
info@magarusa.org
admin@magarusa.org

Finance Dept.
finance@magarusa.org

Membeship Dept.
membership@magarusa.org

Election Dept.
email@magarusa.org

Students Dept.
education@magarusa.org

New York Chapter
nychapter@magarusa.org

New Jersey Chapter
njchapter@magarusa.org

DMV Chapter
dmvchapter@magarusa.org

Texas Chapter
txchapter@magarusa.org

Illinois Chapter
ilchapter@magarusa.org

Colorado Chapter
cochapter@magarusa.org

**सहकार्य र सहभागिता**

नेपाल आदिवासी जनजाति महासंघ अमेरिकाले २७औं विश्व आदिवासी दिवसको अवसरमा आयोजित फिप्ना कप-२०२१ मा मगर संघ अमेरिकाको तर्फबाट फुटबल र भलिबलमा संघले सहभागिता जनाएको छ ।

नेपाल अमेरिका पत्रकार संघ (नेजा) ले २०२१ मा आयोजना गरेको नेपाल पत्रकार महासंघका केन्द्रिय अध्यक्ष बिपुल पोखे्रलसँगको भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा संघले सहभागिता जनाएको छ ।

मेरिल्याण्ड राज्यको बाल्टिमोरमा आयोजित बाना कप २०२१ मा 'खेलकुदमा मगर' भन्ने मुल नाराका साथ मगर संघ अमेरिकाको तर्फबाट भलिबलमा संघले सहभागिता जनाएको छ । नेपाल आदिवासी जनाजाति महासंघ अमेरिकाको आयोजनामा सम्पन्न नेपाल आदिवासी फिल्म फेस्टिबल र निफ अवार्ड-२०२१ मा संघले सहभागिता जनाएको छ ।

बोस्टन मगर समाज बोस्टनको निमन्त्रणामा समर कार्यक्रम २०२१ मा सहभागिता, मगर संघ अमेरिका मासचुसेट च्याप्टर गठनको बारेमा पनि सकारात्मक छलफल अघि बढाएको छ ।

नेपाल र नेपालीको सम्मानमा न्यूजर्सी सिटीका मेयरद्वारा नेपालको झण्डा फहराउने Nepal Flag Rishing Day 2021 समारोहमा संघले सहभागिता जनाएको छ ।

नेपाल आदिवासी जनजाति महासंघ अमेरिकाको ८औं महाधिवेशन २०२१ मा संघले सहभागिता जनाएको छ । मगर संघ अमेरिकाको तर्फबाट मगर संघ अमेरिकाका निवर्तमान महिला उपाध्यक्ष रूकु राना मगर सदस्यमा सर्वसम्मत चयन हुनुभएको छ ।

नेपाल आदिवासी जनजाति महासंघ अमेरिकाद्वारा आयोजित नेपालका प्रथम सहिद लखन थापा मगरको १४५औं स्मृति दिवस २०२२ को उपलक्षयमा आयोजित भर्चुअल कार्यक्रममा संघले सहभागिता जनाएको छ ।

अन्तराष्ट्रिय सगरमाथा दिवस २०२२ को मे २९ को दिन न्यूयोर्क राज्यसभा सदस्य जेनिफर राजकुमारको निमन्त्रणामा न्यूयोर्कको राजधानी अलबानीको राज्यसभा कक्षमा संघले सहभागिता जनाएको छ ।

भुट्निज अमेरिकन मगर संघ अमेरिकाको तेस्रो राष्ट्रिय महाधिवेशन २०२२ मा संघको तर्फबाट प्रमुख अतिथिको आतिथ्यता ग्रहण गरिएको छ ।

नेपाल आदिवासी जनजाति महासंघ अमेरिकाको आयोजनामा 'आदिवासी ज्ञानको संरक्षण र पुस्तान्तरणमा आदिवासी महिलाको भूमिका' भन्ने मूल नाराका साथ आयोजित २८औं अन्तराष्ट्रिय विश्व आदिवासी दिवस २०२२ मा मौलिक मगर झाँकीसहित संघले सहभागिता जनाएको छ ।

नेपाल अमेरिका पत्रकार संघ (नेजा) को आयोजनामा न्यूयोर्कमा आयोजित नेपालको नागरिकता बिधेयक सम्बन्धमा अन्तरक्रिया कार्यक्रम २०२३ मा संघले सहभागिता जनाएको छ ।

नेपालका प्रथम सहिद लखन थापा मगरको १४६औं स्मृति दिवस २०२३ को अवसरमा नेपाल आदिवासी जनजाति महासंघ अमेरिकाको कार्यालयमा आयोजित स्मृतिसभामा संघले सहभागिता जनाएको छ ।

**८औं वार्षिक साधारणसभा**

मगर संघ अमेरिका केन्द्रिय समितिको ८औं वार्षिक साधारणसभा टेक्सास राज्यको डलास शहरमा भब्यरूपमा सम्पन्न भएको छ । मगरहरूको बाहुल्य रहेको १२ राज्यहरूबाट मगरहरूको उत्साहजनक सहभागिता भयो । साधारणसभा उद्घाटन समारोह, बन्द सत्र र सहभागी सबैको एक आपसमा आत्मियता साटासाट गर्दै साँस्कृतिक कार्यक्रम गरेर रमाइलो गरी सम्पन्न भयो । मगर संघ अमेरिकाको बिभिन्न विभागमा रहेर स्थापनादेखि आजसम्म संस्थालाई निरन्तर सहयोग गर्दै आउनु भएका डा. गंगा पुर्जा पुन मगरलाई उहाँको योगदानको कदर गर्दै सम्मान गरियो । मगर संघको स्थापना कालदेखिको अहिलेसम्मको हरेक गतिविधिहरू दस्तावेजीकरण गर्न अहम् भूमिका खेल्नु भएकोमा प्रदिप परियार थापा मगरलाई सम्मान गरियो । मगर संघ अमेरिकाको कार्य समितिमा लामो समयसम्म बिभिन्न पदमा बसेर संस्थामा योगदान गर्नुभएकोमा उहाँको योगदानको कदर गर्दै लक्ष्मीकुमारी राना मगरलाई सम्मान गरियो ।

**संघको आगामी चुनौति र योजना**

मगर संघ अमेरिकाले आगामी कार्यक्रमहरू अलि चुस्त दुरूस्त गर्नु जरूरी छ । अमेरिकाको मुलप्रवाहमा मगरको उपस्थिति, सहभागिता जनाउन हाम्रो योजना र गतिविधिहरू केन्द्रित गर्न जरूरी छ । अमेरिकाको बिभिन्न राज्य र संघीय सरकारसँग बिभिन्न तहमा सहकार्य गरेर मगरको व्यक्तित्व क्षमता विकास, सांस्कृतिक आदानप्रदान बिभिन्न सीपमूलक कार्यहरू गर्न प्रयास गर्नुपर्ने देखिन्छ । युवाहरू, विद्यार्थीहरू र महिला शक्तिलाई एकीकृत गरेर बलियो मगर संघ बनाउन आजको आवश्यकता देखिएको छ । गैरनाफामूलक संस्थाले संस्था सञ्चालनको लागि राज्य र संघीय सरकार तथा बिभिन्न फाउन्डेसनसँग प्रस्तावनाहरू पेस गरेर संस्थालाई अझ सबल बनाउन पहल गर्नु पर्दछ । संस्थाको अग्रज तथा नयाँ पुस्ताबीचमा आपसी सहकार्य, सम्मान र सदभाबको आवश्यक छ र यसलाई प्रभावकारी बनाउन मगर संघ अमेरिकाले बिभिन्न छलफलका बिषयहरू अगाडि बढाउनु पर्ने देखिन्छ ।

**संगठन विस्तारको आवश्यकता र योजना**

संस्था स्थापनाको २०औं वर्षमा पाइला टेकिरहदा संस्थाको नेतृत्व र आवश्यक काम कर्तव्य गठनमा अमेरिकामा रहेका सबै राज्यका मगरहरूको चासो बढाउन प्रमुख चुनौती रहेको छ । अमेरिकामा मगरहरूको बढ्दो जनसंख्या र ति मगरहरूलाई गोलाबद्व गर्न अर्को चुनौति रहेको छ । बिभिन्न राज्यहरूमा च्याप्टर विस्तार गरेर च्याप्टरहरूसँग समन्वय गर्न सक्ने नेतृत्वको आवश्यक छ । वर्तमान कार्य समितिले कम्तिमा पनि १० राज्यमा च्याप्टर विस्तार गर्ने अवधारणासहित बिभिन्न राज्यहरूका मगरहरूसँग बिभिन्न चरणमा छलफल गरेको छ । अबको नयाँ नेतृत्वले मूर्तरूप दिन जरूरी छ र जहाँ जहाँ मगरहरूको बाहुल्यता रहेको छ सबै राज्यका मगरहरूसँग समन्वय गर्न जरूरी छ ।

**कार्यगत एकता**

जातिको रूपमा मगर तर देशको सीमाले अलग अलग मुलुकहरूबाट अमेरिकामा क्रियाशील मगरहरूसँग कार्यगत एकता गर्दै संसारभरका मगरहरूलाई एकताको सुत्रमा बाँध्नु जरूरी छ । अमेरिकामा क्रियाशील भुट्निज मगर, भारतीय मगर, बर्मेली मगरलगायत अन्य देशका मगरहरूसँग भाइचाराको सम्बन्ध अगाडि बढाउन जरूरी छ । वर्तमान कार्य समितिले भुट्निज मगरहरूसँग एक चरणको बाटो तय गरिसकेको छ भने अन्य मगरहरूसँग अबको कार्य समितिले निरन्तरता दिएर अगाडि बढाउन जरूरी छ ।

**भाषिक अभियान**

बिबिधतामा एकता रहेको जाति मगर हो । मगरहरू भाषिक रूपमा पनि बिबिधता छ । क्षेत्रगत रूपमा मगरहरूले मगर ढुट, मगर खाम र मगर काईके गरी ३ वटा मगर भाषाहरू चल्तीमा रहेको छ ।

समयमै उचित संरक्षण र प्रवर्द्धन नगर्ने हो भने अमेरिकामा झन् उदाउँदो पुस्ता माझमा मगर भाषा लोप हुने निश्चित छ । अमेरिकन मगरहरू माझ मगर भाषालाई जगेर्ना गर्न ठूलो चुनौती रहेको छ । मगर संघ अमेरिकाले एक किसिमको पहल र सबै सचेत मगरहरूले आ–आफ्नो घरबाट आ–आफ्नै परिवारलाई भाषा सिकाउ अभियान शुरू गर्न सकिएन भने भाषिक पहिचान घुम्ने दिन धेरै टाढा छैन । मगर संघ अमेरिकाले आगामी दिनमा अमेरिकी मगरहरू लक्षित कम्तिमा पनि अनलाइन कक्षाहरू सञ्चालन गरेर भएपनि सामान्य मगर भाषा सिकाउन आजको आवश्यता हो ।

मगर संघ अमेरिकाले मगर ढुट भाषाको सामान्य शिक्षा भएपनि दिन सकियोस् भनेर बिशेषत बच्चाहरूलाई आकर्षित गर्न सक्ने गरि भिडियो बनाएर भिडियोमार्फत् भएपनि सामान्य शिक्षा दिने कोषिस गरेको छ भने मगर खाम भाषामा शव्दकोष निर्माणमा लगानी गरेको छ जुन शव्दकोषमार्फत् सामान्य मगर खाम भाषा सिक्न सहयोग हुनेछ । त्यसैगरी, मगर काईके भाषाको संरक्षणको निम्ति पनि संघले आवश्यक कदम चाल्ने छ ।

**संस्कार/साँस्कृतिक अभियान**

मगर आदिवासी जनजाति संस्कार र साँस्कृतिक रूपले धनी जाति हो । नेपालको पूर्वदेखि पश्चिमसम्म फरक–फरक संस्कार संस्कृति भेटिन्छ । मगर संस्कार र संस्कृतिको बारेमा अमेरिकामा उदाउँदो पुस्तालाई सचेत गराउन आवश्यक छ । पुरानो एक पुस्ता

संस्कार संस्कृतिको बारेमा जोडबलका साथ लागिरहँदा, पछिल्लो पुस्ता अमेरिकन संस्कारभित्र रूमलिरहेको छ । देशअनुसारको सुहाउँदो प्रचलनलाई अनुशरण गर्नु त पर्छ तर हाम्रो पहिचानसँग जोडिएको संस्कार संस्कृतिको प्रबर्द्धन गर्नु हाम्रो कर्तब्य हो । संस्कारले मान्छेलाई इमान्दारिता बनाउँछ भने संस्कृतिले जातिको मौलिक पहिचान स्थापित गराउँदछ । मगर संघ अमेरिकाले गर्ने हरेक कार्यक्रमहरूमा युवा पुस्तालाई सहभागिता गराएर संस्कार र सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्ने, संस्कार संस्कृति सम्बन्धित प्रतियोगिताहरू गर्ने र साँस्कृतिक भेलाहरू आयोजना गरी प्रशिक्षण गर्न जरूरी छ ।

**शैक्षिक अभियान**

नेपालबाट अध्ययनको सिलसिलामा अमेरिकामा आएका मगर विद्यार्थी र अमेरिकामै जन्मिए पनि यहाँको शैक्षिक प्रणालीको ज्ञान अभिभावकमा नभएका युवा पुस्तालाई शिक्षाको उचित मार्गदर्शन नहुँदा दिग्भ्रमित हुने र अवसरहरूबाट बञ्चित हुने अवस्था छ । अमेरिकामै अध्ययन गरेर उच्च शिक्षा हाँसिल गरेका बिभिन्न बौद्विक व्यक्तिहरूसँग हातेमालो गरेर सरल र व्यवहारिक शिक्षाको जोड दिनु जरूरी छ ।

**अग्रज र विज्ञ मगरहरूको सम्मान**

इतिहासदेखि अहिलेसम्म मगर संघ अमेरिकाले अमेरिकामै अध्ययन गरेर बिभिन्न क्षेत्रमा विज्ञ रहेका मगर व्यक्तिहरूलाई सम्मान दिएको देखिँदैन र मगर संघ अमेरिकामा अपबादबाहेक उच्च क्षेत्रमा कार्यरत रहेका मगर व्यक्तिहरूको चासो र सहभागिता देखिँदैन । अमेरिकामा रहेका बिभिन्न क्षेत्रमा काम गर्ने विज्ञ मगरहरूको कार्यक्षेत्र पहिचान गरेर सम्मान गर्ने, अमेरिकामै अध्ययन गरेर हरेक क्षेत्र र बिशेषज्ञ मगर व्यक्तिहरूलाई सम्मान गर्नु पर्दछ ताकी उनीहरूमा 'हामीलाई संस्थाले खोज्यो हामीले पनि संस्थामा केहि योगदान दिनुपर्छ' भन्ने मनोभाब सिर्जना होस् । बिभिन्न क्षेत्रमा अब्बल मगर युवापुस्ताहरूलाई पनि सम्मान र प्रोत्साहनको खाँचो छ ।

संस्थामा स्थापना कालदेखि लामो समयसम्म निःस्वार्थ सहयोग गर्नुहुने धेरै अग्रजहरू हुनुहुन्छ, बिभिन्न मध्यमबाट संस्थालाई साथ हौसला दिँदै आउनु भएका अग्रज व्यक्तिहरूलाई हरेक कार्यक्रमहरूमा बरियता क्रमसँगै अभिनन्दन गर्दै जानु पर्ने देखिन्छ, होइन भने अग्रजहरूलाई बेवास्ता गर्दै गएमा संस्थाप्रति बितृष्णा पैदा हुने देखिन्छ ।

**सबैको साझा घर**

मगर संघ अमेरिकाले आफ्नो स्थापना कालदेखिनै अमेरिकी मगरहरूको सुख-दुःखमा साथ दिँदै आएको छ । मगर संघ अमेरिका हामी सबैको साझा घर हो । यो घरलाई हामी सबैको माया, सद्भाव, साथ र सहयोगको खाँचो छ ।

## मगर संघ अमेरिकाको ९औं राष्ट्रिय महाधिवेशन सम्पन्न




मगर संघ अमेरिकाको ऐतिहासिक ९औं राष्ट्रिय महाधिवेशन जुलाई २९, २०२३ मा अमेरिकाको सुन्दर पर्यटकिय राज्य कोलोराडोको डेन्भर शहरमा सम्पन्न भएकोछ । सो महाधिवेशनमा अमेरिकाको मुल प्रभाहमा मगरहरूको उपस्थिति र सहभागिता (उदाउँदो मगर पुस्तालाई मगर भाषा, संस्कार, सँस्कृति र नेतृत्व हस्तान्तरण आजको आवश्यकता भन्ने मूल नाराका साथ अमेरिकाको बिभिन्न राज्यका मगरहरूको जमघट रहेको थियो ।

मगर संघ अमेरिका केन्द्रीय समिति र यस मातहत रहेका च्याप्टरहरूको बिभिन्न मगर मौलिक झाँकीसहित सभाहल प्रवेश गरेर महाधिवेशनको रौनकता बढाएको थियो । मगर संघको स्थापना कालदेखि न्यूयोर्क, न्यूजर्शी र मेरिल्याण्ड राज्यहरूमा मात्र आयोजना हुँदै आएको महाधिवेशन पहिलो पटक कोलोराडो राज्यमा सम्पन्न गरिएको थियो ।

महाधिवेशन समुद्घाटन समारोह, बन्द सत्र र बधाई तथा शुभकामना साँझ गरी तीन चरण गरेर सम्पन्न भयो । मगर संघ अमेरिकाको पूर्वअध्यक्ष लेफ्टिनेन्ट (Rtd.) महेन्द्रकुमार थापा मगरको प्रमुख आतिथ्य र कोलोराडो राज्यमा स्थापित बिभिन्न संघ संस्थाको आतिथ्य सहभागिताका साथ भब्य रूपमा समुद्घाटन गरियो । समुद्घाटन समारोहमै मगर संघ अमेरिकाको मुखपत्र याँभूको पछिल्लो अंक बिमोचन गरियो । संस्थाका पूर्वअध्यक्षहरू र वर्तमान सल्लाहकार समितिको हातबाट याँभू स्मारिका बिमोचन गरियो ।

मगर संघ अमेरिकाले अमेरिका अध्ययनरत विद्यार्थीहरूलाई हौसला स्वरूप मगर विद्यार्थी छात्रवृत्ति २०२३ प्रदान गरिएको छ । जसअनुसार, हाईस्कूल, अण्डरग्रेयाजुएट र ग्रेयाजुएट तहमा छात्रवृति प्राप्त गर्ने विजेता विद्याथीहरू निम्नानुसार रहेकोछ :

**High school Category :**
Unik Rana Magar
Northglenn High School, Colorado

**Undergraduate Category:**
Winner : Satya Pun Magar
North lake College Texas .

2nd : Yunika Khamcha Magar
New York University New York

3rd : Jiya Thapa Magar
Dallas College Texas

**Graduate Category :**
Winner : Gyanu Rana Magar
Kentucky State University, Kentucky

2nd : Krishna Rana Magar
Georgia State University, Georgia

3rd : Sabita Ale Magar
University of North Texas Health Science Center

मगर संघ अमेरिका केन्द्रीय समितिका अध्यक्ष कुलदीप राना मगरले आयोजकको तर्फबाट र मगर संघ अमेरिका कोलोराडो च्याप्टरका अध्यक्ष कृष्ण थापा मगर व्यवस्थापनको तर्फबाट सबैलाई धन्यबाद दिएका थिए ।

मगर संघ अमेरिकाका सल्लाहकार बिष्णु राना मगरको संयोजककमा अध्यक्ष मण्डल तयार गरी बन्द सत्र सुरू गरिएको र बन्द सत्रमा निर्वाचन कमिटीका संयोजक लछुमन राना मगर र सदस्यद्वय डा. कृष्ण थापा मगर र लक्ष्मीकुमारी राना मगरले निर्वाचन प्रक्रिया सञ्चालन गरेका थिए । महाधिवेशनबाट न्यूयोर्क राज्यका याम पुन मगरको अध्यक्षतामा १९ सदस्यीय नव कार्यसमिति गठन भयो । ऐतिहासिक महाधिवेशनको अन्तिम पाटो नवनिर्वाचित कार्यसमितिलाई बधाई दिदैं बधाई तथा शुभकामना साँस्कृतिक साँझको आयोजना गरिएको थियो । मगर संघ अमेरिका सम्बद्व बिभिन्न च्याप्टरको मौलिक प्रस्तुतिका साथै मौलिक पन्चे बाजा र लोक दोहोरीमा उपस्थित मगरहरू झुमेका थिए ।

कार्यक्रमको अन्त्यमा निवर्तमान कार्यसमितिले नयाँ कार्यसमितिलाई संघको अफिसियल कागजपत्रहरू बुझाउँदै पूर्ण सफल कार्यकालको शुभकामाना प्रदान गर्दै नयाँ कार्यसमितिले स-धन्यबाद दिंदैं सौहार्दपूर्ण रूपमा महाधिवेशन समापन भयो ।

**धन्यवाद ! जय मगर !!**



पूर्णबहादुर पाईजा मगर

# सदस्यता वितरणको अवस्था र आवश्यकता

मगर संघ अमेरिकाले अमेरिकामा रहेका मगरहरूको आन्तरिक अनलाईन जनगणना मार्च ११, २०२४ मा शुरू गरेको छ । सर्वेक्षणको क्रममा मगरहरूले विभिन्न २६ अमेरिकी राज्यहरूबाट सर्वेक्षण फारम भरेका छन् । अमेरिकामा झण्डै ८ हजार मगर जनसंख्या रहेको अनुमान छ ।

**मगर संघ अमेरिकामा आबद्ध हुने कारणहरू**

मगर संघ अमेरिकाले आफ्नो समुदायभित्र समुदायको विकास निर्माणमा सक्रिय भूमिका निभाउँदै आएको छ । आफ्नो समुदायलाई अगाडि बढाउन योगदान गर्न संघमा आबद्ध हुन अनिवार्य देखिन्छ । परापूर्वकालदेखि मान्दै र चल्दै आएको पुर्खाहरूको परम्परालाई पुस्तान्तरण गरी निरन्तरता दिनका लागि संघमा आबद्ध हुन जरूरी देखिन्छ । एक आपसको समुधुर सम्बन्ध विस्तार, हार्दिकता, भाषिक ज्ञान, सांस्कृतिक एकताको बारेमा जागरूक गराउन पनि संघमा आबद्ध गर्न आवश्यक छ ।

**मगर संघ अमेरिकाको आजीवन सदस्यहरू**

हालसम्म ८ अमेरिकी राज्यहरू न्यूयोर्क, डिएमभी (डिस्ट्रक्ट अफ कोलम्बिया, मेरिल्याण्ड र भर्जिनिया), टेक्सास, न्यू जर्सी, कोलोराडो, ईलेनोई, म्यासाचुसेट्स र पेन्सल्भानियामा मगर संघ अमेरिकाको च्याप्टर गठन भैसकेको छ भने अन्य राज्यहरूमा पनि विस्तार प्रक्रिया अगाडि बढेको छ । अमेरिकाको विभिन्न १८ राज्यहरूबाट मगर संघको आजीवन सदस्यहरू लिएका छन् । जस मध्ये न्यूयोर्क १३६, डिएमभी (डिस्ट्रक्ट अफ कोलम्बिया, मेरिल्याण्ड र भर्जिनिया) ३७, टेक्सास १२, न्यूजर्सी १८, कोलोराडो १३, पेन्सल्भानिया १४, साउथ क्यारोलिना २, न्यू ह्याम्पसायर २, म्यासाचुसेट्स ३, क्यालिफोर्निया ६, ईलेनोई १, फ्लोरिडा २, कनेक्टिकट १ र ओरेगन १, ओहायो १, नोर्थक्यारोलिना १, अरिजोना १ र केन्सास ३ गरी हालसम्म २५५ आजीवन सदस्यहरू छन् । आजीवन सदस्यता तथा साधारण सदस्यताको विषयमा विविध जानकारी लिन तथा सदस्यताका लागि संघको वेवसाइट www.magarusa.org मार्फत सदस्यता लिन सकिन्छ । थप जनकारीका लागि इमेल : membership@magarusa.org मा सम्पर्क गर्न सक्नु हुनेछ ।

सचिव तथा सदस्यता वितरण विभाग प्रमुख
मगर संघ अमेरिका, केन्द्रीय समिति

**अमृत रोका मगर**
सचिव, न्यूयोर्क च्याप्टर

# न्यूयोर्क च्याप्टरको गतिविधि २०२१-२०२३



**संगठन स्थापना**

न्यूयोर्क सहर विश्वभरका ४०० भन्दा बढी मातृभाषाहरू बोलिने डायस्पोरा सम्प्रदायहरूको बसोबास रहेको एक सुन्दर अमेरिकी महानगर हो । अमेरिकी भूमिमा आएर हाम्रो आफ्नो पहिचान र सभ्यतालाइ जीवित राख्दै नयाँ सन्ततिहरूलाई हस्तान्तरण गर्ने उद्देश्यले सामूहिक उद्देश्यका लागि स्थापित मगर संघ अमेरिका आफ्नो विभिन्न चरणहरू पार गर्दै यहाँसम्म आइपुगेको छ । सन् २०१६ को नोभेम्बरमा सुमन पुन मगरको अध्यक्षतामा मगर संघ अमेरिका न्यूयोर्क च्याप्टरको पहिलो कार्य समिति गठन भएको थियो ।

सन् २०१८ मा याम पुन मगरको अध्यक्षतामा दोस्रो कार्य समिति बनेको थियो भने सन् २०२१ मा ओमकार बुढा मगरको अध्यक्षतामा तेस्रो कार्य समिति गठन भएको थियो । यसैबीच, सन् २०२२ को नोभेम्बर ३ मा थमबहादुर रोका मगर कार्यबाहक अध्यक्ष बनेका थिए । सन् २०२३ को जुन २५ मा मगर संघ अमेरिका न्यूयोर्क च्याप्टरको चौंथो अधिवेशनबाट अमृत रोका मगरको अध्यक्षतामा चौंथो कार्य समिति बनेको छ ।

**माघे संक्रान्ति**

क. 'जहाँ रहे पनि, जहाँ बसे पनि, नभुलौं हाम्रो मातृभूमिलाई जोगाई राखौं युगौं युग, हाम्रो मौलिक कला र संस्कृतिलाई' भन्ने मूल नाराकासाथ मगर समुदायको राष्ट्रिय पर्व माघे संक्रान्तिको अवसरमा मगर संघ अमेरिका न्यूयोर्क च्याप्टरले वर्षेनी आयोजना गरिने माघे संक्रान्ति साँस्कृतिक कार्यक्रम सन् २०२२ मा सम्पूर्ण तयारी पुरा भएता पनि कोभिड–१९ महामारीको कारण समुदायलाई सुरक्षित राख्न च्याप्टरले आर्थिक नोक्सानी ब्यहोर्दै कार्यक्रम रद्द गरियो ।

ख सन् २०२३ को जनवरी २१ मा माघे संक्रान्ति कार्यक्रम भव्य रूपमा सम्पन्न गरियो ।

**रक्तदान कार्यक्रम**

क. सन् २०२२ को अप्रिल १७ मा मगर संघ स्थापना दिवसको अवसरमा मगर संघ अमेरिका न्यूयोर्क च्याप्टरले न्यूयोर्क ब्लड सेन्टरसँग समन्वय गरी रक्तदान कार्यक्रम ज्याक्सन हाइटसस्थित सत्य नारायण मन्दिरमा सम्पन्न गरियो । उक्त कार्यक्रममा १४० भन्दा बढीको सहभागिता र हालसम्म कै धेरै ८१ युनिट रगत संकलन गरियो ।

ख. सन् २०२३ को मार्च ५ मा मगर संघ स्थापना दिवसको अवसरमा न्यूयोर्क ब्लड सेन्टरसँग समन्वय गरी रक्तदान कार्यक्रम ज्याक्सन हाइटसस्थित सत्य नारायण मन्दिरमा सम्पन्न गरियो । उक्त कार्यक्रममा १२० भन्दाबढीको सहभागिता र ७० युनिट रगत संकलन गरियो ।

**समगर पिकनिक तथा खेलकूद कार्यक्रम**

क. सन् २०२२ को जुलाई १७ मा मगर संघ अमेरिका न्यूयोर्क च्याप्टरको वार्षिक कार्यक्रम गृष्मकालीन वनभोज तथा समर पिकनिक कार्यक्रम २०२२ कोरोना पार्क कुईन्समा भव्यताको साथ सम्पन्न गरियो । यस कार्यक्रममा न्यूयोर्कबाट आजीवन सदस्यता लिने सम्पूर्ण सदस्यहरूलाई मायाको चिनो प्रदान गरियो ।

ख. सन् २०२३ को जुन ११ मा समर पिकनिक कार्यक्रम २०२३ कोरोना पार्कमा भव्यताको साथ सम्पन्न गरियो ।

**मानवीय सेवा र सहयोग**

क. स्व. हेमु राना मगर : सन् २०१५ देखि विरामी भई न्यूयोर्कको विभिन्न अस्पतालमा उपचारत तनहूँ, खैरेनीटार ५ निवासी हेमु राना मगर उपचारकै क्रममा २०२२ को मार्च ३ मा निधन भयो । नेपालमा स्व. राना मगरको परिवारको अनुमतिमा २०२२ को मार्च ९ मा मगर संघ अमेरिका न्यूयोर्क च्याप्टरले अन्त्यष्टी गरी अप्रिल ४ मा अस्तु पठाएको नेपाल पठाएको थियो । स्व. रानाको अन्त्यष्टीको लागि सहयोग संकलन गरिएको थियो जसमा

USD $10,788 जम्मा भएको थियो । अन्त्यष्टी शुल्क  $5,109 र अस्तु नेपाल पठाएको शुल्कबाहेक बचेको रकम $5,679 तनहूँ, खैरेनीटारमा रहेकी स्व. रानाकी धर्मपत्नी श्री श्रीमाया राना मगरलाई पठाएको थियो ।

ख. धनबहादुर पुन मगर : पूर्ख्यौली म्याग्दी, हाल रूपन्देही घर भएका धनबहादुर पुन मगर प्यारालाईसिस भै न्यूयोर्कको अप स्टेटको Rehab Center मा राखिएको जानकारी भएपछि उनलाई खोजतलास गर्दा भेटियो । उनीसँग बुझ्दा असाईलम स्वीकृति भएको तर मेडिकल रिर्पोट राम्रो नआएपछि परिवारको भिषा प्रक्रिया हुन नसकेको जानकारी प्राप्त भयो । त्यस पश्च्यात् न्यूयोर्क च्याप्टरले उनको वकिललाई भेटी प्रक्रिया अघि बढाएको थियो । अन्ततः २०२३ को मे २९ मा उनको धर्मपत्नी र छोरालाई अमेरिकामा मिलन गराउन मगर संघ अमेरिका न्यूयोर्क च्याप्टर सफल भएको छ ।

ग. सन् २०२३ को फेब्रअरी ६ मा घर फर्कने क्रममा बाटो बिराई हराउनु भएकी मगर संघ अमेरिकाको आजीवन सदस्य कमल थापा मगरको ममतामयी आमा मनमाया थापा मगरलाई स्वयम् सेवक दस्ता बनाई ३ दिनसम्म खोजी कार्य गरि फेला पार्न सफल भयो ।

घ. नेपालमा लोक सेवा परिक्षाको तयारी कक्षा सञ्चालनको लागि नेपाल मगर संघबाट फोटोकपी मेसिनको लागि सहयोग मागेसँगै मगर संघ अमेरिका केन्द्र र च्याप्टरहरूले $150/150 रकम उपलब्ध गराइएको थियो । साथै, नेपाल मगर संघले २०७९ कार्तिक २ ९ गतेको चलानी नं. ०७९/८० च. नं. १६९ को पत्रानुसार सो सहयोगको निम्ति धन्यवाद ज्ञापन गरेको थियो ।

**भेटघाट, सम्मान तथा वधाई कार्यक्रम**

क. सन् २०२२ को मे ५ मा न्यूयोर्कबाट बसाई सर्नुभएको मगर संघ अमेरिका केन्द्रिय समितिका निवर्तमान सचिव एवं आजीवन सदस्य मनबहादुर सर्बुजा मगरलाई एक कार्यक्रमको बीच सम्मान तथा विदाई गरियो ।

ख. सन् २०२२ को मे १७ मा नेपालको जेलमा जन्मेका वा जेल सजाय भोगिरहेका आमाहरूसँगै बन्दी जीवन बिताउन बाध्य भएका बालबालिकाहरूको साहारा समाजसेवी, बन्दी सेवा (पीए) नेपालकी संस्थापक अध्यक्ष इन्दिरा राना मगरलाई मगर संघ अमेरिकाको सभागृहमा स्वागत तथा भेटघाट सम्पन्न गरियो ।

ग. मगर संघ इजरायलका अध्यक्ष तारा काउचा मगरलाई स्वागत तथा भेटघाट सम्पन्न गरियो ।

घ. सन् २०२२ को अगष्ट १७ मा सरस्वती बहुमुखी क्याम्पसअन्तर्गतको मानवशास्त्र विभागको प्रमुख मानवशास्त्री एवं मगर विद्यार्थी संघको पूर्व अध्यक्ष झकेन्द्र घर्ति मगरलाई स्वागत तथा 'विश्वव्यापीकरण र मगरात सभ्यताको आयाम' विषयक अन्तरक्रियात्मक संघको सभागृहमा कार्यक्रम सम्पन्न गरियो ।

ङ. भारतको चेन्नईबाट पत्रकारितामा स्नाकोत्तर गर्नुभएकी स्मिता मगरसँग भूमेको लोकउन्मुख नृत्य 'नचारू' को विषयमा संघको सभागृहमा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरियो ।

च. सन् २०२३ को मार्च १३ मा नेपाल सरकार प्रतिनिधिसभाका उपसभामुख माननीय इन्दिरा राना मगरलाई संघको सभागृहमा वधाई तथा सम्मान कार्यक्रम सम्पन्न गरियो ।

छ. सन् २०२३ को अप्रिल २६ मा आदिवासी जनजाति आयोगका अध्यक्ष माननीय रामबहादुर थापा मगरलाई संघको सभागृहमा भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

ज. सन् २०२३ को जुन १९ मा राजनीतिज्ञ, लेखक तथा मगर अभियन्ता तेजेन्द्र खाम मगरसँग संघको सभागृहमा भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

झ. नेपाल मगर संघ जापान केन्द्रिय समिति सचिव विवेकमान रोका मगरसँग भेटघाट गरियो ।

ञ. सन् २०२३ को जुलाई १३ मा हिउँ चितुवा सम्बन्धि सुपरिचित अनुसन्धानकर्ता, बन्यजन्तु बैज्ञानिक कमल थापा मगरसँग 'नेपालमा प्राकृतिक स्रोतः आदिवासी समुदायको सह–अस्तित्व' बिषयमा संघको सभागृहमा भेटघाट तथा अन्तरक्रिया सम्पन गरियो ।

**समवेदना**

क. मगर संघ अमेरिका न्यूयोर्क च्याप्टरको पूर्व कोषाध्यक्ष श्रीमती धना थापा मगरको ममतामयी आमा पाल्पा निवासी स्वर्गीय भूमिसरा चिडी मगरको १३औं पून्य तिथिको अवसरमा दिबंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दै संघको फेसबुक पेजमा पोस्ट गरियो ।

ख. मगर संघ अमेरिकाका केन्द्रिय समिति अध्यक्ष कुलबहादुर राना मगरको हजुरबा तिनपाटन–५ सिन्धुली निवासी स्वर्गीय भक्तबहादुर राना मगरको ८८ वर्षको उमेरमा भएको निधनमा शोक सन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्दै संघको फेसबुक पेजमा पोस्ट गरियो ।

ग. न्यूयोर्क च्याप्टर समिति सदस्य प्रेमा घर्ति मगरको पूजनीय बुवा दलमन राना मगरको ८२ वर्षको उमेरमा भएको निधनमा शोक संतप्त परिवारप्रति समवेदना व्यक्त गर्दै स्व. बुवाको तस्वीरमा पुष्प गुच्छा र परम्परागत खादा अर्पण गरियो ।

**संस्थागत कार्य**

क. सन् २०२२ को मार्चबाट मगर संघ अमेरिका केन्द्रिय समिति र न्यूयोर्क च्याप्टर ५०/५० प्रतिशत सहकार्य गर्ने गरि मगर संघको कार्यालय स्थापना गरिएको छ ।

ख. सदस्यता वितरण अभियान सञ्चालन गरि थप आजीवन सदस्य र साधरण सदस्यहरू बनाउन सफलता मिलेको छ ।

ग. मृतक आफन्तजनको सम्झनामा संघलाई गरिने आर्थिक सहयोगलाई छात्रवृत्ति कोष (Girls Scholarship) मा निरनतरता दिईएको छ ।

**गणेश थापा मगर**
सचिव, न्यूजर्सी च्याप्टर

# न्यूजर्सी च्याप्टरको गतिविधि २०२१-२०२३



**दोस्रो वार्षिक अधिवेशन**

मगर संघ अमेरिका, न्यूजर्सी च्याप्टरको दोस्रो वार्षिक अधिवेशन सन् २०२१ को जुलाई ३१ मा विभिन्न कार्यक्रमका साथ धुमधामसँग सम्पन्न गरि जयबहादुर राना मगरको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरियो । सोही अवसरमा न्यूजर्सीबाट हाई स्कूल डिप्लोमा तथा ब्याचलर डिग्री उत्तीर्ण गरेका नेपाली मूलका अमेरिकी विद्यार्थी भाइबहिनिहरूलाई संघको तर्फबाट सम्मानित गरियो ।

**मगर दिवस**

मगर संघ अमेरिकाको सचिव पूर्णबहादुर पाईजा मगरको प्रमुख अतिथत्वमा १९औं स्थापना मगर दिवस न्यूजर्सी च्याप्टरले सन् २०२२ को मार्च २६ मा वाशिंगटन पार्कमा विविध कार्यक्रम गरी सम्पन्न गरियो ।

**समर पिकनिक**

सन् २०२२ को जुलाई १७ मा मगर संघ अमेरिका, न्यूजर्सी च्याप्टरद्वारा ग्लास्ब्रो शहर न्यूजर्सीमा समर पिकनिक आयोजना गरी रमाइलो भेटघाट तथा खेलकुद कार्यक्रम सम्पन्न गरियो ।

**मानवीय सेवा र सहयोग**

पाल्पा–३ रम्बा गा. पा. का लक्ष्मी मगरलाई औषधि उपचारको लागि मगर संघ अमेरिका, न्यूजर्सी च्याप्टरद्वारा समर पिकनिकमा $१,३४५ आर्थिक सहयोग संकलन गरी सन् २०२२ को जुलाई २२ मा गणेश गाहा मगरको रोहवरमा हस्तान्तरण गरियो ।

**वार्षिक भेला**

सन् २०२२ को सेप्टेम्वर ४ मा मगर संघ अमेरिका, न्यूजर्सी च्याप्टरको वार्षिक भेला न्यूजर्सीको ग्लास्ब्रो शहरमा सम्पन्न गरियो। वार्षिक भेला न्यूजर्सी च्याप्टर अध्यक्ष जयबहादुर राना मगरको अध्यक्षतामा, प्रमुख अतिथि मगर संघ अमेरिकाको केन्द्रिय अध्यक्ष कुलबहादुर राना मगर र केन्द्रिय सचिव पूर्णबहादुर पाईजा मगरको अतिथित्वमा सम्पन्न गरियो । सोही अवसरमा ग्रान्ड मास्टर किशनसिंह बराल थापा मगरलाई ताइकान्दो हल अफ फेम २०२२ सम्मान गरियो ।

**माघे संक्रान्ति**

सन् २०२३ को जनवरी १५ मा मगरहरूको महान राष्ट्रिय साँस्कृतिक पर्व माघे संक्रान्ति न्यूजर्सीको मेस ल्याण्डिङ शहरमा प्रमुख अतिथि भूतपूर्व डिआईजी पार्वती थापा मगर र डिएसपी भीमबहादुर थापा मगरको उपस्थितिमा नाचगान कार्यक्रमसहित धुमधामसँग सम्पन्न गरियो ।

**८औं राष्ट्रिय अधिवेशनमा सहभागिता**

सन् २०२२ को अगष्ट ६ मा टेक्सासको डालस सिटीमा सम्पन्न मगर संघ अमेरिकाको ८औं राष्ट्रिय अधिवेशनमा न्यूजर्सी च्याप्टरको अध्यक्ष जयबहादुर राना मगर र च्याप्टरका सदस्यहरूको सहभागिता रहेको थियो ।

**तेस्रो वार्षिक अधिवेशन**

मगर संघ अमेरिका, न्यूजर्सी च्याप्टरको तेस्रो वार्षिक अधिवेशन सन् २०२३ को मे २८ मा रेड ब्यांक बाटेलफिल्ड नेसनल पार्क न्यूजर्सीमा सम्पन्न गरियो । न्यूजर्सी च्याप्टरको अध्यक्षमा जयबहादुर राना मगर पुनः निर्वाचित हुनु भयो । सो अधिवेशनमा प्रमुख अतिथि मगर संघ अमेरिकाको केन्द्रिय अध्यक्ष कुलबहादुर राना मगर र केन्द्रिय सचिव पूर्णबहादुर पाईजा मगरको आतिथ्यमा मगर संघ अमेरिकालाइ योगदान दिएका न्यूजर्सी च्याप्टरका सदस्यहरूलाई टोकन अफ लवबाट सम्मान गरियो ।

**प्रविन पुन मगर**
सचिव, डिएमभी च्याप्टर

# डिएमभी च्याप्टरको गतिविधि २०२१-२०२३



मगर समुदायको मौलिक भाषा, कला, संस्कृतिको जगेर्ना एवम् प्रवर्द्धन र संरक्षण गर्ने, आपसी भाइबन्धुत्व, सहकार्य र सहमभ्कदारीको बिकाससंगै सामाजिक कार्य क्रियाकलाप गर्दै लैजाने ध्येयले सन् २०१६ मा मगर संघ अमेरिकाको संस्थापक अध्यक्ष दलबहादुर बुढाथोकी मगरको उपस्थितिमा मेरिल्यान्ड, डिसी र भर्जिनिया क्षेत्रमा वसोबास गर्ने मगरहरूको उपस्थितिमा पदम पुन मगरको अध्यक्षतामा मगर संघ अमेरिका डिएमभी च्याप्टरको विधिवत स्थापना भएको थियो ।

सन् २०१८ देखि सन् २०२० सम्म मेरिल्यान्ड निवासी ललित तिलिजा मगरको अध्यक्षतामा मगर संघ अमेरिका डिएमभी च्याप्टरको गठन भएको थियो । सन् २०२०-२०२३ को कार्य समिति पनि ललित तिलिजा मगर मगरको अध्यक्षतामा गठन भएको थियो । सन् २०२३-२०२५ सम्मको चौंथो कार्यकालको लागि मेरिल्यान्ड राज्यको पेरिहलस्थित सामुदायिक भवनमा भएको चौथो

अधिवेशनवाट मेरिल्यान्ड निवासी ओमकार घर्ती मगरको अध्यक्षतामा सर्वसहमतिमा वर्तमान कार्यसमिति गठन भएको छ ।

यसैबीच, मगर संघ अमेरिका डिएमभी च्याप्टर नयाँ कार्य समिति २०२३-२०२५ गठन भएको छ :

**अध्यक्ष : ओमकार घर्ति मगर**
**उपाध्यक्ष : दिपक थापा मगर**
**सचिव : प्रविण पुन मगर**
**सह-सचिव : यज्ञबहादुर थापा मगर**
**कोषाध्यक्ष : अमृत राना मगर**
**सह-कोषाध्यक्ष : करिस्मा आले मगर**
**सदस्य : नन्दु दर्लामी मगर**
**सदस्य : सन्तोष थापा मगर**
**सदस्य : संगीता थापा मगर**
**सदस्य : खिम मश्राङ्गी मगर**
**सदस्य : शान्ति गुरूङ थापा मगर**
**सदस्य : गणेश पुन मगर**
**सदस्य : भिमा शेरपूर्जा मगर**
**सदस्य : नेत्र फ्रेडी मगर**
**सदस्य : भुवन थापा मगर**

**सल्लाहकारहरू**

**१. ललित तिलिजा मगर**
**२. डा. गंगा पूर्जा मगर**
**३. डा. चक्र बुढाथोकी मगर**
**४. निलमकुमार थापा मगर**
**५. दिपा पुन मगर**
**६. लुमा पुन मगर**
**७. अम्मर राजन मगर**

## सदस्यता वितरण र मगर जनगणना तथ्यांक संकलन

मगर संघ अमेरिका डिएमभी च्याप्टरको सदस्यता वितरणलाई थप तिव्रता दिनको लागि डिएमभी क्षेत्रमा बसोबास गर्ने मगरहरूको जनसंख्या संकलन कार्य यज्ञबहादुर थापा मगरको संयोजकत्वमा सम्पन्न गरियो । अहिले आजीवन सदस्य १५ जना पुगेको छ ।

त्यसैगरी, मगर संघ अमेरिका डिएमभी च्याप्टरको अग्रसरता र च्यापटरको सक्रिय सदस्य यज्ञबहादुर थापा मगरको मूल संयोजकत्वमा ईलेक्ट्रोनिक प्रविधिमार्फत संकलित प्रथम चरणको तथ्याङ्कअनुसार मेरिल्यान्ड, डिसी र भर्जिनियामा बसोबास गर्ने मगर हरूको कूल जनसंख्या २०३ रहेको छ । साथै गणनामा छुटेकोलाई दोस्रो चरणमा संकलन गर्ने योजना रहेको छ ।

**धनुष बाण खेलमैदान निर्माण**

आफ्नो समुदायको पहिचान, कला संस्कृति जोगाई राख्नु पर्छ भन्ने उद्देश्यको साथ बाल्टिमोरस्थित हिन्दू बौद्ध मन्दिरको परिसरभित्र मन्दिरको व्यवस्थापन समितिसँग सहकार्य गरि आर्चरी (धनुष वाण) खेल्ने ग्राउन्ड मगर संघ अमेरिका डिएमभी च्याप्टरले करिब दुई हजार डलर बराबरको खेलमैदान निर्माण गरी खेलकूद सम्पन्न गरियो ।

**बनभोज कार्यक्रम**

मगर संघ अमेरिका डिएमभी च्याप्टरले सन् २०२३ को जुलाई ९ मा डिएमभी क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण मगर समुदायलाई समेटेर बनभोज कार्यक्रम विभिन्न मनोरन्जनात्मक कार्यक्रमको साथ आयोजना गरियो । अघिल्लो वर्ष सन् २०२२ को जुलाई १० मा बनभोज कार्यक्रम गरी साँस्कृतिक कार्यक्रमको साथै विभिन्न खेलकुद कार्यक्रम सम्पन्न गरियो । उक्त अवसरमा यस संस्थाको कला संयोजक खिम मश्राङगी मगरको नेतृत्वमा पहिलो पटक मेरिल्यान्ड राज्यमा मगरहरूको मौलिक कौडा नाच, सालैजो गीत र नृत्य प्रदर्शन गरी कार्यक्रम सम्पन्न गरियो ।

**मानवीय सेवा र सहयोग**

मानव सेवा नै ठूलो धर्म हो भन्ने मूल मर्मकोसाथ म्याग्दी जिल्ला घर भै हाल भर्जिनियामा बसोबास गर्ने प्यारालाईसिस रोगबाट पिडित धनकुमारी गर्बुजा मगर र निजको छोरीको लागि समेत सहयोग संकलन गरि संकलित कूल $४,४६० अमेरिकी डलर संस्थाको अध्यक्ष ललित तिलिजा मगरमार्फत पिडित धनकुमारी गर्बुजा मगरलाई हस्तान्तरण गरियो ।

त्यसैगरी, स्वर्गीय भुपालकुमार मगरको पार्थीव शरीरलाई नेपाल लैजानको निम्ति आर्थिक संकलन गरी उठेको रकम $२,८३० डलर डिएमभी च्याप्टर अध्यक्ष ललित तिलिजा मगरमार्फत हस्तान्तरण गरियो । यस्ता प्रकृतिको दुःखद् तथा आपतविपतको घडीमा सबै एक भै दुःख बाँध्ने, काँध थाप्ने, आपसी सहमझदारी र भाइचाराको विकास गर्ने विगतदेखि निरन्तर चलिआएको छ र निरन्तरता पाउनेछ ।

**सामाजिक संलग्नता र सहकार्य**

मगर संघ अमेरिका डिएमभी च्याप्टरले मेरील्यान्ड, डिसी र भर्जिनिया राज्यमा कृयाशील नेपाली सामाजिक संस्थाहरूसँग विभिन्न कार्यक्रमहरूमा सहकार्य र सहभागिता जनाउँदै आएको छ । सन् २०२२ को सेप्टेम्बर २२ मा बाल्टिमोर एसोसिएसन अफ नेपालीज इन अमेरिका (बाना) ले आयोजना गरेको पाचौँ नेपाली स्ट्रिट फेस्टिबल मगर समुदायको मौलिक परम्परागत भेषभुषासहित झाँकी प्रदर्शन गरि कार्यक्रममा सहभागिता जनाएको थियो ।

**देउसी भैलो एवम् शुभकामना आदान प्रदान कार्यक्रम**

ऐतिहासिक मौलिक परम्परा, रीतिरिवाज र संस्कृतिलाई जीवन्तता प्रदान गर्ने र संस्थाको आर्थिक तथा वित्तीय पक्ष मजबूद पार्ने अभिप्रायको सन् २०२२ को अक्टोवर ३० मा तिहारको अवसर पारी मगर संघ अमेरिका डिएमभी च्याप्टरले देउसी भैलो एवम् शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न गरियो ।

**माघे संक्रान्ति**

'जहाँ रहेपनी जहाँ बसेपनी नभुलौ आफ्नो कला र संस्कृतिलाई' भन्ने मुल नाराको साथ विगतको वर्षहरूमा जस्तै सन् २०२२ को जनवरी १४ मा मगरहरूको ऐतिहासिक सांस्कृतिक पर्व माघे संक्रान्ति विभिन्न राष्ट्रिय तथा स्थानीय कलाकारहरूको उपस्थितिमा बेजोड सांगितिक प्रस्तुति गरी सम्पन्न गरियो ।

**सदस्यता नवीकरण तथा वितरण कार्यक्रम**

मगर संघ अमेरिका डिएमभी च्याप्टरको विशेष पहल र आयोजना मा मेम्बरशीप ड्राईभ कार्यलाई थप तिब्रता दिनको लागि डिएमभी क्षेत्रमा बसोबास गर्नुहुने मगर समुदायलाई आह्वान गरिएको थियो । जसमध्ये १५ जना आजीवन र ६५ जना साधारण सदस्यता वितरण गरिएको छ ।

**स्वागत तथा विदाई कार्यक्रम**

मगर संघ अमेरिकाको केन्द्रिय अध्यक्ष कुलबहादुर राना मगर, महासचिव दीप सागर बुढा मगर र सचिव पूर्णबहादुर पाईजा मगरको उपस्थितिमा मगर संघ अमेरिका डिएमभी च्याप्टरद्वारा सन् २०२३ को जुलाई ९ मा आयोजित समर पिकनिक कार्यक्रमको अवसर पारी मगर संघ अमेरिका डिएमभी च्याप्टरको सन् २०२०–२०२३ को कार्य समितिलाई धन्यवाद एवम् विदाईसहित सम्मान र सन् २०२३–२०२५ को नयाँ कार्य समितिलाई स्वागत कार्यक्रम सम्पन्न गरियो । साथै उक्त कार्यक्रमको अवसरमा विभिन्न क्षेत्रमा योगदान पुर्‍याउनुहुने व्यक्तित्वहरूलाई सम्मान–पत्रद्वारा सम्मान गरिएको थियो ।

अन्त्यमा, पृथक भूगोल, पृथक परिवेश र पृथक संस्कृति रहेको विविधतायुक्त देश अमेरिकामा हामी आप्रवासी समुदायको प्रतिनिधित्व गर्ने संगठन निर्माण गर्ने काम आफैंमा सहज र सरल विषय नभई चुनौतिपूर्ण कार्य हो । तसर्थ, मगर संघ अमेरिका डिएमभी च्याप्टरलाई यस उचाईसम्म ल्याउन ऊर्जा, समय योगदान गर्नुहुने सम्पूर्ण अग्रज, पूर्वपदाधिकारी र सदस्यहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

**धन्यवाद ।**

झोर्ले, जेडो, सिमिङ्पाउ ।

**भीमबहादुर थापा मगर**
सचिव, टेक्सास च्याप्टर

# टेक्सास च्याप्टरको गतिविधि २०२१–२०२३




**संगठन स्थापना**

मगर संघ अमेरिका टेक्सास च्याप्टर, अमेरिकाको टेक्सास राज्यमा बसोबास गर्ने सम्पूर्ण मगरहरूको साझा संस्था हो । हामी मगर आफैमा विशाल र विविधता भएको समुदाय हो । यस समुदायको आपसी सरसहयोग, रहनसहन, मौलिक कला र संस्कृति पहिचान रक्षाको लागि डालस क्षेत्रमा बसोबास गर्ने मगर परिवारहरूको सहभागितामा झण्डै एक दशकदेखि मगर समाज डालसको नामबाट विभिन्न कार्यक्रमहरू गर्दै आएका थियौँ । टेक्सास राज्यका मगरहरूलाई वैधानिक संस्थामा आवद्ध गर्ने उद्देश्यअनुरूप मगर संघ अमेरिका केन्द्रमा सम्पर्क गरी सन् २०१९ को जनवरी १ मा मगर संघ अमेरिकाको टेक्सास राज्य स्तरीय शाखा गठन गरियो । मगर संघ अमेरिका केन्द्रिय अध्यक्ष कुलबहादुर राना मगरको प्रमुख आतिथ्यमा भुवनसिंह आले मगरको अध्यक्षतामा टेक्सास च्याप्टरको स्थापना भयो ।

मगर संघ अमेरिका टेक्सास च्याप्टरले टेक्सास राज्यमा छरिएर रहेका मगरहरूलाई संगठित र एकताबद्ध गर्दै एक आपसमा सर-सहयोग, भावनात्मक एकता कायम गर्दै अमेरिका भरिका विभिन्न राज्यहरूमा संगठित मगर संघ अमेरिका शाखाहरू र विभिन्न नेपाली सामाजिक संघ सस्थाहरूसँग लामो समयदेखि सहकार्य गर्दै आइरहेको छ । मगर संघ अमेरिका टेक्सास च्याप्टर स्थापनाको पहिलो २ वर्ष (सन् २०१९ -२०२१) को गतिविधि समेटेर 'याँभू'को दोस्रो प्रकाशन २०२१ मा प्रकाशित भइसकेको छ ।

## उद्देश्य

आदिमकालदेखि नेपालको विभिन्न क्षेत्रमा बसोबास गर्दै आएको ऐतिहासिक मगर जाति प्रविधिको विकाससँगै विभिन्न अवसरको खोजीको क्रममा अमेरिकामा पनि बसोबास गर्दै आइरहेका छन् । आफ्नो मौलिक भाषा, संस्कार, कला-संस्कृति, भेषभूषा, चाडपर्व मगर समुदायको पहिचान संरक्षण साथै संगठनिक रूपमा एकताबद्ध बनाउँदै मगरहरूको समग्र कल्याणका लागि काम गर्ने संस्थाको मुख्य उद्देश्य रहेको छ । नयाँ पुस्तालाई मगर परम्परा, मौलिक भाषा, कला र संस्कृति हस्तान्तरण गर्ने तथा आपसी सम्बन्ध बलियो पार्ने संघको लक्ष रहेकोछ । मगर संघ अमेरिका केन्द्रसँगको समन्वय तथा अन्य विभिन्न राज्यमा रहेका मगर संघ अमेरिकाको शाखाहरू र अन्य क्रियाशील नेपाली सामाजिक संघसस्थासँग समधुर सम्बन्ध स्थापित गर्नु हाम्रो उद्देश्य रहेकोछ । प्राकृतिक तथा मानवीय विपतमा सक्दो सहयोग गर्ने हाम्रो अभिष्ट रहेकोछ ।

## सांगठनिक संरचना

सन् २०१९ देखि २०२१ सम्म संस्थापक अध्यक्ष भूवनसिंह आले मगरको नेतृत्वमा पहिलो कार्य समिति गठन भएको थियो । सन् २०२१ को अक्टोबर १० मा च्याप्टरको दोस्रो अधिवेशनबाट भूवनसिंह आले मगर पुनः अध्यक्षमा निर्वाचित हुनु भयो । मगर संघ अमेरिका केन्द्रिय समितिका महासचिव दीपसागर बुढा मगरको प्रमुख आतिथ्यमा अधिवेशन सम्पन्न भएको थियो ।

त्यसैगरी, सन् २०२३ मे २१ मा टेक्सास च्याप्टरको तेस्रो अधिवेशनबाट भिमबहादुर थापा मगरको अध्यक्षतामा नयाँ कार्यसमिति २०२३-२०२५ गठन गरियो । मगर संघ अमेरिका केन्द्रिय समितिका उपाध्यक्ष (महिला) जानकारी थापा मगरको प्रमुख आतिथ्यमा अधिवेशन सम्पन्न भएको थियो ।

## आपतकालीन कोषमा सहयोग

मगर संघ अमेरिका टेक्सास च्याप्टरको तर्फवाट मगर संघ अमेरिका आपतकालीन कोषको लागि $२,९६९ सहयोग प्रदान गरियो । त्यसैगरी, टेक्सास च्याप्टरको तर्फबाट २ जना आजीवन सदस्यहरूको शुल्क रकम मध्येबाट ९० प्रतिशत रकम मगर संघ अमेरिका केन्द्रमा आपतकालीन कोष स्थापना कार्यक्रमको लागि $९०० हस्तान्तरण गरियो ।

## च्याप्टरको कोष वृद्धि कार्यक्रम

मगर संघ अमेरिका टेक्सास च्याप्टरको कोष वृद्धि कार्यक्रम स्वरूप कार्य समितको सदस्यहरूबाट प्रतिव्यक्ति $१०० को दरले संकलन गरियो । त्यसैगरी, टेक्सास च्याप्टरबाट

आयोजनामा गरिएको विभिन्न कार्यक्रमहरूको प्रायोजक स्वरूप विभिन्न संघसंस्था तथा व्यक्तिगत तहबाट आर्थिक सहयोग संकलन गरी कार्यक्रमहरू सम्पन्न गरियो ।

**मानवीय सेवा र सहयोग**

सन् २०२२ को मार्चमा टेक्सासको युलेसबासी सदस्य सरोज मगर नेपालमा दुर्घटना परेकोले उपचार खर्चको लागि मगर संघ अमेरिका केन्द्र तथा अन्य च्याप्टरहरूको सहकार्यमा उपचार खर्च स्वरूप $११,०६२.११ संकलन गरी सहयोग गरियो । त्यसैगरी, क्यान्सर पीडित आरिका आलेको उपचार स्वरूप सन् २०२२ को सेप्टेम्वर ३० मा रू नेपाली रूपैंयाँ रू. ६,१९,१०० सहयोग प्रदान गरियो । सन् २०२२ को मार्चमा संस्थाका सदस्यहरूको उपस्थितिमा टेक्सास राज्यको ह्युस्टन शहर निवासी स्वर्गीय अदित बुढा मगरको दाहसंस्कारको लागि $१,०५० संकलन गरी सहयोग गरियो ।

**लोकसेवा तयारी कक्षा सन्चालनमा सहयोग**

सन् २०२२ को अक्टोवर २० मा नेपालमा लोकसेवा तयारी कक्षा सञ्चालनमा सहयोगको लागि च्याप्टरबाट नेपाल मगर संघ केन्दिीय समितिलाई $१५० सहयोग प्रदान गरियो ।

**अन्य संघसंस्थाहरूसंगको सहकार्य र सहभागिता**

मगर संघ अमेरिका टेक्सास च्याप्टरले विभिन्न संघसंस्थाहरूसंग सहकार्य गर्दै आएको छ । बिभिन्न कार्यक्रमहरूमा मगर साँस्कृतिक नाच तथा गतिविधिसहित सहभागिता जनाइदै आएको छ ।

**माघे सक्रान्ति पर्व**

मगर संघ अमेरिका टेक्सास च्याप्टरले स्थापना लगत्तै मगर समुदायको साँस्कृतिक पर्व माघे सक्रान्ति सन् २०१९ को जनवरी १३ मा भव्यतापूर्वक सम्पन्न गरियो । त्यसैगरी, सन् २०२३ को जनवरी १४ मा लोकदोहोरी गायिका संगीता थापा मगर, जादुगर तथा कमेडियन महादेव त्रिपाठी, दोहोरी गायक दिपि खनाल, गायक भिम चापागाईं र साथमा स्थानीय कलाकारहरूको प्रस्तुतिका साथ करिब ३५० जना दर्शकहरूको उपस्थितिमा माघे सक्रान्ति पर्व भव्यताका साथ मनाइयो ।

**मगर दिवस**

सन् २०२२ को फेब्रअरी २७ मा मगर दिवसको उपलक्ष्यमा Blood Doners of America सँगको सहकार्यमा २२ जना रक्तदाताहरूबाट रक्तदान कार्यक्रम सम्पन्न भएको थियो । त्यसैगरी, सन् २०२३ को फेब्रुअरी २६ मा मगर दिवसको अवसरमा Blood Donors of America को सहकार्यमा ३३ जना रक्तदाताहरूबाट रक्तदान कार्यक्रम सम्पन्न गरियो ।

**देउसी भैलो कार्यक्रम**

सन् २०२१ को नोभेम्बर ७ मा स्थानीय कलाकारहरूको उपस्तिथिमा सोरठी, झाम्रे, हुर्रा जस्ता मगर परम्परागत नृत्यहरूको प्रस्तुतिसँगै देउसी भैलो कार्यक्रम सम्पन्न गरियो । त्यसैगरी, सन् २०२२ को नोभेम्बर २३ मा करिब १५० जनाको सहभागितामा स्थानीय कलाकारहरूको उपस्तिथिमा देउसीभैलो कार्यक्रम सम्पन्न गरियो ।

**बनभोज कार्यक्रम**

सन् २०२२ को जुलाई १० मा समगर पिकनिक विभिन्न रमाइला खेलहरूसँगै नौमति बाजा, कौरा, हुर्रा, विभिन्न साँस्कृतिक नृत्य, गीत, गजल प्रस्तुत गरी सम्पन्न गरियो ।

**मगर संघ अमेरिका केन्द्रको ८औं वार्षिक साधारणसभा**

सन् २०२२ को अगष्ट ६ मा मगर संघ अमेरिका केन्द्रको ८औं वार्षिक साधारणसभा टेक्सासको डालसमा सम्पन्न भयो । केन्द्र, च्याप्टरहरू र स्थानीय जनसमुदायहरूको उपस्थितिमा नौमति बाजासहित विभिन्न झाँकीहरू प्रस्तुत गरी साधारणसभाको उद्घाटन गरिएको थियो । साधारणसभाको समापनपछि साँस्कृतिक कार्यक्रमको संयोजक भीमबहादुर थापा मगरद्वारा सांगीतिक कार्यक्रम शुरू गरिएको थियो जसमा मगरहरूको मौलिक कौरा नाच, नौमति बाजामा दोहोरी गीत र हुर्रा नाचका साथै अन्य विभिन्न कलात्मक प्रस्तुतिबाट साँस्कृतिक कार्यक्रम सम्पन्न गरियो ।

**खेलकूदमा सहभागिता**

सन् २०२२ को सेप्टेम्वर २४ मा डालस गोर्खा फुटबल क्लबबाट आयोजित १०औं कप Soccer Tournament मा संस्थाको तर्फबाट सहभागिता जनाइयो ।

**मगर युएसए कप (MAUSA Cup) भलिबल प्रतियोगिता आयोजना**

सन्  २०२३ को मार्च २६ मा पहिलो मगर युएसए कप (MAUSA CUP) महिला तथा पुरूष भलिबल प्रतियोगिता भव्यताका साथ सम्पन्न गरियो । प्रतियोगितामा १३ टिमको सहभागिता रहेको थियो ।

**तेस्रो अधिवेशन सम्पन्न**

सन्  २०२३ को मे २१ मा मगर संघ अमेरिका टेक्सास च्याप्टरको तेस्रो अधिवेशन सम्पन्न भयो । समर पिकनिकको रूपमा समेत आयोजित भेलामा लगभग २०० जना सहभागीहरूको भव्य उपस्थिति रहेको थियो । सो अधिवेशनबाट भीमबहादुर थापा मगरको अध्यक्षतामा १५ सदस्यीय कार्य समिति चयन गरिनुको साथै ५ जना आजीवन सदस्यहरू, ६३ जना नविकरणसहित साधारण सदस्यहरू बनाउने काम गरियो । सो अवसरमा टेक्सास च्याप्टरमा आवद्ध मगर परिवारबाट हाई स्कूल पास विद्यार्थीहरूलाई कदर प्रमाणपत्र प्रदान, अमेरिकन आर्मीमा कार्यरतहरूलाई खादाबाट सम्मान गरिनुको साथै मगर साँस्कृतिक नाचगानहरू सहित भव्य रूपमा सम्पन गरियो ।

मगर संघ अमेरिका टेक्सास च्याप्टरको स्थापनादेखि वर्तमान अवस्थासम्म आइपुग्दा सम्पूर्ण कार्यसमितिमा रहेर काम गर्नुहुने सदस्यहरू, सल्लाहकारहरूले देखाएको बाटो र सहयोगको उच्च कदर एवम् प्रशंसा गर्दै सम्पूर्णलाई मगर संघ अमेरिका टेक्सास च्याप्टरको तर्फबाट हार्दिक धन्यवाद प्रकट गर्दछौं । हाम्रो मगर समुदायबीचको अझ निकट सम्बन्ध बनाउने, प्रतिबद्धताको साथ सम्पूर्ण मगरहरूप्रति स्नेह, सुस्वास्थ, सफलता र सम्मृद्धिको हार्दिक कामना गर्दछौं ।

धन्यवाद । जय मगर ।
झोर्ले, जेडो, सिमिङेपाउ

**सुरेन्द्र राना मगर**
सचिव, कोलोराडो च्याप्टर

# कोलोराडो च्याप्टरको गतिविधि २०२१-२०२३




**माघे संक्रान्ति**

मगर संघ अमेरिका कोलोराडो च्याप्टरले माघे संक्रान्ति पर्वलाई विशेष उत्सवको रूपमा सुरूवातदेखि नै मनाउँदै आइरहेको छ । यो सालको माघे संक्रान्ति सन् २०२३ को जनवरी १५ मा फिष्टेल रेस्टुरेन्ट, ब्राइटन कोलोराडोमा बृहत् साँस्कृतिक कार्यक्रम गरी मनाइयो । कार्यक्रममा कोलोराडोस्थित विविध सामाजिक संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।  तरूल, बारा, सेलरोटीलगायतका मगर जातिले विशेष गरि माघे संक्रान्तिमा खाने परिकारहरू खुवाइएको थियो भने मगर पहिचान झल्काउने मगर भेष-भुसामा सजिएका मगर-मगर्नीहरूको उपस्थिति रहेको थियो । माघे संक्रान्ति चाड र यसको महत्व के हो भन्ने देखाउनु नै उक्त कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो ।

**देउसी भैलो कार्यक्रम**

नेपालीहरूको महान चाड पर्व मध्येको तिहारको अवसर पारेर यस च्याप्टरले देउसी भैलो खेल्ने कार्यक्रम गर्दै आइरहेको छ ।  सन् २०२२ को देउसी भैलो भने कोभिड-१९ को कारण च्याप्टरको सबै सदस्यहरूबाट स्वैच्छिक देउसी-भैलो दान उठाएर भर्चुअल माध्यमबाट एकआपसमा शुभकामना

आदानप्रदान गरि मनाइयो । साथै केन्द्रिय कमिटिद्वारा सञ्चालित इमर्जेन्सी फण्डको लागि पनि देउसी भैलो दान संकलन गरी केन्द्रिय कमिटीलाई पठाइएको थियो ।

**मानवीय सेवा र सहयोग**

सन् २०२२ को अक्टोबर १६ मा मगर संघ अमेरिका कोलोराडो च्याप्टरका तत्कालिन कार्यसमितिको बैठकले संस्थाको सम्पूर्ण सदस्यहरूलाई भइ परि आएको खण्डमा च्याप्टरको प्रत्येक घर-धुरी आंशिक $५० नघटाई सहयोग गर्ने निर्णय गरेको थियो । हालसम्म दिपक आले मगरको भान्जी रोजी राना मगर र डोलम काजी मगरको आमाको नाममा सहयोग गरिसकिएको छ ।

नेपालमा रहेको बिरामी अशक्त लगायत अन्य आवस्यक परि आएको खण्डमा च्याप्टरको तर्फबाट सहयोग गरिदै आएको छ । काठमाडौँ मेडिसिटी अस्पतालमा उपचारार्थ भर्ना गरिएको प्यारालाइसिस पीडित बिमला पुन मगरलाई च्याप्टरको तर्फबाट सन् २०२२ को फेब्रुअरी २६ मा आर्थिक सहयोग गरियो । त्यसैगरी, मध्यबिन्दु कावासोतीस्थित लाङ्घाली एकता समाजको निर्माणाधीन भवन सहयोगार्थ सन् २०२३ को जनवरी २२ मा आर्थिक सहयोग गरियो । यस किसिमको सहयोग निरन्तर चलाइरहने च्याप्टरको योजना रहेको छ ।

**मगर संघ अमेरिकाको साधारणसभामा सहभागिता**

मगर संघ अमेरिका टेक्सास च्याप्टरको आयोजनामा सन् २०२२ को अगष्ट ६ मा डालस टेक्सासमा भएको साधारणसभामा कोलोराडो च्याप्टरको तर्फबाट ११ सदस्यीय टोलीको सहभागिता रहेको थियो । सभामा कोलोराडो च्याप्टरको गतिविधि च्याप्टरका अध्यक्ष कृष्णकुमार थापा मगरबाट प्रस्तुत गरिएको थियो ।

**समर पिकनिक**

कोलोराडोको चिसो हिउँ पर्ने मौसम सकिए लगत्तै न्यानो मौसमको अवसरमा कोलोराडो च्याप्टरले २०२३ जुलाई ११ मा समर पिकनिक र च्याप्टरको अधिवेशन सम्पन्न गरेको छ । अधिवेशनबाट कृष्णकुमार थापा मगरको अध्यक्षतामा कार्य समिति २०२३-२०२५ चयन गरियो ।

**बौद्ध समाज शान्ति पदयात्रामा सहभागिता**

बौद्ध समाज कोलोराडोको आयोजनामा वर्षेनी हुने गरेको शान्ति पदयात्रामा मगर संघ अमेरिका कोलोराडो च्याप्टरको तर्फबाट च्याप्टरको ब्यानरसहित मगर भेष-भुसामा सजिएर यस वर्ष पनि सन् २०२३ को मे १३ मा सहभागिता जनाइएको थियो ।

**नेपाली जात्रामा सहभागिता**

सन् २०२३ को जुलाई १ मा लोंग्मोंट सिटी हलमा भएको नेपाली जात्रा कार्यक्रममा च्याप्टरको तर्फबाट साँस्कृतिक नृत्यसहित मगर भेषभुषामा सहभागिता जनाइएको थियो ।

**नेपाली सांस्कृतिक भवन सरसफाई कार्यक्रम**

कोलोराडोस्थित सम्पूर्ण नेपालीहरूको साझा घर नेपाली घरको आह्वानमा यहि सन् २०२३ को मे ७ मा च्याप्टरको तर्फबाट २० जनाको टोली सहभागी भई नेपाली घर सरसफाई गरिएको थियो ।

**पदम राना मगर**
अध्यक्ष, ईलिनोइ च्याप्टर

# ईलिनोइ च्याप्टरको गतिविधि २०२१–२०२३




**संगठन स्थापना**

सिकागोल्यान्ड वरपर बसोबास गर्ने मगरहरू बिच आपसी मेलमिलाप र घनिष्टता ल्याउन र मगर संस्कृति जगेर्ना गर्नका लागि सन् २०२१ को जुलाई २५ मा पदम राना मगरको अध्यक्षतामा १५ सदस्यीय मगर संघ अमेरिका, ईलिनोइ च्याप्टर स्थापना गरियो ।

**आविष्कार केन्द्रलाई सहयोग**

राष्ट्रिय आविष्कार केन्द्र नेपालका संस्थापक डा. महावीर पुन मगर सिकागो आउनुभएको अवसरमा सन् २०२१ को जुन १७ गते यस च्याप्टर स्थापनाको पूर्वसंन्ध्यामा समस्त मगर दाजुभाइ, दिदीबहिनीहरू मिलेर मगर संघ अमेरिका, ईलिनोइ च्याप्टरको तर्फबाट $१,१०० प्रदान गरियो ।

**हरेक वर्ष समर पिकनिक**

सिकागोल्यान्ड निवासी मगर दाजुभाइ, दिदीबहिनीहरूबीच आपसी मेलमिलाप र घनिष्टता ल्याउन तथा रमाईलो गर्ने उद्देश्यले हरेक वर्ष समर पिकनिक गर्ने क्रममा सन् २०२१, २०२२ र २०२३ मा सबै जना भेला भै समर पिकनिक गर्नुका साथ संस्थाको वार्षिक उत्सव मनाईदै आएको छ ।

**देउसी भैलो कार्यक्रम**

नेपाली संस्कृति जगेर्ना एवं बालबच्चाहरूलाई संस्कृति सिकाउने उद्देश्यले सबै मगर दाजुभाइ, दिदीबहिनीहरू मिलेर सन् २०२१ को देउसी भैलो मिन दर्लामी मगरको घरमा र सन् २०२२ को देउसी भैलो पदम राना मगरको घरमा भेला भै बिभिन्न परिकारहरूको साथ नाचगान गर्दै संस्थाको लागि आर्थिक संकलन गरेर भव्य रूपले सम्पन्न गरियो ।

**माघे संक्रान्ति कार्यक्रम**

सन् २०२२ को मगरहरूको मुख्य चाड माघे संक्रान्ती पनि सिकागोल्यान्ड निवासी सबै मगर, मगर्नीहरू मिलेर पदम राना मगरको घरमा भेला भै बिभिन्न नेपाली परिकारहरूको साथमा नाचगान गरी रमाईलोसँग सम्पन्न गरियो ।

**अन्य सामाजिक संघ/संगठनसँग सहकार्य**

सिकागोल्यान्डमा सक्रिय बिभिन्न सामाजिक संघ, संगठनहरूसँग सहकार्य गर्दै मगर संघ अमेरिका ईलिनोइ च्याप्टर अघि बढेको छ । स्थानीय नेपालीहरूको छाता संगठन सिकागोल्यान्ड नेपाली फ्रेन्डशीप सोसाईटी (CNFS) बाट सञ्चालित बिभिन्न क्रियाकलापहरूमा यस संस्थाको तर्फबाट सहयोगी भूमिका खेल्दै आएको छ । सोसाईटीले सन् २०२३ को समरमा आयोजना गरेको भलिबल प्रतियोगितामा मगर टिमले तृतिय स्थान प्राप्त गर्न सफल भयो । त्यसैगरी, नेपालस्थित समता स्कूलको लागि प्रसिद्ध कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य सहभागी समता ग्लोबल सिनेटद्वारा आयोजित आर्थिक संकलन कार्यक्रममा संस्थाको तर्फबाट महत्वपूर्ण भूमिका खेलियो । त्यस्तै, अर्को स्थानीय संगठन नेपाल अमेरिका सेन्टर (NAC) बाट गत जुन १८ र १९, २०२३ मा आयोजित नेपाल फेस्टिबलमा संस्थाको तर्फबाट मगर साँस्कृतिक नृत्य प्रस्तुत गरी सहभागिता जनाईयो ।

**भलिबल खेल प्रतियोगिता**

मगर संघ अमेरिका, ईलिनोइ च्याप्टरको आयोजनामा सिकागोल्यान्ड निवासी नेपाली दाजुभाइहरूबीच सुमधुर सम्बन्ध बनाउने उद्देश्यले संस्थाको दोस्रो अधिवेशनको पूर्वसंन्ध्यामा स्थानीयस्तरमा जुलाई १६, २०२३ मा खुल्ला पुरूष भलिबल प्रतियोगिता सम्पन्न गरियो ।

**सांगठनिक कार्य**

यस संस्थालाई स्थापनाकाल जीवन्तता दिन बिभिन्न सामाजिक एवम् साँस्कृतिक कार्यक्रमहरूका साथ नियमित र आकस्मिक बैठकहरू सम्पन्न गरियो । त्यसैगरी, मगर संघ अमेरिका केन्द्रिय समितिले निमन्त्रणा गरेको बैठकहरूमा सक्रियताका साथ ईलिनोइ च्याप्टरको उपस्थिति जनाईयो । त्यस्तै, यस संस्थाको आर्थिक अवस्था राम्रो गराउने उद्देश्यले हरेक महिनाप्रति परिवार $२० का दरले ईलिनोइबासी मगर परिवारबाट आर्थिक संकलन गरिँदै आएको छ ।

# मगर संघ अमेरिका केन्द्रीय समितिको सांगठनिक गतिविधि २०१८-२०२१



**पृष्ठभूमि**

मगर संघ अमेरिका, संयुक्त राज्य अमेरिकामा बसोबास गर्ने मगरहरूको साझा संस्था हो । मगर संघ अमेरिकाको स्थापना लाङ्घाली एसोसिएशन, अमेरिकाको रूपमा २८ मार्च, २००४ मा भएको सर्वविदितै छ । यो न्यूयोर्कमा ३० अगष्ट, २००४ मा दर्ता भएको गैरनाफामूलक, गैरराजनैतिक, मानवतावादी, धर्मनिरपेक्ष, सामाजिक संस्था हो । मगर संघ अमेरिका हालसम्म निरन्तर रूपमा क्रियाशील रहँदै आएको छ । मगर संघ अमेरिकाप्रति अमेरिकी मगर समुदायको अपनत्व स्थापित गर्दै गतिशील र जुझारू बनाउनु आजको आवश्यकता हो ।

**संगठनको अवस्था**

मगर संघ अमेरिकाअन्तर्गत हालसम्म चार वटा च्याप्टर समिति रहेका छन् भने बाँकी च्याप्टर समिति स्थापनाका लागि पहलसमेत भएको छ । मगर संघ अमेरिकाको च्याप्टर विस्तारका लागि योजना बनाइएको छ । हाल च्याप्टर रहेकाहरूमा न्यूयोर्क, टेक्सास, डी.एम.भी. र न्यूजर्सी च्याप्टर समिति रहेका छन् । त्यसैगरी, बोष्टन, कोलोराडो, ओहियो, कनेक्टिकट, पेन्सिलभेनिया, क्यालिफोर्निया, सनफ्रान्सिस्कोलगायतका ठाउँमा च्याप्टर स्थापनाका लागि पहल भएको छ ।

**उद्देश्य**

मगर संघ अमेरिकाको मुल उद्देश्य भनेको संयुक्त राज्य अमेरिकामा बसोबास गर्ने मगर समुदायका बीच आपसी एकता, समन्वय र सहकार्य गर्नु हो । त्यस्तै, अमेरिकाका विभिन्न ठाउँमा सम्बन्धित क्षेत्रको विज्ञ एवं कलाकारहरूको उपस्थितिमा विभिन्न सांस्कृतिक कार्यक्रम एवं सेमिनारको आयोजना गरी मगर भाषा, संस्कृतिको संरक्षणका लागि काम गर्नु पनि संघको उद्देश्य रहेको छ । नेपालमा हुने विभिन्न प्राकृतिक एवं मानवीय विपत्तिका समयमा सहयोग गर्नु पनि यस संस्थाको उद्देश्य हो । हाम्रो संस्थाको उद्देश्यहरू मध्ये नेपाल मगर संघसँग वित्तीय सहकार्य गर्दै नेपालका ग्रामीण क्षेत्रका मगर समुदायको स्वास्थ्य सेवा, गरिब तथा विपन्न परिवारका जेहेन्दार विद्यार्थी एवं बालिकाको शिक्षाका लागि वित्तीयलगायतका सहयोग पनि एक हो । त्यसैगरी, अमेरिकामा क्रियाशील अन्य संघसंस्थासँग फराकिलो र सुमधुर सम्बन्ध स्थापित गर्नु हाम्रो उद्देश्य हो । वेबसाइटका माध्यमबाट विशाल अमेरिकी समाजका बारेमा सूचना आदानप्रदान गर्नु संस्थाको अर्को उद्देश्य हो ।

**संस्थाको गतिविधि र कार्यक्रम**

हाम्रो कार्यकालमा सन् २०१८ देखि २०२१ सम्म निम्नानुसार कार्य सम्पन्न गरेका छौं ।

**मगर संघ अमेरिकाको कार्यालय स्थापनाः**

नयाँ कार्यसमितिले कार्यभार सम्हालेको तेस्रो महिना अक्टोबर १, २०१८ बाट मगर संघ अमेरिकाको कार्यालय न्यूयोर्कको क्विन्समा (४०-०८-७६) स्ट्रिटमा स्थापना गरियो ।

**कार्यालयका लागि सामान सहयोग गर्नुहुने सहयोगदाताहरू :**

१. विष्णु रानामगर (कार्पेट, १५ वटा कुर्सी र २ वटा टेबुल) $700
२. नरेन्द्र थापामगर (कम्प्युटर) $300
३. दुर्लभ मगर/पद्मा लिंखा मगरबाट १ थान प्रिन्टर
४. दिलप्रसाद थापामगर (कम्प्युटर) $300
५. सबिना थापा मगर (५ वटा कुर्सी, Keys, Light र अन्य मसलन्द) $300
६. अनिल रोकामगरबाट १ थान प्रोजेक्टर

**ट्याक्स फाइलः**

संस्थाको २०१५, २०१६, २०१७, २०१८, २०१९ र २०२० को ट्याक्स फाइल गरियो । सबै च्याप्टरलाई समेटी २०,००० डलरको ट्याक्स फाइल गरियो । (विगतमा ३,००० डलरदेखि ४,५०० डलरसम्म गरिएको थियो ।)

**५०१ (सी)**

मगर संघ अमेरिका सन् २००४ मा स्थापना भई आपसी भाइचाराले सञ्चालन भइआएको अवस्थामा अमेरिकामा गैरनाफामूलक संस्थाले पुरा गर्नुपर्ने कानूनी प्रक्रिया पूरा गरी अगष्ट, २०१९ मा विधिवत् ५०१ (सी) प्राप्त गर्न सफल भएका छौं । यो उपलब्धिले अमेरिकामा गैरनाफामूलक संस्थाले गर्न सक्ने र पाउने हरेक क्रियाकलापका लागि मगर संघ अमेरिका र यसका भ्रातृ संस्थाहरूलाई कानूनी रूपमा मार्ग प्रशस्त भएको छ ।

**भूम्या पर्वको सुरुवात**

मगर जातिको विशेष पर्व संस्थागत रूपमा 'भूम्या/भूमे पर्व–२०१९' को न्यूयोर्कमा धुमधामका साथ मनाइयो ।

**च्याप्टरको विस्तार :**

नयाँ कार्यसमिति चयन भएपछि केन्द्रीय समितिका प्रतिनिधिको प्रत्यक्ष उपस्थितिमा टेक्सास राज्यमा जनवरी १३, २०१९ मा र न्यूजर्सी राज्यमा मार्च २, २०१९ मा नयाँ च्याप्टर समिति गठन कार्य सम्पन्न गरिएको छ । त्यसैगरी, नोभेम्बर १०, २०१८ मा डीएमभी (DC/Maryland/Virginia) च्याप्टर र नोभेम्बर २५, २०१८ मा न्यूयोर्क च्याप्टरको अधिवेशन सम्पन्न गरिएको छ । त्यस्तै, बाल्टिमोरलाई संस्थागतरूपमा च्याप्टरको रूपमा घोषणासमेत गरिएको छ । मगर संघ अमेरिकाको च्याप्टर स्थापनाको निम्ति बोष्टन, कोलोराडो, ओहियो, कनेक्टिकट, पेन्सिलभेनिया, क्यालिफोर्निया, सनफ्रान्सिस्कोलगायतका ठाउँमा पहल गरियो ।

**राष्ट्रिय आविष्कार केन्द्रलाई सहयोग**

सिंगो मगर समुदायले गर्व गर्नुपर्ने महान् व्यक्तित्व डा. महावीर पुनमगरले स्थापना गर्नुभएको राष्ट्रिय आविष्कार केन्द्रलाई मगर संघ अमेरिकाको संयोजनमा र सबै च्याप्टर समितिको सहयोगमा अमेरिकाभरि छरिएर रहेका मगर तथा गैरमगर समुदायबाट संकलित रकम ने.रू.९,३८,५३२।– (अक्षरूपी नौ लाख अठ्तीस हजार पाँच सय बत्तीस रूपैयाँ मात्र) एकमुष्ठ हस्तान्तरण गरिएको छ ।

**सम्मानित व्यक्तित्वहरू**

आफ्नो ज्ञान, बुद्धि, विवेक, त्याग, तपस्या, सीप र क्षमताले योगदान पुऱ्याउनु भएका निम्न व्यक्तित्वहरूलाई सम्मान गरियो ।

- (२०२०) समाजसेवी सपना रोका मगर
- (२०१९) माननीय थममाया थापा मगर, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री, नेपाल सरकार
- (२०१९) हिक्मत घर्तीमगर, कराँते खेलाडी, अन्तर्राष्ट्रिय स्वर्ण पदक बिजेता
- (२०१९) समाजसेवी शर्मिला थापा मगर
- (२०१८) गायिका मुना थापा मगर

**स्वागत तथा भेटघाट कार्यक्रम**

मगर संघ अमेरिकाले विभिन्न व्यक्तित्वहरूसँग भेटघाट, अन्तरक्रिया कार्यक्रम गर्दै आएको छ । यसैक्रममा निम्नअनुसारको व्यक्तित्वहरूको स्वागत र अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

- (२०२०) ज्ञानेन्द्र पुनमगर, महासचिव, नेपाल मगर संघ
- (२०१९) माननीय वर्षमान पुनमगर (अनन्त), ऊर्जा, जलस्रोत तथा सिंचाइँ मन्त्री, नेपाल सरकार
- (२०१९) माननीय थममाया थापा मगर, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री, नेपाल सरकार

- (२०१९) गणेश ठाडामगर, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी), सशस्त्र प्रहरी बल, नेपाल
- (२०१९) झकेन्द्र घर्तीमगर, पूर्व अध्यक्ष, नेपाल मगर विद्यार्थी संघ
- (२०१८) इन्दिरा रानामगर, अध्यक्ष, पी.ए. नेपाल, सामाजिक कार्यकर्ता

**वेबसाइट सञ्चालन तथा अद्यावधिक**

मगर यूएसए डट ओआरजी वेबसाइटमा केन्द्रीय समिति, च्याप्टर समिति, आजीवन सदस्य र साधारण सदस्यहरूको अद्यावधिक गरि सञ्चालन गरिएको छ ।

**स्थापना दिवस**

मगर संघ अमेरिकाको १७औं स्थापना दिवसको अवसरमा सन् २०२० मा बृहत् रक्तदान कार्यक्रम र न्यूयोर्क ब्लड सेन्टरसँग सहकार्य गरी हरेक वर्ष मार्च २८, मगर संघ अमेरिकाको स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम हुने गरी ब्लड सेन्टरको क्यालेण्डरमा राखियो ।

**अन्तर्राष्ट्रिय मगर महासंघ**

संसारभरिका मगरहरूलाई गोलबन्द गर्दै एक आपसमा सहकार्य र भ्रातृत्वको विकास गर्न स्थापना भएको अन्तर्राष्ट्रिय मगर महासंघप्रतिको मगर संघ अमेरिकाको संस्थागत अवधारणा अन्तर्राष्ट्रिय मगर समुदायसमक्ष प्रष्ट पारिएको छ । यसले भावी दिनमा मगर संघ अमेरिकाले अन्तर्राष्ट्रिय मगर महासंघप्रति लिने नीतिका लागि सबै बाटो खोलिदिएको अवस्था छ ।

- अक्टोबर २६, २०१९ मा बाल्टिमोरमा साधारणसभा सम्पन्न गरियो ।
- नोभेम्बर, २०१९ मा मगर संघ अमेरिकाका आजीवन सदस्य तथा मेरिल्याण्ड युनिभर्सिटीका स्नातक तहमा अध्ययनरत यज्ञ थापामगरले मगर संघ अमेरिकाकाका बारेमा अध्ययन, अनुसन्धान गर्नुभएकोले यथाशक्य सहयोग गरियो ।
- मगर संघ अमेरिकाका विभिन्न च्याप्टरहरूद्वारा विभिन्न मितिहरूमा आयोजना गरिएको माघे संक्रान्तिको सफल संयोजन गरियो ।
- डिसेम्बर १५, २०१९ मा मगर संघ अमेरिकाको तर्फबाट फिप्नाका लागि प्रतिनिधि नरेन्द्र थापा मगरलाई फिप्नाको महासचिव पदमा सिफारिस तथा सर्वसम्मत तवरबाट चयन हुन सफल भएको ।
- मगर संघ अमेरिका, टेक्सास च्याप्टरकी सदस्य तेजकुमारी थापामगर (तुलसी) को असामयिक निधन पश्चात् उहाँको परिवारसँग सम्पर्क गरी निजको पार्थिव शरीरको अन्त्येष्टि र उठेको रकम ने.रू.१०,५८,७६४।– परिवारलाई हस्तान्तरण गरियो ।
- सन् २०१९ मा मगर भाषाको प्रवर्द्धनको निम्ति श्रव्यदृश्य सामाग्री 'मगर ढुट पाहिंग' निर्माण ।
- फेब्रुअरी १२, २०२० मा फिप्नासँगको सहकार्यमा १४३औं लखन स्मृति दिवस मनाइयो ।
- मार्च १, २०२० मा मगर संघ अमेरिकाको स्थापना दिवसको अवसरमा एनवाई सिटी ब्लड सेन्टरसँगको सहकार्यमा ब्लड ड्राइभ भव्य रूपमा सम्पन्न गरियो ।
- मार्च २, २०२० नेपाल मगर संघको ३८औं स्थापना दिवस न्यूयोर्क च्याप्टरसँगको सहकार्यमा सम्पन्न गरियो ।
- मार्च २५, २०२० मा विश्वभर कोभिड–१९ को महामारीका कारण सिर्जित समस्याका

विरूद्ध समुदायका सदस्यहरूलाई पर्न सक्ने विपत्तिको निराकरण गर्न च्याप्टर तथा राज्य प्रतिनिधिहरूसँगको सहकार्यमा विशेष सहयोग सञ्चालन गरियो ।

- सन् २०२० का अप्रिल, मे, जुन र जुलाई महिनामा कोभिड–१९ को महामारीविरूद्ध विभिन्न संघसंस्थाहरू तथा मगर संघ अमेरिकाका तर्फबाट समुदायमा पटक पटक विभिन्न खाद्य सामग्री तथा प्राथमिक उपचारका सामानहरूको वितरण गरियो ।
- मे २८, २०२० मा नेपालको रूकुम तथा संयुक्त राज्य अमेरिकाको न्यूयोर्क निवासी सयलाक बुढामगरको असामयिक निधनपश्चात् न्यूयोर्क च्याप्टर, गेमी तकसेरा समाज र लुगुम्याल समाजसँगको सहकार्यमा निजको शव व्यवस्थापन तथा ४३,०००।– डलर बराबरको आर्थिक सहयोग गरेको छ ।
- मगर चेली सपना रोका मगरको सफलतामा हातमा हात मिलाउने योजना अन्तर्गत प्रशंसापत्र तथा उच्च शिक्षा अध्ययनका लागि रू.१,१०,५००।– आर्थिक सहयोग गरिएको छ ।
- मार्च १, २०२० मा मगर संघ अमेरिकाको स्थापना दिवसको अवसरमा गरिने ब्लड ड्राइभ कार्यक्रम न्यूयोर्क च्याप्टरको अगुवाइमा सम्पन्न गरिएको छ ।
- अप्रिल ९–१९, २०२० मा नेपालको तनहुँ तथा संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा बसोबास गरी स्वर्गारोहण भएका यामबहादुर पुनमगरको अत्येष्टि तथा निजको चल अचल सम्पत्ति न्यूयोर्क च्याप्टरको अगुवाइमा परिवारलाई हस्तान्तरण गरिएको छ ।
- भर्जिनिया, संयुक्त राज्य अमेरिकामा यूएनएले आयोजना गरेको मैत्रीपूर्ण भलिबल प्रतियोगितामा सहभागी खेलाडीहरूलाई जर्सी तथा दर्ता शुल्क उपलब्ध गराइ सहयोग गरिएको थियो ।
- एनआरएनए, २०२१ को चुनावी प्रतिस्पर्धामा सहभागी मगर उम्मेदवारहरूलाई सहयोग गरिएको छ ।
- TSNA Emergency Fund मा ५०० डलर जम्मा गरी संस्थागत सदस्यता लिइएको । सो बापत मगर संघ अमेरिकाका सदस्यहरूलाई आपत परेको अवस्थामा संस्थाको सिफारिस ५०० डलर सम्म सहायता पाउन सकिनेछ ।
- UNA को भलिबल प्रतियोगितामा संस्थागत सहभागीहरूलाई प्रवेश शुल्क र जर्सी उपलब्ध गराइएको ।
- आजीवन सदस्यहरूलाई संस्थाको लोगोको ब्याच तयार तथा वितरण ।
- साधारण सदस्यहरूलाई सदस्यता वितरण गर्न ७०० प्रति सदस्यता प्रमाणपत्र तयार गरिएको ।
- आजीवन सदस्यहरू तथा पूर्व पदाधिकारीहरूलाई पत्राचार गरी जानकारी गराइएको ।
- फेब्रुअरी २३, २०१९ मा नेपालका प्रथम शहीद क्या. लखन थापामगरको स्मृति दिवस, आदिवासी जनजाति महासंघ, अमेरिकासँग सहकार्य गरी मनाइयो ।
- फेब्रुअरी २५, २०१९ मा नेपाल मगर संघको ३७औं स्थापना दिवस मगर संघ अमेरिका, न्यूयोर्क च्याप्टरसँगको सहकार्यमा धुमधामका साथ मनाइयो ।
- मगर जातिको राष्ट्रिय पर्व माघे संक्रान्ति अमेरिकाभरी सभ्य र भव्य रूपमा सफल बनाउन मगर संघ अमेरिकाअन्तर्गतका सबै च्याप्टर समितिलाई निर्देशनसहित आवश्यक सरसल्लाह तथा सहयोग गरियो ।
- जुन ९, २०१९ मा मगर संघ अमेरिकाका पूर्व अध्यक्ष दल रोकामगर अमेरिका छोडी यूके बसाइँ सर्नुभएकोले उहाँले मगर संघ अमेरिकालाई गर्नुभएको योगदानको कदर गर्दै सम्मान

तथा बिदाइ कार्यक्रम गरियो ।

- मगर संघ अमेरिकाको ३ राज्य च्याप्टरहरू न्यूयोर्क, टेक्सास र डिएमभिका ३ भलिबल टिमलाई ११ ओटाको दरले टिसर्ट जर्सी प्रदान गरिएको थियो ।
- मगर संघ अमेरिकाको गठन भैसकेका ४ च्याप्टरहरू (न्यूयोर्क, न्यूजर्सी, डीएमभी र टेक्सास) बाहेक १० राज्यहरूमा सदस्यता वितरण गरिएको ।
- सन् २०२१ मा यूएनएको भर्जिनियामा सम्पन्न भलिबल प्रतियोगितामामा संस्थागत सहभागिता जनाईएको ।
- राष्ट्रिय आविष्कार केन्द्रको लागि मगर संघ अमेरिका केन्द्रिय समितिको पहलमा निम्न च्याप्टर, संस्था र व्यक्तिबाट रकम संकलन गरि नेपाल पठाइएको छ ।
  - मगर संघ अमेरिका न्यूयोर्क च्याप्टर ११०५ डलर
  - मगर संघ अमेरिका टेक्सास च्याप्टर १२०५ डलर
  - मगर संघ अमेरिका न्यूजर्सी च्याप्टर ११४६ डलर
  - मगर संघ अमेरिका डीएमभी च्याप्टर ४४६७ डलर
  - गेमितक्सेरा समाज यूएसए १००० डलर
  - लुगुमेली समाज यूएसए ५०० डलर
  - प्रकाश थापा/रूपा थापामगर १०५ डलर भीए
  - देवेन्द्र थापामगर एनवाई १०५ डलर
  - आशिष थापामगर एनवाई १०० डलर
  - जम्मा संकलित अनुदान ९७२९ डलर
- मगर संघ अमेरिकाको हालसम्म नयाँ आजीवन सदस्य ३८ जनासहित जम्मा ६३ जना आजीवन सदस्य बनाउन सफल भएको छ भने यो वर्ष संस्थागत साधारण सदस्यता लिने संख्या ३६६ जना पुगेकोछ ।
- नेपाली डायस्पोरा र आदिवासी जनजाति महासंघसँग सम्बन्धित कार्यक्रमहरू जस्तै एभरेष्ट वे घोषणा, फिल्म फेष्टिवल, वुद्ध जयन्ती, संयुक्त राष्ट्र संघ, विश्व आदिवासी दिवसजस्ता कार्यक्रमहरूमा संस्थागत रूपमा सक्रिय सहभागिता जनाउने गरिएको छ ।
- यस अघिका मगर संघ अमेरिकाका वार्षिक साधारणसभा तथा अधिवेशनमा उठाइएका आवाजहरूलाई सुनुवाइ गर्दै संस्थाको विधानलाई वैधानिक संस्थाबाट नेपालीमा अनुवाद गर्ने काम गरिएको छ ।

हाम्रा अगाडि तमाम चुनौतीहरू छन् । ती चुनौतीहरूलाई समाना गर्दै अगाडि बढ्न हामीसँग स्पष्ट नीति कार्यक्रम जरुरी हुन्छ । हामी आफ्नो नीति कार्यक्रममा अगाडि बढ्दै सुन्दर भविष्यलाई चुम्न आतुर छौं । हाम्रो अगाडि सम्भावनाका असंख्य दृश्य पनि छन् । सामूहिकता र एकतामा विश्वास गर्ने हाम्रो संस्कृति र पहिचान हो । आज हामी जुन विन्दुमा आइपुगेका छौं, यो हाम्रा अग्रजहरूको योगदान, हामी सबैको एकताको बलबाट प्राप्त भएको हो । हामी एकताबद्ध भएर अघि बढ्न सकेको खण्डमा हामीलाई अघि बढ्नबाट कसैले रोक्न सक्ने छैन ।

धन्यवाद, भ्मोर्ले, जेदो, सिमिङेपाऊ ।
जय मगर । जय मगर संघ अमेरिका

# न्यूयोर्क च्याप्टरको
# सांगठनिक गतिविधि २०१६-१८




- च्याप्टरको स्थापना : मगर संघ अमेरिका, न्यूयोर्क च्याप्टरको गठन डिसेम्बर ११, २०१६ मा गरियो ।
- माघे संक्रान्ति कार्यक्रम : मगरहरूको महान् राष्ट्रिय सांस्कृतिक पर्व माघे संक्रान्ति कार्यक्रम धुमधामका साथ सम्पन्न गरियो ।
- मगर दिवस : मगर संघको ३५औं स्थापना दिवस फेब्रुअरी २५, २०१७ का दिन विशेष कार्यक्रम गरी सम्पन्न गरियो ।
- बीबीक्यू कार्यक्रम : न्यूयोर्क शहर र यसका आसपासमा रहनुहुने सम्पूर्ण मगरहरूलाई एकै ठाउँमा भेला गराई भेटघाट र रमाइलो गर्न विविध बीबीक्यू कार्यक्रम जुलाई १६, २०१७ का दिन सम्पन्न गरियो ।
- बिरामीलाई आर्थिक सहयोग : गम्भीर बिरामी भई न्यूयोर्ककै एलहष्ट अस्पतालमा उपचार गराइरहनु भएका श्री हेमु रानामगरको सहयोगार्थ हाम्रो मगर समुदायबाट ३,२३० डलर आर्थिक सहयोग संकलन गरी उहाँलाई जुलाई २२, २०१७ मा हस्तान्तरण गरियो ।
- 'नेपाल परेड डे'मा सहभागी : प्रवासी नेपालीहरूले गर्व गर्न लायक कार्यक्रम 'नेपाल परेड डे', मे २१, २०१७ मा मगर विशेष सांस्कृतिक नाँच र भेषभूषासहित सहभागी भइयो ।
- अन्तर्राष्ट्रिय नारी दिवस : मार्च ११, २०१८ मा न्यूयोर्क शहरमा सम्पन्न यूएन महिला विभाग तथा सीएसडब्ल्यूद्वारा आयोजित १०८औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा मगर संघ अमेरिका, केन्द्रीय समितिसँगको सहकार्यमा हामी मगरहरूको संस्कृति झल्कने विशेष सांस्कृतिक नृत्यसहित सहभागी भइयो ।
- केन्द्रीय समितिमा उल्लेखनीय उपस्थिति : मगर संघ अमेरिकाको गरिमामय अध्यक्ष पदमा कुलबहादुर रानामगर, उपाध्यक्षमा रूकु रानामगर, महासचिवमा यस च्याप्टरका तत्कालीन अध्यक्ष सुमन पुन मगर, सह-कोषाध्यक्षमा आशिष थापामगर, सदस्यमा सुरेन्द्रप्रताप पुलामी

मगर निर्विरोध निर्वाचित हुनु हामी सबैका लागि खुशीको कुरा हो । यसलाई यस च्याप्टरले महत्वपूर्ण उपलब्धिका रूपमा लिएको छ ।

- भेटघाट तथा सम्मान कार्यक्रम : चर्चित लोक तथा दोहोरी गायिका मुना थापा मगरले हाम्रो मौलिक लोकसंस्कृतिमा पुऱ्याउनुभएको उच्च योगदानको कदर गर्दै विशेष कार्यक्रमका साथ सम्मानसँगै भेटघाट कार्यक्रम सम्पन्न गरियो । यसैगरी, नेपाल मगर संघका केन्द्रीय सल्लाहकार एवं नेपाल मगर विद्यार्थी संघका पूर्व अध्यक्ष झकेन्द्र घर्तीमगरसँग विशेष सम्मान तथा भेटघाट सम्पन्न गरियो ।
- डा. महावीर पुनको परियोजनालाई सहयोग : सूचना प्रविधि अभियन्ता डा. महावीर पुनमगरले नेतृत्व गरिरहनुभएको राष्ट्रिय आविष्कार केन्द्र स्थापना अभियानका लागि उहाँ न्यूयोर्क आउनुभएको अवसरमा यस च्याप्टरले आयोजना गरेको बृहत बीबीक्यू कार्यक्रममार्फत् ३ हजार डलरभन्दा बढी मुनाफा गरी सो रकम उहाँलाई हस्तान्तरण गरियो । यस अभियानमा केन्द्रीय समितिको तर्फबाट पनि विशेष सहयोग रहेको थियो ।
- सदस्यता वितरण : यस च्याप्टर गठन भएपछि न्यूयोर्कमा बसेतापनि मगर संघ अमेरिकाभन्दा बाहिर रहेका मगरहरूलाई विभिन्न माध्यमबाट सम्पर्क गरी सकभर सबैलाई सदस्यता दिलाउने काम भएको छ । यसरी माथि उल्लेखित भएको भन्दा अरू पनि धेरै घोषित तथा अघोषित कार्यक्रमहरू यस च्याप्टरले गरेको र सक्रिय सहभागिता जनाएको छ । तसर्थ, हामी मगरहरूको अधिकार प्राप्तिको अभियानका लागि प्रत्यक्ष परोक्ष रूपमा यस च्याप्टर कार्यसमितिले सहयोगी भूमिका खेल्ने प्रयास गरेको छ ।

## न्यूयोर्क च्याप्टरको सांगठनिक गतिविधि (२०१८-२१)

**नोभेम्बर २५, २०१८ मा यस च्याप्टरको दोस्रो अधिवेशन सम्पन्न गरियो ।**

- मगर संघ अमेरिकाको स्थापना दिवस : मार्च २८, आइतबार, २०२१ का दिन मगर संघ अमेरिकाको १८औं स्थापना दिवसको अवसरमा मगर संघ अमेरिका, न्यूयोर्क च्याप्टरले न्यूयोर्क ब्लड सेन्टरसँग समन्वय गरी ब्लड ड्राइभ कार्यक्रम २०२१ सफलतापूर्वक सम्पन्न गरेको छ ।
- कोभिड-१९ महामारीविरूद्ध कार्यक्रम : कोभिड-१९ को महामारीले संसारभरि आतंक मच्चाउँदै न्यूयोर्कलाई केन्द्र बनाइरहेको बेला न्यूयोर्कमा रहेका मगरलगायतका नेपाली समुदायलाई सहयोग गर्नका लागि मगर संघ अमेरिका, न्यूयोर्क च्याप्टरले स्वयंसेवक दस्ता बनाइ कोरोनासम्बन्धी सुसूचित गर्ने र अन्य सामाजिक संघसंस्थासँग सहकार्य गऱ्यो । जसअन्तर्गत, ङिमा पाल्युल धर्म सेन्टरबाट मास्क, दुर्लभ मगर तथा पद्मा मगरबाट टायनल, फिप्नाबाट मास्क, पन्जा र सेनिटाइजर, शेर्पा किदुङबाट सेनिटाइजर, ग्लोब्स तथा मास्क र जीपीके फाउण्डेशनबाट प्राप्त आलुलगायतका प्राप्त स्वास्थ्य सामग्री बिरामी, विद्यार्थी तथा अत्यावश्यक भएका व्यक्ति र परिवारलाई वितरण गरियो । हाम्रो जानकारीमा आएसम्म कोरोनाका कारण हाम्रो समुदायमा केही व्यक्ति सामान्य बिरामीबाहेक अप्रिय घटना भएन ।
- विभिन्न कार्यक्रमहरूमा प्रतिनिधित्व र सहभागिता : संयुक्त राज्य अमेरिकाको न्यूयोर्कजस्तो व्यस्त शहरमा पनि विभिन्न नेपाली समुदायले आयोजना गर्ने कार्यक्रमहरूमा मगर संघ अमेरिका, न्यूयोर्क च्याप्टरको प्रतिनिधित्व गर्दै सक्रिय सहभागी हुने गरिएको छ । यस्ता कार्यक्रमहरूले सहयोगमा हातेमालो, अनुभवको आदानप्रदान, सक्रियता र नेतृत्व विकासको सम्भावनाको वृद्धि गर्दछ ।

**ओमकार घर्ति मगर**
सहसचिव डीएमभी च्याप्टर

# डीएमभी च्याप्टरको सांगठनिक गतिविधि २०१८–२०२१



**दशै-तिहार शुभकामना आदान-प्रदान**

- सन् २०१८ को नोभेम्बर १० तारिख ललित तिलिजाको अध्यक्षतामा नयाँ कार्य समिति गठन भएको थियो । सोही दिन दशै-तिहार शुभकामना आदान-प्रदान कार्यक्रम आयोजना गरिएको थियो ।

**माघे संक्रान्ति**

- सन् २०२० को जनवरी २५ मा लोकप्रिय गायक जगदिश समाल मगर र स्थानीय कलाकार हरूको सहभागितामा माघे संक्रान्ति पर्व भव्यतापूर्वक सम्पन्न गरिएको थियो भने सन् २०१९ को जनवरी २६ तारिख माघे संक्रान्ति अतिथि कलाकार मगर चेलीहरू शिला आले मगर, मुना थापा मगरका साथै बाल्टिमोरका स्थानीय कलाकारहरू सृजना बिरही थापा मगर, भगवान भण्डारी, श्याम गुरूङलगाएतका साथ पारिवारिक वातावरणमा भव्य उपस्थितिको साथ सम्पन्न गरियो ।

**प्रथम शहीद लखन स्मृति दिवस**

- सन् २०१९ को फेब्रेअरीमा नेपालका प्रथम शहीद लखन थापा मगरको स्मृति दिवस सम्पन्न गरियो ।

### ईन्द्रेणीलाई सहयोग

- सन् २०१९ को मार्च २ तारिख गरिब दुःखी र असायहरूको सहारा बन्दै आएको ईन्द्रेणी टेलिभिजन कार्यक्रमको लागि रू. १ लाख ५० हजार सहयोग प्रदान गरियो ।
- सन् २०१९ को मार्च १६ तारिख म्याग्दी समाज मेरिल्याण्ड र मगर समाज डीएमभी च्याप्टरको संयुक्त आयोजनामा नेपाल सरकारका माननीय मन्त्री थममाया थापा मगरलाई सम्मान कार्यक्रम गरियो ।
- सन् २०१८ को मार्च २१ तारिख समाजसेवी इन्दिरा राना मगरको स्वागत गरिनुका साथै उपस्थित सम्पूर्णबाट संकलन गरी उहाँको संस्था प्रिजनर्स एसिस्टेन्ट नेपालको सहयोगार्थ ४१,००० सहयोग प्रदान गरियो ।
- सन् २०१९ को मे २१ तारिख गनपाउडर फल्स स्टेट पार्क, बाल्टिमोरमा बनभोज कार्यक्रम सम्पन्न गरियो । बनभोजमा ३०० भन्दा बढी मगरहरूको सहभागिता रहेको थियो ।

### विदाई समारोह

- सन् २०१९ को जुन ९ तारिख मगर संघ अमेरिकाको पूर्व केन्द्रिय अध्यक्ष दल रोका मगर र उहाँकी श्रीमती ज्ञानु रोका मगरलाई विदाई कार्यक्रम गरियो ।
- सन् २०१९ को सेप्टेम्बर २२ मा बाल्टिमोर नेपाली समाज (बाना) ले आयोजना गरेको स्ट्रिट फेस्टिवलमा मगर परम्परागत भेषभूषामा सहभागिता जनाएर मगर संस्कृतिको प्रवर्द्धन गरिएको थियो ।
- सन् २०१९ को अगष्ट २६ मा राफल खेल सफलतापूर्वक सञ्चालन गरियो ।
- सन् २०१९ को अक्टोवर २६ मा मगर संघ अमेरिका केन्द्रिय समितिको वार्षिक साधारणसभाको आयोजना सम्पन्न गरियो ।
- मगर संघ अमेरिका टेक्सास च्याप्टर समिति सदस्य तेजकुमारी (तुलसी) थापाको अन्त्यष्टीको लागि ४५०० सहयोग गरियो ।
- सन् २०२० को जुलाई १३ तारिख स्व. सायलक बुढा मगरको दाहसंस्कारको निम्ति ४७८४ सहयोग उठाइएको थियो ।
- सम् २०२१ मे २२/२३ तारिख एएनए कन्भेन्शनमा भलिबल खेलकूद प्रतियोगितामा सहभागिता जनाईयो । खेलाडीहरूलाई मगर संघ अमेरिका केन्द्रिय समितिबाट टिसर्ट जर्सी र च्याप्टरबाट प्रवेश शुल्क र सफ्ट ड्रिंक्स प्रदान गरियो ।
- सन् २०२० सेप्टेम्वर ९ तारिख च्याप्टरका सक्रिय सदस्य नरेश तिलिजाकी ममतामयी आमाको दुखद् निधनमा ४५०० सहयोग गरिएको थियो ।
- सन् २०२० डिसेम्बर २६ तारिख सपना रोका मगर बहिनीको फण्डमा ४२२० सहयोग गरिएको थियो ।
- सन् २०२० अप्रिल ४ तारिख ३५० मास्क बाना संस्थामार्फत वितरण गरियो ।
- सन् २०२१ मे ३१ तारिख साथी बाल्टिमोर संस्थामार्फत स्थानीय नेपाली विद्यार्थीहरूको लागि ४५०० सहयोग गरिएको थियो ।
- यसरी केन्द्र र सम्पूर्ण च्याप्टरहरूसँग सहकार्य गर्दै मातृभूमि नेपाल र बिभिन्न व्यक्ति एवं संस्थाहरूलाई सहयोग प्रदान गरियो ।

*धन्यवाद*

# न्यूजर्सी च्याप्टरको सांगठनिक गतिविधि २०१९–२०२१




मगर संघ अमेरिका, न्यूजर्सी च्याप्टरको स्थापना अब्सेकनमा ३ मार्च, सन् २०१९ मा भएको हो । स्थापना भएपछि जुन २३, २०१९ मा सेवेलमा प्रथम साधारणसभा सम्पन्न भयो । हाम्रो च्याप्टरले जनवरी १८, २०२० मा मेसल्याण्डिङ मगर जातिको महान् सांस्कृतिक पर्व माघे संक्रान्तिसमेत भव्य रूपमा मनायो ।

त्यसैगरी, मानवीय सहायताको सन्दर्भमा ७४५ डलर संकलन गरी न्यूयोर्कका सायलक बुढामगरलाई जुन ७, २०२० मा हस्तान्तरण गरिएको थियो । टेक्सासकी तेजकुमारी थापामगरलाई ९६५ डलर संकलन गरी अगष्ट १५, २०२० मा हस्तान्तरण गर्‍यौं भने २२० डलर संकलन गरी सेप्टेम्बर २१, २०२० मा सपना रोकामगरलाई सहयोग गरेका थियौं । विश्वव्यापी महामारीका रूपमा आएको कोभिड–१९ महामारीका सन्दर्भमा नेपालमा कोभिड–१९ राहतका लागि १,१६६ डलर संकलन गरी मे ३०, २०२१ मा सहयोग गर्‍यौं । यता, राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक सूचना प्रविधि अभियन्ता डा. महावीर पुनमगरलाई ६,००० डलर संकलन गरी जुलाई ४, २०२१ मा सहयोग गरेका छौं ।

# टेक्सास च्याप्टरको सांगठनिक गतिविधि २०१९-२०२१

आपसी सरसहयोग गर्ने उद्देश्यले मगर समुदायका केही व्यक्तिहरूको अगुवाईमा विशेष गरी टेक्सास राज्यको डालास क्षेत्रमा बसोबास गर्ने मगर परिवारहरूको सहभागितामा करिब ४/५ वर्ष पहिलेदेखि भेटघाट, खानपिन हुँदै गरेको थियो । यसबीचमा हाम्रो मौलिक साँस्कृति पर्व माघे संक्रान्ति मगर दिवसका दिन मगर परिवारहरू जम्मा भएर आपसी सद्भाव आदानप्रदान तथा दुःख बाँड्ने काम गर्दै आएका थियौं । यसै क्रममा एउटा माघे संक्रान्तिमा हलमा नै ठूलो कार्यक्रम गरिएको थियो । मगर समाज डालासको नामबाट गरिएका यस्ता गतिविधिको मुल उद्देश्य भनेको विशेष गरी यस क्षेत्रमा बसोबास गर्ने मगर समुदायलाई गोलबद्ध गर्दै मगर समाजलाई बलियो बनाउने रहेको थियो ।

समय बित्दै जाँदा टेक्सासमा अन्य राज्यहरूबाट बसाईसराईको क्रममा बढ्दै जाँदा स्वभाविक रूपमा केही मगर परिवारहरू पनि डालासमा आउनु भएपछि हाम्रो समाज बढ्दै गयो र 'मगर समाज डालास' लाई कानुनी रूपमा दिंदा राम्रो हुन साथीहरूको सोच भएपछि केही अगुवा साथीहरूको पहलमा मगर संघ अमेरिकाको जिम्मेवार व्यक्तिहरूसँग सम्पर्क अगाडि बढाएको थियो ।

केही समयको छलफलपछि मगर संघ अमेरिकाको राज्य स्तरीय शाखा गठनगरी अगाडि जाँदा उपयुक्त हुने ठानेर भुवन आले मगरको अध्यक्षतामा मगर संघ अमेरिकाको टेक्सास शाखा सन् २०१९ जनवरी १ मा संघका केन्द्रीय अध्यक्ष कुलबहादुर राना मगरको प्रमुख आतिथ्यम भएको थियो ।

सन् २०१९ जनवरी १३ मा मगर संघ अमेरिका टेक्सास शाखाको आयोजनामा हाम्रो मौलिक तथा साँस्कृति पर्व माघे संक्रान्ति मनाइएको थियो । करिब १७० जनाको सहभागिता रहेको उक्त कार्यक्रममा मगर समुदायको मौलिक खानको व्यवस्था, मगर साँस्कृति झल्कने गीत, नाँच प्रस्तुत तथा नेपाली पञ्चेबाजाको पनि प्रस्तुत भएको थियो । साथै उक्त कार्यक्रममा नवगठित मगर संघ अमेरिका टेक्सास शाखाको कार्य समितिको घोषणा र परिचय पनि गराइएको थियो ।

सन् २०१९ मार्च ३  मा पशुपति इन्कको हलमा मगर दिवस भव्य रूपमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा करिब १९० जनाको सहभागिता, साँस्कृति कार्यक्रम बीबीक्यूलगायत नेपाली खानाको व्यवस्था गरिएको थियो ।

**आर्थिक संकलन तथा सहयोग**

- धादिङ निवासी मृगौला पीडित निमला आले मगरलाई २०२० मे १९ मा १०५९ अमेरिकी डलर हस्तान्तरण गरेको ।
- गुल्मी निवासी वर्ष २३ का युवराज राहदी मगर (रक्त क्यान्सर) पीडितलाई २०१९ अगष्ट २८ मा १०५५ अमेरिकी डलर हस्तान्तरण गरेको ।
- तनहुँ जिल्ला निवासी सन्तोष राना मगर (मृगौला पीडित) लाई २८०० अमेरिकी डलर संकलन गरी पठाएको ।
- नेपाल बाग्लुङ घर भै टेक्सासमा बस्ने स्वर्गीय तुलसी थापा मगरको असामयिक निधन भएकोले निजको शव नेपाल पठाउन तथा आश्रित परिवारलाई आर्थिक सहयोग गर्न शाखाबाट ५००, व्यक्तिगत सहयोगबाट संकलित २४५० गरी जम्मा २९५० अमेरिकी डलर संघको केन्द्रमा पठाएको ।
- न्यूयोर्कमा मृत्यु हुन भएका स्वर्गीय सायलक बुढा मगरलाई ५०० अमेरिकी डलर केन्द्रमा पठाएको ।
- नेपालमा कोभिड-१९ को दोस्रो लहर बढेसँगै नेपालीहरूमा पर्न गएको ठूलो समस्यालाई हल गर्न डा. महावीर पुन मगरको आविस्कार केन्द्रले विविध सामग्रीहरू नेपाल सरकार तथा नेपालीहरूलाई उपलब्ध गराएको कार्यबाट उत्प्रेरित भै हाम्रो समुदायबाट पनि आर्थिक संकलन गरि डा. महावीर पुन मगरको केन्द्रलाइ सहयोग गर्ने निर्णय मुताविक १२०६ अमेरिकी डलर संकलन गरी ०६/२०/२०२१ मा केन्द्रमा पठाएको ।
- नेपाली मन्दिर अर्भिङको हलमा माघे संक्रान्ति भव्य रूपमा सम्पन्न भएको थियो । मगर समुदाय र अन्य गरी करिब २०० जनाको सहभागिता भएको कार्यक्रम हाम्रो समुदायको मौलिक खानाको व्यवस्था, भेषभुषाको प्रस्तुति, गीत मगर संस्कृति झल्कने नाँच पञ्चेबाजाको प्रस्तुति गरिएको थियो ।
- फेब्रुअरी २०१९ बाट कोभिड-१९ ले विश्वब्यापी रूपमा आक्रान्त पारेपछि हाम्रो समुदायको गतिविधिमा पनि असर पऱ्यो । कोभिड-१९ का कारण मगर समुदायलगायत समस्यामा पर्नु भएका अन्य व्यक्ति तथा परिवारलाई केही सहयोग गरौं भन्ने उद्देश्यले आपतकालिन कोष जम्मा गरेर आवश्यक सामग्रीहरू खरिद गरी हस्तान्तरण गरेको । साथै समुदायको सुख, दु:ख बुझ्न मनोबल बढाउनका लागि पटक पटक जुम मिटिङ सम्पन्न गरेको ।
- कोभिड-१९ कै बीचमा शाखाको गतिविधि कायम राख्न तनहुँ निवासी मृगौला पीडित सन्तोष राना मगरको आर्थिक सहयोगको लागि कलाकारहरू बिमल डाँगी, संगीता थापा मगर, केशव पौडेल, भिम चापागाई, नारायण त्रिपाठी र भिम थापा मगरको सहभागितामा जुम सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रमको सम्पूर्ण तयारी तथा संयोजन शाखाका सचिव भिम थापा मगरले गरेका थिए ।

# मगर संघ अमेरिकाको गतिविधिहरू २०१४–२०१७




**मगर संघ अमेरिका र गतिबिधि**

संस्थाको क्रियाशीलताको मापन बिगत (भूतकाल) मा गरिएको गतिबिधि र आगामी कार्ययोजनाले व्याख्या गर्दछ । र सस्थाको क्रियाशीलतालाई विद्युतीय (ईलेक्ट्रोनिक्स) या छापा (प्रिन्ट) प्रकाशनमार्फत जीवन्त राख्ने प्रयास गरिने परिपाटी चलिआएको छ । मगर संघ अमेरिकाले पनि बिगत देखिनै आफ्नो गतिबिधि संस्थाको वेबसाईट र सामाजिक सञ्जाल फेसबुकमार्फत सार्वजनिक गर्दै आएको छ साथै बिशेष बिद्युतीय (ईलेक्ट्रोनिक्स) पत्रिका याँभू र छापा (प्रिन्ट) स्मारिका–२०१४ पनि प्रकाशन गरिसकेको छ । बिशेष गरी २०१५ भन्दा पछिको गतिविधिहरूलाई समाबेश गरी वर्तमान कार्यसमिति र नेतृत्वले विद्युतीय र छापामा याँभूको दोस्रो संस्करण प्रकाशन गर्ने प्रयत्न गर्नु भनेको

पूर्व कार्यसमिति र नेतृत्वहरूको सम्मान र सस्थाले बिगतमा सुरू गरेको कार्यको निरन्तरता पनि हो । याँभूको दोस्रो सस्करण बिशेष गरेर संस्थाको सन् २०१५ पछिको गतिविधिमा केन्द्रित रहने भएता पनि यो संस्थाको स्थापनाकाल र निरन्तरताको परिवेश पनि छोटकरीमा राख्नु उपयुक्त नै हुन्छ, हामी सारांसमा त्यहीबाट सुरू गर्छौ र २०१५ देखि थप विस्तृत गतिबिधि राख्नेछौ ।

**संस्थाको स्थापना र हालसम्मको नेतृत्व**

सन् २००४ मार्च महिनाको २८ तारिख न्यूयोर्क शहरमा अमेरिकाको मगरहरूको एक भेला आयोजना गरिएको थियो । भेलाले अमेरिका भरि छरिएर बसोबास गरि रहेको सम्पूर्ण मगरहरू बीच आपसी भेटघाट, सहयोग आदान-प्रदानलगायत मगर भेष, भाषा, संस्कृति र रितिरिवाज तथा परम्पराहरूलाई संरक्षण र सम्वर्द्धन गर्दै अमेरिकामा क्रियाशील नेपाली समुदायहरू सँग समन्वय तथा सहकार्य गर्ने उद्देश्यले दलबहादुर बुढाथोकी मगरको अध्यक्षतामा मगर संघ अमेरिका तत्कालीन लाङ्घाली एसोसिएशन यूएसए गठन गरेको थियो । सन् २००४ देखि २००६ सम्म संस्थापक अध्यक्ष दलबहादुर बुढाथोकी मगरको पहिलो कार्यकाल र २००६ मा पुनः दलबहादुर बुढाथोकी मगर नै अध्यक्षमा सर्बसहमतिमा दोहोरिनु भएता पनि उहाँ बेलायत स्थानान्तर हुनु भएकोले सन् २००६ देखि २००८ सम्म कार्यबाहक अध्यक्ष निलम थापा मगरले संस्थालाई नेतृत्व गर्नुभयो । सन् २००८ देखि २०१२ सम्म पूर्ण दुई कार्यकाल न्यूजर्सी राज्यको महेन्द्रकुमार थापा मगरले संस्थालाई नेतृत्व गर्नुभयो । २०१२ देखि २०१५ सम्मको एक कार्यकाल मेरिल्याण्डको बाल्टिमोर निवासी क्या. दलबहादुर रोका मगरले नेतृत्व गर्नुभयो । सन् २०१५ देखि २०१८ सम्म न्यूजर्सी राज्य निवासी रूद्र आलेमगरको नेतृत्वले संस्थालाई सञ्चालन गरी सन् २०१८ मा न्यूयोर्कमा सम्पन्न भएको ७औं राष्ट्रिय महाधिबेशनबाट न्यूयोर्क निवासी कुलबहादुर राना मगरको अध्यक्षतामा सर्वसहमतिमा गठन भएको यस कार्यसमिति अहिलेसम्म क्रियाशिल छ ।

**स्मारिका २०१४ प्रकाशन**

'मगर संघ अमेरिकाको एक दशक, स्मारिका-२०१४' नामक स्मारिका प्रकाशन गरी मगर संघ अमेरिकाले गरेको गतिविधिहरूको लिखित दस्ताबेज तयार गरेको थियो । यो मगर संघ अमेरिकाको पहिलो छापा प्रकाशन थियो । मगर संघ अमेरिकाको स्थापनाकालदेखि २०१४ सम्मका सम्पूर्ण गतिबिधिहरू समाबेश गरी 'मगर संघ अमेरिकाको १० वर्ष' नामक स्मारिका पूर्ण रूपमा तयार पारिनु आफैमा संस्थाको लागि अत्यन्त महत्वपूर्ण कार्य हो । जसले संघले गरेको गतिविधिहरूलाई सुरक्षित गर्ने र सम्पूर्ण मगरहरू सम्म पुऱ्याउने कार्यको लागि महत्वपूर्ण भूमिका खेलेको छ ।

**संस्थाको बिधान संसोधन**

मगर संघ अमेरिकाको बिधान संसोधन बिधिगत रूपमा बिधान संसोधन समिति गठन गरि संसोधन प्रस्ताब तयार गरेर साधारणसभाबाट छलफल गरी संगठनिक एवं सस्थागत रूपमा बिधान संसोधनको प्रक्रिया उच्चतहबाट अभ्यास गर्ने पहिलो प्रयास गरिएको । जसबाट सस्थामा सम्पूर्ण तह र तप्काको विचारको सम्मानजनक सम्बोधन हुने प्रजातान्त्रिक/लोकतान्त्रिक अभ्यासको विकास हुने र नेतृत्व विकासमा समेत सहयोगी भूमिका खेल्न सक्नेछ ।

**वार्षिक साधारणसभा**

संस्थाको सांगठानिक विकास, कार्यक्रमहरूको समिक्षा, भावी कार्यक्रमको तयारी र सांगठनिक ढाँचाहरूको बारेमा बहस तथा बिधि–बिधान संसोधनमा वार्षिक साधारणसभाको बिशेष महत्व रहन्छ । अमेरिकाको भौगोलिक परिस्थिति र आर्थिक तथा समय ब्यस्थता र सस्थामा तत्कालिन परिस्थिति र आवश्यकता महसुस नगरिएको कारणले पनि अगाडिको कार्यकालहरूमा संस्थाको वार्षिक साधारणसभा गरिएको थिएन । वार्षिक साधारणसभाको अभ्यास सुरू गरेर संस्थाको बारेमा बहस तथा बिधि बिधान प्रकिया सम्मत रूपमा संसोधन गर्ने सुरूवात संस्थाको लागि महत्वपूर्ण र सकारात्मक पाटो हो । साधारणसभा आफैंमा लोकतान्त्रिक/प्रजातान्त्रिक अभ्यासको राम्रो नमुनाको रूपमा लिन सकिन्छ ।

**राज्यस्तरमा च्याप्टर गठन**

अमेरिकाको विभिन्न शहरहरूमा मगरहरूको बाक्लो उपस्थितिको कारण केन्द्रबाट मात्र समेट्न नसकिने र जसको लागि च्याप्टरको आवश्यकता महशुस गरिएको बहसहरू उठ्दै आएता पनि जससम्बन्धी विधानमा ठोस रूपमा उल्लेख नहुँदा च्याप्टर गठन गर्न अफ्ठेरो परिरहेको स्थितिमा यो कार्यकालमा साधारणसभामार्फत बिधान संसोधन गरि च्याप्टरको कार्यान्वयन बिधान सम्मत रूपमा गर्ने कार्य गरेको थियो । जसअनुरूप यो कार्यकालमा न्यूयोर्क र बाल्टिमोरमा च्याप्टर गठन भएको थियो ।

**नेपालको प्रथम शहीद लखन थापामगर स्मृति दिवस**

जति बेला नेपाल अशिक्षाको अन्धकारमा रहेको थियो सोही अवस्थामा श्री ३ राणाहरूको एकतन्त्रीय जहानीया राणा शासन गरिरहेको तत्कालिन श्री ३ जंगबहादुर राणाको शासन सत्ताको विरूद्धमा सशस्त्र सैन्य नेतृत्व गरी बिद्रोह गर्दा निरङ्कुश राणा शासकको सेनाले बि.स. १९३३ साल फाल्गुन २ गते नियन्त्रणमा लिई झुण्डाएर क्रुरतापूर्वक मारिनु भएको नेपालको प्रथम शहीद लखन थापामगरको अमेरिकामा मगर संघको अग्रसरतामा नेपाल आदिवासी जनजाति महासंघ, अमेरिका (फिप्ना) लगायत विभिन्न संघ संथाहरू सँग समन्वय गरी स्मृति दिवस कार्यक्रम प्रत्येक वर्ष आयोजना गर्ने र प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा मगर संघ अमेरिकाले सहयोग गर्दै आएको छ । यो कार्यक्रम मगर संघ अमेरिकाले सन् २००९ देखि सुरूवात गरेको थियो र पछिल्लो समय विभिन्न संघ संस्थाहरू सँग समन्वय गर्दै नेपाल आदिवासी जनजाति महासंघ, अमेरिका (फिप्ना) ले यस कार्यक्रमको संयोजनमा आयोजना भएता पनि मगर संघ अमेरिकाले कार्यक्रम सफल पार्न प्रत्यक्ष तथा अप्रत्यक्ष भूमिका निर्बाह गर्ने गरेको छ ।

**मगर संघ स्थापना दिवस**

हामी नेपाली तथा नेपाली भाषी मगरहरू विश्वको जुनसुकै कुनामा गएर संगठित हुने कार्य भएता पनि बिशेष गरेर हाम्रो भाषा, संस्कृति र अधिकार तथा एक आपसमा सहयोग आदान प्रदानको लागि पनि संगठित हुनु पर्छ भन्ने भावना र प्रेरणा नेपाल मगर संघ स्थापना भए पश्चात् चेतना भएको र सोही भावनाअनुसार विश्वभरिका मगरहरू आ–आफ्नो क्षेत्रमा संगठित हुँदै क्रियाशील रहेकोले नेपाल मगर संघ स्थापना भएको मितिलाई मगरहरूको एतिहासिक र भावनात्मक एकताको दिनको रूपमा सम्झी 'मगर संघ स्थापना दिवस' को रूपमा मनाउने कार्य

मगर संघ अमेरिकाले बिगतदेखि गर्दै आएको र जसलाई यो कार्य समितिले पनि निरन्तरता दिएको थियो ।

### माघे-संक्रान्ति र भूम्या पर्व

माघे-संक्रान्ति मगरहरूले घर-घरमा धुमधामसँग मनाउने राष्ट्रिय पर्ब भएकोले अमेरिकामा पनि सकेसम्म घर-घरमा पनि मनाउने र कम्तिमा पनि मगरहरूको बाक्लो सहभागिता भएको धेरै भन्दा धेरै शहरहरूमा बिभिन्न मगर सांस्कृतिक झल्कने कार्यक्रमसहित आयोजना गर्ने निर्णय गरी बाल्टिमोर, न्यूजर्सी, न्यूयोर्क तथा क्यालिफोर्नियामा प्रत्येक वर्ष धुमधामसँग मनाउँदै आएको छ । जसले हाम्रो राष्ट्रिय पर्ब माघे संक्रान्तिको महत्व र हाम्रो संस्कृतिको संरक्षण र सम्वर्द्धन पनि हुने संस्थाले आशा गरेको छ । अमेरिकाको न्यूयोर्कमा सन् २०१८ देखि मगर समुदायको भूम्य पर्ब पनि धुमधामसँग मनाउन सुरूवात गरियो र यो पर्व अहिले संस्थागत रूपमा मगर संघ अमेरिकाको विशेष वार्षिक कार्यक्रम बनेकोछ । जसलाई प्रत्येक वर्ष न्यूयोर्क च्याप्टरले आयोजना र ब्यावस्थापन गर्दछ ।

### मगर संस्कृति अन्तराष्ट्रिय मञ्चमा प्रदर्शन

हाम्रो सस्कृति अत्यन्तै सुन्दर छ भन्ने कुरामा दुई मत छैन । तर हामीले हाम्रो संस्कृतिको प्रवर्द्धन गर्दै संरक्षण र सम्वर्द्धन गरेनौ भने कालान्तरमा लोप हुने खतरा त्यतिकै हुन्छ । तथापि तत्काल त्यस्तो खतरा नभए पनि हाम्रो संस्कृति अन्तराष्ट्रिय समुदाय या मञ्चमा पुऱ्याउनु निकै चुनौती पूर्ण कार्य हो । तर सन् २०१८ मा मगर बुद्धिजिबी प्रदीप थापामगर तथा शुभचिन्तक बिष्णुमाया परियारको सहयोगमा विश्वको १६५ भन्दा बढी राष्ट्रहरूको ९०० भन्दा बढी प्रतिनिधिहरू सम्मिलित संयुक्त राष्ट्र संघको फोरममा १५ मिनेट लामो लगभग २० जनाभन्दा बढी मगर कलाकारहरूको प्रत्यक्ष सहभागितामा मगर संघ अमेरिकाले आफ्नो संस्कृति प्रस्तुत गर्ने अवसर प्राप्त गरेको थियो । जसलाई मगर संघ केन्द्रिय समितिको तत्कालिन सदस्य तथा वर्तमान अध्यक्ष कुलबहादुर रानामगरको संयोजन र न्यूयोर्क च्याप्टरको सक्रिय सहयोगमा सफल बनाउन सम्भव भएको थियो ।

### मगर नेतृत्वको विकास र प्रभाब

अमेरिकाको नेपाली समुदायमा मगरहरूको बिशेष उपस्थिति अभाव रहेको अवस्थामा मगर संघ अमेरिकाको प्रतिनिधित्व गर्दै तत्कालिन महासचिब मानबहादुर रानामगर, नेपाल आदिवासी जनजाति महासंघ, अमेरिका जस्तो सम्पूर्ण आदिवासी जनजातिहरूको आर्थिक, राजनीतिक तथा मौलिक हकअधिकारको वकालत गर्नै सक्रिय संस्थाको अध्यक्ष जस्तो गरिमामय पदमा सम्मानजनक रूपमा दुई तिहाई बराबर सर्बाधिक मत ल्याएर निर्वाचित गराउन संस्थाको बिशेष भूमिका रहेको थियो । त्यसै गरी एनआरएन अमेरिका, न्यूयोर्क च्याप्टरको उपाध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित बिष्णु रानामगर (मगर संघ न्यूयोर्क च्याप्ट सदस्य) सदस्यमा इन्दिरा घर्तिमगर निर्वाचित हुनु, त्यसैगरी उत्तर अमेरिकामा रहेको सम्पूर्ण कलाकारहरूको संस्था 'अमेरिकन नेपाली कलाकार संघ, उत्तर अमेरिका' को केन्द्रिय समितिमा दोस्रो पटक गायक सुमन बुढामगर अत्याधिक बहुमतद्वारा बिजयी हुनु, सोही संस्थामा उपाध्यक्ष बिक्की पुलामी मगर, कोषाध्यक्षमा संगीता थापामगर र दिलीप श्रीस मगर सदस्य निर्वाचित हुनुप्रति मगर संघ अमेरिकाको

सक्रियता र मगरहरूको नेतृत्व विकासको संकेतको रूपमा लिन सकिन्छ । जसमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा मगर संघ अमेरिकाको महत्वपूर्ण सक्रियता र भूमिका रहेको थियो । संस्था सञ्चालन हुँदै गर्दा सस्थाको अन्य सदस्यहरूको नेतृत्व विकास र ब्यावस्थापन पनि महत्वपूर्ण रहन्छ । संस्थाले संस्थाभित्रका सक्रिय व्यक्तित्वहरूको उचित ब्यबस्थापनले नेतृत्व विकास मात्र हैन सम्भावित विवाद र अनावश्यक प्रतिस्प्रर्धा न्यूनीकरण गर्दछ ।

**खेलकुदमा मगरहरूको सहभागिता**

मगर संघ अमेरिकाको भलिबल टिमले अमेरिकामा लामो समयदेखि प्रभाब जमाएको थियो । बिशेष गरेर नेपालीहरूको पुरानो संस्था एएनएले आयोजना गरेको सन् २०१२-१३ पछिको अधिकांश भलिबल प्रतियोगिता मगर संघ अमेरिकाको टिमले जित्ने गरेको थियो । पछिल्लो समय बिशेष गरेर सन् २०१८ देखि न्यूयोर्कमा सम्पन्न भएको विभिन्न प्रतियोगिताहरू (भलिबल, सक्कर र बास्केटबल)मा न्यूयोर्क च्याप्टरको सक्रियता मगर टिम पनि सहभागी भएको थियो । जसमा मगर संघ अमेरिकाको केन्द्रिय समितिका साथीहरूको पनि प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग र समन्वय रहेको थियो ।

**नेपालमा संस्थागत सम्बन्धको बिस्तार**

नेपालमा नेपाल सरकारमा विशिष्ठ श्रेणीमा निर्वाचित तथा मनोनित विशिष्ट मगर नेतृत्व र नेपाल मगर संघसँग सांगठनिक सम्बन्ध विस्तारका उद्देश्यका साथ मगर संघ अमेरिकाले २०१६ र २०१७ मा नेपालको तत्कालिन र हालको सम्माननीय उपराष्ट्रपति नन्द किशोर पुन, तत्कालिन सभामुख ओनसरी घर्ति मगर र तत्कालिन मन्त्री तथा राज्य मन्त्रीहरूलाई नेपाल मगर संघ, केन्द्रिय समितिसँग सहकार्य गरि सम्मान गर्ने कार्य गरेको थियो । सो कार्यक्रममा मगर संघ अमेरिकाको तत्कालिन केन्द्रिय सचिब नरेन्द्र थापामगरको सक्रियतामा सम्पन्न भएको थियो । यस्तो कार्यले नेपाल, नेपाल सरकारको विभिन्न निकाय र नेपाल मगर संघसँग संस्थागत सम्बन्ध बिस्तार र प्रगाढ हुने विश्वास लिएको थियो ।

**अमेरिकामा स्वास्थ्य उपचारमा सहयोग**

मगर संघ अमेरिकाले मृगौला समस्याबाट पीडित गोपाल थापामगरको उपचारको लागि लगभग ७ हजारको हाराहारी सहयोग संकलन गरी हस्तान्तरण गरेको थियो । उहाँ अहिले सफल उपचार पश्चात् मगर संघको सम्पूर्ण क्रियाकलापहरूमा सक्रिय हुनुहुन्छ । त्यसैगरी एल्महस्ट हस्पिटलमा उपचाररत हेमु रानामगरको सहयोगमा पनि ३ हजार डलरभन्दा बढी सहयोग संकलन गरी हस्तान्तरण गरिएको थियो । दुई वटै आर्थिक सहयोग मगर संघ अमेरिका केन्द्रिय समितिको सक्रियतामा न्यूयोर्क च्याप्टरसमेत बिशेष सहयोगमा संकलन गरिएको थियो ।

**असामयिक निधन हुँदा सहयोग**

मगर संघ अमेरिकाको केन्द्रिय समिति सदस्य न्यूजर्सीको केशब थापामगरको हृदयघातको कारण लगभग ३ महिना हस्पिटल बसाई पश्चात् सन् २०१७ मा उहाँको असामयिक निधन भयो । स्वर्गीय थापामगरको अन्त्यष्टिको ब्यबस्थापन र आर्थिक सहयोग जुटाउने कार्य गरियो । त्यसैगरी बाल्टिमोर, सिकागो तथा क्यालिफोर्नियामा मगरहरूको असामयिक निधन हुँदा आर्थिक सहयोग गर्ने र सहयोगको लागि पहल गर्ने कार्य गरियो ।

**श्रद्धाञ्जलिसभा**

नेपालको राजनीतिक अग्रज तथा आदिवासी जनजातिहरूको सर्वमान्य नेता, नेपाल मगर संघ, केन्द्रिय समितिको पूर्व अध्यक्ष स्वर्गीय गोरेबहादुर खपांगीको दुःखद् निधन पश्चात सन् २०१६ मा नेपाल आदिवासी जनजाति महासंघ, अमेरिका (फिप्ना) सँग सहकार्य गरि एक बिशेषसभा आयोजना गरी स्वर्गीय खपांगीप्रति श्रद्धाञ्जली ब्यक्त गरियो ।

**'नेपाल डे' कार्यक्रममा सहभागिता/बहिस्कारः**

नेपाल आदिवासी जनजाति महासंघ, अमेरिका (फिप्ना) को पहलमा न्यूयोर्कमा क्रियाशील विभिन्न संघ संस्थाहरूको संयुक्त आयोजनामा सम्पन्न भएको 'नेपाल डे' कार्यक्रम २०१६ र २०१७ मा मगर संघ अमेरिकाको बिशेष सहभागिता रहेको थियो । सन् २०१८ देखि 'नेपाल डे' परेड फिप्नाको पूर्व नेतृत्वले संस्थामा आवश्यक छलफल नगरी छुट्टै आयोजना गर्ने परिपञ्च गरे पश्चात फिप्नाको बिशेष विरोध र बहिस्कारको आव्हानसँगै मगर संघ अमेरिकाले पनि सो कार्यक्रम बहिस्कार गरेको थियो ।

**राष्ट्रिय आविस्कार केन्द्रको लागि आर्थिक सहयोग**

डा. महावीर पुन मगरज्यूले नेतृत्व गरिरहनुभएको नेपाल राष्ट्रिय आविष्कार केन्द्र स्थापना अभियानको लागि उहाँको छोटो समयमा न्यूयोर्कमा भएको भ्रमणको क्रममा मगर संघ अमेरिका केन्द्रको पहलमा सानो डिनर तथा भेटघाट कार्यक्रम गरी लगभग २६ सय डलर विभिन्न सामाजिक अभियन्तहरू बाट संकलन गरी सहयोग गरिएको थियो ।

**सम्मान कार्यक्रम**

बेलायती सेनामा कार्यरत दीपप्रसाद पुन मगर र पूर्व डीआईजी पार्वती थापामगरज्यूलाई बिशेष समान गरिएको थियो । बेलायती सेनामा कार्यरत दीपप्रसाद पुन मगरले ड्युटीमा रहँदा देखाउनु भएको उच्च बहादुरताको कदर गर्दै उहाँलाई बिशेष सम्मान र भेटघाट कार्यक्रम सम्पन्न गरिएको हो । माथि उल्लेख भएको भन्दा अरू थुप्रै घोषित तथा अघोषित कार्यक्रमहरू मगर संघ अमेरिकाले तत्कालिन कार्यकालमा सम्पन्न गरेको भएता पनि सम्पूर्ण गतिविधिहरू समाबेश गर्न सम्भब भएन । नेपालमा राजनीतिक अधिकार तथा आदिवासी जनजाति आन्दोलनको अवस्थामा थुप्रै प्रेस-बिज्ञप्तिलगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा मगरहरूको अधिकार प्राप्तिको अभियानको लागि सहयोगी भूमिका तथा सरकारलाई दबाब दिने कार्यहरूमा समेत तत्कालिन कार्यसमितिले उल्लेख्य भूमिका खेलेको थियो ।

# अमेरिकी मगरहरूको संस्थाको नाम परिवर्तन : 'मगर संघ अमेरिका' बन्यो



गायकद्वय जगदीश समाल मगर र राजेश थापा मगर सम्मानित

न्यूजर्सी । अमेरिकामा रहेका मगर समुदायको सामाजिक संस्था "लाङ्घाली एसोसियसन युएसए इङ्कको चौथो अधिवेशनद्वारा आफ्नो नाम परिवर्तन गरी 'Magar Association USA, Inc' (मगर एशोसियसन युएसए, इङ्क) नामकरण गरिएको छ । सन् २०१० को अक्टोबर २४ तारिख आइतबार मेस ल्यान्डिङ, न्यूजर्सीमा सम्पन्न अधिवेसनले आफ्नो संस्थाको नाम परिवर्तन गर्नुका साथै आगामी दुई वर्ष (सन् २०१०-१२) का लागि ब्रिटिश गोर्खास सेनाका पूर्व लेफ्टिनेन्ट महेन्द्र थापा मगरको अध्यक्षतामा १५ सदस्यीय केन्द्रीय कार्यसमिति‌को चयन र विभिन्न विभागहरूको गठन गरेको छ ।

**अब 'लाङ्घाली' होइन 'मगर'**

पश्चिमी बाह्र मगरात (पाल्पा, तनहुँ, स्याङ्जालगायतका क्षेत्र) का मगर भाषामा 'लाङ्घाली'को अर्थ 'गाउँले' हुन्छ । अमेरिकामा सन् २००४ मा स्थापना भएको मगरहरूको संस्था 'लाङ्घाली एसोसियसन युएसए इङ्क नामबाट सन्चालनमा आए पनि 'लाङ्घाली' (गाउँले) शब्दको सट्टा अमेरिकाको शहरमा बस्ने मगरहरूको सन्दर्भमा "मगर" शब्द बढ्ता सान्दर्भिक र स्पष्ट जातीय सामुदायिक पहिचान हुनुका साथै मगर समुदायमा "खाम' र 'काइके' मगर भाषिका पनि बोलिने भएकोले "लाङ्घाली' शब्द परिवर्तन गर्नुपरेको आयोजकहरूले जानकारी दिएका छन् ।

स्मरण रहोस्, उता नेपालमा विसं २०३६ सालमा पहिलो अधिवेशन सम्पन्न गरेको मगरहरूको साझा संस्था "नेपाल लाङघाली परिवार संघ"ले आफ्नो नाम परिवर्तन गरी "नेपाल मगर संघ" बनाइसकेको छ ।

**नयाँ कार्यसमितिमा को को चुनिए ?**

आफ्नो परिवर्तित नामसँगै अधिवेशनले निम्नानुसारको केन्द्रीय कार्यसमिति, सल्लाहकार बोर्ड, केन्द्रीय विभागहरूको संयोजक र राज्य प्रतिनिधिहरूको मनोनयन गरेको छ :

| | |
|---|---|
| अध्यक्ष : | महेन्द्र के. थापा मगर, न्यू जर्सी |
| प्रथम उपाध्यक्ष : | दलबहादुर रोका मगर, मेरिल्यान्ड |
| दोस्रो उपाध्यक्ष : | राजेश थापा मगर, न्यूयोर्क |
| महासचिव : | टिकाकुमार पुन मगर, भर्जिनिया |
| सह-सचिव : | मानबहादुर राना मगर, न्यूयोर्क |
| कोषाध्यक्ष : | विष्णुबहादुर पुन मगर, न्यूयोर्क |
| सह-कोषाध्यक्ष : | प्रवीण राना मगर, मेरिल्यान्ड |

**बोर्ड सदस्यहरू :**

- प्रेमबहादुर पुलामी मगर, न्यू हेम्प्सायर
- बखान थापा मगर, क्यालिफोर्निया
- देवेन्द्र थापा मगर, न्यू जर्सी
- धनमान थापा मगर, फ्लोरिडा
- कुमार थापा मगर, न्यूयोर्क
- लक्ष्मी राना मगर, न्यू जर्सी
- देवु थापा मगर, कनेक्टिक्ट
- ताराप्रसाद पुन मगर, जर्जिया

**सल्लाहकार समिति**

- प्रा. बिके राना मगर, म्यासाचुसेट्स
- दलबहादुर बुढाथोकी मगर, पूर्वअध्यक्ष, युके
- प्रदीप थापा मगर, पत्रकार, न्यू जर्सी
- रूद्रबहादुर थापा आले मगर, न्यू जर्सी

**विभागीय संयोजकहरू**

- विदेश विभाग : दुर्लभ मगर, पूर्वमहासचिब, न्यूयोर्क
- मिडिया (सञ्चार) विभाग : डीबी पुन मगर, वासिङ्टन
- सांस्कृतिक बिभाग : राजकुमार पुन मगर, भर्जिनिया
- सदस्यता विभाग : मानबहादुर राना मगर, न्यूयोर्क
- खेलकुद बिभाग : खोमबहादुर थापा मगर, न्यूयोर्क
- विद्यार्थी तथा बालबालिका विभाग : यज्ञ थापा मगर, न्यू जर्सी
- महिला सशक्तीकरण बिभाग : अनिता थापा मगर, न्यू जर्सी

**राज्य प्रतिनिधिहरू**

- डा. गङ्गाप्रसाद पुन मगर, भर्जिनिया
- पदम पुन मगर, मेरिल्यान्ड
- बखान थापा मगर, क्यालिफोर्निया
- प्रेमबहादुर पुलामी मगर, न्यू हेम्प्सायर
- निर्मल थापा मगर, पेन्सिल्भानिया
- डा. तोमल राना मगर, टेक्सास
- देवु थापा मगर, कनेक्टिकट
- धनमान थापा मगर, फ्लोरिडा
- ताराप्रसाद पुन मगर, जर्जिया

**लाङ्घाली आपत्कालीन कोषको स्थापना**

त्यसैगरी, अधिवेशनद्वारा लाङ्घाली आपत्कालीन कोष (Langhali Emergency Fund) र Student Scholarship Revolving Fund स्थापना गरिएको छ । हाललाई अधिवेशनमा सहभागी मगरहरूद्वारा सङ्कलित झन्डै २ हजार अमेरिकी डलर लाङ्घाली आपत्कालीन कोशमा जम्मा गरिसकिएको संघका निवर्तमान महासचिव तथा विदेश विभाग प्रमुख लबकुमार बुढा मगरले युएस नेपाल अनलाइनलाई जानकारी गराए ।

**गायकद्वय जगदीश समाल मगर र राजेश थापा मगर सम्मानित**

यसैबीच, संघद्वारा अधिवेशनमा नेपालका चर्चित गायक जगदीश समाल मगर, जो न्यूयोर्कमै रहेका छन् र न्यूयोर्कमा चर्चित गायक तथा उद्घोषक राजेश थापा मगरलाई नेपाली र मगर सांस्कृतिक प्रवर्द्धन गरेको र प्रतिष्ठा बढाएकोमा सम्मान गरिएको छ । संघका अध्यक्ष महेन्द्र थापा मगरले गायकद्वयलाई खादा ओढाई, पुष्पगुच्छा प्रदान गर्दै कदरपत्रद्वारा सम्मान गरेका थिए ।

संघले यसअघि मगर स्टडिज सेन्टरका अध्यक्ष डा. गोबिन्दप्रशाद थापा मगर (२००६), प्रा. बिके राना मगर (२००७), महावीर पुन मगर (२००७), प्रदीप थापा मगर (२००८), टङ्क मगर (२००८), क्रान्ति आले मगर (२००८), शिला आले मगर (२००८), इन्दिरा राना मगर (२००९), युएसनेपालअनलाईन (२००९), रामकुमारी झाँक्री मगर (२०१०), अर्जुनप्रसाद मैनाली (२०१०), फटिक थापा मगर (२०१०) र गायक सुमन बुढा मगर (२०१०) लाई सम्मान गरिसकेको छ ।

# न्यूजर्सीमा मगर संघ अमेरिकाको पाँचौं अधिवेशन सम्पन्न




न्यूजर्सी । मगर संघ अमेरिकाको पाँचौं अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले क्या. दलबहादुर रोका मगरको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमितिको चयन गरेको छ । सेप्टेम्बर १६ तारिख आइतवार न्यू जर्सीको म्याज्लान्डिङ शहरमा आयोजित उक्त अधिवेशनबाट सन् २०१२-१४ का लागि निर्वाचित कार्यसमिति, सल्लाहकार समिति र राज्य प्रतिनिधिहरू चयन गरिएको हो । उक्त अधिवेशनको उद्घाटन समारोहमा युवा विभाग संयोजक यज्ञकुमार थापा मगरले स्वागत मन्तव्य राखेका थिए भने सल्लाहकारद्वय रूद्रबहादुर थापा आले मगर र प्रदीप थापा मगर, निर्वाचन प्रमुख तथा भर्जिनिया राज्य प्रतिनिधि डा. गंगाप्रसाद पुर्जा पुन मगर, मेरिल्यान्ड राज्य प्रतिनिधि पदम पुन मगर, नेपाल आदिवासी जनजाति महिला महासंघ अमेरिका अध्यक्ष संगिनी राना मगर, लोक गायक सुमन बुढा मगर र संघका प्रथम उपाध्यक्ष क्या. दलबहादुर रोका मगरले सम्बोधन गरेका थिए । संघका महासचिव टीकाकुमार पुन मगरले सञ्चालन गरेको उक्त उद्घाटन समारोहको सभापतित्व अध्यक्ष लेफ्टिनेन्ट महेन्द्रकुमार थापा मगरले गरेका थिए ।

*- Pratha Magar in New York*
*साभारः www.usnepalonline.com/magar/*



## Life Members of Magar Association USA

Mr. Min Bahadur Thapa Magar, Florida / 2006
Mr. Dal Bahadur Budhathoki Magar, New York/now in UK / 2007
Mr. Hem Chandra Rana Magar, New York / 2008
Mr. Mahendra K Thapa Magar, New Jersey / 2008
Mr. Khom Bahadur Thapa Magar, New York / 2008
Mr. Devendra Thapa Magar, New Jersey / 2008
Mr. Man Bahadur Rana Magar, New York / 2008
Mr. Bishnu Pun Magar, New York / 2008
Mr. Dhan Man Thapa Magar, Florida / 2008
Mr. Durlabh Magar, New York / 2009
Mr. Debu Thapa Magar, Connecticut / 2011
Mr. Tika K. Pun Magar, Virginia / 2011
Dr. Nita Thapa Magar, Souh Carolina / 2014
Dr. Samar Paija Magar, Souh Carolina / 2014

## कार्यसमिति २०१५–२०१७

President : Mr. Rudra Ale Magar
1st V. President : Mr. Bakhan Thapa Magar
Vice President : Ms. Lachhimi K Rana Magar
Vice President : Ms. Asha Pun Magar
Vice President : Mr. Kumar Khamcha Magar

General Secretary :
Mr. Man Bahadur Rana Magar
Joint Secretary: Narendra Thapa Magar
Joint Secretary : Dipak Rana Magar
Treasurer : Anita Thapa Magar
Joint Treasurer : Prabin Rana Magar
Joint Treasurer : Ruku Rana Magar
Members: Mr. Ambar Rajan Magar
Mr. Bishnu Rana Magar
Mr. Keshab Thapa Magar
Mr. Kul Bahadur Rana Magar
Mr. Tara Pun Magar
Mr. Dhan Thapa Magar
Ms. Nutan Thapa Magar
Mr. JItesh Thapa Magar

State Representatives :
Mr. Prem Pulami Magar - NH
Mr. Debu Thapa Magar - CT
Mr. Abhin Thapa Magar - CA
Mr. Ram Tilija Magar - VA
Mr. Madhuram Thapa Magar - PA
ADVISERS :
Cap. Dal Bahadur Roka Magar
Mr. Mahendra Kumar Thapa Magar
Dr. Ganga Prasad Purja Magar
Dr. Nita Thapa Magar
Mr. Tika Kumar Pun Magar
Mr. Durlabh Magar
Mr. Moti Prasad Thapa Magar
DEPARTMENT COORDINATIORS
Finance: Devendra Thapa Magar
Women: Laxmi Rana Magar
Media: Pradeep Thapa Magar
Membership: Narendra Thapa Magar
Foreign: Man Bahadur Rana Magar
Sports: Khom Bahadur Thapa Magar
Volley ball Captain: Hari Prasad Rana Magar
Culture: Suman Budha Magar
Student: Kumar Khamcha Magar

# न्यूयोर्कमा ३०औं
# 'मगर दिवस' २०१२ सम्पन्न




न्यूयोर्क । मगर संघ अमेरिकाद्वारा ३०औं 'मगर दिवस' मनाइएको छ । सन् २०१२ फेब्रुअरी २६ तारिख आइतबार न्यूयोर्कको मुस्ताङ थकाली किचेन ज्याक्सन हाइटमा मनाइएको कार्यक्रममा संस्थाका भूतपूर्व महासचिव लब के बुढा मगरले संस्था सञ्चालनमा आफ्नो अनुभव सुनाउँदै सबै मगरहरूले जहाँबाट जस्तो तवरबाट सकिन्छ, संस्थालाई सहयोग गर्नुपर्ने धारणा व्यक्त गरे ।

संस्थाका सल्लाहकार प्रदीप थापा मगरले मगरहरूले हरेक वर्ष विश्वभरि मगर दिवस मनाउनुको ऐतिहासिक कारणहरू जानकारी गराए । उनले नेपालमा मगर समुदायको साझा संस्था नेपाल मगर संघको प्रथम महाधिवेशन सम्पन्न भएको दिन अर्थात् विसं २०३९ साल फागुन १४, १५ र १६ गतेलाई स्मरण गर्न 'मगर दिवस' मनाउने परम्परा रहेको जानकारी गराए । उता संस्थाकी संस्थापक सदस्य वरमाया बुढा मगरले संस्थाका लागि सक्रिय रूपमा लागि पर्नुपर्ने सबैको कर्तव्य भएको बताइन् ।

कार्यक्रममा सचिव मानबहादुर राना मगरले संस्थाद्वारा वार्षिक रूपमा नियमित आयोजना गर्दै आएको कार्यक्रमहरू- माघे संक्रान्ति-माघ १ गते, नेपालको प्रथम शहीद लखन थापा मगरको स्मृति दिवस- फागुन २ गते, मगर दिवस -फागुन १५ गते र वार्षिक सांस्कृतिक कार्यक्रम- मे महिनाको अन्तिम हप्तातिर आयोजना गरिने कुरा जानकारी गराए । संस्थाद्वारा नेपाल मगर विद्यार्थी संघलाई कम्प्युटरलगायत कार्यालय सामग्री खरिद गर्न र नेपाल मगर संघ तथा नेपाल मगर विद्यार्थी संघको राष्ट्रिय महाधिवेशनका लागि आर्थिक सहयोग गरेको जानकारी गराउँदै अहिले अमेरिकाको क्यालिफोर्नियामा लामो समयदेखि क्यान्सर रोगबाट पीडित वीरबहादुर पुन मगरको स्वास्थ्योपचार र नेपालबाट भर्खरै आएका उनको ५ वर्षको छोरा र श्रीमतीका लागि आर्थिक सहयोग संकलन गर्ने प्रक्रियामा रहेको जानकारी गराए ।

कार्यक्रममा कलाकार अनिल रोका मगर र कृति थापा रोका मगरले संस्थाका उपाध्य तथा गायक राजेश थापा मगरलाई 'यो मन त नेपाली हो' लेखिएको टि-सर्ट र सचिव मानबहादुर राना मगरलाई प्रथम शहीद लखन थापा मगरको आकृति प्रिन्ट गरिएको टि-सर्ट उपहारस्वरूप प्रदान गरेका थिए ।

*- Manbahadur Rana Magar in New York*
*साभारः www.usnepalonline.com/magar*

# मगर संघ अमेरिकाद्वारा
# विभिन्न व्यक्तित्वहरू सम्मानित



Ex. AIG
Dr. Govinda P. Thapa
Magar-2006




Mahabir Pun
Magar-2007



BK Rana
Magar-2007


न्यूयोर्क । मगर संघ अमेरिकाले आफ्नो १० वर्षको अवधिमा विभिन्न व्यक्तित्वहरूलाई सम्मान गर्दै आएको छ । तत्कालीन 'लाङ्घाली एशोसिएशन युएसए' (हालको 'मगर संघ अमेरिका') ले सर्वप्रथम सन् २००६ मा नेपाल प्रहरीका पूर्वएआइजी एवम् मगर स्टडिज सेन्टरका अध्यक्ष डा. गोविन्दप्रसाद थापा मगरलाई न्यूयोर्कमा स्वागत र सम्मान गरेको थियो । त्यसैगरी, सन् २००७ मा नेपालका सुपरिचित समाजसेवी महावीर पुन मगर र प्राध्यापक बिके राना मगरलाई सम्मान गरेको थियो । संघले सन् २००८ मा यूएस नेपाल अनलाइन डट कमका प्रधान सम्पादक प्रदीप थापा मगर, म्याराथन धावक टङ्क मगर, नेपालका चर्चित पपगायक क्रान्ति आले मगर र लोक गायिका शीला आले मगरलाई सम्मान गरेको थियो ।

सन् २००९ मा नेपालकी समाजसेवी इन्दिरा राना मगर र सन् २०१० मा नेपालका पूर्वसांसद् फटिक थापा मगर, युवानेत्री रामकुमारी झाँक्री मगर, न्यूयोर्कका समाजसेवी एवम् रक्तदानमा अग्रणी अर्जुनप्रशाद मैनाली र चर्चित लोकगायक सुमन बुढा मगरलाई सम्मान गरेको थियो । यसैबीच, सन् २०१० को अक्टोबर २४ तारिख मेस ल्यान्डिङ, न्यूजर्सीमा सम्पन्न संघको चौथो अधिवेशनमा नेपालका चर्चित गायक जगदीश समाल मगर, न्यूयोर्कमा चर्चित गायक तथा उद्घोषक राजेश थापा मगरलाई नेपाली र मगर सांस्कृतिक प्रवर्धन गरेको र प्रतिष्ठा बढाएकोमा सम्मान गरिएको थियो । संघले सन् २०११ मा समाजसेवी तथा ब्याबसायी गोर्खा एडुकेसन ग्रुप प्रालिका संस्थापक अध्यक्ष लेफ्टिनेन्ट मानबहादुर बुढा मगरलाई सम्मान गरेको थियो । त्यसैगरी, संघले सन् २०१२ मा भारतका लागि बक्सिङ

| | | | | |
|---|---|---|---|---|
| <br>Pradeep Thapa Magar-2008 | <br>Tanka Magar-2008 | <br>Kranti Ale Magar-2008 | <br>Shila Ale Magar-2008 | <br>Indira Rana Magar-2009 |
| <br>Ex-MP Fatik Thapa Magar-2010 | <br>Ramkumari Jhankri Magar-2010 | <br>Arjun P. Mainali-2010 | <br>Jagdish Samal Magar-2010 | <br>Suman Budha Magar-2010 |
| <br>Rajesh Thapa Magar-2010 | <br>Lt. Rtd. Man B. Budha Magar-2011 | <br>Debendra Thapa Magar-2012 | <br>Dr. Ganga Purja Magar-2012 | <br>Dr. Deu Kumar Pun Magar-2012 |
| <br>Bindu Thapa Magar-2012 | <br>Jhak B Thapa Magar-2013 | <br>Hum B Thapa Magar-2013 | <br>Bishanu Thapa Magar-2015 | <br>Durga Pun Magar-2015 |
| <br>Chakra Bdr Budhathoki Magar-2015 | <br>Sangita Thapa Magar-2014 | <br>Khada Garbuja Magar-2014 | <br>Tika Kumar Pun Magar-2014 | <br>Nutan Thapa Magar-2014 |

खेलमा ९ ओटा अन्तरराष्ट्रिय स्वर्णपदक (Gold Medal) जितेका र अमेरिकामा पहिलो प्रोफेसनल बक्सिङ खेलाडी मुक्केबाज देवेन्द्र थापा मगर, कलाकार बिन्दु थापा मगर, डा. गंगा पुर्जा पुन मगर र डा. देउ पुन मगरलाई सम्मान गरेको थियो । संघले सन् २०१३ मा नेपाल सरकारको आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान नेपालका उपाध्यक्ष तथा नेपाल मगर संघका पूर्वकेन्द्रीय अध्यक्ष झकबहादुर थापा मगर र हङकङ मगर संघका पूर्वअध्यक्ष तथा नेपाल आदिवासी जनजाति महासंघ हङकङका संस्थापक अध्यक्ष हमबहादुर थापा मगरलाई सम्मान गरेको थियो ।

# 'याँभु' (इन्द्रेणी) इ–जर्नलको प्रकाशन शुरूवात




न्यूयोर्क । अमेरिकामा बसोवास गर्ने मगर समुदायको साझा संगठन 'मगर एसोसियसन युएसए इङ्क' (मगर संघ अमेरिका) ले मगरहरूको राष्ट्रिय पर्व माघे संक्रान्तिको अवसर पारेर अनुसन्धानमूलक मुखपत्र 'याँभु' (इन्द्रेणी) इ–जर्नलको प्रकाशन शुरूवात गरेको छ ।

सन् २०११ को जनवरी १६ तारिख न्यूयोर्क शहरको उडसाइडस्थित सगरमाथा रेस्टुरेन्टमा आयोजित माघे संक्रान्ति पर्व समारोहमा 'याँभु इ–जर्नल' को शुभारम्भ युएस नेपाल अनलाइनका प्रधान सम्पादक तथा उक्त संस्थाका सल्लाहकार प्रदीप थापा मगरद्वारा संघको वेबसाइट www.magarusa.org मा याँभु इ–जर्नलको लिङ्कलाई अनलाइनमा क्लिक गरेर गरिएको थियो । प्रधानसम्पादक थापाले इ–जर्नलको शुभारम्भ गर्दै इ–जर्नलले नयाँ नेपालमा सबै जातजातिले समान रूपमा मौलाउन पाउने वातावरण हुन जरूरी भएको कुरा औंल्याउँदै इ–जर्नलभित्र विभिन्न अनुसन्धाता लेखकहरूद्वारा प्रस्तुत गरिएको तथ्याङ्क प्रस्तुत गर्ने क्रममा नेपालका झन्डै ६ हजार प्राध्यापकहरूमा जनसंख्याको हिसाबले तेस्रो ठूलो जाति मगर समाजका जम्मा ३७ जना हुनु विडम्बना भएको बताए । 'याँभु' (इन्द्रेणी) इ–जर्नलको प्रधान सम्पादक कान्तिपुर दैनिककी सहायक सम्पादक स्मिता मगर हुन् भने कार्यकारी सम्पादक डिबी पुन मगर र कला निर्देशक विष्णुबहादुर पुन मगर (न्यूयोर्क) हुन् ।

# मगर संघ अमेरिकाद्वारा माघे संक्रान्ति पर्व मनाउने परम्परा




न्यूयोर्क । मगर संघ अमेरिकाको आयोजनामा अमेरिकी मगरहरूले सन् २०१० सालदेखि सामूहिक रूपमा अमेरिकाको विभिन्न राज्यका शहरहरूमा माघे संक्रान्ति पर्व मनाउँदै आएका छन् । सन् २०१०, २०११ र २०१४ मा न्यूयोर्क राज्यको कुइन्स न्यूयोर्क शहरमा, सन् २०१२ मा न्यू जर्सी राज्यको एटलान्टिक सिटीमा, सन् २०१३ र २०१४ मा मेरिल्यान्ड राज्यको बाल्टिमोर र सन् २०१४ मा क्यालिफोर्निया राज्यको लस एन्जलस शहरमा माघे संक्रान्ति पर्व धुमधामसँग मनाइएको छ ।

**सन् २०१५ को माघे संक्रान्ति**

विश्व भरीका मगर समुदायले विशेष रूपमा मनाउने नेपाली राष्ट्रिय पर्व 'माघे संक्रान्ति' मगर संघ अमेरिकाले पनि भव्य रूपमा मनाएको छ । जनवरी १७, शनिबारको दिन बाल्टिमोरमा र आइतबार न्युजर्सिमा विशेष कार्यक्रम गरी यो पर्व मनाईएको हो ।

'माघे संक्रान्ति-२०१५' कार्यक्रममा विभिन्न क्षेत्र र पेशासँग आवद्ध मगर मुदायको विशेष उपस्थिति रहेको थियो । बाल्टिमोरमा आयोजना गरिएको कार्यक्रम बेलुकी ७ बजे देखि

मध्यरातसम्म चलेको थियो भने न्युजर्सिमा आयोजित कार्यक्रम आईतरबा मध्यान्ह देखि बेलुकी ६ बजेसम्म चलेको थियो । कार्यक्रममा नेपाली परिकारहरूको विशेष प्रदर्शनी तथा बालबालिकाहरुले विभिन्न नृत्य प्रस्तुत गरेका थिए । बाल्टिमोरमा भएको कार्यक्रममा विभिन्न क्षेत्रमा विशेष योगदान पुर्‍याउने तीन जना व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो । संघले व्यवसायिक महिला पाईलट विष्णु थापा मगर, पाइलट दुर्गा पुन मगर र डा. चक्र बुढा मगरलाई सम्मान गरेको हो ।

### सन् २०१४ को माघे संक्रान्ति

सन् २०१४ को जनवरी २० तारिख सोमबार न्यूयोर्कको ज्याक्सन हाइट्सस्थित शेर्पा किदुग भवनमा मनाइएको उक्त पर्वमा मगर चेलीहरूले आ–आफ्नो घरमा बनाएर ल्याएको मासको दालबाट बनेको बारा रोटी, तरूल, सेल रोटी, मूलाको अचार, नेपाली खानाको परिकार उपस्थित पाहुनाहरूलाई खुवाइएको थियो ।

माघे संक्रान्ति मगरहरूको मौलिक पर्व हो । तर, यो पर्व नेपालका विभिन्न जातजातिहरूले आआफ्नो संस्कृतिअनुसार मनाउँदै आएको पाइन्छ । हिन्दू धर्मावलम्बी समाजले माघे संक्रान्तिलाई मकर संक्रान्ति भनेर मनाउने प्रचलन छ । नेपाल सरकारले सन् २००९ मा मगरहरूले मनाउने माघे संक्रान्ति र थारूहरूले मनाउने माघीलाई उनीहरूको राष्ट्रिय पर्वका रूपमा मनाउने घोषणा गरेको थियो ।

न्यूयोर्कमा सम्पन्न उक्त माघे संक्रान्ति पर्व मनाउने कार्यक्रममा संघका महासचिव मानबहादुर राना मगरले माघे संक्रान्ति पर्व सन् २००९ देखि अमेरिकामा बसोबास गर्ने मगरहरूले सामूहिक रूपमा मनाउन शुरू गरेको जानकारी दिँदै यसपालीदेखि अमेरिकाको क्यालिफोर्निया, बाल्टिमोर, न्यूयोर्क र न्यू जर्सी राज्यमा सबैलाई पाहिक पर्ने गरी मनाउन शुरू गरिएको बताए । उता मगर संघ अमेरिकाका सल्लाहकार रहेका पत्रकार प्रदीप थापा मगरले माघे संक्रान्तिबारे जानकारी दिँदै ढुङ्गे युगदेखि मगर पुर्खाहरूले खनिखोस्री खाँदै आएको तरूल, भ्याकुर खाने परम्परालाई कायम राख्नु आफ्नो पुर्खाको इतिहासलाई सम्झनु हो भन्दै माघे संक्रान्ति पर्व समग्र नेपाली समाजमा प्रचलनका रूपमा विकसित हुनु गर्वको कुरा भएको बताए ।

कार्यक्रममा न्यूयोर्कमा रहेका मगरहरूको सहभागिता रहेको थियो भने विभिन्न समुदायका प्रतिनिधिहरू र पत्रकारहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा गायक जगदीश समाल मगरले आधुनिक गीत प्रस्तुत गरेका थिए भने लोक गायकद्वय सुमन बुढा मगर र राजेश थापा मगरले नेपालबाट भर्खरै न्यूयोर्क आइपुगेकी चर्चित लोकगायिका निशा सुनारसँग मिलेर 'झिम झिम सानु नझिम्काऊ परेली' भाखामा लोकदोहोरी गीत प्रस्तुत गरेका थिए ।

तारादेवी चिडी मगर र रूकु राना मगरले मगरहरूको लोकप्रिय कौरा नृत्य प्रस्तुत गरेका थिए भने यशोदा खालिङ राईले नेपाली लोकनृत्य प्रस्तुत गरेकी थिइन् । उता वसन्त डान्स सेन्टरका नृत्य निर्देशक विजयमान नकर्मी र झन्कार डान्स सेन्टरका नृत्य निर्देशक धरमवीर लामा ह्योल्मोको आकस्मिक नृत्य प्रस्तुतिले पाहुनाहरूलाई अचम्ममा पारेको थियो । माघे संक्रान्ति पर्वमा संक्रान्तिको दिन मगर पुरूषहरूले आफ्ना चेलीबेटीहरूलाई परम्परागत रूपमा बन तरूल र दक्षिणा (पैसा) दिएर पूजा गर्ने चलन छ । यसलाई निस्रो दिने या खुवाउने भनिन्छ । बिहे भइसकेका चेलीहरूले पनि निस्रो खान माइत आउँदा बाराको रोटी, शिकार, रक्सीको कोशेली लिएर आफ्नो दाजुभाइलाई भेट्न आउने प्रचलन छ ।






**पाल्पाकी मृगौला पीडित सीता थापा मगरको सहयोगार्थ ६ सय ५७ डलर संकलन**

यसैबीच, सोही कार्यक्रममा पाल्पा जिल्लाको फोक्सिङ–१, आर्यभञ्ज्याङ निवासी १९ वर्षीय मृगौला पीडित सीता सिँजाली थापा मगरको सहयोगार्थ ६ सय ५७ डलर अनुदान संकलन गरिएको छ । कार्यक्रममा मृगौला पीडित थापा मगरबारे तयार पारिएको भिडियो प्रदर्शन गरिएको थियो ।

**सन् २०१३ को माघे संक्रान्ति**

बाल्टिमोर– मगर संघ अमेरिकाको आयोजनामा मेरिल्यान्ड राज्यको बाल्टिमोर शहरमा जनवरी १२, शनिवार माघे संक्रान्ति पर्व धुमधामसँग मनाइएको छ । अमेरिकाको पेन्सिलभेनिया, न्यूयोर्क, न्यू जर्सी, मेरिल्यान्ड र भर्जिनियाबाट झन्डै एक सय बढीको उपस्थिति रहेको सो कार्यक्रममा संस्थाको अध्यक्ष क्या. दलबहादुर रोका मगरले नेपालीहरूको राष्ट्रिय चाडमध्ये माघे संक्रान्ति विश्वभरिका मगरहरूले विशेष महत्वका साथ मनाउँदै आएको पर्व भएकाले मगर संघ अमेरिकाले पनि २०१० देखि माघे संक्रान्ति पर्व प्रत्येक वर्ष अमेरिकाको विभिन्न शहरमा मनाउँदै आएको जानकारी गराउँदै कार्यक्रम सम्पन्न गर्न सहयोग गर्ने तथा उपस्थित सबैलाई हार्दिक धन्यवाद व्यक्त गरे ।

संस्थाको सल्लाहकार संगिनी राना मगरले सम्बोधन गर्दै हाम्रो रीति-रिवाज र संस्कृति नै हामीलाई पुर्खाले दिएको अमूल्य उपहार हो, सम्पत्ति हो भन्दै हामीले हाम्रो संस्कृति र रीति रिवाजको संरक्षण र संवर्द्धन गर्न अग्रसर हुनुपर्नेमा जोड दिइन् ।

स्कुलस्तरका भाइबहिनीहरूलाई नेपाली संस्कृतिप्रति आकर्षित गराउन नेपाली गीतमा नृत्य प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगितामा प्रथम अनिशा घर्ती मगर (पेन्सिलभेनिया), दोस्रो– सिर्जना थापा मगर (न्यूजर्सी) र तेस्रो– शीतल तुलाचन (बाल्टिमोर) तथा बाह्रं वर्षमुनिका विजेता निर्जल थापा मगर (न्यूजर्सी) लाई आकर्षक ट्रफी प्रदान गरियो । प्रतियोगितामा सहभागी गीता थापा मगर (न्यूजर्सी) र सजनी रोका मगर (बाल्टिमोर) लाई पनि सहभागिताका लागि ट्रफी प्रदान गरी धन्यवाद दिइयो । नृत्य प्रतियोगिता कार्यक्रम संस्थाका सचिव बेक पुर्जा मगरले सञ्चालन गरेका थिए । त्यस्तै, विद्यार्थी तथा बालबालिका विभाग संयोजक यज्ञ थापा मगरको सक्रियतामा मसिना केटाकेटीहरूका लागि विभिन्न नेपाली चित्रहरूमा रंग भर्ने र चित्र पहिचान गराउनेजस्ता प्रतियोगिता गराई हौसलाका लागि विभिन्न गिफ्ट प्रदान गरियो ।

तरूल, सेलरोटी, आलुदम, अचार अनि कार्यक्रम स्थलमै गरिएको बाबिर्क्यु (ससेज, विङ्ग्स), कार्यक्रम हलकै चुलोमा पकाइएको दाल, भात र खसीको मासुको स्वादसँगै न्युयोर्कबाट जानुभएकी

तारा चिदी मगरको आकर्षक नृत्य तथा भर्जिनियाबाट आउनुभएकी मन्जु पुन मगर र बाल्टिमोर निवासी श्याम गुरूङको गीतमा सबैले रमाइलो गरेका थिए । यसैबिच, उता क्यालिफोर्नियामा संस्थाको प्रथम उपाध्यक्ष बखन थापा मगरको निवासमा लस एञ्जलस क्षेत्रका मगरहरूको उपस्थितिमा घरमै तयार गरिएको नेपाली परिकारहरूको साथमा माघे संक्रान्ति धुमधामसँग मनाइएको छ ।

**सन् २०१२ को माघे संक्रान्ति**

**अमेरिकामा पहिलो नेपाली प्रोफेसनल बक्सर देवेन्द्र थापा मगर सम्मानित**

न्यूजर्सी । मगर संघ अमेरिकाको आयोजनामा नेपाली–अमेरिकी मगरहरूले माघे संक्रान्ति पर्व धुमधामसँग मनाएका छन् । उक्त अवसरमा भारतका लागि बक्सिङ खेलमा ९ वटा अन्तरराष्ट्रिय स्वर्णपदक जितेका र अमेरिकामा पहिलो व्यावसायिक बक्सिङ खेलाडी बनेका मुक्केबाज नेपाली छोरो देवेन्द्र थापा मगरलाई सम्मान गरिएको छ । जनवरी २२ तारिख न्यू जर्सीको एट्लान्टिक सिटी नजिकै मेस ल्यान्डिङमा मनाइएको उक्त माघे संक्रान्ति कार्यक्रममा बक्सर थापाको सम्मानका साथै मगर कलाकारहरूद्वारा विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

मगर संघ अमेरिकाको अध्यष ब्रिटिश सेनाका अवकाशप्राप्त लेफ्टिनेन्ट महेन्द्र थापा मगरको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा युएस नेपाल अनलाइनका प्रधान सम्पादक तथा संघका सल्लाहकार प्रदीप थापा मगरले बक्सर थापाको खेल जीवनका बारेमा प्रकाश पार्दै माघे संक्रान्तिको महत्वबारेमा आफ्नो धारणा राखेका थिए भने मगर महिला संघकी संस्थापक अध्यक्ष संगिनी राना मगरले मगर महिलाहरूको सशक्तीकरणबारे आफ्नो मन्तव्य राखेकी थिइन् । कार्यक्रममा स्वागत मतव्य संघको विद्यार्थी तथा बालबालिका विभाग संयोजक यज्ञ थापा मगरले गरेका थिए भने पहिलो सत्रको सञ्चालन संघका सचिव मानबहादुर राना मगरले गरेका थिए । तरूल, सखरखन्ड, सेल, बटुके (बारा) रोटी, कुखुरा र खसीको मासु, मुलाको अचार र पुलाउको स्वादसँगै उपस्थित मगर बन्धुहरू चर्चित युवा लोकगायक सुमन बुढा मगर, राजेश थापा मगर, मन्जु पुन मगर, शेरबहादुर थापा मगर र केशव थापा मगरको गीतमा झुमेका थिए ।

कलाकारहरू अनिशा घर्ती मगर, गीताकुमारी थापा मगर र सृजना थापा मगरको नृत्य प्रस्तुति रहेको उक्त कार्यक्रममा कविता वाचन गर्ने कवियित्रीहरूमा मन्जु पुन मगर र सृजना थापा मगर थिए । सांस्कृतिक कार्यक्रमको रोचक सन्चालन कलाकार तथा संघका द्वितीय उपाध्यक्ष राजेश थापा मगरले गरेका थिए । कार्यक्रममा संघमा आजीवन सदस्यहरूलाई सम्मान पत्र प्रदान गरिएको थियो । उता विद्यार्थी तथा बालबालिका विभाग संयोजक यज्ञ थापा मगरको सक्रियतामा बालबालिकाहरूका लागि नेपाली धरोहर, मगर जाति र संस्कृतिसम्बन्धी चित्रहरूमा रङ भर्ने र पहिचान गर्ने प्रतियोगिताको आयोजना गरिएको थियो ।

न्यूयोर्क, न्यू जर्सी, पेन्सलभानिया, भर्जिनिया, वासिङ्टन डिसीलगायतबाट भेला भएका झन्डै ८० जना मगरहरूको जमघटमा विशेषगरी मगर महिलाहरू परम्परागत मगर पहिरनमा सजिएर उपस्थित भएका थिए । पहिलो नेपाली–अमेरिकी प्रोफेसनल बक्सिङ खेलाडी देवेन्द्र थापा मगर को हुन् ? नेपालमा स्याङ्जा जिल्लाको राङभाङ घर भएका देवेन्द्र थापा मगर अमेरिकामा सन् १९९८ देखि २००६ सम्म २८ ओटा व्यावसायिक बक्सिङ (pro-boxing) भीडन्तहरूमा खेलेर नेपालको नाम चम्काउन सफल भएका गर्विला व्यक्तित्व हुन् । २८ खेलमा

उनले २० वटा खेलमा आफ्नो प्रतिद्वन्द्वीलाई गोर्खाली मुक्काले नराम्रो गरी हराउन सफल भएका थिए । त्यसै कारण उनी अमेरिकी खेल जगत्मा 'नेपाल टाइगर'को नामले चर्चित बन्न पुगेका थिए । जसमध्ये १३ जित त नकआउट  नै थियो । २८ खेलमा उनले शिर्फ ६ पटक हार बेहोर्नुपरेको थियो ।

सन् २००१ मा उनको १६ औं भिडन्त हेर्न न्यू जर्सीको एटलान्टिक सिटी पुगेको यो पंक्तिकारले उनी १५ औं पटकको भिडन्तसम्म अपराजित रहेको रेकर्ड थाहा पाउँदा गर्वले छाती धक्क फुलाएको र शिर उँचो पारेको थियो । त्यति मात्र कहाँ हो र, उनले भारतीय गोर्खाली सेनामा सन् १९९२ मा भर्ती भएको एक वर्षपछि अर्थात् सन् १९९३ देखि १९९७ सम्म २ राष्ट्रिय र १५ वटा अन्तरराष्ट्रिय बक्सिङ खेलकुदमा ९ स्वर्ण, ६ कास्य र १ रजत पदक जितिदिएर नेपालको छिमेकी मुलुक भारतलाई विश्वमा चम्काउने खेलाडी पनि यिनै लाहुरे मुक्केबाज हुन् ।

**सन् २०११ को माघे संक्रान्ति**

**'याँभु' (इन्द्रेणी) इ–जर्नल प्रकाशन शुरूवात**

न्यूयोर्क– अमेरिकामा बसोबास गर्ने मगर समुदायको साझा संगठन "मगर एसोसियसन युएसए इङ्क (मगर संघ अमेरिका) को आयोजनामा न्यूयोर्क शहरको उडसाइडस्थित सगरमाथा रेस्टुरेन्टमा मगरहरूको राष्ट्रिय पर्व माघे संक्रान्ति धुमधामसँग मनाइएको छ । दुई वर्षअघि नेपाल सरकारद्वारा मगरहरूको राष्ट्रिय पर्वका रूपमा घोषणा गरिएको माघे संक्रान्ति पर्व नेपाल र विश्वभरका मगरहरू मात्र होइन, अन्य नेपाली समुदायले पनि विभिन्न रूपमा मनाउने प्रचलन छ ।

न्यूयोर्कमा मनाइएको उक्त पर्वमा मगर र अन्य कलाकारहरूले विभिन्न सांगीतिक कोशेली प्रस्तुत गरेर संक्रान्ति पर्वलाई अरू सार्थक बनाएका थिए भने निम्तालुहरूले सेल रोटी, तरूल, सखरखन्ड, मुलाको अचारको स्वाद चाख्न पाएका थिए । कलाकारहरू जगदिश समाल मगर, सुमन बुढा मगर, राजेश थापा मगर, यशोदा खालिङ राइले आ–आफ्नो सुमधुर गीत प्रस्तुत गरेर पाहुनाहरूलाई नचाएका थिए भने सुरेशा गुरूङ र रोहना चेजको संगीत, माला राना मगरको नृत्य रहेको थियो । त्यसैगरी, कुन्ती थापा र रूपा थापाद्वारा कविता पाठ गरिएको थियो ।

उक्त अवसरमा मगर बालबालिकाहरूलाई नेपाली परम्पराको जानकारी गराउने उद्देश्यले चित्रकला कार्यक्रम पनि राखिएको थियो, जसमा नेपालको झन्डा, लालीगुराँस र नेपालका प्रथम शहीद कप्तान लखन थापा मगर चित्रण गर्न लगाइएको थियो । यसैबीच, उक्त अवसरमा मगर एसोसियसन युएसए इङ्कको अनुसन्धानमुलक मुखपत्र 'याँभु' (इन्द्रेणी) इ–जर्नलको प्रकाशन शुरूवात गरिएको छ । याँभु इ–जर्नलको शुभारम्भ युएस नेपाल अनलाइनका प्रधान सम्पादक तथा उक्त संस्थाका सल्लाहकार प्रदीप थापा मगरद्वारा संघको वेबसाइट www.magarusa.org मा याँभु इजर्नलको लिङ्कलाई अनलाइनमा क्लिक गरेर गरिएको थियो ।

प्रधानसम्पादक थापाले इ–जर्नलको शुभारम्भ गर्दै इ–जर्नलले नयाँ नेपालमा सबै जातजातिले समान रूपमा मौलाउन पाउने वातावरण हुन जरूरी भएको कुरा औंल्याउँदै इ–जर्नलभित्र विभिन्न अनुसन्धाता लेखकहरूद्वारा प्रस्तुत गरिएको तथ्याङ्क प्रस्तुत गर्ने क्रममा नेपालका झन्डै ६ हजार प्राध्यापकहरूमा जनसंख्याको हिसाबले तेस्रो ठूलो जाति मगर समाजका जम्मा ३७ जना हुनु बिडम्बना भएको बताए । 'याँभु' (इन्द्रेणी) इ–जर्नलको प्रधान सम्पादक कान्तिपुर दैनिककी



सहायक सम्पादक स्मिता मगर हुन् भने कार्यकारी सम्पादक धनबहादुर पुन मगर (सियाटल) र कला निर्देशक विष्णुबहादुर पुन मगर (न्यूयोर्क) हुन् । कार्यक्रमको सञ्चालन संघका सहायक सचिव मानबहादुर राना मगरले गरेका थिए ।

**सन् २०१० को पहिलो माघे संक्रान्ति**

न्यूयोर्क– गत वर्ष सन् २००९ मा मात्र नेपाल सरकारद्वारा राष्ट्रिय पर्वका रूपमा मान्यता पाएको माघे संक्रान्ति अमेरिकामा धुमाधामसँग मनाइएको छ । न्यूयोर्कको कुइन्स शहरस्थित थकाली किचन रेस्टुरेन्टमा गत आइतवार दिउँसो न्यूयोर्क र न्यू जर्सीका मगरहरू सामूहिक रूपमा भेला भएर यसरी माघे संक्रान्ति मनाएका हुन् । लाङ्घाली एसोसिएसन युएसए र इङ्कको आयोजनामा मनाइएको उक्त पर्वमा नेपाली परिकारका साथ माघे संक्रान्तिमा विशेष रूपमा खुवाइने वन तरूल र सेलरोटीले नेपालको झल्को गराएको थियो । न्यूयोर्क आउन नपाएका अन्य मगरहरूले अमेरिकाको विभिन्न राज्यहरू मासाचुसेट्स, टेक्सास, भर्जिनिया, वासिङटन डिसीलगायतमा आ–आफ्नो घरमा इस्टमित्रहरूलाई डाकी माघे संक्रान्ति मनाएका छन् ।

यता न्यूयोर्कको कार्यक्रममा निर्मलकुमार थापा मगरले मगर भाषामा माघे संक्रान्तिको बारेमा प्रकाश पारेका थिए भने कुन्ती थापा मगरले माघे संक्रान्तिबारे कविता सुनाएकी थिइन् । माला राना मगरको नृत्यमा साथ दिने अन्य थुप्रै मगरहरूले सांगीतिक कार्यक्रम निकै छोटो राखिएकोमा आफ्नो धित नमरेको गुनासो गरेका थिए । एसोसिएसनले अपेक्षा गरेभन्दा धेरै ७० भन्दा बेशी मगर र अन्य पाहुनाहरूको ओइरो लागेपछि अर्को साल पर्याप्त स्थलमा आयोजना गरिने जानकारी गराएका थिए । माघे संक्रान्ति पर्बको रमझमका बीच सन् २०१० को अमेरिकी जनगणनामा सबै अमेरिकी नेपालीहरूले भाग लिन किन जरूरी छ भन्ने विषयमा छोटो अन्तरक्रिया भएको थियो । जनगणामा भाग लिनु पर्ने महत्वका बारेमा जन गणनाबारे गठित नेपाली कम्प्लिट काउन्ट कमिटीकी संयोजक लुना रन्जित, आधिकारिक कम्युनिटी अर्गनाइजर नर्वदा क्षेत्री र युएस नेपाल अनलाइनका प्रधान सम्पादक प्रदीप थापा मगरले प्रकाश पारेका थिए ।

*- Reported by Man Rana Magar,*
*Durlabh Magar and Pradeep Thapa Magar*
साभारः *www.usnepalonline.com/magar*

# अमेरिकामा नेपालका प्रथम शहीद लखन थापा मगरको सम्झनामा स्मृति दिवस



**न्यूयोर्कमा प्रथम शहीदको सम्झना : १३७औं लखन थापा मगर स्मृति दिवस (२०१४) सम्पन्न**

न्यूयोर्क । अमेरिकामा बसोवास गर्ने नेपालीहरूले नेपालका प्रथम शहीद लखन थापा मगरको स्मृति दिवस मनाउँदै आएका छन् । सन् २०१४ को फेब्रुअरी १६ तारिख आइतवार न्यूयोर्कको ज्याक्सन हाइट्सस्थित ओम शक्ति मन्दिरमा आयोजित नेपालका प्रथम शहीद लखन थापा मगरको १३७औं स्मृति दिवस संयुक्त रूपमा नेपाल आदिवासी जनजाति महासंघ अमेरिका (फिप्ना), गैरआवासीय नेपाली संघ अमेरिका (NRN USA), नेपाली जनसम्पर्क समिति



अमेरिका, प्रवासी नेपाली मञ्च अमेरिका, नेपाली तराईन संघ अमेरिका र संघीय लिम्बुवान समाज अमेरिकाद्वारा आयोजना गरिएको थियो । स्मृति समारोहमा संयुक्त राष्ट्र संघका लागि नेपालका स्थायी प्रतिनिधि महामहिम राजदूत दुर्गाप्रसाद भट्टराई प्रमुख अतिथिका रूपमा उपस्थित थिए भने विशेष अतिथि मिनिस्टर काउन्सिलर घनश्याम लम्साल उपस्थित थिए । समारोहमा ३५ ओटा संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरू उपस्थित थिए ।

**प्रथम शहीद लखन थापा मगर को हुन् ?**

नेपालका प्रथम शहीद कहलिएका लखन थापा मगरको जन्म सन् १८३५ मा नेपालको गोर्खा जिल्लाको बुङकोटमा भएको थियो । प्रथम शहीद थापालाई जहानियाँ राणा शासनको विरोध गर्दा श्री ३ जंगबहादुर राणाको ठाडो आदेशमा १३७ वर्षअघि विसं १९३३ (सन् १८७६) फागुनको पहिलो हप्ता उनकै गाउँ गोर्खा जिल्लाको बुङकोटमा झुन्ड्याई मारिएको थियो । उक्त स्मृति दिवस समारोहमा देशका लागि जीवन बलिदान दिने ज्ञात अज्ञात शहीदहरूको आत्माको चिर शान्तिको कामना गर्दै एक मिनेट मौनधारण गरी सुरू गरिएको थियो भने प्रथम शहीद लखन थापा मगरको तस्वीरमा परम्परागत खादा चढाई श्रद्धासुमन व्यक्त गरिएको थियो ।

स्मृति समारोहमा प्रथम शहीद लखन थापा मगरप्रति समर्पित विशेष शहीद गीत "सेनानी हे मुक्तिका युगपुरूष लखन, चढाउँछौं, हार्दिक मनले, श्रद्धासुमन' भन्ने गित बजाइएको थियो । उक्त गीतको रचना सन् २०११ मा टिका पुन मगर र राजेश थापा मगरले गरेका हुन् भने गायक एवम् संगीतकार जगदीश समाल मगरले संगीत कम्पोज गरेका हुन् ।



नेपाल आदिवासी जनजाति महासंघ अमेरिका (फिप्ना) को अध्यक्ष लुइसाङ वाइबा तामाङको सभापतित्वमा सम्पन्न कार्यक्रममा विषय वक्ताका रूपमा समाजसेवी एवम् इम्पावोर दलित वुमन अफ नेपाल (एड्वान) बोस्टनकी संस्थापक डा. विष्णुमाया परियारले प्रथम शहीद लखन थापा मगरको बारेमा प्रकाश पारेकी थिइन् ।

समाजसेवी डा. परियारले आफू प्रथम शहीद लखन थापा मगरकै गृह जिल्ला गोर्खा र छिमेकी गाउँको भएकोमा खुशी व्यक्त गर्दै तर प्रथम शहीद लखन थापा कुनै क्षेत्र, जातिविशेष मात्रको नभई सम्पूर्ण राष्ट्रकै नायक रहेको उल्लेख गरिन् । उनले प्रथम शहीद लखन थापा जन्मेको स्थानलाई पर्यटकीय स्थलका रूपमा विकास गर्नुपर्ने, गोर्खा जिल्लालाई राष्ट्र निर्माता पृथ्वीनारायण शाहको नामले मात्र नभई प्रथम शहीद लखन थापाको नामले चिनाउनुपर्ने, गोर्खा नगरपालिकालाई प्रथम शहीदको नाममा नामकरण गर्नुपर्ने, विद्यालय पाठ्यक्रममा प्रथम शहीद थापाबारे राखिनुपर्ने र उनको नाममा एक अक्षयकोश स्थापना गरी प्रथम शहीद थापाको गाउँका गरीब बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्नुपर्ने माग गरिन् ।

प्रमुख अतिथि महामहिम राजदूत दुर्गाप्रसाद भट्टराईले शहीद थापाबारे इतिहासका पुस्तकहरूमा गरिएको चर्चाबारे उल्लेख गर्दै आयोजकहरूले बुझाएको ज्ञापनपत्र यथाशीघ्र नेपाल सरकारको प्रधानमन्त्री सुशील कोइरालासमक्ष पुऱ्याउने प्रतिबद्धता जनाउँदै प्रथम शहीद लखन थापा मगरलाई मान्यता दिनेबारेमा विभिन्न प्रकियाहरूबाट पनि सक्रिय पहल गर्नु पनि उत्तिकै आवश्यक रहेको जानकारी गराए । स्मृति समारोहमा आयोजक संस्थाहरूका तर्फबाट राजदूत दुर्गाप्रसाद भट्टराईसमक्ष नेपाल सरकारका लागि ज्ञापनपत्र हस्तान्तरण गरिएको थियो ।



सोही समारोहमा संयुक्त राष्ट्र संघकोलागि स्थायी नियोग न्यूयोर्क कार्यालयका लागि आयोजकहरूकोतर्फबाट चिनोस्वरूप प्रथम शहीद लखन थापा मगरको रंगिन फोटोमा आयोजक सस्थाहरूको नाम लेखेर महामहिम राजदूत भट्टराईलाई प्रदान गरिएको थियो ।

स्मृति समारोहमा सञ्चारकर्मी एवम् अधिकारकर्मी शैलेश श्रेष्ठले लखन थापालाई मगर र नेपालीको मात्र नभई दक्षिण अफ्रिकी विश्व प्रसिद्ध अश्वेत राजनेता नेल्सन मन्डेलाको स्तरमा उठाउन लाग्नुपर्ने उल्लेख गर्दै गोर्खालाई नेपालमा मात्र सीमित नराखी ग्लोबल (विश्वब्यापी) बनाउनुपर्ने बताए ।

स्मृति समारोहमा गैरआवासीय नेपाली संघ अमेरिका अध्यक्ष शिवकुमार राई, शिक्षाविद् डा. तारा निरौला, कानूनविद् रमेश श्रेष्ठ, संघीय लिम्बुवान समाज अमेरिकाका प्रतिनिधि बुद्ध चेम्जोङ लिम्बू, नेपाली तराइन संघ, न्यूयोर्क अमेरिका अध्यक्ष अनिकेत शाह, प्रवासी नेपाली मञ्च अमेरिका केन्द्रीय सदस्य कृष्णप्रसाद लामिछानेले आआफ्नो मन्तव्य राख्दै शहीद थापालाई प्रथम शहीद घोषणा गर्न माग गरेका थिए । स्मृति समारोहमा यहि फेब्रुवरी ५ र ६ मा संयुक्त राष्ट्रसंघमा आयोजना भएको अन्तर्राष्ट्रिय युवा सम्मेलन (UN Winter Youth Assembly) मा नेपालका तर्फबाट सहभागी भएको नेपाल आदिवासी जनजाति महासंघ अमेरिकाको युथ ककस टिमको सहभागी युवा प्रतिनिधिहरूलाई प्रमुख अतिथिको हातबाट प्रसंसा पत्र वितरण गरिएको थियो । स्मृति समारोहको सञ्चालन फिप्ना महासचिब मानबहादुर राना मगरले गरेका थिए ।

*- Pradeep Thapa Magar in New York* साभारः *www.usnepalonline.com*

## न्यूयोर्कमा नेपालका प्रथम शहीद लखन थापा मगरको १३६औं स्मृति दिवस (२०१३) सम्पन्न

न्यूयोर्क । नेपालका प्रथम शहीद लखन थापा मगरको १३६औं स्मृति दिवस नेपाल आदिवासी जनजाति महासंघ अमेरिका (फिप्ना) को आयोजनामा न्यूयोर्क शहरमा सम्पन्न भएको छ । फेब्रुअरी १० तारिख आइतवार न्यूयोर्क शहरको कुइन्सस्थित हिमालयन याक रेस्टुरेन्ट हलमा आयोजना गरिएको उक्त स्मृति सभामा उपस्थित नेपालीहरूले प्रथम शहीद थापाको तस्वीरमा परम्परागत खादा चढाएर भावपूर्ण श्रद्धासुमन अर्पण गरे भने ज्ञातअज्ञात सम्पूर्ण शहीदहरूको सम्झनामा एक मिनेट मौनधारण गरिएको थियो ।

नेपालका प्रथम शहीद कहलिएका लखन थापा मगरलाई जहानियाँ राणाशासनको विरोध गर्दा श्री ३ जंगबहादुर राणाको ठाडो आदेशमा १३६ वर्षअघि विसं १९३३ (सन् १८७६) फागुनको पहिलो हप्ता उनकै गाउँ गोर्खा जिल्लाको बुङकोटमा झुन्ड्याई मारिएको थियो । न्यूयोर्कमा आयोजित सभामा आयोजक र अतिथि वक्ताहरूले शहीद लखन थापा मगरको बलिदानीको चर्चा गर्दै उनलाई नेपाल सरकारले प्रथम शहीद घोषणा गर्न माग गरे । उक्त स्मृतिसभा फिप्नाका कार्यवाहक अध्यक्ष विनोद पोमोको सभापतित्वमा सम्पन्न भएको थियो भने फिप्ना कोशाध्यक्ष टिकाराम गुरूङले स्वागत मन्तव्य राखेका थिए । फिप्ना बोर्ड सदस्य भोजराज थोकरले शहीद लखन थापा मगरबारे प्रकाश पारेका थिए ।

फिप्नाका महासचिव दिपेश लिम्बुद्वारा चुस्त सञ्चालित उक्त सभामा प्रमुख अतिथिका रूपमा उपस्थित संयुक्त राष्ट्र संघका लागि नेपाली स्थायी नियोगकी कार्यवाहक स्थायी प्रतिनिधि सेवा लम्साल अधिकारीलाई महासंघका तर्फबाट शहीद लखन थापा मगरलाई नेपालका प्रथम शहीद घोषणा गर्न माग गर्दै एक ज्ञापनपत्र हस्तान्तरण गरियो । प्रमुख अतिथि अधिकारीले महासंघको ज्ञापन पत्र बुझ्दै मागलाई सम्बन्धित निकाय र नेपालका प्रधानमन्त्रीको कार्यालयमा तुरन्तै स्क्यान गरी ईमेलद्वारा पठाइने जानकारी गराइन् ।

सभामा प्रमुख अतिथि अधिकारी, एसोसियसन अफ नेप्लिज इन तराइयन (एन्टा) उपाध्यक्ष सतेन्द्र शाह, अधिकारकि बोर्ड चेयर डा. सुसान हाङगेन, नेपाली कांग्रेसका युवा नेता मुनीन्द्र नेम्वाङ र अमेरिका नेपाल फ्रेन्डशिप सोसाइटीका पूर्वअध्यक्ष डा. तारा निरौलाले सम्बोधन गरेका थिए । वक्ताहरूले शहीद बनाउने नाममा नक्कली शहीदहरूलाई पनि शहीदहरूको सूचीमा समावेश गरी लखन थापाजस्ता सच्चा शहीदहरूको अपमान गरेको बताएका थिए । स्मरण रहोस्, माओवादी नेतृत्वको सरकारको पालामा माओवादी जनयुद्धको दौरान मारिएका ७ हजार ६ सय ६४ जनालाई शहीद घोषणा गरिएको थियो भने माधवकुमार नेपालको नेतृत्वमा गठित माओवादी इतरको सरकारले माओवादी र राज्यद्वारा मारिएका पहिलो किस्तामा २ हजार र थप १ हजार ६ सय २६ जनालाई शहीद घोषणा गरेको थियो ।

शहीद लखद थापा मगरको जन्म सन् १८३५ मा नेपालको गोर्खा जिल्लाको बुङकोटमा भएको थियो । उनलाई विसं १९३३ (सन् १८७६) को फागुनको पहिलो हप्ता जहानियाँ राणा शासकहरूद्वारा तत्कालीन शासनको विरूद्ध सशस्त्र विद्रोह गरेको आरोप लगाई उनकै गाउँ काहुले, गोर्खामा झुन्ड्याई मारिएको थियो ।

*- Pradeep Thapa Magar in New York*
*साभारः www.usnepalonline.com*

**न्यूयोर्कमा नेपालका प्रथम शहीद लखन थापा मगरको १३५औं स्मृति दिवस (२०१२) सम्पन्न**

न्यूयोर्क । जहानियाँ राणा शासनको विरोध गर्दा १३५ वर्षअघि झुन्ड्याई मारिइनुभएका नेपालका प्रथम शहीद लखन थापा मगरको १३५औं स्मृति दिवस न्यूयोर्कवासी नेपालीहरूले मनाएका छन् । नेपाल आदिवासी जनजाति महासंघ अमेरिका (फिप्ना) र मगर संघ अमेरिकाको संयुक्त आयोजनामा आइतबार न्यूयोर्क शहरको कुइन्सस्थित हिमालयन याक रेस्टुरेन्ट हलमा आयोजना गरिएको उक्त स्मृति सभामा नेपालीहरूले शहीद थापाको तस्वीरमा परम्परागत खादा चढाएर भावपूर्ण श्रद्धासुमन अर्पण गरे भने ज्ञातअज्ञात सम्पूर्ण शहीदहरूको सम्झनामा एक मिनेट मौनधारण गरिएको थियो ।

सभामा न्यूयोर्कमा क्रियाशील नेपाली संघ संस्थाहरूका अगुवाहरूले शहीद लखन थापा मगरको बलिदानीको चर्चा गर्दै उनलाई प्रथम शाहीद घोषणा गर्न नेपाल सरकारले ढिलाइ गरेकोमा दुखेसो पोख्दै शहीदहरूको सम्मान गर्न कन्जुस्याँइ गर्न नहुने धारणा व्यक्त गरे । प्रजातन्त्रको पुनर्बहालीपछि बनेका विभिन्न सरकारले ११ हजारभन्दा बेशीलाई शहीद घोषणा गरेको प्रसंगको चर्चा गर्दै शहीद बनाउने नाममा नक्कली शहीदहरूलाई पनि शहीदहरूको सूचीमा राखिएकोप्रति आक्रोश व्यक्त गर्दै वक्ताहरूले सरकारले त्यसो गरेर सच्चा शहीदहरूको अपमान गरेको बताए । स्मरण रहोस्, माओवादी नेतृत्वको सरकारको पालामा माओवादी जनयुद्धको दौरान मारिएका ७ हजार ६ सय ६४ जनालाई शहीद घोषणा गरिएको थियो भने माधवकुमार नेपालको नेतृत्वमा गठित माओवादी इतरको सरकारले माओवादी र राज्यद्वारा मारिएका पहिलो किस्तामा २ हजार र थप १ हजार ६ सय २६ जनालाई शहीद घोषणा गरेको थियो ।

उक्त स्मृति सभा नेपाल आदिवासी जनजाति महासंघ अमेरिका (फिप्ना) का अध्यक्ष तथा गैरआवासीय नेपाली संघ अमेरिका (NRN USA) का महासचिव शिवकुमार राईको सभापतित्वमा सम्पन्न भएको थियो । सभामा फिप्नाका उपाध्यक्ष विनोद पोमोले स्वागत मन्तव्य राखेका थिए भने युएस नेपाल अनलाइनका प्रधान सम्पादक प्रदीप थापा मगरले शहीद लखन थापा मगरबारे प्रकाश पारेका थिए । सभामा फिप्नाका पूर्वअध्यक्ष कर्मा ग्याल्जेन शेर्पा, अमेरिका नेपाल फ्रेन्डशिप सोसाइटीका पूर्वअध्यक्ष डा. तारा निरौला, इम्पावोर दलित वुमन अफ नेपाल (EDWON) युएसए कि संस्थापक विष्णुमाया परियार, न्यूयोर्क कला मंचका अध्यक्ष रामराज छेत्री, किरात याक्थुंग चुम्लुङ युएसएका कार्यवाहक अध्यक्ष देवेन्द्र सम्बाहाम्फे, शेर्पा किदुग युएसएका अध्यक्ष छोंग्बा शेर्पा, कांग्रेसका युवा नेता तथा सिन्धु युएसए सेवा समाजका अध्यक्ष वंशलाल तामाङ, तामाङ सोसाइटी अफ अमेरिकाका अध्यक्ष भरत लामा, किरात राई सोसाइटी अफ अमेरिका (KRSA) का बोर्ड चेयर मणि बाङदेल, फिप्नाका महासचिव दिपेश लिम्बू, एनआरएन इजरायलका पूर्वमहासचिव बीआर लामा, नेपाल आदिवासी जनजाति महिला महासंघ अमेरिकाकी अध्यक्ष संगिनी राना मगर, एनआरएन अमेरिकाको कोषाध्यक्ष तथा एसोसियसन अफ नेप्लिज तराइयन इन अमेरिका (ANTA) का अध्यक्ष डा. विनोद शाह, युनाइटेड नेप्लिज डेमोक्रेटिक फोरम (UNDF) न्यूयोर्क च्याप्टर अध्यक्ष सीता खरेल र नेपाली कांग्रेसका युवा नेता मुनीन्द्र नेम्वाङले सम्बोधन गरेका थिए । कवि बुद्ध चेम्जोङले शहीद थापाको बारेमा लेखिएको कविता वाचन गरेका थिए । अतिथि वक्ताहरूले प्रथम शहीद लखन थापाको स्मृति सभा न्यूयोर्कका सबै नेपाली संघ संस्थाहरूले मिलेर संयुक्तरूपमा मनाउनुपर्ने आग्रह गरेका थिए । उता कार्यक्रमका सभापति तथा एनआरएन अमेरिका (NRN USA) का महासचिव शिवकुमार राईले अर्को वर्षदेखि एनआरएन अमेरिकाले आयोजना गर्दा सबै संघसंस्थाहरूको मनसाय पूरा हुने सुझाए । कार्यक्रमको सन्चालन मगर संघ अमेरिकाका सचिव मानबहादुर राना मगरले गरेका थिए ।

*-Pradeep Thapa Magar in New York साभारः www.usnepalonline.com*

## न्यूयोर्कमा नेपालका प्रथम शहीद लखन थापा मगरको १३४औं स्मृति दिवस (२०११) सम्पन्न

**गुन्जियो 'सेनानी हे मुक्तिका युगपुरूष लखन'**

न्यूयोर्क । नेपालको आधुनिक इतिहासमा निरंकुश राणाशाहीहरूको विरोध गर्दा राष्ट्र द्रोहको आरोपमा बि.सं. १९३३ को फागुन पहिलो साता आफ्नै जन्मस्थल गोर्खा जिल्लाको बुङकोट गाउँमा झुन्ड्याई मारिनुभएका नेपालका प्रथम शहीद लखन थापा मगरको १३४औं स्मृतिसभामा न्यूयोर्कका नेपालीहरूले शहीद थापाको सम्झना गर्दै उनको बलिदानको मुक्तकन्ठले चर्चा र प्रसंसा गरे ।

उक्त स्मृति सभा फेब्रुअरी १३ तारिख आइतबार अपरान्ह न्यूयोर्कको कुइन्स शहरस्थित हिमालयन याक रेस्टुरेन्टमा मगर संघ अमेरिकाद्वारा डाकिएको हो । सभाको शुभारम्भ प्रथम शहीद थापा र अन्य ज्ञात अज्ञात शहीदहरूप्रति १ मिनेट मौनधारण र शहीद लखन थापा मगरप्रति समर्पित सुमधुर स्मृति गीत 'सेनानी हे मुक्तिका, युगपुरूष लखन' गाएर गरिएको थियो । उक्त गीतको रचना एक हप्ताअघि मात्र मगर संघ अमेरिकाका महासचिव तथा साहित्यकार टिकाकुमार पुन मगर र संघका उपाध्यक्ष तथा गायक राजेश थापा मगरले गरेका थिए भने संगीत गायक जगदीश समाल मगरले भरेका थिए । गीतको प्रस्तुतिमा गायकद्वय थापा र समालकासाथ तिलक श्रेष्ठ, यशोदा खालिङ राइ र विश्वले साथ दिएका थिए । संगीतमा विष्णु पुन मगरले गिटारमा साथ दिएका थिए ।

**'सेनानी हे मुक्तिका, युगपुरूष लखन – २**
**चढाउँछौं, हार्दिक मनले, श्रद्धा सुमन –२**

**उठायौ हतियार मुक्तिका लागि, ज्यानको नगरी प्रवाह**
**बन्न सकेन निरंकुशकालमा, इतिहास गवाह**
**छामी हेर आलै छ रगत, गोर्खाको भीरपाखामा**
**सबै मिली उठाऔं आवाज, एउटै भाकामा**

**मुक्ति योद्दा जनताका लखन थापा मगर –२**
**प्रथम शहीद नेपालका, 'घोषणा गर' –३**

**स्वतन्त्रता अनि न्याय, थियो सधैं उनको, एउटै मूलमन्त्र**
**जहानियाँ शासन, हटाई ल्याउनका लागि, देशमा प्रजातन्त्र**
**बन्धन मुक्त पार्न खोजे, जगत यो सारा**
**तराईदेखि हिमालसम्म, गुन्जियोस् यो नारा**
**मुक्ति योद्धा जनताका लखन थापा मगर –२**
**प्रथम शहीद नेपालका, 'घोषण गर' –३**

**'सेनानी हे मुक्तिका, युग पुरूष लखन – २**
**चढाउँछौं, हार्दिक मनले, 'श्रद्धा सूमन' –४"**

**रचना : टीकाकुमार पुन मगर, राजेश थापा मगर**
**संगित : जगदीश समाल मगर**
**गिटार : विष्णु पुन मगर**
**हार्मोनियम : जगदीश समाल मगर**
**मादल : राजेश थापा मगर**
**गायन : जगदीश समाल मगर, राजेश थापा मगर, तिलक श्रेष्ठ, यशोदा खालिङ राई, विश्व तेन्जिङ**

**को हुन् यि प्रथम शहीद ?**

मगर संघ अमेरिकाले सभामा प्रमुख अतिथिका रूपमा आउनुभएका संयुक्त राष्ट्र संघका लागि नेपाली स्थाय नियोग उपप्रमुख शंकर बैरागीलाई नेपाल सरकारका लागि बुझाएको आफ्नो ज्ञापनपत्रमा नेपालका प्रथम शहीद लखन थापा मगरबारे लेखेको छ :

'शहीद लखद थापा मगरको जन्म सन् १८३५ मा नेपालको गोर्खा जिल्लाको बुङकोटमा भएको थियो भने उनी विसं १९३३ (सन् १८७६) को फागुनको पहिलो हप्ता जहानियाँ राणा शासकहरूद्वारा तत्कालीन शासन सत्ताको बखिर्लाप सशस्त्र विद्रोह गरी जनतालाई अन्याय र दसताबाट मुक्ती दिलाउने प्रयास गर्दा राष्ट्र द्रोहको आरोप लगाई उनकै गाउँ काहुले, गोर्खामा राणाशाही सैनिक पठाई झुन्ड्याइ मारिनुभएको थियो । यसरी आधुनिक नेपालको इतिहासमा पहिलो सांगठनिक जन विद्रोहका रूपमा इतिहासकारहरूद्वारा समेत चर्चित उक्त घटनाबाट शहीद लखन थापा मगर नेपाली आधुनिक इतिहासका पहिलो शहीद बन्नुभएको थियो।' स्मृतिसभामा प्रमुख अतिथिका रूपमा निम्त्याइनुभएका संयुक्त राष्ट्र संघका लागि नेपाली स्थायी नियोग उपप्रमुख शंकर बैरागीले प्रथम शहीद थापाको तस्वीरमा श्रद्धा सुमन अर्पण गर्दै मगर संघ अमेरिकाले नेपालका प्रथम शहीद थापालाई सम्मान गर्ने कार्य गरेकोमा सराहना गरे । शहीद थापाले सुचना प्रविधिको अभावको त्यो जमानामा जहानियाँ राणा शासनको विरूद्ध नेपाली जनतालाई एकिकरित गराउन संघर्सको बिगुल फुक्नु र सशस्त्र आन्दोलन गर्नु चानेचुने काम नभएको बताए ।

उनले मन्तव्यकै क्रममा आफूले पनि नेपालका प्रथम शहीद लखन थापा मगर भनेर पढेको भन्दै शहीद थापाले एक महान् प्रजातन्त्र सेनानीको रूपमा आफ्नो पहिचान स्थापित गर्नुभएको चर्चा गरे । सभामा मगर संघ अमेरिकाले नेपाल सरकारका नवनिर्वाचित प्रधानमन्त्री झलनाथ खनाललाई सम्बोधन गरी शहीद लखन थापा मगरलाई नेपालको प्रथम शहीदको मान्यता प्रदान गर्न माग गरिएको ज्ञापन पत्र प्रमुख अतिथि बैरागीलाई हस्तान्तरण गरिएको थियो । नेपाल सरकारका तर्फबाट उक्त पत्र सहर्श स्वीकार्दै प्रमुख अतिथि बैरागीले ज्ञापन पत्र सम्बनधित निकायमा पुग्ने कुरामा ढुक्क हुन आयोजकहरूलाई अनुरोध गरे । उक्त स्मृति सभामा न्यूयोर्कका नेपाली संघ संस्थाहरूका अगुवा प्रतिनिधिहरूले प्रथम शहीदको कदर हुनुपर्ने कुरामा जोड दिँदै आगामी वर्षदेखि सबै नेपालीहरूले मिलेर स्मृति सभाको आयोजना गर्नुपर्ने प्रस्ताव राखेका थिए । जुन कुरा मगर संघ अमेरिकाका आयोजकहरूले त्यसै कारण विगत दुई वर्षदेखि स्मृति सभाको आयोजना गर्दै आएको भए पनि यसपटक सबै नेपालीहरूलाई निम्त्याएर कार्यक्रमको आयोजना गरिएको प्रस्ट पारिएको थियो । यसअघि सभाको शुरूमा युएस नेपाल अनलाइनका प्रधान सम्पादक तथा मगर संघ अमेरिकाका सल्लाहकार प्रदीप थापा मगरले शहीद लखन थापा मगरको जीवनी र उनको देनबारे प्रकाश पार्दै नेपालमा शहीदहरूको राजनीतिक गिन्ती रित्तताका आधारमा गरिनुले शहीदको अवमूल्यन भएको तथ्य बताएका थिए ।

**नेपालका शहीदहरू ११ हजारभन्दा बढी ?**

स्मरण रहोस्, माओवादी नेतृत्वको सरकारको पालामा माओवादी जनयुद्धको दौरान मारिएका ७ हजार ६ सय ६४ जनालाई शहीद घोषणा गरिएको थियो भने माधवकुमार नेपालको नेतृत्वमा गठित माओवादी इतरको सरकारले माओवादी र राज्यद्वारा मारिएका पहिलो किस्तामा २ हजार र हालसालै थप १ हजार ६ सय २६ जनालाई शहीद घोषणा गरेको थियो । यसैबिच, शहीदका परिवारहरूको संस्था 'शहीद प्रतीक स्मृति केन्द्र'ले मोदनाथ प्रश्रित संयोजक रहेको शहीदहरूबारे ल्यागत पत्ता लगाउन सरकारद्वारा गठित समितिले तयार पारेको शहीद प्रतिवबेदनमा ७ हजारभन्दा बढी शहीदहरूको नाम उल्लेख भए पनि वास्तविक शहीदहरूको नाम छुटेको जनाउँदै उक्त प्रतिवेदन आफूहरूलाई मान्य नहुने बताउँदै विरोधमा उत्रने चेतावनी दिएको छ ।

उक्त स्मृति सभामा नेपाल आदिवासी जनजाति महासंघ अमेरिका (फिप्ना) का अध्यक्ष तथा गैरआवासीय नेपाली संघ अमेरिका (NRN USA) का महासचिव शिवकुमार राई, नेपाली कांग्रेसकी नर्थ अमेरिका प्रतिनिधि मृदुला कोइराला, नेप्लिज डेमोक्रेटिक युथ काउन्सिल अमेरिकाका अध्यक्ष प्रमोद सिटौला, युनाइटेड नेप्लिज डेमोक्रेटिक फोरम (युएनडिएफ) का केन्द्रीय उपाध्यक्ष टेक गुरूङ, अधिकारकि सिनियर कम्युनिटी अर्गनाइजर नर्बदा छेत्री, नेवा गुठी न्यूयोर्कका अध्यक्ष आदित्य महर्जन, कांग्रेसका युबा नेता वंशलाल तामाङ, फिप्नाका उपाध्यक्ष विनोद पोमो, फिप्ना महासचिव दिपेश लिम्बू र युएनडीएफकी न्यूयोर्क च्याप्टर उपाध्यक्ष सीता खरेलले सम्बोधन गरेका थिए । सभाको अन्त्यमा स्मृतिसभाको सभापतित्व गरिरहनुभएका मगर संघ अमेरिकाका अध्यक्ष लेफ्टिनेन्ट महेन्द्रकुमार थापा मगरले आमन्त्रित अतिथिहरूलाई धन्यवाद दिँदै सभाको विसर्जन गरेका थिए । सभाको सन्चालन संघका सचिव मानबहादुर राना मगरले गरेका थिए ।

**मिर्गौला फेल भएका शेरबहादुर बुढाथोकीलाई आर्थिक सहयोग संकलन र प्रदान**

यसैगरी, सभामा दुइटै मिर्गौला फेल भएका इनरूवा, सुनसरी घर भएका, हाल न्यूयोर्कमा रहेका ३३ वर्षीय शेरबहादुर बुढाथोकीले आफ्नो रोगकोबारे मन्तव्य व्यक्त गर्नुभएको थियो । उहाँलाई सभामा उपस्थित पाहुनाहरूबाट संकलित सहयोग रकम अमेरिकि डलर ६८७ हस्तान्तरण गरियो । सन् २००९ को अक्टोबरमा डिभी लटरी परेपछि श्रीमती र हाल ५ वर्षीय छोरोसहित अमेरिका आएका बुढाथोकीको किड्नीले शिर्फ ३.५ प्रतिशतले काम गरिरहेको छ र उनी छिट्टै न्यू दिल्ली, भारत किड्नी ट्रान्स्प्लान्टका लागि जाने तरखरमा छन् । उनलाई उनकी दिदीले किड्नी दिने भएकी छिन् ।

*-Pradeep Thapa Magar in New York साभारः www.usnepalonline.com*

**अमेरिकामा नेपालका प्रथम शहीद लखन थापा मगरको**
**१३३ औं स्मृति दिवस (२०१०) तथा २८औं मगर दिवस सम्पन्न**

न्यूजर्सी । लाङ्घाली परिवार यू.एस.ए.ले सन् २०१० को फेब्रुअरी २८ मा न्यूजर्सी राज्यको मेरिल्यान्ड शहरको सामुदायिक भवनमा नेपालका प्रथम शहीद क्या. लखन थापा मगरको १३३औं स्मृति दिवस तथा २८औं मगर दिवस संयुक्त रूपमा एक कार्यक्रमको आयोजना गरी भव्यताका साथ मनायो ।

शहीद थापामगरको स्मृतिमा एक मिनेट मौनधारण गरी उहाँको तस्वीरमा भावपूर्ण

श्रद्धान्जलिका साथ खादा लगाइदिएर कार्यक्रमको शुरूवात गरिएको थियो । कार्यक्रमा उपस्थित सहभागीहरूलाई सुश्री अनिता थापा मगरले स्वागत गरेपछि संस्थाका प्रथम उपाध्यक्ष टिकाकुमार पुनमगरले लखन थापा मगर स्मृति दिवसको महत्वबारेमा प्रकाश पार्दै आज यो दिवस मगर समुदायले मात्र मनाउनु उहाँले राज्यप्रति गरेको योगदानको अवमूल्यन गर्नु हो र साह्रै दुःखको कुरा हो भने ।

'मगरहरूको इतिहास लेख्ने मगर इतिहासविद्हरू नभएका र अन्य इतिहासकार हरूले मगरहरूको सही इतिहास लेखन कन्जुस्याइँ गरेकै कारणले यस्तो परिस्थितिको सृजना भएको हो' - पुनमगरले उल्लेख गरे, 'यसर्थ विगतमा झैँ हामीहरूले अझै पनि हामीहरूकोबारेमा अरूले बोलिदेलान्, लेखिदेलान् भन्ने आशा गर्नुहुन्न । अब हामी मगर हरूले हाम्रोबारेमा आफैले बोल्नुपर्दछ, आफैले लेख्नुपर्दछ । इतिहास साक्षी छ, लखन थापा मगर नेपालका प्रथम शहीद थिए, हुन् र हुनुपर्दछ ।' उहाँले राज्यले अझै पनि प्रथम शहीदको मान्यता नदिएकोमा आक्रोश व्यक्त गर्दै जति सक्दो चांडो उहाँलाई प्रथम शहीद घोषणा गर्न नेपाल सरकारसंग माग गरे। अन्यथा नेपाल मगर संघले दबावकालागि सशक्त आन्दोलन गर्न सक्ने चेतावनी पनि दिए ।

कार्यक्रममा कवयित्री कुन्ता थापा मगरले 'प्रथम शहीद लखन थापा' नामक कवितावाचन गरेकी थिइन् । त्यसपश्चात् सहसचिव मानबहादुर राना मगरले मगर दिवस मनाउनुको एतिहासिक पृष्ठभूमिको चर्चा गर्दै यसको महत्व मगर समुदायबीच दिनप्रतिदिन बढ्दै गैरहेकोमा खुशी व्यक्त गरेका थिए । सांस्कृतिक कार्यक्रमको सञ्चालन टीकाकुमार पुनमगरले बडो रोचक ढंगले गरेका थिए, जसमा नवगायक सन्दर्भ थापा मगरले वीरताको चिनो वीरको सन्तान, शहीदको रगत, लाहुरेको निशानी' र केशव थापा मगर, जविन्द्र थापा मगर र हिरासिंह मल्लले 'देउरालीको चौतारीमा संगिनीले आँखा छोपेको' बोलको गीत गाएका थिए भने सुश्री स्वेच्छा थापा मगरले 'न बिर्सें तिमीलाई, न पाएँ तिमीलाई, विनाअर्थ दिलमा सजाएँ तिमीलाई' गीतमा राम्रो नृत्य प्रस्तुत गरेकी थिइन् । कार्यक्रमको अन्त्यतिर संस्थाका दोस्रा उपाध्यक्ष तथा गायक राजेश थापा मगरले सालैजोलगायत अन्य लोक गीतहरू गाएर सबैलाई भरपुर मनोरञ्जन दिँदै सबैलाई नचाएका थिए ।

कार्यक्रम सञ्चालन भइरहेको समयमा प्रोजेक्टरको स्क्रिनमा 'नेपालका प्रथम शहीद लखन थापा मगरको १३३औं स्मृति दिवस तथा २८औं मगर दिवसमा तपाईंहरूलाई हार्दिक स्वागत गर्दछौं । "क्या. लखन थापा मगरलाई नेपालको प्रथम शहीद घोषणा गरियोस्, '२८औं मगर दिवसको उपलक्ष्यमा संसारभर छरिएर रहेका सम्पूर्ण मगर बन्धुहरूलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं । अमेरिकी जनगणना २०१० मा भाग लिऔं'जस्ता ई-प्लेकार्डहरू डिस्प्ले भइरहेका थिए भने मगर संस्कृति झल्काउने कौडा, सालैजो, नचरी, हुर्रा जस्ता अति लोकप्रिय गीत र नाचहरूको भिडियोहरू पनि त्यसै स्क्रिनमा हेर्न सकिन्थ्यो ।

संस्थाको आगामी मार्च महिनाको २८ तारिकमा न्यूयोर्कमा हुन गइरहेको रक्तदान कार्यक्रमलाई कम्प्लिमेन्ट गर्ने गरेर Blood Donors of America का महासचिव तथा MetLife Insurance का आर्थिक प्रतिनिधि यम अधिकारीले ओरिन्टेसन दिनुभएको थियो । उक्त अवसरमा Blood Donors of America द्वारा प्रकाशित 'द्ययियम' नामक पुस्तक पनि नि :शुल्क वितरण गरिएको थियो ।

अधिकारीले जीवन बीमाको महत्वमाथि प्रकाश पार्दै इन्स्योरेन्ससम्बन्धी सेवाहरू लिएर

आफूलाई सुरक्षित राख्न आग्रह गर्दै त्यसका लागि आफूले सक्दो सहयोग गर्ने कुरा राखेका थिए । संस्थाका सल्लाहाकार रूद्रबहादुर आले मगरले 'अमेरिकामा रोजगारी, अवसर र चुनौतीहरू' विषयमा उपस्थित सहभागीहरूलाई जानकारी गराएका थिए । साथै अमेरिकी जनगणना २०१० को बारेमा जानकारी गराउँदै यस जनगणनामा सबैलाई भाग लिन आग्रह पनि गरिएको थियो । यस कार्यक्रमको संयोजकहरूमा देवेन्द्र थापा मगर (न्यूजर्सी) र राजेश थापा मगर (न्यूयोर्क) थिए । संस्थाका सहसचिव मानबहादुर राना मगरले सञ्चालन गरेको र अध्यक्ष महेन्द्रकुमार थापा गरले सभापतित्व गरेका थिए । कार्यक्रममा वरिष्ठ सदस्य क्या. दलबहादुर रोका मगरले शुभकामना मन्तव्य दिएका थिए भने अर्का ज्येष्ठ सदस्य निर्मलकुमार थापा (लाटो) मगरले मगर भाषामा बोल्दै कार्यक्रमको समापन गरेका थिए ।

*- Durlabh Magar in New York साभारः www.usnepalonline.com*

## न्यूयोर्कमा १३२औं प्रथम शहीद लखन थापा मगर स्मृति दिवस (२००९) तथा २७ औं मगर दिवस सम्पन्न

न्यूयोर्क । लाङ्घाली परिवार यूएसएले सन् २००९ को मार्च १ तारिख १३२औं प्रथम शहीद लखन थापा मगर स्मृति दिवस तथा २७औं मगर दिवस न्यूयोर्कस्थित मुस्ताङ थकाली किचेन रेष्टरेन्टमा मनायो । कार्यक्रममा उपस्थित मगर बन्धुहरूलाई स्वागत गर्दै संस्थाका सहसचिव मानबहादुर रानामगरले शहीद लखन थापा मगर स्मृति दिवसको बारेमा प्रकाश पार्दै भने– 'क्याप्टेन लखन थापामगर त्यस्ता व्यक्तित्व हुन्, जसले जहानिया राणाशासनको विरोधमा सांगठनिक रूपमा विद्रोहको शंखघोष गरेका थिए, जसको कारण उनलाई राणा शासकहरूले क्याप्चर गरी मृत्य दण्ड दिएका थिए । तर, विडम्बनाका साथ भन्नुपर्छ कि २००७ सालमा आएको प्रजातन्त्र, २०१७ सालमा आएको निर्दलीय पञ्चायती व्यवस्था, २०४६ सालको जनआन्दोलनपश्चात् आएको संवैधानिक राजतन्त्रसहितको प्रजातन्त्र र दोस्रो जनआन्दोलनबाट प्राप्त भएको संघीय गणतान्त्रिक व्यवस्थासम्म आइपुग्दा पनि उनलाई प्रथम शहीद घोषणा नगर्नु राज्यपक्षले उनीमाथि मात्र नभएर इतिहासलाई पनि अन्याय गरेको छ । योभन्दा अरू विडम्बना के हुन सक्छ ? उनलाई नेपाल सरकारले तुरून्त प्रथम शहीद घोषणा गरोस् ।'

कार्यक्रमको प्रमुख अतिथि इन्दिरा राना मगर जो अशोका फेलो तथा प्रिजनर्स एसिष्टेन्ट नेपालका अध्यक्ष हुन् । उनले मगर भाषामा मीठो गीत गाएर उपस्थित सबैलाई आश्चार्यचकित पारिन् । श्रीमति राना मगरले नेपालको सामाजिक क्षेत्रमा अमूल्य योगदान दिएबापत संस्थाका तर्फबाट अध्यक्ष महेन्द्र कु थापा मगरले प्रसंशापत्र, फूलको गुच्छा र खादा लगाएर सम्मान गरिएको थियो । दोस्रा उपाध्यक्ष राजेश थापा मगरले संस्थाका सांस्कृतिक विभागका तर्फबाट २००६, २००७ र २००८ मा आयोजना गरेको सांस्कृतिक कार्यक्रमको मखम उपहारस्वरूप प्रदान गरेका थिए ।

आफू सम्मानित गरेकोमा राना मगरले 'लाङ्घाली परिवार यूएसएलाई धन्यवाद दिँदै आफ्नो जन्मभूमिबाट यति टाढा आएर अति व्यस्त जीवनशैलीको बाबजुत पनि नेपालका ऐतिहासिक व्यक्तित्व शहीद कप्टान लखन थापामगर स्मृति दिवस तथा आफ्नो मातृभाषा संस्कृति र परम्पराको संरक्षण र संवर्द्धन गर्न कटिबद्ध हुँदै मगर दिवस मनाउँदै आउनुभएको र यस वर्षको उक्त दिवसमा यहाँका मगर दाजुभाइ दिदीवहिनीहरूका साथ आफूले पनि

मनाउन पाउँदा अति आनन्दको अनभूति भइरहेको छ,' उनले भनिन् । कार्यक्रमको शुरूवात शहीद लखन थापा मगरको नाममा एक मिनेट मौनधारण गर्दै उहाँको फोटोमा खादा चढाएर गरिएको थियो । कार्यक्रमको अवधिभर मगरभाषाका लोकगीतहरू बजाइएको थियो, जसले न्यूयोर्कजस्तो व्यस्त शहरमा नभई नेपालको मगरबस्तीमा पुऱ्याएको आभास दिलाउँथ्यो । विभिन्न राज्यहरूबाट आएका मगरहरूको उपस्थिति रहेको कार्यक्रमको सञ्चालन सहसचिव मानबहादुर राना मगरले गरेका थिए भने सभापतित्व संस्थाका अध्यक्ष महेन्द्रकुमार थापा मगरले गरेका थिए ।

स्मरणीय रहोस्, शहीद लखन थापा मगर स्मृति दिवस फागुनको २ गते र मगर दिवस फागनको १५ गते मनाइन्छ । मात्र करिब दुई हप्ताको बीचमा यी दुवै महत्वपूर्ण दिवसहरू पर्ने भएकाले यस संस्थाले अमेरिकामा गतवर्षदेखि औपचारिक रूपमा यी दुवै दिवसहरूलाई संयुक्त रूपमा एकै दिन कार्यक्रमको आयोजना गर्दै मनाउँदै आइरहेको छ ।

*- Durlabh Magar in New York साभारः www.usnepalonline.com*

## न्यूयोर्कमा प्रथम शहीद लखन थापा मगरको १३१औं स्मृति दिवस (२००८) तथा २६औं मगर दिवस सम्पन्न

न्यूयोर्क । लाङ्घाली एसोसिएसन अफ यु.एस.ए.ले सन् २००८ को मार्च २ तारिख पहिलोपटक अमेरिकामा रहेका मगरहरूको विशेष उपस्थितिमा न्यूयोर्कको सन्नी साइडमा नेपालका प्रथम शहीद लखन थापा मगरको १३१औं स्मृति दिवस तथा २६औं मगर दिवस मनाएको छ । शहीद थापालाई विसं १९३३ को फागुन २ गते उनकै गाउँ गोर्खा जिल्लाको बुङकोट, काउलेमा जहानियाँ राणाशासकहरूले राणाशासनको विरोध गरेको आरोपमा झुण्ड्याई मारेका थिए । प्रथम शहीद थापाको तस्वीरमा परम्परागत खादा चढाएर शुरू गरिएको कार्यक्रममा पूर्व पर्यटन सहायकमन्त्री स्व. नारायणसिंह पुन मगरको भर्खरै निधन भएको दुःखद घडीमा उहाँको परिवारमा समवेदना प्रकट गर्दै मृतआत्माको चीर शान्तिको कामना गर्दै मौनधारण पनि गरियो ।

महासचिव लबकुमार बुढामगरले उपस्थित सहभागीहरूलाई स्वागत गर्दै प्रथम शहीद थापा स्मृति दिवस फागुन २ गते र मगर दिवस फागुन १५ गते अलगअलग दिवस भयो पनि अमेरिकाको व्यस्त जीवनशैलीलाई ध्यानमा राखी यी दुई महत्वपूर्ण दिनहरूलाई अमेरिकामा एकै दिन मनाउन थालिएको जानकारी दिए । उनले बजेट र स्थानको अभावका कारण यसपाली मगर बन्धुहरूको बीचमा दिवस मनाइएको तर आगामी वर्षहरूमा अन्य नेपाली र अमेरिकी मित्रहरूलाई निम्त्याइने पनि जानकारी दिए । संस्थाका महासचिव लबकुमार बुढा मगरको सञ्चालन र नरबहादुर बुढा मगरको अध्यक्षतामा भएको उक्त कार्यक्रममा पत्रकार तथा नेपाल आदिवासी जनजाति महासंघका पूर्वसचिव प्रदीप थापा मगरले शहीद लखन थापाको बारेमा प्रकाश पार्दै लखन थापालाई सरकारले केही वर्षअघि मात्र शहीदको मान्यता दिएको तर प्रथम शहीद घोषणा गर्न अझै हिचकिचाएकोमा बिडम्बना रहेको बताए । त्यसैगरी, उनले मगर दिवस मनाउने चलन नेपालमा मगर संघको प्रथम महाधिवेशन गरिएको दिनलाई सांकेतिक रूपमा मनाउँदै आइएको जानकारी गराउनुहुँदै यसको निरन्तरताका लागि व्यस्तताको कारण सामूहिक रूपमा मनाउन नसके पनि पारिवारिक रूपमै भए पनि मनाउँदै जाने परम्परा बसाउनुपर्ने आग्रह गरे ।

*– Nagendra Ingnam 'Atharaili' in New York साभारः www.usnepalonline.com*

# छैठौ महाधिवेशन बाल्टिमोरमा सम्पन्न




मगर संघ अमेरिकाको छैठौ महाधिवेशन मेरिल्याण्डको बाल्टिमोरमा सम्पन्न भएको छ । अगष्ट १६, २०१५ मा भएको महाधिवेशनले रूद्र आले मगरको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । २०१५ देखि २०१७ सम्मका लागि सर्वसम्मत चयन भएको कार्यसमितिमा उपाध्यक्ष बखन थापा मगर, लक्ष्मी राना मगर, आशा पुन मगर र कुमार खाम्चा मगर चयन हुनु भएको छ । त्यस्तै महासचिवमा मान बहादुर रानामगर, सहसचिवमा नरेन्द्र थापा मगर र सहसचिव दिपक राना मगर, कोषाध्यक्षमा अनिता थापा मगर, सहकोषाध्यक्षमा प्रविन राना मगर र रूकु राना मगर सर्वसम्मत निर्वाचित हुनुभएको छ । त्यस्तै सदस्यहरूमा अम्बर रजान मगर, विष्णु राना मगर, केशब थापा मगर र कुलदिप राना मगर निर्वाचित हुनु भएको छ ।

महाधिवेशनले संघको विधान संशोधन गरी उपाध्यक्ष २, सहसचिब १, सहकोषाध्यक्ष १ सर्बसहमतिमा थप गरेको थियो । त्यस्तै मगर संघ अमेरिकाको शाखा, उपशाखा (च्याप्टर) गठन तथा संचालन अबधारणा बिधानमा थप गर्न नयाँ कार्यसमितिले छ महिना भित्र बिधान संसोधन समिति गठन गरि बिधान संसोधन प्रस्ताब पेश गरेर एक बर्ष भित्रमा वार्षिक साधारण सभा मार्फत कम्तिमा साधारण सभाको बहुमत उपस्थितिले पारित गरि च्याप्टर गठन प्रकिया सुरू गर्ने निर्णय सर्वसम्मत पारित गरेको थियो । महाधिबेशनमा कोषाध्यक्ष श्री राजकुमार पुन मगरले कार्यसमितिको सम्पूर्ण आर्थिक विवरण प्रस्तुत गर्नु भएको थियो भने महासचिब मान बहादुर रानामगरले संस्थाको चुनौती र आवस्यकता सहितको कार्यप्रगति प्रतिबेदन प्रस्तुत गर्नु भएको थियो । महासचिव र कोषाध्यक्षले प्रतुत गरेको आर्थिक विवरण र कार्यप्रगति प्रतिबेदन तालि बजाएर सहभागीहरू द्वारा पारित गरिएको थियो ।

# खड्ग गर्बुजा साँझ सम्पन्न



मगर संघ अमेरिकाको आयोजनामा अमेरिकाको न्युयोर्कमा 'खड्ग गर्बुजा साँझ' भव्य रूपमा सम्पन्न भएको छ । गायन क्षेत्रमा चर्चित कलाकार खड्ग गर्बुजाको सहयोगका लागि संघले कार्यक्रमको आयोजना गरेको हो । चर्चित गायक गर्बुजा हाल शारिरिक रूपमा अशक्त हुनुहुन्छ । सेप्टेम्बर ७ तारिख आईतबारको दिन न्युयोर्कको ज्याक्सन हाइटमा आयोजित कार्यक्रममा विभिन्न सांगीतिक प्रस्तुतिहरू प्रस्तुत गरिएको थियो । कार्यक्रममा कलाकारहरू, खड्ग गर्बुजा, जगदीश समाल, सुमन बुढा, संगीता थापा र राजेश थापालगायतको उपस्थिति रहेको थियो भने चर्चित नृत्य निर्देशकद्वय विजय नकर्मी र धरमबीर लामाले निर्देशन गरेका नृत्यहरू प्रस्तुत गरिएको थियो ।

## न्यूयोर्कमा मगर संघ अमेरिकाद्वारा

# पहिलो सार्वजनिक देउसी भैलो कार्यक्रम २०12 सम्पन्न



न्यूयोर्क । मगर संघ अमेरिकाद्वारा न्यूयोर्ककै इतिहासमा पहिलो सार्वजनिक देउसी–भैलो कार्यक्रम सम्पन्न गरिएको छ । सन् २०१२ को नोभेम्बर ११ तारिख आइतवार दिउँसो १ बजेदेखि बेलुकी ११ बजेसम्म न्यूयोर्कको ज्याकसन हाइट क्षेत्रमा नेपाली व्यवसायीहरूबाट सञ्चालित विशेषगरी २८ नेपाली व्यवसायीहरूको कार्यालयमा अग्रिम सूचना जारी गरी खेलिएको उक्त देउसी–भैलो कार्यक्रम २०१२ लाई व्यवसायीहरूले दिल खोलेर स्वागत गरे भने सक्दो दक्षिणा प्रदान गरेका थिए । देउसी–भैलो खेलिएको नेपाली व्यवसायीहरू निम्नानुसार छन्– मोक्तान डिजिटल, पासाङ हेयर स्ट्रकिङ, देल्ली हाइट्स रेस्टुरेन्ट, ए वान ग्लोबल ग्रोसरी, एस एन्ड डी इम्प्लोइमेन्ट, डीजी प्लस, वसन्त डान्स सेन्टर, नोर्लिङ रेस्टुरेन्ट, रारा ग्रुप, नेपाल हाउस, हाम्रो भिम्स क्याफे, मुस्ताङ थकाली किचेन, आईएमई रेमिट्यान्स इन्क, हिमालयन याक रेस्टुरेन्ट, लुथर इम्प्लोइमेन्ट तथा स्नुकर हाउस, शेर्पा मुभिङ तथा शेर्पा इम्प्लोइमेन्ट, सेवा मनी ट्रान्सफर, मित्र शर्मा एस्ट्रोलोजी, प्रभु मनी ट्रान्सफर, नमस्ते भिडियो, ल्हासा फास्ट ? (तिब्बतियन), तिब्बेत मोबाइल (तिब्बतियन), हेलम्बु कम्युनिकेशन, एभन इम्प्लोइमेन्ट, सिम्पल ट्राभल, गोरखा जेआरएस, ज्याक्सन हाइट मेडिकल, मेघना ट्राभल (बङगलादेशी) लगायतमा दिउँसो १ बजेदेखि बेलुकी ६ बजेसम्म ठेट नेपाली शैलीमा देउसी खेलिएको थियो ।

न्यूयोर्कवासी नेपाली संघ संस्थाको प्रतिनिधि, समाजसेवी, व्यवसायीलगायत शुभचिन्तकहरूसँग ज्याक्सन हाइट्सको नोर्लिङ रेस्टुरेन्टमा बेलुकी ७ बजेदेखि १० बजेसम्म सामूहिक देउसी–भैलो कार्यक्रमको चाँजोपाँजो मिलाइएको थियो ।

कार्यक्रममा समाजसेवी, विभिन्न संघसंस्थाका प्रतिनिधि, व्यवसायी, सञ्चारकर्मी एवम् शुभ-चिन्तकहरूको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा अभय ढुंगेल, सोनाम, राजेश भट्ट तथा सुनीता भण्डारी, पुनम राना मगर मल्ल, विष्णुमाया परियार, राम फुयाल, दीपक थापा, नीमा पाखि्न, विनोद पोमो, डा. तारा निरौला, लब के. बुढामगर, संगिनी राना मगर, सपना केसी, अर्जुन लामा, विमला हमाल, मान बी राना मगर, अनिल रोकामगर, कृति रोका मगर, वरमाया बुढामगर, धन थापा, विष्णु राना मगर, नीरकुमार राना मगर, बाबुराम थापा मगर, डा. रेखा रोकामगर, नवीनकुमार पुन मगर, रूद्र राना मगर, खोमबहादुर थापा मगर, नरप्रसाद बुढामगर, करण रोका, राजेश थापा मगर, डोल्मा शेर्पा, फुर्बा शेर्पा, योगेश लिम्बू, दिपाल पुन मगर, वंशलाल तामाङ, न्हुछेनारायण डंगोल, मोना शर्मालगायत विभिन्न व्यक्तित्वहरूले देउसी–भैलोका लागि दान–दक्षिणाका रूपमा संस्थालाई आर्थिक सहयोग प्रदान गरेका थिए ।

**'लांघाली आपात्कालीन कोष' सुरूवात गरिने**

देउसी भैलो कार्यक्रम २०१२ बाट उठेको केही रकमबाट 'लांघाली आपात्कालीन कोष'को सुरूवात गरिने जानकारी कार्यक्रममा आयोजकहरूले गराए । कार्यक्रमको `बारेमा जानकारी गराउँदै आयोजक संस्थाका महासचिव मान बी राना मगरले 'लांघाली आपत्कालीन कोषका लागि सम्पूर्ण तयारी गरी सकिएकाले अब यही देउसी–भैलो कार्यक्रम २०१२ बाट उठेको केही रकमबाट कोषको सुरूवात गरिने जानकारी गराए ।

**कार्यक्रममा हार्दिक स्वागत तथा बधाई**

कार्यक्रममा पाइन मानोर कालेजले मानार्थ डिग्री (पीएचडी) का रूपमा प्रदान गरिने आलुम्ना अवार्ड २०१३ का लागि मनोनीत हुनुभएकोमा विष्णुमाया परियारलाई खादा लगाई हार्दिक बधाई दिइयो ।

त्यसैगरी वेकफ हस्पिटल रिजउडमा काम गरिरहनुभएका मिडिकल डाक्टर डा. रेखा रोका मगरलाई पनि खदा लगाईं उहाँको उच्च शैक्षिक सफल्ताका लागि हादिर्क बधाई व्यक्त गरियो ।

त्यस्तै, नेपालबाट भर्खरै अमेरिका आउनु भएको नेपाल मगर विद्यार्थी संघ जिल्ला समिति काठमाडौंका भूपू उपाध्यक्ष श्रीमती तारा चिदी मगर तथा नेपाल मगर विद्यार्थी संघ केन्द्रीय कमिटीको निवर्तमान महासचिव नरेन्द्र थापा मगरलाई कार्यक्रम संयोजक भविन्द्र शेर्पुन्जा मगरबाट खदा लगाई स्वागत गरियो । कार्यक्रममा विश्व रेकर्ड होल्डर लोक गायक सुमन बुढामगर, गायक राजेश थापा मगर तथा वाद्यवादन तीरराज कर्ण, हरि रानामगर र खोम थापामगरहरूले कार्यक्रमलाई भरपूर मनोरञ्जनात्मक बनाएका थिए । कार्यक्रमको अन्त्यमा सबैलाई धन्यवाद दिँदै कार्यक्रम संयोजक भविन्द्र शेर्पुञ्जा मगरले कार्यक्रम समापन गरे ।

*- Manbahadur Rana Magar in New York*

*साभार: www.usnepalonline.com*

# न्यूयोर्कमा लाङ्घाली एसोसिएसनद्वारा रक्तदान कार्यक्रम सम्पन्न

न्यूयोर्क । लाङ्घाली एसोसिएसन युएसए इङ्कद्वारा रक्तदान कार्यक्रमको आयोजना गरिएको छ । सन् २०१० को मार्च २८ तारिख आइतबार New York Blood Center को सहयोगमा न्यूयोर्कमा सम्पन्न उक्त कार्यक्रममा ३९ जना रक्तदाता नेपाली र अमेरिकीहरूद्वारा ४५ युनिट रक्तदान गरिएको आयोजक एसोसिएसनले जानकारी गराएको छ ।

**रक्तदाताहरूको नामावली निम्नानुसार छ** :

Anita Thapa Magar, Arjun Prasad Mainali, Anantasia Tsimiklis, Barbara Holidis, Bijay Rai, Bharat Lama, Bhim Pun Magar, Bikram Nembang, Bishnu Pun Magar, Brihaspati Lama, Buddi Thapa Magar, Chhiring Sherpa, Chungta Gurung Nembang, Desh Limbu, Dipesh Limbu, Durlabh Magar, Effie Milanos, Gauri S. Rasaili, Hem Chandra Rana Magar, Kesav Lama, Khom B. Thapa Magar, Lobsang Gyatso, Luisang Waiba, Lucolia Avelar, Mahendra Thapa Magar, Man B. Rana Magar, Munindra Nembang, Nadene M. Dolan, Nick Milonas, Punam Rana Magar, Rajesh Thapa Magar, Sanjay Thapa, Santosh Linglekhu, Sayatman Rai, Sonam T. Lama, Sumana Rai, Tanka Magar, William Pilavas / Yasuda Shahi.

**९० औं पटक रक्तदान दिने अर्जुनप्रसाद मैनाली सम्मानित**

उक्त कार्यक्रममा एसोसिएसनद्वारा Blood Donors of America (BDA) का अध्यक्ष अर्जुनप्रसाद मैनालीलाई ९०औं पटक रक्तदान गर्न सफल भएकोमा तथा रक्तादानबारे नेपाली समुदायमा जनचेतना जगाउन भूमिका निभाउनुभएको योगदानको कदरस्वरूप विशे ष सम्मानपत्र प्रदान गरियो ।

एसोसिएसनका अध्यक्ष महेन्द्र थापा मगरले अध्यक्ष मैनालीलाई उक्त सम्मानपत्र प्रदान गरेका थिए । न्यूयोर्कका नेपाली समुदायले रक्तदान आयोजना गरेको यो छैटौंपटक हो ।

यसअघि सन् २००८ को सेप्टेम्बर २१ मा किराँत याक्थुङ चुम्लुङ युएसएको न्यूयोर्क च्याप्टरले पहिलोपटक रक्तदानको आजोयना गरेको थियो, जसमा ४० जना नेपालीहरूले रक्तदान गरेका थिए । दोस्रो पटक नेपाली जनसम्पर्क समिति अमेरिकाद्वारा सन् २००८ को डिसेम्बर २८ मा (४३) जना, तेस्रोपटक सन् २००९ को अप्रिल २६ मा नेप्लिज

डेमोक्रेटिक युथ फोरम न्यूयोर्क च्याप्टरद्वारा (२४ जना), चौथो पटक सन् २००९ को सेप्टेम्बर ६ मा पुनः चुम्लुङ युएसएको न्यूयोर्क च्याप्टरद्वारा (४० जना), पाँचौं पटक सन् २००९ को डिसेम्बर ६ मा BDA द्वारा (३३ जना), छैटौं पटक सन् २०१० फेब्रुअरी २७ मा रिजवुड नेप्लिज सोसाइटीद्वारा (५४ जना) र सातौंपटक सन् २०१० को मार्च २८ मा लाङ्घाली एसोसिएसनद्वारा (३९ जना) गरी कुल २८३ जना नेपाली र केही अमेरिकीहरूले हालसम्म रक्तदान गर्न सफल भएका छन् ।

यी सम्पूर्ण रक्तदान कार्यक्रम आयोजना गराउनमा BDA का अध्यक्ष अर्जुनप्रसाद मैनालीले भूमिका खेल्दै आएका छन् । उनले नै New York Blood Center सँग यी संस्थाहरूलाई परिचय गराइदिने पुलको काम गरेका छन् । रक्तदान कार्यक्रमको आयोजना संघ संस्थाहरूले गर्दा २५ भन्दा धेरै रक्तदान गराउने भएपछि रक्तदान केन्द्रले रक्तदान गराउन चाहिने प्राविधिक जनशक्ति र प्राविधिक सुविधा उपलब्ध गराउँछ ।

**रक्तदानलाई जीवनदान किन भनिएको हो ?**

एक स्वस्थ व्यक्तिले एक पटकमा दिने (१ पिन्ट) रक्तदानले तीन व्यक्तिको उपचार गर्न सकिन्छ । मैनालीका अनुसार न्यूयोर्क शहरमा प्रतिदिन २ हजार युनिट रक्त आवश्यक पर्छ । अमेरिकामा यसको प्रतिवर्ष १५ मिलियन युनिट आवश्यक छ भने नेपालमा प्रतिवर्ष १ लाख ६० हजार युनिट चाहिन्छ । विश्वभर रगतको आवश्यकता ८० मिलियन युनिट रहेको छ ।

अमेरिकामा रक्तदान गर्ने क्राइटेरिया निकै कडा नीति (criteria) भएका कारण आफूले चाहेर मात्र रक्तदान दिन मिल्दैन । ३ वर्षभित्र मलेरिया रोग भएका नेपाललगायतका तेस्रो मुलुक गएका कसैले पनि अमेरिकामा रक्तदान दिन मिल्दैन । म्याड काउ रोगका कारण बेलायत गईआएको मान्छेको पनि रक्तदान निषेध गरिएको छ । त्यसैगरी, एन्टिबायोटिक ओखती खाइरहेकाको रगत पनि मान्य हुँदैन । उता High Blood pressure, HIV, Syphilis जस्ता रोग र ११ वर्ष उमेरपछि जन्डिस भएकाले जीवनमा कहिल्यै रक्तदान दिन नमिल्ने नियम छ ।

**रगत कति प्रकारका हुन्छन् ?**

रगतका मुख्य ४ थरी हुन्छन् । A, B, O & AB र यी ४ थरीका रगतका पोजेटिभ र नेगेटिभ गरी दुई दुईथरी हुन्छन्- A±, A−, B±, B−, O±, O−, AB±, & AB− ।

अमेरिकन रेडक्रस न्यूयोर्कका थमस केनकाअनुसार इ- रगत अरू सबै रगत ग्रुपले लिन सकिने Universal Donor रक्त समूह हो । तर यस ग्रुपको रगत भएको व्यक्तिचाहिँ केवल इ- रक्त मात्र लिन सक्छ । उता AB रक्त समूहले सबै रगत ग्रुपको रगत लिन सक्छ भने सबैभन्दा सर्ब सुलभ रक्त समूहचाहिँ इ+ हो ।

व्यक्तिले रक्तदान गर्न चाहेमा ५६ दिनमा एकपटक रक्तदान गर्न सकिन्छ । सामान्यतया ११० पाउन्डको वजन र १६ वर्षभन्दा माथिकाले रक्तदान गर्न सकिन्छ ।

*- Pradeep Thapa Magar in New York.*
*साभारः www.usnepalonline.com*

# मगर संघ अमेरिकाद्वारा दोहोरी साँझ




## २०१४: दशौं वार्षिकोत्सव तथा नवौं दोहोरी साँझ

न्युयोर्क । मगर संघ अमेरिकाद्वारा न्यूयोर्कमा दशौं वार्षिकोत्सव तथा ९ औं वार्षिक दोहोरी साँझ २०१४ सम्पन्न गरिएको छ । संघले सन् २०१४ लाई विशेष सांस्कृतिक वर्षको रूपमा अमेरिकाका विभिन्न शहरमा सांस्कृतिक कार्यक्रम गरेको हो । संघले न्युयोर्क, बाल्टिमोर, क्यालिफोर्नियामा गरी पाँच वटा विशेष सांस्कृतिक कार्यक्रम गरेको थियो । जुन २८ तारिख शनिबार लङआईल्यान्ड सिटीस्थित फाइभ स्टार रेस्टुरेन्टको हलमा आयोजित उक्त दशौं वार्षिकोत्सव तथा ९ औं दोहोरी साँझ अपरान्ह र बेलुकी गरी दुई भागमा आयोजना गरिएको थियो ।

### दशौं वार्षिकोत्सव समारोह

मगर संघ अमेरिकाले दश वर्ष पूरा गरी ११ औं वर्षमा प्रबेश गरेको अबसरमा संघद्वारा एक बिशेष कार्यक्रमको आयोजना गरी मनाईएको छ । कार्यक्रममा प्रमुख अतिथि संयुक्त राष्टसंघकालागि नेपाली स्थायी नियोगकी उपप्रमुख सेवा लम्साल अधिकारी, एनआरएन अमेरिकाका अध्यक्ष खगेन्द्र जिसी, नेपाल आदिवासी जनजाति महासंघ अमेरिका (फिप्ना) का अध्यक्ष लुईसाङ्ग वाइवा तामाङको विशेष उपस्थिति रहेको थियो ।

संघका अध्यक्ष ब्रिटिश गोर्खाली सेनाका अबकास प्राप्त क्याप्टेन दलबहादुर रोका मगरको सभापतित्वमा सम्पन्न उक्त समारोहमा बखान थापा मगरले स्वागत मन्तब्य ब्यक्त गरेका थिए भने महासचिब मानबहादुर राना मगरले सञ्चालन गरेका थिए । समारोहलाई सम्बोधन गर्ने अतिथिहरूमा प्रमुख अतिथि लम्साल, एनआरएन अमेरिकाका अध्यक्ष जिसी, फिप्नाका अध्यक्ष वाइवा, एआरएन आईसिसी महिला सशक्तिकरण टास्क फोर्सकी संयोजक एवं एड्वनकि संस्थापक डा. बिष्णुमाया परियार, डा. तारा निरौला, सिन्धु-युएस वेल्फेयर सोसाइटीका अध्यक्ष बंशलाल तामाङ, ह्योल्मो सोसाइटी अफ अमेरिकाका अध्यक्ष तेम्बा दोङ्बा ह्योल्मो, न्यूयोर्क लाइभ इन्सुरेन्सका म्यानेजिङ पार्टनर यम अधिकारी थिए । अतिथिहरूले संघले दशौं वर्ष पूरा गरेकोमा खुशी ब्यक्त र संघले सम्पन्न गरेका कार्यहरूको सराहना गर्दै उत्तरोउत्तर प्रगतिको कामना गरे ।

**९ औं वार्षिक दोहोरी साँझ-२०१४**

यो दोहोरी साँझमा अतिथिहरूको आसन ग्रहण गराउने परम्परालाई तोड्दै सिधै साँस्कृतिक कोशेली पस्केर कार्यक्रमको शुभारम्भ गरिएको थियो । 'तिम्लाई टाढा मलाई नि टाढा, माछी काँडे डाँडैमा घर छ र' दोहोरी भाखामा नेपालबाट आएका चर्चित लोक दोहोरी गायिका द्वय संगीता (तुल कुमारी) थापा मगर र सिर्जना बिरही थापा मगरसाथै बाल्टिमोरबाट आएकी दोहोरी गायिका मन्जु पुन मगरसंग बोस्टनबाट आएका दोहोरी लोक गायक मिन केसी, न्यूयोर्कका दोहोरी लोक गायक सुमन बुढा मगर र राजेश थापा मगरबीच रोचल घम्साघम्सी परेको थियो ।

एकल गायनतर्फ चर्चित गायक जगदिश समाल मगर, मञ्जु पुन मगर, गायकद्वय सुमन बुढा मगर र राजेश थापा मगरले आ-आफ्नो गीत प्रस्तुत गरेका थिए । उता उद्धोषण कलामा चर्चित टिकाकुमार पुन मगर र गायक एबं राजेश थापा मगरबीच मुक्तकै मुक्तकबाट नेपालबाट आएकी दोहोरी गायिका संगिता थापा मगरका विषयमा परेको छेड्छाडले दर्शक दीर्घालाई खुब हँसायो ।

लाइभ संगित प्रस्तुत गर्ने संगितकारहरूमा शिशिर श्रेष्ठ, न्हुछेनारायण डङ्गोल, रन्जन बुढाथोकी, राज कपुर र टिकाकुमार पुन मगर थिए । नृत्यतर्फ यसपाली पनि बाल्टिमोरका कोरियोग्राफर राजकुमार पुन मगरको निर्देशनमा प्रस्तुत झ्याउँरे लोकनृत्यहरू निक्कै बान्की परेका थिए भने उता बसन्त डान्स सेन्टर न्यूयोर्कका बिजयमान नकर्मीद्वारा निर्देशित मगर जातिमा लोकप्रिय झ्याउरे लोकनृत्य र झन्कार डान्स सेन्टरका निर्देशक धरमबीर लामाद्वारा प्रस्तुत कौरा र सोरठी लोकनृत्यले दर्शकहरूलाई मन्त्रमुग्ध बनाएको थियो ।








नृत्य प्रस्तुत गर्ने कलाकारहरूमा राजकुमार पुन मगर, सन्दिप थापा मगर, फोनिक्स राना मगर, माया गुरूङ पुन मगर, अनिशा घर्ती मगर, तारा चिडी मगर, रूकु राना मगर, समिन राना मगर, यशोदा खालिङ राई, दिपा थापा मगर, जसी थापा मगर, अनिता गुरूङ, रमेश गुरूङ, सुखाराम तामाङ, सुरेन्द्र प्रताप थापा मगर, नरेन्द्र थापा मगर, माया पुन मगर, इन्दु तिलिजा मगर, इन्जु तिलिजा मगर र उशा पुर्जा मगर थिए । कार्यक्रममा लोक दोहोरी गायिका संगीता थापा मगरलाई सम्मान गरिएको थियो ।

**बाल्टिमोर र क्यालिफोर्नियामा दोहोरी साँझ सम्पन्न**

मगर संघ अमेरिकाको आयोजनामा अमेरिकाको बाल्टिमोरमा दोहोरी साँझ सम्पन्न भएको छ । मे २५, आइतबारका दिन आयोजना गरिएको कार्यक्रममा चर्चित लोक गायिका संगीता थापा मगर, भगवान भण्डारी र सुमन बुढा मगरको विशेष प्रस्तुति रहेको थियो । त्यस्तै लोक गायिका डोलमाया गुरूङ थापा मगर र मञ्जु पुन मगरको बेजोड प्रस्तुति रहेको थियो । कार्यक्रमको सञ्चालन सिता थापा मगरले गरेकी थिईन् । त्यस्तै मगर संघ अमेरिकाको आयोजनामा अमेरिकाको क्यालिफोर्नियामा विविध सांस्कृतिक कार्यक्रम तथा दोहोरी साँझ सम्पन्न भएको छ । अगष्ट २३ तारिख शनिबारको दिन आयोजना गरिएको कार्यक्रममा चिर्चित गायक जगदिश समाल, खड्ग गर्बुजा, संगीता थापा मगर, राजेश थापालगायतको विशेष प्रस्तुति रहेको थियो । बाल्टिमोरमा सम्पन्न भएको सांस्कृतिक कार्यक्रममा लोक गायक खड्ग गर्बुजा मगरलाई सम्मान गरिएको थियो भने क्यालिफोर्नियामा सम्पन्न भएको कार्यक्रममा टिका पुन मगर र नुतन थापा मगरलाई सम्मान गरिएको थियो ।

**२०१३ : आठौं दोहोरी साँझ**

न्यूयोर्क । मगर संघ अमेरिकाद्वारा आठौं वार्षिक दोहोरी साँझ न्यूयोर्कमा चौथो पटक पुनः भव्य मन्चन गरिएको छ । सन् २०१३ को जुन २२ तारिख शनिवार कुइन्स प्यालेस, उड्साइडमा आयोजित उक्त दोहोरी साँझको शुभारम्भ मीठो र जोशिलो नेपाली राष्ट्रिय गीत "यो नेपाली शिर उचाली संसारमा लम्किन्छ, जूनकिरीझैं अन्धकारमा चम्किन्छ' र लोकप्रिय मगर सांगीतिक कौरा भाकाको राष्ट्रिय गीत 'कोही हामी पूर्वबाट कोही पश्चिमबाट, एकभई अघि बढ्नु छ आज'बाट गरिएको थियो ।

**'कोही हामी पूर्वबाट कोही पश्चिमबाट**
**एक भई अघि बढ्नु छ आज**
**मगर हामी वीर जाति इमानदार हो पहिचान**
**देशकै लागि दिन्छौं बलिदान'**

'बल्ल पऱ्यो नीरमाया माकुरी जालैमा' दोहोरी भाखामा दर्शकहरू खुब नाचे । सो भाकाकी गायिका डोलमाया गुरूङ थापा मगर, अर्की दोहोरी गायिका मन्जु पुन मगर, यशोदा खालिङ राई र न्यूयोर्कमा जमेका दोहोरी गायकद्वय सुमन बुढा मगर र राजेश थापा मगरबीचको रसिलो दोहोरी जुवारीले उपस्थित पाहुनाहरूलाई भरपुर मनोरन्जन दिलायो । लाइभ संगीत प्रस्तुत गर्ने संगीतकारहरूमा विमल बुढाथोकी, राजेन्द्रलाल कर्ण, राज कपुर, विष्णु पुन मगर र केबी थापा मगर थिए ।

**'आकशै भरी नैलाख तारा जून आउँछ रमाइँदै**
**भेट हुने दिनमा मायासँग हिँड्छु**
**सालैजो दाहिने हात समाउँदै'**

प्रस्तुत सालैजोले दर्शकहरूलाई आफ्नो गाउँको नियास्रो लगायो र लोकगीतमा चुर्लुम्म डुबायो । उता लोकगायक राजेश थापा मगरको उद्घोषण कलामा रमाएका दर्शकहरू 'पोइल जान पाम् भन्नेलाई मैले ल्याउन पाम्' गीतबाट चर्चाको शिखरमा पुगेका सुमन बुढा मगरले दोहोरी दौँतरीहरूको साथ लिएर सलैजो र दोहोरी लोकगीतलाई न्यूयोर्कमा पुनः लोकप्रिय बनाएर नयाँ जीवन दिए । दोहोरी गायिकाहरूको अभावमा पूर्वरचित गीतहरू अन्य विधाका गायिकाहरूलाई गाउन लगाउनुपर्ने बाध्यताका कारण न्यूयोर्कमा दोहोरीलाई परेको झड्का मगर संघको यो दोहोरी साँझपछि बौरिएको छ भन्दा अत्युक्ति नहोला ।

उता आधुनिक गीतका ख्यातिप्राप्त गायक जगदीश समाल मगरले आफ्नो सुमधुर गीतहरू गाएर मन्त्रमुग्ध पारे । अर्का गायक दवा गुरूङको प्रस्तुति रूचाइयो । उक्त दोहोरी साँझमा बाल्टिमोरका कोरियोग्राफर राजकुमार पुन मगरको निर्देशनमा प्रस्तुत झ्याउरे लोकनृत्य, यता वसन्त डान्स सेन्टर न्यूयोर्कका विजयमान नकर्मीद्वारा निर्देशित मगर जातिमा लोकप्रिय सालैजो लोकनृत्य र झङ्कार डान्स सेन्टरका निर्देशक धरमवीर लामाद्वारा प्रस्तुत कौरा लोकनृत्यले सबैको मन जित्यो । उक्त दोहोरी साँझमा लोक नृत्य कौरा, भूमे पूजा, झ्याउरे, सालैजोलगायत नेपालका मगर जातिमा मात्र नभई देश र विदेशमा लोकप्रिय मगर संस्कृतिका लोकनृत्यहरू प्रस्तुत गरियो । नृत्य प्रस्तुत गर्ने कलाकारहरूमा राजकुमार पुन मगर, सन्दीप थापा मगर, फोनिक्स राना मगर, सन्दीप रोका मगर, इन्द्र राम्जाली मगर, माया गुरूङ पुन मगर, सम्झना गुरूङ, सपना गुरूङ, अनिशा घर्ती मगर, तारा चिडी मगर, रूकु राना मगर, सविना मगर, नन्दु फगामी मगर तामाङ, धनमाया थापा मगर, जेनी राना मगर, सृष्टि तामाङ र स्वर्णिमा श्रेष्ठ थिए ।

उक्त साँझको अर्को आकर्षण मगर जातिको परम्परागत रोधी घरको निर्माण गरी मन्चको व्यवस्था गरिएको थियो । उक्त रोधी घरका सज्जाकार अनिल रोका मगर हुन् । उनले यसअघि न्यूयोर्कमा सम्पन्न सुमन सुमधुर साँझको रोधी घरको निर्माण गरेका थिए भने आगामी जुलाई ४, ५ र ६ तारिख न्यूयोर्कमा हुन लागेको ३१ औं एएनए सम्मेलनमा नेपाल घर निर्माण गर्ने तयारीमा व्यस्त छन् । उद्घाटन समारोहमा प्रमुख अतिथिका रूपमा संयुक्त राष्ट्र संघका लागि




नेपाली स्थायी नियोगकी कार्यवाहक स्थायी प्रतिनिधि सेवा लम्साल अधिकारीको उपसथिति रहेको थियो । समारोहलाई प्रमुख अतिथि लम्साल र नेपाली आदिवासी जनजाति महासंघ अमेरिका (फिप्ना) का कार्यवाहक अध्यक्ष विनोद पोमोले सम्बोधन गरेका थिए । संघका अध्यक्ष क्या. दलबहादुर रोका मगरको सभापतित्वमा सम्पन्न उक्त समारोहमा आयोजक समितिका संयोजक भवीन्द्र शेरपुन्जा पुन मगरले स्वागत मन्तव्य राखेका थिए भने मगर संघ अमेरिकाका महासचिव मानबहादुर राना मगरले समारोहको सन्चालन गरेका थिए । संघले यसअघि सन् २००६, २००७ र २००८ मा न्यूयोर्कमा दोहोरी साँझको आयोजना गरेको थियो भने २००९ मा न्यू जर्सीको एट्लान्टिक सिटीमा, २०१० मा बाल्टिमोरमा, २०११ मा लस एन्जलस शहरमा र २०१२ मा पुनः बाल्टिमोरमा सफल दोहोरी साँझको सफल मन्चन गरेको थियो ।

*- Pradeep Thapa Magar in New York* *साभारः*
*www.usnepalonline.com/magar/*

**२०१२ : सातौं दोहोरी साँझ लोकप्रिय युवा गायक जगदीश समाल मगर प्रेसिडेन्सियल अवार्डद्वारा सम्मानित**

बाल्टिमोर । अमेरिकामा रहेका मगर समुदायको साझा संस्था 'मगर संघ अमेरिका' ले सातौं दोहोरी साँझ–२०१२ भव्यतापूर्वक सम्पन्न गरेको छ । सन् २०१२ को मई २७ तारिख आइतवार अमेरिकाको मेरिल्यान्ड राज्यको बाल्टिमोर शहरमा आयोजित उक्त सांस्कृतिक कार्यक्रममा सांगीतिक क्षेत्रमा विशेष योगदान पुऱ्याएकोमा नेपालका लोकप्रिय युवा गायक जगदीश समाल मगरलाई Magar Association USA Inc. द्वारा पहिलो पटक यसै वर्ष स्थापित 'प्रेसिडेन्सियल अवार्ड'द्वारा सम्मानित गरियो ।

त्यसैगरी, कार्यक्रममा डा. गंगा पुर्जा पुन मगर (PhD) र डा. देउकुमार पुन मगर (DMD, MS) लाई उनीहरूद्वारा हासिल शैक्षिक सफलताका लागि प्रशंसापत्रद्वारा सम्मान गरियो । साथै कलाकार बिन्दु थापा मगरलाई सन् २००५ देखि हरेक वर्ष नृत्यद्वारा संस्थालाई योगदान पुऱ्याएकोमा कदरपत्रद्वारा सम्मान गरियो । सांस्कृतिक कार्यक्रममा नेपालका ख्यातिप्राप्त युवा गायक जगदीश समाल मगर र लोक दोहोरी युवा गायक सुमन बुढा मगरको विशेष प्रस्तुति रहेको थियो । उता न्यूयोर्कका चर्चित लोकगायक तथा संस्थाका उपाध्यक्ष राजेश थापा मगर, दोहोरी गायिका शान्ति भण्डारी, मन्जु पुन मगर, प्रीथिमाया पुन मगर र डम्बर कार्कीले दोहोरी

गायक सुमन बुढा मगरसँग मिलेर दोहोरीको भाका घन्काएका थिए ।

औपचारिक कार्यक्रम समाजकी जेष्ठ नागरिक ७३ वर्षकी धनसरी थापा मगर र प्रमुख अतिथि नेपालका अवैतनिक महावाणिज्यदूत प्रेमराजा महतद्वारा संयुक्त रूपमा दीप प्रज्वलन गरी शुभारम्भ गरिएको थियो । कार्यक्रममा महावाणिज्यदूत महत, 'बाना'का महासचिव प्रभुराम थापा र EDWON (बोस्टन) की संस्थापक विष्णुमाया परियारले सम्बोधन गर्दै दोहोरी साँझले आफूहरूलाई आफू जन्मेको गाउँ र मगर लोक संस्कृति चुट्का (कौरा) को याद दिलाएको उल्लेख गरेका थिए । कार्यक्रममा उपस्थित अन्य अतिथिहरूमा म्याग्दी समाजका अध्यक्ष पारस श्रेष्ठ, तमु समाजका अध्यक्ष कुलप्रसाद गुरूङ, तामाङ समाजका अध्यक्ष श्रीलाल मोक्तान, 'नाशा'का अध्यक्ष धरम विश्वकर्मा र महिला समाज बाल्टिमोरकी अध्यक्ष ज्ञानु रोका मगर थिए । संस्थाका अध्यक्ष लेफ्टिनेन्ट (Rtd.) महेन्द्रकुमार थापा मगरको अध्यक्षतामा सम्पन्न भएको औपचारिक कार्यक्रममा मेरिल्यान्ड राज्य प्रतिनिधि पदम पुन मगरले स्वागत मन्तव्य राखेका थिए भने दोहोरी साँझको अन्त्यमा कार्यक्रम संयोजक तथा संस्थाका उपाध्यक्ष क्याप्टेन (Rtd.) दलबहादुर रोका मगरले धन्यवाद ज्ञापन गरेका थिए ।

पहिलो औपचारिक कार्यक्रमको सञ्चालन संस्थाका सचिव मानबहादुर राना मगरले गरेका थिए । दोस्रो चरणको सांस्कृतिक कार्यक्रम सामूहिक राष्ट्रगान र राष्ट्रिय गीत 'जाग लम्क चम्क हे नवजवान हो' जगदीश समाल मगर, सुमन बुढामगर र राजेश थापा मगरको सामूहिक प्रस्तुतिबाट सुरू भएको थियो । सांस्कृतिक कार्यक्रमको सञ्चालन संस्थाका द्वितीय उपाध्यक्ष राजेश थापा मगर र महासचिव टीका पुन मगरले गरेका थिए । कार्यक्रममा सालैजो नाच, कौडा नाचलगायत विभिन्न लोक तथा फिल्मी नृत्य, लोक दोहोरी गीत तथा आधुनिक गीतहरू प्रस्तुत गरिएको थियो । वाद्यवादनतिर हार्मोनियममा टीका पुन मगर, मादलमा सचिन तिलिजा पुन मगर, तबलामा राजेन्द्र कर्ण, गिटारमा अरूण रोका मगर र विष्नु पुन मगर हुनुहुन्थ्यो । राजकुमार पुन मगरले निर्देशन गरेका थिए । राजकुमार पुन मगर, बिन्दु थापा मगर, अलिशा पुन मगर, दीप्ति घिमिरे, रेजिना भण्डारी, युनिका थापा मगर, सन्दीप रोका मगर, जबिर थापा मगर, इन्द्र राम्जाली पुन मगर, प्रेम केसी, आकृति रोका मगर, सुजना पुन मगर, दीपिका पुन मगर, सजनी रोका मगर, माया गुरूङ पुन मगर, सिता गुरूङ पुन मगर, अनिता पुन मगर, सुष्मा मोक्तान, रेश्मा थापा मगर, अनिषा घर्ती मगर आदिले आकर्षक प्रस्तुति गरेका थिए ।

*- Manbahadur Rana Magar in Baltimore*
*साभारः www.usnepalonline.com/magar*

## २०११ : छैटौं दोहोरी साँझ

लस एन्जलस । मगर संघ अमेरिकाले हरेक वर्ष आयोजना गर्दै आएको दोहोरी साँझ सांस्कृतिक कार्यक्रम यसपाली क्यालिफोर्निया राज्यको लसएन्जलस शहरमा सम्पन्न भएको छ । सन् २०११ को मे २९ तारिख आयोजित उक्त छैटौं दोहोरी साँझमा अनाहेम प्लाजा होटेलमा सम्पन्न उक्त कार्यक्रम दुई भागमा सञ्चालन गरिएको थियो । पहिलो उद्घाटन सत्रको सभापतित्व भारतीय सेनाका पूर्व कर्णेल बलदेवसिंह थापा मगरले गरेका थिए भने स्वागत मन्तव्य मगर संघ अमेरिकाको क्यालिफोर्निया राज्य संयोजक बखन थापा मगरले गरेका थिए । उक्त सत्रको सन्चालन संघका न्यूयोर्कबाट जानुभएका सचिव मानबहादुर राना मगरले गर्दै मगर संघको गतिविधिहरूबारे जानकारी गराएका थिए । उक्त कार्यक्रममा आमन्त्रित अतिथिहरूमा फ्ररेन्ड्स अफ नेपाल प्रेसिडेन्ट सम्भु ढुङ्गाना, अमेरिका नेपाल एकता समाजकी प्रेसिडेन्ट उमा थापा, उक्त समाजकी महासचिव राजेन्द्र शिवाकोटी, पशुपति फाउन्डेसन प्रेसिडेन्ट भक्त थापा, लसएन्जलस तमु (गुरूङ) सोसाइटी प्रेसिडेन्ट तारा गुरूङ, विनोद लम्साल आदि थिए । अतिथिहरू शम्भु ढुङ्गाना र उमा थापाले संघले आयोजना गरेको दोहोरी साँझका लागि धन्यवाद ज्ञापन गरेका थिए । सियाटलबाट आउनुभएका संघका मिडिया कोअर्डिनेटर धन पुन मगरले पाहुनाहरूलाई धन्यवाद व्यक्त गर्दै संघको उद्देश्य र कार्यक्रमहरूका बारेमा जनकारी गराएका थिए । कार्यक्रमको दोस्रो सत्र छैटौं दोहोरी साँझको सञ्चालन चर्चित उद्घोषक तथा संघका महासचिव टीकाकुमार पुन मगर र क्यालिफोर्नियाकी नूतन थापा मगरले गरेका थिए ।

उक्त दोहोरी साँझमा नेपालका चर्चित लोक दोहोरी गायक सुमन बुढा मगर, लोक दोहोरी गायिका सीता गुरूङको जोडीलाई नृत्याङ्गना र सफल व्यवसायीबाट गायिका बनेकी तारा गुरूङ र मगर संघ अमेरिकाका महाससचिव टीकाकुमार पुन मगरले साथ दिएका थिए । कार्यक्रममा नेपालका अर्का चर्चित गायक जगदीश समाल मगर, चर्चित नृत्य निर्देशक हिमग्याप टासी लामा र बिन्दु तामाङद्वारा प्रस्तुत चर्चित मगर तप्पा र फ्युजन नेपाली नृत्यको उत्कृष्ट प्रस्तुति, नायिका श्यारोन शेर्पाको रोमाञ्चक नेपाली नृत्यलगायत दर्जनौं कलाकारहरूको प्रस्तुतिलाई दर्शकहरूले निकै मन पराएका थिए । उक्त दोहोरी साँझ कार्यक्रममा आ–आफ्नो कला प्रस्तुत गर्ने अन्य कलाकारहरूमा सौगात श्रेष्ठ, सुशीला राना मगर, माला राना मगर, रेश्मा थापा मगर, श्रेयस भट्टराई, अच्युत घिमिरे, रोहन लामा, आशिष पोखरेल, लेहा कार्की, अनुषा कार्की, आस्था गुरागाईं, अनिशा ओली, आकृति पोखरेल, सन्देश शिवाकोटी, आशुतोष ओली, शुभ गौतम, अमिरा थापा, स्नेहा गुरागाईं, दर्शन पाण्डे, आस्था घिमिरे, सुप्रिया शिवाकोटी, ऊर्जा घिमिरे, सारा शर्मा र शुष्मा शर्मा थिए । उक्त सांस्कृतिक साँझमा नृत्यहरूको कोरियोग्राफी हिमग्याप टासी लामा, सुनिता चौधरी, मुग्धा ढुङ्गाना र विजयमान नकर्मीले गरेका थिए ।

*- DB Pun Magar* साभारः *www.usnepalonline.com/magar*

## २०१० : पाँचौं दोहोरी साँझ

बाल्टिमोर । अमेरिकामा रहेका मगर समुदायको साझा संस्था 'लाङ्घाली एसोसिएसन युएसए इङ्क' ले पाँचौं दोहोरी साँझ तथा वार्षिक भेला अमेरिकाको मेरिल्यान्ड राज्यको बाल्टिमोर शहरमा भव्यतापूर्वक सम्पन्न गरेको छ । सन् २०१० को मे ३० तारिखमा आयोजित उक्त साँझमा नेपालका चर्चित युवा दोहोरी गायक सुमन बुढा मगर र ख्यातिप्राप्त हाँस्य कलाकार मनोज गजुरेलको रोचक प्रस्तुति रहेको थियो । उक्त साँझमा अमेरिकामा रहेका नेपाली

कलाकारहरूको प्रस्तुति पनि उत्तिकै चाख लाग्दो थियो । कार्यक्रममा एसोसियसनको तर्फबाट सांगीतिक फाँटमा योगदान पुऱ्याएवापत गायक सुमन बुढा मगरलाई विशेष सम्मानपत्र प्रदान गरिएको थियो । कार्यक्रम दुई चरणमा प्रस्तुत गरिएको थियो । पहिलो उद्घाटन कार्यक्रम प्रमुख अतिथि समाजका बयोबृद्ध ८३ वर्षिय बेनबहादुर थापा मगरले दीप प्रज्ज्वलन गरी सुभारम्भ गरेका थिए ।

कार्यक्रममा नेपाली दूतावासका प्रथम सचिव आनन्दप्रसाद शर्मा, नेपाल अमेरिका सोसाइटीका अध्यक्ष खेम भट्टचन, बानाकी अध्यक्ष रबिना थापा, तमु समाज अफ ग्रेटर वासिङ्गटनका अध्यक्ष नारायण गुरूङ र म्याग्दी समाजका अध्यक्ष पारसमणी श्रेष्ठले शुभकामना मन्तब्य व्यक्त गरेका थिए । दोहोरी साँझका संयोजक क्याप्टेन (Rtd.) दलबहादुर रोका मगरले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने उक्त कार्यक्रमको सभापतित्व एशोसिएसनका अध्यक्ष लेफ्टिनेन्ट (Rtd.) महेन्द्र थापा मगरले गरेका थिए । कार्यक्रमको सञ्चालन एशोसिएसनका सचिव मानबहादुर राना मगरले गरेका थिए । दोस्रो चरण, दोहोरी साँझको शुभारम्भ नेपालको राष्ट्रिय गानको धुन र राष्ट्रिय गीत 'करोडौं मुटुहरूको एउटै ढुकढुकी नेपाल' को प्रस्तुतिबाट भएको थियो । उक्त राष्ट्रिय गीत गायक खेम संग्रौला र अन्य कलाकारहरूले प्रस्तुत गरेका थिए ।

दोहोरी गायक तथा कवि टिकाकुमार पुन मगरको रोचक सञ्चालनमा सम्पन्न भएको उक्त साँझमा पूर्वी नेपालका मगरहरूको हुर्रा नाच, पश्चिम नेपालको सालैजो अनि लोकप्रिय कौडा नाचकासाथै बिभिन्न लोक तेनृत्य, लोक तथा आधुनिक गीतहरू प्रस्तुत गरिएका थिए । कार्यक्रमको मुख्य आकर्षण दोहोरी गीतमा गायक कलाकारहरू सुमन बुढा मगर, राजेश थापा मगर र शेरबहादुर थापा मगर, दोहोरी गायिकाहरूमा प्रीथीमाया पुर्जा मगर र मञ्जु पुन मगर थिए । गायनतर्फका अन्य कलाकारहरूमा रेखा शाह, दीपा थापा, कुमार थापा मगर, यशोदा खालिङ राइ र अनिता लामिछानेको प्रस्तुति सार्थक थियो । उता हाँस्य कलाकार मनोज गजुरेलले मगर पोशाकमा सजिएर गरेको रोचक र घोचक प्रहसनले सबैलाई हँसाएको थियो ।

संगीतकारहरूमा न्हुच्छेनारायण डङ्गोल, खेम संग्रौला, केबी थापा मगर र विष्णु थापा मगर तथा सचिन तिलिजा पुन मगर थिए ।नृत्य निर्देशक राजकुमार पुन मगरको नृत्य निर्देशन रहेको उक्त साँझमा माला राना मगर, कोमल बोम्जन तामाङ, खुमबहादुर थापा मगर, मानबहादुर राना मगर, इन्जु तिलिजा पुन मगर, उषा पुर्जा पुन मगर, दिवाकर गर्बुजा पुन मगर, गोबिन्द फगामी मगर, ईन्द्र राम्जाली मगर, मित्रकुमार फगामी मगर, स्वेच्छा बराल, सजनी रोका मगर, शितल तुलाचन, राजकुमार पुन मगर, निलम थापा मगर, बिन्दु थापा मगर, रोजिला खरेल, माया पुन गुरूङ, सुजु गुरूङ, आदीले मनमोहक नृत्यहरू प्रस्तुत गरेका थिए ।

*- Pradeep Thapa Magar in New York* साभारः *www.usnepalonline.com/magar*

**२००९ : चौथो दोहोरी साँझ : युएस नेपाल अनलाईन डटकम सम्मानित**

न्यूजर्सी । लाङ्घाली परिवार यूएसएले चौंथो दोहोरी साँझ तथा पाँचौं वार्षिकोत्सव भव्यताकासाथ सम्पन्न गरेको छ । सन् २००९ को अप्रिल ६ तारिखमा न्यूजर्सी राज्यको एग हार्बोर टाउन्सिपमा बिभिन्न राज्यहरूबाट आएका झन्डै २५० जना मगरहरू र शुभचिन्तकहरूका साथ पाँचौं वार्षिकोत्सव तथा दोहोरी साँझ सांस्कृतिक कार्यक्रमको आयोजना गरी भव्यताका साथ मनाइएको छ ।




'कोही हामी पूर्वबाट कोही पश्चिमबाट
एक भै अघि बढ्नु छ आज ।
मगर हामी बीर जाति इमान्दार हो पहिचान
देशकै लागि दिन्छौ बलिदान ।
लखनका सन्तान हामी खाँदैनौनी कहिले हार
मानव जाति बनौं बराबर ।
हाम्रो भाषा, ईतिहास संस्कृति छ बिशाल
सुन्दर शान्त बनाऊ नेपाल ।'

प्रस्तुत सामुहिक गीतबाट शुरू भएको सांस्कृतिक कार्यक्रममा मञ्जु पुन मगरले 'जोडी भालेसा' (मगर भाषामा), राजेश थापामगरले 'सुन छहारी सुनैको खानीमा', कुमार थापा मगरले 'दोबाटोमा छुटेपनि भेट हाम्रो भैरहोस्', अरूण रोका मगरले 'यति राम्री केटीलाई अघि नलाई जान्न', केशब थापा मगरले जोमसोमै बजारमा र डम्बर कार्कीले 'यो बाटो कँहा जाने होला' एकल गीत प्रस्तुत गरेका थिए । उता लोक गायकहरू राजेश थापा मगर, शेरबहादुर थापा मगर, राम तिलिजा मगर, मञ्जु पुन मगर र रीता तिलिजा मगरले दुई चरणमा दोहोरी गाएर सबैलाई हँसाउनुका साथै नचाएका थिए ।

त्यस्तै, इन्दु तिलिजा मगर, इन्जु तिलिजा मगर, उषा पुर्जा मगरले 'लाली गुराँस बनै भरी चुल्ठो सजाउँछु' र 'तुङना र डम्फु बजाउँदै', प्रियङ्का थापा मगरले 'मलाई मायाले सतायो लौ', बिन्दु थापा मगरले 'रेली खोला बगर काफल पाक्यो लहर', मञ्जु पुन मगर र नृत्य निर्देशक राजकुमार पुन मगरले 'मीठो फुल्को मिठैछ छ बासना, पहिलो भेटमा मुसुक्कै हाँसन' गीतमा रोचक नृत्य प्रस्तुत गरेका थिए भने मिलन थापा मगरले 'प्रदेश' नामक कविता बाचन गरेका थिए ।

लाईभ संगीतकालागि की बोर्डमा बिष्णु पुन मगर, गीतारमा अरूण रोका मगर र हिरा शमशेर मल्ल, मादलमा सचिन तिलिजा मगर र खोम बहादुर थापा मगर थिए । जसको संयोजन संगीतकार बिष्णु पुन मगरले गरेका थिए भने ध्वनी संयोजन डिजे दिनेश गुरूङ र भिडियोग्राफी मोक्तान डिजिटल भिडियोका शम्भु मोक्तानले गरेका थिए ।

कार्यक्रममा युएस नेपाल अनलाइन डट कमलाई अमेरिकामा बसोबास गर्ने नेपाली समुदायलाई स्वच्छ र निष्पक्ष समाचारहरू प्रकाशन गरी अमूल्य योगदान पुऱ्याएकोमा संस्थाले सम्मान गरेको थियो । युएस नेपाल मिडिया सेन्टरकोतर्फबाट अध्यक्ष पासाङ दोर्ची शेर्पाले



प्रसंशापत्र र फूलको गुच्छा स्वीकार गरेका थिए ।

प्रमुख अतिथि नेपाल जनजाति महासंघका महासचिव अर्जुन गुरूङले पाँचौं वार्षिकोत्सवका अबसरमा सम्पूर्ण मगर समुदायलाई बधाई दिदै आफ्नो भाषा, संस्कृति  र परम्पराको संरक्षण र सम्वर्धनकालागि लाङ्घाली परिवार यूएसएले खेलिरहेको भूमिकाको प्रसंशा गरेका थिए । मगर यूवाहरूलाई सम्बोधन गर्दै मेहनत गरे अमेरिकामा अवसर पनि प्रसस्तै छ भन्दै आफूले विद्यार्थी जिवनदेखि हाल वाल स्ट्रिटमा भाइस प्रेसिडेन्टकोरूपमा कार्यरत रहँदाको आफ्नो व्यक्तिगत अनुभव सुनाएका थिए । महासचिव गुरूङले नेपाल जनजाति महासंघ अमेरिकाको वर्तमान र भविष्यका योजना र कार्यक्रमहरूको बारेमा प्रकाश पार्दै नयाँ नेपालको संविधान निर्माण गर्ने प्रकृयामा जनजातिहरूको हक र अधिकार सुरक्षित र सुनिश्चित गर्न महासंघले नेपाल जनजाति महासंघसँग सहकार्य गर्ने जानकारी गराउँदै आबश्यक सहयोग गर्न मगर समुदायलाई आग्रह पनि गरेका थिए । संस्थाका अध्यक्ष लेफ्टिनेन्ट महेन्द्रकुमार थापा मगरको सभापतित्वमा सम्पन्न उक्त वार्षिकोत्सव समारोहको औपचारिक कार्यक्रम सह-सचिव मानबहादुर राना मगर र सांस्कृतिक कार्यक्रमको सञ्चालन गायक तथा द्वितीय उपाध्यक्ष राजेश थापा मगरले गरेका थिए ।

*-Durlabh Magar in New York साभारः  www.usnepalonline.com/magar*

**२००८ : तेस्रो दोहोरी साँझ**

'बनमा काँडा छ, तिमी उता म यता ज्यान त टाढा छ
तर बिरानो नसम्झ माया गाढा छ'
'आँधी खोला उर्लेर आयो आउने थिइन मायाले बोलायो'

'छुट्टी छोटो छ मायाको सम्झना दिलमा फोटो छ'
'छोरी माग्न जाँदा बिहे गर्छु भन्दा ससुरा परे दोधारे,
ए भन्छन् तिम्रो छ र के भर खोजी आऊ पहिले सरकारी जागिर'
'ए होइ भनी बोलाको मैले ए होइ...'

न्यूयोर्क । लाङ्घाली एशोसिएसन यूएसएले न्यूयोर्कको आर्मेनियन चर्च, म्यानहटनमा आयोजना गरेको उक्त दोहोरी साँझमा नेपालबाट झिकाएका दुई चर्चित कलाकारहरू दोहोरी गायिका शिला आले मगर र लोक पप गायक क्रान्ति आले मगरले यी माथिका गीतलगायत अरू थुप्रै मिठा गीतहरू गाएर न्यूयोर्क शहर मात्र होइन अन्य अमेरिकी राज्यबाटसमेत आएका नेपाली दर्शकहरूको मन जित्न सफल भए ।

सन् २००८ को मे ३ तारिख शनिबार आयोजना गरिएको उक्त दोहोरी साँझ हुनुअघि दोहोरी गायिका शिला आलेले यो पंक्तिकारसँगको भेटमा भनेकी थिइन्- 'खोइ को होला कुन्नी मेरो जोडी दोहोरी खेल्ने न्यूयोर्कका दाजुहरू' तर उनले जोडी फेला पारिन् बोष्टनबाट आएका लोक गायक मिन केसी । अझ उनले दोहोरी साँझका प्रमुख अतिथि नेपालकालागि संयुक्त राष्ट्रसंघका स्थायी प्रतिनिधि महामहिम राजदुत मधुरमण आचार्यलाई गीतै गीतले छड्के हानेपछि महामहिम आचार्यले आफ्नो 'हिडन ट्यालेन्ट' (लुकेको र लुकाइएको प्रतिभा) देखाउँदै गायिका आलेको जवाफ गीतैबाट दिन थालेपछि अघिदेखिनै उत्कर्षमा उकालिदै गरेको दर्शकहरूको घुइँचोमा दोहोरी साँझको रौनकता अरू बढेको थियो ।

उता लोक पप गायक क्रान्ति आलेको गीतमा नझुम्मिने को थिएन होला र ? न्यूयोर्क शहरका नेपाली युवा-युवति मात्र होइन यहाँ क्रियाशिल नेपाली संस्था र नाम चलेका नेपाली व्यक्तित्वहरूसमेत नाच्न तम्सिएको देख्दा नेपाली लोक संस्कृति प्रवासमा उत्तिकै लोकप्रिय रहेको आभास हुन्थ्यो ।

साँझमा गायिकाद्वय यशोदा खालिङ र सुनिता लोप्चन तथा गायक राजेश थापा मगरले आ-आफ्नो गीत प्रस्तुत गरेर मनोरञ्जन दिलाएका थिए । नृत्यतर्फ बिमल बुढाथोकी, देवी थापा मगर ओली, बिन्दु थापा मगर, राजकुमार पुन मगर, निलम थापा मगर, विष्णु थापा मगर, माया गुरूङ, सर्जु गुरूङ, राजेन्द्र तिलिजा मगर, रिता तिलिजा मगर, अर्जुन रोका मगर, इन्जु तिलिजा मगर, इन्दु तिलिजा मगर र उषा पुर्जा मगरले आ-आफ्ना मनमोहक नृत्यहरू प्रस्तुत गरेका थिए ।

संगीततर्फ न्हुछेनारायण डङ्गोल, डानियल कार्थक, पासाङ शेर्पा, राजेश खड्गी, रञ्जन बुढाथोकी र केबी थापा मगरले प्रस्तुत गरेका थिए । सो साँझको सभापतित्व महेन्द्र थापा मगरले गरेका थिए भने मानबहादुर राना मगरले धन्यवाद व्यक्त गरेका थिए । दोहोरी साँझ लोक गायक तथा कवि टिका पुन मगरको रसिलो उद्घोषणमा सञ्चालन भएको थियो । सो साँझको उद्घाटन समारोहको सञ्चालन युएस नेपाल अनलाइन डट कमका प्रधान सम्पादक प्रदीप थापा मगरले गरेका थिए । स्मरण रहोस्, यस संघले सन् २००६ र २००७ मा नेपाली दोहोरी साँझको सफलतापूर्वक आयोजना गरिसकेको छ ।

*- Pratha Magar in New York*
*साभारः www.usnepalonline.com/magar*

# अमेरिकी राज्य जर्जियामा भुटानिजमगरहरूको वार्षिक भेला सम्पन्न

एट्लान्टा, जर्जिया । अमेरिकी सरकारको आप्रबासी पुनर्स्थापना कार्यक्रम अन्तर्गत अमेरिकी राज्य जर्जियाको एट्लान्टा शहरमा बसोबास गर्दै रहेका झन्डै ४ सय भुटानी मगरहरूले सन् २०१० को फेब्रुअरी २७ तारिख दोस्रो वार्षिक भेला सम्पन्न गरेका छन् । मगर एसोसियसन अफ जर्जियाद्वारा आयोजित कार्यक्रममा एसोसियसनका अध्यक्ष सरमान समाल मगरले स्वागत गरेका थिए भने मगर जातिको भाषा र इतिहासबारे संघका सल्लाहकार गोपाल समाल मगरले प्रकाश पारेका थिए । उक्त भेलालाई कार्यक्रमका प्रमुख अतिथि खरे बस्नेत, डा. रामचन्द्र बराल, राजा घले, गोपाल समाल मगर, तारा पुन मगर, प्रदिप थापा मगरलगायतले सम्बोधन गरेका थिए । कार्यक्रममा एसोसिएसनका तारा पुन मगरले नेपालका मगरहरूको चिनो स्वरूप मगर पुरूष पहिरन कलाकार प्रताप थापा मगरलाई प्रदान गरेका थिए ।

कार्यक्रममा खड्ग माप्चन मगरले धन्यवाद ज्ञापन गरेका थिए भने संचालन भिमा माप्चन मगर र Emmanuel International Church, Duluth, GA का सिनियर पास्टर सिलाश थापा मगरले गरेका थिए । कार्यक्रम पश्चात लाङघाली एसोसियसन युएसएका प्रतिनिधिहरू र मगर एसोसियसन अफ जर्जियाका प्रतिनिधिहरू बीचको बिशेष संयुक्त बैठक राखिएको थियो । उक्त बैठकमा सहभागीहरूले आगामी अगष्ट भित्र गरिन लागेको लाङघाली एसोसियसन युएसएको तेस्रो महाधिवेसन अघी दुई संस्थाबीच एकिकरण गरी संस्थाको नाम 'मगर' नामाकरण गर्ने र बिभिन्न अमेरिकी राज्यमा राज्य च्याप्टरहरूको ब्यबस्था गर्ने गरी एसोसियसनको बिधान संसोधन गर्ने सुझाब दिएका थिए । कार्यक्रममा मगर समाज र अन्य कलाकारहरूले बिबिध साँस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । कलाकारहरू प्रताप मगर, भिमा, शिव, तुला, टिका, हेमा, पबी, रोशन, गणेश, शेखर रिजाल, सानीता, गङगा, भक्त राई, तिल्चन, ललिता, कृष्ण, रोहिता, मिलन,, तुला माप्चन, इङसामा, सृष्टि, दिक्षा, अमिशा, सुशमा, बिमला, सुदेश राइ, कुसुम मगर, कुल मगर, समिर, किसान, दिवस, बोनोद, चाङकु, कौसिला, लीला, मन्जु, इशक तामाङ, टिका रसाइली, रजिनी, डम्बरी थापा मगर, भिम मगर, कमल, तिलचन्द माप्चन मगर, जितेन राइ, हेमा आदि थिए ।

*– Pradeep Thapa Magar in Atlanta*
*साभार : www.usnepalonline.com/magar*

# अमेरिकाको भलिबलमा मगर संघको बर्चश्व




मगर संघ अमेरिकाले यहाँ आयोजना हुने अधिकांश भलिबल प्रतियोगितामा उत्कृष्ट हुन सफल भएको छ । २०१३ र २०१४ मा भएको एएनए कप भलिबलको उपाधि मगर संघ अमेरिकाले जित्न भएको थियो । त्यस्तै युनाईटेड शेर्पा कप २०१३ र २०१४ को अवार्ड पनि मगर संघ अमेरिकाले जित्न सफल भएको थियो भने २०१५ मा आयोजना गरिएको युनाईटेड शेर्पा कपमा उपविजेता भएको थियो ।

**खेलाडीहरू:**

हरि राना मगर, शक्ति रेग्मी, खोम थापा मगर, सुवास लामिछाने, केशर केसी, मान रोका मगर, यम पुन मगर, प्रकाश राना मगर, राजेश थापा मगर, सन्तोष थापा मगर, दिपल पुन मगर, गोविन्द पुन मगर, टंक मगर, रोशन थापा मगर, इश्वर थापा, भविश्वर पुन मगर, पासाङ लामा, राजकुमार पुन मगर, राम तिलिजा मगर, कुमार पुन मगर, हरि खड्का, विनोद गुरूङ, दिनेश पुन मगर र ललित तिलिजा पुन मगर ।

# खण्ड ३

## सम्पादकीय / प्रकाशकीय / शुभकामना

सम्पादकीय

# मगर संघ अमेरिकाको दुई दशक !


मगर संघ अमेरिकाले आफ्नो २०औं वसन्तमा पाईला टेक्नै लाग्दा संघको गौरवशाली इतिहासलाई दस्तावेजिकरण गर्ने सुकार्य सम्पन्न गरेको छ । स्थापनाकाल सन् २००४ सालदेखि मगर संघ अमेरिकाले आफूलाई अमेरिकावासी मगरहरूको सुख दुःखको सच्चा सारथीको रूपमा निरन्तर र अथकित अग्रपंक्तिमा उभ्याउँदै आएको सर्वविदितै छ । आफ्नो जीवनका स्वर्णिम दुई दशकको अवधिमा संघले अनेकन उकालीओरालीहरू पार गर्दै र आफूलाई समयसापेक्ष परिमार्जित गर्दै सम्पूर्ण अमेरिकी मगरहरूको ढुकढुकी बन्न सफल भएको तथ्य जगजाहेर छ । मगर संस्कृतिको संरक्षण, प्रवर्द्धन र पहिचान स्थापनाको निम्ति मगर संघ अमेरिका र यसको विगतदेख वर्तमानसम्मको नेतृत्वले ठूलो समर्पण, त्याग र योगदान पुऱ्याएको छ । यो ऐतिहासिक क्षणको साक्षी यो वर्ष सन् २०२३ को जुलाई २९ तारिख कोलोराडो राज्यको बुल्डर सहरमा हुन गैरहेको संघको ९औं राष्ट्रिय महाधिवेशन हुनेछ ।


**सांगठनिक विस्तार**


अमेरिकामा मगरहरूको आगमन र बढोत्तरी दूतगतिमा छ । अमेरिकामा करिब ५ हजारभन्दा बढी मगर जाति रहेको अनुमान गरिन्छ । नेपालका आदिवासी जनजातिहरूमा सबैभन्दा ठूलो जनसंख्या भएको मगरहरूको अमेरिकामा पनि हजारौंको संख्यामा उपस्थिति रहेको अनुमान लगाउन सकिन्छ । मगर संघ अमेरिकाको हाल ६ राज्य च्याप्टरहरू छन् । न्यूयोर्क, न्यूजर्सी, डिएमभी (डिस्ट्रिक्ट अफ कोलम्बिया/मेरिल्याण्ड/भर्जिनिया), टेक्सास, कोलोराडो र ईलेनोई । यी बाहेक अन्य राज्यहरूका मगरहरूलाई पनि संघको एकतारूपी एउटै शितल छहारीमा समेट्ने प्रयास निरन्तर गरिएकोछ जुन सराहनीय कदम हो ।


**संघको नामाकरणः विगत र वर्तमान**

मगर संघ अमेरिकाको स्थापना कालमा संस्थाको नाम 'लाङ्घाली एशोसियसन यूएसए' रहेको थियो । मगर भाषामा 'लाङ्घाली' भनेको 'गाउँले' हो । सन् २०१० को अक्टोबर २४ तारिख न्यूजर्सी राज्यको मेस ल्यान्डिङमा सम्पन्न 'लाङ्घाली एशोसियसन यूएसए' को चौंथो अधिवेशनद्वारा आफ्नो नाम परिवर्तन गरी 'मगर संघ अमेरिका' (Magar Association USA) नामाकरण गरिएको हो ।










**अग्रणी भूमिका**

मगर संघ अमेरिकाले विगत १९ वर्षमा मातृभूमि नेपालको लागि होस् या अमेरिकामै वसोवास गर्ने मगर समुदाय र अन्य नेपाली समुदायमा निरन्तर मानवीय सहयोग र सामाजिक संचेतनाका कार्यहरू गरेर नेपाली अमेरिकन सामाजिक संस्थाहरूमा अग्रणी संस्थाकोरूपमा आफूलाई स्थापित गरीसकेको छ ।

**नेतृत्व**

स्थापनाकालदेखि हालसम्म संघले ६ जना अध्यक्षहरूको सबल नेतृत्व र अभिभावकत्व पाएको छ । संस्थापक अध्यक्ष दलबहादुर बुढाथोकी मगर (२००४-२००६), निलम थापा मगर (कार्यबाहक अध्यक्ष २००६-२००८), लेफ्टिनेण्ट महेन्द्रकुमार थापा मगर (२००८-२०१०, २०१०-१२), क्या. दलबहादुर रोका मगर (२०१२-२०१५), रूद्र थापा आले मगर (२०१५-२०१८), कुलबहादुर राना मगर (२०१८-२०२१), र कुलबहादुर राना मगर (२०२१-२०२३) । यसक्रममा, संघलाई यो वयस्क उमेरसम्म हुर्काउनमा सम्मानित, विज्ञ सल्लाहकारहरू, दर्जनौं नेतृत्वदायी पदाधिकारीहरू र कार्य समिति, उपसमितिका सयौं सदस्यहरूको क्रियाशिलता, नेतृत्व र योगदान स्मरणीय छ । साथै, सदा संघको साथमा रहने साधारण सदस्यहरू, सम्पूर्ण मगर समुदाय मगर संघ अमेरिकाको जीवन्तताको मेरूदण्ड र सान्दर्भिकताको कडी हुन् ।

**मगर व्यक्तित्वहरूको सम्मान**

मगर समाज र समग्र नेपाली समुदायका अगुवा व्यक्तित्वहरूलाई सम्झिनु भनेको मगर जातिको अलग पहिचान र विशिष्ट सम्मानको परम्परालाई जीवित राख्नु हो । संघले सन् २००६ देखि बिभिन्न मगर व्यक्तित्वहरूलाई सम्मान गर्ने परम्परालाई निरन्तरता दिदै आएको छ । संघद्वारा हालसम्म सम्मानित व्यक्तित्व र संस्थाहरू निम्नानुसार छन्, नेपाल प्रहरीका पूर्व एआईजी एबम् मगर स्टडिज सेन्टरका अध्यक्ष डा. गोबिन्दप्रसाद थापा मगर (२००६), समाजसेवी डा. महावीर पुन मगर (२००७), प्राध्यापक बिके राना मगर (२००७), पत्रकार प्रदीप परियार थापा मगर (२००८), म्याराथन धावक टंक मगर (२००८), पप गायक क्रान्ति आले मगर (२००८), लोक गायिका शीला आले मगर (२००८), समाजसेवी इन्दिरा राना मगर (२००९), यूएसनेपालअनलाइन डट कम (२००९), पूर्व सांसद फटिक थापा मगर (२०१०), युवा नेत्री रामकुमारी झाँक्री मगर (२०१०), रक्तदानमा अग्रणी अर्जुनप्रसाद मैनाली (२०१०), गायक जगदिश समाल मगर (२०१०), लोकगायक सुमन बुढा मगर (२०१०), गायक राजेश थापा मगर (२०१०), समाजसेवी तथा व्यावसायी लेफ्टिनेन्ट मानबहादुर बुढा मगर (२०११), भारतका लागि



**कुलबहादुर राना मगर**
**अध्यक्ष**
(२०१८–२०२१, २०२१–२०२३)



**रूद्रबहादुर आले मगर**
**अध्यक्ष**
(२०१५–२०१८)



**दलबहादुर रोका मगर**
**अध्यक्ष**
(२०१२–२०१५)



**क्या. महेन्द्रकुमार थापा मगर**
**अध्यक्ष**
(२००८–२०१०, २०१०–२०१२)



**निलम थापा मगर**
**का. बा. अध्यक्ष**
(२००६–२००८)



**दलबहादुर बुढाथोकी मगर**
**अध्यक्ष**
(२००४–२००६)

बक्सिङ खेलमा ९ वटा अन्तरराष्ट्रिय स्वर्ण पदक जितेका र अमेरिकामा पहिलो प्रोफेसनल बक्सिङ खेलाडी मुक्केबाज देबेन्द्र थापा मगर (२०१२), कलाकार बिन्दु थापा मगर (२०१२), डा. गंगा पुर्जा पुन मगर (२०१२), डा. देउकुमार पुन मगर (२०१२); नेपाल सरकारको आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिस्थानका उपाध्यक्ष तथा नेपाल मगर संघका पूर्व केन्द्रिय अध्यक्ष झकबहादुर थापा मगर (२०१३), हङकङ मगर संघका पूर्व अध्यक्ष तथा नेपाल आदिबासी जनजाति महासंघ हङकङका संस्थापक अध्यक्ष हुमबहादुर थापा मगर (२०१३), गायिका संगीता थापा मगर (२०१४), ब्रिटिश गोर्खाली सैनिक, अफगानिस्तान युद्धमा ब्रिटिश सेनाको प्रतिष्ठित बहादुरी पदक 'सिजिसी' विजेता दिपप्रसाद पुन मगर (२०१६), नेपाल प्रहरी डीआईजी पार्वती थापा मगर (२०१६), गायिका मुना थापा मगर (२०१८), सामाजिक अभियन्ता इन्दिरा राना मगर (२०१८), ऊर्जा, जलस्रोत तथा सिँचाइँ मन्त्री वर्षमान पुन मगर (अनन्त), नेपाल सरकार (२०१९), महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया पुन थापा मगर, नेपाल सरकार (२०१९), सशस्त्र प्रहरी बल, नेपाल प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) गणेश ठाडा मगर (२०१९), नेपाल मगर विद्यार्थी संघ पूर्व अध्यक्ष झकेन्द्र घर्ती मगर (२०१९), अन्तर्राष्ट्रिय स्वर्ण पदक विजेता कराँते खेलाडी हिक्मत घर्ती मगर (२०१९), नेपाल मगर संघ महासचिव ज्ञानेन्द्र पुन मगर (२०२०), निफ अवार्ड २०२१ मगर चलचित्र 'ट्याङ चालाक'बाट उत्कृष्ट नायिकाको अवार्ड जित्न सफल नायिका तिला मगर (२०२१), युकेका पर्या साहित्यकार विजय हितान मगर (२०२२), नेपाल सरकार संघीय संसदका उपसभामुख तथा समाजसेबी इन्दिरा

राना मगर (२०२३), नेपाल सरकारको संबैधानिक आयोग आदिवासी जनजाति आयोगका माननीय अध्यक्ष रामबहादुर थापा मगर (२०२३), र नेपाली बन्यजन्तु बैज्ञानिक तथा संरक्षणविद् कमल थापा मगर (२०२३) ।

**'याँभू' (इन्द्रेणी) प्रकाशनको शुरूवात, निरन्तरता र दस्तावेजिकरण अभियान**

मगर संघ अमेरिकाले संस्था स्थापनाको ७ वर्षपछि सन् २०११ को जनवरी १६ तारिख 'याँभू' (इन्द्रेणी) इ-जर्नलको पहिलो प्रकाशन गरी दस्तावेजिकरण अभियानको थालनी गरेको हो । त्यसपछि संघले सन् २०१४ मा मगर संघ अमेरिकाको दश वर्षको गतिविधि समेटेर 'मगर संघ अमेरिका स्मारिका-२०१४' प्रकाशन गर्यो। 'याँभू' को दोस्रो अंक २०२१ प्रकाशन हुन अर्को दश वर्ष कुर्नु पर्‍यो । यसबीच, संघको स्थापनाकाल सन् २००४ देखि २०१४ सम्मको दस्तावेजिकरण गरिएको स्मारिका-२०१४, सन् २०१४ देखि २०२१ को दस्तावेजिकरण गरिएको 'याँभू' २०२१ र 'याँभू' २०२३ को यो तेस्रो श्रृंखलासम्म आईपुग्दा मगर संघ अमेरिकाको १९ वर्षको गतिविधिहरूको दस्तावेजिकरण गरी भावी पुस्ताको निम्ति अनन्तकालसम्मको लागि लिपिबद्ध गर्ने गर्विलो सत्कर्म सम्पन्न भएको छ । यो दस्तावेजिकरण क्रम नयाँ नेतृत्वले पनि निरन्तरता दिनु जरूरी छ ।

'याँभू' का यी चारै प्रकाशनको सम्पादन समूहमा रहेर कार्य गर्न पाउँदा म गौरवान्वित भएकोछु । र, मलाई भरोसा गरी, यो अवसर प्रदान गर्ने मगर संघ अमेरिकाको विगतदेखि वर्तमानसम्मको नेतृत्व र कार्य समितिप्रति हार्दिक आभार व्यक्त गर्दछु । मगर संघ अमेरिकाको अफिसियल वेबसाइट www.magarusa.org मा 'याँभू' को तीन अंकहरू २०११, २०२१ र २०२३ साथै दश वर्षे स्मारिका २०१४ पढ्न र डाउनलोड गर्न सकिन्छ ।

**पहिचानको अथकित यात्रा**

मगर संघ अमेरिकाको सामाजिक क्रियाशीलता, औचित्यता, अस्तित्व र समग्र मगर जातिको साँस्कृतिक पहिचानको अथकित यात्रा जारी छ, जारी रहनेछ । हामीलाई आशा छ कि हाम्रा अमेरिकी भूमिमै जन्मिहुर्किने भावी मगर सन्ततीहरूले मगर संघ अमेरिकाले थालेको यो गर्विलो सामाजिक रूपान्तरणको अभियान र परम्परालाई युगौं युगसम्म निरन्तर जोगाई राख्नेछन् ।

**प्रदीप परियार थापा मगर**
प्रधानसम्पादक

# प्रकाशकीय

मगर संघ अमेरिकाले आफ्नो स्थापनाकालदेखि विगतका दुई स्वर्णिम दशकहरू अमेरिकाभरि छरिएर रहेका मगरहरूलाई संगठित र एकतावद्ध गर्दै अघि बढिरहेको छ । संघको सामाजिक रूपान्तरणको अभियान निरन्तर जारी छ ।

**दस्तावेजिकरण प्रयास र परम्परा**

'याँभू' मा समेटिएका सांगठनिक इतिहास, गतिविधि र रचनात्मक क्रियाकलापहरू दस्तावेजिकरणको एउटा महत्वपूर्ण प्रयास हो । हामीलाई विश्वास छ, 'याँभू' हाम्रा भावी पुस्ताका सन्ततिहरूको लागि महत्वपूर्ण र उपयोगी दस्तावेज बन्नेछ । यसले हाम्रो सांगठनिक जीवनलाई सही मार्गनिर्देश गर्दै अघि बढाउनसमेत मद्दत मिल्नेछ ।

संस्थाको गतिविधिलाई दस्तावेजिकरण गर्ने अभियानलाई निरन्तरता दिदैं 'याँभू' (इन्द्रेणी) को तेस्रो अंक २०२३ प्रकाशन गर्न पाउँदा हामी अत्यन्त खुशी भएका छौं । यस अघि, संघले सन् २०११ मा 'याँभू' ई-जर्नलको रूपमा पहिलो अंक प्रकाशन थालनी गरेको थियो ।

सन् २०१४ मा मगर संघ अमेरिकाको स्थापनाको दश वर्ष (सन् २००४-२०१४) को गतिविधि समेटेर संघले 'मगर संघ अमेरिका स्मारिका-२०१४' प्रकाशन गर्‍यो भने सन् २०१५ देखि २०२१ सम्मको संघको गतिविधि समेटेर 'याँभू' को दोस्रो अंक २०२१ प्रकाशित गरिएको थियो । 'याँभू' को यो तेस्रो अंक २०२३ संघको दस्तावेजीकरण अभियानको पछिल्लो प्रयास हो । हामीलाई आशा छ, भविष्यका नयाँ कार्य समितिहरूले दस्तावेजीकरण अभियानको यो लामो प्रयासलाई निरन्तरता दिने छन् ।

**हाम्रो संगठनात्मक ईतिहास**

मगर संघ अमेरिका संयुक्त राज्य अमेरिकाको विभिन्न राज्यहरूमा बसोबास गर्ने मगरहरूको छाता संस्थाका रूपमा सन् २००४ मा 'लाङ्घाली एशोसिएसन यूएसए' को स्थापना भएको थियो भने सन् २०१० को अक्टोबर २४ तारिख न्यूजर्सी राज्यको मेस ल्यान्डिङमा सम्पन्न संघको चौंथो अधिवेशनद्वारा आफ्नो नाम परिवर्तन गरी 'मगर संघ अमेरिका' (Magar Association USA Inc.) नामाकरण गरिएको हो । यो वर्षको जुलाई २९ तारिख मगर संघ अमेरिकाको ९औं राष्ट्रिय अधिवेशन कोलोराडो राज्यको बुल्डर सहरमा सम्पन्न हुँदैछ ।

यसैबीच, संघको अहिलेसम्म ६ वटा राज्य च्याप्टरहरू न्यूयोर्क, न्यूजर्सी, डिएमभि (डिस्ट्रिक्ट अफ कोलम्बिया/मेरील्याण्ड/भर्जिनिया), टेक्सास, कोलोराडो र ईलेनोइ स्थापना भै सञ्चालनमा आएको छ भने यीबाहेक अन्य राज्यहरूका मगरहरूलाई पनि संघमा समेट्ने प्रयास जारी छ ।

**सामाजिक र साँस्कृतिक प्रयास**

मगर भाषा, संस्कृति, परम्परा र भेषभूषाको संरक्षण र प्रवर्द्धन गर्दै मगर पहिचानको निम्ति मगर संघ अमेरिकाले मगर जातिको साँस्कृतिक पर्व माघे संक्रान्ति, भुमे पूजा, मगर संघ स्थापना दिवस, नेपालका प्रथम शहीद लखन थापा मगर स्मृति दिवस पनि मनाउँदै आएको छ । संस्थाले नेपाल प्रकाशन समितिको सहकार्यमा मगर भाषा, साहित्य र संस्कृतिसम्बन्धी ११ वटा पुस्तक पनि प्रकाशन गरिसकेको छ । साथै, मगर संघ अमेरिकाले विगत १९ वर्षहरूमा विभिन्न मानवीय सहयोग प्रदान गर्ने कुरामा पनि आफ्नो सक्रिय र अग्रणी भूमिका निभाउँदै आएको छ ।

**सहकार्य**

त्यसैगरी, नेपाली अमेरिकन डायस्पोरा समुदायबीच आपसी भाइचारा, भावनात्मक एकता र सहिष्णुता कायम गर्दै समग्र नेपाली डायस्पोरा समुदायको हकअधिकार र नेपाली पहिचानको निम्ति मगर संघ अमेरिकाले विभिन्न नेपाली अमेरिकन सामाजिक संघसंस्थाहरूसँग लामो समयदेखि सहकार्य गर्दै आइरहेको छ । अन्त्यमा, हामीलाई बिभिन्न तबरबाट साथ र सहयोग गर्ने, 'याँभू' प्रकाशनका लागि प्रत्यक्ष, परोक्ष रूपमा योगदान पुऱ्याउने सबैप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

**जय मगर संघ, अमेरिका । जय मगर ।**

**कलुबहादुर राना मगर**
अध्यक्ष
मगर संघ अमेरिका
केन्द्रीय समिति

**इन्दिरा राना**
**उपसभामुख**

**संघीय संसद**

# प्रतिनिधि सभा

**सिंहदरबार, काठमाडौं नेपाल**

## शुभकामना

मगर संघ अमेरिकाले आफ्नो ९औं राष्ट्रिय महाधिवेशनको अवसरमा संघको मुखपत्र याँमू (तेस्रो संस्करण) प्रकाशन गर्न लागेको खबर सुन्दा मलाई अत्यन्तै खुसी लागेको छ। संघको मुखपत्र याँमू प्रकाशन सफलताको कामनासँगै महाधिवेशन सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु।

देशको भूगोल नाघेर विदेशमा रहनुभएका नेपाली समुदायको एकता, सौहार्दता र संस्थागत विकासका लागि भएको प्रयास एवं सक्रियता देख्दा मलाई निकै खुसी लाग्छ। संसारको जुनसुकै कुनामा पुगे पनि आफ्नो देश, भेष, समुदाय, परम्परा, भाषा र संस्कृतिप्रति तपाईंहरुको लगाव र संरक्षणका लागि गरेका प्रयास निकै सहानीय छन्। यस्तै लगावमा संगठित र सदैव सक्रिय संस्था मगर संघ अमेरिकाले आफ्नो मुखपत्र याँमू प्रकाशनको कामलाई निरन्तरता दिइरहेको रहेछ। पुस्तक प्रकाशन गर्नु आफैमा इतिहासलाई लिपिबद्ध गर्ने र समाजलाई सत्मार्गतर्फ बढाउने बौद्धिक कार्य हो। यसका लागि याँमू प्रकाशन समिति लगायत मगर संघ अमेरिकाका सबै साथीहरुलाई आभार एवं धन्यवाद व्यक्त गर्दछु।

हाम्रो देश नेपाल बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय विशेषतायुक्त स्वतन्त्र राष्ट्र हो। हाम्रो संविधानले सबै जातजाति, लिङ्ग, धर्म, संस्कृति र समुदायलाई समान अधिकार दिएको छ। विभिन्न जातजाति, धर्म र समुदाय अनुसारका आ-आफ्नै संस्कृति, परम्परा र चाडपर्वहरुले हाम्रो विविधतालाई प्रतिबिम्बित गरेका छन्। नेपालका विविध जातजातिमध्ये मगर समुदाय पनि एक हो। देशभित्र रहँदा वा देशबाहिर रहे पनि हामीले आफ्नो भाषा, संस्कृति र परम्पराको संरक्षण, सम्वर्द्धन र जगेर्ना गर्न बिर्सिनु हुँदैन। मगर संघले अमेरिकामा रहेका सबै मगर समुदायलाई गोलबन्द गरी हाम्रो भेषभुषा, भाषा र संस्कृतिको संरक्षण गर्न अग्रणी भूमिका निर्वाह गर्ने छ भन्ने मैले विश्वास लिएको छु।

संघको मुखपत्र याँमूमा हाम्रो इतिहास, परम्परा, कला-संस्कृति, भेषभुषा एवं भाषाको संरक्षण र प्रवर्द्धन गर्ने सामग्रीहरुले स्थान पाउनेछन्। भावी पुस्ताले हाम्रो विगत खोज्दा, हाम्रा अग्रजहरुको सङ्घर्षको इतिहास खोज्दा याँमूले त्यसको अभाव पूर्ति गरोस् भन्ने कामना गर्दछु। अन्तमा मगर संघ अमेरिकाको ९औं राष्ट्रिय महाधिवेशन पूर्ण सफलताको कामना गर्दै संघको मुखपत्र याँमू प्रकाशनको सत्प्रयासका लागि सबैलाई धन्यवाद व्यक्त गर्दछु।

६ जुलाई, २०२३

इन्दिरा राना
उपसभामुख

# आदिवासी जनजाति आयोग

## पुल्चोक, ललितपुर

पत्र संख्या : ०६८।८०

चलानी नं. : ३८२

मिति : २०८०।०२।२४

श्री अध्यक्ष ज्यू,
मगर संघ अमेरीका, केन्द्रिय समिति
न्युयोर्क ।

**विषयः शुभकामना ।**

नेपालबाट अमेरीका गई विभिन्न पेशा र व्यवशायमा आवद्ध भई संसारका मगरहरूको हक हितको लागि अनवरत रूपमा संघर्ष र सहयोग गरिरहनु हुने मगरहरूको साझा संगठन मगर संघ अमेरीकाको केन्द्रिय समितिको ९ औ राष्ट्रिय महाधिवेशन सुसम्पन्न हुन लागेकोमा मगर संघ अमेरीकाका सम्पूर्ण सदस्यहरूलाई हार्दिक बधाई र महाधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु । मगर हरूको आफ्नै परम्परागत ज्ञान, सीप, भाषा, संस्कृति र संस्कार छ,जस्लाई नेपालमा मात्रै होइन विश्वभर छरिएर बसेका मगरहरूले संरक्षण,संवर्द्धन र प्रवर्द्धन गर्दै आएका छन् यो नै हामी मगर जातीको आफ्नो पहिचान प्रतिको आस्था र गौरव हो । हामी जहाँ रहे पनि आफ्नो पहिचान कायम राख्नु पर्दछ । यो हाम्रा पुर्खाले हामीलाई छोडेर गएको अमूल्य पहिचान र विरासत हो । पुर्खाले छोडेर गएको पहिचानको नासो हामीले संरक्षण, संवर्द्धन र प्रवर्द्धन गरेर हाम्रा भावि सन्ततिलाई छोडेर जानु पर्छ यो हाम्रो कर्तव्य र दायित्व दुवै हो । मगर संघ,अमेरीकाले मगर समुदायको लागि गर्दै आएको सहयायोग विश्वका मगरलाई सन्देशको रूपमा पुर्‍याउनु पर्दछ र नेपालको मगरहरू लाई विदेशी भूमीमा पनि हाम्रो हक अधिकारको लागि आवाज र ऐक्यवद्धदता छ भन्ने भाव जगाउनु सक्नु पर्दछ । आज भूमण्डलीकरणले विश्व नै एउटा गाउँमा परिणत भएकोले हामी विश्वका कुनै पनि देशमा बसौं तर एउटा गाँउमै बसीरहेका छौं भन्ने आभास दिनु पर्दछ जुन कुरा मगर संघ अमेरीकाले दिदै आएको छ र आगामी दिनमा पनि दिईरहने छ भन्ने आशा गर्दछु ।

महाधिवेशनको सन्दर्भमा मगर संघ अमेरीकाले आफ्नो मुखपत्र **याँभू** को तेश्रो प्रकाशन पनि गर्न लागेकोमा सम्पादक तथा प्रकाशक मगर संघ अमेरीकालाई अर्को शुभकामना दिन चाहान्छु । मुख पत्र विशेषगरी संगठनको गतिविधिलाई प्रकाशन गर्ने माध्याम भएपनि यसमा बैचारिक तथा साँस्कृतिक एवं विविध पक्षलाई समेट्न सकिन्छ । यो प्रकाशानले मगर समाज र पहिचान एवं एकतालाई बलियो बनाउन लिखित सन्देश दिने भएकोले प्रकाशन आफैमा महत्वपूर्ण र ऐतिहासिक हुनेमा विश्वस्त छु । देखेको भन्दा लेखेको विषयलाई बढी विश्वसनीयता हुने भएकोले यो प्रकाशनले इतिहास लेखनको काम पनि गर्दछ भन्ने मलाई लाग्दछ । यसर्थ यो पत्रिका प्रकाशक, सम्पादन समूह र रचनाकारलाई पनि धन्यवाद दिन चाहान्छु ।

अन्तमा, **मगर संघ अमेरीकाको ९ औ महाधिवेशन** र संघको मुख पत्र **याँभू** को तेश्रो प्रकाशनको अवसरमा आदिवासी जनजाति आयोगको तर्फबाट सफलताको शुभकामना व्यक्त गर्दछु ।

**(रामबहादुर थापामगर)**
अध्यक्ष
मा. अध्यक्ष

७ जुन २०२३, काठमाडौ, नेपाल ।

"मगरात सभ्यता सहितको समृद्ध मगर समाज"

काजिप्रकादनं २५२/०४९/०५०

"मगर इतिहास, भाषा, संस्कृति संरक्षण-सम्वर्द्धन मगरहरुको मूल मन्त्र, मगरात पहिचान र स्वायत्त शासन सहितको संघीय लोकतान्त्रिक गणतन्त्र ।"

# नेपाल मगर संघ
## NEPAL MAGAR ASSOCIATION

केन्द्रीय समिति, कलंकी, काठमाडौं

प.स/च.स. : २०७९/०८०/४१०

मिति : २०८० असार ७ गते

## शुभकामना !

मगर जाति नेपाल को तेश्रो ठूलो जनसङ्ख्या भएको जाति हो । मौलिक कला, संस्कृति, भाषा, साहित्य र परम्परागत सम्पदा जस्ता कुराहरूले मगर जाति निकै समृद्ध छ । आफ्नै मौलिक भेषभुषा, चाडपर्व, खेल, गीतनाच जस्ता कुराहरूले मगरहरूको जातिय र साँस्कृतिक पहिचानको गरिमालाई उच्च बनाएको छ । यद्यपि शिक्षा, जागरण र जातिय चेतना, चासो र चिन्तनको अभावमा जातिय पहिचानको रुपमा रहेको यस्ता महत्त्वपूर्ण कुराहरू दिन प्रतिदिन बिर्सिंदै, छोडिँदै र हराउँदै गइरहेकका छन् । यसको रक्षा र संरक्षणका लागि अभिलेखीकरण र दस्तावेजीकरण निक्कै कम प्रयास अर्थात जातिय इतिहास, संस्कृति र सम्पदाका बारेमा कलम चलेका भए पनि प्रयाप्त छैन । त्यसैले मगर जातिको जातिय पहिचानको रक्षा र संरक्षण सम्बर्धन प्रबर्धन गर्न का लागि समुदायको मौलिकताहरुको अभिलेखीकरण दस्तावेजीकरण गर्दै नयाँ पुस्तालाई हस्तान्तरण (पुस्तान्तरण) गरिनु अहिलेको तत्कारो आवश्यकता हो ।

नेपाल मगर संघ ले मगर समुदायको शिक्षा र सचेतना, आर्थिक समृद्धि ९उद्यमशीलता०, सामाजिकरसांस्कृतिक सशक्तिकरण र राजनैतिक सशक्तिकरण गर्दै मगरात सभ्यता सहितको समृद्ध मगर समाज बनाउने महान संकल्प लिएर अगाडी बढिरहेको अबस्थामा मगर संघ अमेरिकाले आफ्नो नवौं राष्ट्रीय महाधिवेशनको अवसरमा प्रकाशन गर्न लागेको स्मारिका "यम्भुँ" को तेस्रो संस्करण प्रकाशन गर्न लाग्नु भएको खबरले हर्षित बनाएको छ आशा छ मगर समाजको पहिचान जगेर्नाका लागि यस स्मारिका "यम्भुँ" कोशेढुङ्गा साबित हुनेछ । यस स्मारिका बाह्र मगरात र अठार मगरात क्षेत्रमा प्रचलित मगर समुदायका मौलिक संस्कार, संस्कृति, लगायतका कुराहरू समेट्ने प्रयास भएका छन् । यी कुराहरू लिखित दस्तावेजीकरण को अभियानमा एउटा ईट्टा थपिएको महसुस गरेको छु ।

मगर समुदाय एउटा जाति भएता पनि यस जाति भित्र भाषागत विविधता (मगर ढुट, मगर खाम, मगर काईके) छ, संस्कार संस्कृतिगत विविधता छ, थरगत विविधता (आले, पुन, रोका, थापा, घर्ती, राना, बुढा आदि) छ, भेषभुषामा विविधता छ आदि क्षेत्रगत विविधता मगर समुदायको सम्पत्ति हो "यहि हो हामीको वास्तविक पहिचान" तर मगर जातिको ईतिहास, जातिय गरिमा र मगर उत्पत्तिको मुल जरा नबुझेको मगर भित्रका केही व्यक्तिहरुले मगर थरलाई नै आधार बनाएर आफूलाई मगर होईन भन्दै शासकको मगर फुटाउ रणनीतिलाई मलजल गरिरहेको अवस्थामा यस प्रकाशनले "मगरहरु फुटेर हैन जुटेर नै जातिय पहिचानको रक्षा गर्न सकिन्छ" भन्ने जर्बजस्त सन्देश दिनेछ भन्ने अपेक्षा गरेको छु । नयाँ पुस्तामा मगर भाषाहरु र मगर मौलिक संस्कृतिहरुको जानकारी कम कम भैरहेको अबस्थामा यसका असली साधक पुराना पुस्ताहरू अब दिन प्रतिदिन घट्दै घट्दै गएकाले पनि यसबारे समष्टिगत रुपमा सोचिनु जरुरी छ ।

त्यसै गरि पुख्यौली थलो, उदगमस्थलमा जस्तो अन्यत्र यसको संरक्षण अझ गाह्रो पनि छ । यस्तो परिस्थितिमा मगर संघ अमेरिकाको यस कदमको उच्च मूल्याङ्कन गर्दै आगामी दिनमा पनि मगर जातिको पहिचान, प्रतिष्ठा, इतिहास, संस्कृति लगायतका कुरामा स्थापित प्रकाशनको रुपमा देख्न पाइयोस् भन्ने शुभकामना भन्दै अग्रिम सदा सफलताको कामना गर्दछु र आम मगर समुदायले पुस्तक पढेर लेखकिय माध्येमबाट दस्तावेजीकरणको अभियानलाई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु । र मगर जातिको इतिहास, पहिचान, गरिमामा केन्द्रित भएर विभिन्न प्रकाशन जस्तो ऐतिहासिक र महत्वपूर्ण कार्यहरु गरिरहनु भएकोमा मगर संघ अमेरिकालाई धन्यवाद, हार्दिक बधाई तथा थप निरन्तरको शुभकामना व्यक्त गर्दछु ।

जय मगर !!

ज्ञानेन्द्र पुनमगर
अध्यक्ष

सम्पर्कः ०१५२१८३३७ कार्यालय E-mail: nepalmagarsangh@hotmail.com, Website: www.nepalmagarassociation.org.np

Reg # 060727000863

FEDERATION OF INDIGENOUS PEOPLES OF NEPAL IN AMERICA
नेपाल आदिवासी जनजाति महासंघ, अमेरिका
CENTRAL EXECUTIVE COMMITTEE, USA

## शुभकामना सन्देश !!!

नेपालबाट संयुक्त राज्य अमेरिका आई बसोबास गर्नु हुने सम्पुर्ण मगर समुदायको सु-स्वास्थ्य, दिर्गायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपालको आदिवासी समुदायका बहुसंख्यक अर्थात नेपाल आदिबासी जनजाति महासंघ अमेरिका (फिप्ना) मा विगत १७ बर्ष देखि नै अत्यन्त सक्रियताका साथ सदस्य संस्थाको रुपमा स्थापित मगर संघ अमेरिका विदेशमा रहेर पनि मगर समुदायको भाषा, कला, संस्कृति संरक्षण र संस्थागत बिकासमा महत्त्वपूर्ण टेवा पुराउँदै आईरहेको छ । नेपालका सिमान्तकृत तथा पिछडिएका बर्ग र समुदायको पक्षमा उठाईने मुद्दा, आदिबासी अभियान र आन्दोलनमा मगर समुदायको योगदानको उच्च कदर गर्दै मगर संघ अमेरिकाको नवौ राष्ट्रिय महाधिवेशनको अपार सफलताका साथै संस्थाको मुखपत्र तेस्रो "याँभू" संस्करण प्रकाशन लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु !

राज कुमार बिष्ट
(अध्यक्ष)
नेपाल आदिवासी जनजाति महासंघ अमेरिका
मे १४ , २०२३

82-12 Pettit Ave, Elmhurst NY 11373 | Email: fipna2005@gmail.com | Web: www.fipnausa.org

DISTRICT OFFICE
37-04 QUEENS BOULEVARD SUITE 205
QUEENS, NY 11101
TEL: (718) 383-9566
FAX: (718) 383-9076

CITY HALL OFFICE
250 BROADWAY, ROOM 1749
NEW YORK, NY 10007
TEL: (212) 788-7370
FAX: (212) 513-7195
Jwon@council.nyc.gov

THE COUNCIL OF
THE CITY OF NEW YORK

# JULIE WON

COUNCIL MEMBER, 26TH DISTRICT, QUEENS

CHAIR
CONTRACTS
-------------
COMMITTEES
CONSUMER AND WORKER PROTECTIONS
FINANCE
OVERSIGHT AND INVESTIGATION
PUBLIC HOUSING
TECHNOLOGY
TRANSPORTATION AND INFRASTRUCTURE
-------------
CAUCUS
WOMEN'S CAUCUS

July 19, 2023

**Magar Association USA**
69-08 Woodside Ave, 2nd Fl.
Woodside, NY 11377

Dear Magar Association USA,

Congratulations on your 9th National Convention in Colorado! Magar USA has always been a vital partner in District 26, from community events to cultural celebrations, and so much more.




I wish for the continued success of everyone at Magar Association USA. Thank you for your hard work, dedication, and passion for sharing the Nepali culture and traditions with our community.


Sincerely,


Council Member Julie Won
26th District
New York City Council

## सम्पादकीय

# मगर संघ अमेरिकाको १७ वर्ष !




मगर संघ अमेरिकाको स्थापना सन् २००४ सालमा भएको हो । यसैबीच, निरन्तर विगतका वर्षहरूबाट पाठ सिक्दै, अनेकन उकाली ओरालीहरू पार गर्दै, आफूलाई परिमार्जित गर्दै मगर संघ अमेरिका १७ वर्षे तन्नेरी युवाको रूपमा सम्पूर्ण अमेरिकी मगरहरूको ढुकढुकी, दुःख–सुखको सारथी, साँस्कृतिक पहिचानको अगुवा बन्न पुगेको छ । यो ऐतिहासिक क्षणको साक्षी यो वर्ष सन् २०२१ को जुलाई ३१ तारिख न्यूजर्सी राज्यको सेवेल सहरमा हुन गैरहेको संघको ८औं राष्ट्रिय महाधिवेशन हो ।

**सांगठनिक विस्तार**

अमेरिकामा मगरहरूको आगमन र बढोत्तरी द्रुतगतिमा छ । मगर भेलाहरूमा बहुसंख्यक नयाँ अनुहारहरू देखिनु त्यसैको प्रमाण हो । उदाहरणको लागि यो वर्ष न्यूयोर्क सहरमा आयोजना गरिएको भूम्या पर्व समारोहमा ९० प्रतिशतभन्दा बढी उपस्थित मगरबन्धुहरू नयाँ अनुहारहरू हुनुहुन्थ्यो । नेपालमा आदिवासी जनजातिहरूमा सबैभन्दा ठूलो जनसंख्या भएको मगरहरूको अमेरिकामा पनि हजारौंको संख्यामा उपस्थिति रहेको अनुमान लगाउन सकिन्छ । मगर संघ अमेरिकाले गठन गरी हाल सबल र क्रियाशिल रहेका ४ राज्य च्याप्टरहरू छन् न्यूयोर्क, न्यूजर्सी, डीएमभी (डिसी/मेरिल्याण्ड/भर्जिनिया) र टेक्सास । यी बाहेक थप १० राज्यहरूमा सदस्यता वितरण गर्नुका साथै सबैलाई संघको एकतारूपी एउटै सितल छहारीमा समेट्ने


दलबहादुर बुढाथोकी मगर
२००४-२००६


महेन्द्र कुमार थापा मगर
२००८-२०१२


क्या. दलबहादुर रोका मगर
२०१२-२०१५


रुद्रबहादुर आले मगर
२०१५-२०१७


कुलबहादुर राना मगर
२०१८-२०२१

प्रयास सराहनीय छ । अब अमेरिकी मगरहरूको आन्तरिक जनगणना गरी सोहीअनुरूप संघको विस्तार, नयाँ राज्य च्याप्टरहरूको गठन र क्षमता अभिवृद्धितिर लाग्नु पर्ने टड्कारो आवश्यकता देखिएको छ ।

**विगत र वर्तमान**

स्थापना कालमा संस्थाको नाम 'लाङ्घाली एशोसियसन यूएसए' रहेको थियो । मगर भाषामा 'लाङ्घाली' भनेको 'गाउँले' हो । सन् २०१० को अक्टोबर २४ तारिख न्यूजर्सी राज्यको मेस ल्याण्डिङमा सम्पन्न 'लाङ्घाली एशोसियसन यूएसए' को चौंथो अधिवेशनद्वारा आफ्नो नाम परिवर्तन गरी 'मगर संघ अमेरिका' (Magar Association USA) नामाकरण गरिएको हो ।

**अग्रणी भूमिका**

मगर संघ अमेरिकाले मातृभूमि नेपालको लागि होस् या अमेरिकामै वसोवास गर्ने नेपाली, निरन्तररूपमा मानवीय सहयोग र सामाजिक संचेतनाका कार्यहरू गरेर अग्रणी नेपाली अमेरिकन सामाजिक संस्थाको रूपमा आफूलाई स्थापित गरिसकेको छ । विगत १७ वर्षमा संघ र संघका सदस्यहरूले अमेरिकामा रहेका कैयन मगरहरू, गैरमगर नेपालीहरू, नेपालको महाभूकम्प, बाढीपहिरो, आपद्विपद् र सामाजिक संमृद्धि अभियानमा बिबिध आर्थिक र भौतिक मानवीय सहयोग गर्दै आएको सर्वविदितै छ । संघले मगर भाषा, संस्कृति, परम्पराको संरक्षण, सम्वर्द्धन र पहिचान गर्ने विविध सामाजिक संचेतनाका कार्यहरू गर्दै आएको छ, उदाहरणको लागिः संघले लोक दोहोरी साँझ सन् २००८-२०१३ सम्म ८ वटा सम्पन्न गरेको थियो भने हरेक वर्ष मगर संघ स्थापना दिवस (फागुन १५), माघे संक्रान्ति पर्व र भूम्या पूजा आयोजना गर्दै आएको छ । त्यसैगरी, नेपालका प्रथम शहीद लखन थापा मगरको स्मृति दिवस (फागुन २) सन् २००८ देखि निरन्तर रूपमा मनाउँदै आएकोमा सन् २०१२ देखि नेपाल आदिवासी जनजाति महासंघ अमेरिका (फिप्ना) र अन्य नेपाली संघ संस्थाहरूको संयुक्त आयोजनामा हुँदै आएको छ ।

**नेतृत्व**

स्थापनाकालदेखि हालसम्म संघले ६ जना अध्यक्षहरूको सबल नेतृत्व र अभिभावकत्व पाएको छ । संस्थापक अध्यक्ष दलबहादुर बुढाथोकी मगर (२००४-२००६), निलम थापा मगर (कार्यबाहक अध्यक्ष २००६-२००८), लेफ्टिनेण्ट महेन्द्रकुमार थापा मगर (२००८-२०१२), क्या. दलबहादुर रोका मगर (२०१२-२०१५), रूद्र थापा आले मगर (२०१५-२०१८) र कुलबहादुर राना मगर (२०१८-२०२१) । यसक्रममा, संघलाई यो वयस्क उमेरसम्म हुर्काउनमा सम्मानित, विज्ञ सल्लाहकारहरू, दर्जनौं नेतृत्वदायी पदाधिकारीहरू र कार्य समिति, उपसमितिका सयौं सदस्यहरूको क्रियाशिलता, नेतृत्व र योगदान स्मरणीय छ । साथै, सदा संघको साथमा रहने साधारण सदस्यहरू, सम्पूर्ण मगर समुदाय मगर संघ अमेरिकाको जीवन्तताको मेरूदण्ड हुन् ।

**व्यक्तित्वहरूको सम्मान**

मगर समाज र समग्र नेपाली समुदायका अगुवा व्यक्तित्वहरूलाई सम्झिनु भनेको मगर जातिको अलग पहिचान र विशिष्ट सम्मानको परम्परालाई जिवित राख्नु हो । संघले सन् २००६ देखि विभिन्न मगर व्यक्तित्वहरूलाई सम्मान गर्ने परम्परालाई निरन्तरता दिँदै आएको छ । संघद्वारा हालसम्म सम्मानित व्यक्तित्व र संस्थाहरू निम्नानुसार छन् । नेपाल प्रहरीका पूर्व एआईजी एबं मगर स्टडिज सेन्टरका अध्यक्ष डा. गोबिन्दप्रसाद थापा मगर (२००६), समाजसेवी डा. महावीर पुन मगर (२००७), प्राध्यापक बिके राना मगर (२००७), पत्रकार प्रदीप परियार थापा मगर (२००८), म्याराथन धावक टंक मगर (२००८), पप गायक क्रान्ति आले मगर (२००८), लोक गायिका शिला आले मगर (२००८), समाजसेवी इन्दीरा राना मगर (२००९), यूएसनेपालअनलाइन डट कम (२००९), रक्तदानमा अग्रणी अर्जुनप्रसाद मैनाली (२०१०), गायक जगदिश समाल मगर (२०१०), लोकगायक सुमन बुढा मगर (२०१०), गायक राजेश थापा मगर (२०१०), भारतका लागि बक्सिङ खेलमा ९ वटा अन्तरराष्ट्रिय स्वर्ण पदक जितेका र अमेरिकामा पहिलो प्रोफेसनल बक्सिङ खेलाडी मुक्केबाज देबेन्द्र थापा मगर (२०१२), कलाकार बिन्दु थापा मगर (२०१२), डा. गंगा पुर्जा पुन मगर (२०१२), डा. देउकुमार पुन मगर (२०१२), गायिका संगीता थापा मगर (२०१४), ब्रिटिश गोर्खाली सैनिक अफगानिस्तान युद्धमा ब्रिटिश सेनाको प्रतिष्ठित बहादुरी पदक 'सीजीसी' विजेता दीपप्रसाद पुन मगर (२०१६), नेपाल प्रहरी डीआईजी पार्वती थापा मगर (२०१६), गायिका मुना थापा मगर (२०१८), महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया पुन थापा मगर, नेपाल सरकार (२०१९), अन्तर्राष्ट्रिय स्वर्ण पदक विजेता कराँते खेलाडी हिक्मत घर्ती मगर (२०१९), समाजसेवी शर्मिला थापा मगर (२०१९) र समाजसेवी सपना रोका मगर (२०२०) ।

**'याँभू' (इन्द्रेणी) प्रकाशन र दस्तावेजिकरणको कुरा**

संघले सन् २०११ को जनवरी १६ तारिख 'याँभू' (इन्द्रेणी) इ-जर्नलको प्रकाशन शुरूवात गरेको हो । त्यसपछि संघले सन् २०१४ मा मगर संघ अमेरिकाको १० वर्षको गतिविधि समेटेर 'मगर संघ अमेरिका स्मारिका-२०१४' प्रकाशन गऱ्यो । 'याँभू' को दोस्रो अंक प्रकाशन हुन अर्को १० वर्ष कुर्नु पऱ्यो । तर संघको स्थापनाकाल सन् २००४ देखि २०१४ सम्मको दस्तावेजिकरण गरिएको स्मारिका र सन् २०१४ देखि २०२१ को दस्तावेजिकरण 'याँभू' को यो दोस्रो अंकमा समेटिएकोले मगर संघ अमेरिकाको १७ वर्षको इतिहास अनन्तकालसम्मको लागि लिपिवद्ध भएको छ । यी तीनै प्रकाशनको सम्पादन समूहमा रहेर कार्य गर्न पाउँदा म गौरवान्वित भएको छु । र, मलाई भरोसा गरी, यो अवसर प्रदान गर्ने मगर संघ अमेरिकाको विगतदेखि वर्तमानसम्मको नेतृत्व र कार्य समितिप्रति हार्दिक आभार व्यक्त गर्दछु । संघको अफिसियल वेबसाइट www.MagarUSA.Org मा 'याँभू' को दुई अंक र १० वर्षे स्मारिका पढ्न र डाउनलोड गर्न सकिन्छ ।

**सामाजिक अस्तित्व र पहिचानको अथकित यात्रा**

समय गतिशील छ । मगर संघ अमेरिकाको सामाजिक अस्तित्व र पहिचानको अथकित यात्रा जारी छ, जारी रहनेछ । हामीलाई आशा छ कि हाम्रा भावी सन्ततिहरूले मगर संघ अमेरिकाले थालेको यो गर्विलो सामाजिक रूपान्तरणको यात्रा र परम्परालाई युगौं युगसम्म निरन्तर कायम राख्नेछन् ।

**प्रदीप परियार थापा मगर**
प्रमुख सम्पादक, याँभू
प्रधान सम्पादक, Nepalism.com

# Magar Association USA Inc.

Reg. No. 040830001182
Tax ID No. 84-1655629

## मगर संघ अमेरिका

Central Committee

President
**Kul B. Rana Magar**

Senior Vice-President
**Lachhimi K. Rana Magar**

Vice-President
**Anil Roka Magar**

Vice-President
**Amar Rajan Magar**

Vice-President
**Ruku Rana Magar**

General Secretary
**Suman Pun Magar**

Secretary
**Man Thapa Magar**

Treasurer
**Ravi Thapa Magar**

Joint-Treasurer
**Aashish Thapa Magar**

Board Members
**Khum K. Thapa Magar**
**Chandra B. Pun Magar**
**Surendra P. Pulami Magar**
**Jeevaraj Budha Magar**
**Birendra Pun Magar**
**Chanra B. Gurmachhan**
**Surendra Rana Magar**
**Bishnu K. Thapa Magar**
**Dinesh Budha Magar**
**Bishnu Rana Magar**

### प्रकाशकीय

मगर संघ अमेरिकाले "यॉंभू" (इन्द्रेणी) को दोश्रो अंक प्रकाशन गर्न पाउँदा हामी अत्यन्त खुशी भएका छौं । यस अघि, संघले सन् २०११ मा "यॉंभू" ईजर्नलको रूपमा पहिलो अंक र सन् २०१४ मा मगर संघ अमेरिकाको स्थापनाको दश वर्ष (सन् २००४ देखि २०१४) को गतिविधि समेटेर "मगर संघ अमेरिका स्मारिका-२०१४" प्रकाशन भैसकेको छ । "यॉंभू" को यो दोश्रो अंकमा सन् २०१५ देखि २०२१ सम्मको संघको गतिविधि र लेखरचनाहरू समेटिएकोछ । "यॉंभू" को यो अंकदेखि लेख रचनाका साथै संघको गतिवधिहरू पनि समेटी निरन्तरता दिने हाम्रो योजना छ ।

संयुक्त राज्य अमेरिकाका विभिन्न राज्यमा बसोबास गर्ने मगरहरूको छाता संस्थाका रुपमा सन् २००४ मा "लाङ्गाली एशोसिएसन युएसए" को स्थापना भएको थियो भने सन् २०१० को अक्टोबर २४ तारिख न्यू जर्सी राज्यको मेस ल्यान्डिङमा सम्पन्न संघको चौंथो अधिवेशनद्वारा आफ्नो नाम परिवर्तन गरी "मगर संघ अमेरिका" (Magar Association USA) नामाकरण गरिएको हो । यो वर्ष मगर संघ अमेरिकाको आठौं अधिवेशन सम्पन्न हुँदैछ । यसबिच, संघको अहिलेसम्म ४ वटा राज्य च्याप्टरहरू: न्यू योर्क, न्यू जर्सी, डिएमभि र टेक्सास निर्माण भै संचालनमा आएकोछ भने संघले विभिन्न मानवीय सहयोग प्रदान गर्ने कुरामा सकृय र अग्रणी भूमिका निभाउँदै आएकोछ ।

मगर संघ अमेरिकाले अमेरिकाभरि छरिएर रहेका मगरहरूलाई संगठित र एकताबद्ध गर्दै अघि बढिरहेको छ । मगर भाषा, संस्कृति, परम्परा र भेषभूषाको संरक्षण र प्रवर्धन गर्दै मगर पहिचानको निम्ति संघले माघे संक्राति, भुमे पूजा, मगर संघ स्थापना दिवस, प्रथम सहीद लखन थापा मगर स्मृति दिवस आदि मनाउँदै आएकोछ ।

मगर संघ अमेरिकाले आपसी भाइचारा, भावनात्मक एकता र सहिष्णुतालाई कायम गर्दै समग्र नेपाली अमेरिकन डायस्पोरा समुदायको हकअधिकार र पहिचानको निम्ति विभिन्न सामाजिक संघसंस्थाहरूसँग लामो समयदेखि सहकार्य गर्दै आइरहेको छ ।

'यॉंभू' मा समेटिएका सांगठनिक इतिहास, गतिविधि र रचनात्मक क्रियाकलाप दस्तावेजीकरणको एउटा महत्वपूर्ण प्रयास हो । हामीलाई विश्वास छ, 'यॉंभू' भावी पुस्ताका लागिसमेत महत्वपूर्ण र उपयोगी दस्तावेज बन्नेछ । यसले हाम्रो सांगठनिक जीवनलाई मार्गनिर्देश गर्दै अघि बढाउनसमेत मदत मिल्नेछ ।

अन्त्यमा, हामीलाई विभिन्न तवरबाट साथ र सहयोग गर्ने, 'यॉंभू' प्रकाशनका लागि प्रत्यक्ष, परोक्ष रुपमा योगदान पुर्याउने सबैप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

जय मगर संघ, अमेरिका । जय मगर ।
जिलौ ।

**कुल ब. राना मगर**
**अध्यक्ष**
**मगर संघ अमेरिका**
**केन्द्रिय समिति**

*(Creating a sence of shared responsibilities towards the Magar Community)*
**The Secretariat,** 40-08 76th Street Elmhurst NY 11373
Tel. (347) 657-7218, (347) 510-9833, (718) 308-1541 | Email: magar2004@gmail.com | www.magarusa.org
*Magar Association USA Inc. is a 501 (c) (3) not for profit organization*

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

## शुभ-कामना

मगर संघ अमेरिकाले आफ्नो आठौं अधिवेशनको अवसरमा नियमित प्रकाशन ***याम्भु***को दोस्रो संस्करण प्रकाशन गर्न लागेकोमा मलाई ज्यादै खुशी लागेको छ। म याम्भुको दोस्रो संस्करण प्रकाशन सफलताको कामना सहित संघको आठौं अधिवेशन भव्य सफलाताको शुभकामना व्यक्त गर्दछु।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र भौगोलिक विविधताले भरिपूर्ण धर्मनिरपेक्ष मुलुक हो। प्राकृतिक सुन्दरताले भरिपूर्ण हाम्रो देश विविधतायुक्त भाषा, संस्कार, संस्कृति र धर्मले धनी छ। नेपाली जनताको लामो संघर्षपछि प्राप्त गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, सामाजिक न्याय सहितको समानुपातिक समावेशी शासन व्यवस्था संविधानले संस्थागत गरेसँगै देश प्रत्येक नेपाली जनताको आर्थिक सामाजिक रुपान्तरण सहित समुन्नती र समृद्धिको मार्गमा अगाडि बढेको छ।

नेपालमा विभिन्न समुदायको आ-आफ्नो पहिचान छ। अन्य समुदाय जस्तै मगर समुदायको आफ्नो मौलिक भाषा, लिपि, संस्कृति, रीतिरिवाज सहितको भिन्न पहिचान छ। देशभित्र बसोबास गर्ने र विश्वका विभिन्न मुलुकमा स्थायी वा अस्थायी बसोबास गर्ने प्रत्येक नेपालीले आफ्नो भाषा, संस्कार, संस्कृतिको संरक्षण र प्रवर्द्धनलाई आफ्नो कर्तव्य ठानेर ध्यान दिनुपर्दछ।

मगर संघ अमेरिकाले मगर समुदायको भाषा, कला, संस्कार र संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि खेलिरहेको भूमिकाको प्रशंसा गर्न चाहन्छु। रचनात्मक गतिविधिमार्फत नेपालको पहिचानलाई अन्तर्राष्ट्रियकरण गर्न महत्वपूर्ण भूमिका खेलेकोमा अमेरिका र विश्वका विभिन्न देशमा बसोबास गर्ने नेपालीहरुप्रति म धन्यवाद व्यक्त गर्दछु। आगामी दिनमा विश्वका विभिन्न देशमा रहेका नेपालीहरुले नेपालको मौलिक भाषा, कला, संस्कार र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्दै भावी पुस्तालाई हस्तान्तरण गर्नुहुनेमा म विश्वस्त छु।

मगर संघ अमेरिकाले आफ्नो आठौं अधिवेशनको अवसरमा प्रकाशन गर्ने पुस्तक ***याम्भु***मा अमेरिकामा रहेका मगरहरुले आफ्नो मौलिक भाषा, कला, संस्कार र संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि खेलिरहेको भूमिकालाई संग्रहित गर्ने विश्वास लिएको छु। साथै यस पुस्तकबाट भावी पुस्तालाई आफ्नो भाषा, संस्कार र संस्कृतिलाई अंगाल्न प्रेरित गर्ने अपेक्षा लिएको छु। यो महत्वपूर्ण कार्यका लागि म मगर संघ अेरिकालाई हृदयदेखि धन्यवाद दिन चाहन्छु।

धन्यवाद।

*२४ असार २०७८*

नन्दबहादुर पुन 'पासाङ'

राजदूत

नेपाली राजदूतावास
2730 34TH PLACE N.W.
WASHINGTON, D.C. 20007

मिति २०७८।०३।३०

## शुभकामना सन्देश

नेपाल जस्तो बहुल जातजाति, भाषा र मौलिक संस्कृतिको धनी देशबाट अमेरिकामा आएर बिभिन्न पेशा व्यवसायमा संलग्न रही यहाँ बसोवास गरिरहनु भएका मगर समुदायलाई संगठित गरेर मगर संघले सामाजिक सेवा गर्दै आएको थाहा पाउँदा मलाई खुशी लागेको छ। यस पृष्ठभूमीमा संघले आठौं अधिवेशन जुलाई ३१, २०२१ मा आयोजना गर्न लागेको अवसरमा यसको सफलताको लागि हार्दिक शुभकामना दिन चाहन्छु ।

नेपालको जनसंख्याको ७ प्रतिशत भन्दा बढि हिस्सा ओगटेका मगरहरु आफैंमा एक मौलिक भाषा, कला र संस्कृतिका धनी भएका हुनाले परम्परागत रुपमा पुस्तान्तरण हुँदै आएका आफ्नो भाषा, कला र संस्कृतिको जगेर्ना गर्नु आवश्यक छ। अमेरिकामा रहेर पनि आफ्नो मौलिक भाषा, कला र संस्कृतिको संरक्षण र सम्बर्द्धनमा निरन्तर रुपमा योगदान दिइरहनसक्नु महत्वपूर्ण कार्य हो। नैंया पुस्तालाई नेपालका विभिन्न जातजातिको आफ्नो परम्परागत मौलिक भाषा, कला र संस्कृति हस्तान्तरण गर्न तथा आपसी सम्बन्ध बलियो पार्न यस्ता क्रियाकलापहरुले योगदान गर्ने अपेक्षा गरेको छु। संघले आफ्नो समुदायका साथै सम्पूर्ण नेपाली जातजातिका मौलिक भाषा, संस्कृति र कलाको समेत सम्मान र सम्बर्द्धनमा सहयोग पुर्याउँदै जातीय सद्भाव र राष्ट्रिय एकतालाई अझ सुदृढ र मजबुत पार्न अरु काम गर्न सकोस् भन्ने मेरो कामना छ।

आठौं अधिवेसनको अवसरमा संघले दोस्रो संस्करणको रुपमा प्रकाशन गर्न लागेको "याम्भु" ले अमेरिकामा रहेका मगर समुदायले सञ्चालन गरेका विभिन्न क्रियाकलापहरुलाई सम्प्रेषित गर्न, आफ्नो भाषा, कला र संस्कृतिको विकास र संरक्षण गर्न तथा नैंया पुस्ताहरुमा आफ्ना परम्परागत मूल्य मान्यताहरुलाई हस्तान्तरण गर्न सहयोग गर्ने र मगरहरुको मौलिक संस्कृतिको अध्ययन गर्न तथा जानकारी राख्न चाहने इच्छुक व्यक्तिहरुलाई समेत यस्ता प्रकाशनहरुले टेवा पुऱ्याउने अपेक्षा गर्दै प्रकाशनको सफलताको समेत कामना गर्दछु।

**डा. युवराज खतिवडा**

PHONE: (202) 667-4550, FAX: (202) 667-5534, E-MAIL: info@nepalembassyusa.org
WEB: us.nepalembassy.gov.np/www.nepalembassyusa.org

Reg # 060727000863

**FEDERATION OF INDIGENOUS PEOPLES OF NEPAL IN AMERICA**

**नेपाल आदिवासी जनजाति महासंघ, अमेरिका**

CENTRAL EXECUTIVE COMMITTEE, USA

Date- july 6,2021

## हार्दिक बधाई तथा शुभकामना

नेपाल आदिवासी जनजाति महासंघ अमेरीका ( FIPNA ) को सदस्य संस्था मगर संघ अमेरीकाको आठौ महाधिवेशनको भव्य सफलताको शुभकामना व्यक्त गर्दछु । यस अवसरमा विगत देखी प्रकाशन गर्दै आएको "याँभू" को दोस्रो संस्करण प्रकाशन हुन लागेको सुन्न पाउदा खुसी लागेको छ । नेपाली आदिवासी जनजाति समुदाय मध्ये सामाजिक, सांस्कृतिक , भाषिक साथै जनसंख्याको हिसावले समेत ठूलो संख्यामा रहेका नेपालका मगर समुदायहरूको नेपालको आर्थिक, सामाजिक र राजनितीक परिवर्तनमा समेत विभिन्न कालखण्ड देखी नै अतुलनिय योगदान पुर्याउदै आएका समुदाय हुन ।

विभिन्न अवसरहरूको खोजीको क्रममा नेपालीहरू अमेरीकामा विगत लामो समयदेखी यसलाई आफ्नो कर्मभूमि र नयाँ घरको रूपमा बस्दै आईरहेका छन् । नेपाली अमेरीकनहरू अहिले पहिलो पुस्ता भएकाले हामीले व्यक्तीगत संगै सामुदायिक पहिचान , संस्कृति, भाषाको प्रचार प्रसार, प्रवर्धन र विकास संगै संरक्षण गर्न पनि आवश्यक छ । नेपाली अमेरीकन समुदायको पहिचान स्थापित गर्ने क्रममा मगर संघ अमेरीकाको स्थापना कालदेखी नै संस्थागत तथा व्यक्तीगत रूपमा समेत उल्लेखनीय योगदान रहिआएको छ । यो पुस्तक मार्फत अमेरीकामा बसोवास गरिरहनुभएका सम्पूर्ण मगर समुदायमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

……………..

लोक चेम्जोङ

अध्यक्ष - नेपाल आदिवासी जनजाति महासंघ अमेरीका

82-12 Pettit Ave, Elmhurst NY 11373 Email: fipna2005@gmail.com Web: www.fipnausa.org

का.जि.प्र.का.द.नं. २५२/०४९/०५०

"मगर इतिहास, भाषा, संस्कृति संरक्षण-सम्बर्द्धन मगरहरुको मूल मन्त्र,
मगरात पहिचान र स्वायत्त शासन सहितको संघीय लोकतान्त्रिक गणतन्त्र ।"

**नेपाल मगर संघ**

**NEPAL MAGAR ASSOCIATION**

केन्द्रीय समिति, कलंकी, काठमाडौं

च.नं. २०७७/०७८/३८८ मिति : २०७८ असार २५ गते

## हार्दिक शुभकामना !

आदिमकाल देखि नेपालमा बसोबास गर्दै आएको एतिहासिक मगर जाति सूचना प्रबिधि र द्रुत बिकासको गति संगै अहिले बिश्वभरि नै बसोबास गरिरहेका छन् । आफ्नो मौलिक भाषा, सस्कार सस्कृति, भेषभुषा, इतिहास र एतिहासिक भूगोल (मगरात) भएको मगर समुदायको पहिचान संरक्षण सम्बर्धनका साथै समुदायको हक अधिकारको क्षेत्रमा **नेपाल मगर संघ**ले आफ्नो स्थापना कालदेखि कार्य गर्दै आइरहेको छ । विश्व भरिका मगरहरुलाई मगर संघको साङ्गठनिक संजालमा जोडेर एकताबद्ध बनाउदै मगरहरुको समग्र कल्याणका लागि कार्य गर्ने उद्देश्यले **नेपाल मगर संघ**को पहलकदमीमा **अन्तर्राष्ट्रिय मगर महासंघ** स्थापना गरिएको छ। विश्वको विभिन्न देशमा क्रियाशील मगर संघ/सस्थाहरु मध्य मगर संघ अमेरिका सम्पूर्ण अमेरिकामा बसोबास गर्ने मगर हरुको साझा छाता सस्था हो यस सघले मगरहरुको हक हितका लागि विभिन्न महत्वपुर्ण र रचनात्मक गतिबिधि गर्दै आइरहेको छ। यस्तै रचनात्मक कार्य अन्तरगत ***मगर संघ अमेरिका***ले आफ्नो आठौं अधिवेशनको अवसरमा **"याम्भु"** को दोस्रो संस्करण प्रकाशन गर्दै गरेको खबरले **नेपाल मगर संघ केन्द्रिय समिति** हर्षित भएको छ । यस प्रकाशन मगर समुदायको हक हित र पहिचान संरक्षण गर्न र सम्पुर्ण मगरहरुलाई एकताबद्ध गर्न सहयोगी हुनेछ र यस कृतिमा रहेका बिबिध बिषयमा लेखिएका लेख रचना र सृजनाले आम पाठक बर्गमा सकारात्मक परिवर्तन गर्नेछ भन्ने कामना सहित यस प्रकाशन निरन्तरताको हार्दिक शुभकामना व्यक्त गर्दछु। साथै ***मगर सघ अमेरिका***को आठौं अधिवेशन पूर्णरुपले सफल रहोस भन्ने शुभकामना पनि व्यक्त गर्दछु।

धन्यवाद,

जय मगर ! जय मगरात नेपाल !!

नबीन रोकामगर
अध्यक्ष

**MAGAR ASSOCIATION OF CANADA**
**मगर संघ क्यानाडा**



Est: 2008

मिति: जून ८, २०२१

श्री अधक्ष्यज्यु ,
कुलदीप राना मगर
मगर संघ अमेरिका, सेन्ट्रल कमिटि
न्युयोर्क, अमेरिका.

बिसय: सुभकामन मन्तब्य !

मगर संग अमेरिकाले प्रकाशन गर्दै आएको पत्रिका "याम्भु" को दोश्रो संस्करण मगर संग अमेरिकाको आठौं अधिबिवेशनको अबसरमा प्रकाशन गर्न लागेको एस प्रकाशनको उन्नति तथा उतरोउतर प्रगति को कामना गर्दछु/
साथै २०७८ सालको आगमनसंगै हामी नेपालीहरुको बिचमा सम्बन्ध अझ नजिक बनाउने उद्देश्य लिई "याम्भु" पत्रिकाको दोश्रो संस्करण शुभारम हुनलागेकोमा ज्यादै खुशी लागेकोछ, अध्ययन अथवा विविद क्षेत्रमा अत्यन्त ब्यस्त जीवन बितिरहेको मगर संग अमेरिकाले यस प्रकारको जनहित कार्यलाई निरन्तरता दिनु प्रसंसनिय हो। यसको माध्यमबाट मगरको साहित्य, भाषा, इतिहास र मगर संस्कृतिको निरन्तर जानकारी प्राप्त गर्ने छ भन्ने पूर्ण विश्वासका साथै आफ्नो बिचारको आदानप्रदानको सशक्त माध्यम हुन जानेछ भन्ने मेरो विश्वास छ /
यस्तो प्रशंसनीय कार्यको शुभारम्भगरी दोश्रो संस्करण प्रकाशनको भब्य सफलताको हार्दिक शुभकामना ब्यक्त गर्दछु/

अधक्ष्य
क्यानाडा मगर संघ
टोरोन्टो,क्यानाडा

Ontario Corporation Number 1781317
Address: 68 Maddybeth Crescent, Brampton, ON, L6Y5R8
E-mail: magarsanghcanada@outlook.com
Contact: +1 647-570-2492
Visit: https://www.facebook.com/magarsanghcanada

**Magar Association United Kingdom (MA UK)**
70 Cove Road
Farnborough, Hampshire GU14 0EN

Established: July 2002 Registered Charity No: 1126656
www.magarassociationuk.org Email: info@magarassociationuk.org
Contact Number: 07853227102 Email: presidentmauk@gmail.com

MAUK/GEN/21-07

Mr Kuldeep Rana Magar
President
Magar Association USA

12 July 2021

## WELCOME MESSAGE

On behalf of the Magar Association UK, I am delighted and feel very privileged to write few words for inclusion in the Second Edition of "**YAMBHU**" Journal on the occasion of the Association's 8th General Assembly and thank the Editor and the Central Committee for giving this opportunity.

Magar Association USA and Magar Association UK are very similar and have many common aims and objectives. Although both organisations have maternal link with Nepal Magar Association in Nepal, our primary aim and objectives are to promote and preserve the Magar identity away from Nepal which is challenging given the difficult circumstances that we operate in.

However, we are pleased to know that Magar Association USA have been preserving and promoting our diverse Magar culture, languages, our dress and ethnicity while actively raising awareness on social values and ethos and long it may continue.

Magar Association UK would like to extend our best wishes for the success of the "**YAMBHU"** Journal and the forthcoming General Assembly. We also wish our friendly and cordial relationship to continue for ever.

**SUNIL RANA**
President
Magar Association UK

MAGAR ASSOCIATION U.K.
Estd: 2002 A.D
CENTRAL COMMITTEE

Reg. No. CP/LIC/SO/19/20427

# MAGAR ASSOCIATION HONG KONG

मगर संघ हङकङ

Estd : 1997

## शुभकामना

मगर सघं अमेरिकाको आठौं अधिवेशनको अवसरमा सघंको मुखपत्र 'याम्भु' प्रकाशन गर्न गइरहेको जानकारी पाउँदा हामीलाई अत्यन्तै खुसी लागेको छ ।

याम्भु पत्रिका प्रकाशन गरी अमेरिकामा कर्मथलो बनाएर बस्नु भएका सम्पुर्ण मगर समुदायलाई सुसूचित गराउने यहाँहरुको कार्य अति सह्रायनीय रहेको छ । हामी जहाँ जुन अवस्थामा रहेता पनि आफ्नो पहिचानको जगेर्ना गर्नु नै पर्छ । यस पत्रिकाले प्रवासमा रहेको मगरहरुको आर्थिक, समाजिक, संस्कृतिक विकासतर्फ अग्रसर हुन थप टेवा पुर्यउने छ । साथै अमेरिकामा रहनुभएका मगरहरुको साझा संस्था मगर संघ अमेरिकाको मुल उद्देश्य र लक्ष्यलाई प्राप्त गर्न र संघलाई सही दिशाबोध गर्दै थप मजबुत बनाउन अहम भूमिका खेल्ने छ ।

अन्तमा हामी बिचको सम्बन्ध सुमधुर रहोस् भन्दै मगर संघ अमेरिकाको आठौं अधिवेशनको सफलताको शुभकामना टक्र्याउन चाहन्छु ।

युगमाया राना मगर
अध्यक्ष
मगर सघं हङकङ

Flat: D-E, 2/F, 152-154 Temple Street, Jordan, Kowloon, Hong Kong
Mob: +852 6690 3469 | Email: magarassohk@gmail.com

# राष्ट्रिय मंगर संघ, भारत

## केन्द्रीय कार्यलय, दार्जीलिङ्ग

### शुभकामना सन्देश

मगर संघ अमेरीकाले आफ्नो आठौं अधिवेशन मनाउन गइरहेको खबर सुन्न पाउँदा हर्षले विभोर छौं। यस महत कार्यको निम्ति मगर संघ अमेरीकालाई राष्ट्रीय मगर संघ भारतको तर्फबाट हार्दिक बधाई तथा कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्दछौं। यस सुखद अवसर पारेर याम्भु-को दोस्रो संस्करण प्रकाशन हुने खबरले अति हर्षित बनेका छौं। निश्चय पनि याम्भुले हाम्रो भाषा, संस्कृति र साहित्यको संरक्षण सम्बर्धन र विकास कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने कुरामा विश्वास्त बनेका छौं।

अन्तमा याम्भुको दीर्घायुको कामना गर्दै सम्पूर्ण सम्पादक मण्डलीमा हार्दिक शुभेच्छा टक्राउँदछौं।

जिलौ।

मितिः ०६/०७/२०२१

गोवर्धन राना
गोवर्धन राना
अध्यक्ष
राष्ट्रीय मंगर संघ, भारत

बिष्णु राना
महासचिव
राष्ट्रीय मंगर संघ, भारत

सन् २०१४ प्रकाशित
सम्पादकीय ⁄ शुभकामना

सम्पादकीय

# यात्राको निरन्तरता : मगर संघ अमेरिकाको एक दशक

अमेरिकामा रहेका मगर समुदायको साझा सामाजिक संस्था 'मगर संघ अमेरिका'ले यहीं जुन २८ तारिख (सन् २०१४) मा न्यूयोर्क शहरमा आफ्नो स्थापनाको दशौं वार्षिकोत्सव मनाउँदै छ । यो अवसर आफैमा एउटा सुखद र ऐतिहासिक क्षण हो । मगर संघ अमेरिकाको स्थापना सन् २००४ सालमा भएको हो । स्थापनाकालमा संस्थाको नाम 'लाङ्घाली एशोसियसन युएसए' रहेको थियो । मगर भाषामा 'लाङ्घाली' भनेको 'गाउँले' हो । सन् २०१० को अक्टोबर २४ तारिख न्यूजर्सी राज्यको मेस ल्यान्डिङमा सम्पन्न 'लाङ्घाली एशोसियसन युएसए' को चौंथो अधिवेशनद्वारा आफ्नो नाम परिवर्तन गरी 'मगर संघ अमेरिका' (Magar Association USA) नामाकरण गरिएको हो ।

**मानवीय सहयोग र सामाजिक सचेतनाका कार्यहरू**

विगत दश वर्षमा संघले अमेरिकामा रहेका मगरहरू र नेपालमा रहेका मगर बन्धुहरूलाई विविध आर्थिक र भौतिक मानवीय सहयोग गर्दै आएको छ । संघले मगर भाषा, संस्कृति, परम्पराको संरक्षण र संवर्धन गर्ने विविध सामाजिक सचेतनाका कार्यहरू गर्दै आएको छ ।

**लोक दोहोरी साँझ**

संघले सन् २००६ देखि बहुचर्चित लोक दोहोरी साँझको आयोजना गर्दै आएको छ । यो साँझ मगर सांस्कृतिक परम्परालाई जीवन्त राख्ने प्रयास मात्र नभएर सिंगो नेपाली सांस्कृतिक सम्पदालाई अमेरिकि भूमिमा चिनाउने अभियान पनि हो भन्दा अत्युक्ति हुनेछैन । मगर समुदायका नेपालका ख्यातिप्राप्त कलाकारहरूलाई अमेरिका झिकाई गर्ने यो लाइभ दोहोरी साँझ अमेरिकाभर लोकप्रिय बन्दै गएकोमा हामीलाई गर्वानुभूतिको महसुस भएको छ । यो वर्ष न्यूयोर्क शहरमा नवौं दोहोरी साँझको आयोजना हुँदै छ । दोहोरी साँझको आयोजना सन् २००६ मा न्यूयोर्क (पहिलो), २००७ मा न्यूयोर्क (दोस्रो), २००८ मा न्यूयोर्क (तेस्रो), सन् २००९ मा न्यू जर्सी (चौंथो), सन् २०१० मा बाल्टिमोर (पाँचौं), सन् २०११ मा

लस एन्जेलस (छैटौं), सन् २०१२ मा बाल्टिमोर (सातौं) र सन् २०१३ मा न्यूयोर्क (आठौं) सम्पन्न भइसकेको छ ।

**नेपालका प्रथम शहीद लखन थापा मगरको स्मृति दिवस**

संघले सन् २००८ देखि न्यूयोर्क शहरमा नेपालका प्रथम शहीद लखन थापा मगरको स्मृति दिवसको आयोजना गर्दै आएको छ । सन् २००८, २००९, २०१०, २०११ सम्म मगर संघ अमेरिकाले आयोजना गर्दै आएको उक्त स्मृति सभा सन् २०१२ देखि नेपाल आदिवासी जनजाति महासंघ अमेरिका (फिप्ना) र अन्य नेपाली संघ संस्थाहरूको संयुक्त आयोजनामा आयोजना हुँदै आएको छ ।

**मगर दिवस**

संघले नेपालमा 'नेपाल मगर संघ' (तत्कालीन 'नेपाल लाङ्घाली परिवार संघ') को स्थापना दिवस फागुन १५ लाई पनि मनाउँदै आएको छ ।

**माघे संक्रान्ति पर्व**

संघले मगरहरूको परम्परागत सांस्कृतिक पर्व माघे संक्रान्ति सामूहिक भेला, सांस्कृतिक कार्यक्रम र खानपान गरी मनाउँदै आएको छ । सन् २०१०, २०११ र २०१४ मा न्यूयोर्क राज्यको कुइन्स न्यूयोर्क शहरमा, सन् २०१२ मा न्यू जर्सी राज्यको एटलान्टिक सिटीमा, सन् २०१३ र २०१४ मा मेरिल्यान्ड राज्यको बाल्टिमोर र सन् २०१४ मा क्यालिफोर्निया राज्यको लस एन्जलस शहरमा माघे संक्रान्ति पर्व धुमधामसँग मनाइएको छ ।

**विभिन्न व्यक्तित्वहरूलाई सम्मान**

संघले आफ्नो १० वर्षको अवधिमा विभिन्न व्यक्तित्वहरूलाई सम्मान गर्दै आएको छ । संघद्वारा हालसम्म सम्मानित व्यक्तित्व र संस्थाहरू निम्नानुसार छन्– नेपाल प्रहरीका पूर्व एआइजी एवम् मगर स्टडिज सेन्टरका अध्यक्ष डा. गोविन्दप्रसाद थापा मगर (२००६), समाजसेवी महावीर पुन मगर (२००७), प्राध्यापक बिके राना मगर (२००७), युएस नेपाल अनलाइन डट कमका प्रधान सम्पादक पत्रकार प्रदीप थापा मगर (२००८), म्याराथन धावक टङ्क मगर (२००८), पप गायक क्रान्ति आले मगर (२००८), लोक गायिका शीला आले मगर (२००८), समाजसेवी इन्दिरा राना मगर (२००९), युएस नेपाल अनलाइन डट कम (२००९), पूर्वसांसद् फटिक थापा मगर (२०१०), युवानेत्री रामकुमारी झाँक्री मगर (२०१०), न्यूयोर्कका समाजसेवी एवम् रक्तदानमा अग्रणी अर्जुनप्रसाद मैनाली (२०१०), गायक जगदीश समाल मगर (२०१०), लोकगायक सुमन बुढा मगर (२०१०), न्यूयोर्कमा चर्चा कमाएका गायक राजेश थापा मगर (२०१०), समाजसेवी तथा व्यवसायी गोर्खा एडुकेसन ग्रुप प्रालिका संस्थापक अध्यक्ष लेफ्टिनेन्ट मानबहादुर बुढा मगर (२०११), भारतका लागि बक्सिङ खेलमा ९ ओटा अन्तरराष्ट्रिय स्वर्णपदक जितेका र अमेरिकामा पहिलो प्रोफेसनल बक्सिङ खेलाडी मुक्केबाज देवेन्द्र थापा मगर (२०१२), कलाकार बिन्दु थापा मगर (२०१२), डा. गंगा पुर्जा पुन मगर (२०१२), डा. देउकुमार पुन मगर (२०१२), नेपाल सरकारको आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिस्थानका उपाध्यक्ष तथा नेपाल मगर संघका पूर्वकेन्द्रीय अध्यक्ष झकबहादुर थापा मगर (२०१३) र हङकङ मगर संघका पूर्वअध्यक्ष तथा नेपाल आदिवासी जनजाति महासंघ हङकङका संस्थापक अध्यक्ष हुमबहादुर थापा मगर (२०१३) ।

**'याँभु' (इन्द्रेणी) इ-जर्नलको प्रकाशन शुरूवात**

संघले सन् २०११ को जनवरी १६ तारिखदेखि अनुसन्धानमूलक मुखपत्र 'याँभू' (इन्द्रेणी) इ-जर्नलको प्रकाशन शुरूवात गरेको छ । संघको वेबसाइट www.magarusa.org मा याँभु इ-जर्नलको लिङ्कमा गएर यो इ-जर्नल पढ्न र डाउनलोड गर्न सकिन्छ । 'याँभू' (इन्द्रेणी) इ-जर्नलको प्रधान सम्पादक कान्तिपुर दैनिककी सहायक सम्पादक स्मिता मगर हुन् भने कार्यकारी सम्पादक डिबी पुन मगर र कला निर्देशक विष्णुबहादुर पुन मगर (न्यूयोर्क) हुन् ।

**हार्दिक आभार**

मगर संघ अमेरिकाले विगत १० वर्षको अवधिमा विभिन्न तवरले संघले आयोजना गरेको कार्यक्रम र अभियानहरूलाई सहयोग गर्ने सम्पूर्ण महानुभाव र संघ संस्थाहरूलाई हार्दिक आभार व्यक्त गरेको छ । हामी सम्पादन मन्डलका सदस्यहरू पनि यहाँहरू सहृदयी सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

**निरन्तर यात्रा**

मगर संघ अमेरिकाको यात्रा जारी छ । आशा छ, हाम्रा भावी पुस्ताले मगर संघ अमेरिकाको यो अथक यात्रालाई युगौं युगसम्म निरन्तर कायम राख्नेछन् ।

प्रकाशकीय

# याँभूको सन्देश

'याँभू'को अर्थ नेपाली भाषामा 'इन्द्रेणी' हुन्छ । 'याँभू' अमेरिकमा बसोबास गर्ने मगर आदिबासी जनजातिहरूको साझा संगठन 'मगर संघ अमेरिकाको इ-जर्नल हो । यो इ-जर्नल संघको वेबसाइट www.magarusa.org बाट पढ्न सकिनेछ ।

**को हुन् मगर जाति ?**

नेपालको प्रमुख आदिवासीको रूपमा चिनिने मगर जाति जनसंख्या र बसोवासको दृष्टिले जति व्यापक र संसारभर छरिएको छ । त्यति नै भाषिक सांस्कृतिक दृष्टिले धनी र विविधतापूर्ण छ । ऐतिहासिक तथ्यहरूअनुसार मगरहरू नेपालमा प्राचिन समयदेखि नै बस्दै आएका हुन् भने नेपालबाहिर भुटान, बर्मा, भारत र मलेसियामा पनि बसोबास गर्दछन् । त्यसैगरी, श्रम, अध्ययन र व्यवसायको सिलसिलामा युरोप, अमेरिका, खाडी मुलुकलगायत संसारभर मगरहरू पुगेका छन् । कतिपय मगरहरू ती देशका नागरिकको रूपमा बस्दै आएका पनि छन् ।

सन् २००१ को राष्ट्रिय जनगणनाअनुसार १६ लाख २२ हजार ४ सय २१ जनसंख्या रहेको यो जाति देशको सबै जिल्लामा बसोवास गरेपनि पाल्पा, स्याङ्जा, तनहुँ, नवलपरासी, गुल्मी, रोल्पा, रूकुम, बागलुङ, म्याग्दी, सल्यान, प्यूठान, दाङ, कैलालीलगायतका मध्य पहाड जिल्लाहरूमा घना बसोवास रहेको छ । ऐतिहासिक दृष्टिले अठारपन्थी र बाह्रपन्थी भनेर चिनिने मगरहरू भाषिक हिसाबले ढूट, खाम-पाङ र काइके गरी तीन किसिमका भाषाहरू बोल्दछन् । खासगरी रिढी कालीगण्डकी पूर्वका पाल्पा, स्याङ्जा, तनहुँलगायतका मगरहरू ढूट् र रिडी पश्चिमका रोल्पा, रूकुम, बागलुङका मगरहरू खाम-पाङ तथा डोल्पा सहताराकोटका मगरहरू काइके मगर भाषा बोल्दछन् । यसैगरी विभिन्न भूगोलमा बस्ने मगरहरूको साँस्कृतिक अभ्यास पनि फरक फरक छ ।

नेपालको सामाजिक तथा राजनीतिक इतिहासको अध्ययनवाट के स्पस्ट हुन्छ भने वर्तमान नेपालको भूगोल निर्माण हुनु पहिले मगर जातिका आफ्नै राज्यहरू अभ्यासमा थिए । अठार मगरात र बाह्र मगरातको अस्तित्वमा रहेका ती मगर राज्यहरू गोर्खा राज्यको विस्तारसँगै

पराजित मात्र भएनन् आधुनिक नेपालको निर्माण अभियानमा मगर जातिका पुर्खाहरूले ऐतिहासिक योगदान र बलिदान पनि गरेका थिए । तर बडामहाराजधिराज पृथ्वीनारायण शाहको गोर्खा राज्यको विस्तारपछि बनेको आधुनिक नेपालमा मगरहरूले आफ्नो राज्य र राजनीतिक शक्ति गुमाउँदै जानुपर्यो । नेपालको इतिहासमा साम्राज्यवादी मोडेलको रूपमा रहेको शाहकाल सन् १७६८-१८४६ र राणाकाल सन् १८४६-१९५१ होस् या राष्ट्रिय समागमको मोडेलको रूपमा रहेको एकदलीय पञ्चायतकाल सन् १९६०-१९९० होस् या सन् १९९० को प्रजातन्त्रको पुनर्स्थापनापछिको जातीय विविधताको मोडेल होस्, यी सबै व्यवस्थालाई मगर जातिको पहुँच, पहिचान र समावेशीकरणको दृष्टिले हेर्दा अत्यन्त निराशाजनक मात्र छैन बल्की मगर जातिका लागि अहिलेसम्म अभ्यास गदै आएको एकात्मक र केन्द्रिकृत राज्य व्यवस्था उत्तिकै विभेदपूर्ण, असमावेशी र पूर्वाग्रही पनि रहँदै आएको छ भन्ने पुष्टि हुन्छ । ऐतिहासिक जनआन्दोलन ०६२/०६३ को राजनीतिक परिवर्तनपछि नेपाल वैधानिक रूपमा संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसकेको छ तर अहिले पनि मगर जातिको राजनीतिक हैसियत र पहुँच उत्साहजनक छैन ।

**उज्यालोतिरः**

खासगरी, सन् १९९० पछि नेपालमा प्रभावकारी रूपमा उठेको पहिचानको आन्दोलनसँगै मगरहरूले पनि आफ्नो जातीय हक, हित र अधिकारका आवाजहरू संगठितरूपमा उठाउन थालेको हुन् । यद्यपि त्यस अघि पनि लाङ्घाली परिवारका नाममा मगरहरू विभिन्न ठाउँमा जमघट हुने बनभोज खाने र सामाजिक जागरणका विषयहरूमा छलफल गर्दै आएको इतिहास पाइन्छ । तर यस्तो अभियान मुख्यगरी स्थानीयस्तरमा हुने गर्दथ्यो । सन् १९९० पछिको सीमित प्रजातान्त्रिक वातावरणमा मगर जातिको सामाजिक अभियानले नेपाल मगर संघको नाममा राष्ट्रियरूप मात्र लिएन बल्की विभिन्न पेशा, व्यवसायका क्रममा विदेशमा रहेका मगरहरू पनि संगठित हुने र मगर जातिको राष्ट्रिय आन्दोलनसँग ऐक्यवद्धता जनाउने, सहयोग आदानप्रदान गर्ने कार्यले तिव्रता पायो । यही पृष्ठभूमिमा मगर जातिका नाममा खोलिएका संघ संस्थाहरूले आ-आफ्नो मुखपत्र र स्मारिकामार्फत गतिविधी र विचार हरूलाई प्रकाशन गर्ने परम्परा पनि शुरूआत भयो । अहिले प्रायः सबै स्वदेश तथा विदेशमा क्रियाशील मगर संघ संगठनहरूले आ-आफ्नो मुखपत्र र स्मारिका वार्षिक रूपमा भएपनि प्रकाशन गर्दै आएका छन् । अहिले पनि सबैभन्दा ठूलो विडम्वना के छ भने यति बृहत र व्यापक सामाजिक साँस्कृतिक विरासत बोकेको मगर जातिबारे लेख, रचना, पुस्तक, पत्र पत्रिकालगायत साहित्यहरूको प्रकाशन अत्यन्त न्यून छ । मगर जातिवारे बृहत् जानकारी दिने एउटा पुस्तक सिफारिस गर्न नसक्ने हाम्रो अवस्थाले पनि हामी आफ्नो जातिबारेको समाज वैज्ञानिक अध्ययन, अनुसन्धान र प्रकाशनमा कति पछाडि छौं भन्ने सहजै अनुमान गर्न सकिन्छ । यस्तो परिस्थितिमा छिटफुट रूपमा भएपनि छापिने मगर संघ संस्थाहरूको मुखपत्रहरूले आफ्नै स्थान र महत्व राख्दै आएका छन् ।

**याँभू (इन्द्रेणी) : मगर जातिबारेको प्रकाशनको इतिहासमा एउटा नयाँ प्रयास**

यसैक्रममा, मगर संघ अमेरिकाले आफ्नो अनलाइन मुखपत्र (इ-जर्नल) याँभू (इन्द्रेणी) प्रकाशन गरेर मगर जातिबारेको प्रकाशनको इतिहासमा एउटा नयाँ ऐतिहासिक प्रयास गरेको छ । प्रायः सबै मगर संघ संस्थाहरूको आआफ्नै वेवसाइट भएपनि अनलाइन मुखपत्र प्रकाशनको अभ्यास भने मगर जातिमा सम्भवतः यो पहिलो हो । खासगरी,

अनलाइन संस्करण भएकाले प्रेसबाट छापिने मुखपत्रको तुलनामा यसको पहुँच फराकिलो हुने स्वभाविक अपेक्षा गर्न सकिन्छ । अर्कोतर्फ, मगर जातिका मुद्दाहरूलाई समसामयिक, सामाजिक, राजनीतिक घटना र सन्दर्भसँग जोडेर विश्लेषणात्मक विचार दिन सक्ने लेखकहरूको पनि मगर जातिमा खडेरी छ । याँभूको लागि लेख, रचना संकलन गर्दा त्यसको प्रत्यक्ष महशुस भएको थियो । यसो हुनुको मुख्य कारण उच्च शिक्षा हासिल गरेका अत्यन्त सीमित मगर जनशक्तिहरू समाज विज्ञानको अध्ययन, अनुसन्धान जस्तो प्राज्ञिक कर्ममा निकै कम संलग्न हुनु पनि हो । जसले गर्दा ज्ञान उत्पादन र आदानप्रदान गर्ने तथा समसामयिक सामाजिक, राजनीतिक सवालहरूमा टिप्पणी, बहस र छलफल गर्ने मञ्च र माध्यमहरूमा मगरहरूको उपस्थिति शुन्य जस्तै छ । समाज विज्ञानको अध्ययन, अध्यापनमा संलग्न मगरहरूको चासो र चिन्ता अब यसतर्फ केन्द्रित गर्न आवश्यक छ । यस्तो पृष्ठभूमीमा मगर जातिका बारेमा लेखिएका गहन र खोजमूलक लेखरचनाहरू संकलन र प्रकाशन गर्न त्यति सजिलो पक्कै छैन । त्यसैले याँभूको यो अंकमा पनि मगर जाति सम्बन्धी खोजमूलक तथा समसामयिक लेख रचनाहरू समेट्ने प्रयास गरिएको छ । हाम्रो अनुरोधलाई स्वीकार गरेर आफ्नो महत्वपूर्ण लेख, रचनाहरू उपलब्ध गराउनुहुने समस्त लेखकहरूलाई धेरै धेरै धन्यवाद व्यक्त गर्दछौं ।

याँभूमा प्रकाशित लेख, रचनाहरूले मगर जातिका विविध पक्षवारे जान्न चाहने सबैलाई थोरै भएपनि सहयोग पुग्नेछ भन्ने विश्वास छ । 'याँभू'मा प्रकाशित लेखहरू लेखकका नीजि विचार भएकाले मगर संघ अमेरिकाको संस्थागत विचारको प्रतिनिधित्व नगर्न पनि सक्छन् । याँभू को आगामी अंकहरूमा पनि नियमित लेख उपलब्ध गराउन लेखकहरूमा अनुरोध छ । खोजमुलक सामाग्रीका लागि उचित पारिश्रमिकको ब्यबस्था पनि गरिएको छ । यसबारे सूचना मगर संघ अमेरिकाको वेबसाइट www.magarusa.org बाट जानकारी गराइनेछ । यो इ–जर्नल यसै वेबसाइटबाट इन्टरनेट उपलब्ध भएको ठाउँबाट कुनैपनि बेला पढ्न सकिनेछ । अन्तमा, याँभू इन्द्रेणी जस्तै नयाँ नेपाल बहुलता र विविधताले भरिएको नेपाली समाजको बहुसाँस्कृतिक सङ्घीय राज्यतर्फको रूपान्तरण सार्थक बनोस्, जहाँ सबै नेपालीले राज्यमाथि आफ्नो स्वामित्व र अपनत्व महशुस गर्न सकुन् । हामीले यहीं अपेक्षा गरेका छौं ।

सम्पादकीय

# अध्यक्षको मन्तब्य



**सम्पूर्ण मगर दाजुभाइ तथा दिदीबहिनीहरू,**
**झोर्लाङ/नमस्कार ।**

'संस्कृति बाँचे जाति बाँच्छ, जाति बाँचे हाम्रो गौरवपूर्ण इतिहास रहन्छ ।' सन् २००४ मा अमेरिकामा बसोबास गर्ने मगरहरूको साझा सामाजिक संस्था तत्कालिन 'लाङ्घाली संघ अमेरिका'को स्थापना गर्दा हाम्रो मुलमन्त्र अनि हाम्रो उद्देश्य यहीँ थियो । २४ अक्टोवर २०१० मा न्यूजर्सी राज्यमा सम्पन्न पाँचौं अधिवेशनबाट सबैको चाहना र भावनालाई कदर गर्दै हाम्रो यो गौरवशाली संस्थाको नाम 'मगर संघ अमेरिका' परिबर्तन गरिएको छ । तर हाम्रो मुलमन्त्र र उद्देश्य भने उहीँ नै हो । विविध कारणहरूले आज हामी प्रबासी बन्नु परेता पनि आफ्नो पहिचान, आफ्नो भाषा, संस्कृति अनि हाम्रो मौलिक परम्पराहरूलाई जीवन्त राख्न, यसको प्रचार प्रसार गर्न र बिशेष गरी यहीँ प्रवासी भूमिमा जन्मे हुर्केको पुस्तालाई हाम्रो वास्तविक पहिचानको परिचय दिलाउन सामुहिक रूपमा प्रयास गर्ने पवित्र उद्देश्यले नै अमेरिकाभरी छरिएर रहेका मगर बन्धुहरूको साझा संघको गठन भएको हो । यसको स्थापनापछिका विगत वर्षहरूमा माथि उल्लेखित हाम्रा उद्देश्य प्राप्तिका लागि विभिन्न कार्यक्रमहरू लगातार रूपमा गर्दै आएको सर्वविदितै छ । समयको माग तथा हाम्रा लक्ष्य र उद्देश्यहरूलाई अझ फराकिलो र वृहत्तर ढंगले साकार बनाउने सोचका परिणामस्वरूप यो विद्युतिय पत्रिका याँभू अर्थात ईन्द्रेणीको प्रकाशन हुन लागेको हो । हामी मगर आदिबासी जनजातिहरूका लागि ऐतिहासिक र साँस्कृतिक दुबै पक्षबाट अत्यन्तै महत्व राख्ने माघे संक्रान्ति पर्वको पावन अवसरमा विमोचित हुन लागेको 'याँभू'को प्रगति, सफलता र निरन्तरताका लागि सबैको सद्भाब र सहयोगको अपेक्षा गरेका छौं । याँभूको सम्पादक मण्डलमा रातदिन आफ्नो अमूल्य समय खर्चेर सबै परिश्रमी हातहरूलाई अन्तर मनदेखि हार्दिक धन्यवाद दिन चाहन्छु । लेख रचना दिनु हुने सबै प्रतिभाहरूलाई पनि धन्यबाद ब्यक्त गर्दछु । यसका साथै याँभूको सफलताका लागि शुभकामना दिनु हुने सबै संघ संस्था तथा बिशेष ब्यक्तित्वहरू र विज्ञापन दिएर आर्थिक सहयोग गर्नु हुने व्यापार, व्यबसायी र सबैमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । 'याँभू' अर्थात इन्द्रेणी साँचो अर्थमा जीवनका सबै रङ्ग बोकेर समाजमा अनन्त अनन्त ज्योति फैलाउन सफल बनिरहनेछ भन्नेमा हामी विश्वस्त छौं ।

**लेफ्टिनेन्ट** (Rtd.) **महेन्द्र थापा मगर**
अध्यक्ष, मगर संघ अमेरिका

EMBASSY OF NEPAL
2131 LEROY PLACE N.W.
WASHINGTON, D.C. 20008

नेपाली राजदूतावास
वाशिङ्टन डि.सी.

मितिः २०६७।०९।२३

# शुभ-कामना

मगर संघ अमेरिकाको मुखपत्रको रुपमा प्रकाशन भईरहेको विद्युतीय पत्रिका याँभु (इन्द्रेणी) को विमोचन हुन गईरहेको जानकारी पाउंदा खुशी लाग्यो । यस अवसरमा याँभु सञ्चालक परिवार, मगर संघ अमेरिका लगायत सम्पूर्ण मगर दाजु-भाइ दिदी बहिनीहरुलाई हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछु ।

नेपालका विभिन्न जातजातिहरुका भाषा, चाडपर्व, रीतिरिवाज एवं परम्पराहरु नेपालका अमूल्य निधि हुन् । यी सबै कुराहरुबाट नेपालको सिंगो संस्कृतिको निर्माण भएको छ । नेपालको जातीय एवं सांस्कृतिक फूलवारीका एक सुन्दर फूलको रुपमा रहेको मगर जातिको संस्कृति नेपालको सिंगो संस्कृतिमा विशिष्ठ स्थानमा रहीआएको छ । विदेशमा रहेर पनि आफ्नो व्यवसाय तथा पेशागत कार्यबाट अतिरिक्त समय बचाएर सामुदायिक हित एवं राष्ट्रिय पहिचानका लागि कार्य गर्नु हुने सबै दाजु-भाइ दिदी वहिनीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस प्रकारका कार्यहरुबाट विदेशमा बस्ने नेपाली समुदाय बीच नेपाली कला संस्कृतिलाई जीवन्त राख्न तथा विदेशमा नेपालको पहिचान गराउन समेत सहयोग पुग्न जाने देखिन्छ ।

मगर जातिको विशेष पर्वको रुपमा मानिने माघे संक्रान्तीको अवसरमा विमोचन हुन गईरहेको विद्युतीय पत्रिका याँभुले नेपालको कला, साहित्य, संस्कृति एवं पर्यटन प्रवर्धन गर्न लगायत पाठकहरुलाई मनोरञ्जन एवं ज्ञानवर्धक हुने उपयोगी सामग्रीहरु पस्कन सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दै यसको उत्तरोउत्तर प्रगतिको कामना गर्दछु । साथै माघे संक्रान्तीको अवसरका सम्पूर्ण मगर दाजु-भाइ दिदी वहिनीहरुमा शुभकामना व्यक्त गर्दछु ।

(डा. शंकर प्रसाद शर्मा)
राजदूत

PHONE: (202) 667-4550, FAX: (202) 667-5534 E-MAIL: info@nepalembassyusa.org

" इतिहास, भाषा, संस्कृति संरक्षण-सम्वर्द्धन मगरहरूको मूल मन्त्र !
जातीय पहिचान र स्वायत्त शासन सहितको संघीय लोकतान्त्रिक गणतन्त्र !!
का.जि.प्र.का.द.नं. २५२/०४९/०५०

# नेपाल मगर संघ
## NEPAL MAGAR ASSOCIATION

केन्द्रीय समिति (CENTRAL COMMITTEE) कलंकी, काठमाडौं

प.सं.
च.नं.

मिति: २०६७/०९/२०

## शुभकामना

जातीय अस्तित्व र पहिचानको आन्दोलनमा अग्रणी भूमिका रहेको नेपाल मगर संघ देश विदेशमा छरिएर रहेका सम्पूर्ण मगरहरुको साझा सामाजिक संस्था हो । यस संस्थाले संघीय लोकतान्त्रिक गणतन्त्रण नेपालमा विशिष्ट पहिचान बोकेको नयाँ सिमाना सहितको मगराँत स्वायत्त प्रदेशको घोषणा गर्दै बहसमा उत्रेको छ । यस सन्दर्भमा हामीहरु फुटेर होइन जुटेर राजनैतिक तथा सामाजिक अधिकारको सुनिश्चितताको लागि एकधिक्का भएर संघर्ष गर्नु जरुरी छ । नेपाल मगर संघ केन्द्रीय समितिको नेतृत्वमा सुरुवात भएको सामाजिक तथा राजनैतिक संघर्ष र आन्दोलनमा ऐक्यवद्धताको लागि सबैमा आह्वान गर्दछु ।

अमेरिकामा स्थायी वा अस्थायी रुपमा रहनु हुने मगरहरुको संस्था **मगर संघ अमेरिका** ले आफ्नो मुखपत्रको रुपमा **"याँभु"** (इन्द्रेणी) प्रकाशन गर्न लागेको खबरले हामीलाई हर्षित तुल्याएको छ । मुखपत्रको निरन्तरता र सफलताको शुभकामना व्यक्त गर्न चाहान्छु । साथै अमेरिकामा बसोबास गर्ने सबै नेपाली दाजुभाई तथा दिदिबहिनीहरुको सुख, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

धन्यवाद

.....................
झक बहादुर थापामगर
अध्यक्ष

GPO Box # 8975, EPC # 7000, Kathmandu, Nepal, Tel: 01-6911214, 01-4672637 Fax: 00977-01-4672637
E-mail: nepalmagarsangh@hotmail.com, Website: www.nepalmagarassn.org.np

सम्पूर्ण मगर विद्यार्थी एक होऔं !

# नेपाल मगर विद्यार्थी संघ

## Nepal Magar Students Association

केन्द्रीय समिति, काठमाडौं (Central Committee, Kathmandu)

स्था. २०५१

**Address:**
G.P.O. Box: 5028, CPC 5080
Phone: 00977-1-4219568
E-mail: magar_students@hotmail.com
Website: www. ~~nmsaec.org~~ magarstudents.org.np

प.सं. ०६१
च.नं. ०६६/०६६

(छाप: नेपाल मगर विद्यार्थी संघ, स्था. २०५१, केन्द्रीय समिति, काठमाडौं)

*४ जनवरी २०११*

**शुभकामना ।**

विदेशी भूमिमा रहेर पनि आफ्नो जातिको भाषा, संस्कृतिको सम्बर्द्धन, जातीय सचेतना र मगर जातिको अधिकार स्थापित गराउनको लागि विगत लामो समयदेखि क्रियाशिल लांघाली एशोसिएशन यु.एस.ए Inc. हाल मगर संघ अमेरिका Inc. ले आफ्नो संस्थाको मूखपत्र '**याँभु**' (इन्द्रेनी) प्रकाशित गर्न लागेको खबर पाउँदा नेपालका सचेत युवा मगर विद्यार्थीहरू अत्यन्त खुसी भएका छौं ।

मगर संघ अमेरिका Inc ले मगर जाति र नेपाली जनताको आर्थिक सामाजिक रूपान्तरणको पक्षमा अमेरिकामा रहेर सँधै आफ्नो आवाजलाई बुलन्द पार्दै आईरहेको कुरा सबैका सामु छर्लङ्ग छ । विगत लामो समयदेखि नेपाल मगर विद्यार्थी संघ केन्द्रीय समितिसँग निरन्तर सम्पर्कमा रहेर हामीलाई बहुमूल्य सल्लाह, सुझाब र सहयोग प्रदान गर्दै आईरहेको मगर संघ अमेरिका Inc.ले नेपालमा यगौंदेखि राज्यद्धारा जबरजस्तरूपमा शोषण, दमन र उत्पिडनमा परिएका मगर जातिको आर्थिक, सामाजिक, सौँस्कृतिक,रूपान्तरणका साथै नेपाली समाजमा भएका सबै किसिमका असमानताको अन्त्यका लागि महन्वपूर्ण भूमिका पुऱ्याउदै आएको छ । अमेरिकाजस्तो शहरमा आफ्नो व्यस्त समयको बावजुद राष्ट्रप्रतिको असिम माया र समृद्ध नेपाल निर्माणको सपना बोकेर एकताबद्धभई मगर समाजको विकास र नेपाल राष्ट्रको समृद्धीकोलागि विभिन्न गतिविधि सम्पन्न गर्नु सजिलो कार्य किमार्थ हैन ! यसै सन्दर्भमा नेपाली परिवेश र यहाँका भाषिक, सौँस्कृतिक, भौगोलिक र जातीय विविधता भएको अनुपम राष्ट्र नेपालको बस्तुगत यथार्थलाई समेटेर प्रकाशित हुनगईरहेको **याँभु** (इन्द्रेनी)ले नेपाली समाजको इन्द्रेनीमय यथार्थतालाई विश्वका आमजनसमुदाय समक्ष उजागर गर्ने कुरामा हामी ढुक्क छौं ।

नयाँ संविधान निर्माणको अन्यौलपूर्ण अवस्थाबाट नेपाल गुज्रिरहेको समयमा मगर जातिको सामाजिक, सौँस्कृतिक र राजनीतिक अधिकार सुनिश्चित भएको संघीय गणतन्त्र नेपालमा आत्मनिर्णयको अधिकार सहितको मगराँत स्वायत्त प्रदेशको स्थापना, देशैभरि छरिएर रहेका मगर जातिको राज्यका हरेक संरचनामा समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता, र मगर जातिको भाषिक तथा सौँस्कृतिक विविधतालाई सम्बोधन गर्ने मातृभाषामा आधारित वैज्ञानिक र व्यवहारिक संघीय शिक्षा प्रणालीको विकासका साथै विश्वका मगरहरूको अधिकारलाई सुनिश्चित गरिएको नंया संविधान निर्माणका लागि **याँभू**ले महत्वपूर्ण भूमिका पुरऱ्याउने निश्चित छ । समुन्नत मगर समाज र समृद्ध राष्ट्र निर्माणको सपना साँचेर अमेरिकामा रहेर विभिन्न पेशा व्यवसाय गर्दै आउनभुएका सृजनशिल र चेतनशिल मगरहरूको चाहनामा ठेस पुऱ्याउने काम कहिँकतैबाट गरिनुहुन्न भन्ने कुरामा नेपालका सचेत युवा मगर विद्यार्थीहरू दृढ छन् । विगत लामो समयदेखि मगर जातिको अधिकारलाई स्थापित गराउनको लागि देश तथा विदेशमा रहेर मगरहरूले गरेको विभिन्न किसिमका संघर्ष र वलिदानलाई नयां संविधानमा संस्थागत गर्नुपर्ने वर्तमान समयमा मगर लगायत आम शोषित, पिडित, विभेदित समुदायको चेतनाको संवाहक बनेर प्रकाशित हुने मगर संघ अमेरिका Inc को मूखपत्र **याँभु**ले सचेत, सशक्त र श्रृजनसिल युवा विद्यार्थीलाई विशेष हौसला र जोश प्रदान गर्ने निश्चित छ ।

मगर संघ अमेरिका Incको मूखपत्र **याँभु**ले अमेरिका विभिन्न क्षेत्रमा रहेका मगरहरूका साथै विश्वभर रहेका आम मगर तथा नेपाली जनसमुदायमा चेतनाको नयाँ लहर स्थापित गर्ने सवालमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्षम होस भन्ने शुभकामनासहित याँभुको निरन्तर प्रकाशनको **शुभकामना** व्यक्त गर्दछौं ।

*झोर्ले, जेदो, सिमेङ्पा ।*

(हस्ताक्षर)
माधब कुमार दर्लामीमगर
अध्यक्ष

“सम्पूर्ण मगरहरुको एकता - अहिलेको आवश्यकता”

# नेपाल प्रवासी मगर संघ

*Federation of Nepalese Non-Resident Magars*

केन्द्रिय समिति दोहा, कतार *स्था: सन् ३० जुन २००० (बि.सं. २०५७)*

**च.न :** CL36

**प.सं.न :** 2010/11

**मिति :** 03 / 01 / 2011 Tue.

## शुभकामना

आफ्नो मातृभूमिभन्दा टाढा परदेशमा रहेर पनि सदा आफ्नो रितीरिवाज, भेषभुषा, भाषा तथा संस्कृतीलाई माया गरेर यसको जगेर्ना गर्दै समग्र मगर समुदायको हकअधिकार / जातिय पहिचान स्थापित गराउन संघर्षरत यस संघले आफ्नो प्रतिबिम्वलाई समाजमा थप उजागर गर्नेक्रममा आफ्नो मुखपत्रको रुपमा “याभु” (ईन्द्रेणी) को पहिलो अंक Digital Version मा प्रकाशन गर्न लागिरहेको यस शुभ अवसरमा यस पत्रिकाको सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

साथै यस पत्रिकाले आफ्नो सांगठनिक गतिविधीहरुलाई समेट्नुका साथै आम मगर समुदायबिचको विविध पक्षहरुलाई पनि प्रतिबिम्बित गर्नेछ भन्ने बिश्वास लिंदै यो पत्रिकाले मगरहरु लगायत सबैको मन छुन सकोस् भन्दै यसको प्रकाशनले निरन्तरता पाईरहन सकोस् भन्ने कामना पनि गर्दछु ।

देव बहादुर रानो मगर
अध्यक्ष, केन्द्रिय समिति
नेपाल प्रवासी मगर संघ, कतार
तथा
मगर समाज डट् कम परिवार

पो.ब नं. ४१२०४, दोहा - कतार, E-mail : fnnrmqatar@gmail.com / info@magarsamaj.com Web: www.magarsamaj.com

# MAGAR ASSOCIATION U. K.

**Central Committee, Established: 2002 A. D.**

**Charity Registered Number: 1126656**


*President*
*Maj (Retd) Kul Bahadur Thapa Magar*
*Vice President (I)*
*Mr Dut Bahadur Pun Magar*
*Vice President (II)*
*Mr Hemraj Thapa Magar*
*General Secretary*
*Mr Yog Kumar Phagami Magar*
*Secretary*
*Mr Padam Bahadur Thapa Magar*
*Treasurer*
*Mr Dalman Pun Magar*
*Assistance Treasurer*
*Mr Tanka Bahadur Magar*

*Foreign PR/Web Designer/Youth*
*Mr Nem Bahadur Thapa Magar*
*Media Secretay*
*Mr Ramesh Singh Sarankoti Magar*
*Assistance Media Secretary*
*Mr Narayan Kishor Pun Magar*
*Sport Secretary*
*Mr Top Bahadur Thapa Magar*
*Assistance Sport Secretary*
*Mr Hikmat Sing Roka Magar*
*Admin Secretary*
*Mr Netra Ale Magar*
*Assistance Admin Secretary*
*Mr Bill Shrees Magar*
*Culture Secetrary*
*Mr Bishan Thapa Magar*
*Assistance Culture Secretary*
*Mrs Himali Rana Magar*
*Karma Kanda Secretary*
*Mr Bom Suryawanshi Magar*
*Housing Secretary*
*Capt (Retd) Balaram Ghale Magar*
*Property Secretary*
*Mrs Shova Rana Magar*
*Head of Ladies Committee*
*Mrs Hema Laxmi Thapa Magar*
*Transport Secretary*
*Mr Tej Bahadur Ramjali Pun Magar*

*Branch Presidents*
*Mr Man Bahadur Pun Magar – London*
*Mr Ram Bahadur Galami Magar - Reading*
*Mr Tanka Ale Magar - Kent*
*Mr Chandra Pulami Magar – Plumstead*
*Lt (Retd) Sunil Rana Magar - Rushmoor*
*Mr Mohan Bahadur Ale Magar - Wembley*
*Mr Tejbir Gaha Magar - Cattericek*
*Mr Krishna Bahadur Pun Magar - West London*
*Mr Mohan Bahadur Thapa Magar - Swindon*

*Advisors*
*Mr Tharka Bahadur Rana Magar*
*Maj (Retd) Krishna Kumar Ale Magar*
*Capt (Retd) Santa Bahadur Pun Magar*
*Mr Bijaya Thapa Magar*
*Mr Lilaman Sherpunja Magar*
*Capt Chitra Bahadur Rana Magar*
*Capt(Retd )Chandra Bahadur Pun Magar*
*Mr Bil Bahadur Purja Magar*
*Mr Bharat Thapa Magar*
*Nepal Link*
*Maj(Retd) Dev Bahadur Pun Magar*
*Mr Mejan Pun Magar(Honanary Member)*
*Mr Sanjog Laaphaa Magar*




मिती - ९ जनवरी २०११

श्री मान लव के. बुढामगर (संयोजक)
विदेश विभाग
मगर संघ अमेरिका

**बिषय - शुभकामना सन्देश !**

महोदय,

उपरोक्त सम्बन्धमा मगर संघ यू. एस. ए. ले आफ्नो मुख-पत्रको रुपमा "याँभु" (इन्द्रेणी) को (Digital Version) मा पहिलो अंकको विमोचन यही जनवरी १६, २०११, आइतबारको दिन न्यूयोर्कमा आयोजना हुन गइरहेको माघे सक्रान्ति कार्यक्रममा हुने जानकारी ले मलाई अत्यन्तै हर्सित तुल्याएको छ । यस् मुख पत्र भित्र समितिएका लेख रचना हरु निस्चय पनि मगरहरुको सामाजिक, सास्कृतिक, आर्थिक तथा भौगोलिक अवस्था बारे चित्रन गर्दै यू. एस. ए. का मगर हरुको बिबिध पक्ष्यहरुको जानकारी गराउदै मातभुमी तथा राष्ट्र प्रती उत्तरदाइत्व र जिम्मेवारी बोध गराउदै थोरै भए पनि मगर हरुको बिकासमा टेवा पुराउने छ । यू. एस. ए. लगायत संशार भरी छरिएर बसेका मगर हरुलाई एक सुत्रमा बढन सफल हुने छ । मेरो ब्यक्तब्य तथा मगर संघ यू. के. को तर्फ बाट यस् मुख पत्र याभु (इन्द्रेणी) को प्रकाशनको सफलता एवम मगर संघ यू. एस. ए. को उत्तोरोत्तर प्रगतीको हार्दिक शुभकामना ब्यक्त गर्दछु । अन्तमा महान पर्ब माघे सन्क्रान्ती तथा मुख पत्र बिमोचन कार्यक्रम को सफलताको हार्दिक शुभ मंगलमय कामना गर्दछु । धन्यवाद

भबिदय

मे. (री) कुल बहादुर थापा
अध्यक्ष
मगर संघ यू. के.


MAGAR ASSOCIATION - U.K.
09 JAN 2011
Estd. 2002 A.D.


56 Corfe Way, Farnborough, Hampshire, GU14 6TS
Res: 0044 1252 677212, Mob: 0044 7931 804743, Email: kthapa@msn.com

# खण्ड ४

## लेख/विचार

सन् २०२३ प्रकाशित
लेख / रचना



**Dr. Ganga Purja Pun Magar**

# Emergency Fund of Magar Association USA Inc.

Magar Association of USA Inc. (MAUSA) is the umbrella organization of Magars living in the USA. It has been working hard to support Magars around the world since its establishment in 2004. MAUSA Emergency Fund was established in 2018. Initially, some members of the association put forward an idea of establishing a fund under the umbrella of the association to provide financial support for needy members of the association and their dependent minors who have been experiencing hardships due to death, accident, or health issues of themselves or their family members. It took several years to materialize the foundation of the fund.

The MAUSA Emergency Fund Regulation was prepared by the designated Committee under the chairmanship of Ex President Rudra Bahadur Ale Magar and approved in August, 2022 by the Annual General Meeting of Magar Association USA which was held in Dallas, Texas, to regulate procedures for application, approval, and distribution of financial support.

The MAUSA Emergency Fund Magar Association of USA Inc. (MAUSA) is the umbrella organization of Magars living in the USA. It has been working hard to support Magars around the world since its establishment in 2004. MAUSA Emergency Fund was established in 2018. Initially, some members of the association put forward an idea of establishing a fund under the umbrella of the association to provide financial support for needy members of the association and their dependent minors who have been experiencing hardships due to death, accident, or health issues of themselves or their family members. It took several years to materialize the foundation of the fund. The MAUSA Emergency Fund Regulation was prepared by the designated Committee under the chairmanship

**Table: Fund distribution plan**

| Type of Membership | Death | | Medical condition | | Chronic illness | |
|---|---|---|---|---|---|---|
| Life | $8,000 | $13,000[a] | $7,000 | $10,000 | $15,000 | |
| General | $6,000 | $10,000[a] | $5,000 | $8,000 | $12,000 | |
| Dependent minord | $4,000 | $6,000[a] | $5,000[b] | $7,000[c] | $8,000[b] | $10,000[c] |

a Primary or sole income earner
b Minor of General member
c Minor of Life member
d Only pay back financial assistance is available

---

of Ex President Rudra Bahadur Ale Magar and approved in August, 2022 by the Annual General Meeting of Magar Association USA which was held in Dallas, Texas, to regulate procedures for application, approval, and distribution of financial support.

The MAUSA Emergency Fund Committee consists of Coordinator, Secretary, Treasurer, and other members such as one from each State Chapter Committee. The current Committee was able to collect $23,246.00 from various sources including general and life membership fees, donations from the Committee members and Chapter Committees.

There are few eligibility criteria as stated in the MAUSA Emergency Fund Regulation to receive a financial support:

1) Life Members or General Members who are residing in or temporarily out of the United States and in good standing (unexpired membership) at least 35 days prior to an incident in consideration.
2) Dependent family members of a MAUSA member who are residing in the United State and under 18 years at the time of the incident.
3) For each reported medical incident, the total cost of a treatment must exceed $5,000.00 in order to receive the financial support.
4) Members and their dependent minors who have received, will be receiving, or will apply for the same cause from the Federal Government and/or the local State Government assistance, are not eligible.

The Emergency Fund encourages members who are eligible to apply for any form of assistance from the Federal Government and/or their State Government so that our limited fund will not be depleted too soon.

The following table summarizes how the fund is distributed for each incident and for each individual (see detail in the MAUSA Emergency Fund Regulation 2022).

It seems like the current fund distribution plan is overly ambitious. Based on the fund distribution scheme the current fund can run out quickly unless we regularly replenish it. We need to find or establish stable income sources in order to run the fund smoothly. In other words, we have to make the fund sustainable. The fund itself is a huge undertaking for the Association and individual member. Therefore, we need supports and thoughts from our members to move forward this pivotal charitable work.

Advisor
Magar association USA inc. Central Commettee



**Dr. Krishna Thapa Magar**

# Connecting Magars in USA

The Magar Association USA Inc. (MAUSA) was founded in 2004. It has 6 State Chapters in New York, New Jersey, DMV (District of Columbia, Maryland & Virginia), Texas, Colorado, and Illinois.

**Magar Student Scholarship**

Two years ago, MAUSA announced the first annual student scholarship program called "Magar Student Scholarship" in an amount of $1,000 per student, each from the category of High School, Undergraduate, and Graduate respectively. The goal of the scholarship is to reward the hard work of the student and their dedication towards education. It is also to encourage all Magars to perform the best in future academic endeavors and to work as a bridge between Magar students and the MAUSA. The recipients of the first "Magar Student Scholarship" were Mr. Krishna Rana Magar from the category of the Graduates and Mr. Nirjal Thapa Magar from the Undergraduates category. There were no applicants from the High School category. The award was distributed in MAUSA's Annual General Meeting last year in Dallas, Texas. This year the Association has announced the scholarship for the second time. The recipients will be awarded the scholarships during its 9th General Convention in Colorado on July 29th, 2023.

**What's Education Magar USA (EMU) ?**

The scholarship committee has decided to expand its scope to organize and run various professional and educational programs. The committee is formed under the name of Education Magar USA (EMU). The EMU wants to bring all Magar students studying at US institutions together and organize a variety of academic and professional developmental programs that can build a connection, and help an individual grow personally and professionally. The EMU wants to bridge MAUSA and Magars residing in the USA and help them in any way possible to enrich their career and future.

During the Fall 2022, the EMU organized three separate zoom sessions. The first one was on IT and Engineering, the second one was on Small Businesses, and the third one was in the medical sectors. Many Magar pioneers in those sectors were invited as guests to have an interaction and share their experiences. Such activities, which came out to be eye opening, were small efforts of EMU to help build the connection with the Magars residing in the USA and beyond. Another significant work of EMU was the creation of a task force called "Mentorship Program" under which nine different Magar mentors from different sectors volunteered to be mentors. A few mentees took advantage of the program. EMU continues to hold both the zoom sessions and mentorship programs with improvement.

**Connecting with notable Magar intellectuals**

Similarly, the members of EMU are connected to notable intellectual Magars. MAUSA always wants to bring all the intellectual Magars coming from different walks of life together and give them a platform to share their experiences amidst them in the USA. There are over 10 Magar Doctors living in the USA. Most of them are academic PhD doctors, and some of them are medical Doctors. Dr. Ganga Pun Magar lives in Virginia who holds a PhD in Physics and is currently affiliated with NOAA/OAR/GGDL. Dr. Chakra Budhathoki Magar, a PhD in Biostatistics, is currently working at John Hopkins University, Maryland. Dr. Krishna Thapa Magar, a PhD is in Mathematics and, also, a Data Science consultant at JP Morgan Chase Bank, is currently working as a Professor at Collin College, Texas. Dr. Bibek Thapa Magar, a PhD in Biology works at Dallas College, Texas. Likewise, Dr. Chandra Bahadur Thapa Magar, a PhD in Physics, is currently working as a Professor at Kansas City Community College. Dr. Surya Thapa Magar is currently working as a Professor of Mathematics at Indiana University. Dr. Abinash Pun Magar, a PhD in Physics, is currently working as a Post-Doctoral Researcher at New Mexico State University. Dr. Kaman Thapa Magar, a Ohio resident and a PhD in Electrical Engineering, is currently working on Aircraft Brake Control System development at Collins Aerospace. Dr. Khusiman Pun Magar holds PhD in Economics and is currently working as a Visiting Assistant Professor at Whitman College, Washington.

Dr. Nita Thapa Magar, who was one of the guests in the zoom medical sessions mentioned above, is an OBGYN. She lives with her husband Dr. Samar Paija Magar in Columbia, South Carolina. In the similar manner, Dr. Jyoti Thapa Magar is working on her residency in Texas. Dr. Deo Pun Magar is a Dentist, also in Texas. There are a few other Magars who are Medical students pursuing their careers to be future medical doctors. There are a few Magar nurses in DC Metroplex and in Texas. Some Magars are working as software engineers, while others are working in fortune 500 companies.

The Magar Association USA needs to take initiative so that such intellectual Magars come together under one umbrella and contribute to the betterment of society within or beyond their community, informed by their expertise. Some Magars are in social work and have joined social and political institutions as well. Mr. Laxman Darlamee Magar is the current president of NRNA NCC USA - Oregon Chapter. Mr. Bishal Rana Magar is on the Board of directors of NRNA NCC USA. Mr. Vishnu Rana Magar is a Queens County Committee Member of the Democratic Party Organization. Mr. Man Bahadur Rana Magar is the President of Nepal International Federation of Indigenous Nationalities (NIFIN)

and former President of Federation of Indigenous Peoples of Nepal in America (FIPNA).

**How many Magars are in the USA?**

There are over two millions Nepali people in the United States. Despite MAUSA's efforts to collect the demographics of Magars in the USA, it is still in progress. Based on the number of followers on the Facebook page of MAUSA and calculations done by Magar leaders resided in different states in the USA, there are over five thousand Magars who are originally from Nepal. Approximately two thousands of them live in the State of New York, and around the same number of Magar population lives in the state of Texas. Approximately one thousand Magars live in DC Metroplex. The other states where a significant number of Magars live are California, Colorado, New Jersey, and Illinois. The majority of Magars living in New York and DC Metroplex work as Uber and Lyft drivers, and in warehouses. Similar situation is in Texas and other states. However, there are many Magars who own their small businesses, such as restaurants, deli and convenient stores, gas stations, and parlors. The MAUSA keeps information of all those pioneers Magars and can help make a connection with them if one wants to reach out to them.

**Magar international students**

There are a lot of Magar students coming from Nepal as international students and working hard to balance their work and time for studies. Many of them live in New York and Texas area. They are under a lot of pressure to make enough money to pay their tuition fees and cover their living expenses. On top of that, most of the students have a lot of financial responsibility to send money to their families back home in Nepal. Because of those burdens and responsibilities, many students are unable to focus on their studies and end up obtaining a lower GPA, even at times failing the courses. Some of them even end up stopping going to college. On the other hand, there are many other Magar students who have managed to graduate successfully and are able to find a better job as they graduate. The EMU can also be a bridge between struggling Magar students and successful ones who can be correctly guided and advised.

**Setting Example, Trailblazers**

Many Magars are known to be introvert which, however, is not a bad thing. It is imperative to realize that it is better for them to reach out to those experienced people or the associations that may help them cope with the hurdles. Learning by doing or from your own mistake is good. Even better is learning from the mistakes of others. It is, therefore, hearing them out is always insightful. The United States is "the land of opportunity" for those who are hardworking, honest, and diligent. One may gain a lot of knowledge, skills, and experience from this country.

For example, Mr. Kumar Thapa Magar living in New York had finished his Master's degree from Nepal and had been teaching there in Nepal for a long time before coming to the USA. He did not hesitate to go back to school despite his age. Eventually, he successfully completed his bachelor's degree in electrical engineering and is currently working as an electrical engineer in New York Power Authority. Similarly, Ms. Bandana Thapa Magar from Texas started her IT career while raising her two little kids simultaneously. Ms. Jiya Ale Magar, also from Texas, did not give up even if she failed her RN exam at first. She worked harder, took some degree from a college in the U.S, and successfully completed her RN

exam. She has been working as an RN for over two years now. Mr. Sanad Magar from Oregon used to be ranked top from behind while studying +2 in Nepal. He came to the U.S, went to school, worked hard, and is currently working as an IT engineer in Intel. These are just a few examples that show “where there is a will, there is a way.”

Interestingly, a few Magars are veterans too. They served the country for three to four years and now have been working in IT field. There are also a few active military Magars, both males and females. There are second generation Magar kids who have already graduated from the universities and started working in the reputed companies. Another focus of MAUSA is to connect with the second-generation kids and inform them what it would be like to be an indigenous Magar. Down the road, MAUSA has to come up with a vision so that those second-generation kids can feel connected with the community and with Nepal overall.

**EMU's Future**

In the end, EMU believes that the scholarship program can bring some topics of discussion about Education in a good way among the Magar community. This scholarship is just a good seed that can give rise to so many educated future Magars in the years to come. In the future, EMU believes that it can find sponsors for scholarships so that the scholarship distribution can be expanded to more hardworking students. The MAUSA and EMU need to continue with the vision of making all Magars living in the United States feel connected with the community and Nepal, along with those scholarship programs and continue to enrich, not only to enrich the lives of people in the community, but also to promote culture, tradition, and human values.

Advisor, Magar Association USA Inc.
Central Committee



ज्ञानेन्द्र पुनमगर

# मगर जातिको पहिचानको सवाल र ऐक्यबद्धताको खाँचो

**क) मगर पहिचान :**

मानव जातिले मानव विकासमा संघर्ष र सामाजिक अभ्यासको लामो प्रक्रियाद्वारा आफ्नो भाषा, संस्कृति, सामाजिक मुल्य मान्यता र इतिहासको निर्माण गर्न सफल भएको हुन्छ । जुन समग्रताको समुच्च रूप नै हामी मानवहरूको सभ्यता (पहिचान) हो । त्यसैले पहिचान भन्ने विषय कुनै शासक वा सम्राटले चाहेर पनि एकै रातमा एकै दिनमा वा क्षण भरमै निर्माण गर्ने र मेटाउने विषय वस्तु होइन बरू मानव समुदायले आफ्नो उदयसँगै विकास गरेको अस्तितव वा सभ्यता हो । आजसम्मको नेपालको राज्यव्यवस्थाले मगर लगायतका आदिवासी जनजातिको पहिचान मेटाउने काम गरी अस्तित्व ध्वस्त पर्ने काम भएकोले नै यसको रक्षार्थ हामीले पहिचानको मुद्दा खरो ढंगले उठाउन परेको हो । पहिचानको मुद्दा हाम्रो देशमा मात्रै नभएर संसार भरी नै उठिरहेको छ । किनभने पहिचान बिना मानव अस्तित्व रहँदैन भने मानव अस्तित्व बिना संसार बन्ने परिकल्पना गर्न सकिदैन । नेपालमा पहिचानको बहस गर्दा राजनैतिक पार्टीहरू र शासकहरूले समेत यो विषय आदिवासी जनजातिहरूको मात्रै हो भन्ने तर्क गर्दछन् । यहाँ नेर नै नेताहरू पनि यसको सही विश्लेषण गर्न चुकिरहेका छन् ।

आफ्नो जातिको जातीय, भाषिक, साँस्कृतिक पहिचान संरक्षण गर्दै जीवन्तताका लागि नयाँ पुस्ताहरूलाई हस्तान्तरण (पुस्तान्तरण) गर्ने नै एक अशल पहिचानवादी हो । नेपाल जस्तो बहुजातीय बहुभाषिक बहुभाषिक बहुधार्मिक देश नेपालमा सबैले आ-आफ्नो पहिचानको जर्गेना गर्नु मुनासिव र न्यायिक नै हो । आदिवासीय दृष्टिकोणबाट विश्वका जुनसुकै आदिवासीहरूले आफ्नो सभ्याता बमोजिमको पहिचान बचाउनु सोही जातिको प्रमुख सवाल हो । आदिवासिय दृष्टिकोणबाट आदिवासी मगर समुदायले आफ्नो पहिचान जर्गेनाको प्रमुख मुद्दा नै हो ।

तर नेपालमा आदिवासीहरूको जातीय, भाषिक र साँस्कृतिक पहिचानलाई हटाएर शासक समुदायको मात्रै एकल पहिचान स्थापित गर्ने कार्यले तिब्रता पाएको छ । आदिवासी मगरहरूले आफनो जाति समुदाय प्रति गर्व र गरिमा गर्ने भावना र दर्शनको विकास हुन नसक्दा आफ्नो पहिचानप्रति वेवास्ता गरिरहेको कमजोरी र आफ्नो जातीय गरिमा र पहिचानप्रति गर्व गर्ने भावनाको मजबुत विकास हुन नसक्दाको अर्को कमजोरीलाई सदुपयोग गर्दै शासक समुदायले आफ्नो जातीय र धार्मिक पहिचान जर्वजस्त स्थापित गरिरहेका छन् त्यसको ज्वलन्त उदाहरण भनेको मोचाबारी थियो केराबारी बनाए, बाङलुङ थियो बागलुङ बनाए, घर्तिछाप थियो महाभारत बनाए, लामदी थियो रामदी हुँदै रामनदि बनाए, आर्याक् भन्ज्याङ थियो आर्य भन्ज्याङ बनाए, छ्याङ्छ्याङ्डी थियो छायाक्षेत्र बनाए यस्तै यस्तै हजारौ स्थान नामाकरणमा हाम्रो पहिचानलाई विस्थापित गरिएको छ । आदिवासी संघ सस्थाहरूले पहिचानको मुद्दा सशक्त उठाईरहेका छन् तर ठीक उल्तो गैरआदिवासी तथा शासकहरूले आफ्नो पहिचान स्थापित गराईरहेका छन् । अपनत्व, स्वामित्व र आफ्नोपनलाई केन्द्रबिन्दु अहिले जो कोहीले पनि गरिरहेका छन् । त्यस मानेमा नेपालमा ९० प्रतिशत जनताहरू पहिचानवादी नै हुन् ।

पहिचान मेटाउने क्रममा कतिपयले जानीबुझी नै आफ्नो जात, थर लुकाएर टाइटल नेम राख्ने वा साहित्यिक नाम राख्ने कार्य गरेका छन् । कतिपयले त आफ्नै जात र थरप्रति गर्व गर्नुपर्नेमा वितृष्णा र हिनताबोध भएर नै हुन सक्दछ जात नै लुकाउने कार्य गरिरहेका छन् भने कतिपयले रोजगारी अर्थात् विभिन्न अवसरका लागि थर नै परिवर्तन गर्ने कार्यहरू गरिरहेका छन् । भने कतिपयको जिल्ला प्रशासन कार्यालयबाट नागरिकता बनाईदिदा जात थर नै बिगारिदिएको छ भने कतिपयले मगरको थर उपथरहरू दुरूपयोग गर्ने कार्यहरू भईरहेको छ । आदिवासी मगरहरू हामी भन्ने भावना र अनुभूतिमा विश्वास गरेता पनि विश्वभरिका मगर, देशभरिका मगर, प्रदेशभित्रका मगर, जिल्लाभित्रका मगर, पालिकाभित्रका मगर, गाउँटोलभित्रका मगर, दाजुभाइदिदिबहिनी मगर, आफन्त नातेदार मगर, घर परिवारभित्रको मगर, आमाबुवा, छोराछोरी, श्रीमान श्रीमति गर्दै गर्दै आफूमा पुगेर शुक्ष्म पहिचान वा न्यूक्लियस फेमिलिमा पुग्दै गर्दा सामुहिक पहिचान कमजोर भईरहेको छ ।

पहिचानको सन्दर्भमा यतिबेला आदिवासी मगरहरू अत्यान्तै गम्भीर परिस्थितिमा उभिएका छन् । मगर समुदाय पहिचानवादी भएको हुनाले उसले आफ्नो जातीय भाषिक साँस्कृतिक र एतिहासिक पक्षलाई जीवन्त बनाउनका लागि परापूर्वकाल देखि चलिआएको मौलिक चालचलन र संस्कार संस्कृतिहरूलाई अवलम्बन गर्नै पर्नेछ जसका लागि हरेक मगरहरूले आफ्नो पहिचानलाई जीवनको पद्दतिसँग जोड्नै पर्ने भएको छ अर्कोतर्फ भने विश्वव्यापी रूपमा तिब्र गतिमा विकास भईरहेको सूचना प्रविधि, शिक्षा, स्वास्थ्य, रोजगारी, बसाईसराई, अवसरहरूले दिनानुदिन व्यक्तिगत तथा पारिवारिक आवश्यकताले चाहदा चाहँदै पनि आफ्नो पहिचान भुल्न विवस भईरहेको छ यसकारण अबको पुस्ताले घरपरिवार मै सीमित बसेर आदिवासीय दृष्टिकोण पद्दतिबाट जिविकोपार्जन गर्ने भन्दापनि विश्वव्यापी रूपमा द्रुत गतिमा भईरहेको सूचना प्रविधि र विकाससँगै आफूलाई समाहित गर्दै आफ्नो पहिचानलाई जीवन्त बनाउने नै अहिलेको उत्तम विकल्प हो ।

नेपालको हरेक राजनैतिक पार्टीहरू समाज र समुदायको मुद्दाहरूलाई मौसमी रूपमा विभिन्न कोणबाट उठाउने गरेका छन् । जनतालाई यो वा त्यो बाहानामा राजनैतिक पार्टीहरूले आफ्नो दास र रैती बनाईरहेका छन् । हामीलाई सर्मथन गर्नुहोस, हामीले तपाईको पहिचानको मुद्दा सम्बोधन गरिदिन्छौ भन्ने त्यही सोझा आदिवासी मगरहरूको सहयोगमा राज्यको विभिन्न

निकायमा पुग्ने अनि जनताको मुद्दा जस्ताको तस्तै छोडिदिने कार्य भइरहेको छ । आदिवासी मगरको साझा मुद्दाहरूलाई राजनैतिक पार्टीहरूको लेनदेन र प्रतिष्ठाको विषय बनाउदा झनै कमजोर भईरहेको छ । मगर पहिचानको मुद्दा कुनै राजनैतिक पार्टीको पेवा मुद्दा पनि होइन र कुनै पनि पार्टीको बिरोधी मुद्दा पनि नभएर मगर समुदाय कै हो । यस सवालमा आदिवासी मगर पहिचानको मुद्दालाई फुटबल खेलको बल बनाईनु हुँदैन जसले जता लैजान मन पर्दछ उतै लैजाने जता फाल्न मन लाग्यो त्यतै फाल्ने विषय बनाउनु हुँदैन । त्यसैले जसले यस सवाललाई आफ्नो मुद्दा बनाउछ र बनाउन्जेल वा मुद्दा बोकुन्जेलसम्म त्यस्ता शक्तिहरूलाई समाज र समुदायले धन्यवाद प्रदान गरिनु पर्दछ । यद्यपि पहिचानको सवालमा नेपालमा रहेका हरेक राजनैतिक पार्टीहरूले आफ्नो मौसमी एजेन्डा बनाएकै कारण समुदाय विश्वस्त हुन सकेका छैनन् । आदिवासी मगरहरूलाई 'माछा माछा भ्यागुता' बनाईरहेको कारणले पनि राजनैतिक शक्तिहरू प्रति विश्वासनियता गुमेको छ ।

मगर जातिको उत्पत्ति र विकाससँग सँगै समाज निर्माणको आधारभूत आवश्यकता बमोजिम नाता गोता, विवाहबारी, कुल कुटुम्ब बन्नुपर्ने र बनाउनुपर्ने भएको हुनाले विभिन्न कैरन/गोत्यार/रूईवा आदि निर्माण भयो । यिनै मगरहरूले विभिन्न पेसा व्यवसाय वा जिम्मेवारीहरू बहन गर्नुपर्ने भएको आधारमा पदवीहरू निर्माण भए यहि सँगसँगै थर उपथरहरूको निर्माण भयो । प्रमुख थरको रूपमा थापा, राना, आले, पुन, घर्ती, बुढा, रोकाहरू लेख्ने कार्य सुरू भयो । यसको सँगसँगै विभिन्न थर उपथरहरूको विकास भयो । बसाइँसराइँ र एक गाउँमा बसोबास गर्ने र अर्को गाउँमा बसोबास गर्नेहरूको सटिक पहिचानको आधारहरू जस्तै राम्जाकोटमा बस्नेलाई राम्जाली, बगालमा बस्नेलाई बगाले, सिंजामा बस्नेलाई सिंजाली आदि थर उपथरहरूको विकास भएका छन् । मगर जातीय पहिचानभित्रको थर उपथरको सहि इतिहास बझाउन नसक्दा बुझ्न नसक्दा त्यही थर उपथरहरू नै आफ्नो प्रमुख पहिचान हो भन्ने गलत भ्रम वा बुझाईहरू भएको हुँदा कतिपय मगर थरहरूको केही सीमित व्यक्तिहरू अबुझपन, अर्कैको लहड र उक्सावतले गर्दा फरक जात हौ सम्म भनिरहेका छन् । जो पूर्णत मगर वंशजको पहिचानको खिलापमा रहेको छ । हिन्दू बर्णाश्रम व्यवस्था र बि.सं १९१० को मुलुकी ऐनमा भएको उचोनिचो व्यवस्थाको प्रभावका कारण हामी सम्भ्रान्त तिमी त गरिब, म शिक्षित तिमी त अनपढ, म त जानेको बुझेको तिमी त नजानेको, हामी त फलानो थर तिमी त फरक थर यस्तै यस्तै स-साना थरउपथरको फरकपनमा रूमलिन खोज्दा समुदायको मूल पक्ष मगर जातीय गरिमा र पहिचानलाई प्रभाव पारिरहेको छ । यसरी मगर पहिचानलाई आक्रमण बाह्य र अन्तरिक पक्षबाट नै निरन्तर भईरहेको छ ।

### ख) मगर एकताको मागदर्शन : मगरात सभ्यता

बहुदलिय व्यवस्थाको कारणले मगरहरू यो वा त्यो नाममा विभाजित भएका छन् । नेपालको हरेक जसो दल वा पार्टी सम्बद्ध नेताहरूले आफ्नो पार्टी वा बिचारमा लागेका सबै मानिसहरूलाई असल, विवेकशिल र अनुशासित ठान्ने वा देख्ने गर्दछन् किन कि त्यस्तै प्रशिक्षण दिईन्छ । पार्टीहरूले आफ्नो दल वा पार्टीभन्दा बाहिर वा फरक पार्टी वा बिचारमा लागेका सबै मानिसहरूलाई खराब, विवेकहीन र अनुशासनहिन ठान्ने वा देख्ने गरि आ-आफ्नो पार्टीको अनुयायी वा नेता कार्यकर्ताहरूलाई दिक्षित (प्रशिक्षित) गरेर दिमाग भरिदिएका छन् । यहि कुरालाई मगरहरूले संस्लेषण र विश्लेषण नगरी हुबहु मगर समाजभित्र लागू गर्ने प्रयास गर्दा समाज विभाजनको ठूला पर्खालहरू बनिरहेका छन् । यसरी विभिन्न दर्शन (सिद्धान्त) र बिचारमा आफ्नो जीवन जगत देख्नु स्वभाविक भएता पनि सहि विश्लेषण गर्न नसक्दा मगर एकता (Solidarity)

को कडीलाई फितलो बनाई रहेकोछ भने अर्कोतर्फ मगरहरूले समालोचनात्मक चेतना (Critical Thinking) र विश्लेषणमा ध्यान दिन नसकेका कारणले पनि मगरको सामुहिक मुद्दा र सवालहरू के हो ?, किन हो ?, कसरी हो ?, कुन हो ?, कहिले हो ? र कहाँ हो ? भन्ने जस्ता छ वटा प्रश्नहरू गरी उत्तर खोज्ने कार्यमा सर्वसाधरण र अभियन्ताहरू नै अन्योलमा रहेका छन् र जसले गर्दा एक्यबद्धताको मार्गदर्शन पहिचान गर्न अप्ठ्यारो भएको छ । र विस्तृत अध्ययन गर्न नसक्दा र नचाहँदा सतही ज्ञानका आधारमा अन्धभक्त पिछलग्गु (Blind followers) मात्रै बन्नुपर्ने बाध्यता पनि छ भने मगरको आफ्नो मौलिक मार्गदर्शनको विकास गर्न नसकिएको अवस्था पनि छ । त्यसैले, विभिन्न पार्टी वा धर्महरूमा लाग्ने वा आस्थावान्हरूलाई कुनै न कुनै वैचारिक मार्गदर्शनमा आधारित भए जस्तै आदिवासी मगर भित्रको भाषिक, सांस्कृतिक, संस्कार, प्रथाजनित अभ्यासहरू, परम्परागत ज्ञानहरू र सामाजिक संरचनागत पक्षहरू लगायतका मौलिक पक्षहरूलाई नै प्रमुख आधार बनाएर मगरात दर्शन (मगरात सभ्यता) निर्माण गरि सिँगो मगर समुदायलाई जोड्ने मार्गदर्शन सिद्धान्त बनाउन जरूरी रहेको छ । यसलाई मगरहरूको साझा सभ्यता र दर्शनको रूपमा विकास गर्दै स्थापित गरिनु पर्दछ । स्वभाविक रूपमा मगर एक जाति भएता पनि यस समुदायभित्र भाषिक विविधता, सांस्कृतिक विविधता, धार्मिक विविधता, पार्टीगत विविधता, थरउपथरगत लगायतको विविधता रहेका छन् । यस प्रकारका विविधताहरूलाई समस्याको रूपमा भन्दापनि साझा सम्पत्तिको रूपमा विकास गर्दै, सह-सम्बन्ध र सह अस्तित्वहरूको कडी पहिचान गर्दै आदिवासी मगर समुदायभित्र आम मगरहरूलाई आधारभूत रूपमा जोड्ने गरि मगरात सभ्यतालाई नै मगरको मार्गदर्शक सिद्धान्तको रूपमा विकास गरिनुपर्दछ र यहि नै मगर एकताको प्रमुख कडी हुनेछ । यसले सस्थागत मजबुतीकरण पनि हुनेछ भने एक मगरले अर्को मगर प्रति गर्व गर्ने भावनाको विकास हुनेछ । विविधता युक्त आदिवासी मगरहरूलाई एकताको शुत्रधार गर्ने मगरात दर्शन नै अहिलेको आधारभूत आवश्यकता हो ।

### ग) सांगठनिक अनुशासन

विभिन्न क्षेत्रमा विभाजित रहेर फरक फरक सोच बिचार बनाएका मगरहरूलाई एकताको शुत्रमा बाढ्ने आधार भनेको दर्शन वा बिचार हो उक्त विचार वा दर्शनलाई कार्यान्वयनका लागि संस्था वा संगठनभित्र अपरिहार्यता पर्दछ । संगठनलाई चलायमान बनाउनका लागि मार्गदर्शन चाहिन्छ । यसका लागि संगठनको नीति नियम वा विधान आवश्यक पर्दछ । यसैमा टेकेर संस्थाको आचारसंहिता अर्थात अनुशासनको पालना गर्नुपर्दछ भने, संस्थाभित्र सुशासन र पारर्दशिता हुनु जरूरी रहेको छ । नेपाल मगर संघको साधारण सदस्य हुँदै क्रियाशिल सदस्य भए पश्चात् संगठनमा आबद्ध भईन्छ त्यसका लागि मगरको मार्गदर्शक सिद्धान्तको प्रशिक्षण लिनै पर्ने हुन्छ । संघको विधानत घोषित जिम्मेवारी लिँदै गर्दा उक्त पदमा वहालरहँदा आफूले निर्भाह गर्नुपर्ने कर्तब्यबोध र दायित्वबोध नभई मात्रै प्रतिष्ठा र राजनैतिक वा आर्थिक वा व्यक्तिगत स्वार्थपूर्ति गर्नका लागि मात्र पद लिने कार्यहरू हुँदा नेपाल मगर संघको विभिन्न तहको समितिहरू अपेक्षाकृत चलायमान हुन नसकिरहेको तितो सत्य हो । त्यसैगरि एकै व्यक्तिले यता नेपाल मगर संघको पनि महत्वपूर्ण जिम्मेवारी लिने र अरू संघ/संस्था वा पार्टीमा पनि जिम्मेवारी लिँदै गर्दा नेपाल मगर संघको जिम्मेवारी बहन नगर्दा पनि हुन्छ वा भ्याएको बेला मात्रै काम गर्द पनि हुन्छ भन्ने प्रवृद्धि वा सोचको विकास जर्वजस्त भईरहेको छ ।

संस्थाको गरिमा र पदीय जिम्मेवारी बहन गर्नुपर्दछ भन्ने आत्मबोध हुन नसक्दा नेपाल मगर संघमा काम गरेर के पाइन्छ र ? त्योभन्दा अन्यत्र क्रियाशिल भएमा तत्काल लाभ हुन्छ भनेर

सस्थाका काम गरे पनि हुने वा नगरे पनि हुने गलत कार्यशैलीले गर्दा सांगठनिक अनुसाशानहिनतामा व्यापकता आएकोछ । संस्थाको पदीय जिम्मेवारी लिने तर अनेत्रै बढ्ता क्रियाशिल हुने अनि तपाईले आफ्नो पदिय जिम्मेवारी बहन किन नगरेको भनेर जानकारी लिन खोज्दा, 'म यो पार्टीको मान्छेलाई पेल्न लाग्यो' भनेर पार्टीको आवरणमा आफ्नो गल्ती कमजोरी लुकाउने काम भईरहेका छन् । भने संघको सबै तहको सीमितहरूमा क्रियाशिलता र योगदानको आधारमा प्राथमिकता नै हुनुपर्दछ तर त्यसभित्र पनि सबै पार्टी, भूगोल, लिंगका मगरहरूलाई समान सहभागिता बनाउन नसक्दा पनि संस्थाको चलायमानतामा सुस्तता आएको छ । यि र यस्ता कार्यले गर्दा हाम्रो संस्था दिनानुदिन कमजोर भइरहेको हुनाले संस्थालाई थप व्यवस्थित र प्रभावकारी व्यवस्थापनका लागि संस्थाको हरेक सीमितमा लेखा आयोग, अनुसाशन आयोग र निर्वाचन आयोग जस्ता स्वायत्त निकायहरू बनाई कडाईका साथ कामकाजी बनाईदै छ । संस्थामा आन्तरिक कार्यसम्पादन मुल्याङ्कनको विधि बनाउनै पर्नेछ । 'काम गर्नेले गरेको गरै हुनुपर्ने नगर्नेले नगर्दा पनि हुने' जस्ता गलत प्रबृद्धिको निराकरणका लागि अब हरेक अधिवेशन वा निर्वाचनमा कार्यसम्पादन मुल्याङ्कन गर्ने व्यवस्था मिलाउनु पर्दछ । यसलाई राम्रोसँग व्यवस्थापन गर्न सकिएन भने राम्रो काम गरेता पनि नराम्रो देख्ने प्रचलनमा बढ्दै जान्छ र एकआपसको विश्वासनियता गुम्दै जान्छ । त्यसैले नेपाल मगर संघको हरेक तह र तप्कामा क्रियाशिल पदाधिकारी सदस्यहरूले आन्तरिक आंचारसंहिताको कार्यन्वयन गर्दै सांगठनिक जिम्मेवारीलाई पूर्ण कार्यन्वयन गर्दै अनुशासित भएर काम गर्न सकियो भने मात्रै नेपाल मगर संघको उद्देश्य पुरा हुने कार्यक्रम तथा आन्दोलनहरू कार्यन्वयन हुन सक्दछ र मात्रै मगरात सभ्यतासहितको समृद्ध मगर समाज निर्माण गर्न सकिन्छ होइन भने मात्रै गन्तव्यहीन र लक्ष्यविहिन यात्रामा हुनेछ ।

**घ) विश्वभरिका मगर संघसंस्था**

नेपालको ऐतिहासिक मगरात भूगोलमा जन्मे हुर्केका आदिवासी मगर समुदायको सन्तान सन्ततिहरू जीविकोपार्जन, रोजगारी, शिक्षा, स्वास्थ्यलगायतका सुविधाहरू र अवसरहरूको खोजी गर्ने क्रममा विभिन्न क्षेत्र भूगोलमा बसाईसराई धेरै मगरहरू गरिरहेका छन् जो रहरभन्दा पनि बढि बाध्यतात्मक अवस्थामा भईरहेको छ । मगरहरूमा दुई प्रकारको बसाईसराई अर्थात फरक भूगोलमा बस्न बाध्य भईरहेको छन् । पहिलो नेपालभित्र कै एक भूगोलबाट अर्को भूगोलमा स्थायी वा अस्थाई बसाई सराई र बसोबास भईरहेको छ भने दोस्रो नेपालबाट अर्कै दोस्रो देशमा अस्थायी वा स्थायी बसाइँसराइँ र बसोबाज भईरहेको छ । यसमा स्थायी रूपमा बसोबास गर्ने मगरहरूले नेपालको नागरिकता त्याग गरि सोही देशको नागरिकता लिएर बसाइँसराइँ गरिरहेका छन् भने अस्थायी रूपमा अर्को देशमा बसोबास गर्ने मगरहरूले नेपाल कै नागरिकता र राहधानीमा अस्थायी बसोबास गरिरहेका छन् । यि दुवै प्रकारका मगरहरू विभिन्न देशमा अस्थायी वा अस्थायी बसोबास गरिरहेका मगरले आफ्नो जातीय पहिचानको संरक्षण सम्वर्द्धन गर्ने र सोही देशमा बस्दा आईपर्ने समस्याहरूलाई सामुहिक रूपमा निराकरण गर्नका लागि मगर संघ संस्थाहरूमा गोलबन्ध भइरहेका छन् । यसको माध्येमबाट विभिन्न देशमा मगर संघहरू सशक्त र क्रियाशील भईरहेको छ । अमेरिका, बेलायत, बेल्जियम, क्यानडा, भारत, बर्मा, भुटान, अष्ट्रेलियालगायतका देशमा मगरहरू स्थायी रूपमा नै बसोबास गरिरहेका छन् भने जापान, दक्षिण कोरिया, हंङकंङ, मकाउ, कतार, युएई, कुवैत, मलेसिया, इजरायल, साउदीअरब, बहराईन, ओमन, रोमानिया, अस्ट्रिया, इराक लगायतका देशहरूमा मगरहरू अस्थायी रूपमा बसोबास गरिरहेका छन् । देश बमोजिम आ आफ्ना आन्तरिक सवाल जे जस्तो भएता पनि मगर जातिको इतिहास, गरिमा, भाषिक साँस्कृतिक पहिचानको संरक्षण संम्वर्द्धन गर्ने मामिलामा

जुनसुकै देशमा बसोबास गरेता पनि एउटै र साझा सवाल नै हो । यहि साझा सवालमा क्रियाशिल, एक्यबद्धता र सहकार्य एकआपसमा संयोजन गर्ने काम नेपाल मगर संघ र मगर संघ संस्थाहरूले गरिहरेका छन् ।

मगर संघको माध्येमबाट विश्व भरिका सबै मगरहरूलाई जोड्ने र सहकार्यको वातावरण बनाउने प्रयत्न भईरहेको छ । विभिन्न देशहरूमा स्थापाति मगर संघहरू मध्ये कतिपय देशमा तिब्र गतिमा क्रियाशिल भएका छन् भने कतिपय देशहरूमा माघे संक्रान्ति र भूमेपर्व आदि मगर मौलिक चाड पर्वमा मात्रै भेटघाट हुने मात्र पनि काम भईरहेको छ । जुनसुकै देशमा रहेता पनि वा जुनसुकै देशको नागरिक भएता पनि वंशज र रगतको नाताले गर्दा हामी सबै मगर नै हौ यत्ति मात्रै हो कोही अमेरिकन मगर, कोही बेलायती मगर, कोही भारती मगर, कोही भुटानी मगर, कोही नेपाली मगर जे जस्तो भएता पनि हामी सबै मगर हौ । हामी सबैको पूर्खा मगर नै हो भने हामी सबैको ऐतिहासिक थातथलो नेपाल देशको मगरात भूगोल हो भन्नेमा कसैको पनि विमति छैन । यहि भावनालाई शिरोपर गर्दै सबै देशमा क्रियाशिल मगरहरू यसैमा अन्तरनिहित हुँदै मगरको सन्तति हुनुमा गर्व गर्ने आफ्नो जाति र समाजप्रति सम्मान गर्ने र जोकोही मगरसँग देख्दा, भेट्दा, संवाद गर्दा आदर सम्मान गर्दै मगर मगरमा फरकपन छैन हामी सबै मगर एउटै हौ भन्ने भावनाको विकास गराउनु विश्वभरि छरिएर रहेका मगरहरूको साँझा दायित्व र कर्तब्य हो ।

**ङ) अल्पकालिन र दिर्घकालिन योजना**

बहुदलीय व्यवस्था आए पश्चात् लामो समयसम्म चुनावी प्रतिस्पर्धामार्फत नेतृत्व चयन भईरहेको नेपाल मगर संघको विगतका अभ्यासलाई ब्रेक लगाउँदै १२औं राष्ट्रिय महाधिवेशनमा आएर सर्वसम्मत भएको छ । यस ऐतिहासिक महाधिवेशनको निर्णयले मगरहरू आफ्नो समुदाय र साझा सवालमा ऐक्यवद्ध हुन सक्दछन् भन्ने सशक्त सन्देश दिएको छ । मगरहरूको शैक्षिक, आर्थिक, राजनैतिक, भाषिक, साँस्कृतिक सशक्तिकरण र समृद्धिका लागि एकतावद्ध भएर कार्य गर्नुपर्दछ भन्ने सर्वसम्मत कार्यादेश (Mandate) यो महाधिवेशनले दिएको छ । यहि कार्यादेश लाई सार्थकता दिनेगरि केन्द्रिय समितिले बनाएको नीति कार्यक्रम योजनालाई सिंगो मगर समुदायको साथ सर्मथन र सहयोग हुनुपर्दछ । वर्तमान नेपाल देशको प्राचिन नाम मगरात देशको राजामहाराजा अर्थात शासक प्रशासक भएको स्वायत्त गणराज्यहरू निर्भिक र शाहसिक ढंगले सफलतापूर्वक सञ्चालन गरेको मगर समुदायको गर्विलो र गर्व योग्य इतिहासलाई मनन् गर्दै मगरहरू कमजोर र निमुखा छैनन् थिएनन् मात्रै बनाउन खोजिरहेको हो भन्ने यर्थाथतालाई आत्मसात गर्दै अबको दिनमा गर्विलो मगर इतिहासप्रति गौरव गर्दै वर्तमान परिस्थितिलाई अनुकुलता बनाउँदै भविष्यलाई स्वर्णिम बनाउन सकिन्छ । आदिम काम खण्डदेखि बस्दै आईरहेको यो देशको सबै भन्दा पहिलो आदिवासी मगर समुदायको जातीय पहिचान रक्षार्थ टुटेर होइन जुटेर, भै झगडामा अल्झिएर होइन मिलेर अगाडि बढ्नुको विकल्प छैन । सर्वसम्मत निर्वाचित भएको यस १२औं कार्यकाललाई काम गर्ने अवसर पनि छ भने त्यत्तिकै चुनौति पनि देखिन्छ । मगरात सभ्यतासहितको संमृद्ध मगर समाज निर्माणको महान अभियानमा लामबद्ध भएका हामी सबैलाई यो वा त्यो वहानाबाट पछाडि हट्ने वा विश्राम गर्ने छूट छैन त्यसैले एकले अर्कोलाई सकरात्मक दृष्टिकोणबाट समालोचनात्मक चेतको विकास गर्दै अगाडि बढौं यसैमा समाज समुदायको भलाई छ । यहि संकल्पसहित नेपाल मगर संघ केन्द्रीय समितिको १२औं कार्यकालले आम मगर समुदायको साथ सहयोग र सर्मथनमा मुख्यतः तपशिल बमोजिमको कार्यहरू गर्ने योजना अगाडि सारेकोछ ।

### १) सचेतनामूलक मगर जागरण कार्यक्रम

मगरको गरिमा र गर्विलो इतिहासप्रति हरेक मगरहरूलाई आत्मबोध गराउँदै विभाजित मनोविज्ञानलाई एकतावद्ध बनाउन समाज सचेत जागरूक र शिक्षित हुन जरूरी छ । जसका लागि हरेक मगर बिद्यार्थीहरूलाई कम्तिमा स्नातकतह (Bachelor Degree) अनिवार्य पढाउनै वा पढ्नै पर्दछ भन्ने अपरिहार्य जिम्मेवारीबोध गराउँदै समाजमा सचेतनामूलक कार्यक्रमहरूको आयोजना गर्दै मगर समुदायलाई सचेत, जागरूक बनाउदै के सहि के गलत भन्ने छुट्याउन सक्ने बनाउनु पर्दछ ।

### २) साँगठनिक सुदृढिकरण अभियान

नेपाल मगर संघको वडा, गाउँ/नगर, जिल्ला, प्रदेश, भातृसंस्था र वैदेशिक शाखाहरूको सांगठनिक सुदृढिकरणका लागि नियमित बैठक, विधानत समय मै अधिवेशन, सम्मेलन, साधारणसभाहरू र रचनात्मक गतिविधिहरू, समाजमा सकरात्मक सन्देश दिने कार्यक्रमको आयोजना गर्ने गराउने पर्दछ र सांगठनिक कार्यविधि बनाई थप व्यवस्थित र प्रभावकारी बनाउन संस्थामा कार्यसम्पादन मुल्याङ्कन गर्ने कार्य गर्न शुभारम्भ गरिएको छ आगामी दिनमा यसलाई थप प्रभावकारी र व्यवस्थित बनाउँदै लैजानु पर्दछ ।

### ३) सदस्यता वितरण तथा नबिकरण अभियान

नेपाल मगर संघको आधारभूत संरचना भनेको नै सदस्य भएको हुनाले संघको साधारण, क्रियाशिल र आजीवन सदस्य वितरण तथा नियमित नविकरण गर्ने गराउने र नेपाल मगर संघमा लाखौलाख मगरहरूलाई प्रत्यक्ष आवद्ध गर्नुपर्ने छ ।

### ४) मगर कल्याणकारी कोष तथा जीवन बीमा

नेपाल मगर संघको हरेक गतिविधीहरूमा परिचालित हुनेक्रममा अचानक दुर्घटना हुन सक्दछ त्यस्तो अवस्थामा उपचारका लागि मगर अभियानताहरूको जनही १ लाख रूपैयाँको जीवन बीमा गरिदिने, दीर्घ रोगीहरूलाई उपचार टोकन मनी, गरिब जेहेन्दार मगर विद्यार्थीहरूलाई छात्रबृद्धि, लोकसेवा तयारी कक्षा सञ्चालन, राजनैतिक सशक्तिकरण, प्रथम सहिद लखन स्मृति भवन तथा साँस्कृतिक संग्राहलय निर्माण गर्न पहल गर्ने ।

### ५) मगर भाषा संस्कृतिको संरक्षण संम्वर्द्धन कार्यक्रम

पहिलो र दोस्रो वर्षमा मगरहरूको सघन बसोबास रहेको स्थानीय पालिकाहरूसँग समन्वय गरेर मगर ढुट, मगर खाम, मगर काईके मा पठनपाठनका लागि आधारभूततहको पाठ्यक्रम निर्माण र प्रकाशन गरिसकिएको छ । यस प्रकाशित पुस्तकको माध्येमबाट विद्यालय शिक्षा (औपचारिक शिक्षा) शुरू गर्ने, सबै भाषालाई समेट्ने गरि साँझा लिपी बनाउन अख्खा लिपीलाई परिस्कअृत र विकास गर्ने गराउने । त्यसै गरि भाषा संस्कृति संरक्षण सम्वर्द्धनका लागि मगर गाउँ बस्तीमा 'मगर भाषा संस्कृति पाठशाला' स्थापना गरि अनौपचारिक शिक्षा दिनुपर्दछ र मगरहरूको मौलिक संस्कृतिहरूको संरक्षण सर्म्वनका लागि डकुमेन्ट्री निर्माण तथा लिखित दस्तावेजहरू तयारी गर्ने गराउने । क्रमश : मगर सस्कृतिहरूको राज्यमा दर्ता गरि उक्त संस्कृतिहरूको प्यार्टन राईट लिने ।

**६) आर्थिक समृद्धि कार्यक्रम**

मगर जातिलाई आर्थिक रूपले समृद्ध बनाउनका लागि सामुहिक लगानी र उद्यमशिल बनाउँदै आत्मनिर्भर र स्वाभिमानी मगर बनाउने उद्देश्यले 'एक घर एक उद्यम एक उत्पादन' गर्दै सामुहिक लागनीमा बहुआयमिक व्यवसायी बनाउने, स्वरोजगार बनाउने र हरेक मगरहरूमा आर्थिक रूपले आत्मनिर्भरता बढाउँदै परनिर्भरताको औषतलाई क्रमश घटाउँदै लैजाने यसका लागि मगर संघ/संस्थामा आवद्ध हुने सबैतहको समितिहरूमा क्रियाशिल पदाधिकारी सदस्यहरू अनिवार्य स्वरोजगार बनाउने र क्रमिकरूपमा आम मगर समुदायको आर्थिक आत्मनिर्भर बनाउने ।

**७) संचार तथा प्रकाशन**

मगरात सभ्यतासहितको समृद्ध मगर समाज निर्माणका लागि मगर जातिको बारेमा अध्यायन अनुसन्धान, खोजमूलक लेख रचनाहरू, संघको गतिविधिहरूलाई समेतेर सन्देश मूलक र सूचनामूलक मुखपत्र 'मगर' नियमित प्रकाशन गर्ने र मगरहरूलाई पत्रकारितासम्बन्धी आधारभूत तालिमहरूको आयोजना गर्ने गराउने । मगर मौलिक भाषा, संस्कार, संस्कृति र ईतिहासको गहन अध्यायन अनुसन्धान गरि दस्तावेजीकरण गर्ने गराउने ।

**८) राजनैतिक तथा सरकारी सेवा प्रवेशसम्बन्धी सशक्तिकरण**

राजनैतिक पार्टीमा काम गर्नेहरूले सामाजिक र मगर पहिचानको बारेमा बुझ्न जरूरी छ भने सामाजिक संघ/संस्थामा काम गर्नेहरूले राजनैतिक परिवेश बुझ्न जरूरी भएको हुनाले राजनीतिक पार्टी र सामाजिक क्षेत्रमा क्रियाशिल मगरहरूको आपसमा सौहार्द वातावरण सिर्जना गरि अन्तरघुलन हुनका लागि अन्तरसंवाद तथा अन्तरक्रियात्मक कार्यक्रमहरू सञ्चालन गर्दै मगरहरूलाई राजनैतिक रूपले सशक्तिकरण गर्दै राज्यको नीति निर्माणको तहमा मगरहरूलाई पुऱ्याउने ।

त्यसै गरि लोकसेवा तयारी कक्षाहरू, सरकारी सेवा प्रवेशसम्बन्धी विभिन्न विषयमा अभिमूखिकरण कार्यक्रमहरू सञ्चालन गर्ने गराउने । राजनैतिक पार्टीको माध्येमबाट आफूलाई चिनाउन खोज्ने मगरहरूले आफ्नो आमा, बुवा, बाजे बजै र पितृ तथा मगर पुर्खालाई हरेक पलपलमा सम्झनै पर्ने भएको छ आफ्नो पुर्खा र माटोलाई सम्मान गर्न नसक्ने सच्चा मगर सन्तान हुन सक्दैन यसलाई आत्मबोध गराउनु पर्नेछ । मगरहरूलाईले धेरै राजनीति गरियो हुन सम्म कै बिभक्त पनि भयौ । राजनीतिले हामीलाई अधिक क्षति पुऱ्याएको छ त्यसैले अबका मगरहरूलाई राजनीतिभन्दा पनि कुतनीति गर्न सिकाउन र सिक्नुपर्ने भएको छ ।

**९) प्रथम सहिद लखन स्मृति भवन तथा सांस्कृतिक संग्राहलय निर्माण**

नेपालको प्रथम सहिदको नाममा स्मृति भवन तथा मगरहरूको मौलिक संस्कार संस्कृतिहरूको संरक्षण र जर्गेनाका लागि साँस्कृतिक संग्राहलयसहितको भवन निर्णग गर्न पहलकदमी गर्ने । कम्तिमा १००० जना क्षमताको सभाहल, मगर संघ तथा भातृसंस्थाहरूको कार्यालय, प्रथम सहिद अध्यायन अनुसन्धान कक्षहरू, मगर पुस्तकालय, मिनी बैठक हलहरू र मगर साँस्कृतिक संग्राहलय सहितको उक्त बहुउद्देश्यीय भवन हुनेछ ।

**१०) मार्गदर्शन सिद्धान्त : मगरात सभ्यता**

मगर जातिको बास्तविक प्राचिन मौलिक पहिचानको रक्षार्थ सबै प्रकारका मगरहरूलाई सैद्धान्तिक दृष्टिकोणले मार्गदर्शन गर्ने सिद्धान्तको रूपमा मगरात सभ्यताको बिस्तृत अध्ययन अनुसन्धान गरि सम्बन्धित विषय विज्ञहरूसँगको छलफल परामर्शमा मगरात सभ्यतालाई दर्शनको रूपमा विकास गर्ने गराउने ।

**११) मास्टर डिग्री कोर्सको विश्वविद्यालय अध्यापन**

मगर समुदायको भाषा संस्कृति विषयमा विश्व विद्यालयमा मास्टर डिग्री कोर्सको विश्वविद्यालय अध्यापन गराउन मगर आदिवासी प्रज्ञा प्रतिष्ठान गठन गरि सञ्चालन गर्ने गराउने ।

**१२) प्रथम सहिद लखन थापामगरसम्बन्धी कार्यक्रम**

नेपालका प्रथम सहिद लखन थापामगरलाई राष्ट्रिय विभूति बनाउन, उनको जिवनी पठनपाठन गराउन, फागुन २ गतेबाट सहिद सप्ताह सुरू गराउन, सरकारीस्तरबाट नै प्रतिष्ठान निर्माण गर्न नेपाल सरकारलाई दवाव दिने विभिन्न कार्यक्रमहरू आयोजना गर्ने गराउने । र प्रथम सहिदको नामबाट शिक्षालयहरू, अध्ययन प्रतिष्ठान तथा अस्पताल सञ्चालन गर्ने गराउने ।

**१३) मगर साँस्कृतिक महोत्सव तथा जागरण अभियान**

मगर समुदायमा सांस्कृतिक विविधता छ यो समुदायको सम्पत्ति भएको हुनाले सबै मगर मौलिक साँस्कृतिहरू संरक्षण सम्वर्द्धन गर्न एक स्थानमा रहेको मौलिक साँस्कृतिलाई अर्को स्थानमा रहेको संस्कृतिको बारेमा एक आपसमा आदान प्रदान वा जानकारी गराउनका लागि हरेक वर्षमा देशको प्रमुख स्थानहरूमा एक एक पटक साँस्कृतिक महोत्सवको आयोजना गर्ने र साँस्कृतिक जागरणको रूपमा देशव्यापी सचेतनामूलक कार्यक्रमहरूको आयोजना गर्ने गराउने ।

**१४) मगर आदिवासीहरूको प्रथाजनित संस्थाको संरक्षण**

विश्वमा हरेक आदिवासी समुदायको आ आफ्नै मौलिक प्रथाजनित संस्थाहरू भए जस्तै मगरहरूको पनि भेजा, कचरी, मुख्या, कटवाल आदिहरू रहेका भएता पनि लोपोन्मोख अवस्थामा रहेको हुनाले यसको संरक्षण गर्ने गराउने ।

**१५) अधिकारका लागि दवावमूलक कार्यक्रम**

मगर जातिको जातीय पहिचानको रक्षार्थ सचेतना, जागरण, दवावमूलक आन्दोलन, लबिङलगायतका कार्यक्रमहरूको आयोजना गर्ने गराउने ।

**१६) मगर शिक्षा र सचेतना**

मगर समुदायमा अब कम्तिमा स्नातक (Bachelor Degree) सम्मको शिक्षा सबैले अनिवार्य आफ्ना छोराछोरीहरूलाई दिन सकियो भने मात्रै केही कार्य गर्न सक्दछन् होइन भने मगरहरू कुहिरोको काग झै तिरिमिराउने पंक्षी जस्तो अर्थात कुवाको भ्यागुता जस्तो कुनै उन्नति प्रगति गर्न नसक्ने हुन पुग्दछन् । यसका अलवा मगरहरूलाई सचेत र जागरूक तथा जुझारू समाजको रूपमा विकास गर्ने गराउने ।

**१७) दक्ष जनशक्तिको उत्पादन**

मगरहरूलाई लोकसेवा तथा शिक्षा सेवालगायतका सरकारी सेवा प्रवेश तयारी कक्षाहरू सञ्चालन गरि राज्यको महत्वपूर्ण निकायहरूमा पुऱ्याउने ।

**१८) मगर राष्ट्रिय गान**

मगर जातिको पहिचानमा केन्द्रित भएर मगर राष्ट्रिय गान निर्माण गर्ने ।

**१९) अन्तरसंवाद, सहकार्य र साझेदारी**

आदिवासी जनजाति संघ/सस्थाहरूसँग सहकार्य र साझेदारी गर्ने, मगरको नाममा क्रियाशिल सामाजिक, राजनैतिक संघ सस्थाहरूसँग सहकार्य गर्ने, देशभन्दा बाहिर क्रियाशिल आदिवासी मगर संघ सस्थाहरूसँग मैत्रीपूर्ण सम्बन्ध विस्तार गर्ने, नेपाल सरकारको विभिन्न निकायहरूसँग सहकार्य र सम्बन्धी विस्तार गर्ने, विभिन्न पेशा व्यवसायमा आवद्ध मगरको बीचमा अन्तरसंवादहरू आयोजना गरि सूचना आदान-प्रदान गर्ने गराउने ।

**२०) प्रवासी मगरलाई सहयोगका लागि सहजिकरण**

रोजगारीको शिलशिलमा प्रवासमा पेशा व्यवशाय वा नोकरी गरिरहेका मगरहरूलाई आई पर्ने समस्याहरूको समाधानका लागि सहजीकरण सहयोग गर्ने गराउने ।

**२१) भैपरी आउने कार्यक्रम**

नेपाल मगर संघ केन्द्रीय समितिमा आईपर्ने विभिन्न रचनात्मक, श्रृजनात्मक, खेलकुद, सौन्दर्य प्रतियोगिताहरू, राहत, उद्दार र सहयोगलगायतका विभिन्न कार्यक्रमहरूको आयोजना गर्ने गराउने । उपरोक्त कार्यक्रमहरूलाई सफलतापूर्वक कार्यन्वन गर्न सकिन्छ गर्ने हो यसका लागि सिंगो मगर समुदायको पूर्ण साथ सहयोग र सर्मथन आवश्यक छ र त्यसैले नेपाल मगर संघको सबै तहको पदाधिकारी सदस्यहरूले मस्तिष्क (दिमाग) मा समझदारी, काँधमा जिम्मेवारी, मन (दिल) मा ईमान्दारी र कार्यमा साझेदारी  भन्ने स्लोगानलाई हरेक मिनेट मिनेटमा वा पाईला पाईलामा मनन गर्दै मगर जातिको पहिचान, सम्मृद्धि र सशक्तिकरणको अभियानमा क्रियाशिल हौ । हरेक क्षण क्षणमा आफूलाई कमजोर होइन मजबुत र सशक्त बनाएर उभ्याउनुहोस् । हाम्रो जातीय पहिचानको रक्षा गरेरै छोड्छौं, यसमा हामी प्रतिबद्ध छौं । हामी अनुशासित मगर अभियानताले अरूलाई घोचेर होइन सोचेर बोल्ने अशल बानीको विकास गर्दछौं । हाम्रो पनि प्रगति हुनेछ अरू सबै सबैको पनि प्रगति हुनेछ ।

जय मगरात । जय मातृभूमि ॥

*अध्यक्ष, नेपाल मगर संघ केन्द्रीय समिति*



गौबहादुर आले मगर

# नेपालको कानूनमा मातृभाषाको व्यवस्था

**नेपालको वैधानिक कानून २००४**

नेपालकै इतिहासमा पहिलो पटक राणा प्रधानमन्त्री पद्म समशेरले ल्याउन चाहेको वैधानिक कानून वि.स. २००४ मा अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षाको व्यवस्था भन्ने बाहेक मातृभाषासम्बन्धमा अरू केही कही उल्लेख भएको पाइदैन । वि.स. २००४ सालभन्दा अगाडि नेपालमा लिखित संविधान, कानुन थिएन, धर्म शास्त्रको आधारमा शासन गर्दथे । कानूनको नाममा शासकले सनद सवाल जारी गरी, शिलापत्र, परम्परा, रितिथिति, प्रथा आदिको आधारमा सामाज देश चल्दथ्यो ।

**नेपालको अन्तरिम शासन विधान २००७**

यस विधानमा निर्वल वर्गका लागि शिक्षा भन्ने बाहेक केही उल्लेख गरिएन ।

**नेपाल अधिराज्यको संविधान २०१५**

२०१५ सालमा ल्याइएको संविधानमा मातृभाषा सम्बन्धमा कहि कतै केही उल्लेख गरिएको पाइदैन ।

**नेपालको संविधान २०१९**

राजा महेन्द्रबाट जारी भएको यस संविधानमा देवनागरी लिपिमा लेखिएको नेपाली भाषा नै नेपालको राष्ट्रभाषा हो भनिएको र अन्य भाषाबारे कुनै उल्लेख नगरेबाट नेपाली भाषाबाहेक अन्य मातृभाषाको अस्तित्वलाई नै अस्वीकार गरिएको भान हुन्छ ।

**नेपाल अधिराज्यको संविधान २०४७**

वि.सं २०४६ सालको जनआन्दोलनको बलमा ल्याइएको बहुदलीय व्यवस्थाको आडमा नेपाल अधिराज्यको संविधान २०४७ मा पहिलो पटक धारा ४ (१) मा नेपाल एक बहुजातीय, बहुभाषिक अधिराज्यको रूपमा स्वीकार गर्दै देवनागरी लिपिमा लेखिएको नेपाली भाषा सरकारी कामकाजको भाषा र राष्ट्रभाषा हो भन्ने उल्लेख गर्दै नेपालको विभिन्न भागमा मातृभाषाको रूपमा बोलिने सबै भाषाहरू राष्ट्रिय भाषा हुन साथै नेपालभर बसोबास गर्ने हरेक समुदायलाई आफ्नो भाषा, लिपि संरक्षण गर्ने र ती समुदायको बालबालिकालाई मातृभाषामा शिक्षा लिने गरी विद्यालय सञ्चालन गर्न पाउने संवैधानिक व्यवस्थाका साथै सबै भाषा र लिपिको विकास गर्ने राज्यले नीति अवलम्बन गर्ने छ भनी उल्लेख गरिएको छ ।

**नेपालको अन्तरिम संविधान २०६३**

नेपालको अन्तरिम संविधान २०६३ को धारा ३ मा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक भएको सबै नेपाली जनता समष्टिमा राष्ट्र हो भन्दै धारा ५ (१) मा नेपालमा बालिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् तर धारा ५ (२) मा देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुने छ भनी उल्लेख गरेको छ । यस्तै उपधारा (३) मा माथि उपधारा (२) मा जेसुकै लेखिए पनि स्थानीय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोग गर्न कुनै बाधा पुगेको मानिने छैन । यसरी प्रयोग भएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा रूपान्तर गरी राखिनेछ भन्ने व्यवस्था गरेको थियो ।

यस्तै गरी धारा १३ मा भाषाको आधारमा कसैलाई कुनै कुरामा विभेद गरिने छैन भनिएको छ । धारा १७ मा कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा सबै नागरिकले आधारभूत शिक्षा लिन पाउने हक हुनेछ । यसैगरी धारा १७ को उपधारा (३) मा नेपालमा बसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा लिपि संस्कृति सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक हुनेछ भनी उल्लेख गरिएको छ ।

**२०७२ सालको नेपालको संविधान**

२०७२ सालको नेपालको संविधानको प्रस्तावनामा नेपाल एउटा बहुभाषीक, बहुजातीय, बहुसांस्कृतिक, बहुधार्मिक भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी जातीय भाषिक विभेद हटाई समतामूलक समाज निर्माण गर्ने संकल्प उल्लेख गरिएको छ ।

नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् भन्ने व्यवस्था गर्दै भाषाको आधारमा विभेद गर्न नपाईने, नेपालमा बसोबास गर्ने सबै समुदायलाई आफ्नो मातृभाषामा माध्यमिकतहसम्म शिक्षा प्राप्त गर्ने, विद्यालय शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने तथा आफ्नो भाषा प्रयोग गर्ने भाषा लिपि संरक्षण सम्वर्द्धन गर्ने हक हुने छ भन्ने मौलिक हकका साथै राज्यले बहुभाषिक नीति अवलम्बन गर्ने र प्रदेशसभाले भाषा, लिपिको संरक्षण सम्वर्द्धन गर्ने विकास गर्ने आवश्यक कानूनसमेत बनाउन सक्ने संवैधानिक व्यवस्था गरेको छ ।

नेपालको संविधान २०७२ लागू भए पश्चात् संविधानको धारा २२६ ले स्थानीय व्यवस्थापिकाले कानून बनाउन सक्ने अधिकार प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारअन्तर्गत दफा २ खण्ड (ज) को बुँदा नं. (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन गर्न सक्ने गरी व्यवस्था गरेको छ भने बुँदा नं. (२१) मा सामुदायिक विद्यालयलाई

दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन गर्न सक्ने व्यवस्था रहेको छ । सोही दफाअन्तर्गत खण्ड (फ) मा भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास गर्ने दायित्व बारे उल्लेख गरेको छ ।

संविधानको सातौं संशोधनवाट धारा ३६ मा राष्ट्रपति, उपराष्ट्रपतिलगायत संवैधानिक निकायका पदाधिकारीहरूले चाहेमा आफ्नो मातृभाषामा सपथ ग्रहण गर्न सक्ने व्यवस्था गरिएको छ । यसै संविधानमा भाषा आयोगको व्यवस्था गरी मातृभाषाको संरक्षण, सम्वर्द्धन, अध्ययन, अनुसन्धान गरी आवश्यक निकायहरूमा सिफारिस गर्ने व्यवस्था रहेको छ ।

यसैगरी प्रतिनिधिसभा सदस्य निर्वाचन ०७४ को दफा ७५ को उपदफा ४ मा पनि कुनै सदस्यले आफ्नो मातृभाषामा सपथ लिएकोमा सरकारी कामकाजको नेपाली भाषा र अन्य नेपाली मातृभाषाको सपथको प्रतिहरू हस्ताक्षर गरी प्रतिनिधिसभाको अध्यक्षता गर्ने अध्यक्ष वा सभामुख समक्ष पेश गर्नुपर्ने व्यवस्था गरिएको छ र सो को अभिलेख संघीय संसद सचिवालयले अभिलेखित गरि राख्ने छ ।

यसैगरी प्रदेशसभा सदस्यको निर्वाचनमा ०७४ को दफा ७५ को उपदफा २ मा कुनै सदस्यले आफ्नो मातृभाषामा सपथ लिन चाहेमा त्यस्ता सदस्यले दफा ७५ को उपदफा १ बमोजिम सपथको व्यवहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रति प्रदेश सभा वा त्यसको कुनै समितिको पहिलो बैठकमा भाग लिनुभन्दा ३ दिन अगावै प्रदेशसभा सचिवालयलाई उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ ।

यसैगरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले गाउँ विकास र नगरपालिका, जिल्ला विकासले आफ्नो क्षेत्रभित्र मातृभाषामा प्राथमिक तहको शिक्षा उपलव्ध गराउन सहयोग गर्नु पर्ने, भाषा संस्कृतिको संरक्षण र विकास गर्दै प्रयोग गर्ने गराउने काम कर्तव्य र अधिकार गाविस/नगरपालिकालाई तोकेको थियो । आदिवासी जनजातिका मातृभाषा लिपिमा पढाउने र कम्तीमा प्राथमिक तहसम्म, शैक्षिक संस्था स्थापना गर्ने, आदिवासी जनजातिको मातृभाषामा सूचना समाचार प्रशारण गर्ने व्यवस्था मिलाउने जस्ता व्यवस्थाहरू राखिएका थिए ।

यसैगरी आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा आदिवासी जनजातिका मातृभाषा, साहित्य तथा लिपिको संरक्षण गर्ने, सम्वर्द्धन गर्ने उद्देश्य पूर्तिका लागि दफा ५ र ६ मा व्यवस्था गरिएको छ । जसअनुसार मातृभाषाको अध्ययन, विकास, शव्दकोष तयार गर्ने, भाषा संस्कृति, इतिहास परम्परालाई परिचय गराउन अभिलेखालय तथा संग्रहालय स्थापना गर्ने, माध्यमिक तहसम्म मातृभाषामा पढाउने गरी विद्यालय स्थापना गर्ने, मातृभाषामा सूचना, समाचार एवम् विविध कार्यक्रम प्रसार गर्न व्यवस्था मिलाउने जस्ता कानूनी व्यवस्था गरिएको छ । यसैगरी शिक्षा ऐन २०२८ को पाँचौ संशोधन ०५९ मा गरी उक्त ऐन र शिक्षा तथा खेलकुदसम्बन्धी केही नेपाल ऐन संसोधन गर्ने ऐन २०६३ वाट संशोधन गरी शिक्षा ऐन २०२८ को दफा ७ (२) क मा प्राथमिकतहमा मातृभाषा शिक्षा दिन सकिनेछ भन्ने व्यवस्था गरिएको छ ।

यसैगरी भाषा आयोग ऐन, २०७४ को दफा ३ (क) मा नेपालमा बोलिने मातृभाषाको पहिचान गर्ने , (ख) मा नेपालमा बोलिने मातृभाषाको संरक्षण सम्बर्द्धन र विकासको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीयतहको सरकारले अपनाउनु पर्ने नीतिगत वा संस्थागत उपायहरूको बारेमा नेपाल सरकारलाई सिफारिस गर्ने, (ग) नेपालमा बोलिने मातृभाषा तथा लिपिको संरक्षण, सम्बर्द्धन र विकासको लागि आवश्यक कार्यक्रम तर्जुमा

गरी कार्यान्वयन गर्ने तथा गराउन सम्बन्धित निकायलाई सिफारिस गर्ने, (घ) मा नेपालमा बोलिने मातृभाषा र तिनको इतिहासको अध्ययन, अनुसन्धान गरी प्रकाशन गर्ने, (ङ) मा विभिन्न समुदायको मातृभाषा तथा लिपि संरक्षण, सम्बर्द्धन र विकास गर्न त्यस्तो भाषाको पुस्तक प्रकाशन गर्ने तथा त्यस्तो पुस्तक प्रकाशन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने, (च) नेपालमा बोलिने मातृभाषाको प्रयोगलाई प्रविधिमैत्री बनाउन अध्ययन अनुसन्धान गरी उपयुक्त उपाय अवलम्बन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने, (छ) राष्ट्रभाषाका भाषाविज्ञको सूची तयार गर्ने, आयोगको काम, कर्तव्य र अधिकार तोकी मातृभाषाको संरक्षण सम्बर्द्धन गर्नको लागि कानूनी व्यवस्था गरेको छ ।

यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७४ मा नेपाली भाषा नबुझ्ने वा बोल्न नसक्ने कुनै अभियुक्त वा साक्षीको बयान वा बकपत्र गर्नु परेमा वा अन्य कुनै प्रयोजनको लागि आवश्यक भएमा अनुसन्धान अधिकारी, अभियोजनकर्ता वा अदालतले सम्बन्धित भाषा वा सांकेतिक भाषाको अनुवादकको सहयोग लिन सक्ने व्यवस्था गरेको छ ।

यसैगरी सपथसम्बन्धी ऐन २०७९ को दफा ५ को उपदफा १ मा सपथ लिँदा वा सपथ गराउँदा सरकारी कामकाजको नेपाली भाषामा लिनु वा गराउनु पर्नेछ तर ऐं ऐनको दफा ५(२) को उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि जुनसुकै पद धारणा गर्ने व्यक्तिले नेपालमा बोलिने आफ्नो मातृभाषामा उक्त ऐनको अनुसूची १ को सपथको व्यवहोरामा उल्लेख भए बमोजिमको नेपाली भाषालाई आफ्नो मातृभाषामा अनुवाद गरी त्यस्तो अनुवाद आफैले प्रमाणित गरी १ प्रति सपथ गराउने अधिकारी समक्ष बुझाई सपथ गराउने अधिकारीबाट सपथ लिन सक्ने छ ।

**अन्तरराष्ट्रिय अभिसन्धीहरूमा मातृभाषा सम्बन्धमा भएका व्यवस्थाहरू**

संयुक्त राष्ट्र संघ, मानव अधिकार आयोगले आफ्नो वा सार्वजनिक सरोकारको विषयमा आफ्नो भाषामा सूचना लिन पाउने, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, जाति धर्म, लिंग, भाषाको आधारमा भेदभाव गर्न नपाइने, कुनै अदालतमा आफूले प्रयोग गरिने भाषा बुझ्न र बोल्न नसकेमा निःशुल्क दोभाषे सेवा पाउने, ILO-169 ले व्यवहारिक भएसम्म आदिवासी समुदायका बालबालिकालाई उनीहरूकै भाषा वा धेरै बोलिने भाषामा पढन लेख्न सिकाइने छ भन्ने उल्लेख गरिएको छ ।

UNO मानव अधिकार परिषद्को आदिवासी जनजातिसम्बन्धी घोषणापत्र २०६३ को धारा १३ मा आफ्नो भाषा प्रयोग गर्ने, पुस्तान्तरण गर्ने कुनै स्थानको नाम आफ्नै भाषामा राख्ने, आदिवासी जनजातिले आफ्नो भाषामा आफूमाथि भएको राजनैतिक, प्रशासनिक कानूनी कारबाही बुझ्न सक्ने गरी अनुवाद गरी उपयुक्त भाषामा राज्यले प्रभावकारी उपायहरू अबलम्बन गर्नेछन् । समुदाय व्यक्तिले आफ्नो भाषामा शिक्षा उपलब्ध गराउने शैक्षिक संस्था स्थापना गर्ने, आफनै शिक्षा प्रणाली अपनाई आदिवासी जनजातिकै नियन्त्रणमा रहने अधिकार, आफ्नो समुदायभन्दा बाहिर जीवन यापन गरिरहेका बालबालिकाहरूलाई सम्भव भएसम्म आफ्नै (उनीहरूकै) समुदायको संस्कृतिमा आफ्नै भाषामा प्रदान गरी शिक्षामा पहुँच उपलब्ध गराउन राज्यले आदिवासी जनजातिसँग सहकार्य गर्न प्रभावकारी उपाय अवलम्बन गर्ने, आदिवासी जनजातिले आफ्नै भाषामा सञ्चार माध्यम स्थापना गर्ने भेदभाव बिना गैर आदिवासी सञ्चारमा पहुँच प्राप्त गर्ने अधिकारको व्यवस्था गरेको छ ।

यी अन्तरराष्ट्रिय दस्तावेज सन्धीहरूमा हस्ताक्षरकर्ता सदस्यको हैसियतले नेपाल पनि पक्ष राष्ट्र भएको र सन्धी ऐन, २०४७ ले यी सन्धीहरू नेपाल कानून सरह लागू हुने छन् भन्ने व्यवस्था रहेकोले उक्त अभिसन्धीका व्यवस्थाहरूलाई नेपालले इन्कार गर्न सक्दैन ।

यसरी हेर्दा आदिवासी तथा जनजातिहरूले बोल्ने आफनो मातृभाषा, लिपि, पठनपाठनका सन्दर्भमा नेपालका कानूनहरू जनदवावमा बनाउँदै लगिएको देखिन्छ यद्यपि पछिल्ला समयमा राखिएका कानूनहरू अपर्याप्त मात्रै होइन कार्यान्वयन तहमा अनेकौं जटिलता रहेको अभियन्ताहरूले महसुस गरेका छन् । आफ्नो पहिचानका लागि लडिरहेका आदिवासी जनजातिहरूको मातृभाषा, लिपि, संरक्षण र सम्वर्द्धन एउटा अत्यन्तै अहम मुद्दा हो । सरोकारवालाहरूले अझै धेरै चुनौतिहरूको सामना गर्दै थप क्रियाशीलताका साथसाथै सक्रिय जनदबाव बढाउनु पर्ने खाँचो देखिन्छ । राज्यले अझै पनि आदिवासी तथा जनजातिहरूको भाषा, संस्कृति, धर्म संरक्षणको सम्बन्धमा उदासिनता देखाइरहेको पाईन्छ । यस्तो धारणालाई परापूर्वकाल देखिको एकल जातीय आधिपत्यलाई बढावा दिइरहने चालबाजीका रूपमा बुझ्न सकिन्छ ।

*(लेखक नेपाल मगर संघ केन्द्रिय समितिको संरक्षक सदस्य एंव वरिष्ठ अधिवक्ता हुनुहुन्छ ।)*

**सन् २०२१ प्रकाशित**
**लेख/रचना**



प्रा.डा. केशर जंग बराल मगर

# नेपालमा मगरभाषीहरूको अवस्था

### १. पृष्ठभूमि

नेपालका आदिवासी जनजातिहरू मध्ये मगर एक हो । मगरहरू नेपालको ७७ जिल्लामै बसोवास गर्दैआएका छन् । यिनीहरू नेपालमा मात्र सीमित छैनन् । सिक्किम र भुटानमा पनि मगरहरू छन् । विश्व युद्धपछि बर्मा, मलेशिया, सिङ्गापुर आदि देशहरूमा पनि मगरहरू बसोवास गर्दै आएका भेटिन्छन् । यसको साथसाथै १९८०को दशकमा शुरू भएको आर्थिक उदारीकरण र भूमण्डलीकरणको फलस्वरूप संसारका विभिन्न देशमा यिनीहरू कामको सिलसिलामा पुगेका छन् र धेरै देशहरूमा नागरिक भएर बसेका छन् ।

यो लेखमा जनगणना २०५८ र जनगणना २०६८ अनुसार उपलब्ध भएको आँकडाको आधारमा नेपालमा मगरभाषीहरूको अवस्थाको बिश्लेषण गर्ने प्रयास गरिएको छ । नेपाल मगर संघले मगरहरू बोल्ने सबै खाले भाषालाई मगर भाषा भन्ने गरे तापनि जनगगणना २०६८ ले खाम भाषाको पनि तथ्याङ्क लिएको देखिन्छ । जनगणना २०६८ले २८ जिल्लाहरूको तथ्याङ्कमा खामभाषीहरूको तथ्याङ्क पनि दिएको छ । यस लेखमा मगरभाषीहरूको संख्या खामभाषीहरूको संख्यालाई जोडेर निकालिएको छ । त्यसैले जनगणना २०६८ अनुसारको काठमाडौं, चितवन, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, बागलुङ, पाल्पा, नवलपरासी, रूपन्देही, कपिलवस्तु, अर्घाखाँची, रोल्पा, रूकुम, दाङ, बाँके, सुर्खेत, दैलेख, जाजरकोट, डोल्पा, कालिकोट, अछाम, डोटी, कैलाली र डडेलधुराका मगरभाषीहरूको संख्या जनगणनाको प्रतिवेदनले देखाएको भन्दा बढी छ ।

आवश्यक परेको आँकडा र सूचना नेपाल सरकारको तथ्याङ्क विभागको प्रकाशन र अधिकारिक वेभपेजबाट लिइएको छ । काईके भाषासम्बन्धी सूचना डोल्पाको काईके

**तालिका १: प्रदेशअनुसार मगर र मगरभाषीको जनसंख्या**

| प्रदेश | जनसंख्या | मगरभाषी | मगरभाषी (प्रतिशत) |
|---|---|---|---|
| एक | १८९,२४८(१०.०३) | १४६,२५२(१८.५५) | ७७.२८ |
| दुई | ६४,८७८(३.४४) | ४२,९३१(५.४४) | ६६.१७ |
| बागमती | २७०,६३९(१४.३४) | १००,७९६(१२.७८) | ३७.२४ |
| गण्डकी | ४५४,९५८(२४.१०) | २३७,५८२(३०.१३) | ५२.२२ |
| लुम्बिनी | ६८०,४९९(३६.०५) | २०५,०८०(२६.०१) | ३०.१४ |
| कर्णाली | १७०,८४४(९.०५) | ३२,६४३(४.१४) | १९.११ |
| सुदूरपश्चिम | ५६,६६७(३.००) | २३,२४६(२.९५) | ४१.०२ |
| कूल | १,८८७,७३३ | ७,८८,५३० | ४१.७७ |

स्रोतः नेपाल सरकार, वार्षिक तथ्याङ्क किताब, २०७६

गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासक, नेपाल मगर संघ, केन्द्रीय समितिका भाषिक उपाध्यक्ष (काईके भाषा) र काईके गाउँपालिकाबाट काठमाडौंमा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूबाट टेलिफोन वार्ता र अनलाइन छलफलको आधारमा संकलन गरिएको छ । पश्चिम रूकुम र पूर्वी रूकुम, र नवलपरासी बर्दाघाट सुस्ता पूर्व र नवलपरासी बर्दाघाट सुस्ता पश्चिम जिल्लाका तथ्याङ्क अलग अलग नभएकोले मगरभाषीहरूको अवस्थाको विश्लेषण ७५ जिल्लाकै आधारमा गरिएको छ । तर प्रदेशअनुसारको तथ्याङ्क उपलब्ध भएकोले प्रदेशअनुसार मगरभाषीहरूको अवस्थाको विश्लेषण गरिएको छ ।

यो लेख मगरभाषीहरूको अवस्था जान्न चाहनेहरूलाई आवश्यक सूचना दिने उद्देश्यले तयार गरिएकोछ । यो लेखमा मगरभाषाको क्षेत्र र मगरभाषीहरूको वर्तमान अवस्थाको वारेमा आँकडासहित विश्वलेषण गरिएको छ । मगरभाषीहरूको अवस्था प्रदेश, भौगोलिक र ग्रामीण र शहरी क्षेत्रमा मगर जनसंख्या र भाषीहरूको वितरणको विश्लेषणको आधारमा गरिएको छ । यो विश्लेषणले सातै प्रदेश, तिनै भौगोलिक क्षेत्र, शहरी र ग्रामीण क्षेत्रमा मगरभाषीहरूको अवस्थालाई देखाएको छ ।

## २. मगर भाषाको क्षेत्र

मगर भाषा भोट–बर्मेली भाषा परिवारमा पर्दछ । मगर भाषालाई ढूट, खाम/पाङ र काईके भाषा भनेर वर्गीकरण गरेको पाइन्छ । त्यस्तै गरी मगर भाषालाई बाह्र मगराँती भाषा र अठार मगराँती भाषा भनेर वर्गीकरण गरेको पनि पाइन्छ (बराल, २०५०) । पछिल्लो समयमा आएर अठार मगराँत क्षेत्रमा बोलिने भाषालाई खाम, डोल्पाका मगरहरू बोलिने भाषालाई काईके र बाह्र मगराँत क्षेत्रमा बोलिने भाषालाई ढुट भाषा भन्ने गरियो । खाम अरूले राखिदिएको नाम हो । पाङ र ढुट भनेर मगरहरूले नै राखेको नाम हो । पूर्वी नेपालका मगहरूले भाषालाई ढुट भन्ने गर्दछन् तर बाह्र मगराँतका मगरहरूले भाषालाई कुरा नै भन्ने गर्दछन् । त्यसैले पूर्वी नेपालका मगरहरूले मगर ढुट (मगर भाषा) र बाह्र मगराँतका मगरहरूले मगर कुरा नै भन्ने गर्दछन् । अठार मगराँतका मगरहरूले बोल्ने भाषालाई खाम भन्ने गरिन्थ्यो र आज पनि भाषा साहित्यमा यसलाई खाम भन्ने गरिन्छ । चीनको स्वसाशित तिब्बतको खाम प्रदेशबाट खामभाषी मगरहरू आएकोले उनीहरूलाई खाम भनिन्थ्यो र उनीहरू बोल्ने भाषालाई खाम भनिएको तर्क पाइन्छ । तर तिब्बतको खाम प्रदेश पूर्वी

दक्षिण प्रदेश भएकोले त्यहाँबाट खामभाषी मगरहरू आए र यी मगरहरू बोल्ने भाषालाई खाम भन्नु कुनै तुकको कुरा देखिदैन । त्यसैले खाम नभनिकन मगर भाषा नै भन्नु पर्दछ । खाम र काईके भाषा दुवै मगर भाषा भएकोले मगर भाषालाई ३ वर्गमा वर्गीकरण गरिरहनु आवश्यक देखिदैन । यी भाषाहरू भोटबर्मेली भाषा परिवारभित्र पर्दछन् ।

सानासाना मगर राज्यहरूको एकीकरणपछि पश्चिम (अठार मगराँत) र पूर्व (बाह्र मगराँत) का मगरहरूको बीचमा सञ्चारलाई अबरोध गर्नको लागि म्याग्दी, पूर्वी बागलुङ, पर्वत, गुल्मी, पश्चिम पाल्पा र अर्घाखाँचीमा मगरहरूलाई आफ्नो भाषा बोल्नलाई बन्देज लगाइयो । यसले गर्दा पूर्वका र पश्चिमका मगरहरूको बीचमा सञ्चार हुन सकेन । त्यसैले बीचमा सञ्चार अबरोध भएकोले अठार मगराँत विशेष गरेर रोल्पा, रूकुम, प्यूठान र पश्चिम बागलुङमा मगर भाषा समय वित्दै जादा बाह्र मगराँतका मगरहरू बोल्ने भाषाभन्दा बेग्लै रूपमा विकास हुँदै गयो । त्यस्तै गरी भौगोलिक दृष्टिकोणले विकट डोल्पाका मगरहरू बोल्ने भाषा, जसलाई काईके (परिको भाषा)भन्ने गरिन्छ, को विकास पनि आफ्नै तरिकाले हुँदै गयो । भाषा गतिशिल हुन्छ र एउटै भाषा पनि एउटा स्थानमा बोलिने र अर्को स्थानमा बोलिनेमा फरक हुन सकछ । जस्तो पूर्वी पाल्पा र मध्ये पाल्पाका मगरहरू बोलिने भाषामा फरक देखिन्छ । भाषीहरूको बीचमा सञ्चार हुनसकेन भने कालान्तरमा एकापसमा बुझ्न नै नसक्ने अवस्थामा पुग्छ । राजनैतिक अबरोधले एकआपसमा सञ्चार नहुनु, भौगोलिक विकट र भाषाको गतिशिलताले गर्दा नै अठार मगराँतका मगरभाषा, डोल्पाका मगरभाषा र बाह्रमगराँतका मगरभाषाको विकास एकापसमा सञ्चार नै हुन नसक्ने गरी भयो ।

मुस्ताङ, म्याग्दी, पूर्वी बागलुङ, पर्वत हुँदै गुल्मी, पश्चिम पाल्पा, अर्घाखाँची र कपिलवस्तुसम्म उत्तर दक्षिण भूभागमा मगरभाषीहरू पाइदैनन् तर त्यहाँका नदीनाला, ठाँउगाँउका नाम मगर भाषामा राखिएको पाइन्छ । म्याग्दी, बागलुङ, पर्वत, गुल्मी, पाल्पा र अर्घाखाँचीमा मगरहरूको बस्ती बाक्लै छ । जनगणना २०६८ अनुसार मगर जनसंख्याको हिसाबले म्याग्दी, बागलुङ र पाल्पा पहिलो स्थानमा र पर्वत, गुल्मी र अर्घाखाँची तेस्रो स्थानमा छ (नेपाल सरकार, २०७१) । यी जिल्लाहरूका स्थान, नदीनालाहरूको नाम मगर भाषामा पाइन्छ । यसको साथसाथै यी जिल्लाहरूका मगरहरू बोल्ने नेपाली भाषामा मगरभाषाको ठूलो प्रभाव देखिन्छ । यी तथ्यहरूले त्यहाँका मगरहरू मगर भाषा बोल्थे भन्ने कुरा सावित गर्दछ । मगरहरूका सानासाना राज्यहरूको एकीकरणपछि पूर्वी र पश्चिमका मगरहरू बीचमा आफ्नो भाषा बोल्न राज्यले रोक लगाए पछि पूर्व र पश्चिमका मगरहरूको बीचमा आफ्नो भाषामा सञ्चार हुन पाएन । फलस्वरूप कालान्तरमा पश्चिमको र पूर्वको भाषा आफ्नै तरिकाले विकास हुँदै गयो र सयौ वर्षपछि पूर्वका र पश्चिमका (म्याग्दी, पूर्वी बागलुङ, पर्वत, गुल्मी, पश्चिम पाल्पा र अर्घाखाँची पूर्व र पश्चिम) मगरहरूको भाषा बेग्लै जस्तो देखियो । तसर्थ पूर्वका मगरले पश्चिमका मगर बोलेको र पश्चिमका मगरले पूर्वका मगर बोलेको बुझ्न नसक्ने अवस्था आयो । यसरी एउटै भाषा सयौ वर्षपछि वेग्लै भाषाको रूपमा विकास भयो तर दुवै भाषा एउटै मगर भाषा हो ।

काईके भाषा र अरू भाषाको बीचको अन्तर भौगोलिक विकटको कारणले भएको भन्ने आधार मान्न सकिन्छ । काईके र अरू मगर भाषाको बीचमा राज्यसत्ता बीचमा नआएको हुनुपर्दछ । विकट पहाडी भूभाग र हिमाल नै डोल्पाका मगरहरू र बागलुङ र म्याग्दीका मगर हरूको बीचमा सञ्चारको अबरोध पर्याप्त थियो । त्यसैले त्यहाँका मगरहरूको भाषा सयौं वर्षपछि आफ्नै तरिकाले विकास हुँदै गयो । काईके भाषा डोल्पा जिल्लाको काईके गाउँपालिकाका ताराली मगरहरू बोल्ने गर्दछन् । यस भाषाको विकास सन्दर्भमा किम्वदन्ती पनि छ । बोल्न

## तालिका २: मगर जनसंख्या र मगरभाषीहरुको शहरी र ग्रामिण क्षेत्रका वितरण

| क्षेत्र | मगर जनसंख्या | | मगरभाषी | | मगरभाषी |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | प्रतिशत |
| शहरी | २,३२,८९२ | १२.३४ | ८०,९१७ | १०.२६ | ३४.७४ |
| ग्रामिण | १६,५४,८४१ | ८७.६६ | ७,०७,६१३ | ८९.७४ | ४२.७६ |
| कूल जम्मा | १८,८७,७३३ | १००.०० | ७,८८,५३० | १००.०० | ४१.७७ |

स्रोतः नेपाल सरकार (२०७१) राष्ट्रिय जनगणना तथा घरधुरी गणना, २०११ ।

## तालिका ३: मगर जनसंख्या र भाषीहरुको भौगोलिक वितरण

| भौगोलिक क्षेत्र | जनसंख्या | भाषी | भाषी प्रतिशत |
|---|---|---|---|
| पूर्व क्षेत्र | | | |
| हिमाल | ११,७७१ (०.६२) | ६,१६० (०.७८) | ५२.३३ |
| पहाड | १,१९,२६७ (६.३२) | १,०१,७८६ (१२.९१) | ८५.३४ |
| तराइ | ६८,८५८ (३.६५) | ४५,०३९ (५.७१) | ६५.४१ |
| **जम्मा** | १,९९,८९६ (१०.५९) | १,५२,९८५ (१९.४०) | ७६.५३ |
| मध्ये क्षेत्र | | | |
| हिमाल | ८,५५९ (०.४५) | १,१०८ (०.१४) | १२.९५ |
| पहाड | २,३४,०९५ (१२.४०) | ९०,३६७ (११.४६) | ३८.६० |
| तराइ | ८२,२१५ (४.३६) | ४५,५१९ (५.७७) | ५५.३७ |
| **जम्मा** | ३,२४,८६९ (१७.२१) | १,३६,९८४ (१७.३७) | ४२.१७ |
| पश्चिम क्षेत्र | | | |
| हिमाल | १,३२६ (०.०७) | ४२३ (०.०५) | ३१.९० |
| पहाड | ५,९३,३२१ (३१.४३) | २,५६,०२७ (३२.४७) | ४३.१५ |
| तराइ | २,२६,८८३ (१२.०२) | १,३४,०८१ (१७.००) | ५९.१० |
| **जम्मा** | ८,२१,५३० (४३.५२) | ३,९०,५३१ (४९.५३) | ४७.५४ |
| मध्यपश्चिम क्षेत्र | | | |
| हिमाल | ५,५९३ (०.३०) | २,४१४ (०.३१) | ४३.१६ |
| पहाड | ३,६३,५२१ (१९.२६) | ६९,४१२ (८.८०) | १९.०९ |
| तराइ | १,१५,६५७ (६.१३) | १२,९४८ (१.६४) | ११.२० |
| **जम्मा** | ४,८४,७७१ (२५.६८) | ८४,७७४ (१०.७५) | १७.४९ |
| सुदूरपश्चिम क्षेत्र | | | |
| हिमाल | ५३४ (०.०३) | १६४ (०.०२) | ३०.७१ |
| पहाड | १४,३२१ (०.७६) | ४,७१४ (०.६०) | ३२.९२ |
| तराइ | ४१,८१२ (२.२१) | १८,३६८ (२.३३) | ४३.९३ |
| **जम्मा** | ५६,६६७ (३.००) | २३,२४६ (२.९५) | ४१.०२ |
| **कूल जम्मा** | १८,८७,७३३ (१००) | ७,८८,५३० (१००) | ४१.७७ |
| हिमाल | २७,७८३ (१.४७) | १०,२६९ (१.३०) | ३६.९६ |
| पहाड | १३,२४,५२५ (७०.१६) | ५,२२,३०६ (६६.२४) | ३९.४३ |
| तराइ | ५,३५,४२५ (२८.३६) | २,५५,९५५ (३२.४६) | ४७.८० |

स्रोतः नेपाल सरकार (२०१४) राष्ट्रिय जनगणना तथा घरधुरी गणना, २०११

## अनुसूची १ : प्रदेशअनुसार मगर जनसंख्या र मगर भाषीहरुको वितरण

| प्रदेश र जिल्ला | जनसंख्या | मगरभाषी | प्रतिशत |
|---|---|---|---|
| **प्रदेश एक** | | | |
| १. तापलेजुङ | १,२७२ | ९१० | ७१.५४ |
| २. पांचथर | ६,३६८ | ५,६४४ | ८८.६३ |
| ३. इलाम | १५,०७६ | १३,३१२ | ८८.३० |
| ४. झापा | १७,७८४ | १०,२०३ | ५७.३७ |
| ५.मोरङ | २५,१२६ | १८,३४६ | ७३.०२ |
| ६.सुनसरी | १५,३०० | ९,७५७ | ६३.७७ |
| ७. धनकुट्टा | १५,८८७ | १५,१८७ | ९५.५९ |
| ८. तेह्रथुम | २,४५१ | २,२०१ | ८९.८० |
| ९. संखुवासभा | ५,२९८ | ३,६२९ | ६८.५० |
| १०. भोजपुर | ८,५८३ | ६,२८८ | ७३.२६ |
| ११. सोलुखुम्बू | ५,२०१ | १,६२१ | ३१.१७ |
| १२. ओखलढुङ्गा | १६,५८८ | १३,१८९ | ७९.५१ |
| १३. खोटाङ | १०,३१७ | ९,०९० | ८८.११ |
| १४. उदयपुर | ४३,९९७ | ३६,८७५ | ८३.८१ |
| **प्रदेश दुई** | | | |
| १. सप्तरी | ३,६७० | १,५२४ | ४१.५३ |
| २. सिराहा | ६,९७८ | ५,२०९ | ७४.६५ |
| ३. धनुषा | ८,६९१ | ७,०९७ | ८१.६६ |
| ४. महोत्तरी | १४,४०८ | १२,१९९ | ८४.६७ |
| ५. सर्लाही | १५,२९६ | १०,७२७ | ७०.१३ |
| ६. रौतहत | ५,०४६ | २,५०१ | ४९.५६ |
| ७. बारा | ६,७५८ | ३,०९३ | ४५.७७ |
| ८. पर्सा | ३,९८१ | ५८१ | १४.५९ |
| **बागमती प्रदेश** | | | |
| १. सिन्धुली | ४४,१४६ | ३२,१०० | ७२.७१ |
| २. रामेछाप | २२,५४४ | १०,४१४ | ४६.१९ |
| ३. दोलखा | ३,०७६ | ६०६ | १९.७० |
| ४. सिन्धुप्लान्चोक | ४,९१२ | ३६७ | ७.४७ |
| ५.काभ्रेप्लान्चोक | १४,५७२ | ५,३७७ | ३६.९० |
| ६. ललितपुर | २१,९३४ | ६,८३३ | ३१.१५ |
| ७. भक्तपुर | ६,८३९ | १,५०२ | २१.९६ |
| ८. काठमाण्डौं | ७०,०८३ | २१,७३४ | ३१.०१ |
| ९. नुवाकोट | ६,३८८ | ५२४ | ८.२० |
| १०. रसुवा | ५७१ | १३५ | २३.६४ |
| ११. धादिङ | २८,६४४ | ५,४६१ | १९.०७ |
| १२. मकवानपुर | १८,९४५ | ५,६७० | २९.९३ |
| १३. चितवन | २७,९८५ | ९,६०६ | ३४.३३ |
| **गण्डकी प्रदेश** | | | |
| १. गोरखा | ३१,३९० | १२,६५६ | ४०.३२ |
| २. लमजुङ | ३,७५७ | १,४३५ | ३८.२० |
| ३. तनहुङ | ८७,०७८ | ६७,४१० | ७७.४१ |
| ४. स्याङजा | ६२,०७४ | ४३,६५४ | ७०.३३ |

| प्रदेश र जिल्ला | जनसंख्या | मगरभाषी | प्रतिशत |
|---|---|---|---|
| ५. कास्की | ४२,५४७ | ११,७९२ | २७.७२ |
| ६. मनाङ | २०३ | १३० | ६४.०४ |
| ७. मुस्ताङ | १,१२३ | ३३३ | २९.६५ |
| ८. म्याग्दी | ४४,८४६ | ३,६६३ | ८.१७ |
| ९. पर्वत | १६,०६८ | ६,०२८ | ३७.५२ |
| १०. बागलुङ | ७५,३१० | १५,९३५ | २१.२० |
| ११.नवलपरासी | (बर्दाघाट सुस्तापूर्व) | | |
| **लुम्बिनी प्रदेश** | | | |
| १. गुल्मी | ५८,०७९ | ५,४७४ | ९.४३ |
| २.पाल्पा | १३६,५८८ | ८८,९९० | ६५.१५ |
| ३. नवलपरासी | ११२,२३१ | ८७,७४८ | ७८.१९ |
| ४. रूपन्देही | ९४,२६७ | ३६,९८६ | ३९.२४ |
| ५. कपिलबस्तु | २०,२८५ | ९,९७४ | ४९.१७ |
| ६. अर्घाखांची | ३५,५८४ | २,८२७ | ७.९४ |
| ७. प्यूठान | ७४,३१२ | ५,१९७ | ६.९९ |
| ८. रोल्पा | ९७,०११ | २९,७७७ | ३०.६९ |
| ९. रूकुम (पूर्व) | ४९,७४३ | १६,६१५ | ३३.४० |
| १०. दाङ् | ७५,१३१ | १०,३७२ | १३.८१ |
| ११. बांके | २७,९८१ | ४,७२५ | १६.८९ |
| १२. वर्दिया | १२,५४५ | ३,००३ | २३.९४ |
| **कर्णाली** | | | |
| १. सल्यान | ३६,५३६ | ७८१ | २.१४ |
| २. सुर्खेत | ६६,२१९ | २४५०९ | ३७.०१ |
| ३. दैलेख | २४,२१३ | ४,२२२ | १७.४४ |
| ४. जाजरकोट | १५,४८७ | १,२७६ | ८.२४ |
| ५. डोल्पा | ४,५८६ | २,८९० | ६३.०२ |
| ६. जुम्ला | २०५ | ३३ | १६.१० |
| ७. कालिकोट | ५३० | ४५६ | ८६.०४ |
| ८. मुगु | ५४ | १६ | २९.६३ |
| ९. हुम्ला | २१८ | ५४ | २४.७७ |
| १०. रूकुम पश्चिम | रूकुम पूर्वमा समबेश भएको | | |
| **सुदूरपश्चिम प्रदेश** | | | |
| १. बाजुरा | १३४ | २० | १४.९३ |
| २. बझाङ | २१० | १८ | ८.५७ |
| ३. आछाम | १,६२१ | ९७६ | ६०.२१ |
| ४. डोटी | ७,२११ | २,९७७ | ४१.२८ |
| ५. कैलाली | २९,०६३ | १२,४०७ | ४२.६९ |
| ६. कञ्चनपुर | १२,७४९ | ७,४३० | ५८.२८ |
| ७. डडेधुरा | ५,१८१ | १,८५४ | ३५.७८ |
| ८. बैतडी | ३०८ | ६८ | २२.०८ |
| ९. दार्चुचुला | १९० | १२६ | ६६.३२ |

*स्रोतः नेपाल सरकार (२०७१) राष्ट्रिय जनगणना तथा घरधुरी गणना, २०११, भाग २, खण्ड ५ ।*

नसक्ने बालकलाई स्वर्गबाट परी आएर सिकाएको र त्यो बालकले नै यो भाषा बोल्न शुरू गरेको हो भन्ने गरिन्छ । त्यसैले यो भाषालाई लाईके भाषा पनि भनिन्छ । काईके भाषामा लाई भनेको भगवान (परी) र के भनेको भाषा हो । त्यसैले यो भाषालाई परीको भाषा पनि भनिन्छ । काईके भाषा डोल्पाको काईके गाउँपालिकाका शहतारा, ताराकोट र टुप्पाताराका मगरहरू बोल्ने गर्दछन् । यी ३ गाउँहरूमा बाहेक अन्य कुनै भागमा यो भाषा बोलिदैन (राना, २०७८) । जनगणना २०६८ अनुसार डोल्पामा मगरभाषीहरूको संख्या १,९०१ छ (नेपाल सरकार, २०७१) ।

काईके गाउँपालिकाका मगरहरू काईके भाषाबाहेक पोइके भाषा बोल्ने गर्दछन् । पोइके भाषा शहतारा, ताराकोट र टुप्पाताराका मगरहरू बाहेक काईके गाउँपालिकाका अन्य गाँउका मगरहरू बोल्ने गर्दछन् (रोकाय, २०७८) । पोईकेभाषीको संख्या जनगणनामा देखिदैन तर खामभाषीको संख्या देखिन्छ । पोईके र काईकेभाषीहरूले नै खाम भाषा भनेर उल्लेख गरेको देखिन्छ । काईके गाउँपालिकामा १,३०० जति काईके भाषी र २,७०० जति पोईके भाषी रहेको छ । काईके र पोईके भाषीहरूले एकापसमा सञ्चार गर्न सक्छन् । पोईके भाषा पनि मगरहरू नै बोल्ने भएकोले यो भाषालाई पनि मगर भाषामा समावेश गर्नु पर्दछ भन्ने पनि छ (बुढा, २०७८) ।

अठार मगराँती भाषाको क्षेत्र रोल्पा, रूकुम, प्यूठान र पश्चिम बागलुङ हो । जनगणना २०६८ अनुसार अठार मगराँती (खाम) भाषा ७७ जिल्लाहरू मध्ये २८ जिल्लाका मगरहरू बोल्ने गरेको पाइन्छ । पाल्पा, स्याङजा, तनहुँ, नवलपरासीलगायत पूर्वी नेपालका विभिन्न जिल्लामा बोलिने मगर भाषालाई साधारणतया मगरभाषा भन्ने गरिन्छ । यो भाषाका भाषीहरू बाह्र मगराँत क्षेत्रमा केन्द्रित भएकोले यसलाई बाह्र मगराँती भाषा पनि भन्ने गरिन्छ । यो भाषालाई ढुट मगर भाषा भन्ने गरेको पनि पाइन्छ (विकिपिडिया, २०२१) । माथि उल्लेख गरे अनुसार ढुट भनेको मगर भाषामा भाषा भन्ने जनाउँछ । त्यसैले यसलाई ढुट मगरभाषा भनेर भन्नु गलत हो । यो मगरभाषीहरूको भौगोलिक वितरणको आधारमा नेपाली भाषापछि दोस्रो भाषा हो । यो भाषाको क्षेत्र मुख्यतया गण्डक क्षेत्र (पाल्पा, स्याङजा, पूर्वी नवलपरासी, तनहुँ, गोरखा) हो । बाह्रमगराँतबाहेक पश्चिम नेपालको सुर्खेत, दैलेख, कञ्चनपुर, बाँके र पूर्वी नेपालका सिन्धुली, ओखलढुंगा, रामेछाप र उदयपुर, धनकुट्टा यो मगर भाषाका प्रमुख क्षेत्र हुन । यो मगर भाषा भुटान, सिक्किम र आसामका मगरहरू पनि बोल्ने गर्दछन् । तसर्थ यो मगर भाषाको क्षेत्र नेपालमा मात्र नभई भुटान र भारतको सिक्किम, दार्जिलिङ र आसामसम्म फैलिएको छ ।

### ३. मगरभाषीको वितरण

माथि मगर भाषाको क्षेत्रको विश्लेषण गरियो । यहाँ मगरभाषीहरूको वितरणको विश्लेण गरिएको छ । जनगणना २०५८ अनुसार कुल मगर जनसंख्याको ४७.३ प्रतिशतले आफ्नो भाषा बोल्ने गर्दथे (बराल, २०६०) । जनगणना २०६८ अनुसार यो प्रतिशत ४१.७७ प्रतिशतमा झरेको छ (नेपाल सरकार, २०७१) । यो तथ्याङ्कले मगरभाषीको संख्या मगर जनसंख्यको तुलनामा घट्दै गएको संकेत गर्दछ ।

### ३.१ प्रदेशअनुसार मगरभाषीको स्थिति

प्रदेशअनुसार मगर र मगरभाषीको जनसंख्या तालिका १ मा दिइएको छ । प्रदेश एकमा बाह्र मगराँती भाषा बोल्ने गरिन्छ । यो प्रदेशको तापलेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुट्टा, तेह्रथुम, संखुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ र उदयपुर सबै जिल्लाहरूमा मगरहरू छन् । यो प्रदेशमा मगर जनसंख्या कम भएतापनि मगर भाषा भने धेरै जसोले बोलेको कुरा तालिका १ मा दिइएको आँकडाले स्पष्ट पार्दछ । यो प्रदेशमा मगरहरूको बढी जनसंख्या भएको

जिल्ला उदयपुर हो र यो जिल्लामा करिब ८४ प्रतिशत मगरहरूले आफ्नो भाषा बोल्ने गर्दछन् ।

प्रदेश २ का मगरहरू पूर्वी पहाडी जिल्लाहरूबाट झरेर बसोबास गरेका हुन् । पूर्वी पहाडी भागका मगरहरू आफ्नो भाषा बोल्ने भएकोले यो प्रदेशका मगरहरू तुलनात्मक रूपमा बढीले आफ्नो भाषा बोल्ने कुरा तालिका १ मा दिइएको आँकडाले स्पष्ट पर्दछ । यो प्रदेशका अरू जिल्लाहरूका मगरहरूको तुलनामा पर्सा जिल्लाका मगरहरू कमले मात्र आफ्नो भाषा बोलेको देखिन्छ । बागमती प्रदेशका १३ जिल्लाहरू मध्ये मगरहरू काठमाडौं, सिन्धुली, धादिङ र रामेछाप जिल्लाहरूमा बढी मात्रामा छन् । तर सबैभन्दा बढी मगर जनसंख्या भएको काठमाडौं जिल्लाका मगरहरू अरू जिल्लाका मगरहरूको तुलना कमले मात्र आफ्नो भाषा बोल्ने गरेको तालिका १ मा दिइएको आँकडाले देखाउँछ । नेपाल मगर संघका धेरै कार्यकर्ता र नेतृत्व वर्ग, मगर भाषाका अभियान्ताहरू र शिक्षित मगरहरू काठमाडौंमा बस्ने गर्दछन् । यो तथ्यले शिक्षित मगरहरूका सन्तानहरूमा आफ्ना भाषामा रूची छैन र मगर संघका नेतृत्व वर्ग र भाषाका अभियान्ताहरू भाषण र आन्दोलनमा मात्र सीमित छन् भन्ने आशांका गर्नलाई सहयोग गर्दछ । तुलनात्मक रूपमा काठमाडौंदेखि पूर्वका जिल्लाहरू विशेष गरेर रामेछाप र सिन्धुलीका मगरहरू मगर भाषा बोलेको पाइन्छ ।

गण्डकी प्रदेशका ११ जिल्लाहरू मध्ये नवलपरासी बर्दाघाट सुस्तापूर्व, तनहुँ, स्याङ्जा, म्याग्दी र बागलुङ जिल्लाहरू मगर जनसंख्या भएका जिल्लाहरू हुन् । मगरहरूको बाहुल्यता भएका यी जिल्लाहरू मध्ये नवलपरासी बर्दाघाट सुस्तापूर्व, तनहुँ र स्याङ्जा जिल्लाहरूमा मात्र मगर भाषीको बाहुल्यता छ । म्याग्दी र बागलुङ मगर जनसंख्याको हिसाबले पहिलो स्थानमा भएतापनि बागलुङको सुदूरपश्चिमका मगरहरू मात्रा आफ्नो भाषा बोल्ने गर्दछन् । जनगणना २०६८ अनुसार तनहुँ, कास्की, मनाङ, मुस्ताङ, म्याग्दी, बागलुङ पर्वत र कास्कीमा नगन्यमात्रामा खामभाषीहरू छन् । बागलुङका मगरहरू खामभाषी हुन तापनि बागलुङमा करिब १५,००० मगरभाषीहरूको संख्या देखिन्छ । यो तथ्याङ्कले मगरहरूले आफूले बोल्ने भाषालाई कसैले खाम भनेका र कसैले मगर भाषा भनेको कुरा स्पष्ट पार्दछ । तनहुँ, स्याङ्जा र पर्वतमा मगरभाषा नेपाली भाषापछिको दोस्रो भाषा हो । मगर जनसंख्या तनहुँ, म्याग्दी र बागलुङमा पहिलो स्थानमा र स्याङ्जामा दोस्रो स्थानमा छ । म्याग्दी र बागलुङका अधिकांश मगरहरू आफ्ना भाषा नबोल्ने भएकोले प्रदेश १ र प्रदेश २ को तुलनामा कम प्रतिशत मगरहरूले मात्रा आफ्नो भाषा बोल्ने गर्दछन् । नवलपरासी बर्दाघाट सुस्तापूर्वको जनसंख्या नवलपरासी बर्दाघाट सुस्ता पश्चिममा समावेश गरिएको छ । नवलपरासी बर्दाघाट सुस्तापूर्व जिल्लाको पूर्वीपहाडी भाग मगर बाहुल्यता भएको भाग हो ।

लुम्बिनी प्रदेशको पाल्पा, प्यूठान र रोल्पा मगर बाहुल्यता भएका जिल्लाहरू हुन् । त्यस्तै गरी रूपन्देही, नवलपरासी बर्दाघाट सुस्ता पश्चिम, गुल्मी, अर्घाखाँची र रूकुम पनि मगर जनसंख्याको हिसाबले महत्वपूर्ण जिल्लाहरू हुन । अर्घाखाँची, गुल्मी, प्यूठान, रोल्पा र रूकुमका मगरहरू मगर जनसंख्याको तुलनामा कम प्रतिशतले मात्र आफ्नो भाषा बाल्ने गरेको तथ्याङ्कले देखाउँछ । रोल्पा, प्यूठान, र रूकुम खाम मगरभाषाको क्षेत्र भएतापनि यी जिल्लाहरूमा मगर जनसंख्याको निकै कमले मात्र आफ्नो भाषा बोल्ने गरेको उपलब्ध तथ्याङ्कले स्पष्ट पार्दछ । त्यस्तै गरी तराईका जिल्लाहरू कपिलवस्तु, बाँके र बर्दियामा मगरहरू आफ्नो भाषा कमैले मात्र बोल्ने गरेको पाइन्छ । यसरी मगराँत क्षेत्रका मगरहरू पनि आफ्नो भाषा कमले बोल्ने र तराई भेकमा पनि कमले बोल्ने भएकोले अरू प्रदेशको तुलनामा मगरभाषीहरू यो प्रदेशमा कम देखिन्छ ।

कर्णाली प्रदेशमा सबैभन्दा बढी मगर जनसंख्या भएको जिल्ला सुर्खेत हो भने सुदूरपश्चिम प्रदेशको कैलाली हो । यी दुई प्रदेशका सबै जिल्लामा मगरभाषीहरू भएको जनगणना २०६८ले देखाएको छ । कर्णाली प्रदेशको सल्यान र जाजरकोटमा मगरहरूको जनसंख्या धेरै भएतापनि मगरभाषीको जनसंख्या भने ज्यादै कम देखिन्छ । जनगणना २०६८ अनुसार सल्यानमा ३६,५३६ मध्ये ७८१ र जाजरकोटमा १५,४८७ मध्ये १,२७६ मात्र मगरभाषी छन् । सुदूरपश्चिमाञ्चल प्रदेशका सबै जिल्लाहरूमा मगरभाषीहरू भए तापनि कैलाली र कञ्चनपुरमा मगरभाषीहरू बढी छन् ।

तालिका १ को महल २ को कोष्ठमा दिइएको अंकले कुल मगर जनसंख्याको सम्बन्धित प्रदेशको मगर जनसंख्याको प्रतिशतलाई देखाउँछ । त्यस्तै गरी तेस्रो महलमा दिइएको अंकले कुल मगरभाषीहरूको सम्बन्धित प्रदेशको मगरभाषीको प्रतिशत देखाउँछ । साधारणतया बढी मगर जनसंख्या भएको प्रदेशमा बढी मगरभाषी हुनु पर्ने र कम जनसंख्या भएकोमा कम मगर भाषी हुनुपर्दछ । तर तालिका १ को दोस्रो र तेस्रो महलको कोष्ठभित्र दिइएको प्रतिशतले मगर जनसंख्या र मगरभाषीको संख्याको बीचमा यस्तो प्रत्यक्ष सम्बन्ध देखाउँदैन । कम जनसंख्या भएको प्रदेशमा बढी मगरभाषीको संख्या (प्रदेश एक र दुई) र बढी मगर जनसंख्या भएको प्रदेशमा कम मगरभाषीको संख्या (प्रदेश ३, ५, ६ र ७) देखिन्छ । यो अप्रत्यक्ष सम्बन्धले मगर जनसंख्या बढ्दैमा मगरभाषीको संख्या बढ्छ भन्ने देखाउँदैन । यी तथ्यहरूले नयाँ पुस्ताका मगरहरूले आफ्नो भाषाप्रति रूची कम देखाएको छ भन्ने निचोड निकाल्नलाई बल पुऱ्याउँदछ ।

### ३.२ गाउँ र शहरमा मगरभाषीहरूको वितरण

मगरहरूको बसोवास गाँउमै केन्द्रित भए तापनि शहरी क्षेत्रमा पनि मगरहरूको बसोवास उल्लेखित रूपमा बढेको छ । शहरी क्षेत्र र ग्रामीण क्षेत्रको मगर जनसंख्या र मगरभाषीहरूको संख्या तालिका २मा दिइएको छ । तालिका २ को दोस्रो महलले शहरी र ग्रामिण मगर जनसख्यालाई देखाउँछ र तेस्रो महलले कुल जनसंख्याको शहरी र ग्रामीण जनसंख्याको प्रतिशतलाई देखाउँछ । चौथो महलले शहरी र ग्रामीण मगरभाषी संख्या, पाँचौं महलले ग्रामीण र शहरी भाषीको प्रतिशत र छैठौं महलले मगर जनसंख्याको आधारमा मगर भाषीको प्रतिशत देखांउछ । शहरी मगर जनंख्याको तुलानामा शहरी मगर भाषीहरू कम छ भन्ने कुरा तालिकाको तेस्रो र पाँचौं महलमा दिइएको आँकडाले देखाउँछ । यसको साथसाथै छैठौं महलले ग्रामीण भेकका मगरहरूको तुलनामा शहरी क्षेत्रका कम मगरहरू आफ्नो भाषा बोल्छन् भन्ने कुरा देखाउँछ । यसले नेपालमा शहरीकरण बढ्दै जाँदा मगरभाषीहरूको संख्या घट्दै जानसक्ने सम्भावनाको संकेत गर्दछ ।

### ३.३ मगर भाषीहरूको भौगोलिक वितरण

जनगणना २०६८ अनुसारको क्षेत्रगत हिमाली, पहाड र तराईका मगर जनसंख्या र मगरभाषी संख्या तालिका ३ मा दिइएको छ । तालिका ३ को दोस्रो महल र तेस्रो महलमा कोष्ठभित्र दिइएको अंक क्रमशः सम्बन्धित भौगोलिक क्षेत्रको मगरजनसंख्या र मगरभाषी संख्याको प्रतिशत हो । त्यस्तै गरी चौथो महलमा सम्बन्धित भौगोलिक क्षेत्रको जनसंख्याको आधारमा निकालिएको मगरभाषी संख्याको प्रतिशत हो । यो तालिकामा दिइएको आँकडाले मगरहरूको बसोबास मुख्यतया पहाडमा छ भन्ने देखाउँछ र करिब ७० प्रतिशत मगरहरू पश्चिम र मध्येपश्चिम (लुम्बिनी, गण्डकी, धौलागिरी र राप्ती)मा बसोबास गरेको कुरा पनि स्पष्ट पार्दछ । यी क्षेत्र नै मगरहरूको मुल थलो भएकोले अहिलेसम्म पनि अधिकांश मगरहरू मर्स्याङ्दी, काली गण्डकी, राप्ती र भेरी नदी र यी नदीहरूका सहायक नदीहरूको वरपर बस्दै गरेको पाइन्छ ।

तालिका ३ को तेस्रो महलमा दिइएको आँकडाले मगरभाषाको मुल थलो पनि पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल नै हो भन्ने कुरा देखाउँछ । काईके भाषाको मुल थलो नै भेरी नदीको शिरान हो र यो नदीको नाम नै काईके भाषामा राखिएको हो । भेरी शब्दको निर्माण काईके भाषाको दुई शब्द भे र री मिलेर भएको हो । भे को अर्थ भोट र री को अर्थ पानी हुन्छ । भोटबाट आएको नदी भएकोले ताराली मगरहरूले आफ्नो भाषामा यो नदीको नाम भेरी राखेको हो (बुडा, २०७८) । त्यस्तै गरी बाह्र मगराँती र अठार मगराँती भाषाको मुल थलो पनि मर्स्याङ्दी, काली गण्डकी, राप्ती र भेरी र तीनका सहायक नदीको वरपरको भूमी हो । यी नदीहरूको नाम, यी नदीहरूको वरपरका पाखा पखेरा, नदीनाला र पहाडका नाम मगरभाषामा भएकोले पनि मगरभाषाको मूल थलो यी नदी र यी नदीहरूका सहायक नदीहरूको वरपरको भूमि नै हो भन्ने कुरा प्रमाणित गर्दछ । तालिका ३ मा दिइएको आँकडाले पनि यो कुरा पुष्टि गर्दछ । तराईमा मगरहरू पहाडबाट बसाई सरी झरेका हुन भने हिमाली भेकका मगरहरू पहाडबाट नै माथि उक्लेका हुन । डोल्पाको शहतारा, ताराकोट, टुप्पातारालगायतका मगरबस्ती भएका स्थानहरू मगराँतभूमिकै अभिन्न अंग हुन भन्ने कुरा म्याग्दी र बागलुङसँग जोडिएको भूभाग भएकोले स्पष्ट हुन्छ ।

## ४. निचोडमा

आजभोलि मगरहरू आफ्ना भाषाप्रति सजग र सचेत भएका छन् । तर भाषासम्बन्धी अभियान, सजगता र चेतनाको प्रभाव मगरभाषामा प्रभावशाली देखिएन भन्ने कुरा मगरभाषीको संख्याले संकेत गर्दछ । जनगणना २०५८ अनुसार कूल मगर जनसंख्याको ४७.३० प्रतिशत मगरहरू आफ्ना भाषा बोल्ने गरेको आँकडाले देखाउँछ भने जनगणना २०६८ अनुसार यो ४१.७७ प्रतिशतमा झरेको छ र आउने जनगणनामा अझ यो प्रतिशत झर्नसक्ने संम्भावना देखिन्छ । यसको बलियो आधार भनेको शहरमा बस्ने मगर जनसंख्या र शहरी क्षेत्रका मगर भाषीसम्बन्धी आँकडा हो । जनगणना २०५८ अनुसार शहरी मगर जनसंख्या कूल मगर जनसंख्याको ८.३५ प्रतिशत थियो र त्यती बेला ३७.०१ प्रतिशत शहरमा बस्ने मगरहरू आफ्नो भाषा बोल्ने गर्दथे । जनगणना २०६८ अनुसार कूल मगर जनसंख्याको १२.३४ प्रतिशत मगरहरू शहरमा बस्छन् र ३४.७४ प्रशितशत शहरमा बस्ने मगरहरू आफ्नो भाषा बोल्ने गर्दछन् । नेपालमा शहरीकरण र शहरको जनसंख्या पनि बढ्दै गएको छ । वैदेशिक रोजगारको कारणले गर्दा मगरहरूको पनि शहरतिर वा शहर नजिक बस्ने प्रवृत्ति बढ्दै गएको छ । शिक्षामा अंग्रेजी भाषाको प्रभाब र नेपाली भाषा परिवेशको कारणले गर्दा शहरमा जन्मेका र हुर्केका बालबालिकाहरूले मगर भाषा आमाको काखमा सिक्ने वातावरण देखिदैन । यसको असर ग्रामीण भेकका बालबालिकाहरूमा पनि नकारात्मक परेको देखिन्छ । त्यसैले मगरभाषीहरूको अवस्था दिनप्रतिदिन सापेक्ष रूपमा राम्रो हुदै गएको देखिदैन ।

**सन्दर्भ सामाग्री**

- नेपाल सरकार, राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग.२०७१. राष्ट्रिय जनगणना तथा घरधुरी गणना, २०११, भाग २, खण्ड ५. काठमाडौ, राष्ट्रिय तथ्याङ्क विभाग ।
- नेपाल सरकार, योजना आयोग, केन्द्रीय तथ्याङ्क बिभाग (२०२०) वार्षिक तथ्याङ्क किताब, २०७६, काठमाडौं, केन्द्रीय तथ्याङ्क बिभाग ।
- बरालमगर, केशर जंग, २०५०. पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति, काठमाडौं, नेपाल राजकीय प्रज्ञाप्रष्ठिान ।
- बराल, केशर जंग (२०६०) राष्ट्रिय जनगणना २०५८ अनुसार मगर जनसंख्या र मगरभाषीको स्थिति, आरमिट्मा, पोखराः नेपाल मगर संघ, कास्की ।
- बुढा, जग बहादुर (२०७८) टेलिफोन अन्तरवार्ता, असार ४ (१०:००)
- राना, अंगद कुमार (२०७८) टेलिफोन अन्तरवार्ता, असार १ (१६:००) ।
- रोकाय, भिमप्रसाद (२०७८) जुम मिटिङ, असार १ (२१:००० ।
- विकिपेडिया.२०२१, <https://en.wikipedia.org/wiki/Magar_language> (June 17, 2021).



दीपसागर थापा मगर

# मगर खाम बस्तीका संस्कार–संस्कृति र प्रचलित प्रथा

**सयौं थुगाँ फुलका हामी एउटै माला नेपाली,**
**विभिन्न जातजातिहरू मिलेर उनिएको सुन्दर फुलमाला हो नेपाल !!**

सयौं थुँगा फुलहरू मध्य मगर जाति एक अभिन्न थुँगा हो, अथाह संस्कार संस्कृतिका धनी मगर जातिभित्र हरेक संस्कार संस्कृतिको आ आफ्नै महत्व र विशेषता छ । मगर जातिभित्र पनि फरक फरक भाषा संस्कार र संस्कृति भेटिन्छन् । अनेकौं प्रचलित प्रथाहरू जिवित छन् । पूर्वका मगर हुर्रा गण्डकी क्षेत्रका मगर सोरठी, मारूनी कौडासँगै अनि धौलागिरी क्षेत्रका मगर सालैजो, पञ्चेबाजा, यानीमायासँगै रमाउँछौ खामबस्तीका मगर भने भूमे, नचारू, झाँक्री, मयुर, पैसेरू, जौलेनी, स्यामुसँगै झुम्छौं । भाषागत रूपमा १२ मगरात क्षेत्रमा ढुट, १८ मगरात क्षेत्रमा खाम र ताराकोट क्षेत्र (डोल्पा) तराली मगरहरूको काइके ३ भाषा प्रचलितमा रहेको छ । नेपालको मध्यभाग गण्डकी क्षेत्रदेखि पश्चिम भेग, धौलागिरी काखतिर मगर खाम भाषीहरूको बाहुल्य भेटिन्छ । परिवर्तित युग माँझ पनि मगर जातिभित्र अझ मगर खामबस्ती तिर पुराना संस्कार संस्कृति जिवित भेटिन्छ । अहिलेको समयमा मगर खाम समाजबाट बिशेष रूपमा भूमे पर्व विश्वभरि मौलाए पनि मगर खाम समाजसँग अनेकौं महत्वपूर्ण संस्कार संस्कृति छन । हामी मगर लठ्ठी, भाला, तरवारको प्रयोगले आत्मरक्षा गर्दै अनेकौं युद्ध लड्न सिकाउने नचारू/डङ्गे नाचदेखि साँस्कृतिक, राजनीतिक र धार्मिक महत्व दर्शाउने भूमे नाच हामी मगर खाम समाजसँगै छ । नारीहरूलाई एकीकृत गर्ने झौलेनी/झोरा नाचदेखि बनपाखा गुञ्जयाउने झ्याउरे भाका हामीसँगै छ ।

मगर खाम क्षेत्रमा अझै जिवित र लोपोन्मुख केहि चर्चित संस्कार संस्कृति र प्रचलित प्रथा अनि तिनका महत्व विशेषता बारे चर्चा गर्ने कोशिस गर्दैछु । यो कुनै बैज्ञानिक अनुसन्धानबाट

गरिएको ब्याख्या विश्लेषण नभएर यो त्यहि माटोमा जन्मिएको सुन्दर सुगन्ध मात्र हो ।

**'संस्कार र प्रचलित प्रथा'**

मगर खाम समुदायका आफ्नै संस्कार र नेपालको संविधानभन्दा पर आफ्नै प्रचलित पुस्ता हस्तान्तरण प्रथा छ । मगर खाम समुदायमा पनि मामाको छोरीमाथि आफ्नो हग दाबी रहने प्रथा अझैसम्म छ । भाइचारा, एकले अर्कालाई सहयोग गर्ने संस्कार र यसभित्र रहेको 'जारा' प्रथा(अर्मपर्म) एउटा सुगन्धित प्रथा छ । जसमा कसैले घर निर्माण गर्न लाग्यो भने कुनै परिवारलाई सामाजिक सहयोगको खाँचो भए गाउँले नै सहयोग गर्ने चलन छ । भाइ समाज या बार्डसँग केही रकम तिरेर 'जारा' माग्ने चल्न छ । गाउँमा कसैको घरमा अन्नपातको कमि भएपनि सबै गाउँले उठाएर दिने चलन छ । मगर खाम समुदायमा झाँक्री प्रथा निकै गहिरोसँग मानबको मस्तिष्कमा गजिएको छ । ऐन कानूनले बाँधिएको अहिलेको आधुनिक युगमा पहिलेको जस्तो सामाजिक संस्कार चल्तीका सामाजिक परम्पराले त्यति महत्व नरहला अथवा ऐन कानुनले केहि संस्कार र चल्तीका चलनलाई बाधा हुन सक्ला तर जन्मदेखि मृत्युसम्म समाजमा गरिने सांस्कारिक कर्मकाण्ड जस्ता कुराले गर्दा अझै पनि समाजमा संस्कारको ठूलो महत्त्व छ भने सामाजिक र जातीय पहिचान जस्ता बिषयले पनि यसको थप महत्व बढ्न पुगेको देखिन्छ । क्षेत्रगत भूगोलले जन्माएको लवज, ठाउँ विशेषका संस्कार-रहनसहन नै मानबका पहिचान हो । खाम समुदायका समाजिक सरसहयोगका परम्परागत संस्कार, जन्म, मृत्यु, वैवाहिक इत्यादी चल्दै आएका चलनहरू अरू समुदायभन्दा केहि फरक महत्वपूर्ण बैज्ञानिक पाटोहरू अनि जबर्जस्ती हिन्दूत्व समाजबाट घुसाइएका मुल्य मान्यता पनि रहेको छ ।

मगर खाम भाषिक क्षेत्रका मगरहरू अझै पनि आफ्नै मौलिक संस्कारमा रमेको पाइन्छन् । संस्कार परम्परागत सामाजिक मूल्य मान्यतामा आधारित एउटा व्यावहारिक संस्कार, यसको विधिविधानहरू पनि व्यावहारिक रूपमै पुस्ता हस्तान्तरण हुँदै जाने परम्परा भएकोले खाम समुदायका कुनै महत्वपूर्ण लिखित ग्रन्थहरू (लिपी) पाइदैन । खाम भाषिक मगरहरू प्रकृति र प्राकृतिक शक्तिप्रति विश्वास गर्दछन । धुरी देउराली, ताल तलैया, खोला नालाका मूलजस्ता प्रकृतिसँग सम्बन्धित बस्तुहरूलाई पबित्र मानि आजा-पूजा गर्ने आस्था बढी भेटिन्छ । सिमे-भुमे, सिद्ध-बराह, कुल-पितृ खाम समुदायका विश्वासका आस्था हो । कुनै औशी-पूर्णिमा, उधैली-उभौली, वार्षिक या तिया वर्षमा आ-आफ्नो मान्यताअनुसार परम्परागत संस्कारअनुसार विभिन्न पबित्र ठाउँहरूमा पुगेर पूजाआजा गर्ने गर्दछन् । पूजा एउटा पारम्पारिक संस्कार र आस्थाका हिसाबले गरिन्छ । सिद्धबराहसँग विभिन्न वर माग्ने चल्न भएपनि अन्य पूजामा कुनै फलको अपेक्षाभन्दा पनि आफूले मान्दै आएका सिमे-भूमे, कुल-पितृलाई खुशी बनाउन र रक्षा गर्नु कृपा गर्नु भनेर एउटा बिशुद्व श्रदाभाबसहित आषिस लिनु मात्र हो र सदा कृपादृष्टि रहने बिश्वास गरिन्छ । आफूले खाने मिठो भोजनहरू र फलफुल-फूलपाती चढाएर पूजा गर्ने गर्दछन् अनि त्यसैलाई नै प्रसादका रूपमा ग्रहण गर्दछन् । जसमा पेय पदार्थ (स्थानीय रक्सी), अक्षताका रूपमा अन्न, धजा र भाले भेंडा वा बोकालाई मंसका रूपमा चडाउने परम्परागत चल्दै आएको संस्कार छ ।

खाम क्षेत्रका मगरहरूको जन्म मृत्यु र बिहेबारीजस्ता कर्म काण्ड संस्कारहरूमा सम्पूर्ण कार्यहरू आफ्नै समुदायबाट गर्ने चलन छ । आफ्नो खलकका ज्येष्ठ नागरिक र माइती भान्जाहरूकै महत्वपूर्ण भूमिका ती कार्यहरूमा रहन्छ । बच्चाको जन्मपछि न्वारनमा आफ्नो खलकको सबैभन्दा ज्येष्ठ नागरिक बोलाएर न्वारान गर्ने परम्परा छ र बच्चाको नाम पनि तिनै ज्येष्ठ ब्यक्तिहरूले राखी दिने चलन छ । भात खुवाईमा पनि खलकको ज्येष्ठ महिला पुरूषलाई बोलाएर भात खुवाई गरिन्छ । बच्चालाई जुठो चाहिँ ती परिवारका गाउँलेले सबैभन्दा असल

स्वभाव मानेका व्यक्तिबाट  खुवाइने गरिन्छ । त्यसो गर्दा त्यस ब्यक्तिको असल गुण बच्चामा सर्ने बिश्वास गरिन्छ । खाम समुदायमा बच्चाको भविष्यबाणी गर्ने एउटा रमाइलो पक्ष पनि रहेको छ । बच्चा १ वर्ष पुगे पछि पीठोबाट विभिन्न प्रकारका बस्तुहरूको आकार बनाएर उसको भाग रोज्न लगाइन्छ, जसमा  हलो, बन्दुक, कलम, पैसा, गाई, भेडाजस्ता बिभिन्न बस्तुहरू बनाएर तेलमा तारिन्छ अनि थालमा राखेर बच्चाको अगाडि राख्ने गरिन्छ । त्यसबाट बच्चाले जुन चिज टिप्छ त्यहि नै त्यसको भाग्यसँग सम्बन्धित हुने विश्वास गरिन्छ । जस्तै उदाहरणका लागि यदि बच्चाले बन्दुक टिप्यो भने उ लाहुरे हुन्छ र कलम रोज्यो भने धेरै पढछ भन्ने विश्वास छ ।

खाम समुदायमा बिबाह गर्दा पनि अरू समुदायभन्दा आफ्नै भिन्न संस्कार रहेको छ । जसमा केटाले केटी भित्र्याएपछि केटापक्ष,  केटी पक्ष या हाम्रो संस्कार चल्तीमा माइतीपक्ष कहाँ बाटो बनाउन जाने भन्ने चलन छ । बाटो बनाउन जाँदा माइती पक्षको समाजमा के कस्तो रितिथिति छ सब रित पुऱ्याएर जानुपर्छ । बाटो बनाउन जाने भनेको केटीपक्षको घरमा जन्ती कहिले जाने, जन्ती जाँदा कति जनासम्म जाने, माइतीपक्षको लागि के के लिएर आउने भनेर दुईपक्षबीच रितका कुराहरू चल्छ र माइतीको आदेशअनुरूप ती सब रित पुऱ्याएर जन्ती जाने चल्न छ । बिवाहमा केटा पक्षले केटी पक्षलाई कोशेलीको रूपमा एउटा राँगो बुझाउने चलन छ जसलाई 'छाङरा' बुझाउने भनेर भनिन्छ । त्यस राँगोलाई केटीका माइती पक्षले चेलीको कोशेलीको रूपमा ग्रहण गर्छन् । यदि केटा पक्षले राँगो ल्याइने अबस्था नभए केटी पक्षको खलकले तोकेको निश्चित रकम दिनु पर्ने हुन्छ र केटीपक्षको घरबाट पेवा या दाइजोको रूपमा आफ्ना खलक र नजिकका नातेदारहरूले कोशेलीका रूपमा विभिन्न भाँडा कुँडा तथा अन्य सरसामान दिने चलन छ । विभिन्न कारणबस बिबाहपछि सम्बन्ध बिच्छेद हुने अबस्था आएमा सम्बन्ध बिच्छेद गर्न खोज्ने पक्षले केही जरिवाना तिर्नु पर्ने हुन्छ जुन जरिवाना दुबै पक्षको सहमतिमा तोकिन्छ र सहमतिमा जरिवाना बिना नि सम्बन्धबिच्छेद गरिदिने चलन छ । केटीले बिबाहमा पेवाको रूपमा लिएका दाइजो फिर्ता दिने गरिन्छ । बिबाहसम्बन्धी नेपाली कानुनभन्दा अलि पर रहेर सम्बन्ध बिच्छेद गर्ने केटा र केटीलाई सम्बन्धको एउटा धाँगो चुडाइदिएर दुबैको सम्बन्ध समाप्त भएको घोषणा गरिन्छ ।

विभिन्न धार्मिक सम्प्रदाय, समुदाय एवं मानव सभ्यताको परम्पराअनुसार मानिसको मृत्युपछि अन्त्यष्टी गर्ने विधि र स्थान तोकिएको हुन्छ । मगर खाम समुदायमा पनि मृतकको अन्त्यष्टी गर्ने विधि र निश्चित स्थान हुन्छ  । अन्त्यष्टी बिशेष गरेर दफन गर्ने नै चलन छ तर जलाउने पनि गरिएको भेटिन्छ । बिशेष त बर्षौंसम्म रोगले थलिएका, समाजमा हेलाका रूपमा मानिएका रोगले भेटेका, दीर्घ रोगी ब्यक्तिहरूको लासलाई जलाउने गर्दछन् । माटोमा दफन गरिने स्थानलाई मुइपो/खाडर भनिन्छ ।  खाम समुदायमा मृत्यु संस्कार तेति झन्झटिलो छैन । मृत्युपछि मुइपो लानु भन्दा अगाडि पायक पर्ने जति आफन्तलाई पर्खेर मात्र लाने गरिन्छ । बिबाहित महिला भए माइती पक्षलाई जसरी पनि पर्खिनु पर्ने हुन्छ यात माइतीपक्ष टाढा भए माइतीको सहमतिमा मुइपो लानुपर्ने हुन्छ । खाम समुदायमा मुइपो/खाडर बिशेष त चारैतिर देखिने अग्लो डाँडामा तिर नै तोकिएको भेटिन्छ । हिजो, आजजस्तो सहज सूचना प्रणाली थिएन । अग्लो डाँडामा टाढासम्मको इष्टमित्र तथा आफन्तले मरू पर्दा हिडाउनु पर्ने सेतो गजिना बाटो देखुन भन्ने  हो । अर्को मृत्यु संस्कारमा बजाईने विप्पे दमाको आवाज चारैतिर सुनियोस् र सबैलाई मरूको खबर पुगोस् भन्ने हो । कटुवालले खबर पुऱ्याउन नसकेका ब्याक्तिहरू/गाउँका मान्छेहरू सेतो गजिना बाटो र बिपे बाजा सुनेर मलामी आउने गर्दछन् ।

खाम समुदायमा दुई प्रकारको बाजा प्रचलितमा छ एक सिपे जो खुसीमा बजाइन्छ भने बिपे बाजा मृत्युमा मात्र बजाइन्छ । यदि मृत्यु भएका ब्यक्ति भूमे नाचका गुरू, नचारू या

झौलेनी/झोरा नाचेको भए मृतकको आत्मा खुसीको लागि दफन गर्नु पूर्व छोटो बिपे नाच नाच्ने चल्न छ । मृतकलाई घरबाट बाहिर निकाले पछि महिलाहरूले मृतकसँग एउटा बिदाइ गीत गाउँछन् जसलाई खाम भाषामा 'लाँईसिने' भनिन्छ । रूँदै गाइने यो गीत अत्यन्तै हृदयविदारक हुन्छ । जसमा मृतकको जीवनसँग सम्बन्धित मीठा कुराहरू, परिवार वा आफन्तजनबाट कुनै गल्ति वा कमकमजोरी भएको भए त्यसको लागि क्षमायाचना, भौतिक शरीरले बिदा लिएर गए पनि मृतआत्मालाई शान्ति मिलोस, फर्केर फेरि यहि घरमा जन्म लिन आउनु भन्ने जस्ता कुराहरू गीतमार्फत् भनिन्छ । मृतकको तितामीठा भोगाइहरू गीतमार्फत पोखेर सबैले ती मृतकका अतित सम्झने गर्दछन् । खाम समुदायका मृत्यु संस्कारभित्र झाँक्रीको मृत्यु संस्कार केहि फरक हुन्छ । जसमा झाँक्रीहरू मृतकका घरमा आएर आफ्नो बिधिबिधानअनुसार मृत्यु संस्कार गर्दछन् । झाँक्रीका बिधिविधान बिना झाँक्रीको मृत्युकार्य अगाडि बढ्दैन । घरदेखि झाँक्रीलाई गाड्ने ठाउँसम्म नाँचेरै जाने गर्दछन तर यसमा एकोहोरो बिपे नाँच नाँच्ने गरिन्छ । मृत्युपछि सामान्य व्यक्तिहरूलाई भुइमा सुताएर गाडिन्छ भने झाँक्रीहरूलाई चाहिँ बसेको मुद्रामा उत्तर दिशा तिर फर्काएर गाडिन्छ । झाँक्रीको खाडर भुइँ भन्दामाथि उठाएर मुर्ति आकार निकालिन्छ र यस चिहानलाई 'मठ' भनेर भनिन्छ ।

खाम समुदायमा निकै प्रख्यात अनि हरेकको मस्तिष्कमा निकै गाजिएको एउटा झाँक्री प्रथा रहेको छ । झाँक्री प्रथाका धेरै बिधिहरू रहेको छ हरेक झाँक्रीसँग तान्त्रिक विद्या शक्ति हुन्छ भन्ने जनविश्वास छ, जसका उदाहरण हामीले गाउँघरमा झाँक्री नाँच्ने बेला मज्जाले देख्न पाइन्छ । झाँक्रीसँग अनेक प्रकारका मन्त्रहरू पाइन्छ । झाँक्रीका आफ्नै लिखित ग्रन्थ छ जसलाई स्थानीय भाषामा पोष्ट/थाती भन्ने गरिन्छ । मगर खाम समुदायको झाँक्रीहरूको क्रियाकलापले आध्यात्मिक शक्तिको अस्तित्वलाई बल पुऱ्याएको छ । झाँक्री नाँच नाँच्ने बेला डाँफे चराको सिउरेको प्वाँख सिरमा बाँध्ने गर्छन् भने विभिन्न आवाज आउने घन्टी/घाँटो र विभिन्न जीबजन्तुका छालाहरू उनेर लगाउने गरिन्छ जसलाई 'छेरला' भनिन्छ । अरू समुदायको झाँक्रीहरू भन्दा खाम समुदायका झाँक्रीहरूको नाँच एकदम हेर्न लायकको हुन्छ । झाँक्रीहरूको अठाह समूह अनि उत्कृष्ट नाँचले सबैको मन छुन्छ नै । गाउँघरमा ग्रहदशा हेर्ने र फाल्ने झाँक्रीबाट नै गरिन्छ । आआफ्नो हेजअनुसार एक वर्ष, दुया वर्षा या तिया वर्षमा हरेकले झाँक्री बोलाएर ग्रह फाल्ने संस्कार छ जसलाई स्थानीय खाम भाषामा 'गोरोङसिने या कसिने' भनिन्छ । झाँक्री भएपछि त्यसको मृत्यु हुँदैन र भौतिक शरीर ढलेर गएपनि पूनर्जन्म लिन्छ भन्ने विश्वास छ । हरेक झाँक्रीको मृत्यु पश्चात् उनले अरू कुनै जिवित व्यक्तिकै शरीरमा पुनर्जीवित हुने गर्दछ । मृतक झाँक्री पुनर्जीवित हुन तीन महिनादेखि कयौं वर्षसम्म पनि लाग्ने गर्दछ । यसका उदाहरण मगर खामबस्तीमा भेटिन्छ । पुनर्जन्म एउटा अविश्वानीय तर खाम समुदायले बोगेको चमत्कारिक कला हो । आध्यात्मिक शक्तिमा विश्वास गर्ने अमेरिका, युरोप तिरका ब्यक्तिहरू पनि खाम बस्तीमा पुगेर झाँक्रीका कला कौशलता सिकेको हामी प्रत्क्षय दर्शी पनि छौं । गाउँघरका झाँक्री जस्तै काम्ने आगो संग खेल्न सक्ने झाँक्रीको नाचमा ताल मिलाउन सक्ने खुवी देखिन्छ । मृत्यु भएका झाँक्री नयाँमा उत्त्पति हुँदा उसका गुण सबै नयाँमा भेटिन्छ , झाँक्री चडेका बेलाका गरिने सबै क्रियाकलाप, मृतकका आनीबानी र अन्य क्रियाकलाप ठ्याक्कै मिल्न जान्छ । झाँक्रीको पुनर्जन्म साँच्चिकै वैज्ञानिक दर्शनलाई एउटा चुनौती पनि हो ।

मगर खाम समुदायमा अहिले पनि खडेरीमा प्रकृतिसँग पानी माग्ने चल्तीको प्रथा रहेको छ । परम्परादेखि बैशाख, जेष्ठ या असारमा खडेरीको बेला गाउँघरमा घर कुरिया बुकिपाटन लेकको पन्थ (पानीको मुहान) सम्म पुगेर पानी माग्ने चल्न छ । खडेरीमा पानी माग्न जाँदा विभिन्न पानीका मुहान, तालतलैया, मठ, धुरी देउरालीहरूमा हो–हल्ला गर्ने, केही अपाच्य शव्दहरू प्रयोग गर्ने यसो गर्दा भूमि देउता अशान्त भएर वर्षा गरिदिने जनविस्वास रहेको छ । बुकिपाटन, मठ, देउराली जस्ता पवित्र ठाँउहरूमा अरू समयमा जुठो हुन्छ भनेर सुगुरको मासु लाने चलन छैन

तर पानी माग्ने दिन पवित्र बुकिपाटनमा पुगेर सुगुरको थुमा पूजा गर्ने गर्छन् यसो गर्दा पवित्र भूमी झुठो हुँदा वर्षात हुन्छ भन्ने परम्परागत कथन रहेको पाइन्छ । बुकिपाटनमा सुँगुरको पूजा गरेपछि झाँक्रीले कहिले र कति दिनभित्र पानी पर्छ भनेर भविष्यवाणी पनि गर्दछ । झाँक्रीको भविष्यवाणी मिल्ने गरेको अनुभव पनि छ ।

## प्रचलित संस्कृति, पर्व र तिनका महत्व र विशेषता

मगर खाम समुदायमा बैशाख पूर्णिमा, भूमे पर्व, राँके पर्व (साउने संक्रान्ति/झाँक्री मेला), मंसिरे पूर्णिमा, माघे संक्रान्ति, चैते दशैँजस्ता पर्बहरू मनाउँने गर्दछन् । यसै पर्बहरूसँगै भूमे नाँच, पैसेरू/सारङे/डिक्रे/नचारू/डङगे/मयुर, झौलेनी/झोराजस्ता नाँचहरू नाच्ने गर्दछन् । उल्लेखीत पर्बहरूमै विभिन्न पूजाआजा गर्ने गर्दछन् । बैशाख पूर्णिमामा विभिन्न पवित्रस्थल जलजलात बुकिपाटन पुगेर सिद्ध या बराह पूजा गर्ने गर्दछन् ।

## भूमे पर्व

मगर खाम समुदाय र अन्य समुदायमाझ अति लोकप्रिय अनि  सांस्कृतिक, आर्थिक, राजनीतिक र धार्मिक महत्व दर्शाउने पर्व हो 'भुमे' । हिउँदे बाली भित्र्याएको खुशीयाली र बर्खेबालीमा हानी नोक्सानी नहोस भनेर भूमिको पूजा गरेर मनाउने पर्ब हो 'भूमे' बाढीपहिरो जस्ता कुनै पनि दैबिकप्रकोप नआओस् भनेर भूमेथानमा भेडा बलि चडाएर असार १ गते भूमे पूजा गरिन्छ । गाउँ ठाउँ र समयसापेक्ष अनुसार एकसातासम्म भूमे पर्व मनाउने चलन छ । यो पर्बमा समुधुर स्थानीय बाँध बाध्नको तालमा ताल मिलाई २२ चालामा नाँच्दै हप्ता दिनसम्म स्थानीय रमाउँछन् । महिला पुरूष गोलाकार भइ दुई पंक्तिमा बाजाको धुनमा लयबद्व रूपमा भूमे नाँच नाँच्ने गरिन्छ । मगर खाम समुदायमा भूमे पर्बकै दिन वार्षिक जनगणना गर्ने, गाउँका मुख्य बुद्धिजिबी, कटुवाल चुन्ने,  वर्षभरिका योजनाहरू तयार गर्ने गरिन्छ । गाउँमा भएका वर्षभरिका आर्थिक गतिविधि प्रस्तुत गर्ने देखि लिएर नयाँ आर्थिक वार्षिक कार्ययोजना तयार गरिन्छ, गाउँमा चल्तीमा रहने हरेक बस्तुको मूल्य निर्धारणदेखि लिएर चरिचरणको सीमा र जरिवाना पनि कसलाई कति भनेर यहि दिन तोकिन्छ ।

भूमेको अर्को रमाइलो अनि महत्वपूर्ण पक्ष युवायुवतीहरू पवित्र जलजलात बुकिपाटन गएर भूमे पूजा गर्ने बलको शिरमा चडाउने फूल टिपेर लेउने गर्दछन् । भूमेमा गाइने स्यामु गीतमार्फत् भूमि देउताहरूलाई मनाउँदै बुकी पुग्छन् भने फर्किने क्रममा भूमि दै-देउराली शरणमा गाउँ फर्किन पाउ भन्दै सिमेभूमे मान्दै गाउँका भद्र भलाद्मी मान्दै गाउँ फर्किन्छन् । फूल टिप्ने युवायुवती गाउँ फर्केपछि बुकीबाट लिएको पवित्र बुकी फूल भूमे पूजा गर्ने बललाई चडाइन्छ र बललाई गाउँभरी गुमाइन्छ । बललाई गाउँ गुमाउँदा गाउँमा भएका ग्रहकाल कष्ट भूमे पूजा गर्ने बलसँगै जान्छ भन्ने कथन छ । बलपूजा गरिसकेपछि हप्ता दिनसम्म भूमे नाँच नाँचिन्छ र अन्तिम दिन एकले अर्कोलाई फूल लाइदिएर आशिष दिने/लिने गरिन्छ ।

## माघे संक्रान्ति

मगर खाम भाषीबस्तीहरूमा माघी पर्व धुमधामका साथ मनाउने गर्दछन् । माघी पर्व विशेष चाहिँ चेली पूज्ने परम्पराले बढी महत्व राख्दछ योसँगै युवायुवतीले तारा हान्ने, तारा हान्दा युवतीले युवालाई एउटा निशान मार्ने बिन्दु तोकिदिन्छ र युवाले तोकिएको बिन्दूमा निशानमा मारे युवतीलाई जितेर लाने चलन पनि थियो र युवाले हारे सर्तअनुसारको जरिवाना तिर्नुपर्ने हुन्थ्यो । तर हिजोआज भने अन्य बाजीहरू राखेर रमाइलो गर्ने चलन छ । मगर खामबस्तीमा माघी पर्बलाई हिउँदे नीतिको अन्त्य र वर्षे नीतिको सुरूवात रूपमा पनि लिने गरिन्छ ।

मगर खाम समुदायमा पुस १२ ले माघी पर्वको विशेष महत्व राख्दछ । माघीमा गरिने क्रियाकलापको सुरूवात पुस १२ देखि नै गरिन्छ । पुस १२ लाई खाम भाषामा 'नमचुई' भन्ने गरिन्छ । पुस १२ रात र दिन बराबर र पुस १२ देखि दिन लामो बिस्तारै रात छोटो हुँदै जान्छ अनि पुस १२ देखि रूख बृक्ष पलाउने सुरू हुन्छ भन्ने कथन छ । यो विशेष दिन माघी पर्बमा तारा हान्न चाहिने हरेक सामग्रीहरू निर्माण पनि गरिन्छ । पुस १२ को दिन पबित्र बुकि लेकमा गएर तारा हान्ने तिर कातेर लेउने र औलोबाट धनुष बनाउने लि-बाँस लेउने चलन छ । यहि दिन तयार पारेको तिर एकदम निशान लाग्ने शक्तिवाला हुने गर्दछ भन्ने जनविश्वास रहेको छ । यहि दिन गाउँ बुद्धिजिवी पञ्चभलाद्मीहरूले माघीलाई कसरी सम्पन्न गर्ने भनेर हरेकको कार्यबिभाजन पनि हुन्छ ।

माघी मसान्तको दिन फेरि गाउँमा बुद्धिजिवी भद्रभलाद्मी सबै चौतारामा जम्मा हुन्छन् र माघीको तयारीमा सबै जुट्छन् र हिउँद् समयको लागि गाउँमा कायम गरिएको चालचलन तथा भोकचलनको अन्त्य गर्दै वर्षे मासको लागि कायम गरिएको चालचलनको सुरूवात हुन्छ । गाउँमा कायम गरिएको कट्टुवालको लागि हिउँदे माना जम्मा पनि यहि दिन हुन्छ ।

जमघट भएका सम्पूर्णले तिर धनुष तयार बनाउँदै 'स्यामु' गीत गाउँने चलन पनि छ यो दिन गाउने गीत अलिक फरक हुन्छ लाहुरबाट माघीमा चेली पूज्न गाउँ फर्केको लाहुरेले आफ्नो लाहुरकै कथा गाउँछ, गोठबाट आएको गोठालाले आफ्नै गोठको कहानी गाउँछ, प्रदेश गएका प्रदेशीको आफ्नै जीवन भोगाईका कथा गाउँछ । घरमुली माघीमा घर नफर्किदा घरकि नारीले आफ्नै ब्यथा गाउँछिन्, माघीमा पूज्ने माइती नभएकी चेलीले माइतीको अभाबको ब्यथा गाउँछिन् । हाँसो र रोदनले भरिपूर्ण गीतले सबै गाउँलाई एकपटक गीतमै भुलाउँछन् । माघी मसान्तको साँझ युवायुवतीहरूको विशेष जमघट हुन्छ युवतीहरू आआफ्नो टोलमा जम्मा भएर विभिन्न परिकारहरू बनाउँछन् भने युवाहरू जता जता आफ्नो साइनो मिल्ने उतै गएर रमाइलोमा भुल्छन् । माघ १ गते बिहान सबै गंगामा गएर नुहाईधोइ गर्ने अनि मिर्मिरेमै चेली पूज्न जाने गर्दछन् चेली पूज्न जाँदा पैसा विभिन्न कन्दमुल तथा फलफूलहरू लिएर जाने गर्दछन् । चेली पुज्ने कार्यक्रम सकेपछि तारा राख्ने र अनि तारा हान्ने खेल खेलिन्छ । युवायुवतीबीच गजबको बाजी सुरू हुन्छ । माघीमा ताराको महत्व किन छ भने तारा हानेर सबैको ग्रह दशा हेर्ने गरिन्छ । जसले तारा निशानमा लाउन सकेन उसलाई भान्जा पक्षले ग्रह फाल्दिने चलन छ र स्यामु गीत गाउँदै बोकेर घरसम्म लाने चलन छ ।

**नाचहरू (नचारू/डङ्गे/पैसेरू/सराङे/डिक्रे/मयुर )**

मगर खाम समुदायमा एक समय निकै लोकप्रिय पछिल्लो समयमा लोपोन्मुख अबस्थामा पुगेका प्रकृतिलाई पूजेर प्राकृतिक रहनसहनमा आधारित नाचहरू हो 'नचारू'/'पैसेरू'/'डङ्गे'/' सारङ्गे'/'डिक्रे'/'जौलेनि/झोरा'/'मयुर' उल्लेखीत सबै नामहरू मध्ये झौलेनी/झोरा बाहेक सबै नाँचको एकअर्कामा अन्तरमिलन छ धेरै मिल्दोजुल्दो भेटिन्छ । नाँच्ने तरिका र बजाउँने बाजागाजा लगभग उस्तै ठाउँअनुसार र नाचको सुरूवात अनि अन्त्य एकै समय, सबै प्रकृतिमै आधारित रहेको पाइन्छ । मनाउने तिथिमिति एउटै भएपनि झौलेनी/झोरा नाँच महिलाहरूले मात्र नाँच्ने गर्दछन् । झट्ट हेर्दा र गीतका लय लवज सुन्दा घाँटु नाँचको झल्को झौलेनी/झोरा नाँचमा भेटिन्छ । झौलेनी/झोरा नाँच धेरै समूहमा नाँच्ने गरिन्छ । यो नाँचमा कुनैपनि बाजा प्रयोग भएको देखिदैन ।

'पैसेरू नाच' पैसेरू २२ तालमा नाँच्ने गरिन्छ । विभिन्न स्थानीय बाजागाजाका साथ पुरूषहरू लामबद्व भएर नाँचिन्छ । पैसेरू नाँचमा सबैभन्दा अगाडि नाचका अगुवा गुरूबा हुन्छ ।

बाजागाजा बजाउँने गुरूबा र नाच्ने गुरूबाको इशारामा ताल मिलाउनु पर्ने हुन्छ । उधैलीको अन्त्य र उभौलिको सुरूवातसँगै भूमे नाचको बिसर्जन गरेर पैसेरू नाचको सुरूवात हुन्छ । पैसेरू नाँच साउनको १ गते ओखला पूजा प्रकृतिको नाममा पौसेरू नचारू गुरूले आराधना गरि, जैसीलाई हेराएर चोखो ठाउँमा पूजा गरेर नाँच सुरू हुन्छ । यहि दिन राकैँ फालेर (राँको बाल्ने) हिलो खेलेर (लुटो फाल्ने) गरिन्छ । हरेक आ–आफ्नो घरमा राँको बालेर भूतप्रेतको नाममा चारैदिशा तर्फ राँको फाल्दछन् । बर्षा याममा कुनै रोगब्याधी नलागोस् बनेर हिलो खेल्ने (लुटो फाल्ने) गरिन्छ । यही दिन नयाँ नचारूहरूलाई ओखला पसाउने गरिन्छ । ओखला पसाउने/बस्ने भनेको चाहिँ नयाँ नचारूहरू उत्पत्ति गर्न सुरू गर्नु हो । ओखला पसेका नचारूहरू बर्खेबाली भित्राएको खुसियालीमा वर्खे दशैँको पाँच पूर्णिमा पूर्ण पैसेरू नचारू भएको घोषणा गरिन्छ । समयसन्दर्भ विभिन्न गाउँठाउँमा गएर आफ्नो नाँच कौसलता देखाउने गरिन्छ । माघ मसान्तमा यी नाच सम्बन्धि सबै बाजागाजा थकान पारिन्छ ।

'डङगे नाच' साउने संक्रान्तिका दिन गाउँका डङगे नाँचका गुरू अनि बुद्धिजिवीहरूको कचरी बस्छ । त्यहि दिन नै त्यो सालको डङगे नाचलाई कसरी अगाडि बडाउने र यो साल कहाँ कहाँ गएर नाँच प्रस्तुत गर्ने र कुन कुन गाउँबाट निमन्त्रणा आएको छ सबै जानकारी गराइन्छ । गाउँमा झाँक्री/जैसीद्वारा विभिन्न साइतहरू हेर्ने गरिन्छ । निमन्त्रणा आएका गाउँमा जाने बेला कुन दिशाबाट छिर्ने र फर्किदा कुन दिशाबाट फर्किने सबै गाउँको ग्रह हेरिन्छ । डङगे नाच प्रस्तुत गर्ने जाने नचारूहरूको रक्षाका लागि यसो गरिन्छ । हरेक गाउँमा प्रकृति पूजकहरूले पुज्ने थान हुन्छ । डङगे नाच सुरू गर्नु पहिले डङगे नाचका गुरू र त्यो सालको लागि आफ्नो कला कौसल देखाउँन इच्छुक युवाहरूले थानलाई साची राखेर गुरूको आदेशमा कसम खान्छन् र गरूले सबैले आआफ्नो भाकल पूरा गर्नु भनेर आर्शीवाद दिन्छ । डङगे नाँच्ने नचारूहरू हरेक साल नयाँ उत्पत्ति गर्न नसके पनि गाउँअनुसार कतै ५ वर्ष र कतै १० वर्षमा नयाँ नचारू उत्पत्ति गर्नु पर्ने बाध्यात्मक प्रथा जनिक नियम रहेको हुन्छ । यसो गर्दा कला पुस्ता हस्तान्तरण भएर जाने र नाँचको जगेर्ना पनि हुने गर्दछ । थानलाई साची राखेर कसम खाइसकेपछि पूर्ण नहुँदासम्म बीचमा छोडेर जान पाईदैन । यदि बीचमा कसैले छोडेर गएमा भाकल पूरा नभएर छल हुने विश्वास छ । कसम खाएका युवाहरू समय मिलाएर हरेक दिन या एक दिन बिराएर नाच सिक्ने गर्दछन् ।

बर्खेबाली भित्राएसँगै र जाडोको यामको सुरूवात लगतै बस्तुभाउ तराई तिर जारिसकेपछि कार्तिक अन्तिम या मंसिरबाट पूर्ण डङगे नचारू भएका युवाहरू निमन्त्रणा आएका गाउँ या जानलाई निमन्त्रणा पथाएका गाउँमा आफ्नो कला देखाउन जाने गर्दछन् । त्यहाँ कला देखाए बापत गाउँले केही दक्षिणा दिने गर्दछ । गाउँले निकै सम्मान गर्ने गर्दछ र त्यो गाउँसम्म अटुट सम्बन्ध रहिरहोस् भनेर विभिन्न नाताहरू जोड्ने गरिन्छ । भौगोलिक बिबिधता, ठाउँअनुसार फरक लवज, अर्थ/उद्देश्य एक तर अलग अलग मिठास सांस्कृतिक बिधिबिधान, बदलिँदो विश्व अनेकौं धर्म संस्कार अंगाल्न पुगेपनि इतिहास एकै, प्रकृति र प्रकृति शक्ति प्रति विश्वास नै खाम समुदायको परिचय हो । खाम समुदाय र यसमा प्रचलित संस्कार संस्कृति एक अमूर्त कला र शक्ति हो ।

समाज बिना संस्कृति हुँदैन
संस्कृति बिना परम्परा हुँदैन
परम्परा बिना चिनारी हुँदैन
चिनारी बिना अस्तित्व रहदैन

अस्तित्वको लागि हाम्रो संस्कार संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो दायित्व हो ।



जगबहादुर बुढामगर


# डोल्पाका तराली मगरहरूको साँस्कृतिक परिचय

**१.१ पृष्ठभूमि**

आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ द्वारा सूचिकृत ५९ जाति मध्ये मगर जाति पनि एक हो । राष्ट्रिय जनगणना २०६८ प्रतिबेदनअनुसार नेपालको कुल जनसंख्या २,६४,९४५०४ रहेको छ जसमा १२५ जातिहरू र १२३ भाषी रहेका छन् । नेपालको कुल जनसंख्याको ७.१२ प्रतिशत र आदिबासी जनजातिहरू मध्येको पहिलो ठूलो जनसंख्यामा रहेको मगरहरूको कुल जनसंख्या १८,८७,७३३ रहेको छ (स्रोतः राष्ट्रिय जनगणना २०६८) । मगरहरूको बसोबास नेपालको ७७ वटै जिल्लामा छरिएर रहेको छ ।

राष्ट्रिय जनगणना २०६८ को जातीय विवरणमा उल्लेख भएका कुल जनसंख्याको ७.१२ (सात दशमलव वाह्र) प्रतिशत जनसंख्या रहेको मगर जातिको समूहलाई सुविधा वञ्चित जातिमा वर्गीकरण गरिएको छ । यस जातिहरूलाई भाषिक रूपमा तीन वटा भाषामा विभाजन गरेको पाईन्छ, ढुट, खाम र काईके । गण्डक क्षेत्रमा बोलिने भाषालाई ढुट, रोल्पा, रूकुम आदि जिल्लाका मगरहरू बोलिने भाषालाई खाम र डोल्पाका तराली मगरहरूले काईके भाषाको आलवा पोईके (तिछुरोङके) भाषा बोल्ने गरेको पाइन्छ ।

एउटै जाति मगर भएर पनि मगरहरू बीच विविधता झल्किन्छ । मगरहरूले बोल्ने भाषा तथा अन्य संस्कृति, र परम्पराहरू पनि एक आपसमा केहि फरक छन् । भौगोलिक, भाषिक, सांस्कृतिक विविधता भए पनि सबैको साझा पहिचान मगर नै हो । जनसम्पर्कको अभाव तथा भौगोलिक विकटता जस्ता कारणले मगराति सभ्यताभित्र विविधता रहेको पाईन्छ ।



**१.२. मगर जातिको बाहुल्य क्षेत्र**

वर्तमान अवस्थालाई हेर्ने हो भने नेपालमा मगरहरू पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म उत्तरी हिमालदेखि दक्षिण तराईसम्म यत्रतत्र छरिएर बसोबास गरेको पाइन्छ । सघन जनघनत्वको हिसाबले हेर्दा मगरहरूको मध्ये तथा पश्चिमी पहाडी भू-भाग लुम्बिनी, धौलागिरि, गण्डकी, राप्ती, भेरी र कर्णालीका मध्य पहाडहरूको आसपासमा अत्याधिक रहेको पाइन्छ । मगरात इतिहासलाई आधार मान्ने हो भने मगरहरूको अठार मगरातबाट बाइसे र बाह्रबाट चौबिसे ठकुराइहरूमा रूपान्तर भएको हो । मगर राज्यको शासन केन्द्रलाई 'कोइ' र खलंगा भन्ने गरिन्थ्यो र पछि आएर भारोपेली भाषामा कोइलाई कोट भन्ने चलन बनाइयो । अठार मगरातलाई कालाक्षेत्र पनि भनिन्थ्यो र त्यही कालाक्षेत्र अन्तर्गत अठार वटा राज्यहरू थियो, बाह्र मगरात काला क्षेत्र भनिन्थियो (बुढा मगर २०६३) । त्यसैगरी वर्तमान अवस्थितिअनुसार अठार मगरातको क्षेत्रहरू गुल्मी (धुरकोइ), अर्घाखाँची (घार्कोइ), पर्वत(पैया), म्याग्दी(सित्तङ), बाग्लुङ (ढोरपाटन), प्युठान (नारिकोइ), वालिङ (वाङ), रोल्पा (जङकोइ), रूकुम (रूकुमकोइ), सल्यान (इस्मा), दाङ (छिलिकोइ), दैलेख (भाबा), जाजरकोट (जाजर्कोइ, बारैकोइ), जुम्ला (तिमरकोइ), डोल्पा (तिबिरिकोइ, र ताराकोइ), डोटी (जुराल), डडेल्धुर (रूपालकोइ) आदि नामले परिचित थियो (बुढा मगर २०६३) । जनसंख्याको हिसाबले मगरहरूको बाहुल्य दुई क्षेत्रमा रहेका छन, जसमा पाल्पा र नवलपरासीको पहाडी, तनहुँ मध्यदेखि दक्षिण र पश्चिम स्याङ्जाको दक्षिणपूर्वी र पश्चिम भाग । रोल्पाको सम्पूर्ण, म्याग्दीको मध्यदेखि दक्षिण र उत्तर पूर्वी क्षेत्रसम्म छ । त्यस्तै गोरखाको तल्लो भाग र त्यसैसँग जोडिएको धादिङमा पनि मगरहरूको बाहुल्य देखिन्छ । अर्को सानो क्षेत्रमा उदयपुरको मध्यदेखि पश्चिमसम्म र यसैको समान पहाडी क्षेत्र सिन्धुलीका साथै ओखलढुङ्गा र रामेछाप भागमा पनि मगर बाहुल्य देखिन्छ । पश्चिममा सुर्खेत, दैलेख, कैलाली, सल्यानको केहि क्षेत्रमा र हिमाली जिल्ला डोल्पा

क्षेत्रमा पनि मगर बाहुल्य छ (चिढि २०७१ :४३) । मगरहरू बाहुल्यतामाथि उल्लेखित क्षेत्रमा भए पनि अहिले मगरहरू नेपालको ७७ वटा जिल्लाहरूमा छरिएर रहको छ ।

### १.३. मगरहरू बीच तराली मगर

नेपालमा बसोबास गर्ने मगरहरू बीच भाषिक तथा सांस्कृतिक रूपले विविधताहरू पाइन्छ । तिछुरोङ क्षेत्रका तराली मगरहरूको भाषा र सांस्कृतिक पक्ष अठार मगराँत र बाह्र मगराँतभन्दा बेग्लै खालको रहेकोछ । संस्कृति, परम्परा रितिरिवाजहरू वातावरणसँग अनुकुलनको लागि मानिसले चलाएको चलनहरू हुन । अनुकुलन गर्नको लागि सघाउ पुऱ्याउन बनाइएको चालचलन, रितिथितिहरू नै संस्कृति हुन् । संस्कृति भन्ने कुरा अडिक र यथास्थिति कहिले पनि हुँदैन । यो समय सापेक्ष र देशकाल परिस्थिति अनुरूपमा त्यसमा परिवर्तनहरू तथा केहि फेर बदलहरू भइरहन्छ । पूर्वउत्तरमा भोटक्षेत्र, पश्चिममा रूकुम, म्याग्दी, दक्षिण भागमा खसान क्षेत्र रहेको तिछुरोङ क्षेत्रका तराली मगरहरूको सम्बन्ध यिनै क्षेत्रका बासिन्दाहरूसँग रहेकाले तराली मगरहरूको संस्कृतिमा पनि यिनै क्षेत्रको केहि प्रभाव परेको पाइन्छ । तराली मगरहरू मिजासिलो, मिलनसार भएको कारण आफ्नो व्यापार व्यवसायलाई यथावत राख्न भोट क्षेत्रमा जाँदा भोटे नाम र खसान क्षेत्रमा जाँदा खसानी नाम योग गरी सुसम्बन्ध कायम गरेको पाइन्छ । यसरी व्यापार व्यवसायमा ति क्षेत्रहरूसँग नजिक भएको हुँदा, ति क्षेत्रहरूको केहि सांस्कृतिक प्रभावहरू पनि तराली मगरहरूमा झल्किन्छ (फिसर १९८७) । फिसर भने जस्तै केहि भोट र खसानको प्रभाव भए पनि तराली मगरहरूका आफ्नै मौलिक संस्कृति रहेको छ । भौगोलिका संरचना र विकटताका कारणले गर्दा अठार मगरातअन्तर्गत पर्ने तरालि मगरहरूको संस्कृति, भेषभुषा, भाषा र रहनसहन अन्य क्षेत्रका मगरहरू भन्दा केहि पृथक रहन गएको देखिन्छ ।

### १.४ तराली मगरहरूको थातथलो र भूगोल

तराली मगरहरूको थातथलोलाई सदियौंदेखि तिछुरोङ क्षेत्रका नामले परिचित भएको पाईन्छ । तिछुरोङको अर्को अर्थ, ति भनेको महत्वपूर्ण र निधि युक्त, छ्हु को अर्थ पानि र रोङ भन्नाले न्यानो बेंसी भन्ने अर्थ लाग्छ । महत्वपूर्ण निधि (पबित्र) पानी भएको, बनजंगल भएको न्यानो बेंसी क्षेत्र भएकोले तराली मगरहरूको थातथलोलाई तिछुरोङ भनिएको हो भन्ने पाइन्छ (बुढा २०७७) । तराली मगरहरूको थातथलोलाई इतिहासका बिभिन्न कालखण्डहरूमा राज्यबाट विविध नामकरणहरू गरिएको देखिन्छ, जस्तै नेपाल अधिराज्यको संबिधान २०१९ जारी भए पछि, तिछुरोङ क्षेत्रलाई दुई गाँउ पञ्चायतहरू शहरतारा पञ्चायत र लावन पञ्चायतमा बिभाजन गरिएको थियो । त्यसैगरी बि.स. २०४६ सालको जनआन्दोलन पश्च्यात देशमा पञ्चायत शासनको अन्त्य भएर बहुदलिय प्रजातन्त्रको उदय भयो । प्रजातन्त्रको उदयसँगै तिछुरोङ क्षेत्रमा पनि पञ्चायत कालको दुई पञ्चायतहरूलाई फेरि दुई गाँउ विकास समितिमा परिणत भएको थियो (शाही २०७५) । त्यसैगरी नेपालको संबिधान २०७२ जारी भएपछि संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघीय संरचनाअन्तर्गत तिचुरोङ उपत्यकालाई साबिकका दुई वटा गाउँ विकास समितिहरू गाभेर काइके गाउँपालिका भएको छ ।

### १.५ तराली मगरहरूको धर्म

धर्म मानव समाज विकासको आरम्भदेखि नै सामाजिक गठनमा संघटक अङ्गका रूपमा रहँदै आएको छ । वस्तुतः अलौकिक तथा अदृश्य शक्तिमाथिको आस्था र विश्वास नै धर्मको

प्रमुख लक्षण हो । तराली मगरहरू धार्मिक रूपमा बहुधार्मिक रहेका छन् । तिछुरोङ क्षेत्रका तराली मगरहरूले प्रकृतिको पूजा गर्नुका साथसाथै बौद्ध लामा धर्म र बोन धर्म अवलम्वन गरेको पाइन्छ । तराली मगरहरूको जन्म देखि मृत्यु संस्कारहरूमा बौद्ध लामाहरूलाई बोलाएर तिबेतेन लामा पात्रोलाई आधार मानी पूजाआजा गर्ने गरेको पाइन्छ भने बौद्ध लामा धर्म सँगसँगै मष्टो तथा बोन धर्ममा आस्था राखी मान्दै आएको पाइन्छ (बुढा २०७७) ।

### १.७ तराली मगरहरूको भाषा

तिछुरोङ क्षेत्रका तराली मगरहरूले मुख्य गरि दुई वटा भाषाहरू मगर काईके र मगर पोइके (तिछरोङ्के) बोल्ने गरेको पाइन्छ । काईके भाषा लोपन्मुख भाषा भएको र यसको बारेमा खोज अनुसन्धानहरू भएकोले यो भाषा मगरहरू बीच परिचित छ भने पोईके (तिछरोङ्के) भाषाको खोज अनुसन्धानहरू नभएकोले यो भाषा नयाँ जस्तै देखिए, पोईके (तिछरोङ्के) भाषा तराली मगरहरूले सधियौंदेखि बोल्दै आएको रैथाने भाषा हो । तराली मगरहरूको थातथलो तिछुरोङ क्षेत्रका गाउँहरू शहरतारा, टुप्पातारा, तारकोट, बेलुवा, र सामतिलिङमा काइके भाषा पनि बोल्ने गर्दछन् भने अन्य गाउँहरू गुम्बातारा, गुफा, रूख, कोला, ताचीन, खानी, भन्ठारा, लावन, वैजिबारा र चिलपारी गाउँहरूमा भने पोइके (तिछुरोङके) भाषा बोल्ने गरेको पाईन्छ ।

### १.८ तराली मगरहरूको भेषभूषा

तराली मगरहरूको भेषभूषाहरूको सम्बन्धमा पुरूष र महिला बिच फरकफरक खालको रहेको पाइन्छ । आजभोलि आधुनिकता सँगै पुरूषहरू भेषभूषाहरू भने महिलाहरूको तुलनाभन्दा धेरै आयातित रहेको पाइन्छ । तराली मगरहरू हिमालीक्षेत्रमा बस्ने भएकोले प्राय मोटो कपडा लगाउँछन् । तराली मगरहरूको मौलिक भेषभुषाहरू भएपनि अहिले बजारिया प्रभाव रहेको पाइन्छ र बिशेष गरि महत्वपूर्ण चाडवाड तथा उत्सवहरूमा भने मौलिक भेषभुषाहरू लगाउने गर्दछन ।  पुरूष तराली मगरहरूले दउरा-सुरूवाल, कम्मरमा बाक्लो-पटुका, जुवारी-कोट, ढाका-टोपी र काने-टोपी १४ आदि यहाँका पुरूषहरूको मौलिक भेषभुषा हो ।

तर आजभोलि विशेष चाड-पर्वहरूको बेला र केहि पुरूषहरूले बाहेक प्राय सबै जनाले चाहिँ बजारीया लुगा जस्तै-सर्ट, पेन्ट, स्वीटर, भेष्ट आदि पनि लगाएको पाइन्छ । तराली मगर महिलाहरूले बिशेष गरि लुङ्गी, चोली र पटुका लगाउदँछन् । टाउकोतिर बर्को र पछ्यौरी ओढ्ने गर्छन् । विशेष चाड-पर्वहरूमा रमाला र दुर्साइको परम्परागत लुङ्गी बस्त्र लगाउने गर्दछन् । टाउकोतिर बर्को र पछ्यौरी ओढ्ने गर्छन् । तराली मगरहरूको गर-गहना पनि आफ्नै किसिमको रहेको पाइन्छ । महिलाहरू घाँटीमा मुगाको माला (युरू), तिरौली (तिलौरी), चौकी (चन्द्र हारा), धुप (बाला), तुथो-माला, सिक्का-माला (रेजी) आदि लगाउने गर्छन् । त्यसैगरी कानमा 'तारिका' (चाँदिको-टप) 'मन्ना' (चेप्टे-सुन), रिङ, र नाकमा सुनको फुली आदि लगाउँछन् ।

### १.९ तराली मगरहरूको सामाजिक संस्कार

तराली मगरहरूको सामाजिक संस्कारहरू जन्मदेखि मृत्य संस्कारहरूमा माहायाना बौद्ध लामा धर्मको विधी परम्पराबाट गर्ने गरेको पाइन्छ । बच्चा जन्मेदेखि मृत्यु परान्तसम्म दुःख पर्दा होस या सुखको बेला होस लामाहरू ल्याएर

पूजाआजा गर्ने चलन रहेको पाइन्छ । बिबाहको बेलामा छेवाङ गर्न लामालाई बोलाउने गरिन्छ । फेरि बच्चा जन्मेपछि त्यही दिन वा भोलिपल्ट 'साँ' चोखाउन र न्वारन गर्नको लागि लामालाई ल्याउने गरिन्छ । बच्चाको छेवार गर्दा पनि लामा ल्याएर सगुन गर्ने गरिन्छ । साथै मृत्युको बेलामा पनि लामा ल्याएर बौद्ध लामाको विधि परम्पराअनुसार गर्ने गरेको पाईन्छ ।

**१.१०. तराली मगर जातिले मनाउने चाडपर्वहरू**

तिछुरोङ क्षेत्रका तराली मगरहरूले वर्ष भरिमा विविध चाडर्पवहरू मनाउने गर्दछन् । तराली मगरहरूको चाडपर्वहरूको शुरूवात नयाँ वर्षसँगै हुने गर्दछ जुन पौष वा माघ महिनामा हुने गर्दछ । तराली मगरहरूको चाडपर्वहरू बिशेष गरि तराली मगरहरूको कुल देवता च्योहोपता प्रति श्रद्धाभावका स्वरूप मनाउने गरेको पाइन्छ ।

च्योहोपता लाई तराली मगरहरूले परम पिता तथा पितृको रूपमा मान्ने गरेको पाइन्छ । त्यसैले तराली मगरहरू धार्मिक रूपमा बौद्ध र बोनसँगै प्रकृतिको र पितृ पूजा पनि गरेको पाईन्छ । नयाँ वर्षसँगै जोडेर आउने रूङ तराली मगरहरूको मुख्य चाड हो । त्यसपछि चैत्र महिनामा रूङ्मा (चैती) त्यसपछि क्रमश बैशाख महिनामा याचा/पुतुरूङ्बु र केजा, साउन महिनामा साउने संक्रान्ती, भदौ महिनामा पाज्वा, माघ महिनामा माघे संक्रान्ति, माघ महिनामा खल्मी, फाल्गुन महिनामा रूम्जोइ/दुम्जोई गरेर वर्ष भरी विविध चाडपर्वहरू मनाउने गर्दछन् ।

**निष्कर्ष**

नेपालको आदीबासी र मुलबासी मगरहरू बीच साँस्कृतिक, भाषिक र धार्मिक रूपमा विविधता भए पनि हामी मगरहरू एक हौं । मगरहरू बीच भएको विविधता हाम्रो साझा साँस्कृतिक सम्पदाहरू हुन् । मगरहरू बीच भएको साँस्कृतिक, भाषिक र धार्मिक विविधता युक्त सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्दै मगर एकतालाई जोड गराउनु आजको आवश्यकता हो ।

शुरूवाती चरणमा मगर सभ्यताको एउटै रूप भएपनि मानव जीवनको जनजीविकाको लागि मगरहरू विविध भूगोलमा छरिन पुगेको र त्यसै दौरानमा भौगोलिक विकटता र जनसम्पर्कको अभावजस्ता कारणले मगराती सभ्यताभित्र मगरहरू बीच विविधतायुक्त संस्कृति, भाषा, र धर्मको विकास भएकोले मगरभित्र रहेको विविधतालाई आत्मसाथ गर्दै मगर एकता हुन जरूरी छ । एउटा मगर भाषीले अर्को मगर भाषीको अस्तित्व नस्वीकार्ने, एउटा क्षेत्रको मगरले अर्को क्षेत्रको मगरलाई अस्विकार गर्ने गरिनु हुँदैन । हाम्रो साझा पहिचान मगर र मगरात सभ्यताभित्र रहेका सबै भाषा, धर्म र संस्कृति सबैको अस्तित्व समदृष्टिबाट सम्वर्द्धन र संरक्षण गर्नु हामी सबै मगरहरूको साझा दायित्व हो ।



सञ्जोग लाफा मगर

# गोरेबहादुर खपाङ्गी मगरको व्यक्तित्व र योग्दान

प्रोफेसर बन्ने मुख्य उद्देश्य थियो गोरेबहादुर खपाङ्गी मगरको । प्रोफेसर बनेपछि विद्वान, वुद्धिजिवी अनि राम्रो मान्छे भनेर समाजमा मान्यता पाइने भएकोले त्यही सोंचले अध्ययन गर्न थालेका थिए । आर्थिक अवस्था कमजोरीले तत्कालिन डीएसपी खड्गजित बराल मगरलाई मामा (ससुरा) ले भनसुन गरी इन्सपेक्टरको लागि फर्म भरेर पनि भर्ति हुन र भारतको एयरफोर्समा नाम निक्लिएर अन्तरवार्तामा पास भए पनि गुलामी गर्न गएनन् । कहिले जुट मिल बिराटनगरमा, कहिले सुर्ति विकास कम्पनी जनकपुरमा जागिरे र कहिले रामेछाप गौरीशंकर हाईस्कूलमा हेडमास्टर बनेपछि नेपाल राष्ट्रिय शिक्षक संगठनको संस्थापक सदस्य बने । बामपन्थी राजनीतिको जेलनेल अध्ययनभन्दा राजनीतिक सक्रियताले प्रोफेसर बन्ने तुषारोपात भयो । मालेमा पनि जनजातिको सवाल लिएर द्धन्द चुलिएपछि दास बन्नुभन्दा स्वतन्त्र रहनु उचित ठानेर बहुदल स्थापना हुनु अघिनै कम्युनिष्ट परित्याग गरे । एम.एस. थापा मगरसँग मिलेर नेपाल राष्ट्रिय जनमुक्ति मोर्चा (२०४७) पार्टी स्थापना गरेर राजनैतिक चेतना र अधिकारको लागि अहोरात्र खटे । मगर संघको संस्थापक सदस्यदेखि अध्यक्षसम्म भएपछि ६५ जिल्लाका मगर गाउँघर पुगेका थिए उनी । बाँकी जिल्लाका मगरसंग भेटघाट गरिरहन्थे । भारत, भुटान र बर्माका मगरसँग सम्बन्ध विकास गरेका थिए । विदेशमा स्थायी रूपमा वसोवास गरेका मगरलाई संघ स्थापना गर्न प्रोत्साहित गरेकोले दर्जनभन्दा बढि मुलुकमा संघ स्थापना भयो । मगर मुक्ति र गौरवको विचार सम्प्रेषण गर्न विदेशस्थित मगर संघको कार्यक्रममा चेतना छर्न पुगेका पनि थिए ।

**मगरको अवस्था**

राज्यको अहिलेको स्वरूप बन्नुभन्दा पहिले मगर राज्यका राजा, रजौटा, मुखिया भई राज्य सञ्चालन गरेको लिखित इतिहास पाउँछौं । कोतपर्व घट्नु पूर्व राजदरबारमा

मगर भारदारको पहुँच शक्तिशाली थियो । रानीलाई खोपीमा प्रत्यक्ष भेट्न सक्ने हैंसियत थियो । त्यही भएर प्रोफेसर, डा. बालकृष्ण पोखेल भनिरहन्थे, 'मगरको इतिहास विनाको नेपालको इतिहास अधुरो छ ।' यही मगरको इतिहासलाई सगौरवकासाथ खपाङ्गीले मगरको मञ्चबाट धेरैपल्ट मगर गौरवताबारे प्रष्ट पारेका थिए । मगर इतिहास विकृत र मिथ्या लेखिएकोले मगरलाई चेतना भर्न गौरवको इतिहासले दिमाग खलबलाई दिन्थे । गौरवशाली इतिहास बोकेको तिनै मगर घोडाको नाम बिर्सिएर लिदी र घाँस बोकेर भौंतारी हिंडेका मालिक झैं भौंतारीएका मगरको निमित्त पहिला मगर जातीय गौरव र मगर मुक्तिको लागि काम गरेका थिए ।



**नेपाल मगर संघ**

नेपाल मगर संघभन्दा पहिले लाङ्घाली (गाउँले) संस्थाको नामले बढि चिनिन्थ्यो । लाङ्घालीभन्दा पहिले चेतनशिल मगरले समाज सुधार, समाज कल्याण र बनभोज, स्थानीय भेटघाट र छलफलको माध्यमवाट संस्थागत विकास गरेका थिए । २०३७ सालमा सूर्यबिनायक भक्तपुरमा भएको लाङ्घाली बनभोजमा पहिलो पटक सहभागी भएर पूर्वाञ्चल क्षेत्रको प्रतिनिधित्व गर्दै 'मगरको इतिहास यहाँ च्यातिएको फाटिएको छ । च्यातचुत पारेर कन्तुरमा थन्काइएको छ । र हाम्रो इतिहास आफैले लेख्नुपर्छ हाम्रो जिम्मेवारी यो हो । भोज भतेरमा मात्रै मगर समाजलाई नलैजाउँ । राष्ट्रियस्तरको संस्था बनाउँ' भन्ने प्रस्तावित भाषणले सुरेश आले मगर प्रभाबित भएर सो प्रस्ताब त्यहीं नै पारितले राष्ट्रियस्तरको मगर संघ गठन गर्नमा बुस्टरको काम गरेका थिए ।

पहिलो ऐतिहासिक महाधिवेशन (२०३९) दमौली तनहुँमा भएको बन्दसत्रमा झण्डामा खुर्पेटो राख्ने तर खुर्पेटोमा खुर्पा राख्ने वा नराख्ने भन्ने विवाद भएछ । खपाङ्गी मगरले राख्ने भनेछन् । पछि त बामपन्थीले राख्ने र काँग्रेसहरूले नराख्ने भनेछन् । बाबुराम राना र जयबहादुर हितानहरूले नराख्ने भनेर ढिपी कसेछन् । हलमा एकजना व्यक्तिले 'पूर्वका मगर प्रतिनिधीहरू कम छन् । तिनीहरूले भनेको कुरा मान्नुपर्छ भन्ने केही जरूरी छैन' भन्दै खुर्पा नराख्ने भनेछन् । त्यसपछि प्रतिनिधि माझ विचार व्यक्त गर्दै 'भीडले निर्णय गर्ने हो कि ज्ञान विवेकले निर्णय गर्ने हो ?' खपाङ्गी मगरले प्रश्न गरेपछि सबैले खुर्पा राख्नेमा थपडी बजाएर समर्थन गरेछन् । तपाईंलाई क्षेत्रीय लाञ्छणीक दर्शाउँदै खुर्पा नराख्ने को मगर थिए भनेर मैले एकपटक सोधेको थिएँ । उहाँले आफ्नै शैलीमा हाँस्दै भन्नुभयो, 'अरू को हो हुनुनी । हाम्रै डा. हर्षबहादुर बुढा मगर हुन् ।'

**मगर गौरव**

चौथो राष्ट्रिय महाधिवेशन (२०४८) काठमाडौं लाङ्घालीवाट नेपाल मगर संघ भएपछि मगरमा गौरव बढाउन मगरका विभूति, देशका प्रथम शहीद लखन थापा मगरलाई प्रथम शहीद घोषणा गर्न सरकारसँग माग गर्ने निर्णय गरेको थियो । मगरको सभा, सम्मेलनमा लखन थापाको बलिदानी प्रजातान्त्रिक आन्दोलन र तानाशाही एकतन्त्रीय जहानीया राणा शाषकका प्रवर्तक जङ्गबहादुर राणाविरूद्ध शसस्त्र क्रान्ति गरेर झुण्डाई मारेका थापा देशको पहिलो शहीद हुन् भनेर जनमानसमा वकालत जनपैरवी गरिरहे । अन्तर्क्रिया, गोष्ठी, छलफलसहित सरकारलाई ज्ञापनपत्र पटकपटक बुझाए । प्रतिनिधिमण्डलको रूपमा प्रथम शहीद घोषणा गर्न दवाव दिन थाले । बाध्य भएर २०५६ फागुन ११ गते कृष्णप्रसाद भट्टराईको सरकारले १२५ वर्षपछि लखन थापामगरलाई शहीद घोषणा गर्‍यो ।

शहीद घोषणाले प्रथम शहीदको नै अपमान गरेकोले प्रथम शहीद घोषणा गर्न दवाव दिन थाल्यो । प्रथम शहीद लखन थापा मगर स्मृति प्रतिष्ठानले पनि इतिहासकार, रेग्मी रिसर्च सेन्टरको दस्तावेज, प्रतिवेदन प्रमाणस्वरूप पेश गर्दै नेपाल सरकारलाई ज्ञापनपत्र बुझायो । संविधान सभा व्यवस्थापिका संसदमा मगर सभासद् समुह र समर्थक सभासद्को हस्ताक्षर तत्कालिन सभासद शिवलाल थापा मगरले जरूरी सार्वजनिक महत्वको प्रस्ताव र व्यवस्थापिका संसदमा पनि सोही प्रस्तावलाई जोड दिँदै प्रथम शहीद घोषणा गर्ने आधार र अकाट्य प्रमाणहरू हुँदा पनि अझसम्म घोषणा नगरिएको प्रथम शहीदप्रति अपमान भएको ध्यानाकर्षण जोडकासाथ गरेपछि सरकार बाध्य भयो । प्रधानमन्त्री सुशील कोइरालाको मन्त्री परिषदले २०७२ असोज ३ गते संविधान जारी गरेको दिननै फितलो निर्णय गरेर १३९ वर्षपछि प्रथम शहीद घोषणा गर्‍यो । दुःखको कुरा नेपाल सरकारले लखन थापा मगरलाई प्रथम शहीद घोषणा गरेको खपाङ्गी मगरले सुन्न पाउनु भएन ।

लेञ्जा जजा मास्टो मीजा पट्टके स्कूल पढिसाक्के
ईसआस टेम माछान्ले है सेन ड भाक्के...
छोरा र छोरीलाई स्कूल पढाऔं
लैङ्गीक विभेद कहिलै नगरौं

मगर आदि कविद्धयको यि कविताको हरफ सारगर्वित मन्तव्यको क्रममा उद्घोष गरिहाल्थे । गौरवकासाथ भन्थे जीतबहादुर सिंजाली मगर र रेखबहादुर थापा मगर मगरको आदिकवि हुन् । जसले मगर भाषामा पहिलो कविता लेखे 'मगर भाषाङ ल्हीङ ड टुक्कावौ किताब' कविता संग्रह लेखे । मगर भाषा जीवित राख्न साहित्य सिर्जना गरे । भाषाको ज्ञानलाई मगर गाउँघरमा बाँडी हिडे । तर, हाम्रो कलिलो मगर बालबालिकाको मनमस्तिष्कमा आदिकवि भनेको भानुभक्त आचार्य घोक्न लगायो, पढ्न लगायो । आदिकविको सर्त भनेको भाषामा पहिलो कविता लेख्ने व्यक्ति हुन् । त्यसैले भानुभक्तले मगर भाषामा कुनै एउटा कविता लेखेको छैन । कसरी उ मगरको आदिकवि हुन सक्छ ? उ खस भाषा अर्थात नेपाली भाषाको आदिकवि हुन सक्छ । त्यो पनि विवाद छ भनेर दलिल पेश गर्थे र मगर आदिकविद्धयको मुक्तकण्ठले प्रशंसा गर्दथे । पाँचौ राष्ट्रिय महाधिवेशन (२०५१) घोराही दाङमा मगर आदिकवि घोषणाले सम्मान गरेको दिन खपाङ्गी मगर धेरै खुशी भएको मैले देखेको थिएँ ।

### जातीय मुक्ति

'डल्ली मगर्नी हो सुन मया
बोल्न मन लाग्दैन पीर पऱ्यासी...'

कुमार बस्नेतले गाएको गीत धक फुकाएर गाउँने सौन्दर्यको वर्णनले अपमान गरेको थाहा नपाउने मगरलाई मगर महिलाको सौन्दर्यप्रति अपमान गर्नु जातीय अपमान हो भनेर खपाङ्गी मगरले भाषण गरेको एक महिनापछि बुटवलमा आयोजित सांगीतिक कार्यक्रममा मगर युवाहरूले कुमार बस्नेतलाई माफी माग्न लगायो र रेडियो नेपालमा गीत प्रतिबन्ध गर्न दवाबले गीत बज्न छोड्यो र अहिलेसम्म सञ्चार माध्यमबाट बजेको छैन । प्रविणता प्रमाणपत्र तहमा भिमनीधि तिवारीको शिलान्यास नाटक अध्ययनले मगरको अपमानित गरेको र मगर विद्यार्थीहरूमा हिनताबोधको असर परेको कुरालाई उनले सामाजिक मुद्दा बनाएपछि पाँचौ राष्ट्रिय महाधिवेशन (२०५१) घोराही दाङमा मगरले शिलान्यास नाटक पहिलो पटक जलाए । धेरै ठाउँमा जल्न थाल्यो र विश्वविद्यालयको कोर्षबाट पनि हटायो ।

समाजशास्त्रीले भन्दा पहिलानै जातीय समस्या देखेका खपाङ्गीले हिन्दू धर्मको दलदलमा फँसेका मगरलाई निकाल्न मगर मुक्तिका लागि गरेको केही प्रयत्नहरू निम्न छन् ।

### थरको पछि मगर जाति

मगरको कोखवाट जन्मिनु अभिसाप जस्तै ठान्ने मनोवृत्तिका मगरले प्रत्यक्ष मगर भन्न ठूलो हिम्मत गर्नु पर्दथ्यो । अधिकांश मगरले थर-उपथर मात्र लेख्थे जाति लेख्दैन थिए । यसको पछाडि नेपाली समाजको विभेदपूर्ण जातव्यवस्था प्रमुख कारक अर्को मगरको पराजित मानसिकता थियो । 'मगर जातिका कैयन थर-उपथर अन्य जातिका थर-उपथरहरू सँग मिल्ने भई भ्रम उत्पन्न हुने भएकोले तथा मगर जातिका थर-उपथरहरू पनि थुप्रै हुने हुनाले को मगर ? को अमगर भन्ने स्पष्ट नहुने भएको हुँदा अब उप्रान्त आफनो नाम तथा थर-उपथरपछि मगर शब्द अनिवार्य थप्न सम्पूर्ण मगरहरूलाई यो दोस्रो राष्ट्रिय महाधिवेशन जोडदार आव्हान गर्दछ ।' (लाङ्घाली, मुखपत्र वर्ष ५ पूर्णाङ्क २, २०४४ कार्तिक) भनेर प्रस्तावको माहोल सिर्जना गरेका थिए गोरेबहादुर खपाङ्गी मगरले ।

### दशैं परित्याग

नेपालमा जातिवाद छ । त्यो जातिवाद भनेको ब्राम्हणवाद नै हो । ब्राम्हणबाद निख्खर रूढीवादीको पराकाष्ठा थियो । नेपालगञ्जको तेस्रो महाधिवेशन (२०४५) ले दशै परित्यागको निर्णय पारित गराएपछि मगरलाई सचेत गराउन दशैं परित्याग ठूलो कडी थियो । दशै परित्याग मुद्दालाई प्रमुख मुद्दा बनाएर जोडले आव्हान गर्नेमा गोरेबहादुर खपाङ्गी मगर र सुरेस आले मगर थिए । उनीहरूले बाहुनलाई दशैं छोड भनेनन् मगरलाई मात्र दशैं मान्न छोड परित्याग गर्दै जाउ भनेका थिए । दशैं परित्याग र बहिस्कारको विषयमा बुझाउन धेरै समय खर्चेका थिए । दशैं परित्यागको प्रभाव भुसको आगो झैं फैलिएपछि महान चाडको रूपमा मानिरहेका अधिकांश मगरहरूले परित्याग गर्न थाले । हिन्दू संस्कार अपनाएका मगरले दशैं मान्न छोडेन । पार्टीबाट मन्त्री बनेका गोरेबहादुर खपाङ्गी मगरले राजाको हातबाट टिका लगाएपछि राष्ट्रघाती काम गरेजस्तै केही मगरहरूले मिडियामा ठूलो फोटो छापेर रातारात प्रचार गरे भने केही मगरहरूले पुनः दशैंमा टिका लाउन शुरू गरे । केही मगर विद्धानले दशैं मगरको चाड हो भनेर भ्रामक विद्धता पस्कन थाले । उनी मन्त्री नियुक्त मगर संघको अध्यक्ष भएर होकी

पार्टीको नेता भएर हो ? दशैंमा उनले लगाएको टिका राजनैतिक हो की ? सांस्कृतिक ? केही नखुट्टाई यो बारेमा कसैले बोलेका छैनन् । हाम्रो अवचेतन अहिले पनि भुरा र चेपागाँडा एउटै देख्ने मानसिकता बोकेर बाँचेका छौं । दशैं परित्यागको निर्णयले मगर राष्ट्रिय पर्व माघे सकराती स्थापना भएको छ ।

**मगर कर्मकाण्ड**

प्रायशः मगरको नाम हिन्दू देवी देवताको छ । बाहुन पुरेतवाट गराइने कर्मकाण्डले मानसिक दास र हिन्दू संस्कारको चरम प्रभावले आफ्नो अस्तित्व गुमाएका थिए । साँस्कृतिक पुनर्योजन र अस्तित्वको लागि खपाङ्गी मगरले जन्मदेखि मृत्युसम्म मगर कर्मकाण्ड र मगर कुटुम्बवाट गर्न मगर संघबाट निर्णय गराएपछि ब्राम्हणवाद लादेर बाहुनले मगरलाई कसरी शोषण गरेको छ भनेर चेतनाको बिगुल फुके । बच्चा पाउने मगर नानी नाम राख्ने लुरे पुरेत बाहुन, नाम राख्ने अधिकार पनि बाहुनलाई दिएपछि शोषण गरेको कसरी थाहा पाउँछन भन्दै मगरलाई चेतनाको तिखो भालाले छेंड्न थाले । दिनमा एक लाख मगरले कर्मकाण्ड गरेबापत बाहुन पुरेतलाई रू. ५०० दान दिइयो भने पनि ५ करोड रकम दान गर्दो रहेछन् । अनि मगर आर्थिक रूपले गरिब, सामाजिक रूपले दास, हिनताबोधले बाँचेपछि कसरी अघि बढ्न सक्छ ? सामाजिक शोषणको उत्खनन् गरेको कारण धनकुटा र रामेछापको बाहुन पुरेतले मगर गाउँ छोडेर हिंडे । मिडियाले गलत दृष्टिकोण राख्दै गोरेबहादुरले बाहुन लखेट्यो समेत भनेर प्रचारबाजी गरेको थियो । सामाजिक कार्यमा पुनः कुटुम्बको प्रवेशले छोराछोरीको नाम मगर भाषामा शरिरमा मगर भेषभुषाले स्थान पाउन थाल्यो । कुटुम्बप्रति सम्मान मबाट हामी मगर हौं भन्ने भावनाको तिब्र विकास हुँदैछ । यसको श्रेय खपाङ्गीनै हुन् ।

**मगर बौद्ध धर्म**

बहुदल आइसकेपछि सिओल युर्निभर्सिटी कोरियाका Theology प्राध्यापकले खपाङ्गी मगरलाई 'मगरको धर्म के हो' भनेर सोधेछन्

'मगरको धर्म हुदैन' भनेछन्

'किन' भनेर सोधेछन्

'धर्म भनेको त पापको उल्टो हो । मगर जातिले पापनै गर्दैन भने धर्म किन खोज्नु पर्‍यो ?' जवाफले प्राध्यापक सार्‍है खुशी भएर 'म मेरो विद्यार्थीलाई यही बताउँछु ।' भनेर हिंडे छन् ।

मगरमा विविधता छ । भाषिक हिसावले बौद्ध धर्म र परम्परागत संस्कार र अधिकांश मगरहरूले चाहिँ आयातित हिन्दू धर्म मान्ने गर्दछन् । मगरको संस्कृति, संस्कार र परम्पराको हिन्दू धर्मसँग कुनै मेल छैन । धर्म भनेको जीवन पद्धतिलाई समुचित ढंगले अगाडि बढाउने दर्शन हो । Way of Life (जीवनको बाटो) पनि हो । त्यसैले जातिको धर्म निक्यौंल गर्नु अपरिहार्य नै भएकोले खपाङ्गीले कर्तव्य निर्वाह गर्दै हिन्दू धर्मको चंगुलबाट मुक्त गर्न नेपाल मगर संघले २०५५ असोज १, २ र ३ गते बिर्तामोड झापामा मगर संस्कार र धर्मसम्बन्धी अन्तर्राष्ट्रिय गोष्ठी गर्‍यो । गोष्ठीमा प्रस्तुत कार्यपत्रमध्ये एम.एस. थापा मगरको कार्यपत्रमा व्यापक छलफल भयो । निचोडमा मगर जाति अन्य धर्मभन्दा भाषा र संस्कृतिको दृष्टिकोणले बुद्ध धर्मसँग बढी सामिप्यता रहेकोले बौद्ध धर्म मान्नु उपयुक्त तर्कलाई सर्वसम्मतले पारित गरेको थियो । केन्द्रीय समितिको अनुमोदनले धरानको सातौं

राष्ट्रिय महाधिवेशन (२०५७) बाट पारित भएपछि बौद्ध धर्म मगर जातिको आधिकारिक र धर्मको अन्योलता सदाको लागि अन्त्य र व्यक्ति मगरलाई धर्म मान्न स्वतन्त्रता दियो । बौद्ध धर्म लाद्‌यो । धर्म भनेको नितान्त व्यक्तिगत स्वतन्त्रता हो भन्ने आरोपप्रति 'जबसम्म जातिको धर्म निर्क्यौल हुँदैन अथवा स्थापित छैन तबसम्म धर्म मान्नु व्यक्तिको स्वतन्त्रता हो भन्ने वाक्यको अर्थ छैन' भनेर धर्म लादेको लाञ्छनाप्रति खपाङ्‌गी मगर बहस गर्थे । २०५८ सालको जनगणनामा उनको नेतृत्वमा देशव्यापी अभियानले २४ प्रतिशत मगरले बौद्ध धर्म लेख्यो । सयभन्दा बढी विहार निर्माण भएको छ । कथित हिन्दू भएर जन्मेता पनि बुद्धिष्ट भएरै मरेका उनी मगर मुक्तिका मोक्षकर्ता थिए । तर, वर्तमान केन्द्रीय समितिको केही पदाधिकारीको बच्कना निर्णयले २०६८ को जनगणनामा धर्मको महलमा बौद्ध र प्रकृति धर्म लेख्न नमूना ढाँचा सर्कुलरले नेतृत्वको अक्षमता प्रष्ट झल्कायो ।

**जातीय अधिकार**

कम्युनिष्ट पार्टीले मेट्‌न नसक्ने गरी मगजमा वर्गीय चिन्तन मात्र कुंदेर राखेकोले जातिवादी कुरा गर्न त के सुन्न पनि मन नलाग्ने खालका थिए । मगरले आयोजना गर्ने पिकनिक कार्यक्रम साम्प्रदायिक ठान्थे । युनिभर्सिटीमा पढ्‌दा साथीहरूले मगरको पिकनिकमा जान कर गर्दा पनि जादैनथे । तिनै कट्टर कम्युनिष्टको मनमा कसरी जातीय चेतना विकसित भयो उनले आफ्‌नो फेसबुक आत्मकथा मगरमाला श्रृङ्‌खलामा लेखेका छन् – एकदिन मैले पढाइरहेको गौरीशंकर हाइस्कूल रामेछापमा आधादिन हिंडेर एकजना वृद्ध मलाई भेट्‌न आउनु भयो । गोजीबाट दुईवटा गुहारू, मिरू (अण्डा) झिकेर टोपीमा राख्दै टेबलमा राखिदिनु भयो । उनको चाउरिएको अनुहार, फुल्दै गरेको केश, फाटेको ठाउँमा टालेको कपडा, खाली खुट्‌टा भएपनि खुसी देखिनुहुन्थ्यो । गुहारूतर्फ देखाउँदै किन यो ल्याउनु भो ? म के सहयोग गरौं भनेंर सोधें । खुशी हुँदै केहि सहयोग गर्नु पर्दैन । सर हाम्रो जिल्ला (रामेछाप) मा पहिलोचोटी मगर ठूलो मान्छे भएर आएकोले तपाईंलाई भेट्‌न आएको हुँ । मगर परम्परामा ठूलो मान्छे भेट्‌न जाँदा खाली हात अशोभनीय हुने भएकोले घरकै गुहारू कोसेली लिएर आएको छु । वृद्ध मगरको हार्दिकताले गोरेबहादुर खपाङ्गी मगरलाई प्रभावितमात्रै पारेन, आफ्‌नो समुदायमा फर्कनसमेत बाध्य बनायो । रातभर मगर वृद्धको अनुहार र मगर जातिको तस्वीरले पच्छाइरहेको त्यो घटना उहाँले हामीलाई धेरैपटक सुनाएका थिए ।

बाल्यकाल रामनगर महोत्तरीमा क्षेत्रीको बच्चाहरूसँगै खेलेर हुर्केता पनि ब्रतबन्ध गरेपछि क्षेत्रीका तिनै साथीहरू तर्किने र सँगै बस्न नदिएपछि मनमा चस्का पसेको थियो । दश वर्षको उमेरमा गाउँको ठूली आमाको छोरा दाइसँग पूर्व गाँउ घुम्न जाँदाको घटना सम्झेछन्- एउटा घरमा बास बसेकोले राति खाना खान दिएछन् । सानै भएकोले खाना खाएर उठेछन खपाङ्‌गी 'ए भाइ हामी त मगरको जुठो भाँडा माझ्दैनौ तिमीहरूको भाँडा आफै माझ्नु है ।' दाजु भाईले खाएको थाल माझेछन् । त्यो घटना मनमा बिझेको रहेछ । गाउँमा मदनसिंह भेनाको भाउजुको घोंटमा कुसमाडीको खतिवडा बाहुनलाई कर्मकाण्ड गर्न बोलाएको रहेछ । दानको लागि जीवित हुँदा पहिरिए जस्तो नयाँ लुगा मागेछन् । पलङ पनि नयाँ मागेछन् । माग्नु पर्ने सबै नयाँ नयाँ कुराहरू मागेछन । त्यही बेला उनले 'ए पुरेत, मेरो दिदी त जाँड नखाउभन्दा पनि जबरजस्ती खाएर मरेको हो । उसलाई त जाड नभई हुँदैन । एक डबका जाड पनि ल्याइदेउ पुरेतलाई दिनुपर्‍यो । मेरो दिदीलाई लगिदिन्छ कि ?' भन्दा पुरेत चुप बसेछन । पहिलो चोटी दुःखको

क्षणमा पनि बाहुन पुरेतले गरेको भावनात्मक शोषणप्रति प्रतिकार गरेका घटनाहरू मानसपटलमा आउन थालेछ । मगर संघको मंचवाट मगरलाई स्वर्ग पुऱ्याउने मिथ्या शोषणको भण्डाफोर मात्र गरेनन् बाहुनहरूको कर्तुत छताछुल्ल नै पारी दिए ।

अमेरिकाबाट एकजना प्रोफेसर नेपाल आएको बखत एउटा कार्यक्रममा खपाङ्गी मगरलाई पनि बोलाएको थियो । नेपालको जातीयताको बारेमा अमेरिकन विद्यार्थीहरूलाई लेक्चर दिनुपर्ने दुई घण्टाको समयमा एक घण्टा लेक्चर र एक घण्टा सवाल जवाफ थियो । ति विद्यार्थीहरूले 'बाहुन र मगरबीच के फरक छ' भनेर सोधेछन् 'मगरले सुगुर पाल्छ तर बाहुनले कुकुर पाल्छ । मगरको छोराछोरी सुगुरको बच्चासँग खेल्छ । बाहुनको छोराछोरी चाहिँ कुकुरको बच्चासँग खेल्छ । मगरले सुगुरको मासु खान्छ तर बाहुनले कुकुरको मासु खादैन ।' भनेर जवाफ दिएछन् ।

माले पार्टीको निर्देशनमा खुल्ला रूपमा देखिने भातृ संगठन प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्चका सचिव पूर्णकालिन र भूमिगत रूपमा सञ्चालित बन्दी सूचना केन्द्रको सदस्य थिए । पार्टीले विदेश सम्बन्ध स्थापित गर्न सम्मेलनमा प्रतिनिधीहरू पठाउँथे । उनलाई कहिल्यै थाहा नहुने ।' तिब्र जातीय अन्तरविरोध भएको मुलुकमा सुकुम्वासी, सर्वहारा वर्गका भएतापनि भिन्न-भिन्नै जातिहरूको समाजमा वर्गीय एकता कायम हुन सक्दैन । '.....' जातीय अन्तरविरोध समाप्त भएपछि पूँजीवादको विकासमा मात्र वर्ग संघर्ष हुन्छ ।' (लेनिन संकलित रचना भाग-६) लेनिनको जातीय समस्या समाधानको विचारबारे छलफल र पार्टीमा पीडित जातिहरूबाट पोलिटव्यूरो नभए केन्द्रीय सदस्यमा राख्न प्रस्ताव राखेका थिए । यो साम्प्रदायिक प्रस्ताव भयो जेल जानुपर्छ, नेल खानुपर्छ अनि पो प्रतिनिधित्व पाइन्छ भनेछन नेताहरूले उनलाई । मोदनाथले पनि त्यसै भनेपछि 'तपाई पो जेल पर्नु भाछ खोई माधव नेपाल जेल परेका छन् । मदन भण्डारीनै जेल परेका छन्' त भनेर जवाफ दिएछन् । फलतः जिम्मेवारी विहिन बनाइयो । प्ररामञ्चको केन्द्रिय सचिव भएपनि बैठकमा बोलाउन छाडेछन् । थाहा नदिइकन प्रराममञ्चको अधिवेशन गरेछन् । शुरूमा कम्युनिष्ट पार्टीको सबै इमान्दार देखेको नेताहरू मदन भण्डारी, माधव नेपाल, मोदनाथ प्रश्रितमा कम्युनिष्टभन्दा ब्राम्हणबाद देखेपछि जातीय समस्याबारे मौन बसेकोले २०४५ साल अन्तदेखि पार्टीवाट अलग भए । बहुदल आइसकेपछि जनमञ्च पत्रिकामा 'नेकपा माले भन्ने पार्टीमा बाहुनहरूको बर्चश्व रहेछ' भनेर अन्तरवार्ता दिएपछि औपचारिक रूपमा नै नेकपा मालेबाट बाहिरिएका थिए । त्यसपछि एमएस थापासँग मिलेर नेपाल राष्ट्रिय जनमुक्ति मोर्चा (२०४७) पार्टी गठन गरेपछि पार्टीको महासचिव बने ।

नेपाल मगर संघको अध्यक्ष र पार्टीको महासचिव खपाङ्गी मगरले नेपालको प्रमुख समस्या जातीय नै हो । आदिवासी जनजाति, मधेसी, महिला, मुस्लिम र अल्पसंख्यकलाई राज्यको हरेक क्षेत्रमा आरक्षणको व्यवस्था र जातीय जनसंख्याको आधारमा राज्यको हरेक क्षेत्रमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने राजनैतिक मुद्दालाई प्रमुख बनाए । संस्कृति बनि सकेको लाहुरे प्रथामा आदिवासी जनजाति युवाको मोहलाई कटाक्ष गर्दै भन्ने गर्दथे, दुःखको मुहान तृष्णा हो बुद्धले भनेका थिए । नेपाली राजनीतिको सुखको मुहान सिंहदरबार हो । जुनसुकै व्यवस्थामा पनि ऐन, कानुन, नीति नियम नश्लीय भएकोले सत्ताको नौनी एउटै जातिले उपभोग गरेकोले राजनीतिमा जागरूक बन्न प्रोत्साहन गर्थे । तर, हाम्रो आदिवासी मगर युवाहरू दुइसय वर्षदेखि सिंहदरबारभन्दा पनि सिङापुर रफ्तारमा दौडि रहेकोले खपाङ्गी बारबार भनिरहन्थे- अब सिङ्गापुर होइन सिंहदरबार छिर ।



कविराज मगर

# मगर समुदायको लोकप्रिय संस्कृति नाँच 'हूर्रा/हूर्‌रा देउसी'

नेपालको पूर्वी भेगमा बसोबास गर्ने मगरहरूको वर्ष दिनमा एक चोटी रमाईलो गरी मनाइने लोकप्रिय संस्कृति नाँच हो हूर्रा/हूर्‌रा । वर्तमान अवस्थामा यो संस्कृति नेपाल अधिराज्यभरका मगरहरूको प्यारो संस्कृति बनेका छन । त्यसैले देशविदेशमा रहेका सम्पूर्ण मगर समुदायहरूको हरेक कार्यक्रममा सबैले रमाईलो गर्दै नाँच्ने गाउने गरिन्छ ।

यो संस्कृतिलाई 'हूर्रा नाँचने अथवा हूर्रा खेल्ने' दुवै भनिन्छ । हूर्रा र हूर्‌रा शब्द एउटै हो । हूर्रा नेपाली भाषाअनुसार हो भने हूर्‌रा मगर भाषाअनुसार हो । मगर भाषा वैज्ञानिक तरिकाले लानुपर्छ भन्ने मान्यता रहेकोले भाषा वैज्ञानिकहरूको अनुसार मगर भाषालाई जहिले पनि दीर्घ मात्र लेख्ने गर्नु र आधा अक्षर लेख्दा पनि आधा अक्षरको सट्टा पुरै अक्षर लेखेर त्यसको मुनी खुट्टा तानेर लेख्ने गर्दा उचित मानिएको छ । किनकी भाषा वैज्ञानिकको भनाइअनुसार प्रगति गर्ने मान्छे पछाडि फर्केर फेरि अगाडि बढ्ने होइन कि अगाडि बढेपछि अगाडि नै बढेको बढेकै गर्नु पर्छ । त्यसैकारणले लेख्दाखेरी एउटा अक्षर लेख्यो अगाडि पुगेर फेरि पछाडि कलमलाई ल्याउनुभन्दा दीर्घ मात्र लेख्दै अगाडि लम्किनु पर्छ भन्ने वैज्ञानिकअनुसार हूर्रा शब्दलाई हूर्‌रा लेखिएको हो । जस्तै मिक वा मिमिक भनेको आँखा हो यसलाई मिमिक भनेर लेख्न सकिन्छ । तर मगर भाषाको हकमा ह्रश्व र दीर्घ लेख्दा कुनै फरक चाहिँ पर्दैन ।

यो नाँच तिहारे औंसीको रातदेखि शुरू गरेर भाइटिकाको रातसम्म खेल्ने गरिन्छ । तिहारे औंसी आउनुभन्दा पहिले सबैले आवश्यक पर्ने चाजो बाजोहरू तयार पार्छन् । जस्तैः- अन्न बाली थन्काउँछन्, दाउरा-घाँस थुपार्छन्, जाँड रक्सी तथा तीनपाने रक्सी पार्छन् साथै आफूलाई आवश्यक कुराहरूको सबै जोरजाम गरिन्छ । आआफ्नो घरलाई रातो, सेतो र कालो जस्ता कमेरो माटोले लिपपोत गरि चिटिक्क पार्छन् । मगर समुदायमा घरभित्र र बाहिरका सबै कामहरू महिला तथा पुरूष बराबरी मिलेर एकआपसमा काम गर्ने गर्छन् ।

तिहारे औंसीको दिन विहान महिलाहरू लक्ष्मीपूजाको लागि रोटी पोल्नलाई पिठो कुट्छन् भने ठिटा र बुढापाकाहरू मिलेर रमाइलो गर्न लिङ्गे पिङ बनाउँछन् । पिङ शुभारम्भ गर्न र तिहार भित्र्याउन दुई जना पुरूषले महिलाको भेषमा गुन्यू, चोलो, माला र मजेत्रो आदी पुरानो संस्कृतिको पहिरन लगाएर मारूनी नाँच नाँच्ने गर्छन् । एक जना पुरूष दर्शकहरूलाई मनोरन्जन गराउन मुकुण्डो लगाएर, आगोबाट निस्केको कालो मोसो अनुहारमा दलेर 'जोकर लाहुरे' बनेर अभिनय गर्छन् । जसलाई 'धतुरे वा जोक्कर' पनि भनिन्छ । त्यसपछि दुईवटी कन्या केटीहरूलाई पूजाको सामान बोकाएर नाँचदै, गाउँदै रमाइलो गर्दै सबैजना लिङ्गे पिङ् भएतर्फ लाग्छन् । पिङको वरीपरी तिनफन्को घुम्छन् र पूँजा गर्छन् । पिङको उद्घाटन गर्दा सबैभन्दा पहिले कन्या केटीहरूले नै पूजा गर्ने गर्छन् । त्यसपछि मात्र अरूले खेल्ने गर्छन् ।

दिउँसो सबै गाउँलेहरू भेला भएर भैलो औसी बजार भर्न, मादलको स्वर मिलाउन हूर्राको अगुवाहरू मादल, झ्याली(मझेरी) र मुरली बजाउँदै रमाइलो साथ बजारतर्फ लाग्छन् । मुढेवासवाट बजार पुग्न लगभग दुई घण्टा हिड्नु पर्छ । यो बजार समुन्द्री सतहबाट लगभग २२०० फिट अग्लो ल्वाकुम थुम्काको काखमा अवस्थित धनकुटा, मोरङ र पाँचथर गरि तिनवटा जिल्लाको केन्द्रमा पर्ने 'सउरे' भन्ने ठाउँमा लाग्छ । जहाँ टाढा टाढावाट बजार भर्न मानिसहरू आउँछन् । हूर्रा खेल्नलाई तयार पारेको मादलहरू राम्रो बज्ने र बलियो बनाउन भोटेकहाँ ल्याउने गर्छन् भने मादलको स्वर राख्न, खरी लगाउन भोटेहरू पनि बजारमा आउँछन् । मादल बनाई सकेपछि रक्सीको बोतल र केही पैसा राखी भोटेहरूलाई बिदा गर्ने चलन छ । वल्लो गाउँ वा पल्लो गाउँको पालै पालो गरी हूर्रा खेल्न निम्ता गरेमा सोही बजारमा सबै गाउँलेहरू भेला भएर हुल बाँधेर जाने गरिन्छ । बजारको बीचमा ठूलठूलो जोडी ढुङ्गा भएको देवी देवताको थानमा मादल, मुरली, मझेरी, मुर्चुङ्गा बिनायो जस्ता बाजाहरूलाई पूजाआजा गरि तिन फन्को घुम्दै कुनै पनि देवी देवता नबिग्रियोस्, बोक्सी धामी नलागोस्, बाटो घाटो हिड्दा, डाँडाकाँडा काट्दा दुःख बिमार नहोस्, मादल, मुरली र झ्याली नफूटोस् र वर्ष दिनको चाँड रमाईलो होस् भनी प्रार्थना गरी मादल बजाउँदै रमाईलो गर्दै घर वा गन्तव्यतिर फर्किन्छन् ।

लक्ष्मी पूजाको लागि साँझमा घरघरमा दियो वत्ति बाल्छन् । सोही राती कन्या केटीहरू मुखिया बाकोमा गई भैलो खेल्नलाई अनुमति माग्छन् । मुखिया बाले पनि वर्ष दिनको चाँड रमाइलो गर्नु भनि मादलमा ठोकन लगाई अनुमति दिनुहुन्छ । बुडापाकाहरूसँग खोज अनुसन्धान गर्दा– पुर्खाहरूको पालामा वा शुरूवातकालमा औसीको रात भाले नबसुन्जेलसम्म कन्या केटीहरूले मात्र भैलो वा भैली भैली भन्दै खेल्ने चलन थियो भने भोलि पल्टदेखि मात्र पुरूषहरू भाइटिकाको रातसम्म देउँसी देउँसी भन्दै देउँसी खेल्ने चलन थियो । त्यसपछि यदि भाइटिकाको रातबाट पनि खेलिएमा मुखिया बाले झ्याली पिटी वा उर्दी जारी गरि देउसी खेल्न बन्द गर्नुहुन्थ्यो । यदि मुखिया बाको आदेश नमानिएमा कारवाही गर्नुहुन्थ्यो । पछि २००७ सालको पछि प्रजातान्त्रिकको आगमन पश्चात मात्र समयसँगै परिवर्तन हुँदै गए पछि महिला पुरूष सबै मिलेर एकै ठाउँमा र एकै चोटी हातमा हात मिलाएर काँधमा काँध मिलाएर, खुट्टामा खुट्टा मिलाएर हूर्रा खेल्न शुरू गरिएको हो ।

हूर्रा, पुर्खाहरूको पालामा हूर्रा भन्ने शब्द नै थिएन । देउँसी नै भन्ने चलन थियो । हूर्रा भन्ने चलनपछि आको पाइन्छ । हामीले कुनै पनि विजय उत्सव मनाउँदा जस्तै भलिबल, फुटबलजस्ता खेलमा प्रथम हुदा खुशी भएर 'हिप हिप हुर्रे' भनेर हर्षेलासका साथ नारा लगाउँछ, रमाउँछ । त्यस्तै हूर्रा खेल्दा एक प्रकारको मजा, हर्ष, उल्लास भएर खुशी भएर उफ्रिन्दा हुर्रेबाट हूर्रा भनेको भनाई पाइन्छ भने अर्को देउसी खेल्दा एक ठाउँबाट अर्को ठाउँमा ठूलो हुल भएर

जाँदा मगर भाषामा हुल भनेको समूह हो र राहा भनेको आयो हो । 'हुल राहा, हुल राहा' भन्दा भन्दै हूर्रा भन्न पुगेको हो भन्ने पनि गरिन्छ ।

देउसीरै, प्रत्येक वर्षको कार्तिक महिनामा एक चोटी तिहारे औंसी आउछ । सोहि समयमा बलि हाङ (राजा) (बल्ढ्याङगारा राना मगर)को हुकुमैले तिहारे औंसीको रातदखि भाइटिकाको रातसम्म कार्तिके दान माग्ने, लिने र दिने भनि हुकुम दिईएको छ । देउसीरैको अर्थ, देउ भनेको कार्तिके दान देउ भनेको हो । सिरै(शिरै) भनेको शिरदेखि पुच्छरसम्म घरमा केके छ त्यो सबै कुरा देउ अथवा दिनु भनेको हो । किनकी भट्याउनेले ए हाई हाई, ए देउसी रे ! भाइ, ए भनभन भाइ हो भनेर फलाक्दा अरू देउसी खेल्नेहरूले वा नाँचनेहरूले देउसी रे !, देउसी रे ! भनेर साथ दिने गरिन्छ । किनभने यो नाँच वा देउसी भनेको विशुद्ध तिहारे औसीको रातदेखि मात्र खेल्ने गरिन्छ । कार्तिकमा भनेको जो कसैले कसैको घरमा हूर्रादेउसी खेलेर वा कुनै नाँचगान गरेर वा एक्लै वा समुहमा गएर माग्न पाईन्छ । त्यो संस्कार पनि छ । अरू समयमा माग्न पाइदैन र सुहाउदैन पनि । माग्नु आउनेलाई वा जोकसैलाई कार्तिके दान दिएर आफ्नो ग्रहदशा भगाउने चलन पनि छ । यसरी नै तिहारमा देउसी खेल्नेहरू पनि मिल्ने मिल्ने एक हुल भएर वा पुरै गाउँकाहरू भेला भएर कुनै ठाउँमा वा घरको आँगनमा देउसी खेल्न जाने गरिन्छ । खेल्दाखेरी सोहि घरकाहरूसँग फलाकेरै हामी यहा देउँसी खेल्न आएका हौं भनेर अनुमति मागेर खेल्दछ । त्यसपछि घरबेटीले ल है योपालीको वा यो सालको देउसी सबै जना रमाईलो गरि खेल्नु पर्छ भनेर अनुमति दिईएको हुन्छ । त्यसपछि भट्याउनेले वा देउँसी खेल्नेहरूले दान माग्दाखेरी ए हामी त्यसै, आएका होइन, ए बलि राजाले पठाएका, ए तीन दिन तिहार, ए पाच दिन दशैं, ए मनाउँदै आएको, ए छानामाथि घिरौला, ए केके दिन्छ हेरौंला, भनेर अनि बलिराजाको कथा ल्याएर भट्याएको हुन्छ । खासमा तिहारमा एउटा कार्तिके दान माग्ने नै हो । सोहि क्रममा देउँसी खेल्नेले घरबेटीलाई देउँसी रे, देउसी रे भनेर दान देउ र दान दिंदा भरसक सबै भएभरको देउ भनिएको नै हो । त्यसैलै भट्याउनेसँगसँगै साथ दिएर देउँसी रे भनिएको हो । अनि यसरी देउँसी रे देउँसी रे भनेर त्यो समयमा खेल्नेलाई नै देउँसी भन्न पुगेको हो भन्दा कुनै अतियुक्ति नहोला । तर यसमा सबैले आआफ्नो तरिकाले व्याख्या विश्लेशण गरिएको पाइन्छ ।

अर्को कुरा देउस्याहा पनि भनिन्छ । 'देउ' भनेको दिनु भनेर खेल्नेहरूलाई भनेको हो 'स्याहा' भनेको हाम्रो मगर भाषामा नाँचनेलाई भनिन्छ । त्यसैले बुढापाकाहरूले ऊ देउस्याको राहा (देउसी खेल्नेहरू आयो) भनिन्छ । त्यसैले हूर्रा र देउँसी एउटै हो । हूर्रा शब्दपछि रमाईलो गरेर खेल्दै जादा हूर्रा भन्न पुगेको हो भने देउँसी भनेको तिहारमा कार्तिके दान मागेर खेल्नेले भट्याउने साथ देउँसी रे ! देउसी रे ! भनेर खेल्ने लिने नाँचलाई नै देउँसी भनिएको हो । यो नाँच कार्तिकमा तिहारे औंसीको रातबाट मात्र खेलिने चलन हो । अन्य कुनै समयमा खेलिएमा एक त मुखियाबाले बन्द गरि हाल्थ्यो भने अर्को अन्य समयमा खेल्न र दान माग्न सुहाउँदैन पनि । पहिले त अलिक ढिलोसम्म देउँसी खेलेमा हैट अहिलेत देउँसी खेल्न सुहाउँदैन फलना ठाउँमा त अझै खेल्दै छरे बिग्रिएछ भनेर एक आपसमा बिल्ला पनि गरिन्थ्यो । अहिले आएर मात्र अलिक राम्रो कार्यक्रममा जहिले पनि खेल्न थालिएको हो । त्यसैले हूर्रा/हुर्रा र देउसी भनेको एउटै भएकोले हूर्रा देउँसी वा हूर्रा देउसी एउटै भन्न र लेख्न पुगेको हो ।

हूर्रा देउसीको शुरूवात विक्रम संवत १८८० को दशकमा भएको अनुमान गर्नुहुन्छ प्र.अ. तथा हूर्राविद् शम्भु राना मगरज्यूले । यस हूर्राको उत्पति वा उद्‌गमस्थल धनकुटा

जिल्ला मुढेवासमा नै भएको हो भनेर किटान गर्नुहुन्छ प्र.अ. राना मगरलगायत गाउँका मारूनीविद तथा अग्रज स्व. नर बहादुर केप्छाकी मगर, प्र.अ. अग्नी सारू मगर, शिक्षक तेजबहादुर सारू मगर, कलाकार डीएन.पाङ्मी मगर, यसैगरी मोरङ जिल्ला लेटाङका अग्रजहरूः–नन्दकुमार याडी मगर, पूर्णबहादुर पुलामी मगर, धन बहादुर आले मगर, तिलबहादुर पाङ्मी मगर आदीले निर्माता यानीमाया ग्रुप प्रा.लि.को वृत्तचित्र हूर्रामा आ–आफ्ना धारणाहरू व्यक्त गर्नुभएको छ कि यो संस्कृति मुढेबास मै उत्पति भएर पछि मोराङ, सुनसरी, झापा लगायत विभिन्न ठाउँमा बसाई सराई गरेर जादा र छोरीचेलीहरू घरजम गरि जाँदा सोहि ठाउँमा आफ्नो संस्कृतिलाई निरन्तरता दिँदै रमाईलो गर्दै आउँदा यो सबै फैलिन्दै गएको हो भनि जस्ताको त्यस्तै व्यक्त गर्नु हुन्छ । साथै जन्म स्थान लुम्फाजुङ, स्थाई बसोबास धरान, हालको बसोबास र कर्मथलो युके रहनुभएका यूके भूपू आर्मी हूर्राविद् वा व्याख्या विश्लेषक हंशबहादुर दर्लामी मगरज्यूको भनाई पनि हूर्रा नाँच मुढेबासबाटै शुरू भएको हो भन्नुहुन्छ ।

हूर्रा नाँच्दा पुरूष र महिलाहरू आमने सामने लाइनमा बसेर मादल, मुरली र मझेरीको तालमा अगाडि ३ कदम र पछाडि ३ कदम पाइला चालेर खेल्छन् । पछि हूर्रा खेल्नेको संख्या बढ्दै गएपछि आँगनमा नअटेर हात समाई गोलो तरिकाले खेल्न शुरू गरियो । जसलाई २ कदमे हूर्रा भनिन्छ । यसमा दुई कदम अगाडि र दुई कदम पछाडि सरेर खेलिन्छ । यसको विकाससँगै लगभग २०१५ सालतिरबाट एक कदमे हूर्राको विकास पनि प्रचलनमा आएको पाईन्छ । यसमा दाहिने खुट्टा अगाडि फालेर खेलिन्छ । यसको ताल छिटो छिटो हुन्छ । यसलाई छोटी कदम पनि भनिन्छ ।

आजभोलि सबै चेली माइती, महिला–पुरूष भेला भई हूर्रा खेल्छन् । शुरूमा भट्याउनेले– ए हाई हाई, ए देउसे भाइ, ए देउसी रे भन, हामी त्यसै आएको होइन, वली राजाको हुकुमैमा, आएका हामी, ए तीन दिन तिहार, ए पाँच दिन दशैं, ए मान्दै आको, ए रातो माटो, ए चिप्ले बाटो, ए लाड्दै पड्दै, ए आएको हामी, ए घरबेटी आमा, ए घरबेटी बाबा, ए कोहीमा भाइ ए पाल्पा बस्ने, ए कोहीमा भाइ रोल्पा बस्ने, ए कोहीमा भाई ए स्याङ्जा बस्ने, ए कोहीमा भाइ गोरखा बस्ने भन्दै मगरहरू पश्चिमबाट पूर्वतिर आएको कुरा गर्दै घरवेटीसँग अनुमति मागेर भट्याउदै– ए नाँच भाइ हो, ए उफ्र भाइ हो, ए गाओ भाइ हो भन्दै हूर्रा खेल्नेलाई अनुमति दिने गर्छन् । अनुमति पाएपछि सबैजना खुशीले नाँचदै रमाउँदै गीत गाउँदै जुहारी खेल्न शुरू गर्छन् । यो नाँच खेल्दा र जुहारी खेल्दा खेल्दै युवा युवतीहरू माया जालमा फसेर घरजम पनि गरेको पाइन्छ । यसरी नै प्रत्येक घरमा, प्रत्येक टोलमा वा चोकमा माग अनुसार देउसी खेल्ने चलन छ । यो देउसी दिन रात नभनि चौबिसै घण्टा भाइटिकाको रातसम्म खेल्ने गरिन्छ । यसरी खेल्दा अनिधोले गर्दा गाईको गोठ बाख्राको गोठ पनि नभनी जता पायो उतै मकैको खोस्टा जस्तामा घुसिएर निदाउने गर्छन् । सोही समयमा तरूनी तन्नेरीले जिस्काउँदै अनुहारमा कालो मोसो दली दिने, हात खुट्टा बाँधेर रमाईलो गर्ने गर्छन् ।

दिन रात भोक तिर्खा नभनी खेल्दा भोक लाग्छ भनेर प्रत्येक घरबाट मकै भटमास भुटेर, बारीमा भएको काँक्रा, आलु, स्कुस, मुलाको अचार, अमिलो मेलको अचारजस्ता खानेकुराहरू खाजाको लागि तयार पारी जाँड, रक्सीसहित आ–आफ्नो अनुकुल अनुसार दान निकाली दिने चलन छ । अनि भट्याउनेले घरबेटीलाई आशिष दिनेचलन छ । अन्तिममा ए लेखको माने/काने, ए यतिकै जाने भनि बिदा माग्दै भट्याईसके पछि सबैजना 'हुर्रा हा हा' भन्दै मच्ची मच्ची

उफ्रिन्दै नाँचछन् । खेलिसकेपछि चेलिबेटीहरूले खाजा बाँड्छन् र सबै मिलेर खाजा खान्छन् । खाजा खाँदै बुढापाकाहरू एक छेउमा 'सालैज्यू' गीत गाउने गर्छन् भने कोही नाँचदै रमाईलो गर्छन् भने युवा युवतीहरू कसले जित्छ है भनी होडबाजी एक छेउमा खेलि रहन्छ । यसरी एक ठाउँमा हूर्रा समापन भएपछि अर्को घरमा वा टोलमा प्रस्थान गर्छन् । यो समयमा कोहार्छ है, जस्ले जित्छ उसैले लाने है भनि होडबाजी गरी हूर्रा खेल्नेहरू हात समातेपछि दिसा पिसाप आवसकी, टाउँको चिलावस एक अर्काको हात समाते पछि छोड्दै नछोड्ने गरिन्छ । अनि प्रस्थानको समयमा पनि त्यो हात नछोडी बाटोमा पनि उफ्रिन्दै हूर्रा खेल्दै खेल्ने स्थानमा पुगेर पुनः खेलिन्छ ।

हूर्रामा आफूलाई परेको पीर, दुःख, पीँडा, भोक, शोक र रोग आदी सवै बिर्सेर रमाइलो मान्दै 'हूर्रा हा हा' भन्दै खेलिन्छ । यसरी नाँचदा खेल्दा आफूलाई जन्म दिएको देश र संसार नै रमाईलो र उज्यालो भएको महशुस गर्छन् र गीत गाउँदा पनि अन्तिममा देशै रमाइलो भनि थेगो नै गाउने गर्दछन् । यो नाँचमा कुनै भेद्वाव छैन । दुधे बालकदेखि लिएर लठ्ठी टेक्ने वृद्धसम्म र चेली–माईतीदेखि लिएर सासु–बुहारी एकै परिवारका सबैजना आनन्दले रमाइलो साथ नाँचने खेल्ने गर्दछ । यी हूर्रा वर्षै पिच्छे एक गाउँको हूर्रा पाहुनाको रूपमा पालैपालो अर्को गाउँमा गएर नाँचने खेल्ने चलन छ । पाहुनालाई स–सम्मानका साथ सुँगुर ढालेर मेजोमान खुवाउने चलन छ । मेजोमान खुवाउँदा जिस्काएर कोहिलाई सुँगरको थुतना, खट्टाको खुर, पुच्छरजस्ता भागमा लुकाएर लगाई दिएर, हात धुनलाई साबुन खरानीको सट्टा माटो, वालुवाजस्ता दिएर उल्हा उल्हा गरेर पाहुनाहरूलाई दुःख दिई जिस्काउने काम पनि गरिन्छ । विदाको बेलामा सुँगुरको एउटा फिला कोसेली दिई पठाउने चलन छ ।

हूर्रा नाँच अहिले पूर्वाञ्चलको एउटा लोकप्रिय संस्कृति बन्न पुगेको छ । जुनसुकै वर्ग र समुदायहरूले पनि आफूलाई हूर्रामा रमाउन चाहन्छन् । यो नाँचलाई 'जहाँ मगर त्यहाँ हूर्रा' भन्ने नाराका साथ संरक्षण र सम्वर्द्धन गर्न मोरङ जिल्ला लेटाङमा 'नेपाल राष्ट्रिय हूर्रा प्रतिष्ठान' स्थापना पनि गरिएको छ तर समयअनुसार यसले फड्को मार्न सकिएको छैन । अहिले मोरङ, झापा, सुनसरीलगायत विभिन्न ठाउँमा हूर्रा महोत्सव गरेर भव्यताका साथ मनाउँदै आइरहेका छन् । र यस भेगमा धनकुटा मुढेबासदेखि बसाई सरी आएका तथा घरजम गरी आएका व्यक्तिहरूबाट नै हूर्रा खेल्न सुरू गरेको तथ्य पाइन्छ । भर्खरै २०७५ साल मंसीर ३ गते धनकुटा जिल्ला चौविसे गाउँपालिकाको प्रायोजनमा र वाड नं. १ को आयोजनामा सउरे बजारमा प्रथम हूर्रा महोत्सव भव्य र सभ्य रूपमा सम्पन्न गरियो ।

**भैलो भोज**

हूर्रा सकिएको केहि दिनपछि वर्ष दिनको रमाइलो चाँडलाई भैलो भोज खाएर बिदा गर्ने चलन छ । भोज खानका लागि अगुवाहरूले दानबाट उठेको रकम भेलापारी हिसाब गर्दछन् । उहिले दानमा उठेको सबै रकमले सुँगुर ढालेर भोज खाइन्थ्यो । नपुगे बिलोसम्म भन्दा पनि बाँडेर खाने चलन थियो । कसैको पाहुना हूर्रामा सहभागी भएमा खोजेर भए पनि भाग दिने चलन थियो । कुनै घरको घरायसी कारणले हूर्रामा सहभागी हुन नसकेमा एक वोतल रक्सी ल्याएमा भागी दिने चलन थियो । अहिले आएर जनचेतना वढेपछि दानमा उठेको केहि रकम सामाजिक काममा छुट्याई बाँकी रकमले मात्र भोज खाने चलन छ । सबैको सल्लाह मिलेमा सबै रकम सामाजिक कार्यमा नै प्रयोग गर्ने चलन छ । भोज खाएमा पुरूषहरूले सुँगुर काट्छन् र भैल्या मितालु जगडिचे भन्दै सुँगुरको टाउँको जगाएर बाँकी मासु सबैलाई भाग लगाउँछन् ।

जगाउँदा मारूनीले लगाउने मजेत्रो, गहना फुकालेर टाउँकोमा राखी सजाउँछन् । नाङ्लोमा दियो कलस राखेर मारूनी र धतुरे वरीपरी नाँचछन् । मारूनी र धतुरेले नाँची सकेपछि सबैजना हूर्रा खेल्छन् । पुरूष पक्षले टाउँकोलाई काटकुट पारी पकाएर तयार पार्दछन् भने महिला पक्षले पानी, जाँड, रक्सीहरू तयार पार्छन् । सबै खानेकुराबीचमा राखेर हूर्रा खेल्दा चेलीलाई खुट्टा लाग्यो कि वा ठेस लाग्यो कि भनेर माईतीले चेलीहरूलाई माफ माग्दै ढोग्ने चलन छ । त्यसपछि तयार पारिएका खानेकुराहरू केराको पातमा वा टोपरमा भाग लगाएर सबैले बाँडेर भैलोभोज खान्छन् । अन्तिममा मुखियाबाले वर्ष दिनको रमाइलो साँस्कृतिक चाँड हूर्रालाई समापन भएको घोषणा गरी हूर्रा समापन गरिन्छ ।

*नोटः लेखक नेपाल मगर सांस्कृतिक संघ, केन्द्रीय समिति अध्यक्ष हुन् । लेखकको यस 'हूर्रा/हूर्‌रा' को बारेमा २०६५ सालमा वृत्तचित्र र किताब प्रकाशन गरि सकिएको छ ।*



**प्रदीप परियार थापा मगर**

# नेपालको समृद्धिसँग जोडिएको प्रश्न

नेपाल र नेपालीको समृद्धिको सपना देखाएर धेरै नेताहरूले चुनाव जिते, देशको बागडोर आफ्नो हातमा लिएर शासन चलाए तर नेपाल कहिल्यै उँभो लाग्न सकेन । नेताहरूले दशकौं उहीँ समृद्धिको मीठो सपना देखाए तर पटक पटक बिपन्नता, बिसंगति र अस्थिरताको बुल्डोजर चलाई रहे जसको कारण देश र जनताको भविष्य चाँही दिनानुदिन अन्धकारमा धकेलिनु पुगेकोछ । राष्ट्रको नाउँमा चुलिएको रू. १.२८ खरब (ट्रिलियन) ऋण हरेक नेपालीको थाप्लोमा रू. ४२ हजार थोपरिनुको बाध्यता र नेपालमा हरेक दिन जन्मिने सात सय बालबालिकको निधारमा नजन्मिदै थपिने यो रिणको भारीको दोषी को हो ? झट्ट चिन्नु पर्ने बेला आएकोछ ।

**अस्थिर सरकार, अवान्छित निर्वाचन र चुनाव खर्च**

कोरोना महामारीको कारण देश ठप्प भएको बेला, जनताको अमूल्य जीवन गुमेको बेला, जनताले बिहान बेलुकाको छाक टार्न नसकिरहेको अवस्थामा नेपालमा भने कामचलाऊ र अस्थिर सरकार छ । अस्थिर सरकार, जनमतको नाममा गरिने अवान्छित निर्वाचन र चुनाव खर्चलाई नेपाल सरकारको आयले थेग्न सक्दैन । एउटै राजनैतिक दलले जनादेश पाएर दुई तिहाई बहुमतको संसद र सरकार भएको अवस्थामा बिना खास कारण पुनः जनादेश माग्ने भन्दै मध्यावधि निर्वाचनमा जानु जनादेशकै उपहास थियो जुन सर्वोच्च अदालतले रोक लगाईदिएकोछ । नेताहरूको बहुलठ्ठीको लागि जनताले कति पटक जनादेशको नाटक मञ्चनमा निरिह पात्र बनि रहने र 'अब त राम्रो होला' भन्दै निर्वाचनमा भागलिई रहने ? यो प्रश्न सोध्नु पर्ने बेला आएकोछ ।

सन् २०१७ को संघीय र स्थानीय निर्वाचन व्यावस्थापनमा सरकारले रू. ३ हजार ४७२ करोड खर्च गर्नु परेको थियो भने उम्मेदवारहरूले रू. ९ हजार ६९१ करोड खर्च गरेको तथ्यांक एशिया फाउण्डेसनको सन् २०१८ को रिपोर्ट 'Study on the Election Campaign Finance:

Local, Provincial and Federal Elections in Nepal, 2017' मा उल्लेख छ ।

त्यसैगरी, International Foundation for Electoral Systems (IFES) को सन् २०१८ को 'NEW REPORT ON CAMPAIGN FINANCE MONITORING IN NEPAL' रिपोर्टअनुसार, निर्वाचनमा काठमाण्डूका उम्मेदवारले औसत ४४० हजार डलर खर्च गर्नु पर्दछ । अझ जित्ने उम्मेदवारले औसत खर्चको पचास प्रतिशत बढी खर्चिनु पर्दछ । त्यस मध्ये ९० प्रतिसत उम्मेदवारहरूले आफूले चुनावमा गरेको खर्च लुकाएर कम खर्च गरेको देखाउने गरेको रिपोर्टमा उल्लेख छ ।

निर्वाचन प्रजातान्त्रिक पद्धतिको एक महत्वपूर्ण पाटो हो तर अवान्छित रूपमा घोषित चुनाव गराउन राष्ट्रको ढुकुटी रित्याउन कदापि राम्रो हैन । ऋण काढी काढी फेरी यिनै नेताहरूलाई जनताले पुनः अनुमोदन गर्न पर्ने अवस्थाको अन्त्य नभै दीगो विकासको परिकल्पना गर्न सकिंदैन ।

त्यतिमात्र कहाँ हो र ! गत अप्रिल १५ को The Kathmandu Post को रिपोर्टअनुसार, नेपाल सरकारले कोरोना महामारीको कारण थप स्वास्थ्य उपचार खर्च व्यवस्थापन गर्न अन्तर ाष्ट्रिय दात्रृ संस्थाहरूबाट रू ६९ अर्ब (बिलियन) देखि १०४ अर्ब रूपैयाँ ऋण या अनुदान माग गरेको उल्लेख छ । यसको मतलव सरकारसँग जनताको जीवन रक्षा गर्नु पर्ने दायित्व पुरा गर्ने बजेट रकम छैन, अर्काको मुख ताक्नु पर्छ ।

नेपालको कूल वार्षिक आयस्रोतभन्दा वार्षिक खर्च बढी भएको वार्षिक बजेट घाटा अर्को डरलाग्दो अवस्था हो । उदाहरणको लागि सन् २०१९ को वार्षिक बजेट घाटा रू. २६९,३१२,२००,००० रहेको छ । जुन कूल ग्रायस्त आय (GDP) को ३४.५४ प्रतिशत हो । यो घाटा सन् २०१८ को वार्षिक बजेट घाटा रू. १७३,७३४,८००,००० भन्दा बढी हो । तर सर्वसाधारण जनतालाई यो वार्षिक बजेट घाटा रकम कति ठूलो रकम हो र यसले देश र जनताको जीवनमा के असर पर्छ भन्ने थाहा हुन्छ ? अंह । बजेट घाटाबारे बुझ्न अमेरिकी आर्थिक विज्ञता स्रोत कम्पनी The Balance को 'Budget Deficits and How to Reduce Them' मा उल्लेख व्याख्या सहयोगी हुन सक्छ ।

"A budget deficit is when spending exceeds income. The term applies to governments, although individuals, companies, and other organizations can run deficits. A deficit must be paid. If it isn't, then it creates debt. Each year's deficit adds to the debt. As the debt grows, it increases the deficit in two ways. First, the interest on the debt must be paid each year. This increases spending while not providing any benefits. Second, higher debt levels can make it more difficult to raise funds. Creditors become concerned about the borrower's ability to repay the debt."

**नेपालको वैदेशिक रिणको भार**

नेपालको वैदेशिक रिण रू. १.२८ खरब (ट्रिलियन) रहेको छ । राष्ट्रको नाउँमा चुलिएको यो खरबौं रूपैयाँको ऋण हरेक नेपालीको थाप्लोमा रू. ४२ हजार पर्दछ । नेपालमा हरेक दिन जन्मिने सात सय बालबालिकको निधारमा नजन्मिदै थपिने यो ऋणको भारीको दोषी को हो ? झट्ट चिन्नु पर्ने बेला आएकोछ ।

**मानव विकासको मानकमा नेपाल**

संयुक्त राष्ट्र संघ बिकास कार्यक्रम (UNDP) को 'मानव विकास सूचांक' को धेरै पक्षमा नेपाल चुकेको छ । सन् २०१९ को वरियताक्रम (ranking) मा नेपालको उपस्थिति १८७ मुलुकमा १४७ औं स्थानमा रहेकोछ । उसो त, नेपालको स्थान १५ वर्ष अघि सन् २००० मा पनि १४४ औं स्थानमै थियो । गत साल नेपाल थप ३ देशहरू पछिल्तिर धकेलिएको तथ्याङ्कले देखायो । खोई त प्रगतिको संकेत? बीस वर्ष पछि उल्टो उधोगति ? हैट, यस्तो पनि हुन्छ ? सधैं उँधोगति या यथास्थिति चरित्र नेपालको नानीदेखि लागेको बानी जस्तो बनेको छ ।

यो वर्षको सूचांकमा जनताको सर्वपक्ष भलाई गर्ने मुलुकहरूमा नर्वे १ नम्बरमा छ भने नेपालका नेताहरूले बेलाबेलामा भन्ने गरेको 'सिंगापुर बनाई दिन्छु' भन्ने उक्ति बनेको नेपालको पर्वत जिल्ला जत्रो सिंगापुर नबौं (९) नम्बरमा छ । नेपालका साँधसीमा जोडिएका दुई छिमेकी मुलुकहरू चीन र भारत क्रमशः ४ र १२९ नम्बरमा छन् । यो लहरमा अमेरिका १५औं नम्बरमा छ ।

**भ्रष्टतन्त्रः 'घुस दिन्या र लिन्या दुबै देशका शत्रु हुन्' तर...**

नेपाल एकीकरण अभियन्ता राजा पृथ्बीनारायाण शाहले सवा दुई सय वर्ष अघि उद्घोष गरेको उक्त दिब्यवाणीलाई लोप्पा खुँवाउँदै उल्टो भ्रष्टाचारमा चुर्लुम्म डुबेर उनी पछिका नेपाली शासक र नेताहरूले खिल्ली उडाएको प्रतीत हुन्छ । भ्रष्टाचार (घुस) कै कारण नेपालको विकास निर्माणको बजेट चौपट हुने गरेको छ ।

विश्व मञ्चमा भ्रष्टाचारमा नेपालको अवस्थिति सर्बनाक छ । ट्रान्सपारेन्सी इन्टरनेशनलको सन् २०१९ को रिपोर्टअनुसार १८० मुलुकहरू मध्ये नेपाल ११३औं भ्रष्ट मुलुकको रूपमा दर्ज छ । यो मामिलामा नेपालको स्कोर १०० मार्कमा ३४ (यानेकी खराब) रहेकोछ ।

सन् २००४ मा ९०औं नम्बरमा रहेको नेपाल सन् २००५ मा बदनामीतिर उक्लिदै ११७औं नम्बरमा दर्ज भएको थियो भने सन् २००६ मा १२१औं नम्बरमा, सन् २००७ र २००८ मा १३१औं नम्बरमा, सन् २००९ मा १४३औं नम्बरमा, सन् २०१० मा १४६औं नम्बरमा, सन् २०११ मा १५४औं नम्बरमा, सन् २०१२ मा १३९औं नम्बरमा, सन् २०१३ मा ११६औं नम्बरमा र सन् २०१४ मा १२६औं नम्बरमा, सन् २०१५ मा १३०औं नम्बरमा, सन् २०१६ मा १३१ औंनम्बरमा, सन् २०१७ मा १२२औं नम्बरमा र सन् २०१८ मा १२४औं नम्बरमा रहेको ट्रान्सपारेन्सी इन्टरनेशनलको उपलब्ध सूचाङ्कले देखाएकोछ ।

नेपालको यो हालत नहोस पनि किन – नेपालका नेताहरूले नेपाललाई सिंगापुर र स्वीजरल्याण्ड बनाईदिन्छु भनेर जनतासँग भोट माग्ने तर सत्तासिन भएपछि आफू र आफ्ना आसेपासेहरूले भ्रस्टाचार गरी अकूत सम्पत्ती आर्जन गर्ने क्रम सन् १९९० मा बहुदलीय ब्यबस्थाको पुनर्स्थापना पछि झनै संस्थागत बन्न पुगेको तथ्य जगजाहेर छ । नेपालका बहुदल र समाजबादका हिमायती नेता र मन्त्रीहरू भ्रष्टाचारकै कारण जेल सजाय भोगिसकेकाछन् । अहिले पनि नेताहरूको सुख सुबिधाको आयस्रोत निदिखुदी गर्ने हो भने कुनै बैधानिक आयस्रोत नखुल्ने पक्का छ । राणाकाल र पन्चायती निर्दलिय ब्यबस्थाको बेला राष्ट्रिय सम्पत्तिमा जुन ब्रम्हलूट हुन्थ्यो त्यो बहुदलको आगमन पछि बिभिन्न रूप र रंगमा यथावत कायम र बढोत्तरी रहेको छ ।

**गरीब मुलुक बनेर कतिन्जेल ?**

नेपाल संयुक्त राष्ट्र संघले सन् १९७१ मा स्थापना गरेको 'अतिअल्प बिकसित मुलुकहरू' (LDCs) को सूचिमा नेपाल सन् १९७१ देखि नै निरन्तर दर्ज भएको छ । उक्त सूचिबाट ६ राष्ट्रहरू - भानाउटु (२०२०), ईक्वाटोरियल गुईनिया (२०१७), सामोवा (२०१४), माल्दिभ्स (२०११), केप भर्दे (२००७) र बोत्स्वाना (१९९४) मा ग्रेयाजुएट (उत्तिर्ण) भैसके अर्थात बिकसित मुलुकको लहरमा दाँजिने भैसके । नेपाल चैं खोई त उक्त सूचिबाट ग्रेयाजुएट (उत्तिर्ण) हुने छाँटकाँट, जुक्ती र संकेत ? अब बाँकी ४६ मुलुक मध्ये अंगोला सन् २०२१ मा ग्रेयाजुएट हुने भनेर सारासं महासभाले गत फेब्रुअरी १२, २०१६ को बैठकले पारित गरिसकेको छ भने भुटान सन् २०२३ मा, साओटोम एण्ड प्रिन्सेप सन् २०२४ मा र सोलोमोन आईल्याण्ड सन् २०२४ मा उक्त सूचिबाट ग्रेयाजुएट (उत्तिर्ण) हुनेछन् ।

**रिमिटेन्सले चलेको देश**

नेपाल संमृद्धिको कुरा गर्दा एनआरएन प्रवासी नेपालीहरूले बिदेशमा कमाएर पठाएको बिदेशी मुद्रा रिमिटेन्स देशको कूल ग्रायस्थ उत्पादन (जिडिपि) को एक तिहाई अर्थात २५ प्रतिशत बराबर रहेको तथ्याङ्क छ । नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्याङ्कअनुसार यो वर्ष रिमिटेन्स स्वरूप रू ३ खर्ब, ३७ अर्ब, ७२ करोड प्राप्त भएको छ । प्रवासी नेपालीहरूको नेपालमा झण्डै ३० अर्बको लगानी रहेको एनआरएनए आईसिसीको सन् २०१३-२०१५ को शेष घलेको नेतृत्वमा बनेको कार्य समितिले नेपाल आर्थिक पत्रकार संघको सहयोगमा तयार पारेको रिपोर्टमा उल्लेख छ । यस हिसाबले एनआरएनहरूलाई नेपालमा थप लगानी गर्ने वातावरण सृजना गर्न सरकारले कुनै ढिलाई गर्नु हुन्न ।

**दुर्भाग्य र सम्भावनाको ढोका**

यो साल सन् २०२० मा फैलिएको कोरोना महामारी रोगले जनधनको गरेको अपूरणीय क्षति र सन् २०१५ को अप्रिल २५ मा आएको महाभूकम्पबाट भएको १०औं अर्ब रूपैयाँ बराबरको सम्पदाको क्षति र ८औं हजार जनताको ज्यानको खतिपछि नेपाललाई अब बिकास र प्रगतिको बाटोमा लम्किन अझै लामो समय लाग्ने निश्चित छ । अस्थिर सरकार, सुशासनको अभाव, राजनैतिक बिचलन, अवान्छित निर्वाचन, भ्रष्टाचार जस्ता राष्ट्रको अधोगति र समृद्दिको बाधककोरूपमा जोडिएका पक्षहरूको सही सम्बोधन र निराकरण नहुँदासम्म नेपाल र नेपालीले सास्ती पाईरहने हो । देश अधोगतिको उँधोतिर झरिरहने हो । तर सबै मिले, देश भ्रस्टाचार मुक्त बनाउन सके, स्थिर सरकार र सुशासन दिन सके नेपालले फड्को मार्न सक्ने सम्भावना भने अझै छ ।

*नोटः लेखक प्रदीप परियार थापा मगर*
*अमेरिकाबाट सञ्चालित नेपाली मिडिया*
*'नेपालिजम डट कम (Nepalism.com)' का प्रधान सम्पादक हुन् ।*

सन् २०१४ प्रकाशित
लेख/रचना

संस्था प्रोफाइल

# मगर संघ अमेरिका

**पृष्ठभूमि :**

बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक नेपालमा अनादिकालदेखि बस्दै आएको मगर जाति नेपालकै पुरानो एवम् रैनाथे आदिवासी जनजातिमध्येको एक हो । नेपालको पचहत्तरै जिल्लामा बसोवासरत यस जाति नेपाल सरकारले सूचीकृत गरेको ५९ आदिवासी जनजातिमध्येको सबैभन्दा बढी जनसंख्या भएको जाति हो । विक्रम् संवत् २०६८ को जनगणनाअनुसार मगरहरूको कुल जनसंख्या १८ लाख ८७ हजार ७ सय तेत्तिस रहेको देखिन्छ । जुन कुल जनसंख्याको ७ दशमलव १२५ हुन आउँछ । मगरहरूको आफ्नो छुट्टै मौलिक भाषा छ । उनीहरू बाह्र मगराती, अठार मगरात र कैकेयी मगरभाषा गरी तीन अलग अलग भाषा बोल्दछन् । माघेसक्रान्ती मगरहरूको प्रमुख सांस्कृतिक पर्व हो । नेपाल सरकारबाट राष्ट्रिय चाडका रूपमा मान्यता प्राप्त माघेसक्रान्तिसँगै यस जातिले तिहार, वैशाख पूर्णिमा, साउने सक्रान्ति, पन्द्रपौषजस्ता चाडहरूलाई पनि भव्य रूपमा मनाउने गरिएको छ । झ्याउरे, सालेजौ, कौरा, चुट्का, टप्पा, हुर्राजस्ता लोकसंस्कृतिहरू मगर समुदायको लोकप्रिय एवम् परम्परागत संस्कृति र सम्पत्ति हुन् । साथै सोरठी, मारूनी नाँच, घाँटु, जीवै मामाजस्ता मौलिक संस्कृतिहरू मगर समुदायको पहिचान नै हुन् ।

**संस्था स्थापना र उद्देश्य :**

अमेरिकाको विभिन्न राज्यमा बसोवास गर्दै आएका सम्पूर्ण मगरहरूको सामूहिक एक्तालाई मध्यनजर गर्दै अमेरिकाको न्यूयोर्क राज्यमा सन् २००४ मार्च २८ तारिख मगर संघ अमेरिकाको आधिकारिक दर्ता र स्थापना भएको हो । देशका विभिन्न क्षेत्रबाट अमेरिकामा बसोवास गर्ने मगर समुदायबीच पारस्परिक सम्बन्ध गाँस्दै सामूहिक एक्ताले आफ्ना मौलिक एवम् परम्परागत संस्कृतिको संरक्षण र संवर्द्धन गर्नु नै संस्था स्थापनाको मूल उद्देश्य रहेको छ । यसका साथै मगर जातिको वेशभूषा, भाषा, धर्म र संस्कृतिलाई अमेरिकामा पनि जीवित राख्दै भावी सन्ततिहरूलाई सगर्व देखाउनुलाई पनि संस्थाको स्थापनाको प्रमुख उद्देश्य रहेको छ । गैरनाफामूलक एवम् गैरराजनीतिक संस्थाका रूपमा स्थापित यस संस्थाले स्थापनाकालका वर्षहरूदेखि नै विभिन्न सामाजिक क्षेत्रहरूमा उल्लेख्य रूपमा काम गर्दै आएको छ । संस्थाले हालसम्ममा अमेरिकाको विभिन्न राज्यहरूमा सांस्कृतिक कार्यक्रमको अलवा नेपाल र अमेरिकाका विभिन्न क्षेत्रमा सेवामूलक कार्यहरू निरन्तर रूपमा गर्दै आएको छ ।

**गतिविधि/कार्यक्रम**

अमेरिकाको न्यूयोर्क राज्यमा आजभन्दा झण्डै एक दशकअघि स्थापित यस मगर संघ अमेरिकाले सन् २००६ देखि २०१३ सम्ममा मगर समुदायको अत्यन्त लोकप्रिय र परम्परागत संस्कृति लोकदोहोरी कार्यक्रम आठौं पल्ट सफलतापूर्वक आयोजना गरिसकेको छ । संस्थाले हालसम्ममा न्यूयोर्क, न्यू जर्सी, बाल्टिमोर र क्यालिफोर्नियामा यस प्रकारको लाइभ दोहोरीको भव्य आयोजना गरिसकेको छ । संस्थाले कार्यक्रमकै लागि सन् २००८ मा नेपाली पप गायनका चर्चित गायक क्रान्ति आले मगर र लोकप्रिय लोकदोहोरी गायिका शीला आले मगरलाई कार्यक्रमकै लागि नेपालबाट बोलाएर भव्य कार्यक्रमको आयोजनासमेत गरेको थियो । यसका अलवा संस्थाले सन् २००८ मै डा. गोविन्द थापा मगरको विशेष उपस्थितिमा एक अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरेको थियो । संस्थाले विभिन्न समय र अवसरहरूमा अमेरिकामा रहेका अन्य संघसंस्थाहरूसँग सामाजिक एवम् सांस्कृतिक कार्यहरूमा सहकार्य गर्दै आएको छ ।

सन् २०१० मा मगर संघ अमेरिकाले न्यूयोर्कमा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । यसैगरी संस्थाले सन् २०१० र ११ मा न्यूयोर्क र लस एञ्जलस, २०१२ मा न्यू जर्सी र लस एञ्जलस र २०१३ मा बाल्टीमोरमा बृहत् मगर समुदायको उपस्थितिमा सामूहिक रूपमा माघे सक्रान्ति पर्व मनाएको थियो । संस्थाकै आयोजनामा गतवर्ष २०१२ को दीपावलीको अवसरमा द्यौसी–भैलो कार्यक्रमको आयोजनासमेत गरेको थियो । यसै वर्ष न्यूयोर्कमा सम्पन्न ३१औं एएनएको खेलकुदतर्फ भलिबल प्रतियोगितामा मगर संघ अमेरिकाको दुई टिमले सहभागिता जनाएको थियो भने संस्थाको एक टिमले प्रथम स्थान हासिल गरेको थियो । संस्थाले नेपालमा आर्थिक अभावले ग्रस्त विपन्न परिवारका बिरामीहरूलाई विभिन्न समयमा आर्थिक रूपमा सहयोग गर्दै आएको छ । यसैगरी काठमाडौंमा  अवस्थित नेपाल मगर विद्यार्थी संघको कार्यालय सामग्री, माउ संस्था नेपाल मगर संघ र विद्यार्थी भ्रातृसंगठन नेपाल मगर विद्यार्थी संघले आयोजना गर्ने विभिन्न कार्यक्रमहरूमा समेत मगर संघ अमेरिकाले आर्थिक, नैतिक एवम् सामाजिक रूपमा सहयोग पुऱ्याउँदै आएको छ । यसैगरी संस्थाले समाजसेवी महावीर पुनले सञ्चालन गर्दै आएको हिमाञ्चाल एजुकेसन फाउण्डेसनका लागि पनि संस्थाले सहयोग गर्दै आएको छ । संस्थाले २००८ सालदेखि नेपालका प्रथम शहीद लखन थापा मगरको स्मृति दिवस र मगर दिवस विविध कार्यक्रमका साथ मनाउँदै आएको छ । संस्थाले सन् २०११ म विभिन्न समसामयिक विषयहरूलाई समेटेर याँभ (इन्द्रेणी) नामक ई–जर्नलसमेत प्रकाशित




गरेको थियो । यसैगरी संस्थाको सम्पूर्ण क्रियाकलाप, कार्यक्रम र अन्य मगर समुदायका समाचार, लेख र सामग्रीहरूलाई www.magarusa.org नियमित रूपमा प्रकाशन र प्रसारण गर्दै आएको छ ।

**संस्थामा नेतृत्व**


मगर संघ अमेरिकाको नेतृत्वको पदावधि दुई–दुई वर्षका लागि हुने गरेको छ । यस क्रममा सन् २००४ देखि ७ सम्ममा संस्थाका संस्थापक अध्यक्ष दलबहादुर बुढा मगरले नेतृत्व गरेका थिए । दोस्रो कार्यकालका लागि पनि नेतृत्व सम्हालेका बुढा मगर २००७ सालमा बेलायत गएपछि तत्कालीन उपाध्यक्ष नीलम थापा मगरले कार्यवाहक अध्यक्षका रूपमा एकवर्षे कार्यकाल सम्हाले । पछि सन् २००८ सालमा संस्थालाई महेन्द्रकुमार थापा मगरले नयाँ नेतृत्व दिएसँगै उनले २००८ देखि २०१० र २०१० देखि २०१२ को कार्यकाल पनि उनैले सम्हालेका थिए । हाल संस्थामा २०१२ देखि २०१४ को लागि भने दलबहादुर रोका मगरले संस्थामा नेतृत्व गर्दै आएका छन् ।

**भावी योजना**

मगर संघ अमेरिकाले विगतका वर्षहरूमा आयोजना गर्दै आएका विविध कार्यक्रमहरूलाई निरन्तरता दिँदै अन्य सामाजिक सेवाभावका कार्यक्रमहरूलाई पनि आफ्नो भावी योजनाअन्तर्गत राखेको छ । यसैअनुरूप संस्थाले निकट भविष्यमा 'लाङ्घाली इमर्जेन्सी फण्ड'को स्थापनार्थ सम्पूर्ण प्रक्रिया अघि बढाइसकिएको छ भने  नेपालमा आर्थिक रूपले विपन्न जेहेनदार विद्यार्थीलाई 'स्टुडेन्ट रिभोल्विङ' कार्यक्रमअन्तर्गत आर्थिक रूपले सहयोग गर्ने कार्यक्रमको अन्तिम तयारी गरिसकेको छ । यसबाहेक आफ्नो जातीय पहिचान र मौलिक संस्कृतिको संरक्षण र संवर्द्धनकोलागि मगर संघ अमेरिका संसारका विभिन्न मुलुकमा रहेका मगर समाज, संघ संगठनहरूसँग सहकार्य गर्दै जाने योजना रहेको छ ।

– *Prashan Alung Rai, New York*

*साभारः विश्व सन्देश साप्ताहिक, जुलाई २९–अगष्ट ४, २०१३*



त्रिलोकसिंह थापा मगर

# यसकारण हुन् लखन थापा मगर (द्वितीय) नेपालको प्रथम शहीद

इतिहास साक्षी छ । गोरखा जिल्ला निवासी कप्तान लखन थापा मगर (द्वितीय)ले वि.सं. १९२७ सालमा जङ्गबहादुर राणाको निरंकुश, हुकुमी, जहानीयाँ तथा एकतन्त्रीय शासन व्यवस्थाको विरूद्ध सशस्त्र विद्रोह गरेका थिए । नेपालको इतिहासमा तानाशाही शासनको विरूद्ध यो पहिलो सशस्त्र विद्रोह थियो ।

**१. पृष्ठभूमि**

इतिहास साक्षी छ । गोर्खा जिल्ला निवासी कप्तान लखन थापा मगर (द्वितीय)ले वि.सं. १९२७ सालमा जङ्गबहादुर राणाको निरंकुश, हुकुमी, जहानियाँ तथा एक्तन्त्रीय शासन व्यवस्थाको विरूद्ध सशस्त्र विद्रोह गरेका थिए । लखन थापा मगरको विद्रोहको सम्बन्धमा प्रख्यात इतिहासकार प्रमोदशमशेर राणाले आफ्नो चर्चित पुस्तकमा यसरी लेखेका छन् :

(The Gorkha uprising was a very significant because this was the first revolt against the dectorial rule of Rana. It was the revolt of people until then nobody had raised a finger against Rana rule=æ1995–50)

त्यस्तै जङ्गबहादुर राणाका छोरा इतिहासकार पदमजंगबहादुर राणाले पनि लखन थापा (द्वितीय)बारे आफ्नो पुस्तकमा यसरी उल्लेख गर्नुभएको छ, 'after assassinating Jung Bahadur to seize reins of Goverment and inaugurate the golden age of Nepalese history.' (1974) उक्त दुवै इतिहासकारहरूले लखन थापा (द्वितीय)ले राणा तानाशाही प्रणालीविरूद्ध गरेको विरोध तथा विद्रोह नेपालको इतिहासमा पहिलो ऐतिहासिक घटना थियो ।

साथै राजनीतिक एवम् सैद्धान्तिक पृष्ठभूमिमा विकसित थियो भनेर आफ्नो पुस्तकमा स्पष्ट संकेत गरेको पाइन्छ ।

**२. जनविद्रोहका उद्देश्य**

लखन थापा मगर (द्वितीय)ले जङ्गबहादुरको एक्तन्त्रीय एवम् पारिवारिक शासन प्रणालीको विरूद्ध शसस्त्र आन्दोलन गर्नुभन्दा अगाडि जनतालाई मानसिक रूपमा तयार गरेका थिए । जनयुद्धको लक्ष्य एवम् उद्देश्यहरू स्पष्ट रूपमा जनसमक्ष यसप्रकार राखेका थिए । 'जङ्गबहादुरले नेपाल म्लेच्छलाई बेच्यो, दुनियाँ त्राही-त्राही पारिरहेको छ । छुवाछुत झन चकिर्एको छ । जङ्गेलाई हटाई नेपाल आमालाई पापको बोझबाट हल्का पार्नुपर्छ । नेपालमा सत्ययुग फिराउँ, मनकामना देवी माताले मलाई वरदान दिएकी छिन् । भाइ हो तयार होऔं' (भीम भक्तमान सिंह २००५) उपरोक्त उद्देश्यअनुसार जंगबहादुरको विरूद्ध गरिएको शसस्त्र विद्रोहको राजनीतिक एवम् सैद्धान्तिक आधारहरू यस प्रकारका थिए ।

क. षड्यन्त्र एवम् जालझेलबाट सत्ता प्राप्त गर्न सफल भएका जङ्गबहादुरले आफ्नो शासन पुस्तापुस्ता सम्म कायम राख्न अंग्रेजहरूसमक्ष नतमस्तक थिए । सो कुरा विचार गरी त्यही बेलादेखि नेपालमा विदेशी हस्तक्षेपको विरोध लखन थापा द्वितीयले शुरू गरेका थिए ।

ख. जङ्गबहादुरको अत्याचारी शासनबाट मुक्ति पाउन तथा तानाशाही शासनमा आमूल परिवर्तन ल्याई नेपालमा सत्ययुग अर्थात् प्रजातान्त्रिक व्यवस्था स्थापित गर्न चाहन्थे भन्ने कुरा उक्त उद्घोषमा झल्किएको देख्न सकिन्छ ।

**३. जनयुद्धका राणनीतिहरू**

जङ्गबहादुरको पारिवारिक शासन प्रणालीविरूद्ध जनयुद्ध गर्न लखन थापाले युद्धका केही रणनीतिहरू पनि तयार पारेका थिए । जुन यसप्रकार थिए :

क. तत्कालीन नेपाली समाजमा व्याप्त रहेका गहिरो धार्मिक आस्था, पुनर्जन्मका धारणा, मनकामना देविमाथि अटुट विश्वास एवम् प्रगाढ निष्ठाको विषयमा लखन थापा द्वितीयले गहिरो अध्ययन गरेका थिए । यसैका लागि राणाशासनलाई ध्वस्त पार्न धर्म, दैविक शक्ति र माताको वरदान वा आदेश प्राप्त भएको छ आदि कुराहरू उल्लेख गरि जनचेतना जगाउन उनि सफल भए । उनको पक्षमा छरछिमेकी जिल्लाका धेरै मानिसहरू संगठित हुन थाले ।

ख. जनताको स्वतःस्फूर्त सहयोग तथा सक्रियतामा गुरूङ्ग, मगर, ब्राह्मण, क्षेत्री तथा अन्य जातिका समेत गरी दुई हजार युवाहरूको जन मिलिशिया अर्थात् विद्रोही सेनाको स्थापना एवम् संगठन गर्न उनी सफल भए । नेपालको इतिहासमा यो पहिलो जन मिलिशिया संगठन थियो । जुन राणाशासन प्रणालीको विरूद्ध खडा भएको थियो ।

ग. त्यस्तै जनयुद्धलाई आवश्यक पर्ने भौतिक संरचना जस्तै हातहतियार, खाद्यान्न भण्डार आदिका संकलन तथा युद्धकला प्रशिक्षणको व्यवस्था पनि छोटो अवधिमा सम्पन्न गरिएको थियो ।

घ. विद्रोहीहरूले बुङ्गकोटमा आफ्नै किल्ला निर्माण गरेका थिए । सो पाँचतले थियो । (जोशी र रोज सन् १९६६) आठ क्युविक चौडा र १६ क्युविक अग्लो पर्खालले घेरिएको




**प्रथम शहिद मान्यता प्रदान :** नेपाल सरकारद्वारा प्रथम शहिद लखन थापा मगरलाई वि. सं. २०७२ असोज ३ गते औपचारिक मान्यता प्रदान गरेको छ ।

किल्ला थियो । नेपालको इतिहासमा विद्रोहीहरूको यो पहिलो किल्ला थियो, जसको निर्माण लखन थापा (द्वितीय)को निर्देशनमा भएको थियो ।

ङ. उक्त किल्लाको परिसरमा राजनीतिक तथा सैनिक प्रशिक्षण सञ्चालन गर्ने गरिएको थियो । लखन थापा द्वितीय तथा उनका अन्य सहयोगीहरूको राजनीतिक प्रवचन सुन्न छरछिमेकी जिल्लाहरूबाट युवाहरूको घुइँचो लागेको हुन्थ्यो ।

उपरोक्त सम्बन्धमा प्रख्यात इतिहासकार जनकलाल शर्माले आफ्नो मन्तव्य यसरी उल्लेख गर्नुभएको छ 'गोरखा जिल्ला बुङ्गकोट भन्ने ठाउँमा जोशमनि मतका साधु लखन थापा द्वितीयले जङ्गबहादुरको निरंकुश शासनको विरूद्ध संगठन गर्न थाले र यो संगठन निकै जोडतोडका साथ लागेका कुरा जङ्गबहादुरले पनि थाहा पाए । यस्तो संगठनलाई समयमा नरोके मेरो भविष्य राम्रो छैन भन्ने विचार गरेर रातारात आठ पहरिया सिपाहीको दल गोरखातिर पठाए । (जोशमनि सन्त परम्परा साहित्य पृ.९०) पहिलोपटक जङ्गबहादुर राणाले गम्भीरतापूर्वक लखन थापा द्वितीयको संगठन गर्न सक्ने क्षमताप्रति आफ्नो ध्यान केन्द्रित गर्नुपर्‍यो ।

### ४. समानान्तर सरकार तथा समावेशी मन्त्रिपरिषद्

क) वि.सं. १९२७ सालमा जङ्गबहादुरको एकलौटी शासन प्रणालीको विरूद्ध लखन थापा मगर द्वितीयले समानान्तर सरकारको स्थापना गरेका थिए । सो सरकारमा विभिन्न जाति एवम् जनजातिका प्रतिनिधिहरू मन्त्री बनाइएका थिए । ज्ञान दिलदास ब्राह्मण र कालु लम्सालसमेत मन्त्री पदमा थिए । जनताको आग्रहमा र अनुरोधमा लखन थापा द्वितीय यसको मुख्तियार अर्थात प्रधानमन्त्री आफै भए । नेपालको इतिहासमा यो पहिलो समावेशी तथा समानात्तर सरकारको मन्त्रिपरिषद् गठन भएको थियो ।

### ५. राज्यभित्र अर्को राज्यको स्थापना

क) जङ्गबहादुरले खटाई पठाएको आठ पहरियाले पेश गरेको रिपोर्टको विवरणअनुसार राज्यभित्र अर्को राज्यको स्थापनाको प्रमाण प्राप्त भएपछि उनी ज्यादै विचलित भए । तुरून्तै आफ्नो भाइ तथा नेपाली सेनाका सेनापति धीरशमशेरलाई सो विद्रोहको दमन गर्न आदेश दिए । सेनापति धीरशमशेरलाई लखन थापाको विद्रोही सेनासँग युद्ध जित्न हम्मेहम्मे परेको थियो । विद्रोही जनसेनातर्फ गोलाबारूद सकियो । युद्ध रोकियो । लखन थापा द्वितीय सजिलैसँग तिब्बतमा राजनीतिक शरण लिन सक्थे तर राष्ट्रभक्त तथा स्वाभिमानी लखन थापाले आफ्नै मातृभूमिमा हाँसीहाँसी मृत्युलाई स्वीकार गरे । पहिलो पटक प्रजातन्त्रको बीउ रोप्ने क्रममा शहादत प्राप्त गरे । नेपाली सेनाको इतिहासमा यो पहिलोपटक मुलुकभित्रको विद्रोह दमन गर्न, दबाउन सेनापतिलाई आफै कमाण्ड सम्हाल्न पुग्नुपरेको थियो ।

### ६. अन्य विद्रोह

क. लखन थापा मगर द्वितीयले जनस्तरबाट गरेको जनविद्रोभन्दा पहिले तथा त्यसपछि पनि जङ्गबहादुरलाई मार्ने प्रयास तथा षड्यन्त्र भएको पाइन्छ । जङ्गबहादुरको असाधारण रूपले बढेको शक्ति र प्रतिष्ठा स्वम् उनकै भाइ तथा नातागोताहरूका मनमा द्वन्द्व उत्पन्न गर्न पर्याप्त थियो । फलस्वरूप जङ्गबहादुरको युरोप यात्राले जातिच्युत भएको कुराको प्रचारको आडमा उनलाई अपदस्थ गरि मार्ने षड्यन्त्र रच्न थाले । सत्ताबाट च्यूत भएका चौतरिया, काजी, भाई भरदारहरूले पुनः सत्ता प्राप्त गर्न, बदलाको भावना, पारिवारिक,

**प्रथम शहीद लखन थापा मगरको जीवन विवरण**

| घटना | विक्रम संवत् | इस्वी संवत् |
|---|---|---|
| जन्म | १८९१ | १८३४ |
| सेनामा प्रवेश | १९११ | १८५४ |
| भारतको सिपाही विद्रोहमा संलग्नता | १९१४ | १८५७ |
| क्याप्टेनमा पदोन्नति | १९२६ | १८६९ |
| घरबिदा | १९२७ | १८७० |
| सहादत | १९३३ | १८७६ |
| जम्मा वर्ष | ४२ वर्ष | ४२ वर्ष |

व्यक्तिगत रिसइवी र इर्ष्या आदि कारणहरूले गर्दा जङ्गबहादुरको हत्या गर्ने गराउने असफल षड्यन्त्र गरेका थिए । राजा सुरेन्द्रको हत्या गरेर जङ्गबहादुरलाई फसाउने षड्यन्त्र विसं १९०२ मा वीरध्वज बस्नेतले गरेका थिए । त्यस्तै जङ्गबहादुरका आफ्नै भाई जनरल बद्रीनरसिंह कुँवर, छोरा जनरल जयबहादुर कुँवर, काजी करवीर खत्री, महिला साहेवजादा उपेन्द्रविक्रम शाह तथा कप्तान भोटु सिंह बस्नेत आदिले पनि सत्ता प्राप्तिका लागि विसं १९०७ मा जङ्गबहादुरको हत्या गर्ने असफल योजना र षड्यन्त्र गरेका थिए । करवीर खत्रीलाई जाति च्युत गरिए । एक वर्षपछि उनलाई दण्डदेखि मुक्त गरिए । जनरल बद्रीनरसिंह कुँवरको छोरा केदार नरसिंहलाई पाल्पाको हाकिम बनाइएको थियो । उहाँ आफ्नो छोरासँग पाल्पामा गएर बस्न थाले । कप्तान भोटु सिंह बस्नेतलाई आजिवन कैदमा राखी चितवन पठाइए । चितवनको औलामा उनी धेरै दिन बाँच्न सकेनन् ।

ख. छलकपट, जालझेल तथा षड्यन्त्रबाट जङ्गबहादुरको उदय हुनुका साथै उनको प्रति व्यक्तिगत विद्रोह एवम् विरोध पनि शुरू भइसकेको थियो । वास्तवमा ती विद्रोह विरोध तथा षड्यन्त्र केवल सत्ता प्राप्तिका लागि मात्र थिए । त्यसको कुनै जनआधार एवम् सैद्धान्तिक आधार थिएन । एक मात्र उद्देश्य जङ्गबहादुरलाई अपदस्त गर्ने, सत्ताबाट हटाउने, हत्या गर्ने र पछि सत्तामा पुग्ने दरबारिया षड्यन्त्र मात्र थियो ।

ग. वि.सं. १९१४ सालमा फौजी आफिसरहरूलाई विरूद्ध उत्तेजित र भडकाउने अभियोगमा जमदार काजीमान गुरूङलाई उनकै पल्टनका सहयोगी सिपाहीहरूद्वारा टुडिखेलमा निर्ममतापूर्वक हत्या गर्न लगाइयो । यो घटना लखन थापाको जनविद्रोहभन्दा केही वर्षअगाडि नै भएको थियो । जमदार गुरूङको विद्राहको उद्देश्य प्रस्ट नभएको साथै जनताको सर्मथन र सहभागिता पनि नरहेको देखिन्छ । पल्टनको घेराभित्र रहेको सो विद्रोह नितान्त व्यक्तिगत आवेशमा रहेको बुझिन्छ । यस विद्रोहको कुनै राजनीतिक आधार पनि देखिँदैन । तैपनि जमदार काजीमान गुरूङले देखाएको साहसको राज्यले उचित कदर गर्नुपर्दछ ।

घ. सन् १८५१ को मुलुकी ऐन लागू भएपछि जनजातिहरूको सामाजिक स्तर तल झरेको थियो । जङ्गबहादुरको अधिनायकवादी शासन व्यवस्थाबाट जनजातिहरू रूष्ट एवम् असन्तुष्ट थिए । यसै क्रममा लखन थापा द्वितीयको जनयुद्धको अनुसरण गर्दै विसं

१९३३ सालमा गोर्खाका शुकदेव गुरूङले आफूलाई 'सरकार, बौद्ध बादशाह' घोषित गरी जंगबहादुर शासनविरूद्ध विद्रोह मच्चाउन शुरू गरे । उनलाई जङ्गबहादुरले पक्रन लगाई जेलमा राखे र वि.सं. १९३३ को चैतमा उनी जेलमा नै मरे । त्यस्तै लखन थापा द्वितीयको अनुसरण गर्दै विसं १९३४ सालमा सुपति गुरूङले आफूलाई बौद्ध बादशाह घोषित गरी जङ्गबहादुरले मार्न खोजे तर उनी जिन्दगीभर भूमिगत रहेर बसे । वास्तवमा जङ्गबहादुरको विरूद्ध जनजातिका युवाहरूद्वारा गरिएको विरोध एवम् विद्रोह साहसिक पाइला थियो । तर, जन सहभागिता, संगठन तथा स्पष्ट लक्ष्यको अभाव थियो । उक्त विद्रोह मुख्यतः व्यक्तिगत आवेशबाट प्रेरित रहेको देखिन्छ । तैपनि जनजातिका उक्त शहादत प्राप्त शहीदहरूको राज्यले उचित सम्मान गर्नुपर्छ ।

ङ. सुदूरपश्चिमाञ्चल आछाममा राणाकालीन कर्मचारीहरूले विशेषगरी ठकुरी चौतारियाहरूमाथि गर्दै आएको अत्याचारलाई साहेबज्यु बलदेव शाह उर्फ बाँकेवीरलाई खपी नसक्नु भयो । त्यसमाथि श्री ३ जङ्गबहादुर राणाले श्री ५ राजेन्द्रलाई बन्दीगृहमा राखी अडकलेको माना खानुपर्ने व्यवस्था गरेबापत राजपरिवार एवम् ठकुरीहरू राणाहरूसँग आगो भएका थिए । यसै सन्दर्भमा बलदेव शाह उर्फ बाँकेवीरले लुकीछिपी हमला गर्ने गरेका थिए । फलस्वरूप जङ्गबहादुरको निर्देशनअनुसार विसं १९०६ सालमा लुकीछिपी रहेका बाँकेवीरलाई रूद्रसिंह स्वाँरले उनको टाउको काटी हत्या गरेका थिए । वास्तवमा यो ऐतिहासिक घटना राणाहरूले राजपरिवार र ठकुरी रजौटाहरूलाई सताउने, दुःख दिने तथा होच्याउने व्यवहारबाट उब्जिएको थियो । पारिवारिक द्वन्द्व, चौतारिया ठकुरी तथा राणाहरूको बीचको वैमनस्य एवम् व्यक्तिगत रिसइवीमा आधारित घटना हो । तैपनि त्यसबेला बाँकेवीरले राणाहरूको विरूद्ध ठूलो साहस देखाएको हुँदा उनको कदर राज्यले गर्नुपर्ने हुन्छ ।

**७. पहिलो जनयुद्ध**

तुलनात्मक रूपमा हेर्ने हो भने लखन थापा द्वितीयको नेतृत्वमा उठेको जनविद्रोह जङ्गबहादुरको अधिनायकवादी शासन प्रणालीको विरूद्ध थियो । जहानियाँ एवम् तानाशाही शासन प्रणालीलाई हटाएर प्रजातन्त्रको स्थापना गर्नको लागि थियो । उक्त जनविद्रोहको स्पष्ट लक्ष्य, उद्देश्य तथा योजनाबद्ध संगठन थियो । जनताको सहभागिता, सहयोग एवम् जनस्तरबाट राजनीतिक लक्ष्य प्राप्तिका लागि तानाशाही शासनविरूद्ध उठेको जनयुद्ध थियो । कुनै व्यक्तिगत, पारिवारिक स्वार्थ, लोभ, लालचा, रिसइवीबाट सो जनविद्रोह प्रेरित थिएन । लखन थापा द्वितीय आफू राजा बन्ने चाहनाबाट पनि प्रेरित थिएन । जनताले उनीलाई असीम माया तथा श्रद्धा गरेर राजासरह मान्न थालेका थिए । राजनीतिक पृष्टभूमि एवम् सैद्धान्तिक धरातलमा निरंकुश एवम् जहानियाँ शासनविरूद्ध जनस्तरमा उठेको यो विद्रोह नेपालको इतिहासमा पहिलो जनविद्रोह एवम् जनयुद्ध थियो ।

**८) कप्तान लखन थापा मगर द्वितीयको सैनिक एवम् राजनीतिक क्षमता**

क. वर्तमान समयमा सेनामा ज्येष्ठता, शैक्षिक, योग्यता, आन्तरिक र वैदेशिक प्रशिक्षण, नेतृत्व र कार्यदक्षताका आधारमा प्रायः पदोन्नति गर्ने गराउने चलन रहेको छ । जङ्गबहादुरको हुकुमी शासन व्यवस्थामा बच्चा जन्मिँदै जर्नेल, कर्नेल तथा कप्तान हुन सक्ने चलन थियो । जङ्गबहादुर आफै कप्तानीबाट प्रधानमन्त्री भएका हुन् । कप्तान लखन थापा मगर

द्वितीय भारतको अलमोडामा प्रारम्भिक शिक्षा प्राप्त गरेका मगर जनजातिका युवक थिए । अधिकांश मगर जनजाति रहेको पल्टन पुरानो गोरखगणमा भर्ना भए । आफ्नो सामरिक क्षमता, योग्यता, अनुभव, उपयुक्त एवम् सही निर्णय लिन सक्ने नेतृत्व र कमाण्ड गर्न सक्ने शीपको प्रदर्शन गरेको हुँदा १४ वर्षको छोटो अवधिमा एउटा सिपाहीबाट कप्तान हुनुमा उनीलाई कुनै अप्ठ्यारो भएन । हुकुमी शासनबाट हुकुम नै पदोन्नतिको मुख्य आधार थियो । स्थानीय जनश्रुति र लोकचर्चामा पनि उनीलाई कप्तान भनेर सम्बोधन गरिएको पाइन्छ ।

ख. विक्रम संवत् १९२० मा राजा सुरेन्द्र विक्रमका पालामा जङ्गबहादुर राणा प्रधानमन्त्रीले राजपुत र ठकुरीहरूलाई प्रदान गरेको वित्तीय सुविधासम्बन्धी लालमोहरमा भनिएको छ 'संवत् १९११ मा तिब्बतसँगको युद्ध र १९१४ मा लखनऊसँगको युद्धमा सहयोग गरेबापत 'खस'लाई क्षेत्रीसरह मगर र गुरूङलाई कर्नेल पदमा पदोन्नति गरिएको छ ।' (रेग्मी १९७०) यसरी मगर, गुरूङलाई पनि पदोन्नति गर्ने बाटो खुलेको देखिन्छ । अतः लखन थापा द्वितीय आफ्नो क्षमता तथा कुशलताको आधारमा जागिरको छोटो अवधिमा कप्तान दर्जासम्म पुगेको अनुमान सजिलैसँग गर्न सकिन्छ ।

ग. कप्तान लखन थापा मगर द्वितीय साधारण, सामान्य, शक्तिहीन, योजनारहित, लक्ष्यहीन र लहडी स्वभावका व्यक्ति नभई अत्यन्त प्रतिभाशाली युवा थिए । उनी आफ्नै पुर्ख्यौलीहरूको पल्टन गोरख गणमा सम्मिलित भए । सेनामा जागिर खाएर राणाहरूको दमन, अत्याचार एवम् हैकमको अनुभव गरिसकेका थिए । कोतपर्व काण्डमा ठूलो ओहदामा बसेका मगर भारदारलाई उठ्न नसक्ने गरी प्रायः हत्या गरिएको थियो । सो घटनाबारे उनले राम्रैसँग मनन गरेका थिए ।

घ. भारतीय स्वतन्त्रता संग्राम वि.सं. १९१४ (सन् १८५७) को सिपाही आन्दोलनको विविध पक्षमा गहकिलो एवम् नजिकबाट अध्ययन एवम् अवलोकन गरेका थिए । फ्रान्सेली विद्वान् टिलौइनले आफ्नो कार्यपत्रमा लेख्नुभएको छ, 'Lakhan Thapa was among those Nepalese who were in contact with there rebel perhaps found in them a model for his own political programme.' (2000) आजादी एवम् तानाशाही तथा निरंकुशता एवम् प्रजातन्त्रको अन्तर र महत्वलाई लखन थापाले राम्रैसँग बुझेका थिए ।

ङ. स्वतन्त्र एवम् स्वाभिमान स्वभावका लखन थापा मगर द्वितीयको मुटुमा अंग्रेज साम्राज्यवाद तथा जङ्गबहादुरको अधिनायकवादी शासन प्रणालीको विरूद्ध विद्रोह तथा विरोधको ज्वाला एकसाथ दन्किएको थियो ।

च. उपर्युक्त कारणहरूले गर्दा उनी घरबिदामा गए । बिदा सकिए पनि उनी सेनाको जागिरमा फर्किएनन् । राणाहरूको तानाशाही तथा अत्याचारी शासन व्यवस्थाबाट देश एवम् देशवासीहरूलाई मुक्ति दिलाउने लक्ष्य लिई गोर्खा जिल्ला जस्तो अति दुर्गम क्षेत्रमा राजनीतिक र सैनिक संगठन गर्न गराउन थाले । बुङगकोट गाउँलाई आफ्नो शसस्त्र आन्दोलनको आधार शिविर बनाए । वास्तवमा नेपालको इतिहासमा यो पहिलो ऐतिहासिक घटना हो । तर, विडम्बना इतिहासकार बालचन्द्र शर्माले आफ्नो पुस्तकमा यस ऐतिहासिक घटनालाई 'लखन थापाको उत्पात' लेखेर खिल्ली उडाएका छन् । ?

छ. नेपालको इतिहासमा केवल तागाधारी शासकहरूको बनावटी कथा, प्रशस्तीगान, गुणगान तथा प्रशंसाहरू मात्र लेखेको पाइन्छ । अर्कोतिर राज्यको विस्तारबारे चर्चा परिचर्चाहरू मात्र गरेको देखिन्छ । आदिवासी जनजातिको, शोषित, उत्पीडित समुदायका प्रतिभाशाली

ऐतिहासिक व्यक्तिहरूका सम्बन्धमा विस्तारमा अथवा विस्तृत विवरणहरू लेखिएको पाइँदैन । सकेसम्म होच्याउने प्रयास गरेको देखिन्छ । उदाहरणका लागि राजकीय प्रज्ञा प्रतिष्ठानबाट २०४० सालमा प्रकाशित नेपाली बृहत् शब्दकोषमा लखन थापा द्वितीयलाई 'महत्व नभएका ठट्यौली कुरा गर्ने व्यक्ति' भनेर उल्लेख गरिएको छ । त्यस्तै इतिहासकार बालचन्द्र शार्मले 'हास्यास्पद किसिमको विद्रोह र प्राचीन नेपाल' २०३१ वैशाख २७ मा एउटा लुच्च मगरले श्री ३ महाराजधिराजका गाथमा दगा गर्ने आफ्ना तहमा चल्ने मानिसहरूसँग मतजत गरी... ? आदि भनेर उल्लेख गरिएको छ । (प्रथम शहीद लखन थापा स्मारिका २०६७ फाल्गुन ७ गते ) त्यस्तै इतिहासकार बीपी सिंहले पनि लखन थापा द्वितीयको बारे यसरी टिप्पणी गर्नुभएको छ, 'सैनिक जागिरबाट गएल परी हाजिर नभई जङ्गबहादुरविरूद्ध अभियान थालेको देखिन्छ ।' (कान्तिपुर दैनिक साउन, ६, २०६८)

ज. जनजाति आदिवासी तथा उत्पीडित समुदायका प्रतिभाशाली तथा ऐतिहासिक महान् व्यक्तित्वहरूको सम्बन्धमा केही इतिहासकारहरूबाट नियोजित भ्रमित प्रचार भई आएको पाइन्छ । अर्कोतर्फ, एउटा साहसी तथा प्रतिभाशाली मगरको छोरो लखन थापा द्वितीय कुनै जात, धर्म, वर्ण, लिङ्ग र समुदायका निम्ति बलिदान भएका थिएनन् । सिंगै नेपालका लागि आफ्नो प्राणको आहूति दिएका थिए । नेपालको इतिहासमा यो पहिलो बलिदान र शाहदत प्राप्त गरेको ऐतिहासिक घटना थियो ।

**९. राज्यको विभेदपूर्ण नीति :**

क. लखन थापा मगर द्वितीयले आफ्नो निजी स्वार्थ तथा आवेशमा आएर निरंकुश शासन प्रणालीविरूद्ध आवाज उठाएको देखिँदैन । शोषित, पीडित, थिचो एवम् उत्पीडित पारिएका जनताको स्वतन्त्रता तथा हकहितको सुरक्षा गर्न उनले सशस्त्र विद्रोह गरेका थिए । जनस्तरमा जनतालाई राजनीतिक रूपले जागरूक गरेका थिए । जोशमनी धार्मिक सम्प्रदायलाई राजनीतिक दलका रूपमा प्रयोग गरेर जनतालाई जनसंघर्ष गर्न उत्प्रेरित गरेका थिए । जनताको स्वतः स्फूर्त सक्रिय एवम् सहयोगबाट राजनीतिक तथा सामाजिक परिवर्तनका लागि अघि बढेका थिए । यसै सन्दर्भमा सूर्यमणि अधिकारीले लेख्नुहुन्छ, 'लखन थापा द्वितीयलाई नेपालमा जागरणका अग्रणीका रूपमा प्रायः विद्वान्हरूले स्वीकार गरेका पाउँछौं ।' (वि.सं. २०५४)

ख. नेपालको पहिलो शहीद लखन थापा मगर द्वितीयको निर्ममतापूर्वक हत्या गरिएपछि पनि उनका परिवारका सदस्य तथा समर्थकहरूमाथि कठोर दमन, अत्याचार एवम् हिंसा यथावत् चलिरहेको थियो । 'तैपनि स्थानीय जनताले उनको सम्मानमा वि.सं १९३३ सालमा घण्टा बनाई देवीलाई चढाएका हुन् भन्ने भनाइ छ ।' (वैद्य २०२९) जनताको माया उनीप्रति कति थियो यसबाट पनि प्रमाणित हुन्छ ।

ग. त्यस्तै १३० वर्षभन्दा पनि बढी समयदेखि स्थानीय जनताले लखन थापा द्वितीयलाई भयँरी देउताका रूपमा पौष पञ्चमीको दिन अत्यन्त भक्तिभाव एवम् श्रद्धापूर्वक पूजा गर्ने तथा सम्झना गर्ने चलन बुङगकोट गाउँमा यथावत् कायम नै छ । यति धेरै ऐतिहासिक प्रमाणहरू हुँदाहुँदै पनि राज्यस्तरबाट विसं २०५६ फागुन ११ गते अर्थात् लखन थापाले सहादत प्राप्त गरेको १ सय २३ वर्षपछि मात्र जनदबाबमा शहीद घोषणा गर्नेबाहेक अरू केही गरेको छैन । प्रथम शहीदको घोषणा गरेर उनको शालिक शहीदगेट काठमाडौंमा स्थापित गर्न सकेको छैन । के यो राज्यको विभेदपूर्ण नीति होइन ?

**निष्कर्ष :**

जनताको छोराले जनताका लागि जनताको समर्थनमा कसैको अगाडि आफ्नो शिर निहुराएनन् बरू आफ्नो ज्यानको आहूति दिए । उनले निर्मम हत्यालाई स्वीकार गरे । त्यस्तै कारणहरूले गर्दा लखन थापा द्वितीय नेपालको इतिहासमा प्रथम शहादत प्राप्त प्रथम शहीद हुन् ।

*लेखक मास्टर मित्रसेन स्मृति प्रतिष्ठान काठमाडौंका अध्यक्ष हुन् ।*

## सन्दर्भ सामग्रीहरू :


- Hasrat, Bikram Jit;History of Nepal A told by its own contemporary chronides, 1970, The UV Research Institute Press, Krishna Nagar, Hoshiyarpur, India
- Rana, Padm Jung; Life of Maharaja Sir, Jung Bahadur Rana, Refrintid, 1980
- Rana, Promod Shamsher; Rana Intrigues, Kathmandu 1995
- Regmi, Mahesh; King and Political Leaders of The Gorkhali Empire, 1995, Orient Longman
- Mari Lc comte Tilouine; The History of the Massiance rebel King Lakhan Thapa Magar, utopia and ideology among the Magars, Paper presented Paris, 2000, pg 150–168
- वैद्य, प्राडा तुलसीराम : लखन थापा मगर नेपालका प्रथम शहीद, प्रथम शहीद स्मारिका २०६७, पृ.२७
- बुढा मगर, डा. हर्षबहादुर : राष्ट्रका गौरव तथा नेपालका प्रथम शहीद लखन थापा मगर द्वितीय, काठमाडौं २०५४, पृ. १०३
- सुवेदी, डा. राजाराम : शहीद कि प्रथम शहीद हुन् लखन थापा, प्रथम शहीद लखन थापा विचार गोष्ठीमा प्रस्तुत कार्यपत्र, २०६५ पुस १९ गते, काठमाडौं
- शर्मा, बालचन्द्र : नेपालको ऐतिहासिक रूपरेखा, वाराणसी २०५५
- राणा, पुरूषोत्तमशमशेर जबरा : श्री ३ हरूको तथ्य वृत्तान्त, काठमाडौं, २०५५
- राना मगर, बी.के. : गोर्खाका मगरहरू, काठमाडौ, वि.सं. २०६३
- राना मगर, उमेश : क्रान्तिकारी लखन थापा मगर, काठमाडौं विसं २०५४
- आले मगर, जीवन : विसं नेपालको प्रथम जनविद्रोही शहीद लखन थापा मगर, काठमाडौं, २०६४
- आले मगर, रूलबहादुर : प्रजातान्त्रिक आन्दोलनका योद्धा प्रथम शहीद लखन थापा मगर, काठमाडौं, २०१२
- शर्मा, जनक लाल : जोशमनी सन्त परम्परा र साहित्य
- Whelpton John, Soldiers and Priest Nepalese Politics and the Rise of Jung Bahadur Rana, 1990, pg 241



विष्णुकुमार सिङ्जाली मगर

# मगर संस्कृतिमा माघ्या सकराती : एक परिचर्चा

**१. विषय प्रवेश**

सूर्य मकर रेखाबाट कर्कटरेखातर्फ अर्थात् उत्तरायणको यात्रारम्भको अवसरमा मनाइने हिउँदे पर्व माघे संक्रान्ति मानव समुदायले कहिलेदेखि मनाउँदै आएको हो भन्न नसकिने भए पनि ल्याटिन अमेरिकामा पाइएको पुरातात्विक प्रामाणले करीब ६ हजार वर्ष पहिले नै यसको अस्तित्व भएको प्रमाणित गर्दछ (थापा; २०६८: १४) । यसले के बुझाउँदछ भने मानव समुदाय धार्मिक युगमा प्रवेश गर्नुअघि नै मानिसहरूले प्रकृतिको गुण (Natural phenomenon) लाई अध्ययन गरेर प्रकृति र उत्पादनको आधारमा उनीहरूको संस्कृतिमा चाडपर्वहरूको निर्माण तथा अभ्यास गरेको हुनुपर्दछ । नेपाल लगायत भारतीय उपमाहाद्वीपमा माघ्या सकराती कहिलेदेखि मनाउन थालियो भन्ने यकिन तथ्य पाइँदैन । विषेश गरेर ककेशियनहरूको प्रवेशले मंगोल मुलका मानिसहरूले बनाएको सभ्यता ध्वस्त हुनु, महोन्जोडाडो र हरप्पाजस्ता सभ्यताहरू नाश हुनु र भारतीय उपमाहाद्वीपमा बारम्बार भइरहेको धार्मिक तथा राजनीतिक युद्धले पुराना प्रमाणहरूको नाश हुनु, जातीय राजनीति, उच्च जातका पुरूषहरूबाहेक अरू सबैलाई शिक्षाबाट वञ्चित गरिनु र यसले गर्दा ज्ञान विज्ञानको विकासमा बाधा पुग्नु, मगरहरमा पुराना कुराहरूको संग्रह नगर्ने र मानिस मरेपछि सबै कुरा जलाइदिने प्रचलन हुनु आदिजस्ता कारणले गर्दा ठ्याक्कै मिति तोक्न मिल्ने प्रमाणहरू पाउन मुश्किल छ । तर पनि यहाँका आदिवासीहरूले सूर्य, चन्द्रमा तथा ताराहरूको लामो अवलोकनको आधारमा माघ्या सकरातीलाई नयाँ वर्षको रूपमा मनाएको भन्न सकिन्छ । समयको कालखण्डमा पछि शक्तिशाली राजा वा माहाराजाहरूले चलाएको संवत्ले गर्दा यस प्राकृतिक रूपमा मानिएको नयाँ वर्षको दिन फरक पर्न गयो । अझ पनि नेपालमा मगर, थारू, घले, किराँतीहरू, तामाङजस्ता आदिवासी समुदायले माघ्या सकरातीलाई नयाँ वर्षका रूपमा मान्ने गर्दछन् । कुल-पितृ सम्झने गर्दछन् । यद्यपि सांस्कृतिक

रूपमा चाड मनाउने तौरतरीकामा केही भेद पाउन सकिन्छ ।

माघे संक्रान्तिलाई मगरातका आदिवासी मगरहरू माघ्या सकराती भनेर उच्चारण गर्दछन्, त्यसैले यसको शीर्षकमा माघ्या सकराती उल्लेख गरिएको छ । माघ्या सकरातीको दिनदेखि पृथ्वीमा सूर्यको यात्रा (चाल) उत्तरायण प्रारम्भ हुने भएकाले रातको तुलनामा दिन लामो हुँदै जाने र न्यानोपन बढ्दै जान्छ । पृथ्वीको उत्तरी ध्रुवको कर्कटरेखादेखि दक्षिणी ध्रुवको मकररेखा (साउने संक्रान्तिदेखि माघे संक्रान्ति)सम्मको सूर्यको यात्रा (चाल) लाई दक्षिणायन र दक्षिणी ध्रुवको मकररेखादेखि उत्तरी ध्रुवको कर्कटरेखा (माघे सकराती देखि साउने संक्रान्ति) सम्मको सूर्यको चाल वा यात्रालाई उत्तरायण भनिन्छ । पृथ्वी र सूर्यको अवस्थाका आधारमा मौसम (ऋतु) हरूको परिवर्तन हुने, तथा उत्पादन प्रणालीमा प्रभाव पार्ने हुँदा मानिसहरूले माघ्या सकरातीलगायतका चाडहरू मनाउन थालेका हुन् । माघ्या सकराती चाड मान्न प्रयोग गरिने तरूल, गेडागुडी तथा अन्नको मिश्रण (खिचडी), पिंडालु, सखरखण्ड आदि उत्पादन प्रणालीसँग सम्बन्धित छन् । यद्यपि यस चाडलाई नेपालमा हिन्दू धार्मिक मान्यताहरूसँग जोडेर हेर्ने गरिएको छ । आदिवासी मगरहरू माघ्या सकरातीलाई नयाँ वर्ष (मिनाम ल्हेस), कुलपितृहरूलाई सम्झने दिन, चेली माइतीको सम्बन्ध प्रगाढ गराउने दिन, नाचगान गरेर रमाइलो गर्ने दिन, परम्परादेखि चल्दै आएको तारो हान्ने, छेलो खेल्ने आदि दिनका रूपमा पनि लिने गर्दछन् । नेपाल सरकारको मिति २०६५ माघ १० गतेको घोषणाअनुसार माघे संक्रान्ति मगर र थारूको राष्ट्रिय चाड (श्रीश, वि.सं. २०६८: ३१) भएकाले पनि मगरहरूले यस दिनमा ठूलाठूला समारोहहरू आयोजना गरेर मनाउन थालेका छन् । प्रस्तुत लेखमा मगरहरूको माघे संक्रान्ति मनाउने परम्परा, मगर र अन्य जातजातीय समुदायहरूबीच यो पर्व मनाउने प्रक्रिया, शैली र मान्यताप्रतिको अन्तरसम्बन्ध आदि पक्षहरूलाई सामान्य रूपमा केलाउने प्रयास गरिएको छ ।

## २. ऐतिहासिकता

मगर समाजमा माघ्या सकराती कहिलेदेखि मनाउन थालियो भन्ने यकिन छैन । तर पनि परापूर्वकालदेखि नयाँ वर्षका रूपमा माघ्या सकरातीलाई मनाएको पाइन्छ । जाडो मौसमको अन्त भई गर्मी मौसम शुरू हुने तथा अन्नपात छर्ने रोप्ने मौसमको शुरू हुने भएकाले यहाँको पर्यावरण अनुकूल माघे सकराती मनाएको पाइन्छ । माघ्या सकराती मनाउँदा खाइने परिकारहरूले त्यही कुरा बताउँदछ । तरूल, गिठा, भ्याकुर, पिँडालु, गेडागुडी तथा धानजस्ता अनाजहरू सो मौसममा भित्र्याइसकिएको हुन्छ । यसले के बुझाउँछ भने धार्मिक आस्थाभन्दा पनि प्राकृतिक गुणहरू (Natural phenomenon) लाई आधार मानेर मगर संस्कृति निर्माण भएको पाइन्छ । मगर संस्कृतिमा माघ्या सकराती मनाउने प्रचलन कहिलेदेखि शुरू भयो भन्ने ऐतिहासित्ता खोज्न मगरका पुर्खाले सृजना र उपभोग गरेका दर्शन, परम्परागत प्रविधि र प्रचलनहरू आदिको अध्ययन अनुसन्धान गर्न जरूरी छ । अर्कोतर्फ राई, लिम्बू, सुनुवारहरू तथा अन्य किराँतीहरूले यलम्बर सम्बतको नयाँ वर्ष भनेर चाड मनाउनु, घले, तामाङहरूले तिब्बती पात्रोअनुसार बर्ग (ल्हो/ल्हेस) फेरिने अर्थात् 'ल्होसार' नयाँ वर्षका रूपमा बुझ्नु, मगरहरले कुल–पितृ सम्झने दिन वा चेली पुज्ने दिन र नयाँ वर्षको रूपमा चाड मनाउनु, थारूहरूले पनि सोही प्रकृतिको बुझाइ हुनुका साथै नयाँ वर्षका रूपमा मानेर कारोबार, व्यवहारको हिसाबक्तिाब गर्ने, नयाँ कामको योजना गर्ने तथा गाउँका लागि प्रमुख व्यक्तिहरू तोक्नेजस्ता संस्कृति हुनु, नेवारहरूले घ्यु–चाकु खाने चाडका रूपमा मान्नु, छन्त्याल, दुरा, कुमाल, भुजेललगायत सबै सांस्कृतिक समूहहरूले माघे संक्रान्ति मान्नुलाई सांस्कृतिक एक्ता मान्न सकिन्छ । यसले धार्मिकभन्दा पनि सांस्कृतिक सामिप्यता बोकेको छ ।

### ३. मगर समाजमा माघ्या सकराती

मगर समाजमा माघ्या सकराती धार्मिक चाडको रूपमा नामानेर सांस्कृतिक चाडको रूपमा मनाउने गरिन्छ । तर पनि हिन्दू धर्मको प्रभावले गर्दा केही मगरहरू धार्मिक चाडका रूपमा हिन्दू आर्यहरूको सिको गरेको पाइन्छ । मौलिक रूपमा मगरहरूले यस चाडलाई नयाँ वर्षको आगमनको रूपमा हेर्दछन् । यस दिनमा बिहान सबेरै उठेर नजिकको कुवा, धारा वा खोलामा नुहाउँछन् । गण्डकी वा नदीका दोभानहरू (जस्तैः रिडी, राम्दी, स्यादीबेनी (सेतीबेनी), तनहुँ दमौली, देवघाट, त्रिवेणी, पूर्वी नेपालको वराह क्षेत्र) आदिमा हिन्दू आर्य समाजमा जस्तो स्नान गर्नका लागि जानैपर्ने भन्ने रहँदैन । तर त्यहाँ लाग्ने मेला भर्न भने जान्छन् । मेलामा जाँदा खैजडी/डम्फु र मादल घन्काउँदै साल्यैज्यू, झ्याउरे, दोहरी, ठाडो तथा लस्के भाका, कौरहा आदि परम्परागत नाचगानसहित रमाइलो गर्दै जाने र गाउँमा फर्कने गर्दछन् । यद्यपि हालमा पश्चिमा संस्कृति, तथा सूचना र संचार प्रविधिको विकास, मनोरञ्जनका अन्य माध्यमहरूको विकास भएकोले यो प्रचलनमा कमी आएको छ । माघ्या सकरातीलाई मगर जातिमा पितृ–चाडका रूपमा मनाउने गर्दछन् । बाबुआमा मरिसकेका छोराहरूले यो दिन आमा बाबुलाई पिण्ड चढाउने (दिने) गर्दछन् । पिण्ड दिनेहरू मसान्तको दिन उपवास बस्ने गर्दछन् । भोलिपल्ट बिहानै घाटमा वा पंधेरामा, खोलामा गई एक मुठी चामल, एक मुठी खाल, अदुवा पितृलाई चढाउने गर्दछन् (बराल मगर; २०५०ः १२२) । पूर्वी नेपालका धरान, धनकुटातिरका मगर बस्तीमा कुलपितृलाई धूपध्वजा र काँचो तरूल चढाइन्छ । त्यसपछि स–परिवार एवम् पाहुनाले काँचो तरूल, घ्यू, फलफूल आदि प्रसादका रूपमा ग्रहण गर्दछन् (श्रीश; वि.सं.२०६७ः ५८) । यस्तो चलन अन्य मगर गाउँहरूमा पनि पाइन्छ । मगर गाउँहरूमा माघ्या सकरातीको दिनमा पितृपूजा गरेपछि अरू दिनमा गर्नुपर्दैन । तर, हिन्दू धर्मको प्रभावमा रहेका पुरोहित लगाउने मगरहरूले भने तिथि हेराएर श्राद्ध गर्ने गरेको पाइन्छ ।

राप्ती प्रश्रवण क्षेत्र (रूकुम रोल्पा) का मगरहरूले माघ्या सकराती पन्ध्र दिनसम्म धुमधाम मनाउने गर्दछन् । यो चाडमा त्यस क्षेत्रमा विभिन्न देवीदेवताको पूजाआजा र छोरीचेलीको विशेष सम्मान गरिन्छ । संक्रान्तिको दिन दाजुभाइहरूले स्नान गरी घरको एक कोठामा राखिएको चामर नुन छोएर आशीर्वाद लिने गर्दछन् । उक्त चामल र नून घरमा नचलाईकन दानका रूपमा चेलीबेटीलाई दिइन्छ । दाजुभाइले बिहानै स्नान गरी केही नखाएर विबाह भएका चेलीबेटीको घरमा मिश्रा (चामल, तरूल, पैसा आदि) लिएर जाने प्रचलन रहेको पाइन्छ (श्रीश; वि.सं.२०६७ः ५८) । यो प्रचलन थारू र मगरमा उस्तै रूपमा पाइन्छ । यस क्षेत्रका मगरहरूले माघ्या सकरातीका दिन चेलीबेटीको पूजा गर्दछन्, गच्छेअनुसारको दान दक्षिणा पनि दिन्छन् । यसका साथै सो दिनमा चेलीबेटीहरूले टीका र झोप्ल्यानीद्वारा दाजुभाइ काका, मामालाई र घरको धुरी खम्बा, चुल्हो र पँधेरोलाई पूजा गर्छन् । त्यसपछि दही र चामलको टीका र जमरा (झोप्ल्यानी) लगाइदिन्छन् । छोरीचेली नभएका घरमा छिमेकी छोरीचेलीले यसरी पूजा गरिदिनुपर्छ । (बुढा मगर; वि.सं.२०६५ः २७) । यो चाड मनाउँदा चेलीबेटीहरूको समूह नाचगान र रमाइलो गर्दै घरघरमा मस्यान्द्रा (तिहारको देउसी–भैलोजस्तो) खेल्न जान्छन् । उनीहरू गहुँ वा जौका बिरूवाहरू (झोप्ल्यानी) घरको ढोकामा लगाइदिन्छन् अनि घरबेटीलाई पनि लगाइदिन्छन् घरबेटीहरूले उपहारस्वरूप पैसा, रक्सी, सुकुटी, तरूल आदि दिन्छन् । रूकुमका केही गाउँहरूमा सो दिनमा खिचडी (खिर्चो) खाने र सिस्नो खेल्ने पनि गरिन्छ । गण्डकी प्रश्रवण क्षेत्रका मगर बस्तीहरू भने प्राय गरी छोरीचेलीलाई माइतीमै निम्तो गरिन्छ । छोरीचेली तथा कुटुम्बहरूले पाहुर (बारा, रोटी, रक्सी, तरूल, पिँडालु आदि) ल्याएका हुन्छन् । माइतीघरमा चेलीबेटी तर्फका नातापाताहरलाई खिचडी, तरूल, पिडालु, माछा मासुको परिकार, जाँडरक्सीको

परिकार आदि मिष्ठान्न भोजन गराईन्छ । त्यसदिन पितृपूजा गर्नेहरूले दहीचामलको टीका लगाइदिएर दान दक्षिणा पनि दिने गर्दछन् । त्यसका साथै चेलीबेटीहरूलाई तरूल, सुकुटी, चामल, पैसा आदि दिएर घर पठाइन्छ, माइत आउन नसकेका विवाहिता चेलीहरूलाई घरमै पुऱ्याउने पनि गरिन्छ ।

माघ्या सकरातीमा मगर गाउँहरूमा परिकारका रूपमा बन तरूल, गिठा, भ्याकुर आदिजस्ता कन्दमुलहरू र घर तरूल, पिडालु आदिको परिकार खाएमा स्वस्थ्य भइने, शरीरमा स्फूर्ति बढ्ने विश्वास पाइन्छ । त्यस्तै गरी गेडागुडीको देउली कुटेर बनाइएको बारा, सेलरोटी, बिरम्ला, माछा मासुका परिकारहरू पनि माघ्या सकराती मनाउन चाहिन्छ । माछामासुको व्यवस्था गर्न भेजा वा सुँगुर/बंगुर पाल्ने पाठेभाइजस्ता सामाजिक सहकारीका संगठन भएका गाउँटोलहरूमा कुन घरको सुँगुर/बंगुर (बोच+सुंगुर) काट्ने हो, त्यो सामुहिक निर्णयमा काटिन्छ र बजार भाउभन्दा सस्तोमा उपभोग गरिन्छ ता कि सबैले चाडवर्प मान्न सकून् । यसका साथै खसी, भेडा, कुखुरा, हाँस आदिको माछा मासु माघ्या सकरातीभन्दा अघि तयार गरिन्छ । माघ्या सकरातीमा काटमार गर्ने चलन हुँदैन । मासु काट्दा भुटुवा (रक्ती, मासु, भित्री अंगहरू तथा मासुको परिकार) खाने र रमाइलो गर्ने चलन पनि हुन्छ । सो परिवेशमा 'गाउँ–घरमा सुँगुर काट्दा यसको मूत्रथैली (टोटङ) मा हावा फुकेर केटा–केटीहरू रमाउँदै भकुण्डो खेल्ने गरेको पनि पाइन्छ' ((श्रीश; वि.सं.२०६७ः ५७) । माघ्या सकरातीको तयारीका लागि २/४ दिन अघि नै बनको कन्दमुल, तरूल, गिठा, भ्याकुर खन्न जाने, नदीमा माछा मार्न गरिङ (एक किसिमको परम्परागत माछा मार्ने प्रविधि/घर) थापी माछा निकालेर महत्वका साथ खाइन्छ (बुढा मगर; वि.सं.२०६५ः २६) ।

तनहुँ, लमजुङ, गोरखा, पूर्वी पाल्पा तथा नवलपरासी र चितवन जिल्लाका मगर गाउँहरूमा माघ्या सकरातीबाट विधिवत् रूपमा कौरहा नाचको शुरूवात हुन्छ । राप्ती प्रश्रवण क्षेत्र तथा गण्डकी प्रश्रवण क्षेत्रका बाग्लुङ, म्याग्दी, पर्वत, गुल्मी आदि मगर गाउँहरूमा धनुकाँडको परम्परागत खेल 'तारो हान्ने' कार्यक्रम माघ्या सकरातीको पहिलो दिन शुरू हुन्छ र तेस्रो दिनमा तारो ढाल्ने कार्यक्रम हुन्छ र यसमा विजयी हुने व्यक्तिलाई बाजा बजाउँदै बोकेर डुलाउने गरिन्छ । यस क्रममा स्वाम्बु भाकाका गीत पनि गाइन्छ । गीतमा 'स्याम्बो स्याम्बो राजा, स्याम्बो स्याम्बो रानी' भन्ने थेगो प्रयोग गरिन्छ । यस चाडमा गाउँमा दुःख दिने दुष्टशक्तिको दमन गरी शान्ति ल्याउने उद्देश्यअनुरूप खोला किनारमा पुत्ला दहन पनि गरिन्छ (श्रीश; वि.सं. २०६७ः ५९) । म्याग्दीमा पनि यस दिनमा ठाउँठाउँमा मेला लाग्ने गर्दछ । विभिन्न गाउँका मानिसहरू मेला भर्न पुख्र्यौली गीत गाउँदै, नाच्दै जाने आउने चलन छ (पुन मगर; वि.सं. २०६६ः ७६) डोल्पाका शहतारा र लावन गा.वि.स.का मगरहरूले पनि माघ्या सकरातीका दिन चेलीबेटी बोलाएर रोटी आदि मिष्ठान्न भोजन गराउने र राँको फाल्ने गर्दछन् (श्रीश; वि.सं. २०६७ः ५८) ।

मगर गाउँहरूमा बारा बनाउँदा गैंडा, हात्ती, घोडा आदि आकृतिका परिकार बनाउने गरिन्छ (सिङ्जाली; २०६८ः ४) । यसले के देखाउँदछ भने मगरहरू पहाडी भेगमा बसे पनि तराईसँग कुनै कुनै न नाता भएको बताउँदछ । धेरै विद्वान्हरूले बताउने गरेको मगरहरू तिब्बतदेखि इतिहासमा उल्लेख भएको मगध राज्यसम्म फैलिएका थिए भन्ने तथ्यलाई माघ्या सकरातीको संस्कृतिले झल्काउँदछ । किनकि पहाडमा हात्ती, गैंडाजस्ता जनावरहरू हुँदैनन् । बाग्लुङको पश्चिमी भेग अर्गल, हिल, निसी आदि क्षेत्रमा माघको पहिलो दिनालाई जेठी संक्रान्ति र दोस्रो दिनलाई संक्रान्ति भनेर दुई दिन मनाउँछन् । त्यस भेगमा खिचडी (खिर्चो) खाने चलन छैन । उनीहरूले बिहानै उठेर नुहाएपछि पितृपूजा गरी पितृको नाममा माघेको पातमा सुकुटी, घिउमा फुराएको चामाल राखेर अगेना नजिक र छानामा घुसार्ने गर्दछन् । निसी ६ भल्कोटमा माघेपर्वको

तेस्रो दिन पुतली नाच नचाइन्छ । यसलाई तरबार नाच पनि भन्दछन् । निसी ती कापारूपमा भने काइपा नाच नचाइन्छ । यसलाई फागु वा भुसानिन्या नाच पनि भनिन्छ (श्रीश; वि.सं. २०६७: ५७-५९) । मगरहरूले माघ्या सकरातीलाई उभौली (उभेली) ऋतुको थालनी, नयाँ वर्ष (मिनाम ल्हेस) को रूपमा मनाउने गरिएको पाइन्छ । मगरहरू छरिएर रहेका र त्यहाँको प्राकृतिक पर्यावरण, उत्यादन प्रणालीमा आधारित भएर विभिन्न तौरतरिकाबाट मनाउने गर्छन् ।

## ४. आदिवासीहरूसँग माघ्या सकरातीको सामिप्यता

नेपालका आदिवासीहरूले माघ्या (माघे) संक्रान्तिलाई सांस्कृतिक चाडका रूपमा मनाउने गर्छन् । थारूहरू यसलाई 'माघी' भन्दछन् । थारूहरू पनि पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म फैलिएकाले स्थान विशेषअनुसार फरकफरक ढंगले मनाउँछन् । थारूहरूले यसलाई नयाँ वर्षका रूपमा, उन्मुक्ति दिवस, सद्भाव र मेलमिलापको दिन, पारिवारिक तथा नातागोताहरूको जमघट हुने दिनका रूपमा मनाउँछन् । थारूहरू पुसको २७ गतेदेखि नै माछा मार्ने, चामलको पीठो पिसाउने, खिचडी, तिलको लड्डु तथा मुरही आदि परिकारको व्यवस्था गर्ने, नयाँ कपडा किन्ने तथा सिलाउने, सुंगुरको मासु व्यवस्था गर्ने गर्दछन् । माघी एक हप्तासम्म मनाउँदछन् । सबैभन्दा ठूलो दिन माघे संक्रान्तिको दिन मान्छन्, त्यो दिनमा काटमार गर्नुहुँदैन भन्ने विश्वास थारू समाजमा छ । संक्रान्तिको बिहानै पँधेरो वा खोला दोभानमा गएर नुवाइधुवाई गर्ने गर्दछन् । त्यसपछि दही र चामलको टीकाटालो लगाउने प्रचलन हुन्छ । ठूलाबडाबाट आशीर्वाद लिने, ढोगभेट गर्ने चलन पनि हुन्छ । यसैगरी चामल, नून, मासको दाल आदिको 'निश्राउ' चेलीबेटीलाई दिने गरिन्छ (दहित; २०६२: ५१–५३) । मगर संस्कृतिमा यसलाई मिश्रा पुऱ्याउने भनिन्छ । अनि तरूल, सखरखण्ड, खिचडी, तिलको लड्डु मुरही, चामलको सठौरा, सुगुर, खसी, कुखुरा तथा माछाको परिकारका साथमा जाँडरक्सीको परिकार खाएर मनोरञ्जन गर्छन् । थारूहरू माघौटा, झुमरा, छोकरा नाचहरू नाच्ने गर्दछन् (दहित, २०६२: ५३-५४) । मगर समाजका पुतली नाच, झुमरा, काईपा/भुसन्या आदि नाचहरूसँग नजिक छ । आदिवासी थारूहरू यस चाडमा घरपरिवार छुट्टिने वा नछुट्टिने, घरको मूली छान्ने, कमैया वा कमलरी जाने वा नजाने, जग्गा-जमिन तथा लेनदेनजस्ता घरायसी कुराहरू तथा गाउँमा बडघर (थापा; वि.सं .२०६८: १५), भलमन्सा, चौकीदार, कामी, चिरक्या, कुम्हार चयन गर्ने तथा गाउँघरको विकास तथा समाज सञ्चालनको लागि व्यवस्था गर्ने गर्दछन् (दहित; २०६२: ५५) । मगरहरूले यस्तो कुराहरू चण्डीपूर्ने तथा भुम्या चाडपर्वमा गर्ने चलन छ ।

छन्त्यालहरू पनि मगरहरूसँग सोलीडोली चलाउँछन् । उनीहरू पनि मगराँतका पुराना बासिन्दा हुन् । माघे सकरातीमा उनीहरू तारो हान्ने, तरूल तथा जंगली कन्दमूल, खिचडी, सँगुर तथा माछामासुको परिकार, चेलीमाइतीको जमघटको रूपमा मनाउने गर्दछन् । छन्त्यालहरूको माघे सकराती बाग्लुङ म्याग्दी, पर्वत तथा रूकुम-रोल्पाका मगरहरूले मनाउने तरीकासँग सामिप्यता राख्छ । उनीहरू पनि यस चाडलाई नयाँ वर्षको रूपमा मनाउँछन् । यसैगरी घले, तामाङहरूले वर्ग (तिब्बती पात्रोमा १२ ओटा जनावरको नामबाट प्रत्येक वर्षको वर्गको नाम रहन्छ,) फेरिने अर्थात् नयाँ वर्षका रूपमा मान्छन् । पूर्वका किराँतीहरू यलम्बर सम्वत् अर्थात् नयाँ वर्षको रूपमा मान्दछन् । नेवारहरू घ्यू-चाकु सल्हुका रूपमा चेलीमाइती तथा नातागोताको मेलमिलापका रूपमा मनाउने गर्दछन् । यसका अलावा अन्य आदिवासीहरूले यस चाडलाई नयाँ वर्षको रूपमा जंगली कन्दमूल, खिचरी खाने चाडका रूपमा, चेलीमाइती तथा आफन्तजनहरूको भेटघाटको रूपमा मनाउने गर्दछन् ।

## ५. निष्कर्ष

मगरहरूले माघे संक्रान्तिलाई 'माघ्या सकराती' भन्छन् । थारूहरूले माघी, नेवारहरूले घ्यू-चाकु सल्हु भन्छन् । पूर्वीनेपालका किराँतीहरू यलम्बर संवत्को नयाँ वर्षका रूपमा मनाउँछन् । हिन्दू आर्यहरू माघे संक्रान्ति भनेर धार्मिक दृष्टिकोणबाट हेर्दछन् । तर, मगर, थारू, नेवार, घले, पूर्वी नेपालका किराँतीहरूलगायतका थुप्रै आदिवासीहरू यसलाई सांस्कृतिक चाडपर्वका रूपमा मनाउँछन् र नयाँ वर्षका रूपमा बुझ्छन् । यसले गर्दा नेपालका आदिवासीहरूमा सांस्कृतिक सामिप्यताको कुरा उठान गर्न सकिन्छ । मगरहरूले माघ्या सकरातीलाई नयाँ वर्ष (मिनाम ल्हेस)को रूपमा, माइती चेली वा पारिवारिक तथा इष्टमित्रहरूको जमघट तथा मिलनका रूपमा लिएका छन् । यस दिन कुलपितृ सम्झने र पूजा गर्ने, तरूल तथा जंगली कन्दमूल, सिकार गरिएको माछामासु, खिचडी, बारा, बिरम्ला आदि परिकार खाने दिनका रूपमा लिन्छन् । परम्परागत खेलहरू तारो हान्ने अर्थात् धनुषवाणको खेल, छेलो खेल आदि तथा आधुनिक खेल भलिबल, फुटबल, क्रिकेट आदि खेलेर मनाउने गर्दछन् । दही चामलको टीका, जमरा (झोप्ल्यानी).लगाउने, चेली पुज्ने पनि गर्दछन् । यद्यपि मगरहरू नेपालको सबै जिल्लाहरूमा छरिएर रहेकाले माघ्या सकराती मनाउने प्रचलनमा स्थान विशेषअनुसार फरक पर्दछ । तर पनि मूलभूत कुराहरू तथा सिद्धान्तमा फरक भने छैन । यस चाडमा कौरहा, साल्यैजो, झाम्रे, झुमरा, सोरठी/मारूनी, पुतली/तरबार नाच, काइपा/भुसन्या, हुर्रा आदि नाचगान गरेर मनाउने चलन छ । ठूलाठूला मगर गाउँहरूमा रोदी बस्ने चलनहरू पनि छ । यसरी मगरहरू यस चाडलाई मनाउँदछन् ।

हजारौं वर्षदेखि सूर्य र पृथ्वीको चाल तथा त्यसले मौसम तथा ऋतुमा परेको असर तथा उत्पादन प्रणालीमा परेको प्रभावहरूको लामो अवलोकनबाट अभ्यासमा आएको माघे संक्रान्ति चाड मगरहरूले सांस्कृतिक चाडका रूपमा मान्दै आएका छन् । आदिवासीका पुर्खाहरूले प्रकृतिका गुणहरूका आधारमा नयाँ वर्षको रूपमा मान्ने, सरल तरिकाले ऋतु विभाजन गर्ने प्रचलनले गर्दा पनि यो चाडको विशेषता रहेको हो । हामीले मनाउने माघ्या सकराती सबैभन्दा लामो रात र सबैभन्दा छोटो दिनबाट दिन लामो हुदै जाने प्राकृतिक विशेषतामा आधारित छ ।

## सन्दर्भ सामग्री :


- गुरूङ, प्राज्ञ डा. जगमान : २०६७. गण्डकीप्रश्रवण क्षेत्रको सांस्कृतिक सम्पदा, पश्चिमाञ्चल विकास मञ्च, पोखरा ।
- थापा मगर, गोविन्दप्रसाद : २०६८. 'Maghe or Makar Sakranti Celebration in Nepal and India', शोधमाला, काठमाडौंः मगर अध्ययन केन्द्र ।
- दहित, गोपाल : २०६२. थारू संस्कृतिको संक्षिप्त परिचय, ललितपुरः आजउराप्र ।
- पुन मगर, मेजन : २०६६. पुन मगरहरूको एक अध्ययन, पोखराः गोपी फगामी मगर र डा. छममाया पुन मगर
- बराल मगर, केशरजङ्ग : २०५०. पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।
- बुढामगर, बमकुमारी : २०६५. माघे सकराई, काठमाडौंः अठार मगरात मगर प्रतिष्ठान ।
- सिङ्जाली, विष्णुकुमार : २०६८. 'मगर समुदायमा माघ्या सकरातीको स्वास्थ्यसम्बन्धी महत्व', शोधमाला, काठमाडौंः मगर अध्ययन केन्द्र ।
- श्रीश मगर, मीन : २०६७. मगर जातिको चिनारी, काठमाडौंः आजउराप्र ललितपुर र ने.म.संघ, कलंकी ।
- श्रीश मगर, मीन : २०६८. 'मगर जातिको राष्ट्रिय पर्वमा सूचीकृत माघे सङ्क्रान्तिको समीक्षा', शोधमाला, काठमाडौंः मगर अध्ययन केन्द्र ।



अमृत योञ्जन-तामाङ

# जातिभाषा विज्ञानको हेराइमा मगर भाषा

## १. परिचय

प्रस्तुत अध्ययनमा भाषाविज्ञान र जातिभाषाविज्ञानको आँखाबाट मगर भाषालाई हेर्ने प्रयास भएको छ । भाषाविज्ञानले भाषाको अध्ययन तथा विश्लेषण गर्दछ र भाषामा अन्तरनिहित समस्याको पहिचान गरेर उचित निकासका लागि मार्गनिर्देश पनि गर्दछ । भाषाविज्ञानको नयाँ शाखाका रूपमा विकास भइरहेको जातिभाषाविज्ञानले आदिवासी जनजाति (अ/ज) समुदायको पहिचानको सन्दर्भमा भाषाको अध्ययन गर्दछ । यसले समुदायको भाषिक-सांस्कतिक पहिचान (Ethnic Identity), भाषाको जीवन्तता (Language Vitality) र राज्यसँगको शक्ति सन्तुलन (Power Relation) को अध्ययन प्रस्तुत गर्दछ । भाषिक तथा सांस्कृतिक विविधता र वैभवता बचाउनेतिर अर्थात् भाषिक मानवअधिकारको संरक्षणमा पनि यो केन्द्रित हुन्छ ।[१]

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, जावलाखेलले २०७० देखि नेपालको जातिभाषावैज्ञानिक सर्वेक्षण (Ethnolinguistics Survey of Nepal (ELSuN) प्रारम्भ गरेको छ । दोलखा, रामेछाप र सिन्धुली जिल्लाको सर्वेक्षण कार्य हालै सम्पन्न भएको छ तर प्रतिवेदन सार्वजनिक भने भइसकेको छैन । जातिभाषावैज्ञानिक दृष्टिकोणबाट मगर भाषालाई हेर्ने यो पहिलो प्रयास हो, नेपालकै लागि पनि यो पहिलो अनुभव हुनेछ । सैद्धान्तिक छलफलबाहेक विश्वमा त्तै यसबारेको ग्रन्थ सार्वजनिक भएको जानकारी हालसम्म छैन । केहीले कुनै जातिको

1 Ethnolinguistics is 'the study of languages in their ethnic context'. It values to socio-cultural identity, vitality & power. Ethnolinguistic vitality covers term for various factors, objective and subjective; seem as determining the ability

भाषिक अध्ययनलाई नै इथ्नोलिङ्ग्युस्टिक भनेको पाइन्छ र भाषाको संरचनागत अध्ययनमा केन्द्रित देखिएको छ । भाषाविज्ञानको यो शाखा सैद्धान्तिक तहमा पनि परिमार्जन हुन आवश्यक छ । सुझावको अपेक्षा गर्दछु । यसबारे बहस चलाउन आवश्यक छ । प्रस्तुत अध्ययनको संरचना निम्नानुसार छ –

१. परिचय
२. राष्ट्रिय परिदृश्यमा मगर भाषा
   २.१ (मगर जाति र भाषाको स्थान, २.२ (११ लाख मगरहरूले मातृभाषा गुमाएका रहेछन्, २.३ (भाषाको आधारमा राज्यको परिकल्पना
३. मगर भाषा : भाषावैज्ञानिकहरूको चासो
   ३.१ मगर भाषाहरू – ३.१.१ मगर–ढुट (भाषा), ३.१.२ खाम/पाङ भाषा, ३.१.३ काइके भाषा
   ३.२ मगर भाषाको अध्ययन परम्परा
४. मगर भाषा : इथ्नोलिङ्ग्विस्टहरूको चासो
   ४.१ भाषिक समुदाय, ४.२ भाषिक भूगोल, ४.३ जनसाङ्ख्किक स्थिति, ४.३.१ समकालीन स्थिति, ४.३.२ कालक्रमिक स्थिति, ४.४ दोस्रो भाषाका रूपमा मगर भाषा, ४.५ कानूनी मान्यता, ४.६ मगर भाषाको प्रयोग क्षेत्र, ४.७ मगर भाषाको विकास, ४.८ मगर भाषामा ज्ञान र प्रविधि, ४.९ भाषा आन्दोलनमा मगर भाषी, ४.९.१ भाषाको अन्दोलनमा मगरभाषीहरू, ४.९.२ अध्ययन अनुसन्धानमा समुदायको चासो
५. अबको बाटो : विमर्श
६. निष्कर्ष

## २. राष्ट्रिय परिदृश्यमा मगर भाषा

२.१ मगर जाति र भाषाको स्थान : नेपालमा १२५ जात/जाति छन् र भाषा १२३ । तालिका–१ ले राष्ट्रिय परिदृश्यमा मगर जाति र भाषाको स्थान प्रष्ट पारेको छ । जात/जातिको आधारमा हेर्दा क्षेत्री, पहाडे बाहुनपछि मगर जाति देखिन्छ । अर्थात् नेपालमा मगर जातिले तेस्रो स्थान ओगटेको छ । आदिवासी जनजाति (अ/ज) हरूमा र भोट–बर्मेली भाषिक समुदायमा मगर जाति पहिलो स्थानमा छ । तर, वक्ता सङ्ख्याका आधारमा मगर भाषा आठौं स्थानमा रहेछ । जातिका आधारमा जुन स्थान ओगटनुमा सफल रह्यो, तर भाषाको आधारमा त्यो स्थान कायम राख्न सकेन । बरू थारू, तामाङ, नेवार र लिम्बु समुदायले जाति र भाषा दुवै सन्दर्भमा उही उही स्थान कायम राखेको देखिन्छ (हे. तलिका–१) ।

नेपालमा १ प्रतिशतभन्दा माथि ७ अ/ज छन् भने एक लाखभन्दा माथि ११ । जातिभन्दा वक्ता सङ्ख्या धेरै भएको समुदायमा शेर्पा र राजवंशी देखिएको छ (हे. तलिका–२) ।[२]

२.२ ११ लाख मगरहरूले मातृभाषा गुमाएका रहेछन् : प्रतिशतमा हेर्ने हो भने मातृभाषा धेरै प्रतिशतमा गुमाउनेहरूमा कुमाल (८९.९३००) र घर्ती/भुजेल (८१.९७००) देखिन्छ । लगभग ९० प्रतिशत कुमालहरू आफ्नो भाषा बोल्दैनन् भने ८२ प्रतिशत घर्ती/भुजेलहरू पनि आफ्नो मातृभाषाको प्रयोग गर्दैनन् । यसपछि गुरूङ, मगर र नेवार जाति देखिन्छ । वक्ता सङ्ख्याका

---

२ शेर्पा र राजवंशी भाषा अन्य समुदायका वक्ताले पनि मातृभाषाका रूपमा बोल्ने गरेको हुन सक्दछ ।

आधारमा हेर्ने हो भने लगभग ११ लाख (५८.२३००) मगर, चार लाख नेवार (३५.९६००) र दुइ लाख (६२.३०००) गुरूङहरूले आआफ्ना मातृभाषा गुमाइसकेका छन् (हे. तलिका-१) ।

लिम्बु (८८.७२००), थारू (८८.०५००) र तामाङहरू (८७.८९००) आआफ्ना मातृभाषाप्रति बफादार देखिएका छन् (हे. तलिका-१) । उनीहरूले थोरै गुमाएर आआफ्ना मातृभाषालाई बचाइराखेका छन् ।

अर्को दृष्टिले हेर्दा नेपाली भाषाको अभिवृद्धि गराउनुमा राष्ट्रिय तहमा मगरहरूको योगदान ४.१४०० देखिन्छ भने ११ आ/जहरूले लगभग ११०० ले नेपाली भाषाको श्रीवृद्धि गरेको देखिन्छ । यी मातृभाषीले आआफ्ना मातृभाषामा टाँसिएर बसेको भए नेपाली भाषा हालको ४४.६३०० बाट घटेर ३३.७८०० मा ओर्लिने रहेछ । नेपाली भाषाको क्षेत्रीय भेद (भाषिका) मानिएका डोटेली, बैटडेली, बझाङ्गी जुम्ली, दैलेखी, डडेलधुरी, बाजुरेली र दार्चुलेली गरी ८ भाषिकाहरू छुट्टिएर भाषाका रूपमा स्थापित भइसकेका छन् ।

२.३ भाषाका आधारमा राज्यको परिकल्पनाः संविधानसभामार्फत राज्यको पुनःसंरचना गरिने हुँदा मगर समुदायले मगरात राज्यको माग गरेको छ । भाषाको आधारमा पनि यो माग सम्भव देखिन्छ ।

एक प्रतिशतभन्दा माथि नेपालमा १८ जात/जाति र १४ भाषा छन् (हे. तालिका-१) । भाषाको आधारमा संघीय राज्यको निर्माणको कुरा पनि उठ्ने गरेको छ । संविधानसभाको दोस्रो निर्वाचन हुनुभन्दा केही महिनाअगाडि पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भारत भ्रमणबाट फर्केपछि भाषाको आधारमा राज्य पुनर्गठनको प्रसङ्ग जोडले उठेको थियो । डा. गणेश योन्जनलगायतका विज्ञहरूले भाषाको आधारमा राज्यको संरचना कति हुन्छ भनेर सोधेका थिए र मैले एक प्रतिशत वक्ता भएको भाषिक समुदायको आधारमा (१) मैथिली (२) भोजपुरी (३) थारू (४) तामाङ (५) नेवार (६) मगर (७) अवधी (८) लिम्बु (९) गुरूङ (१०) राई[३] र (११) खस[४] गरी ११ ओटा संघीय राज्य सम्भव देखिन्छ भनेको थिएँ ।[५]

जात/जातिको आधारमा राज्यको परिकल्पना गर्न सकिन्न भन्ने तथ्य तालिका-१ ले प्रष्ट पारेको छ । किनकि कतिपय जातिहरू एक भाषा धेरै जात/जातिको समूहभित्र पर्दछन् । जस्तै जनकपुरवरिपरिका यादवहरूको मातृभाषा मैथिली हो भने वीरगञ्ज वरिपरिकाको भोजपुरी र कपिलवस्तु वरिपरिकाको अवधी हो । तराईका अन्य जात/जातिको सन्दर्भमा पनि यो सिद्धान्त लागू हुन्छ । यस्तै बाहुन, क्षेत्री, कामी, दमाइ, सार्की, ठकुरीहरूको मातृभाषा नेपाली हो । यसर्थ जात/जातिको आधारमा भूगोलको प्रतिनिधित्व सम्भव देखिँदैन, राज्य निर्माणको मुख्य आधार भाषा हुन सक्छ ।

---

३ जनगणनामा देखाएको राई भाषा वास्तवमा भाषा होइन । यो गलत सूचना हो । राई जातिभित्र विभिन्न भाषिक समुदाय छन् र राष्ट्रिय जनगणनाले विभिन्न २६ भाषिक समुदाय बान्तवा, चाम्लिङ, कुलुङ, थुलुङ, साम्पाङ, खालिङ, दुमी, वाम्बुले, पुमा, नाछिरिङ, बाहिङ, कोयी, याम्फु, छिलिङ, लोहोरूङ, मेवाहाङ, तिलुङ, जेरो, दुङमाली, लिङ्खिम, साम, छिङताङ, बेल्हारे, आठपहरिया, फाङदुवाली र वालुङको पहिचान गरेको छ ।

४ खस भाषाभित्र डोटेली, बैटडेली, बझाङ्गी, जुम्ली, दैलेखी, डडेलधुरी, बाजुरेली, दार्चुलेली गरी ८ भाषिक समुदाय पर्दछ । उर्दू भाषिक समुदाय (मुसलमान)को राज्य किन सम्भव छैन भने उनीहरू वितरित अवस्थामा छन् । राज्य हुनका लागि ऐतिहासिक भूगोल वा मुख्य बसोवासको निरन्तरता हुनु आवश्यक हुन्छ । विभिन्न राज्यभित्र एकभन्दा बढी स्वशासित राज्य भने सम्भव छ । यस्तै अवस्था बज्जिका भाषाको पनि हो ।

५ एक लाख जनसङ्ख्याको आधारमा राजवंशी र शेर्पा राज्य पनि सम्भव देखिन्छ ।

## तालिका-१ः राष्ट्रिय जनगणना २०११ अनुसार
## १ प्रतिशतभन्दा भाथिका जात/जाति र भाषाहरू

| क्र.सं. | जात/जाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| कुल | १२५ | २६,४९४,५०४ | १०० |
| ०१ | क्षेत्री | ४,३९८,०५३ | १६,६० |
| ०२. | बाहुन (पहाडे) | ३,२२६,९०३ | १२.१७ |
| ०३. | मगर | १,८८७,७३३ | ७.१२ |
| ०४. | थारू | १,७३७,४७० | ६.५६ |
| ०५. | तामाङ | १,५३९,८३० | ५.८१ |
| ०६. | नेवार | १,३२१,९३३ | ४.९९ |
| ०७. | मुसलमान | १,१६४,२५५ | ४.३९ |
| ०८. | कामी | १,२५८,५५४ | ४.७५ |
| ०९. | यादव | १,०५४,४५८ | ३.९८ |
| १०. | राई | ६२०,००४ | २.३४ |
| ११. | गुरूङ | ५२२,६४१ | १.९७ |
| १२. | दमाइ/धोली | ४७२,८६२ | १.७८ |
| १३. | लिम्बू | ३८७,३०० | १.४६ |
| १४. | ठकुरी | ४२५,६२३ | १.६० |
| १५. | सार्की | ३७४,८१६ | १.४१ |
| १६. | तेली | ३६९,६८८ | १.३९ |
| १७. | चमार/हरिजन | ३३५,८९३ | १.२७ |
| १८. | कोइरी/कुशवाह | ३०६,३९३ | १.१५ |
| अन्य | १०७ जात जाति | | |

| क्र.सं. | भाषा | वक्ताको सङ्ख्या | प्रतिशत | दोस्रो भाषाको रूपमा मातृभाषा |
|---|---|---|---|---|
| | १२३ | २६,४९४,५०४ | १०० | २६,४९४,५०४ |
| ०१ | नेपाली | ११,८२६,९५३ | ४४.६३ | ८६,८२४९९ |
| ०२. | मैथिली | ३,०९२,५३० | ११.६७ | १९५,२८७ |
| ०३. | भोजपुरी | १,५८४,९५८ | ५.९८ | १५९,५१८ |
| ०४. | थारू | १,५२९,८७५ | ५.७७ | ८४,७४८ |
| ०५. | तामाङ | १,३५३,३११ | ५.१० | ३३,४५० |
| ०६. | नेवार | ८४६,५५७ | ३.१९ | ३२,५९४ |
| ०७. | बज्जिका | ७९३,४१६ | २.९९ | ६०,८६३ |
| ०८. | मगर | ७८८,५३० | २.९७ | ४२,९५२ |
| ०९. | डोटेली | ७८७,८२७ | २.९७ | - |
| १०. | उर्दू | ६९१,५४६ | २.६१ | ४५,७६६ |
| ११. | अवधी | ५०१,७५२ | १.८९ | ४५,४२८ |
| १२. | लिम्बू | ३४३,६०३ | १.२९ | २२,२०२ |
| १३. | गुरूङ | ३२५,६२२ | १.२२ | २२,८३४ |
| १४. | बैटडेली | २७२,५२४ | १.०२ | - |
| १५. | राई | १५९,११४ | ०.६० | १७,१९९ |
| अन्य | १०७ भाषा | | १०० | १०० |

तालिका विकास : अमृत योन्जन-तामाङ, जेठ २०१४, काठमाडौं ।

## तालिका-२ः राष्ट्रिय जनगणना २०११ अनुसार १ लाखभन्दा भाथिका
## आदिवासी जनजाति, मातृभाषा र मातृभाषा बिर्सेकाहरू

| क्र.सं. | (१) आदिवासी/ जनजातिमा स्थान | (२) जातिको कुल जनसङ्ख्या | (३) जातिको कुल प्रतिशत | (४) वक्ताको कुल सङ्ख्या | (५) वक्ताको कुल प्रतिशत | (६) मातृभाषा बफादारीको प्रतिशत | (७) मातृभाषा बिर्सेकाको जनसङ्ख्या | (८) मातृभाषा बिर्सेकाको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| कुल | १२५ | २६,४९४,५०४ | १०० | २६,४९४,५०४ | १०० | १०० | | १०० |
| ०१. | मगर | १,८८७,७३३ | ७.१२ | ७८८,५३० | २.९७ | ४१.७७ | १,०९९,२०३ | ५८.२३ |
| ०२. | थारू | १,७३७,४७० | ६.५६ | १,५२९,८७५ | ५.७७ | ८८.०५ | २०७,५९५ | ११.९५ |
| ०३. | तामाङ | १,५३९,८३० | ५.८१ | १,३५३,३११ | ५.१० | ८७.८९ | १८६,५१९ | १२.११ |
| ०४. | नेवार | १,३२१,९३३ | ४.९९ | ८४६,५५७ | ३.१९ | ६४.०४ | ४७५,३७६ | ३५.९६ |
| ०५. | राई | ६२०,००४ | २.३४ | १५९,११४ | ०.६० | ७४.३४ | ४६०,८९० | २५.६६ |
| ०६. | गुरूङ | ५२२,६४१ | १.९७ | ३२५,६२२ | १.२२ | ३७.७० | १९७,०१९ | ६२.३० |
| ०७. | लिम्बु | ३८७,३०० | १.४६ | ३४३,६०३ | १.२९ | ८८.७२ | ४३,६९७ | ११.२८ |
| ०८. | शेर्पा | ११२,९४६ | ०.४३ | ८११४,८३० | ०.४३ | १०१.६७ | ८१.८८४ | ८१.६७ |
| ०९. | घर्ती/भुजेल | ११८,६५० | ०.४५ | २१,७१५ | ०.०८ | १८.३० | ९६,९३५ | ८१.९७ |
| १०. | कुमाल | १२१,१९६ | ०.४६ | १२,२२२ | ०.०४ | १०.०८ | १०८,९७४ | ८९.९३ |
| ११. | राजवंशी | ११५,२४२ | ०.४३ | ८१२२,२१४ | ०.४६ | १०६.०५ | ८७,००२ | ८६.०५ |
| | जम्मा | | | | | | २,८७६,२०८ | १०.८५ |

तालिका विकास : अमृत योन्जन-तामाङ, जेठ २०१४, काठमाडौं । * बढी देखिएको जनसङ्ख्या र प्रतिशत ।

## ३. मगर भाषा : भाषावैज्ञानिकहरूको चासो

### ३.१ मगर भाषाहरू

प्रत्येक जातिको भाषा हुन्छ भन्ने सिद्धान्त सर्वमान्य होइन । एक जाति एक भाषाको उदाहरण पनि पाइन्छ । एक जातिभित्र धेरै भाषा बोल्ने गरेको उदाहरण पनि पाइन्छ र धेरै जातिले एउटै भाषा बोल्ने गरेको उदाहरण पनि पाइन्छ – (क) एउटा जाति र एउटा भाषाको उदाहरणको रूपमा लिम्बू, तामाङ, गुरूङ आदिलाई लिन सकिन्छ, (ख) एक जातिभित्र धेरै भाषा बोलिने समुदाय राई, मगर आदि हुन् र (ग) धेरै जात/जातिले एउटै भाषा बोल्ने समुदायमा नेवार, नेपाली, मैथिली, भोजपुरी आदि पर्दछ । नेपाली (खस) भाषा पहाडे बाहुन, क्षेत्री र दलित समुदायको भाषा हो ।[६]

माथिका उदाहरण (क) अनुसार लिम्बू भनेको जाति पनि हो र भाषा पनि । उदाहरण (ग) अनुसार नेवार भाषिक समुदाय हो, जाति होइन । यस समुदायभित्र धेरै जात जाति छन् । यस्तै स्थिति नेपाली, मैथिली, भोजपुरी आदिको पनि हो । उदाहरण (ख) अनुसार मगर भनेको जाति हो, प्रष्ट छ तर भाषा पनि हो भन्न सकिन्न । भाषाको सन्दर्भमा कुन भाषा भनेर सोध्नुपर्ने हुन्छ ।

भाषावैज्ञानिक आधारमा हेर्दा मगर जातिभित्र तीनओटा भाषा छन्[७] – बाह्र मगरात (मगर ढुट पनि भनिन्छ), अठार मगरात (कोहीले खाम र कोहीले पाङ भन्दछन्) र काइके मगर । यी भाषिका वा क्षेत्रीय भेद होइनन् । यस तथ्यलाई मगरहरूको आधिकारिक संस्था नेपाल मगर सङ्घले पनि स्वीकारेको छ । खाम (पाङ) र काइके भाषा तामाङ भाषा जस्तै तान भएको भाषा हो भने मगर ढुट लिम्बु भाषा जस्तै सार्वनामिक भाषा हो । जनगणनामा काइके भाषाको वक्ताको कुल जनसङ्ख्या ५० देखाएको छ । तर, अठार मगराती भाषाको वक्ता देखाइएको छैन । जनगणनामा मगर जनसङ्ख्याभित्र बाह्र मगरात र अठार मगरात दुवैको जनसङ्ख्या खामेको देखिन्छ ।

#### ३.१.१ मगर भाषा (मगर–ढुट)

क परिचयः मगर–ढुटको अर्थ मगर–कुरा हुन्छ । मगर ढुट सुरक्षित प्रायः (Nearly safe) भाषामा पर्दछ । १ लाखदेखि १० लाखसम्म वक्ता भएको भाषाहरू यस श्रेणीमा पर्दछन् । इथ्नोलग (२०१२)का अनुसार यस भाषाका दुइ भेद छन् – नवलपरासीदेखि पूर्वतिर बोलिने भेदलाई पूर्वीय र यसका पश्चिम भूभागमा बोलिने भेदलाई पश्चिमी मगर भाषा मानिएको छ । खामसहित मगर जातिको जनसङ्ख्या १,८८७,७३३ र वक्ताको सङ्ख्या ७८८,५३० छ । एच.बी. हडसन (१८४८), ग्रियर्सन (१९०८), बुढा मगर (२०५५), बगाले मगर (२०६१), थापा मगर (२०६६), थापा मगर (२०७०) आदिले यस भाषाको अध्ययन गरेका छन् ।

ख भाषा परिवारः मानिसको वंश हुन्छ र ऊ परिवारमा बस्दछ । मानवजस्तै भाषाको पनि आआफ्नै परिवार हुन्छ । नेपालमा मूलतः चार परिवारका भाषा बोलिन्छन् – (क) भोटबर्मेली, (ख) भारोपेली, (ग) ड्रभेडियन र (घ) एस्ट्रो–एसेटिक । कुसुण्डा

६ थप जानकारीको लाग हेर्नुहोस् राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन (२०५०) र अमृत योन्जन-तामाङ (२०७०) को मातृभाषा महत्वपूर्ण हुन्छन् शीर्षक लेख । थुङ्गा-४, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

७ योन्जन-तामाङ (२०७०)द्वारा सम्पादित तथा नेपाल प्रज्ञाप्रतिष्ठान, कमलादीद्वारा प्रकाशित नेपालका मातृभाषाहरूभाग १ मा तीनओटै मगर भाषाको वर्तमान अवस्थाबारे छुट्टाछुट्टै लेख प्रकाशित छ ।




भाषाको परिवार कुन हो अहिलेसम्म ठेगान लबगिसकेको छैन । मगर भाषा चिनिया-तिब्बती महापरिवारको सदस्य हो । विभिन्न भाषाशास्त्रीहरूले विभिन्न आधार भाषाको वर्गीकरण गरेका छन् । डेभिड ब्रेडले (इ. २००२)का अनुसार यो भाषा भोट-बर्मेली, बोडिक, हिमाली, मगरातीअन्तर्गत पर्दछ । उनको वर्गीकरणलाई रेखाचित्र-१ मा देखाइएको छ ।

ग भाषाको प्रकार : मगर वाक्यमा पदक्रम कर्त्ता-कर्म-क्रिया (SOV) हुन्छ अर्थात् सर्वप्रथम र्त्ता अनि कर्म र अन्त्यमा क्रियापद आउँछ । यो विशेषता नेपालका सबै भाषाहरूमा पाइन्छ । भोटबर्मली परिवारका अन्य भाषाहरू भैं यो पनि लिङ्गविहिन भाषा (Genderless language) हो । वाक्यमा क्रियात्मक सर्गहरूले पुरूष र वचन चिन्हित गर्दछ तर लिङ्गलाई चिन्हित गर्दैन । क्रियापदको आधारमा महिला पुरूष चिनिदैंन । यस भाषामा दुइ काल (Tense), पक्ष (Aspect) र वाच्य (Voice) को पनि पाइन्छ । यो तान (Tone) रहित भाषा हो । यो भाषामा नामानुगामी (Postposition) छ र ऊर्जावत्व (Agentive-marker) पाइन्छ ।

घ वर्ण व्यवस्थाः मगर भाषामा ६ ओटा मूल स्वर वर्ण पाइन्छ - अ आ इ उ ए ओ । ३० ओटा व्यञ्जन वर्णको पहिचान भएको छ । ङ न म य र ल व वर्णको महाप्राण (Aspiration) वर्ण पनि पाइन्छन् । दन्तवर्णका दुइओटा सेटमध्य टवर्ग (ट ठ ड ढ) मात्र पाइन्छ, तवर्ग (त थ द ध) पाइँदैन ।

### २.१.२ खाम/पाङ भाषा

भाषाको नाममा एक मत देखिँदैन । केही वक्ता खाम भन्न रूचाउँछन् भने केही पाङ भन्न । यो भाषा बोलिने क्षेत्रलाई अठार मगरात क्षेत्र भनिन्छ । यो अठार मगरात क्षेत्र राप्ती अञ्चलको रोल्पा, रूकुम र बाग्लुङ जिल्लामा बोलिन्छ । रोल्पा जिल्लामा पर्ने गाम खोलाको पश्चिमी भूक्षेत्रमा बोलिने भेदलाई गमाले खाम, रूकुम र रोल्पा जिल्लामा बोलिने भेदलाई पश्चिमी पर्वते खाम, बाग्लुङ जिल्लामा बोलिने भेदलाई पूर्वी पर्वते खाम र रूकुम जिल्लाको पश्चिमी पहाडमा बोलिने खामलाई शेशी खाम भनिन्छ (इप्पेलेसहित २०१२:१३५-१३८) ।

यस भाषाको वंशानुगत सम्बन्ध मगर ढुटसँग मिल्दछ (हे. रेखाचित्र-१) । क्रियात्मक सर्गले पुरूष र लिङ्गलाई चिन्हित गर्दछ । वाच्य र तानको पनि व्यवस्था छ । पूर्वीपर्वते भेदका वक्ता प्रौढ र वृद्धवृद्धा मात्र छन् तर अन्य भाषिक भेद भने सबै उमेर समूहकाले बोल्दछन् भन्ने इथ्नोलग (२०१२)को भनाइ रहेको छ । यस भाषामा ६ ओटा मूल स्वरवर्ण र २५ ओटा व्यञ्जनवर्ण पाइन्छ ।[८] मगर ढुटमा जस्तै दन्तवर्णका दुइओटा सेटमध्य टवर्ग (ट ठ ड ढ) मात्र पाइन्छ । तवर्ग (त थ द ध) पाइँदैन ।

यस भाषामा लेखन प्रणालीको विकास भएको छ । रेडियो नेपालमा यस भाषाले प्रवेश पाएको छ भने र पाठ्यक्रम विकास केन्द्रमार्फत मातृभाषा विषयको पाठ्यपुस्तक पनि निर्माण भएको छ । सिर्जनात्मक लेखनको पनि प्रारम्भ भएको छ । गोरखापत्रको नयाँ नेपाल पृष्ठमा खाम भाषा पढन पाइन्छ । शब्दकोश र व्याकरण पनि छापिएका छन् ।

### ३.१.३ काइके भाषा


काइके भाषा बोल्ने समुदायलाई काइके मगर भनिन्छ र भाषालाई काइके भाषा । यो भाषा कर्णाली अञ्चल, डोल्पा जिल्लाको शहरतारा गाविसको शहरतारा, तुपतारा र तुपाकोटा गाउँमा बोलिन्छ । यी गाउँ सामुन्द्रिक सतहबाट १२,००० फिटको उचाइमा रहेको छ । रेग्मी (२०१२)का अनुसार काइके जातिको कुल जनसङ्ख्या २,००० मात्र छ । इ. २००१ को जनगणनामा काइके भाषीको सङ्ख्या ७९८ थियो तर २०११मा वक्ता ५० मात्र देखाएको छ । १० वर्षमा धेरै ठूलो अन्तर देखिएको छ । दुई जनगणनाको तथ्याङ्कलाई विश्लेषण गरेर हेर्दा यो भाषा अत्यन्तै लोपोन्मुख अवस्थामा पुगिसकेको छ । अम्बिका रेग्मीका अनुसार घरपरिवारमा सबै उमेर समूहकाले काइके भाषा बोल्दछन् (व्यक्तिगत कुराकानी) ।

फिसर (इ. १९७१), जिभोन (इ. २००१), रेग्मी (इ. २००७, २००८, २०१२), वाटर्स (इ. १९७३,२००६), डाउरियो (इ. २००९), रोका (इ. २००५) आदिले काइके भाषाको बारेमा अध्ययन गरेका छन् । यो भाषा भोट-बर्मेली भाषा परिवारको बोडिक समूहको बोडिस शाखाको तामाङ्गी उपशाखाअन्तर्गत पर्दछ । डेभिड ब्रेडले (इ. २००२)का अनुसार काइके भाषाको वंशानुगत सम्बन्ध तामाङ, गुरूङ, थकालीसँग रहेको छ (हे. रेखाचित्र-१) ।

तामाङ भाषामा जस्तै यस भाषामा लिङ्ग तथा वाच्य पाइँदैन । तर, तान पाइन्छ । काइके भाषामा विद्यावारिधी गरेकी अम्बिका रेग्मीका अनुसार यस भाषामा २९ ओटा व्यञ्जनवर्ण र १० ओटा स्वरवर्ण छन् । लेखन प्रणालीको विकास भइसकेको छैन, न त लेख्य सामग्रीको विकास नै भएको छ । साहित्य सिर्जना पनि हुन सकेको छैन । तर, विभिन्न विज्ञहरूबाट शब्दावली सङ्कलन भएको छ । व्याकरण लेखनमा अम्बिका रेग्मी क्रियाशील देखिएकी छन् । उनले सेमिनारहरूमा यस भाषाको भाषावैज्ञानिक पक्षको बारेमा कार्यपत्र प्रस्तुत गरेकी छिन् ।

---

८ कुनै भाषामा ६ ओटा मूल स्वरवर्ण पाइन्छ भन्नुको अर्थ उक्त भाषामा /अ/ वर्णको उपस्थिति छ भन्ने जनाउँछ । ५ ओटा स्वर वर्ण पाइन्छ भन्नाले /आ/ वर्णको उपस्थिति रहेछ भन्ने जनाउँछ ।




रेखाचित्र-१ : मगर भाषाको वंशानुगत सम्वन्ध

### ३.२ मगर भाषाको अध्ययन परम्परा[९]

यस भाषाको प्रारम्भिक अध्ययन एच.बि. हज्सनले इ. १८४८ मा गरेका थिए । यसपछि जर्ज ग्रियर्सनले इ. १९०८ मा मगर भाषाको भाषावैज्ञानिक विश्लेषणको गरे । आयोध्यप्रशाद प्रधानले मगर कुरा शिक्षा पूर्वार्द्ध र मगर शब्दसंग्रह उत्तरार्द्ध वि.सं. १९९६ मा प्रकाशित गरे । डा. हर्षबहादुर बुडा मगर (२०५५)को नेपाली–अङ्ग्रेजी–लिम्बू-मगर शब्दकोश, मनबहादुर बगाले मगर (२०६१)को मगर ढुट लवज गोमोक्मा र हिरासिङ थापा मगर (२०६६)को मगर ढुट-खस–अङ्ग्रेजी शब्दकोश प्रकाशित छ । मनबहादुर बगाले (२०६१)को मगर ढुट लवज खाट र लोकबहादुर थापा मगर (२०७०)को मगर व्याकरण प्रकाशित छ ।

९ यस अध्ययनमा मगर भाषा शब्दावली मूलतः मगर-ढुटका लागि प्रयोग गरिएको छ ।

## ४. मगर भाषा : इथ्नोलिङ्ग्विस्टहरूको चासो

### ४.१ भाषिक समुदाय

माथि पनि भनिएको छ – मगर शब्दले जाति र भाषा दुवैलाई बुझाउँछ । अर्थात् मगर भनेको जाति पनि हो र भाषा पनि । मगरहरू आफूलाई मगर भनेर चिनाउँदछन् र आफ्नो भाषालाई मगर भाषा । बाह्य जगत्ले पनि उनीहरूलाई मगर भनेरै चिन्छ । मगरात प्रदेश अर्थात् गण्डकी र राप्ती अञ्चलमा उनीहरूको बाक्लो बसोबास पाइन्छ । पाल्लो रूपमा नेपालका प्रायः सबै जिल्लामा यस जातिको बसोवास पाइएको छ । नेपालबाहिर भारतको दार्जिलिङ, सिक्किम, असम आदि राज्यहरू र भूटान र बर्मामा पनि यस जातिको बसोबास पाइन्छ (सिँजाली मगर २०६९) ।

### ४.२ ऐतिहासिक भूगोल

संविधानसभामार्फत नेपालको संविधान निर्माणको क्रम चलिरहँदा मगर समुदायले आफ्नो ऐतिहासिक भूगोलसहितको मगरात राज्य माग गरिरहेको छ । हालको पाल्पा, तनहुँ, स्याङ्जा, म्याग्दी, बाग्लुङ, गुल्मी, अर्धखाची, रूकुम, रोल्पा, सल्यान जिल्लाले ओगटेको क्षेत्रलाई उनीहरूले आफ्नो ऐतिहासिक भूगोलका रूपमा दाबी गरिरहेका छन् । यी जिल्लाहरूमा उनीहरूको भौगोलिक निरन्तरता पनि पाइन्छ ।

### ४.३ जनसाङ्ख्यिक स्थिति

४.३.१ समकालीन स्थितिः तालिका–१ अनुसार भोट–बर्मेली परिवारमा मगर जाति पहिलो स्थानमा रहेको छ भने जात/जातिको आधारमा हेर्दा तेस्रो स्थानमा । भाषाको आधारमा मगर भाषा ८ औं स्थानमा देखिन्छ । यसबारे विस्तृत चर्चा माथि उपशीर्षक–२ मा भइसकेको छ । ४.३.२ कालक्रमिक स्थिति : प्रत्येक १०/१० वर्षमा राष्ट्रिय जनगणना हुने गर्दछ । यो विश्वकै परिपाटी हो । नेपालमा जनगणनाको प्रारम्भ १९६७ मा भएको थियो । यसपछि १९७७ र १९९८ पनि जनगणना सम्पन्न भएको सूचना पाइन्छ तर के कस्ता सूचनाहरू सङ्कलन गरिएको थियो, सार्वजनिक भएको पाइँदैन । प्रजातन्त्रको स्थापनापछि इ. १९५२–५४ मा राष्ट्रिय जनगणना सम्पन्न भएको थियो र इ. २०११ मा ११औं राष्ट्रिय जनगणना सम्पन्न भयो । तालिका–२ले मगर जाति र भाषाको कालक्रमिक (ऐतिहासिक) स्थिति देखाउँदछ । जनगणनाको पहिलो प्रतिवेदन (इ. १९५२–५४) अनुसार मगर भाषा आठौं ठूलो भाषा थियो, अहिले पनि सोही स्थानमा छ । बीचको अवधिमा धेरै उतारचढाव भयो । इ. १९८१ र इ. १९९१ मा एक तह झरेर नवौं स्थानमा झरेको थियो भने इ. २००१ मा एक तह उठेर सातौं स्थानमा चढेको पनि थियो । गत ६० वर्षको अवधिभित्र मगर वक्ताको जनसङ्ख्या र प्रतिशतमा भएको घटबढलाई तालिका–३.मा हेर्न सकिन्छ ।[१०]

---

१० वास्तवमा जनगणना राजनीतिक खेल रहेछ । राजनीतिक व्यवस्था जस्तो हुन्छ प्रतिवेदन पनि त्यस्तै तयार हुँदो रहेछ । राणाकालमा जनगणनाको कुनै प्रतिवेदन प्रकाशित भएन । २००७ मा प्रजातन्त्रको स्थापना भयो । यसकालमा सम्पन्न भएको जनगणनाको प्रतिवेदनले नेपालमा भाषाको सङ्ख्या ५६ देखायो । २०१७ सालमा प्रजातन्त्रमाथि कु गरिएपछि पञ्चायती काल प्रारम्भ भयो । यस कालमा भाषाको संख्या घटाएर १६ मा झाऱ्यो । प्रजातन्त्रको पुनस्थापनापछि यो सङ्ख्या बढेर ९२ पुग्यो र अहिले लोक्तन्त्र कालमा १२३ पुगेकोछ । तालिका-२ को तेस्रो कोलम हेर्दा नेपालको राजनीति प्रष्ट हुन्छ । वक्ताको संख्यामा घटबढ हुन सक्दछ तर भाषाको सङ्ख्या कसरी हुन्छ र ? भाषा जादुगरी त होइन, लोप हुने र प्रकट हुने । यसर्थ भाषा राजनीतिको अङ्ग हो भनेर बुझ्न आवश्यक छ । राजनीतिले शक्ति सञ्चय गर्दछ । तसर्थ भाषालाई शक्तिको राजनीति ९एयधभच उयष्तिधअक० गर्ने औजार पनि भनिन्छ । इ. २०११ को जनगणना अनुसार दशलाख भन्दा धेरै (१,०९९,२०३) मगरहरू मगर भाषा छोडेर नेपाली भाषाको वक्ता बनेका छन्, उनीहरू मात्र पुनः मगरभाषी बन्ने बित्तिकै नेपाली भाषाको शक्तिको राजनीतिमा विचलन आउँनेछ । भाषाको आधारमा राज्यको पुनर्संरचनमा गर्दा शेर्पा भाषीको शक्ति सन्तुलन गडबड भएकोछ तर यसभन्दा अगिल्ला जनगणनाहरूमा शेर्पाहरू एक प्रतिशत नै थिए।

### ४.४ दोस्रो भाषाको रूपमा मगर भाषा

सर्वप्रथम दोस्रो भाषाका रूपमा बोल्ने वक्ताको तथ्याङ्क निकाल्ने काम इ. १९९१ मा भयो । इ. २००१ मा दोस्रो भाषाको तथ्याङ्क प्रकाशित भएन । इ. २०११ को राष्ट्रिय जनगणनाको तथ्याङ्कले दोस्रो भाषाको रूपमा मगर भाषा बोल्नेको सङ्ख्या ४२,९५२ देखाइएको छ । यसले गैरमगरहरू पनि मगर भाषा सिकेर बोल्छन् भन्ने देखाउँछ । एउटा मातृभाषीले आफ्नो जीवनयापनको परिवेश र जीविकोपार्जनको क्रममा सिकेको अर्को भाषालाई दोस्रो भाषा भन्ने गर्दछ (राई २०६६) ।

### ४.५ कानूनी मान्यता

नेपालको संविधान २०६३ ले मातृभाषाका रूपमा बोलिने नेपालका सबै भाषालाई राष्ट्र भाषाका रूपमा स्थापना गरेको हुनाले मगर भाषा पनि नेपालको राष्ट्र भाषा हो । आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन (२०५८)को अनुसूची-१ मा मगर जाति आदिवासी जनजातिको रूपमा सूचीकृत छ । यसैगरी आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, जावलाखेलको वर्गीकरणअनुसार यो जाति सीमान्तकृत समूहमा पर्दछ । आधारभूत शिक्षा (कक्षा १-८) मातृभाषामा हुनेछ भनेर संवैधानिक व्यवस्था भएको र शिक्षा ऐन, कानून र बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ पनि जारी भइसकेकाले मगर भाषालगायतका मातृभाषामा पठनपाठन कानूनसम्मत छ । भारतको सिक्किम राज्यलद्वारा १९९६ मार्च २७ का दिन मगरलगायतका भाषालाई राज्य भाषाको मान्यता प्रदान गरेको छ ।

### ४.६ मगर भाषाको प्रयोग क्षेत्र

पाल्पा जिल्ला, चिडिपानी गाविसको धैरेनीमा अवस्थित विद्यालयमा म पटक-पटक पुगेको छु । यो क्रम २०६३ देखि प्रारम्भ भएको हो र गत चैत्रमा पनि पुगेँ । वृद्धवृद्धा, वयस्क, युवायुवती, किशोरकिशोरी र केटाकेटी अर्थात् सबै उमेरसमूह र पुस्ताकाले मगर भाषामा कुराकानी गर्छन् । घरमा, साथीभाइ र कामकाजमा अर्थात् भान्छादेखि जीवनयापनको हर क्षेत्रमा उनीहरू आफ्नो मातृभाषाको प्रयोग गर्दछन् । पूजाआजामा पनि मातृभाषाको प्रयोग गर्दा रहेछन् । यसले भाषाको जीवन्तता सबल बनाएको छ । भाषाप्रतिको अभिवृत्ति निकै सकरात्मक देखिएको छ । हाटबजारमा मिश्रित प्रयोग हुन्छ – त्तै मगर, त्तै नेपाली । मगर भाषा प्रयोगको यस्तो सुखद परिवेश कहाँ-कहाँ छन् भनेर सूचना सङ्कलन गर्नु आवश्यक छ ।

### ४.७ मगर भाषाको विकास

४.७.१ आम सञ्चारः सर्वप्रथम २०५१ साल भदौ १ गते देखि रेडियो नेपालबाट पाँच मिनेटको मगर भाषाको समाचार प्रसारण प्रारम्भ भयो । २०५४ देखि आधा घण्टाको मगर भाषाको कार्यक्रम पनि रेडियो नेपालबाटै प्रारम्भ भयो । अहिले पनि निरन्तर जारी छ । यसपछि यो भाषा विभिन्न एफएम रेडियो, टेलिभिजन, युट्युब, सामाजिक सञ्जाल आदि आमसञ्चारका आधुनिक क्षेत्रहरूमा पनि प्रयोग भइरहेको छ । युवाहरू एसएमएसमार्फत पनि आफ्ना सन्देश प्रवाह गर्ने गर्दछन् । विद्युतीय सञ्चारका सबै माध्यममा मगर भाषा रमाउने गरेको छ ।

यसै गरी लाङ्घाली, लाफा, सोनी, पुनहिल, बिमलिक, शोधमाला आदि पत्रपत्रिका तथा जर्नल आदि छापिएका छन्, छापिदै पनि छन् । विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाका सूचना, विज्ञापन आदि पनि मगर भाषामा प्रचार-प्रशार हुने गर्दछ ।

४.७.२ श्रव्य तथा श्रव्य-दृश्य सामग्री : सञ्जोक लाफा मगरका अनुसार रेकर्डिङ गरिएको मगर भाषाको श्रव्य गीततर्फ छविलाल चिडी मगर र टेकचन्द्र गाहा मगरले सङ्कलन गरेको 'सेनीस है लाफाको' (सुन्नुस् है साथीहरू) पहिलो गीति एल्बम हो । यहाँ १९ ओटा गीत छन् ।

बैरागी नाटामगर (२०४८)ले मगर ढुटओ ल्हिङ शीर्षकमा एल्बम निकालेका थिए । त्यसपछि सेनीस हई लाफाको (२०५३), लङ्घन (२०५४), रोह सार (२०५९), बुद्धओ चरनाङ (२०५६), भुर्म ह्वाच ग्वाजा (२०६१), जोडी भालेसा (२०६२), लाङ्घऊ रोह (२०६२), आर्मीट्मा (२०६३), ङऊ खबर (२०६३) आदि दुइ दर्जनजति एल्बम उत्पादन भइसकेको देखिन्छ ।

मगर फिल्म क्षेत्रका हस्ती मानिएका संजोक लाफा मगरका अनुसार यस भाषामा पहिलो फिल्म लङ्घन को प्रदर्शनी २०५१ भएको थियो । यसपछि लीसरा (२०५९), आसे (२०६०), ङौ आर्मीट्मा (२०६४), चिन्डीयाक (२०६४), यानीमाया (२०६३), सालीज्यू (२०६६), मिगिन (२०६७), कानुङ क्रान्ती (२०६७), वाङ्म मुके (२०६७) आदि डेढ दर्जन जति फिल्म निर्माण भइसकेका छन् । वृत्तचित्र पनि दुइ दर्जनजति निर्माण भइसकेका छन् ।

४.७.३ शिक्षाः २०५६ देखि शैक्षिक क्षेत्रमा पनि यस भाषाले प्रवेश गऱ्यो । माग भएअनुसार मगर भाषा विषयको रूपमा पढाइ भइरहेको छ । २०६३ देखि माध्यमका रूपमा पनि यो भाषामा पठनपाठन प्रारम्भ भएको छ । पाल्पाका चिडिपानी गाविसका नवजागृत प्रावि र अन्य दुई गरी तीनओटा विद्यालयमा यस भाषाको माध्यमबाट पठनपाठन भइरहेको छ । केही बाल शैक्षिक सामग्री पनि तयार भएका छन् ।

४.७.४ साहित्य सिर्जनाः सर्वप्रथम जर्ज ग्रियर्सनले इ. १९०८ मा लिङ्ग्विस्टिक सर्वे अफ इण्डियामा मगर भाषाको एउटा कथा अनुवाद गराएका थिए । मगर भाषामा देखिएको यो नै पहिलो साहित्य सामग्री हो । प्रजातन्त्रको स्थापनापछि बालकृष्ण रूपवासी पोखरेल (२००९), जितबहादुर सिँजाली मगर र रेखबहादुर थापा मगर (२०१५?) आदिले मगर भाषामा कविता लेख्न प्रारम्भ गरेका थिए । मगर साहित्य विशेषगरी २०४६ पछि फस्टाउन थालेको हो । हाल यस भाषामा कविता विधाअन्तर्गत खण्डकाव्य, फुटकर कविता, गीत, गजल, मुक्तक, हाइकु गरी ३४ शीर्षकमा पुस्तक-पुस्तिका प्रकाशित भएका छन् । आख्यानविधाअन्तगर्त ९ ओटा कथासङ्ग्रह र ११ ओटा उपन्यास प्रकाशित छन् । आधादर्जनजति नाटक पनि प्रकाशित भएका छन् । तर लोकसाहित्यको सङ्कलन र अध्ययन भएको पाइँदैन । महाकाव्यका साथै समीक्षा तथा समालोचनात्मक कृति प्रकाशन हुन सकेका छैनन् (योन्जन-तामाङ, २०६८) । यी मौलिक कृतिका साथसाथै विभिन्न विधाका अनुदित साहित्य पनि मौलाउँदै छ (लाफा-मगर २०६८) । शैक्षिक पाठ्यसामग्रीमार्फत बालसाहित्य पनि लेख्न थालिएको छ ।

४.७.५ भाषा विकासः यस भाषामा शब्दकोश र व्याकरणका पुस्तक प्रकाशित छन् । लेखनमा मानकीकरणको प्रयास पनि भइरहेको छ । डा. हर्षबहादुर बुढामगर (२०५५)को नेपाली-अङ्ग्रेजी–लिम्बू-मगर शब्दकोश, मनबहादुर बगालेमगर (२०६१)को मगर ढूट लवज गोमोक्मा र हिरासिङ थापा मगर (२०६६)को मगर ढूट-खस-अङ्ग्रेजी शब्दकोश प्रकाशित छ । मनबबहादुर बगाले (२०६१)ले मगर ढुट लवज खाट र लोकबहादुर थापा मगर (२०७०) ले मगर व्याकरण प्रकाशित गरेका छन् ।

४.७.६ लिपिः लेखनमा देवनागरीका साथै आख्खा लिपिको पनि प्रयोग भइरहेको देखिन्छ ।

४.७.७ संघसंस्थाः नेपाल लङ्घाली संघको स्थापना २०३६ मा भएको हो । २०४६ को

परिवर्तनपछि यो संस्था नेपाल मगर संघमा परिणत भयो । यो संघ मगर जातिको आधिकारिक संस्था पनि हो । यस संघले मगर भाषाको विकासमा विभिन्न गतिविधि गर्दै आएको छ ।

### ४.८ मगर भाषामा ज्ञान र प्रविधि

### ४.९ भाषा आन्दोलनमा मगरभाषी

#### ४.९.१ मातृभाषाको आन्दोलनमा मगरहरू

नेपालको पहिलो सहिद लखनसिं थापालाई मानिन्छ । नेपालको सन्दर्भमा देशका लागि मर्नेहरू शहीद हुन् । लोकबहादुर थापा मगरले मगर भाषामा धेरै लेखेका छन् – व्याकरण तयार गरेका छन्, साहित्य सिर्जना गरेका छन् । मातृभाषाको सडक आन्दोलनहरूमा पनि सक्रिय योगदान दिएका छन् ।

#### ४.९.२ भाषावैज्ञानिक अध्ययनमा समुदायको चासो

भाषावैज्ञानिक अध्ययन अनुसन्धानमा मातृभाषी समुदायको चासो बढेको छ । प्रायः सबै आदिवासी समुदायले आआफ्ना जातीय संघसंस्था खोलेका छन् । उनीहरू कसले के विषयमा अध्ययन अनुसन्धान गरे र के लेखे भन्ने विषयमा उनीहरूको चासो हुनु स्वाभाविक पनि हो । उनीहरू कपि राइटमा हक स्थापना गर्न पनि चाहन्छन् । यस सम्बन्धमा म एउटा घटना अध्ययन प्रस्तुत गर्न चाहन्छु ।

२०६३ को वैशाखमा ३ महिनासम्म आठपहरिया लोकवार्ता अध्ययन अनुसन्धानका लागि नेपाल लोकवार्ता समाजको तर्फबाट मेरो नेतृत्वमा एक अनुसन्धान टोली धनकुटा पुग्यो । किराँत आठपहरिया समाजले महासचिव काठमाडौंबाट नफर्केसम्म अध्ययन अनुसन्धान नगर्न उक्त समाजका अध्यक्षले अनुरोध गरे । महासचिव फर्केपछि १४ औं दिनमा उनीसँग कुराकानी भयो । उनले अध्ययनका लागि अनुमति दिन चाहेनन् । कुराकानीबाट थाहा भयो – प्रतिवर्ष ३/४ जनाले उक्त समुदायको अध्ययनअनुसन्धान गर्दा रहेछन् तर समाजले अध्ययन अनुसन्धानको प्रतिवेदन एक प्रतिसम्म पनि पाउदा रहेनछ । हौसिएर सूचना दियो हाल लाग्यो शुन्य । उल्टै अपहेलित पनि गर्दा रहेछन् । उनीसँगको कुराकानीबाट के पनि थाहा भयो भने आठपहरिया भाषामा तिन ओटा पिएचडिको अनुसन्धान भइसकेका रहेछन् तर उनीहरूलाई आफ्नो भाषामा कति ओटा वर्ण छन् त्योसमेत थाहा रहेनछ अर्थात् अनुसन्धेताले कुनै उपलब्धि जानकारी आदानप्रदान गर्दा रहेनछ ।

आठपहरिया समुदायले जस्तै अन्य समुदायले प्रश्न गर्न थालेका छन् उनीहरूको भाषामा अनुसन्धान भएर समुदायले पाउँछ के ? अहिलेसम्म पायो के ? आफ्नो सूचना दिएर समुदाय सूचनाविहीन मात्र भएका छैनन्, अनुसन्ध्येताहरूको विचार र आस्थाको दास पनि भएका छन् । अनुसन्धानको एक प्रतिसमेत नपाउने अवस्थामा उनीहरूको ज्ञानमाथिको अधिकारको झन् के कुरा र ? जानकारी माग्दासमेत दिँदैनन् । कतिपय सूचना भाषिक समुदायले मात्र होइन, विदेशीहरूले गरेका अध्ययन अनुसन्धानबारे नेपाल सरकारलाई समेत जानकारी हुँदैन । अनुसन्धानमा उनीहरूले नै एकलौटी हक स्थापना गरेर हाम्रो सूचना हामीलाई नै अति महँगोमा बेचिरहेका पनि छन् । यस्तो अवस्थामा समुदायका प्रत्येक सदस्यलाई अनुसन्धानबारे चासो हुनु स्वाभाविक पनि हो र हुनुपर्दछ पनि ।

मगर समुदायमा पनि यस्तो सचेतना भएको देखिन्छ । तर, ती अध्ययन अनुसन्धानका प्रतिलिपिहरू सङ्कलित अवस्थामा देख्न सकिएन ।

**५. अबको बाटो : विमर्श**

विमर्श–१: मगरहरू एक जाति धेरै भाषा भएको समुदाय हो । समाजशास्त्रीय दृष्टिकोणबाट मगरहरू एउटै हुन् । तर भाषाशास्त्रीय दृष्टिकोणबाट उनीहरू एउटा भाषी होइनन् । मगरहरू तीनओटा भाषा बोल्दछन्- (१) बाह्र मगरात (मगर ढुट) भाषा, (२) अठार मगरात (खाम/पाङ) भाषा र (३) काइके भाषा । अगिल्ला दुई एकै परिवारको भाषा हुन् भने पछिल्लो फरक परिवारको भाषा हो । प्रत्येक भाषाको क्षेत्रीय भेद (भाषिका) पनि छ । यो यथार्थ हो । स्वाभाविक पनि हो ।

उपाय–१: ऐतिहासिक कालक्रममा एउटै समुदायका मगरहरू तीन समुदायमा विभाजित भए वा तीन समुदायहरू एउटै जातिका रूपमा विकास भए, त्यो अनुसन्धानको विषय हो । तर, मगर समुदायमा तीन प्रकारका भाषा बोल्दछन् भनेर सबै उमेर समूहका मगरहरूलाई जानकारी हुन आवश्यक छ । मातृभाषा धेरै हुनु समस्या होइन, सम्पदा हो र स्रोतसाधन पनि हो भनेर बुझ्नु, बुझाउनुपर्दछ । प्रत्येक भाषा र स्थानीय भेदहरूलाई पनि सम्मान गर्दै ती भेदहरूको संरक्षण र विकासको लागि योजना बनाएर पहल गर्नुपर्दछ ।

विमर्श–२: जातीय जनसङ्ख्याको आधारमा हेर्दा नेपालमा मगर जाति तेस्रो स्थानमा देखिन्छ भने वक्ताको सङ्ख्याको आधारमा आठौं स्थानमा । नेपालको कुल जनसङ्ख्यामा मगर जातिले ७.१२% ओगटेको छ भने भाषाको वक्ताको रूपमा २.३०% मात्र । कुल जनसङ्ख्यामा १,०९९,२०३ अर्थात् ५८.२३% मगरहरू आफ्ना भाषा बोल्न सक्दैनन् । किन यस्तो भयो ? सोचनीय छ । यस्तै १९५२–५४ मा कुल जनसङ्ख्यामा मगर भाषी ३.३४% प्रतिशत थियो र पछिल्लो जनगणनामा २.३०% मात्र छ अर्थात् ६० वर्षमा ०.४% ले घटेको देखियो (हे. तालिका–२) । यो पनि सोचनीय छ । यसको कारण खोज्न आवश्यक छ । यस्तै इ. २००१ तिर ५२.५३% मगरहरूले आफ्नो मातृभाषा बोल्दैनथे भने १० वर्षको अन्तरालमा त्यो प्रतिशत बढेर ५८.२३% पुगेको छ अर्थात् भाषा छाडनेहरू ५.८ प्रतिशतले वृद्धि भएको छ (हे. तालिका–२) । यो पनि शोचनीय तथ्याङ्क हो । नेपाल मगर संघ लगायतका संघसंस्थाले सचेतना कार्यक्रम त चलायो नै होला । पहिचानको आन्दोलन पनि चर्काएकै थियो होला । तर, प्रतिफल सकरात्मक देखिएन । मगर जातिको सोचाइ र व्यवहारमा परिवर्तन आएको हो वा सरकारी नियतमा खोट रह्यो यसबारे बहस चलाउन आवश्यक छ ।

उपाय–२: भाषिक वक्ताको घटदो दरप्रति बहस प्रारम्भ गर्नुपर्दछ । जिल्ला र गाविसको मगर जाति र भाषाको जनसङ्ख्या विश्लेषण गर्दै आफ्नो मातृभाषाप्रति खरो र दरो सचेतना कार्यक्रम चलाउनुपर्दछ । शहरदेखि गाउँगाउँमा समेत मगर भाषा सिकाउने उद्योग नै खोल्न सकिन्छ ।

उपाय–३: भाषा बोल्ने क्षेत्रका ससाना बालबालिका लागि बाल शिक्षा र बहुभाषिक शिक्षा लागू गर्नु उत्तम हुनेछ भने प्रौढहरूका लागि साक्षार कक्षा सञ्चालन गर्नु राम्रो हुनेछ । भाषा बिर्सेकाहरूका लागि भने उपाय–२ उपयुक्त हुनेछ ।

उपाय-४: मातृभाषा पहिचानको प्रमुख आधार मात्र होइन, परम्परागत ज्ञान सीपको मुख्य स्रोत पनि हो। बालबालिकाले आफ्नो भाषा छोडेमा भाषा लोप हुने खतरा बढछ । पाल्पा, चिडिपानी गाविसको धैरेनी गाउँका मगर समुदायबाट धेरै सिक्न सकिन्छ । परिवारका प्रत्येक सदस्यले कमसे कम भान्छाकोठामा मातृभाषा बोल्ने अभ्यास गर्नुपर्दछ । भाषा नजान्नेहरूले भान्छाकोठामा प्रयोग हुने आवश्यक शब्द र वाक्य भान्छाकोठाको भित्तामा टाँसेर पनि अभ्यास गर्न सकिन्छ ।

विमर्श-३: जनगणनाको प्रतिवेदनहरूमा काइके भाषीको जनसङ्ख्या प्रकाशित गरेको छैन, वक्ताको सङ्ख्या मात्र प्रकाशित गरेको छ । २००१ को जनगणनामा काइके भाषीको सङ्ख्या ७९८ थियो । तर, २०११ मा यो भाषाको वक्ता ५० मात्र देखाएको छ । १० वर्षमा निकै ठूलो सङ्ख्याले मातृभाषा बोल्न छोडेको तथ्याङ्कले देखाएको छ । अम्बिका रेग्मी (२०१२)का अनुसार काइके जातिको कुल जनसङ्ख्या २,००० जति छन् । अर्को राम्रो सूचना के छ भने सबै उमेर समूहकाले आफ्ना भाषा बोल्दछन् । यी सूचनालाई विश्वास गर्दा केही हर्ष पलाएको पक्कै छ । जे भए पनि काइके भाषा अत्यन्तै लोपोन्मुख अवस्थामा पुगिसकेको छ । यसलाई बचाउन आवश्यक छ ।

उपाय-५: भाषा राष्ट्रको मात्र होइन विश्वकै अमूर्त सांस्कृतिक सम्पदा हो । यस भाषामा भएको आदिवासी ज्ञानलाई विश्वका अन्य भाषाले प्रतिस्थापन गर्न सक्दैन । यस भाषालाई बचाउन र विकास गर्न सबैको सक्रियता हुन आवश्यक छ । भाषालाई बचाउनु भनेको सो भाषाका वक्तालाई बचाउनु पनि हो ।

विमर्श-४: सञ्चारका हरेक माध्यमहरूमा मगर भाषाको विकास भइरहेको छ । तर के यो सन्तोषजनक छ ? सञ्चारमाध्यममा प्रयोग हुने शब्दावलीको निर्माण भएको छ ? सञ्चारकर्मीहरूले आफ्नो समुदायका विज्ञहरूसँग विचार विमर्श गरेका छन् ? यसो गरेको छैन भने त्यो दिगो हुँदैन । ग्लेमर र आडम्बर मात्र हुनेछ । भाषाको स्तरीकरण गरिएन भने भाषाको विकास अवरूद्ध हुन्छ । लेखनमा मानकीकरण गरिएन भने सम्प्रेषण ठीकसँग हुन सक्दैन । यस्तै विमर्श छापामाध्यमको बारेमा पनि हुन सक्दछ । यस्तै मगर पत्रपत्रिकाको परिभाषा के हो ? मगरद्वारा सम्पादन गर्दैमा र मगर भाषामा नाम राख्दैमा त्यस्तो पत्रिकालाई मगर पत्रिका भन्न सकिन्छ ? मगर भाषामा साप्ताहिक वा दैनिक पत्रिका प्रकाशित गर्ने आँट गरेको छं ? यसबारे पनि विमर्श सुरू गरिनु पर्दछ ।

उपाय-६: सञ्चार माध्यमका प्रयोग हुने शब्दावलीको निर्माण गरेर प्रयोगमा ल्याउनु पर्दछ । हवाई मिठाइँ खाएर निरोगी होइँदैन भन्ने सद्बुद्धि हामी सबै आदिवासीलाई आउनु आवश्यक छ ।

उपाय-७: आमसञ्चार र लेखकहरूका लागि छुट्टाछुट्टै मगर शैली पुस्तक (स्टाइल बुक) तयार गरेर प्रयोगमा ल्याउनुपर्छ ।

उपाय-८: मगर भाषामा प्रकाशित हुने पत्रपत्रिका मात्र मगर पत्रिका हो भनेर परिभाषा

निर्माण गर्नसक्नु पर्दछ । नत्र स्रोतसाधन, समय र बुद्धिको लगानी आफ्नो र सेवा अरूको लागि हुनेछ । काग र कोइलीको कथाजस्तै ।

विमर्श–५: पाल्पाको धैरेनीमा प्रारम्भ भएको मगर भाषामा शिक्षा सफल देखियो । देशविदेशमा समेत यसको चर्चा भयो । नेपालका सञ्चारमाध्यमले पनि सफलताको समाचार छापे । तर, मगर समाजका कति जना सामाजिक अभियन्ता, लेखक, कलाकार, शिक्षाप्रेमी, राजनीतिज्ञहरू त्यहाँ पुगे? कतिले ती शिक्षक, विद्यार्थी तथा समुदायलाई अभिप्रेरित गरे ?

उक्त विद्यालयका शिक्षकहरू भन्छन् – हामीले कुनै पनि अगुवाहरूलाई देख्न पाएनौं । हामीलाई मगर भाषामा शैक्षणिक शब्दावलीको खाँचो भइरह्यो, मगर भाषा लेखनमा व्यावहारिक समस्या भइरह्यो, शैक्षिक सामग्रीको खाँचो भइरह्यो । तर, हारगुहार गर्ने ठाउँ पत्ता लगाउनै सकिएन ।

यस्तो गुनासो नेपाल सरकार, शिक्षा विभागको नेतृत्वमा गत महिना बहुभाषिक विद्यालय अवलोकन गर्न पुगेका प्रतिनिधिमूलक टोलीसमक्ष पोखे । ती टोलीमा मलगायत तीनजना शिक्षाका उपसचिव, पाल्पाका जिल्ला शिक्षा अधिकारी, सेभ द चिल्ड्रेन लगायतका गरी ९ जना थिए । उनीहरूको समस्याप्रति मगर अभियन्ताहरू, विज्ञहरू गम्भीर हुन आवश्यक छ । यसै गरी किन ती सफलतालाई छिमेकी र अन्यत्रका मगर समुदायले आआफ्ना विद्यालयमा रोप्न चाहेन ? आफ्ना भविष्यका भविष्यप्रति किन उनीहरू उदासिन छन् ? यसबारे पनि विमर्श निरन्तर हुन आवश्यक छ ।

उपाय–९: धैरनीको सफलताबाट सिक्दै सम्भव हुने मगर गाउँघरमा मगर भाषामा बहुभाषिक शिक्षाको विस्तार गर्दा राम्रो हुनेछ । नेपालको संविधान, ऐन कानून र बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ समेत जारी भइसकेकोले अभिभावले आफ्नो बालबालिकालाई मगर भाषामा पढाउनका लागि विद्यालयलाई अनुरोध गरेमा विद्यालयले तुरून्त लागु गर्न सक्छ ।

उपाय–१०: शिक्षाक्षेत्रमा प्रयोग हुने शब्दावलीको निर्माण गरेर प्रयोगमा ल्याउनुपर्दछ ।

उपाय–११: मगर भाषाका लेखक, छापा जगत्का सञ्चारकर्मी र विद्यालय शिक्षकहरूको सहभागिता र सक्रियतामा मगर भाषा लेखनमा एकरूपताका लागि मानकीकरण तयार गरेर प्रयोगमा ल्याउन आवश्यक छ ।

उपाय–१२: मगर भाषामा बालसाहित्यको सिर्जना अति आवश्यक भइसकेको छ । बालसाहित्यको सिर्जना गर्नु भनेको बालबालिकासँग बसेर उनीहरू सँगसँगै बालसाहित्यको सामग्री र बाल शैक्षिक सामग्री तयार गर्नु हो ।

विमर्श–६: जर्ज ग्रियर्सन (१९०८)लाई मगर लेखनको प्रारम्भिक बिन्दु मान्दा मगर लेखनले एक शताब्दी लामो दूरी तय गरिसकेको छ । यस अवधिमा सयओटा साहित्यिक कृति पनि प्रकाशन भएको पाइँदैन । निबन्ध, समालोचना विधाका कृति देखिएको छैन । बालसाहित्य र लोकसाहित्य पनि शून्यजस्तै छ । लेखनमा मानकीकरण स्थिर हुन सकेको छैन । शिक्षणको दृष्टिकोणबाट मगर शैक्षणिक व्याकरण र शब्दकोश (Magar Padagogical Grammar and Dictionary) तयार पारिएको छैन ।

मातृभाषाको विकासको बारेमा हामी चिन्ता गरिरहेका छौं कि चिन्तन ? यसबारे प्रस्ट हुन आवश्यक छ । भाषा विकास र साहित्य सिर्जनाको सन्दर्भमा आफ्नो मगरहरू कहाँ छन्

? साहित्यको स्तर कहाँ पुगेको छ ? मगर स्रष्टाहरूले यसबारे सोच्न आवश्यक छ । यसबारे बहस किन नचलाउने ?

उपाय-१३: विद्यालयमा मगर भाषाको पठनका साथसाथै शिक्षणको उद्देश्यले शैक्षणिक शब्दकोश र शैक्षणिक व्याकरण निर्माण गरिनुपर्छ ।

उपाय-१४: पहिचानलाई केन्द्रमा राखेर साहित्य सिर्जना गर्नु आवश्यक छ । जनसङ्ख्यामा मगर जाति तेस्रो स्थानमा रहेकोले उनीहरूले नेपाली र मैथिली भाषीसँग स्वस्थ्य प्रतिस्पर्धा गर्नुपर्ने देखिन्छ ।

उपाय-१५: भाषा संरक्षण तथा विकास अनि साहित्य सिर्जनामा रहेका बाधक तत्वहरूको पहिचान गरेर अगाडि बढनु नै श्रेयस्कर हुनेछ ।

विमर्श ७: मातृभाषामा अनुसन्धान भएर उक्त समुदायले पायो के ? अनुसन्धानको एक प्रतिसमेत नपाउने अवस्थामा उनीहरूको ज्ञानमाथिको अधिकारको के कुरा गर्ने र ? माग्दासमेत पाउँदैनन् । समुदाय मात्र होइन विदेशीहरूले नेपालमा गरेका अध्ययन-अनुसन्धानबारे नेपाल सरकारलाई समेत जानकारी हुँदैन । अनुसन्धानमा उनीहरूले नै एकलौटी हक स्थापना गरेर हाम्रो सूचना हामीलाई नै अति महँगोमा बेचिरहेका पनि छन् ।

उपाय-१६: समुदायको ज्ञान सीपमा उनीहरूको हक स्थापना हुनु आवश्यक छ ।

***सुपरिचित भाषाविद् योञ्जन-तामाङ नेपालका***
*मातृभाषाबारे ४२ पुस्तकहरूका लेखक पनि हुन् ।*

**सन्दर्भ सामग्री :**

- झेंडी मगर, यामबहादुर : एम. एस. थापा मगर (२०४९). प्राचीन मगर र अक्खा लिपि, ललितपुरः श्रीमती दुर्गादेवी मगर, बृजी प्रकाशन ।
- थापा, एम.एस : (२०४९) प्राचीन मगर र अक्खा लिपि, काठमाडौ ।
- थापा मगर, लोकबहादुर : (२०५७) मगराँती साहित्यमा क-कसले के-के गरे ? (सुचीपत्र), पोखरा
- थापा मगर, लोकबहादुर : (२०४८) मगराँती साहित्यका आदिकवि जीतबहादुर सिञ्जाली मगर र रेखबहादुर थापा मगर,
- थापा, हिरासिङ : २०६६ मगर-खस-अँग्रेजी शब्दकोश काठमाडौंः नेपाल मगर संघ ।
- पाटा मगर, देवबहादुर : (२०६४) मगर भाषाका आदिकवि जीतबहादुर सिंजाली मगरको पुनरागमन
- बराल, डा. केशरजंग : (२०३०) मगर ढूट कुट जाट्मो डाक्के, पोखरा ।
- बुढामगर, कर्णबहादुर : (२०६४) मगर (अठार मगर भाषा)-नेपाली शब्दकोश काठमाडौं : नेपाल मगर संघ

- बुढा मगर, हर्षबहादुर : (२०४९) किरात वंश र मगरहरू एक ऐतिहासिक सर्वेक्षण श्रीमती उन्नती बोहरा ।
- बुडा मगर, डा. हर्षबहादुर : (२०५३) मगर र मग्यारः पुर्ख्यौलीको खोजीमा काठमाडौं : शहीद लखन थापा मगर श्रद्धाञ्जली समितिं ।
- योन्जन-तामाङ, अमृत : (२०६९), 'नेपालमा मातृभाषामा साहित्य सिर्जनाको अवस्था' गरिमा पुष २०६९)
- योन्जन-तामाङ, अमृत : (२०७०) 'मातृभाषा महत्वपूर्ण हुन्छन्', थुङ्गा-४, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।
- राष्ट्रिय जनगणना-२०६८, केन्द्रीय तथ्याक विभाग, काठमाडौं ।
- रेग्मी, अम्बिका : (२०१२) 'मगर-काइके भाषाको वर्तमान अवस्था', नेपालका भाषाहरू भाग-१, काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान।
- लाफा मगर, सञ्जोग : (२०५५) जीबसीम कविता सङ्ग्रह
- लाफा मगर, सञ्जोग : (२०६४) पाहुर (कविता सङ्ग्रह-)
- लाफा मगर, सञ्जोग : (२०६५) जीवित तर मृत्यु (वृत्तचित्र-२०६५)
- लाफा मगर, सञ्जोग : (२०६७) मगर साहित्यको विकास, काठमाडौ ।
- लाफा मगर, सञ्जोग : (२०६८) 'मगर भाषाको अनुवाद साहित्य : स्थिति, चुनौती र सम्भावना', नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा असार १६ गते काठमाडौंमा आयोजित 'वर्तमान युगमा नेपालको राष्ट्रभाषाहरूमा अनुवादको स्थिति, चुनौती र आवश्यक्ता' विषयक गोष्ठीमा प्रस्तुत कार्यपत्र ।
- सिञ्जाली मगर, जितबहादुर मगर : (२००८) भाषाङ ल्हीङ ड टुक्कावौ क्तिाब, कविता सङ्ग्रह ।
- सिञ्जाली मगर, ओम : (२०६५) जीवित तर मृत्यु वृत्तचित्र ।
- सिञ्जाली, यम : (२०६२) 'मगराँती साहित्यः संक्षिप्त चर्चा', शोधमाला, काठमाडौं : मगर अध्ययन केन्द्र ।
- श्रीस, मीन : (२०६८) 'मगर जातिको चिनारी', प्रकाशक नेपाल मगर संघ, केन्दीय समिति काठमाडौ ।
- Daurio, Corrie Maya : (2009) "Exploring Perspectives on Landscape and Language among Kaike Speakers in Dolpa, Nepal" MA dissertation in Geography, the University of Montana, USA
- Fisher, James A. : (1971) "A Vocabulary of the Kaike Language." Duplicated by SIL
- Givon, Talmy : (2001) Syntax: An Introduction, Vol. 1. Amsterdam: John Benjamins
- Givon, Talmy. : (2001) Syntax: An Introduction, Vol. 2. Amsterdam: John Benjamins
- Regmi, Ambika : (2007) "The national and adjectival morphology in the Kaike Language". M.A. dissertation in linguistics, Tribhuvan University.
- Regmi, Ambika : (2008) "Personal pronouns in Kaike." Nepalese Linguistics 23-322-333.
- Roka, Dhan Bahadur : (2005) "A Basic morphological analysis of Kaike." A report submitted to the Royal Nepal Academy, Kathmandu, Nepal.
- Watters, David E : (1973) "A wordlist". In Clauses, Sentences and Discourses Patterns. SIL
- Watters, David E. : (2006) "Conjunct-disjunct distinction in Kaike." Nepalese Linguistics 22-300-319.



प्रा.डा. केशरजङ्ग बराल मगर

# प्रकृतिवादभित्रको दर्शन र मगर संस्कारमा नवपुरोहितवादको प्रवेश

कुरा शुरू गरौं भिक्षु नाम मगर (आले)ज्यूले मगर समाजमा धार्मिक परिवर्तन र चुनौती शीर्षकमा दिनुभएको प्रवचनबाट । करिब तीन चार महिनाअगाडि मैले यूट्यूबमा मगरहरूको धर्मबारेमा उहाँको प्रवचन सुनेको थिएँ । उहाँको प्रवचनबाट म प्रभावित भएँ । प्रवचन सुन्दा उहाँको मातृभाषा बाह्रमगरांती भाषा भएको स्पष्ट थाहा पाएँ । मगरभाषाका आधारमा मगर भिक्षुले मगरहरूको धर्मको विश्लेषण पनि राम्ररी गर्नुभयो । मगरहरूको धर्मबारेमा तीन धारका विचार भएको कुरा गर्नुभयो । पहिलो धारका विचारकहरूले मगरहरू बौद्धमार्गीहरू हुन् भन्ने विचार राख्छ भने दोस्रो धारले मगरहरू हिन्दूहरू हुन् भन्ने विचार राख्छन् र तेस्रो धारकाले मगरहरू प्रकृतिवादी हुन् भन्ने विचार राख्छ । यो नै अहिले मगरहरूको धर्मसम्बन्धी पाइएको विचारको यथार्थ हो । यसमा मेरो पनि विमति छैन ।

बुद्धको जन्मभूमिका धरतीपुत्र मगरहरू बौद्धमार्गी हुनु स्वाभाविक देखिन्छ । तर, पछि भारतबाट नेपालमा आर्यहरूको प्रवेशपछि नेपालको शासन सत्तामा हिन्दूकरण भयो । यसले नेपालका आदिवासीहरूको धर्ममा पनि प्रभाव निश्चित रूपमा पार्‍यो । हजारौं वर्षदेखि मगरहरू नेपालको पहाडी भेगमा बस्दै आएका हुन् । आर्यहरूको प्रवेश नेपालमा पश्चिम र पूर्वीपहाडबाट भयो । त्यसैले, उनीहरूको सम्बन्ध मगरहरूसँग भयो । यसले गर्दा स्वाभाविक रूपमा उनीहरूले मगरहरूको र मगरहरूले उनीहरूको धार्मिक आस्था र विस्वासमा ठुलो प्रभाव पारे । मगर र आर्यहरूमा धार्मिक सहिष्णुता पनि एकआपसमा रही आयो । मगरहरू हिन्दूकृत हुँदै गए ।

मगरहरूको संस्कारमा हिन्दू धर्ममा आधारित पुरोहितवादको प्रवेश गऱ्यो । ब्राह्मण पुरोहितहरूले मगरहरूलाई यजमान बनाए । पुरोहित मगर यजमानकहाँ गएर हिन्दू दर्शनमा आधारित कर्मकाण्डसम्बन्धी कार्य सम्पन्न गर्न थाले । यजमानकहाँ गएर पुरोहितहरूले यसो गनु 'उसो गर्नु, यस्तो चाहिन्छ, उस्तो चाहिन्छ भन्न थाले र अन्त्यमा मगरहरूको मौलिक संस्कारलाई नै तहसनहस पारे । यसलाई सचेत मगरहरूले मगरहरूमाथि गरिएको धार्मिक शोषणका रूपमा बुझे । यो मगर तथा अन्य जनजाति र दलितमाथि गरिएको शोषण थियो । कतिपय सन्दर्भमा आज पनि हिन्दूधर्मको नाममा धार्मिक शोषण कायमै छ ।

हिन्दू धर्मको प्रभूत्व र राज्यको सबै अङ्गहरूमा ब्राह्मवादको हाबी रह्यो । कतिपय सन्दर्भमा हिन्दू धर्मको नाममा राजनीतिक, सामाजिक र आर्थिक शोषण भयो । यसले गर्दा सचेत मगरहरूमा हिन्दूधर्मविरोधी मानसिक्ताको विकास हुँदै गयो । विशेषगरी पढेलेखेका र राजनीतिक रूपमा पीडित र सचेत मगरहरू अप्रत्यक्ष रूपमा हिन्दू धर्मको विपक्षधारमा लागे र मगरहरू बौद्ध धर्मावलम्बी भएको कुरा प्रचारप्रसार गर्न लागे र मगरहरूले आफ्नो धर्ममा बौद्ध लेख्नुपर्छ भन्ने अभियान चल्यो । मगरहरूको धर्मसम्बन्धी विचार पहिलो विचार समूहले राखेको पाइन्छ । यस विचारको प्रतिनिधि मगरभिक्षुहरू, नेपाल मगर संघ र ब्राह्मणवादबाट पीडित राजनीतिक नेताहरूले गर्दछन् । यस विचार समूहलाइ मैलै हिन्दूविरोधी विचार समूहहरू (School of Anti Hindu Sentiment) भन्ने गरेको छु । यो विचार समूहले राज्य धर्मनिरपेक्ष हुनुपर्दछ भन्दछ भने स्वयम् मगरलाई धर्मसापेक्ष हुनुपर्दछ भन्ने तर्क राख्छ ।

हिन्दूवादी मगरहरू पनि दुइ खाले छन् । एक खालेले आफुलाई हिन्दू भन्छन् । तर हिन्दू धर्म अनुसारको कर्ममा कट्टरपन देखाउँदैनन् । यो समूहलाई मैले उदारवादी हिन्दू मगरहरू (School of Liberal Pro-Hindu Magar) भन्ने गरेको छु । नेपालका केही शहर र गांउहरूमा केही मगरहरू कट्टर हिन्दू देखिन थालेका छन् । यो समूहलाई मैले विश्वासका अन्धभक्त समूह (School of Blind Faith) भन्ने गरेको छु । यो समूह राजनीतिक चेतनाको दृष्टिकोणले पछि परेका मगर समुदायका छन् । यतिसम्म देखियो कि यो समूहका मगरहरूले मगरकै घरमा र मगरले पकाएको र छोएको खाना खादैनन्, मगर मगर विचमा पनि भान्सा चलाउँदैनन् । यो समूह समाजमा अगाडि गएमा मगरहरूलाई अगाडि होइन पछाडि धकेल्नेछ र मगरहरूबीच नै धर्मको विग्रहको बीउ रोप्नेछ । यो विचार समूहका मगरहरू पनि विभिन्न सम्प्रदायमा विभाजित छन् । यो समूहले मगरहरूलाई चिराचिरा पार्न सक्छ । राजनीतिक र सामाजिक चेतना नभएका मगरहरू नजानिँदो रूपमा आफूहरूलाई नै चिराचिरा पार्नलाई प्रयोग भएको पाइन्छ ।

अधिकांश मगरहरू सामाजिक, आर्थिक र राजनीतिक रूपमा ज्यादै पछाडि परेका छन् । यिनीहरूलाई आफ्नो हातमुख जोड्नमै ठिक्क छ् । हिन्दू धर्मका देवीदेवता दिनदिनै पुज्ने र गुम्वा धाउने फुर्सद पनि छैन । धर्म भनेको पनि थाहा छैन । यी मगरहरूले पुस्तौंदेखि प्रकृतिलाई मान्दै आएका छन् । यी मगरहरूको धर्मलाई प्रतिनिधित्व गर्ने समूहलाई मैले प्रकृतिवादी समूह (School of Animism) भन्ने गरेको छु । नेपालका बुद्धिजीवी र विद्यार्थीवर्गले यो विचारको प्रतिनिधित्व गर्दछ । यो समूहले नेपाल मगरसंघलाई मगरहरूको धर्म बौद्ध हो भनेर औपचारिक रूपमा घोषणा गर्न लामो समयसम्म रोक्यो । यो विचार समूहले यी अधिकांश मगरहरूले मान्दै आएको प्राकृत धर्मलाई नै मगराँती धर्म नामकरण गरिनु पर्दछ भन्ने कुरा भन्दै रह्यो । तर, यो समूहका विचारकहरू जागिरे र विद्यार्थीहरू भएकाले नेपाल मगर संघमा कमजोर रह्यो ।

मगर संघमा पहिलो विचार समूहको लामो समयसम्म वर्चस्व रह्यो । यसले गर्दा अधिकारिक रूपमा नेपाल मगर संघले औपचारिक रूपमा मगरको धर्म बौद्ध भनेर घोषणा गर्‍यो ।

धर्म विभिन्न व्यक्तिको दृष्टिकोणमा विभिन्न हुन सक्छ । धर्म भनेको व्यक्तिमा सधैं रहिरहने स्वभाव हो । मानिसको स्वभावलाई आफूमा निहित विश्वासले असर पार्दछ । यो विश्वास मानिसले पाएको ज्ञान (दर्शन) र ऊ बसेको वातावरणमा भर पर्दछ । त्यसैले धर्मलाई जीवनको दर्शन पनि भनिन्छ । पहिलो विचार समूहले प्राकृत धर्मलाई दर्शनको अभावमा धर्म मान्न नसकिने तर्क अगाडि सार्दछ । मगरहरूको प्रकृतिवादी दर्शन विज्ञानमा आधारित छ । यसको व्याख्या हुन नसकेको हो । मुख्यतया प्रकृतिवादी दर्शनमा आफ्नो जिवन रक्षागर्ने र आफ्नो कल्याण गर्ने प्राकृतिक (भौतिक) वस्तुलाई नै पुजेको पाइन्छ । विशेष गरेर वायु, ढुङ्गामाटो, र पानीलाई नै मगरहरूले पुज्ने गर्दछन् । प्राकृतिबाट मानव जीवनमाथि पर्न सक्ने सम्भावित नकारात्मक असरलाई कम गर्ने र रोक्ने नै प्राकृतिक धर्मको मूल दर्शन हो । यी दर्शनलाई केन्द्रबिन्दु मानेर मगरहरूले प्रकृति (वायु, नदीनाला, वनजंगल, ढुङ्गामाटो)को पूजा गरेको पाइन्छ ।

मगरहरूले शिरौ (पानीको मूल)को पूजा गर्ने गर्दछन् । पानीको मूलको पूजा गर्नुको अर्थ सम्पूर्ण प्राणीको प्राण धान्नेको संरक्षण गरे मात्र स्वयम् उसको पनि संरक्षण हुन्छ भन्ने हो । त्यसैले मगरहरूले पानीको मूलको संरक्षण गर्नका लागि यसको वरिपरिका रूख लगाउने, संरक्षण गर्ने, वनको विकास र संरक्षण गर्ने गरेको पाइन्छ । यो दर्शनका आधारमा मगरहरूमा पानीको मूललाई नै देवता मानी पुज्ने गरेको पाइन्छ । यो दर्शन अहिलेको जलाधार व्यवस्थापन (Watershed Management) को अवधारणासँग मेल खान्छ ।

त्यस्तै गरी अर्को उदाहरण पहाडलाई लिन सकिन्छ । देवता रिसाएमा बाढीपहिरो जान्छ, प्राकृतिक विपत्ति आउँछ भनेर पर्वतलाई देवता मानी पुज्ने गरेको पाइन्छ । विशेषगरेर मगर हरूले आफ्ना देवताहरू आफ्ना ठाउँगाउँका सबैभन्दा अग्लो पहाडको टाकुरामा थान बनाउने र त्यसको वरिपरि वनजंगल र जंगली जनावरहरू र चराचुरूङ्गीहरूको संरक्षण गर्ने गरेको पाइन्थ्यो । यसभित्रको दर्शन भनेको वातावरणीय सन्तुलन कायम गरेर पहाडको मध्यभागमा वा फेदीमा भएको बस्तीको संरक्षण गर्नु हो । सर्वसाधारण मगरहरूले यो दर्शनको ज्ञान नभए तापनि आजसम्म पनि देवता रिसाए भने दैवी विपत्ति आउँछ । त्यसैले थानको वरिपरि रूख काट्नुहुन्न, शिकार खेल्नुहुँदैन भन्ने विश्वास राख्छन् र पर्वतलाई पुज्ने गर्दछन् ।

त्यस्तै गरी मगरहरूले ठूलाठूला रूखलाई पनि पुज्ने गर्दछन् । ठूलाठूला रूख काटेमा बालीनालीलाई हानी गर्छ भन्ने विश्वास मगरहरूले राख्ने गर्दथे । यसभित्रको दर्शन भनेको बतासको नियन्त्रण गरी बतासबाट खेतीबारी, वस्तुभाउ र बस्तीमा हुन सक्ने सम्भावित नोक्सानीलाई रोक्नु हो । यो हाम्रो जीवनको अभिन्न दर्शन हो । मगरहरूमा प्रकृतिमा वातावरणीय सन्तुलन कायम गरी मानव कल्याण कायम गर्ने दर्शनको जगमा आधारित विश्वास र आस्थाका धेरै उदाहरण छन् ।

दर्शनविनाको धर्म हुँदैन । यो सत्य हो । त्यसैले हरेक धर्मको दर्शन हुन्छ । दर्शनका आधारमा त्यस समुदायको आस्था र विश्वासको विकास भएको पाइन्छ । उदाहरणका लागि बौद्ध दर्शन अहिंसा परम धर्मलाई लिन सकिन्छ । यस दर्शनका आधारमा बौद्धमार्गीहरूले हिंसा गर्नुहुँदैन, गरेमा पाप लाग्छ भन्ने गर्दछन् । प्रकृति नै मगरहरूको विश्वास र आस्था हो । त्यसैले यो नै हाम्रो धर्म हो र यसलाई नै मगराती धर्म भनिनुपर्दछ भन्ने गरेको छु । हो

मगरहरू हिन्दूधर्मको जगमा अडिएको ब्राह्मणवादबाट पीडित भएको सत्य हो । तर, यसैलाई आधार मानेर मगरहरूले आफ्नो सनातन धर्म परिवर्तन गर्नको लागि त्तैबाट प्रभाव पारिनुहुँदैन । मगरहरू धर्मको नाममा त्तै कसैको हतियार त भएका छैनन् भन्ने कुरामा सचेत हुनुपर्छ । मगर समाजलाई धर्मको नाममा अलमल्याइराख्नुहुँदैन ।

नेपालमा हिन्दूधर्म राज्यको धर्म भएपछि जनजातिहरूमा हिन्दूधर्म पुरोहितहरूले लगेको पाइन्छ । सर्वप्रथम त पुरोहितहरूले जनजातिहरूको मौलिक संस्कारमा प्रहार गरेको पाइन्छ । ब्राह्मणपुरोहितहरूले जनजातिहरूको संस्कारलाई विस्थापित गरी हिन्दू संस्कार स्थापित गरे । यसमा राज्यसत्तासँग नजिक भएका जनजातिका प्रभावशाली मानिसहरूले आफ्नो समुदायमा हिन्दू संस्कार स्थापित गर्न सघाए । मगरहरूमा पनि हिन्दू संस्कार पुरोहितहरूले स्थापित गरेको पाइन्छ । जस्तो विवाहमा सिन्दूर पोटे दिने संस्कार । तर, जुन भेकका मगरहरू हिन्दू पुरोहितवादबाट प्रभावित छैनन् त्यस भेकका मगरहरूको संस्कार भने आज पनि मौलिक नै भएको पाइन्छ ।

ब्राह्मण पुरोहितहरूले मगरहरूलाई आफ्ना यजमान बनाए । उनीहरूले मगरहरूको सम्पूर्ण संस्कार हिन्दूपरम्पराअनुसार सम्पन्न गराउन र गर्न थाले । पुरोहितहरूले हिन्दू संस्कारका माध्यमबाट मगरहरूलाई शोषण गर्न थाले । यसलाई मगर समाजका अगुवाहरूले हिन्दू धर्मको आडमा पुरोहितहरूको शोषणको रूपमा लिन थाले र विकल्पको खोज्न थाले । यही क्रममा विभिन्न समयमा विभिन्न विकल्पको विकास भयो । पहिलो चरणमा मनवीर गर्बुजाले ब्राह्मण पुरोहितको विकल्प सोचे । त्यसपछि धनकुट्टाका सोम रानामगरले र अनि नेपाल मगर बौद्ध सेवा समाजले ब्राह्मण पुरोहित र मगरहरूमा जरो गाडेको हिन्दू संस्कारको विकल्पका रूपमा बौद्ध धर्ममा आधारित संस्कार मगरहरूबीच ल्यायो । नेपाल मगर बौद्ध सेवा समाजले ठाउँठाउँमा मगरहरूलाई तालिम दिएर वापा निकाले भने नेपाल मगर संघले पनि ठाउँठाउँमा तालिम दिएर सोम राना मगरको मगर रिहिछ्योटअनुसार मगर भुसालहरू तयार गरी ब्राह्मण पुरोहितको ठाउँमा मगर पुरोहितबाट मगरहरूको संस्कार सम्पन्न गर्ने कार्य शुरू गरे । मगर पुरोहितको माध्यमबाट मगर समाजमा भित्रिन लागेको पुरोहितवादलाई मैलै नवपुरोहितवाद भन्ने गरेको छु । नवपुरोहितवादलाई ब्राह्मण पुरोहितलाई विस्थापित गर्ने अर्को रूपका रूपमा लिएको छु र सारमा एउटै मानेको छु ।

भुसालहरू र वापाले सम्पन्न गरेको केही कर्मकाण्ड हेर्ने मौका मैले पाएको थिएँ । पहिलोपटक मेरो धर्मदिदीको छोरीको विवाह हेर्ने मौका पाएँ । मगर पुरोहित तनहुँ जिल्लाबाट चितवन बसाइ सरेका रहेछन् । मैले मगर पुरोहित (वापा)लाई भने– तपाईं त तनहुँको मगर, मगरले पनि यस्तो गर्छन् ? मगरको आफनै विधि रोश छैन । उनले भने – छ न त छ । तर, नेपाल मगर संघले यस्तै गर्नु भनेको छ । यसबाट के स्पष्ट हुन्छ भने नेपाल मगर संघले मगरहरूको मौलिक्तालाई बिर्सेर ब्रह्मण पुरोहितलाई विस्थापित गर्ने क्रममा मगर पुरोहित तयार गरी मगर समाजमा हुँदै नभएको पुरोहितवाद हुल्दै छ । मगरहरूको संस्कारमा पुरोहितवाद छैन । मगरहरूको आफ्नो ज्वाइँचेला (कुटुम्बो) र मावलीले सबै संस्कार सम्पन्न गर्ने गरिन्छ ।

मैले पाल्पामा मेरो आफ्नै भान्जा दुर्घटनामा परी मृत्यु भएपछि उनको इच्छाअनुसार उनको मृत्युसंस्कार मगर पुरोहितबाट सम्पन्न गरेको मृत्युसंस्कारमा शुरूदेखि अन्त्यसम्म सहभागी भएँ । त्यस्तै गरी नेपाल मगर संघ, कास्की जिल्ला समितिका सचिवको आमाको मुत्यु संस्कारमा पनि म शुरूदेखि अन्त्यसम्म सहभागी भएँ । यी दुई ठाउँमा भएको संस्कार विधिमा मैले धेरै

अन्तर पाएँ । अनि मैले भुसाललाइ सोधेँ–अस्ति भरखर मात्र मैले पाल्पामा हेरेको थिएँ, आज यहाँ हेरेँ । तर, धेरै फरक पाएँ नि, किन ? भुसालले – हामीले सोम रानाको विधि चलाउँछौं, पाल्पा, नवलपरासीतिर नेपाल मगर बौद्ध सेवा समाजको चलाउँछन् र पुन मगरहरूले मनवीर गर्वुजाको चलाउँछन् भने । त्यतिबेलासम्म मलाई नेपाल मगर संघले ल्याएको नवपुरोहितवाद बौद्ध दर्शनमा आधारित होला र सबै ठाउँमा त्यही रूपमा मगर पुरोहित तयार गरिएका होला भनेर लागेको थियो । तर, त्यसो भएको रहेनछ । माथि उल्लेख गरिएअनुसार स्पष्ट रूपमा तीन धार देखिएको छ । तीनै धारका संस्कार कुनै निश्चित धर्मको दर्शनमा आधारित भएजस्तो लाग्दैन । यो विद्यमान हिन्दू धर्ममा आधारित पुरोहितवादलाई प्रतिस्थापन गर्न मात्र ल्याइएकोजस्तो देखिन्छ ।

नेपाल मगर बौद्ध सेवा समाजले तयार गरेका वापाहरूले सम्पन्न गर्ने संस्कार पद्धति बौद्ध दर्शनमा आधारित छजस्तो लाग्थ्यो । तर, मैले भिक्षु नाम मगरको माथि उल्लेख गरिएको प्रवचनबाट पनि नेपाल मगर बौद्ध समाजले तयार गरिएका वापाहरूले पनि बौद्ध दर्शनका आधारमा सम्पन्न नगरेको थाहा पाएँ । उनको प्रवचनबाट यो पनि विकृत रूपमा आएको हो र यसले मगर समाजलाई पछि दलदलमा फसाउने र पछि यसबाट मुक्ति पाउन गाह्रो हुने भन्ने स्पष्ट हुन्थ्यो ।

एक वर्ष अगाडि मलाई दमौली तनहुँमा मगरहरूको धर्म र संस्कार सम्बन्धमा मगरहरूको बीचमा भएको अन्तरक्रिया कार्यक्रममा बोलाइएको थियो । त्यस कार्यक्रममा मैले नवपुरोहितवादले फेरि समाजमा पुरोहितले जस्तै विकृति समाजमा सृजना गर्दछ । मगरहरूको आफ्नै मौलिक संस्कार छ र यसको खोजी गरिनुपर्छ भनेँ । सहभागीहरूले– तपाईंले पछि विकृति ल्याउँछ भन्नुहुन्छ । तनहुँमा अहिले नै विकृति आइसकेको छ भने । यस सम्बन्धमा भिक्षु नाम मगरले पनि अहिले मगर समाजमा जुन तरिकाले मगर भुसाल र वापाहरूले कर्मकाण्ड सम्पन्न गरिराख्नुभएको छ, त्यसले समाजमा विकृत ल्याउछ भन्नुभएको छ । उहाँको प्रवचनअनुसार बौद्ध धर्मअनुसार संस्कार सम्पन्न गर्न भिक्षुहरू नै आवश्यक पर्दछ भन्नुहुन्छ ।

नवपुरोहितवादले मगर समाजमा ल्याउन सक्ने विकृतिको बारेमा स्पष्ट हुन जरूरी छ । पहिलो कुरात नवपुरोहितवादले बाहुन पुरोहितले मगर पुरोहितले मात्र प्रतिस्थापन गरेको छ । यसको आधार र सारतत्व पुरोहितवादको जस्तै छ । यसको शुरूआत नै ब्राह्मण पुरोहितलाई दिइने दानदक्षिणा मगर पुरोहितलाई नै जाओस् भन्ने उद्देश्यले गरिएको हो । यो पनि केही हदसम्म ठीक हो । तर, पछि गएर वापा र भुसालहरूले यसलाई पेशाका रूपमा विकास हुने सम्भावना देखिन्छ । बौद्ध धर्मको नाममा फेरि शोषण हुन सक्छ । वापा र भुसालहरूले दुवैले कर्मकाण्ड सम्पन्न गर्दा पहिला भगवान् बुद्धको नाम जप्न लगाउने अनी बाहुन पुरोहितले जस्तै यस्तो राख्नु, उस्तो गर्नु भन्ने गरिन्छ । भगवान् बुद्धले भनेका थिएनन् होला कर्मकाण्ड उनको मूर्ति राखी सम्पन्न गर्नू भनेर । हिन्दूधर्ममा आधारित संस्कारमा ब्रह्मा, विष्णु र महेश्वरको नाम जपेजस्तै भगवान् बुद्धको नाम जपिन्छ । सारमा त के भयो उही । मलाई लाग्छ जसरी नेपालका बुद्धमार्गीहरूको कुनैकुनै संस्कार खर्चिलो बन्न गएको छ मगर संस्कार पनि पछि गएर खर्चिलो बन्न सक्छ । यसको साथसाथै मगरहरूमा फेरि अवैज्ञानिक सोच र चिन्तनको माध्यम हुन सक्छ नवपुरोहितवाद । तर, अहिलेको हाम्रो आवश्यक्ता भनेको वैज्ञानिक सोच र चिन्तन भएको अग्रगामी समाज हो । यो पुनः बाहुन पुरोहितवादजस्तै मगरहरूलाई संस्कारको नाममा शोषण गर्ने माध्यम बन्न सक्दछ । मगर

समाजबाटै हामीले उत्पादन गर्ने भुसाल र वापाहरू भएकाले यसबाट समाजलाई मुक्त गर्न गाह्रो हुनेछ । फेरि समाजमा अर्को वर्गको निर्माण नहोला भन्न सकिन्न ।

नवपुरोहितवादले हाम्रो मौलिक संस्कारलाई बचाउँदैन । यसले हाम्रो संस्कारलाई विकृत रूपमा बौद्धमार्गीहरूको संस्कारमा विलीन गराउँछ । फलस्वरूप यसले हाम्रो संस्कारिक पहिचानलाई पनि नष्ट पारिदिन्छ । तपाईंहरू भन्नुहोला हिन्दू पुरोहितवाद हाम्रो मौलिक संस्कार हो । होइन । हाम्रो संस्कारको मौलिक्ता भनेको पुरोहितवादविहीन हो । त्यसो भए पुरोहित, वापा र भुसाल नभए के हुन्छ त भन्ने प्रश्न उठ्छ । मगर समाजका सबैखाले संस्कार कुटुम्बबाट र मावलीहरूबाट सम्पन्न गरिन्छ । कुटुम्ब भन्नाले छोरीज्वाइँ, छोरीज्वाइँ नभए, बहिनीज्वाइँ, दिदीबहिनीहरू, छोरीहरूलाई बुझाउँछ । अधिकांश मगर संस्कारहरू यिनीहरूबाट नै सम्पन्न गराइने चलन थियो र अहिले पनि सम्पन्न गराएको पाइन्छ । कुनै कुनै संस्कार सम्पन्न गर्न मावली (माइतीहरू)को आवश्यक्ता पर्दछ र मावलीविना कुनैकुनै संस्कार सम्पन्न हुन सक्दैनन् । त्यसैले हाम्रो मौलिक्ता भनेको पुरोहितवाद होइन कुटुम्बवाद हो । हाम्रो मौलिक्ता भनेको ब्रह्मा, विष्णु, महेश्वर र बुद्धको जपाइमा आधारित संस्कार होइन, प्रकृतिमा आधारित संस्कार हो । प्रकृति भनेको यथार्थ हो, कल्पना होइन र विज्ञान पनि हो ।

संस्कारको विकास भनेको वातावरणअनुसार मानिस आफैले विकास गरेको हो । विकास भनेको मानिसमा भएको ज्ञान, विश्वास, दर्शनमा आधारित हुन्छ । हिन्दू पुरोहितहरूसँग हिन्दू दर्शनको ज्ञान थियो, उनीहरूमा ब्रह्मा, विष्णु र महेश्वर (एउटै)मा आस्था र विश्वास थियो । उनैको नाम जपेर संस्कारको विकास गरे । त्यस्तै गरी नवपुरोहितवाद मगरहरूमा ल्याउने राजनीतिक र नेपाल मगर संघका नेतृत्ववर्गले हिन्दूहरूको बलमिचाइ भोग्नुपर्‍यो । यसको फलस्वरूप उनीहरूले भगवान् बुद्धप्रति मगरहरूको आस्था र विश्वास जगाए । त्यसैले उनीहरूले भगवान् बुद्धको मूर्ति राख्ने र भगवान् बुद्धको नाम जप्ने संस्कार मगरहरूमा ल्याए । तर, यसले मगरहरूमा व्यापक्ता लिइसकेको छैन ।

कैयौं गाउँ ठाउँमा नवपुरोहितवादले गर्दा समाजमा विखण्डन ल्याएको छ । संस्कार भनेको कुनै काम सम्पन्न गर्न समाजका सबै सदस्यहरूले मान्ने पद्धति हो । समाजका सबै सदस्यहरूले संस्कार सम्पन्न गर्ने पद्धति स्वीकार नगरेमा यसले समाजमा विखण्डन ल्याउँछ । पाल्पा पीपलडाँडामा नवपुरोहितवाद पक्षधरका एक मगर नेताको आफन्तको मृत्यु संस्कार कार्यमा नवपुरोहितवादअनुसार वापाबाट सम्पन्न गराए । तर, मृतकका दाजुभाइले मानेनन् । यसको फलस्वरूप दाजुभाइमा विखण्डन आयो । यस्ता उदाहरणहरू धेरै छन् । पुरोहितवाद र नवपुरोहितवादले मगरको पहिचानलाई अरूमा विलय गराउँछ । पुरोहितवादले मगरहरूको संस्कारलाई हिन्दू संस्कारमा विलय गराउँछ भने नवपुरोहितवादले मगरको संस्कारलाई बौद्धसंस्कारमा विलय गराउन सक्छ । अन्त्यमा हाम्रो सांस्कारिक पहिचान नै हराएर जान्छ । समग्रमा हाम्रो जातीय पहिचान कमजोर भएर जान्छ । तसर्थ गाउँ-ठाउँमा बाचिरहेका प्रकृतिवादमा आधारित मगरहरूको मौलिक संस्कारको खोजी गरौं र यसको संरक्षण र प्रवर्द्धन गरौं । हाम्रो संस्कारमा आएको अस्तित्वको संकटलाई बचाई मगरको सांस्कारिक पहिचानलाई कायम गर्नु नै अहिलेको हाम्रो प्रमुख दायित्व हो ।

*मिति : २०७१।१।८*

*प्रा.डा. बराल मगर पोखरा विश्वविद्यालयका उपकुलपति हुनुहुन्छ ।*



नरेश खपाङ्गी मगर

# मिडियामा मगर पहुँच किन ?

पत्रकारिता पेशामा बामे सर्दै गर्दा नेपाल पत्रकार महासंघका तत्कालीन उपाध्यक्ष पोखराका बद्रिविनोद प्रतीकसित एक जमघटमा भेट भो । सामान्य चिनाजानपछि उनले भने, 'मगरहरू अत्यन्तै सोझा, मिहिनेती र मिलनसार हुन्छन् । मलाई उनीहरूको साह्रै माया लाग्छ । तर, उनीहरू अरू नै पेशामा छन् । त्यो समुदायबाट तपाईं पत्रकारितामा आउनुभएछ । साह्रै खुशी लाग्यो ।'

खासै नौलो कुरा गरेका थिएनन् उनले र उनी त्यस्तो कुरा गर्ने पहिलो व्यक्ति पनि थिएनन् । नेपालमा आजसम्म पनि कुन जातिले कुन पेशा अपनाउने नजन्मिँदै किटान गरिएको हुन्छ । जस्तो कि मगर, गुरूङ, राई, लिम्बू भए सेना-पुलिसमा जाने, हलो जोत्ने, भारी बोक्ने, बाहुनले पढ्ने, जागिर खाने, मास्टरी गर्ने । महिलाले बच्चा जन्माउने, घरधन्दा सम्हाल्ने, सासु-ससुराको बुहार्तन धान्ने ।

समाजशास्त्री डोरबहादुर विष्टका अनुसार 'खेतीपाती मगरहरूको पुर्ख्यौली पेशा हो, पहिले पहाडमा तामाखानीमा काम गर्ने मगरहरू विदेशबाट पाताहरू झिकाइन थालेपछि खानीबाट विस्थापित भए, लाहुरे बन्न थाले ।' खेतीपाती र खानीबाट हात धुनुपरेपछि लाहुर जान सक्ने मगरहरू लाहुरे भए । नसक्नेहरू ढाक्रे भए । पढ्ने, अक्षर चिन्ने अवसर न उनीहरूलाई दिइयो । न उनीहरूले हामीले पनि पढ्न पाउनुपर्छ भन्ने आवाज नै उठाउन सके ।

समयको गतिसँगै शैक्षिक अवसरहरू फराकिलो बन्दै जाँदा केही मगरहरूले पनि अक्षर चिन्ने मौका पाए । फलतः कोही राजनीतिमा आए कोही शिक्षण पेशामा गए । यस्तै दुर्लभ अवसर पाएका केही औँलामा गन्न सकिने मगरहरू पत्रकारिता पेशामा पनि आए । तर, त्यस्तो एकोहोरो बुझाइ भएको सामाजिक संरचनाबाट बल्लतल्ल केही महिला, केही जनजाति, केही दलितहरू फाट्टफुट्ट माथि उत्रिँदै छन् । र, उनीहरूलाई क्षमताका आधारमा होइन, दयाका पात्रका रूपमा चित्रित गरिँदै छ ।

**नेपाली मिडिया : एक जातको वर्चस्व !**

नेपाली मिडिया उद्योगको विकास भएको धेरै भएको छैन । विसं १९५५ मा प्रकाशन शुरू भएको सुधासागरलाई नेपालको पहिलो पत्रिका मानिन्छ । त्यसपछि विसं १९५८ वैशाख २४ गतेदेखि गोरखापत्रको प्रकाशन शुरू भयो । विसं २००७ सालमा प्रजातन्त्र नआउँदासम्म गोरखापत्र नेपाली पत्रिकाको पर्याय थियो । त्यसयता निजीस्तरबाट केही अखबर निकाल्ने प्रयत्न भए । तर, २०१७ सालमा राजा महेन्द्रले पञ्चायती व्यवस्था लागू गरेपछि फेरि पत्रकारिता राज्य नियन्त्रणमा गयो । २०४६ को राजनीतिक परिवर्तनपश्चात् जारी संविधानले प्रेस स्वतन्त्रताको संवैधानिक प्रत्याभूति गरेपछि नेपाली मिडियाले फस्टाउने अवसर पायो ।

त्यसयताको केही दशकमै नेपाली मिडिया युरिया हालेको फसलझैँ हर्लक्क बढेको छ । अहिले यहाँ अर्बौंको कारोबार हुन्छ । नेपाल पत्रकार महासंघको पछिल्लो आँकडाका आधारमा यस क्षेत्रमा करिब १० हजार पत्रकार क्रियाशील छन् । सूचना विभागबाट प्रेस पास पाउनेहरूको संख्या (करिब १२ हजार) अझै योभन्दा बढी छ । यसरी रफ्तारमा अघि बढ्ने क्रममा नेपाली पत्रकारिताले 'मिडिया : आवाजविहीनहरूको आवाज' भन्ने यसको विश्वव्यापी आदर्शलाई भने धेरै पछि छोडेको देखिन्छ । पत्रकारितामा समावेशीकरणको अध्ययनको सार प्रस्तुत गर्दै मार्टिन चौतारीका मिडिया अन्वेषक प्रत्यूष वन्त लेख्छन्– 'नेपाली मिडियामा महिला, जनजाति, मधेसी, दलितहरूको उपस्थिति उनीहरूको जनसंख्याको प्रतिशतको हाराहारीभन्दा निकै कम छ, नेपालीभाषी बाहुन, क्षेत्री पुरूषहरूको पकड नेपाली मिडियामा अति बलियो छ ।'

पत्रकारहरूको यो पंक्तिमा आदिवासी जनजाति पत्रकारहरूको स्थिति खोतल्दा भिन्नभिन्न तथ्यांक पाइन्छ । मार्टिन चौतारी, सामाजिक विकास तथा अनुसन्धान केन्द्रले २०५८ सालमा देशभरका ११४ पत्रिकामा गरेको अनुसन्धानबाट ३ सय १३ जनजाति पत्रकार रहेको निष्कर्ष निकालेको थियो जो त्यतिबेलाको कुल पत्रकार संख्याको १९ प्रतिशत थियो । केन्द्रले जनजाति र दलितको आफ्नै प्रकाशन बाहेकका १०४ पत्रिकामा सोही साल गरेको अनुसन्धानमा देशभरमा २ सय ३२ जना जनजाति पत्रकार रहेको पुष्टि भएको थियो, जो तत्कालीन पत्रकार संख्याको १४.९ प्रतिशत हो । आदिवासी जनजाति खोज अनुसन्धान पत्रकार समाजले २०६२ मा काठमाडौंका २८ दैनिक, १७० साप्ताहिक, ११ रेडियो र तीन रेडियो च्यानलमा गरेको अनुसन्धान अनुसार ती संस्थाहरूमा ५ सय ५६ जना जनजाति पत्रकार थिए जुन २८.५ प्रतिशत हिस्सा थियो ।

फ्रिडम फोरमले २०६४ मा काठमाडौंका आठ पत्रिका, पाँच रेडियो र तीन टिभी च्यानलमा गरेको अनुसन्धान अनुसार ४८ जना जनजाति पत्रकार क्रियाशील भेट्टाएको थियो जो कुल पत्रकार संख्याको १२.१ प्रतिशत मात्र थियो । आदिवासी जनजाति पत्रकार संघ (अनिज) का पूर्वअध्यक्ष मोहनसिंह लामाका अनुसार मूलधारका र वैकल्पिक दुवै किसिमका मिडियामा गरी अहिले देशभरमा आदिवासी जनजाति पत्रकारको संख्या करिब एक हजार हाराहारीमा छ । छापामा जातीय उपस्थितिलाई विश्लेषण गर्दै मिडिया अध्येता प्रत्यूष वन्त भन्छन्– 'समाजको बहुलता र विविधताको नेपाली मिडियाले प्रतिनिधित्व गर्न सकिरहेको छैन, यसले गर्दा नेपाली मिडियाको विश्वसनीयता र प्रजातान्त्रिक संरचनामा प्रश्नचिह्न उठाउने ठाउँ छ ।'

**मगर उपस्थिति : औंसीको रातमा जूनकीरी**

मिडियामा मगरहरूको उपस्थितिका बारेमा अहिलेसम्म कुनै औपचारिक अध्ययन अनुसन्धान भएको छैन । त्यसैले उनीहरूको प्रतिनिधित्वको बारेमा आधिकारिक आँकडा पनि छैन । मगर पत्रकारहरूको संस्था मगर आमसञ्चारकर्मी समाजको चार वर्षअघिको अनुमानित आँकडाअनुसार देशभरमा करिब १०० जना मगर पत्रकारहरू क्रियाशील रहेको बताइएको थियो । जसमध्ये करिब ३० प्रतिशत मूलधारमा र बाँकी दुईतिहाइ वैकल्पिक मिडियामा कार्यरत रहेको प्रक्षेपण गरिएको थियो । पछिल्लो समयमा पत्रकारितामा प्रवेश गर्ने लहर उर्लेको सन्दर्भमा मगरहरूको संख्या पनि उल्लेख्य रूपमा बढेको हुनुपर्छ । तर, मूलधारको मिडियामा भने अझै उपस्थिति फितलो नै छ ।

२०२९ सालमा राष्ट्रिय समाचार समिति (रासस)मा प्रवेश गरेका खिलध्वज थापा आफूलाई पहिलो मगर पत्रकार भएको दाबी गर्छन् । भन्छन्– 'मभन्दा अगाडि मगर पत्रकार भएको थाहा छैन ।' राससमा ३० वर्ष बिताउँदा उनी प्रधान सम्पादकसम्म भए । अहिले उनी पत्रकारिता अध्यापन र राजनीतिमा सक्रिय छन् । थापापछि २०३३ सालमा लोकदीप थापा पत्रकारितामा प्रवेश गरे । रत्नराज्यलक्ष्मी (आरआर) कलेजको पत्रकारिता विषयको पहिलो सत्रका विद्यार्थी थापा द राइजिङ नेपाल दैनिकको प्रधानसम्पादक र गोरखापत्र संस्थानको महाप्रबन्धकसम्म भए । अहिले उनी स्वतन्त्र पत्रकारिता (फ्रिलान्सिङ) र अनुसन्धानमा संलग्न छन् ।

हिमाल खबरपत्रिकामा ऋतुविचार स्तम्भमार्फत धेरै वर्षसम्म चोटिला व्यंग्य प्रहार गर्ने वसन्त थापा (ऋतुराज) पाक्षिक खबरपत्रिका बन्नुअघिको हिमाल द्वैमासिकका सम्पादक थिए । केही समय शिक्षक मासिकका सम्पादक/प्रकाशक रहेका थापा अहिले हिमाल क्तिाबका निर्देशक छन् । राष्ट्रिय समाचार समितिमार्फत केही समय पत्रकारितामा सक्रिय धर्मप्रसाद थापा (श्रीश) अहिले पत्रकारिता छाडेर नेपालगञ्जमा व्यापारमा व्यस्त छन् ।

नेपाल पत्रकार महासंघको उपसभापतिसमेत बनेकी थिइन् तत्कालीन सन्ध्याकालीन दैनिक नयाँमोर्चाकी सम्पादक राधा बुढाथोकी मगर । उनी आफूलाई दैनिक पत्रिकाको पहिलो महिला सम्पादक पनि ठान्छिन् । केही समय राजनीतिमा सक्रिय बुढाथोकी अहिले पत्रकारिताभन्दा व्यापारतिर बढी सक्रिय छिन् । अंग्रेजी भाषामा म्यागेजिनकारिताबाट उदाएका दीपक थापा सोसल साइन्सका अध्यापक, लेखक हुँदै पुनः हिमाल साउथ एसियामा सक्रिय छन् ।

पछिल्लो समयमा मूलधारको पत्रकारितामा प्रवेश गर्नेमध्ये उजिर मगर मात्र निरन्तर यस पेशामा सक्रिय छन् । कान्तिपुर दैनिकबाट मूलधारको पत्रकारितामा छिरेका उनी हाल नागरिक दैनिकमा आबद्ध छन् अनि हालसालै नेपाल पत्रकार महासंघको महासचिव चुनिएका छन् । छोटो समयमा हिमाल पाक्षिकबाट पत्रकारिताको मूलधारमा उल्लेख्य उचाइ नापेका जेबी पुन मगर अहिले हङकङमा इथ्निक भ्वाइस साप्ताहिक पत्रिका निकाल्छन् ।

सञ्चारमाध्यममा मगरहरूको उपस्थितिलाई उनीहरूको जातीय जनसंख्यासँग दाँजेर हेर्ने स्थिति बनिसकेको छैन । मूलधारका मिडियाहरूमा मगरहरूको उपस्थिति औंलामा गन्न सकिने छ । वैकल्पिक मिडियामा पनि मगरहरूको उपस्थिति कमजोर छ । मगरहरूको सञ्चारमाध्यममा लगानी पनि न्यून छ । सूचना विभागको तथ्यांकअनुसार पोखराबाट निस्कने लाङ्घाली मासिक मगर भाषाबाट प्रकाशन हुने सम्भवतः एक मात्र

दर्तावाल पत्रिका (२०६९को प्रतिवेदनसम्म) होला । भलै स्थानीयस्तरमा खुलेका एफएम रेडियोहरूले मगर पत्रकारहरूको संख्या बढाएका किन नहुन् ।

२०६८ को राष्ट्रिय जनगणनामा मगरहरूको संख्या र पत्रकारितामा मगरहरूको कुल संख्यालाई दाँज्ने हो भने उनीहरूको उपस्थिति एक प्रतिशतभन्दा कम्ती छ ।

**मिडिया किन आवश्यक ?**

सामान्य अर्थमा मिडिया भन्नाले रेडियो, टेलिभिजन, पत्रपत्रिका (हालसालमा अनलाइनसमेत) लाई बुझिन्छ । तर, मिडियाको समाजमा महत्व र अर्थ त्यसभन्दा धेरै व्यापक छ । मिडियालाई समाजमा सबैभन्दा छिटो परिवर्तन ल्याउने संवाहकका रूपमा चित्रित गरेको पाइन्छ । सरकारले कैयौँ वर्षमा गर्न नसकेको परिवर्तन मिडियाले केही दिनमै उलटपुलट गराइदिन्छ भन्ने बुझाइ छ । सर टम स्टपार्ड भन्छन्, 'मलाई अझै पनि विश्वास छ यदि तिम्रो लक्ष्य संसारलाई बदल्ने छ भने पत्रकारिता अल्पकालका लागि सबैभन्दा उपयोगी औजार हो ।'

मिडियाको यस आलोकमा एकपटक हाम्रो समाजलाई नियालौँ । जहाँ साक्षारता दर न्यून छ । मातृ मृत्युदर, शिशु मृत्युदर उच्च छ । उच्चशिक्षा आर्जन गर्नेहरूको संख्या नगण्य छ । सेना, प्रहरी, निजामति जतातत‌ै अधिकृत स्तरमा संख्या लगभग शून्य छ । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका उपस्थिति निमिट्यान्न छ । के हामीलाई यस्तो अवस्थाबाट उन्मुक्ति चाहिएको छैन ? के हामी यस्तो भयावह अवस्थाबाट परिवर्तन चाहँदैनौं ? रूपान्तरणमा मिडिया संवाहक बन्न सक्छ । किनभने, यसले जनमत बनाउँछ । चेतना फैलाउँछ । नयाँ कुरा गर्ने उत्प्रेरणा जगाउँछ ।

त्यत्रा १० हजार पत्रकार हुँदाहुँदै किन आवश्यक पर्‍यो मगर पत्रकारहरू भन्ने प्रश्न पनि उठ्न सक्छ । जसरी जुत्ताले कहाँनिर दुखायो भन्ने जुत्ता लगाउनेलाई जति अरूलाई थाहा हुँदैन त्यसरी नै मगर समुदायको समस्या र सवाल अरूलाई थाहा हुँदैन । अरूबाट उठाइने सवालहरू छिपछिपे र हल्काफुल्का मात्र हुन्छन् र निर्णायक घडीमा छोडिदिन्छन् । अर्को अर्थमा भन्ने हो भने अरूले मगरका बारेमा उठाउने आवाज स्यालले कुखुराको आवाज निकालेको जस्तो मात्र हुन्छ ।

मगरहरूले मूलधारको मिडियामा प्रवेश पाउनु त्यति सजिलो छैन । एकातिर शुद्धसँग नेपाली/अंग्रेजी लेख्न, बोल्न जानिँदैन, परिवार पाल्ने गरी कमाइ पनि हुँदैन, न बाबुबाजेले गरिआएको पेशा भन्दै बाह्र हात पर पञ्छिने प्रवृत्तिसित आफैभित्र पौँठेजोरी खेल्नुपरेको छ । परिवार, समाजले पनि पत्रकारितामा लाग्न चाहनेलाई कमाइ नहुने काममा लागेको भन्दै हतोत्साहित गर्ने गर्छन् ।

अर्कोतिर मिडियामा ब्राह्मण क्षेत्रीको यति ठूलो सिण्डिकेट छ कि त्यसलाई छिचोलेर आफूलाई सावित गर्नु महाभारत जित्नुसरह हुन्छ । परिवार, समाज र पत्रकारिता जगतकै सहयोग र प्रोत्साहन नभएसम्म पत्रकारितामा छिर्नु असम्भवप्रायः छ । अग्रज पत्रकार वसन्त थापा भन्छन्, – 'लङ्गडा र सद्दे मानिस एकैपटक दौडाएर खेलमा न्याय हुँदैन । त्यसैले सरकारी सञ्चारमाध्यममा आरक्षण एवम् निजी सञ्चारमाध्यममा जनजाति संस्थाहरूले जनजाति पत्रकार राख्न अनुरोध र दबाब दिनुपर्छ ।'

# संघीयताको प्रश्न
# मगरात स्वायत्त प्रदेश

**कुनै राजनीतिक पार्टीहरूले भौगोलिक संघीयतामा जोड दिएको देखिन्छ भने केही राजनीतिक दलहरूले उत्पिडन तथा पहिचानलाई प्रथामिक आधार मानी सामार्थ्यलाई सहायक आधार मानेर राज्यको पुनःसंरचना गर्ने विचार व्यक्त गरिरहेका छन् ।**

ऐतिहासिक जन आन्दोलन-०६२/६३ तथा तत्कालीन नेकपा माओवादीको नेतृत्वमा सम्पन्न जनयुद्धको सामु राजा ज्ञानेन्द्रको एकतन्त्रीय शासनले घुँडा टेकेसँगै विसं २०६४ चैत २८ गतेका दिन नेपाली जनताले संविधानसभाको निर्वाचनमा आफ्नो अमूल्य मतदान गरेका थिए । यस निर्वाचनको मुख्य कामका रूपमा नेपाल र नेपालीलाई नयाँ लोक्तान्त्रिक संविधानसँगै दीर्घकालीन शान्तिका लागि राज्यको पुनःसंरचना गर्नु थियो । यही मुख्य विषय वस्तुको सेरोघेरोमा यस संविधानसभाको बहस तथा छलफल केन्द्रित रहेको थियो । तर दुर्भाग्यवश अधिकांश विषयवस्तुमा सहमति हुँदाहुँदै पनि नयाँ संविधान नेपाली जनतालाई यस संविधानसभाले दिन सकेन । यसरी संविधानसभाबाट संविधान जारी हुन नसक्नुमा धेरै कारणमध्ये एक मुख्य कारण राज्यको पुनःसंरचनामा सहमति हुन नसक्नु पनि हो । प्रथम संविधानसभाले पहिचान र सामार्थ्यलाई मुख्य सैद्धान्तिक आधार मानेर राज्यलाई एकात्मक संरचनाबाट संघात्मक संरचनाको निर्माण गर्ने सहमति बारम्बार गरे तापनि यस सहमतिले मूर्त रूप पाउन सकेन । यसो हुनुमा नेपालमा विद्यमान केही राजनीतिक दलका केही नेताहरूको व्यक्तिगत स्वार्थले पनि असर पारेको देखिन्छ । अहिले विद्यमान संविधानसभामा पनि राज्य पुनसंःरचनाको बारेमा मतऐक्यता पाइँदैन ।

कुनै राजनीतिक पार्टीहरूले भौगोलिक संघीयतामा जोड दिएको देखिन्छ भने केही राजनीतिक दलहरूले उत्पिडन तथा पहिचानलाई प्रथामिक आधार मानी सामार्थ्यलाई सहायक आधार मानेर राज्यको पुनःसंरचना गर्ने विचार व्यक्त गरिरहेका छन् । यही अवस्थामा राज्य पुनःसंरचना र मगरात स्वायत्त प्रदेशको बारेमा मगर समुदायबाट सरकार, संविधानसभा, मगर समुदायको राजनीतिक मोर्चा तथा सामाजिक मोर्चाका नेतृत्वसँग गरिएको कुराकानीको सार अंश :

# राज्यको मूलधारमा मगरलगायत उत्पीडितको प्रतिनिधित्वका लागि मगरात आवश्यक



**ओनसरी घर्ती मगर, सभामुख व्यवस्थापिका संसद**
**पूर्वअध्यक्ष, मगरात राष्ट्रिय मुक्ति मोर्चा नेपाल**

संघीयताको कुरा गर्नुभन्दा अगाडि हामीले संघीयताको आवश्यक्ता किन आवश्यक छ भन्ने कुराको चर्चा गर्न आवश्यक छ । अहिलेसम्म विद्यमान एकात्मक राज्यले राज्यको मूलधारमा समावेश हुन नसकेका सबै पछाडि परेको र पारिएको वर्ग, समुदाय, क्षेत्र र लिङ्गको भावनालाई समेट्न सकेको छैन । त्यसैले, अहिलेको एकात्मक राज्य संरचनाको अन्त्य गर्नसम्म राज्यको मूलधारमा समावेश नभएका र राज्यले सौतेला व्यवहार गरिरहेको वर्ग, समुदाय, धर्म, लिंग, क्षेत्रको समानुपातिक सहभागितामूलक समावेशको सुनिश्चतताका लागि संघीयता चाहिएको हो । विद्यमान एकात्मक शासन व्यवस्थाले नै विभेदपूर्ण प्रतिनिधित्वलाई प्रोत्साहन गरिरहेको अवस्थामा संघीयता वर्षौंदेखि शासन सत्तामा हाली–मुहाली गर्दै आएका वर्ग, समुदाय, क्षेत्र तथा लिङ्गका लागि आवश्यक छैन । संघीयता वर्षौंदेखि उत्पीडनमा परेका वर्ग, समुदाय, क्षेत्र, तथा लिङ्गलाई अत्यावश्यक व्यवस्था हो । अहिले संघीयताको कुरा गरिरहँदा संघीयतासँग जोडिएको विषयवस्तु पहिचान हो । पहिचान र सामर्थ्यको आधारमा राज्यको पुनःसंरचना गर्ने सैद्धान्तिक सहमति भएको अवस्थामा पहिचानको विषयमा विभिन्न टिका टिप्पणी भइरहेका छन् । खासगरी पहिचानलाई जातिसँग मात्र जोडेर विश्लेषण गरेको पाइन्छ, जुन अपूर्ण छ । वास्तवमा पहिचान भनेको जाति, भाषा, संस्कृति, धर्म, क्षेत्र, लिङ्ग र परम्परागत थात थलो (भूगोल) जुन स्थानमा आफ्नै परम्परागत जीवन पद्धति रहेको हुन्छ, यी सबैको समष्टिगत रूप हो ।

अहिलेसम्म राज्यले व्यवस्थाको मूलधारमा सहभागी हुन नसकेका वर्ग, समुदाय, धर्म, क्षेत्र, लिङ्ग, भाषा, संस्कृति प्रतिनिधित्वलाई सुनिश्चत गर्न पहिचानसहितको संघीयता आवश्यक छ । यसरी पहिचानसहितको संघीयताको कुरा गरिरहँदा सामर्थ्यको पक्षलाई पनि विशेष ध्यान दिन सक्नुपर्छ । हाम्रो देशमा साझा सम्पत्तिका रूपमा रहेका प्राकृतिक सामाजिक, आर्थिक, औद्योगिक, स्रोतहरू जसले राज्य सञ्चालनमा विशेष महत्व राख्छ, त्यसको पनि समान रूपमा विभाजन गर्न आवश्यक छ । पहिचानसहितको संघीयतालाई विद्यमान सबै खालका विभेदहरूको अन्त्य गर्दै समतामूलक, सहभागितामूलक तथा समावेशी नेपाल निर्माणको अस्त्रका रूपमा परिभाषित गर्नु आवश्यक छ । यसका लागि राज्य तथा राजनीतिक दलहरू र अन्य संघसंस्थाहरूबीच आवश्यक अन्तरक्रिया गरी साझा धारणाको विकास गरी साझा अभियानका साथ अगाडि बढ्न आवश्यक छ । यसले मात्र संघीयतालाई मूर्त रूप दिन सक्छ । मगरात एक पहिचानको नमूना हो । ऐतिहासिक रूपमा मगरात भूगोल रहेको पुस्ट्याइँ गरिरहनुपर्ने विषय होइन । यसैले वर्ग, क्षेत्र, भाषा, संस्कृति, लिङ्ग, समुदायका आधारमा विद्यमान सबैखाले उत्पीडनको अन्त्य गरी समुन्नत नेपाल बनाउन मगरातसहितको संघीयता आजको आवश्यक्ता हो । यसरी पहिचानसहितको संघीयतामा मगरातको सुनिश्चित भएमा मात्र समग्र आदिवासी जनजाति दलित तथा मधेशीको अधिकार सुनिश्चित हुनेछ । यही अभियानमा मेरो सहभागिता रहनेछ ।

## मगरातसहितको संघीयता अपरिहार्य छ

**दलबहादुर राना मगर**
**अध्यक्ष, नेपाल लोक्तान्त्रिक मगर संघ**



मगर समुदाय र समग्र आदिवासी जनजातिको अधिकारलाई अब बन्ने संविधानमा सुनिश्चित गर्न सबै एकजुट हुनु आवश्यक छ । आदिवासी जनजातिको पहिचानलाई अधिकारमा स्थापित गर्न यस संविधानसभाबाट संविधान बन्नुपर्छ । त्यस संविधानमा आदिवासी जनजाति, महिला, मधेशी तथा सबै समुदायको अधिकार लेखिनुपर्छ । पहिचानवादीहरू कहिल्यै पनि हार खाँदैनन् । पहिचानवादीलाई हराउन जति नै षडयन्त्र गरे पनि त्यो व्यर्थ सावित हुनेछ । किनकि पहिचानको रक्षा गर्नु राज्यको र्त्तव्य हो । यो देशमा भूमिपुत्रका रूपमा रहँदै आएका आदिवासी जनजाति समुदायको आफ्नो भाषा, धर्म, संस्कृति र पहिचान छ, त्यो पहिचानलाई अधिकारमा स्थापित गर्न अब बन्ने संविधानले राज्यसत्तादेखि पछाडि परेका समुदायको आवाजलाई प्रतिबिम्बित गर्न सक्नुपर्छ । जातीय पहिचानविरूद्धको अभियान र आन्दोलनलाई हारको संज्ञा दिनेहरूले यो कुरा बुझ्नुपर्दछ कि यो अफवाह फैलाउनु भनेको सुपो ठटाएर हात्ती धपाउन खोज्नुजस्तै हो । आदिवासी जनजातिहरूले भनेजस्तै पहिचानसहितको संघीयता भइसकेको नभए पनि हाम्रो जित पक्का छ । तर, हामीले भनेजस्तै पहिचानसहितको संघीयता र मगरात सुनिश्चत गर्न आदिवासी जनजाति सभासद् एकढिक्का भएर लाग्नु आवश्यक छ । म सरकारमा रहेर मगरात स्वायत्त प्रदेशसहितको संघीय नेपाल निर्माणका लागि आवश्यक सक्दो भूमिकाको लागि सधैं तयार छु । सम्पूर्ण आदिवासी जनजाति, महिला तथा उत्पीडित समुदायको अधिकार सुनिश्चितसहित समृद्ध नेपाल निर्माणका लागि पहिचानसहितको संघीयता अपरिहार्य छ । नेपालको भूमिपुत्र मगर समुदायका लागि स्वायत्त मगरात अत्यावश्यक छ ।

## बहुपहिचानसहितको मगरात चाहिन्छ

**गणेश थापा मगर**
**अध्यक्ष, नेपाल राष्ट्रिय मगर संघ**



अहिलेको सन्दर्भमा राष्ट्रिय मगर संघका तर्फबाट भन्नुपर्दा सर्वप्रथम त संविधान बन्नुपर्छ । अब बन्ने संविधानमा सबै जात-जाति भाषा-भाषीको भावनालाई समेटिनुपर्छ । नेपालमा यसभन्दा पहिले धेरैपटक संविधानहरू आए । तर, आदिवासी जनजातिको आवाजलाई अहिलेसम्म समावेश गरिएको पाइँदैन । त्यस्तो संविधान फेरि पनि आउनुको कुनै तुक रहँदैन । अर्को कुरा आफ्नो अधिकारको कुरा गरिरहँदा हामीले अरूको अधिकारलाई पनि ख्याल गर्नुपर्छ । सबैको

अस्तित्वलाई समेटेर संविधान बनाउन एकल पहिचान नभएर बहुपहिचानसंहितको संघीयता राष्ट्रिय मगर संघले माग गरेको छ ।  मगरात भूमिमा रहेका मगर मात्र नभएर त्यहाँ बसोवास गर्ने सबै नेपालीको भावनालाई समेट्न बहुपहिचानसहितको मगरात भूमिको माग गरेका छौं । सबै समुदायको अस्तित्वलाई सम्मान गर्दै बहुपहिचान मगरातसहितको संघीयता हुनुपर्छ । हामी मगरात भूगोलमा रहेका सबै समुदायलाई बहुपहिचानसहितको मगरात चाहिन्छ ।

## ऐतिहासिक पहिचानसहितको मगरात हुनुपर्दछ

**बसन्त घर्ती मगर**
**अध्यक्ष, मगर राष्ट्रिय मुक्ति मोर्चा नेपाल**

दोस्रो संविधानको निर्वाचन पनि शासकवर्गको पहलमा गरिएको हो । उत्पीडनमा परेका जनताको भावनालाई समेट्न नसकेको हुनाले नेकपा माओवादीले यस संविधानसभाको चुनावलाई बहिष्कार गरेका हो । राष्ट्रिय सहमितिको आधारमा गोलमेच गरेर पहिचानसहितको सघीयता सुनिश्चित रहेको संविधान नबने त्यो संविधान नेपालका आदिवासी जनजाति, महिला, मधेशी तथा उत्पीडितहरूलाई मान्य हुनेछैन । पहिचान भनेको एकल र बहुल हुँदैन, बरू पहिचान भनेको ऐतिहासिक हुन्छ । मगरात भूगोलमा मगरहरू, तमुवान भूगोलमा तमुहरू, लिम्बूवानमा लिम्बू समुदाय भूमिपुत्र भएको हुँदा ती समुदायको सांस्कृतिक, भाषिक पहिचानअनुसार नै मगरात, तमुवान, लिम्बूवान राखिएको हो । तर, त्यहाँ उपभोग गर्ने सबै अधिकार सबै समुदायका लागि समान हुनेछन् । अधिकार एकल हुँदैन अधिकार सबैका लागि हुनेछ । नामकरण एकल पहिचानजस्तो देखिए पनि सबै अधिकार बाँडफाँट, शासन व्यवस्थामा प्रतिनिधित्व, राज्य संरचना सञ्चालन र स्रोतको प्रयोग बहुपहिचानकै हुनेछ । सबै जाति समुदायको सामावेश राज्य सत्तामा हुनेछ । नेपाली समाजको बनावटको ऐतिहासिक पृष्ठभूमि हेर्दा पनि कविला राज्यको संरचना देखिएको थियो । पहिचान नदीनाला पहाडले मागेको होइन । त्यहाँ बस्ने जनताले मागेको हो । पहिचान भनेको अधिकार र अस्तित्व हो । मगरात भनेको कुनै जाति विशेषको होइन, त्यो मगरको रगत पसिना बगेको थातथलो हो । त्यसैले जातीय पहीचानको आधारमा स्वायत्त प्रदेशहरूको नामकरण गर्दैमा देश विखण्डन हुँदैन । जनताको भावनालाई बुझ्नुपर्छ । उत्पीडनमा परेका जनताको अधिकारलाई स्थापित  गर्न राज्यसत्तामा बस्ने सत्ताधारीले बुझेर पनि बुझ पचाएका छन् ।

राज्यको विखण्डन हुन्छ भनेर संघीयतालाई खारेज गर्ने यो सत्ताधारीको चलखेल हो । अब संविधानसभामा जातीय पहिचानसहितको संविधान लेखिएन भने राज्यदेखि उत्तपीडनमा परेका जनजाति, दलित, महिलाको आवाजलाई संविधानमा लेखिने अवस्था देखिँदैन । उत्पीडनमा परेका जनताको अधिकार जनतालाई दिन यो संविधानसभा तयार देखिँदैन । यदि यस्तै हुँदै जाने हो भने दोस्रो संविधानसभाबाट पनि संविधान लेखिँदैन । यदि संविधान लेख्ने हो भने बृहत् राष्ट्रिय भेलाले मात्र सम्भव हुनेछ नत्र भने संविधान बन्ने छैन । मगर जाति जनसंख्याका आधारमा पनि ठूलो जाति भए पनि आफ्नो अधिकारको बारेमा सक्रिय नहुनु भनेको चेतनाको कमीले हो । तर, पछिल्लो समययता भने आफ्नो अधिकार आफ्नो पहिचान र इतिहासलाई बचाउन आन्दोलित भइरहेका छन् । मगरात मगर जातिले बनाएको इतिहास, सभ्यता र पहिचान भएको हुँदा पनि मगरात भूमिमा मगरको रगत पसिना र पहिचान रहेको हुँदा मगर समुदायले ऐतिहासिक पहिचानसहितको मगरात आवश्यक छ ।

## आत्मनिर्णयको अधिकारसहितको मगरात स्वायत्त प्रदेश

**महेन्द्र थापा मगर**
**अध्यक्ष, नेपाल मगर संघ**



नेपाल मगर संघ मगर समुदायको हकअधिकार प्राप्तिका लागि स्थापित जातीय, सामाजिक संस्था हो । पहिलो संविधानसभाको विघटनसँगै दोस्रो संविधानसभाको निर्वाचन भर्खरै सम्पन्न भएको छ । यो सबै नेपाली जनताको अधिकार सुनिश्चित गर्ने बेला हो । नेपाल मगर संघ सामाजिक संस्था भए पनि मगर समुदायको अधिकारका लागि राज्यलाई घचघचाउने काम गरिरहेको छ । विगतका दिनमा राज्यको नीति संरचनालाई गलत तरिकाले व्याख्या र प्रयोग हुँदै आएपछि राज्यको मूल प्रवाहदेखि मगर समुदायलगायत आदिवासी जनजाति उत्पीडित समुदाय, महिला र मधेशी समुदाय अहिले पनि अधिकारदेखि वञ्चित हुँदै आएका छन् ।

ती समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउन राजनीतिक, आर्थिक, सामाजिक, मुद्दालाई उठान गर्दै आइरहेको छ । अहिलेको सन्दर्भमा नेपाल मगर संघले पहिचानसहितको संघीयता र आत्मनिर्णयको अधिकारसहित स्वायत्त मगरात प्रदेशको माग गरेको छ । मगर समुदायको थातथलोका रूपमा परिचित भूगोलहरूलाई समेटेर  मगरात स्वायत्त प्रदेश र पहिचान सामर्थ्यका आधारमा अहिलेको एकात्मक संरचना अन्त्य गर्दै संघीय नेपाल निर्माण गर्नुपर्छ । त्यसैगरी कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका तथा राज्यको हरेक क्षेत्र तह र तप्कामा जातीय जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व र पहुँचको पनि व्यवस्था राज्य तहबाट नै हुनुपर्छ ।

## मगरात प्रदेश भएन भने हामी आन्दोलन गर्छौं

**कर्ण सुनारी मगर**
**अध्यक्ष, मगर हाङ परिषद्**

राष्ट्रिय जनमुक्ति पार्टीले पहिचानसहितको संघीयताको माग गरेको छ । तर, हाम्रो पार्टीले जातीय मात्र पहिचानको राज्य खोजेको होइन । हामीले सबैको पहिचान झील्कने भाषा, भूगोल, थातथलोका आधारमा राज्य पुनःसंरचना  खोजेको हो । पहिलो संविधानसभाबाट पनि जातीय, भूमि र भाषाका आधारमा संघीयताको खाका कोरिएको थियो । तर, पहिलो संविधानमा नेपाली जनता पहिचानसहितको संघीयताको पक्षमा हुँदाहुँदै पनि राज्यसत्तामा केन्द्रित सत्ताधारीले त्यसलाई असफल बनाएका थिए । पहिचानको विरोधीहरूले यस मुद्दाको अनर्थ लगाउँदै पहिचानसहितको संघीयतालाई बदनाम गराइरहेका छन् । यसले हामीले चाहेअनुसार संविधान बनाउन चाहँदैनन् भन्ने प्रस्ट छ । यस संविधानसभाबाट आगामी एक वर्षभित्र संविधान जारी गरी पहिचानसहितको संघीयतालाई संस्थागत गर्नुपर्छ । यसका लागि पहिचानवादी शक्तिहरूको

मोर्चा गठन गर्नु आवश्यक छ । यसरी मगरातसहितको पहिचानमा आधारित संघीयता सुनिश्चित गरी नयाँ संविधान जारी गर्नुपर्छ । यदि यस संविधानसभाबाट पहिचानसहितको संविधान जारी गर्न सकेन आन्दोलनको विकल्प हुनेछैन । आन्दोलनबाट नै मगरातसहितको संघीयता सुनिश्चित गर्नेछौं ।

## पहिचान एकल वा बहुल भन्ने हुँदैन

**हिमाल पुन मगर**



**संयोजक, संघीय मगर संघ**

संघीय समाजवादी पार्टीले यसको स्थापनाकालदेखि नै पहिचानसहितको संघीयताको पक्षमा जनमत तयार गर्दै विभिन्न अभियान गरिरहेको छ । नेपालको सन्र्दभमा भन्नुपर्दा नेपालको सामाजिक, धार्मिक, सांस्कृतिक विविधतालाई ध्यानमा राख्दै संघीय नेपाल निर्माण गर्नुपर्दछ । नेपालमा अन्य पार्टीले उठाएका विभिन्न सिद्धान्तहरूको वकालत गरे तापनि ती सिद्धान्त नेपालको सन्दर्भमा असफल भइसकेको अवस्थामा संघीय समाजवादी पार्टी गठन गरिएको हो । पहिचान भनेको एकल र बहुल हुँदैन । पहिचान कहिले पनि एकल हुँदैन । सबैको पहिचान आफ्नै खालको हुन्छ, त्यसलाई मान्यता दिनुपर्छ । राज्यदेखि पछाडि परेका जातिहरू शैक्षिक रूपमा पछाडि परेका हुनाले अहिले पनि राज्यसत्तामा पुग्न सकेको छैन । अहिले पनि एकल जातिको नै राज्यसत्तामा हाबी छ । जसले गर्दा अन्य पछाडि परेका जातिहरू ओझेलमा परेका छन् । संघीय समाजवादी मगर संघले राज्यदेखि पछाडि परेका जाति, समुदाय, लिङ्ग र अल्पसंख्यक सिमान्तकृतलाई राज्यको मूलधारमा समावेश गर्न सक्रिय भूमिका खेल्दै अगाडि बढेको छ ।

## मगरात मगर समुदायको पुर्ख्यौली भूमि हो



**गंगा खासु मगर**
**अध्यक्ष, नेपाल मगर महिला संघ**

मगरात मगर समुदायको इतिहाससँग जोडिएको पुर्ख्यौली भूमि हो । मगरात क्षेत्रबाट नै मगरको जातीय, सांस्कृतिक, राजनीतिक उत्पत्ति अभ्यास र विकास भएको हो । मगरात भन्ने विषय नयाँ, नौलो र भर्खर उत्पत्ति भएको विषय होइन । यो मगरात गोर्खाका राजा र पृथ्वीनारायण शाहले एकीकरण गर्नुभन्दा अघि पनि १२ मगरात र अठार मगरातका रूपमा परिचित थियो भने पछि नेपाल एकीकरणपछि पनि यो विद्यमान थियो । १४ अञ्चल ७५ जिल्लाको अवधारणा आउनुअगाडि मगरातमा १६ हजार प्यूठान, ६ हजार पर्वत, ६ हजार बाग्लुङ आदिबाट परिचित मगरात नै संविधानसभाको

निर्वाचनपछि त्यही मगरात प्रदेशको कुरा उठान भएको हो । नेपाल संघीय शासन व्यवस्थामा जानुपर्छ भन्ने हामी मगर महिलाको मुख्य माग हो । नेपालको माटो सुहाउँदो सबै जातजाति, महिला, दलित, अल्पसंख्यक समुदायको चाहना र भावनालाई वास्तविक रूपमा सम्बोधन गर्नु नै नयाँ नेपालको परिकल्पना हो । त्यसका लागि जातीय आधारमा समानुपातिक प्रतिनिधित्व, आत्मनिर्णयको अधिकार र जातीय क्षेत्रीय स्वशासनको आधारमा संघीय राज्यको संरचना निर्माण गर्नुपर्छ ।

मगरात स्वायत्त राज्यको चाहना र निमार्ण मगर महिलाको उठाउँदै आएको मुद्दा हो । राज्यले अहिलेसम्म कायम गरेको जातीय, भाषिक, धार्मिक, सांस्कृतिक लैंगिक, सामाजिक, आर्थिक, राजनीतिक विभेदहरूको अन्त्य गरी उनीहरूको हकहित र अधिकारलाई सुनिश्चित गर्न मगरात स्वायत्त राज्य आवश्यक छ । मगरको पहिचानको कुरा गर्दा भूगोल एउटा महत्वपूर्ण पक्ष हो । निश्चित सीमा जुन मगरको पसिना र रगतबाट नै सीमाङ्कन भएको हो । मगरातको बारेमा थुपै भ्रमहरू पनि नभएका होइनन् । मगरको प्राचीन भूमि, एतिहासित्का, जातीय सघनतामा स्थानीय स्तरसँग बृहत् छलफल आवश्यक रहने कुरा नेपाल मगर महिला संघको चौथो राष्ट्रिय महाधिवेशनले पारित गरेको बुँदामध्येको एक हो ।

राज्यले मगर महिलाहरूलाई जातीय जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व र नेतृत्वदायी भूमिका सुनिश्चित गरिनुपर्ने, मगर महिलालाई आत्मनिणर्यको अधिकारको व्यवस्था हुनुपर्ने, मगरले पुर्ख्यौलीदेखि भोगीचर्ची आएको भूमिमाथिको सामूहिक स्वामित्वलाई सरकारले मान्यता दिनुपर्ने, मगर महिलाहरूको राजनीतिक, आर्थिक, सामाजिक, भाषिक, सांस्कृतिक, शैक्षिक, रोजगारी, स्वास्थ्य आदिको क्षेत्रमा सरकारले विशेष व्यवस्थाको प्रावधान राख्नुपर्ने, मातृभाषामा कक्षा सञ्चालन गर्न पाउने व्यवस्था राखिनुपर्ने, मगर महिलाहरूको परम्परागत ज्ञान, सीपलाई संरक्षण र संवर्धनका राज्यले मौलिक अधिकारमा राखिनुपर्ने, मगर महिलाहरूको परम्परागत तथा प्रतिनिधिमूलक संस्थाको माध्यमबाट छनोट प्रक्रियाबमोजिम छानिएको प्रतिनिधि रहने व्यवस्था हुनुपर्नेजस्ता मगरका साझा मुद्दाहरूलाई सम्बोधनका लागि सहकार्य एवम् एक्ताको खाँचो एवम् आवश्यक्ता मगर महिलाले गरेको छ । यसका लागि चरणबद्ध आन्दोलनका प्रक्रिया हामीले तय गरेका छौं ।

यसका लागि नेपाल मगर महिला संघको विधानमा रहेको उद्देश्यअनुरूप मगर महिलाको राजनीतिक सशक्तीकरणको बुँदा टेकेर हाम्रो तीनवर्ष् कार्ययोजना रणनीतिलाई विभिन्न प्रक्रियागत क्रियाकलापमा परिवर्तन गरी कार्यक्रम गरिरहेका छौं । सबैभन्दा पहिले मगर महिला संघको चौथो राष्ट्रिय महाधिवेशनले निर्णय गरेको घोषणापत्र राजनीतिक दलहरूमा बुझाउने काम भयो । चुनावका मिति तय भएपछि मगरात राज्य आवश्यक्ता र संविधानसभामा मगर महिला पठाउन र जिताउनतर्फ संस्थागत निर्णय गरेरै लाग्यौं । म आफै चुनावको समयमा मगरात क्षेत्रमा र मगर महिलाले उम्मेदवार दिनुभएको स्थानमा गएँ । अब मगर सभासद्लाई राखेर संघीयता र मगरातका बारेमा अन्तरक्रिया कार्यक्रम गर्दै छौं । यसरी अब सडक र सदन दुवैबाट मगरात र मगर महिलाको पहिचानका लागि पहल गर्दै छौं । मगरात स्वायत्त राज्य स्थापना चुनौतीपूर्ण रहेको छ । यसका लागि मगरको संघसंस्था, भ्रातृसंगठन आबद्ध संस्थाहरूमा सहकार्य र एक्ताको खाँचो आवश्यक रहन्छ । सबै पक्षहरूलाई समेटेर सशक्त जनदबाब र आन्दोलनको आवश्यक्ता हाम्रो योजनामा रहेको छ ।

*(कुराकानीमा आधारित)*
*प्रस्तुति : नरेन्द्र थापा मगर*

# हाम्रो देश हाम्रो भेष
# मगर जाति



मगर जाति नेपालको रैथाने अर्थात् आदिवासी जनजाति हो । यद्यपि इतिहासकारहरूले मगरलाई हालको चीनको स्वशासित क्षेत्र तिब्बत र उता मंगोलियाबाट आएको उल्लेख गर्ने गरेका छन् । विशेषगरी काठमाडौं खाल्डो काटेर धादिङउता लागेपछि पश्चिम नेपालका तनहुँ, गोर्खा, पर्वत, म्याग्दी, बाग्लुङ, पाल्पा, स्याङ्जा, गुल्मी, पाल्पा, रूकुमलगायत मगर जनसंख्या अधिक रहेका जिल्लाका हजारौं गाउँबस्ती, डाँडापाखा, खोलानालाका नाम मगर भाषाबाट नामकरण गरिएबाट ती स्थानमा पहिलोपल्ट खनीखोस्री निर्जन भूमिलाई गुल्जार बनाउने यही मगर जातिका पुर्खा थिए भन्ने अनुमान छ । मगरभाषामा पानीलाई 'डी' भनिन्छ । तनहुँ जिल्लामा पर्ने मर्स्याङ्दी नदी, गुल्मीको रिडी, पाल्पाको दाम्दी, गोर्खाको दरौंदी खोला आदि मगर भाषाबाट नामकरण भएका केही उदाहरण मात्र हुन् ।

**जनसंख्या**

मगर जाति जनसंख्याको हिसाबले नेपालको सबैभन्दा ठूलो आदिवासी जनजाति हो । सन् २००१ को जनगणनाअनुसार नेपालको कुल जनसंख्या २ करोड २७ लाख ३६ हजार ९ सय ३४ मध्ये ७.१४ प्रतिशत अर्थात् १६ लाख २२ हजार ४ सय २१ मगर जातिको संख्या रहेको देखिन्छ । मगर नेपालका ७५ जिल्लामा नै बसोवास रहेको जाति पनि हो ।

**भाषा**

मगरहरूको आफ्नै मौलिक मातृभाषा 'मगरभाषा' छ । मगरहरू तीन फरक भाषिका बोल्दछन्, ती हुन्- बाह्र मगराती मगर भाषा (तनहुँ, गोर्खा, पर्वत, पाल्पा, स्याङ्जा आदि, अठार मगरात (खाम) मगरभाषा (रोल्पा, रूकुम, म्याग्दी, बाग्लुङ आदि) र कर्णालीको कैकेइ मगरभाषा । मगरहरूको आफ्नै आक्खा लिपि –आक्खारिका) छ । सन् २००१ को जनगणनाअनुसार १६ लाख २२ हजार ४ सय २१ मगर जनसंख्यामध्ये ७ लाख ७० हजार १ सय १६ जनाले मगरभाषा बोल्ने तथ्याङ्कले देखाएको छ । भाषिक जनसंख्याका हिसाबले मातृभाषा बोल्ने संख्यामा खस नेपाली, मैथिली, भाजपुरी, थारू, तामाङ, डोटेली र नेवारपछि मगरभाषीको आउँछ ।

**संस्कृति र परम्परा**

मगर जातिको संस्कृति र परम्परा विविधतापूर्ण रहेको छ । मगरहरूले माघे संक्रान्ति धुमधामसँग मनाउँछन् । यो नेपाल सरकारबाट मान्यताप्राप्त मगरको राष्ट्रिय चाड पनि हो । यसका अलावा स्थानीयस्तरमा तिहार (त्यौहार–भाइटीका), यौनाट, कुलान–पूजा, बाजेबराजु पूजा, साउने संक्रान्ति, वैशाख पूर्णिमा, भुम्या पर्व, भेजा, पन्ध्र पौषजस्ता विभिन्न चाडबाड मनाइन्छ । तिहारका दिन बली राजाले पठाएको भन्दै देउसी–भैलो खेल्ने र आ–आफ्ना दिदी–बहिनीबाट टीका थाप्ने गर्दछन् ।

**लोकसंगीत र लोकभाका**

पश्चिमाञ्चल नेपालका मगरहरूको लोकसंगीत र लोकभाका झ्याउरे, सालैजो, जुवारी (दोहोरी), करूवा (कौरा), चुट्का, टप्पा, हुर्रा, रसिया (असारे गीत) जस्ता लोकगीत र लोकनृत्य नेपाली लोकसंस्कृतिको अभिन्न अंगका रूपमा विकास भएकोमा मगरहरूले गौरव गर्नुपर्दछ । मादल र डम्फु (खैजडी) को तालमा रौसिने मगरहरूको लोकगाथाले नेपाली सांगीतिक क्षेत्र रंग्याएको छ । मगरको सोरठी (ठुल्नचरी, मारूनी नाच), घाँटु, जीबै मामा आदि मौलिक सांगीतिक पहिचान हुन् ।




**भेषभुषा**

परम्परागत रूपमा पश्चिमाञ्चल नेपालका मगर महिलाले नाकमा बुलाकी, फूली, घुच्चुकमा जूनकाँटा, कानमा ढुंग्री, मडरी, निधारमा श्रीबन्दी, गलामा हमेल र कम्पनी माला, नाडीमा चाँदीको रइयाँ, छिटको गुन्यु, कम्मरमा पहेँलो पटुका र टेंकी, काँधमा मखमलको घलेक र फूलबुट्टे मलमल अनि ढाकाको पछ्यौरा पहिरिन्छन् । उता मगर पुरूषहरूले परम्परागत रूपमा भोटो, कछाड, इस्टकोट, गादा, टोपी र कम्मरमा पटुका पहिरिन्छन् । परम्परागत खाम मगर पुरूष पहिरनमा पुवा र भाङ्ग्रोबाट बनेको सुर (गादा), पटुका, भेंडाको ऊनबाट बनाइएको फुटु (काम्लो) कोट र छालाको सोलमा पुवाको धागोले उनेर बनाएको जुत्ता, कानमा चाँदीको बिरगुली र नाडीमा चाँदीकै बाला पहिरिन्छन् । त्यसैगरी, खाम मगर महिला पहिरनमा पुवा, भाङ्ग्राबाट बनेको बुली (बाङ्ग्रा)को गुन्यु, गादा, कानमा चेप्टे सुन, मारूली, नाकमा फुली, बुलाकी, नथ्या (नत्थी), हातमा चाँदीको बाला र गलामा पुरानो मुद्रा रूपैयाँ उनेर माला बनाई लगाइन्छ ।

**थर-उपथर**

मगर जातिका मुख्य गरी ७ थर छन् । थापा, राना, आले, पुन, घर्ती, बुढा (बुढाथोकी) र रोका । तिनका झन्डै १ हजार ५ सय उपथर हुन्छन् । मगरका एउटै उपथरबीच वंशज (दाजुभाइ)को नाता जोडिन्छ भने मूल थरभित्रकै फरक उपथरहरूबीच बिहेवारी चल्छ । मगर जातिमा मामाचेली फुपूचेलाबीच बिहेवारी हुने चलन छ ।

*शब्दः प्रथा मगर*

*साभारः मेरो नेपाल मासिक, वर्ष १, अंक ३*

# तेरिया मगर



बुटवल र न्यूयोर्क । भारतीय टेलिभिजन लियालिटी शो डान्स इन्डिया डान्स (DID) को लिटल मास्टर नृत्य प्रतियोगितामा आफ्नो मनमोहक नृत्य गरेर नेपाली छोरी ११ तेरिया मगरले भारतका ४० हजार प्रतिस्पर्धीलाई उछिन्दै डान्स इन्डिया डान्स लिटल मास्टर उपाधि जित्न सफल भएकी छिन् । यो जितसम्म आइपुग्दा उनले सम्पूर्ण नेपालीलाई शिर्फ "हामी नेपाली" एक्ताको सूत्रमा बाँध्न सफल भएकी छिन् भने नेपाल र नेपालीको नाम विश्वभर चम्काउन सफल भएकी छिन् ।

जुन २१ तारिख बेलुकी जि टिभीको उक्त लियालिटी शोमा तेरियालाई विजयी घोषित गर्नुअघि जि टिभीले तेरियाको बुवा विजय फौजा मगरलाई दुबईबाट चार्टर गरेर ल्याएर मन्चमा तेरियालाई आँखा चिम्म गर्न लगाएर बक्स खोलेर उपहारका रूपमा प्रस्तुत गरेको थियो । दुई वर्षदेखि आफ्नो बुवालाई नदेखेकी तेरियाका लागि त्योभन्दा खुशीको क्षण अरू के हुन्थ्यो र ? तेरियाले आश्चर्य र अत्यन्त हर्सित हुँदै आफ्नो बुवालाई अंकमाल र चुम्बन गर्न पुगेकी थिइन् भने उनका बुबाले पनि हर्षविभोर हुँदै रूँदै छोरी तेरियालाई अंकमाल र म्वाइ खाएका थिए । मञ्चबाट

कार्यक्रम सन्चालकले दर्शक दीर्घामा खुशीको आल्लादमा डुबिरहेकी तेरियाकी आमा अनिता फौजा मगरलाई मन्चमा डाकेपछि बाबु–आमा र छोरीको सुखद मिलन हुन पुगेको थियो । यसअघि टप फाइभ भएपछि उनको के त्यस्तो एउटा चाहना छ भन्ने सोधिएको प्रश्नमा तेरियाले रूँदै दुई वर्षदेखि भेट हुन नसकेको आफ्नो बुवालाई भेट्ने उत्कट चाहना भएको बताएकी थिइन् । उक्त बालसुलभ इच्छा जि टिभीले पूरा गरिदिएको छ । तेरिया मगरले ११ वर्षदेखि १४ वर्ष उमेरबीचका झन्डै ४० हजार प्रतिस्पर्धी मुख्यतः भारतीय बालबालिकाहरूलाई आफ्नो मनमोहक नृत्यद्वारा उछिन्दै डिआइडी लिटल मास्टर उपाधि जित्न सफल भएकी हुन् । मुम्बईमा भएका तीनओटा अडिसन, भारतको राजधानी नयाँ दिल्लीमा भएको टेलिभिजन अडिसन, कोरियोग्राफर र मेगा राउण्ड हुँदै उत्कृष्ट १६, उत्कृष्ट १०, उत्कृष्ट ५ सम्म नम्बर एकमा जित्दै तेरिया अन्ततः यो बहुचर्चित उपाधिको विजयी बनेकी हुन् । उनले यो उपाधिसँगै १० लाख भारतीय रूपैयाँसहित अन्य थुप्रै पुरस्कारहरू प्राप्त गर्नेछिन् । जि टिभीले यसअघि तेरिया उत्कृष्ट ५ जनामा चुनिन सफल भएपछि तेरिया र उनको आमासँग गत जुन ५ तारिख जिटिभीका २ जना क्यामेरा मेन र १ जना नृत्य कोरियोग्राफर साथ लगाएर मुम्बईबाट काठमाडौं–भैरहवा, बुटवल हुँदै तेरियाको गाउँ रूपन्देहीकै रूद्रपुरसम्म 'फलो अप' गरेको थियो ।

**को हुन् यी बालिका ?**

तेरिया मगर सन् २०१२ मा काठमाडौंमा स्कूल वेल्फिल्ड्स काराभानद्वारा आयोजित एक लाख रूपैंयाँ नगद पुरस्कारको 'मेघा डान्स कन्टेस्ट' (१० वर्ष मुनिका) प्रतियोगितामा प्रथम भएकी प्रतिभाशाली नेपाली बालिका हुन् । उनी हरैयास्थित एक्स आर्मी बोर्डिङ स्कूलकी कक्षा ५ की विद्यार्थी हुन् । काठमाडौं विश्वविद्यालयका प्राध्यापक कवि तथा मूर्तिकार भुवन थापा मगर बहुवीका अनुसार उनका बुवा विजय फौजा मगर अहिले दुबईमा कार्यरत छन् भने उनकी आमा अनिता फौजा मगर अहिले तेरियालाई लिएर मुम्बईमा रहेकी छिन् । तेरियाका बाजे कृष्णबहादुर फौजा मगर भारतीय गोर्खाली सेना ११ गोर्खा राइफल्सका अनरेरी नाइक सुवेदार हुन् भने उनका बाजे रूद्रबहादुर फौजा मगर परिचित समाजसेवी हुन् ।

**भारतको आधुनिक इतिहासमा नेपालीको देन**

भारतको आधुनिक इतिहास प्रशान्त र तेरियाजस्ता प्रतिभाशाली नेपाली र नेपाली मूलका भारतीयहरूको नाम नलिने हो भने पूरा हुन सक्दैन । तपाईं हामी कतिलाई थाहा छ कि भारतको राष्ट्रगान जनगण मनको संगीतका सर्जक नेपाली मूलका सुपुत्र क्याप्टेन रामसिंह ठाकुर थिए भन्ने ?

**म भक्त छु आफ्नो जाति (नेपाली) को, मेरो बिन्ती फालाफाल नगर**
**चोट लागेर दुखेको यो दिललाई, नून छरी अझ बेहाल नगर**
**जाति धर्म बुझें जहिलेदेखि, जाति प्रेममा जोगी भएको छु**
**म अलख जगाउँदै डुल्दै छु, मलाई भिक्षु भनी अपगाल नगर**
***–मास्टर मित्रसेन***

माथि उद्धरित गरिएको गीतले दिएको हामी नेपाली सन्देशको संवाहक–सर्जक १९औं शताब्दीका बहुचर्चित लोकगायक एवम् गीतकार मास्टर मित्रसेन थापा मगर (१८९५–१९४६) नेपाली लोकगीतका पहिलो सर्जक थिए, जो भारतको हिमाञ्चल प्रदेशको धरमशालामा




जनमिएका थिए । उनको उबेलाको लोकगीत-संगीतले पहिलोपटक नेपालका नेपाली, भारत, वर्मा र विश्वभरका नेपालीलाई एक सूत्रमा बाँध्न सफल भएको थियो । ब्रिटिश साम्राज्यबाट मुक्तिका लागि भएको भारतको स्वतन्त्रताको लडाइँमा हजारौं नेपाली र नेपाली मूलका भारतीय नेपालीहरूले आफ्नो प्राणको बाजी लगाएर लडेका थिए । नेपाली मुलका मेजर दुर्गा मल्ललाई सन् १९४४ को अगस्ट २४ तारिख इन्डिया गेट नजिकै मारिएको थियो भने क्याप्टेन दलबहादुर थापालाई दिल्लीको लाल किल्ला नजिकै सन् १९४५ को मे ३ तारिख मारिएको थियो । उसो त सन् १९३० मा महात्मा गान्धीले ब्रिटिश राजको विरूद्ध प्रसिद्ध नामक सत्याग्रह (साल्ट मार्च) शुरू गर्दा ७८ जना यात्रीहरूमध्ये दुई जना नेपालीहरू थिए- महावीर गिरी र खरगबहादुर सिंह गिरी । त्यति मात्र कहाँ हो र, २५ सय वर्ष अघि शान्तिका अग्रदूत नेपालकै महामानव गौतम बुद्धले भारतको बोधगयामा बोधी ज्ञान (इन्लाइटन्मेन्ट) प्राप्त गरेका थिए र आफ्नो विश्व शान्तिको पहिलो ज्ञान भारतीय अनुयायीहरूबीच बाँडेका थिए । भारतीयहरू हरेक साँझ आफ्नो घरमा निश्चिन्त सुत्न सक्नुको पछाडि अहिले पनि हाम्रा हजारौं गोर्खाली सेनाहरू कार्गिल र कश्मिरमा भारतीय सीमा र सार्वभौमताको रक्षार्थ अहोरात्र पहरेदारी गरिरहेका कारण हो भन्दा अतियुक्त हुनेछैन । हो, अब प्रशान्त र तेरियाहरूहरूले फेरि आधुनिक भारतको इतिहास रचेका छन्, रच्न गइरहेका छन् । उनीहरूले फेरि भारतीय इतिहासमा नेपालीको एउटा अर्को सुनौलो खाता खोल्नेछन् ।

*प्रदीप थापा मगर/नुमा राहाडी मगर*

*साभारः www.usnepalonline.com*

सन् २०११ प्रकाशित
लेख/रचना



स्मीता मगर

# मगरहरूको राष्ट्रिय पर्ब माघे संक्रान्ति

जन्मथलो रूकुमको झुम्लाबाङमा माघे संक्रान्ति मनाउन नपाएको झन्डै १५ वर्ष नाघिसकेछ। तर बाल्यकालमा दाजुहरूबाट बिहान-बिहानै 'निस्रो'ले पुजिएको र संगिनीहरूसँग 'माघ खान' बर्खे गोठ चहारेको कसरी बिर्सनु ! त्यो भेगमा दिदीबहिनीलाई पूजा गर्ने पर्वको रूपमा धुमधामकासाथ मनाइने माघे संक्रान्तिको सम्झना मानसपाटलमा नमेटिने गरी गढेको छ। दशैं तिहार सुरू हुनुअघि काठमाडौं उपत्यकामा चङ्गा उडेझैं पुस लागेदेखि गाउँका बालकहरू गहुँ-जौ बाली नै मासिने गरि बारीमा धनुकाँढ खेल्छन्। त्यो केटाहरूको जमातमा त्यति मिसिन नसकेको भएपनि दाईहरूकोपछि लाग्दा मैले पनि बाली मास्न रोक्न सकेको थिइन। आमाले ढिकीमा धान कुटेको र बाबाले संखे-तरूल, सक्खरखन्ड र घर-तरूल खनिरहेको देख्दा धनुकाँढबाट एक महिनाअघि नै सुरू भइसकेको पर्वको उत्साहले पुस मसान्तमा थप रोमान्चित पार्थ्यो। त्यो दिन वन तरूलबिना दिदीबहिनीलाई पूजा गर्न नमिल्ने मान्यता छ। त्यसैले मैले ओछ्यान नछाड्दै दाईहरू वनतरूल खोज्न जंगलतिर लागिसकेका हुन्थे। अबेर वनतरूल लिएर फर्केका दाईहरू रातभर तरूल पकाउनेदेखि पुरी बनाउने र मिष्ठान्न भोजन बनाउनमा व्यस्त हुन्थे।

माघे संक्रान्तिको दिन बिहानै दाजुभाइले नुहाएर खाली पेटमा कुल-कुलान र पुर्खालाई पूजा गरेर घरका दिदीबहिनीलाई 'निस्रो' ले पुज्ने गर्छन्। पूजा गर्दै थालमा अलिकति चामलकासाथ विभिन्न तरूल, पुरी, मिठाई आदि खानेकुरा र दक्षिणा राखेर दिने चलनलाई 'निस्रो' भनिन्छ। आआफ्ना घरका दिदीबहिनीलाई पुजेपछि वंशजकासाथै विवाह गरेर छिमेकी गाउँ-ठाउँमा पुगेका दिदीबहिनीलाई 'निस्रो' बाँड्दै दाजुभाइ घर-घरमा पुग्छन्। पर्वको पहिलो दिन पुजिनै व्यस्त

भएका दिदीबहिनीका लागि दोस्रो दिन मस्ती गर्नमा बित्छ । यो दिन युवतीहरू 'माघ खान' वनभोज जस्तै समूह-समूहमा बाँडिएर गाउँभन्दा अलि टाढा जंगलनजिक रहेका बर्खे गोठतिर लाग्छन् । दाजुभाइले निम्रोमा टक्र्याएको चामल, तरूल र विभिन्न खानेकुरा बोकेका उनीहरू साथमा खाना पकाउने भाडाकुँडा पनि लान्छन् । विभिन्न खेल्न खेल्दै नाँच्दै-गाउँदै र मीठा-मीठा खानेकुरा पकाएर खान्छन् । निम्रोमा आएको खानेकुरा र चामल त्यहीँ दिन सिध्याउने चलन भएकाले उनीहरू दिनभरिमा ५/६ पटकसम्म भातको विभिन्न परिकार बनाएर खान्छन् ।

गाउँमा धान नहुनेहरू भएर पनि होला चामलको भात 'चिज' हुन्छ । त्यसैले त्यो दिन युवतीहरू मिच्छेत (अमन) लाग्ने गरी भातबाट बनेका परिकारको स्वाद लिन्छन् । कहिले काही घरबाट धनुकाँढ खेल्ने भनी घरबाट निस्केका साथीभाइ खेल्दै माघ खान गएका युवतीहरू कहाँ पुग्छन् । पकाएको खाना खाईदै थप रमाइलो र ठट्टा पनि गर्छन् । दिन छिप्पिदै गएपछि माघ खान गएका युवतीहरू गाउँको चौतारामा भेला भएर 'होम्पई' नाँचमा नाँच्छन् । 'होम्पई' परम्परागत जातीय नृत्य डोकोलाई सारी-चोलो लगाइदिएर पोते, तिलहरी र चुरालगगायतका गहनाले सजाइन्छ । काठमा बनाइएको खेलौनाको टाउको र हातहरू सो सजाइएको डोकोमा छिराइन्छ । होम्पई नाँच्दा केटी डोकोभित्र रहेर टाउको हातहरू हल्लाउँदै जिस्कैँदै फन्फनी घुमेर नाँच्छन् । जुनसुकै उमेरका मगर पनि यो नृत्य र मेला हेर्न गाउँको चौतारीमा भैला हुन्छन् । कसैले पिङ खेल्छन्, कसैले नाँच हेर्छन् भने कोही दोहोरी गाएर मस्ती गर्छन् । युवतीहरू होम्पई नाँचिसकेपछि युवा र बुढापाकाको 'पैसार/पैचारू' नाँच सुरू हुन्छ । यो नाँच गोलो आकार बनाएर झिली, मादल, पैजन, छिनछिनेजस्ता विविध बाजागाजाको धुनमा नाँच्ने गरिन्छ । युवा सिकारूहरूले नाइकेलाई पछ्याउँदै पैचारूको बाइस चाला नाँचको प्रकार नाँचिरहेका हुन्छन् । त्यसको बीचबीचमा नृत्यको तालसँगै स्वरको लय मिलाउँदै उत्साहित पार्ने पनि गरिन्छ ।

माघे संक्रान्तिको अन्तिम दिन गाउँभरिका पुरूष भेला भएर 'तारो हान्ने' गर्छन् । विभिन्न स्थानमा धनुषकाँढले तारो हान्ने गरे पनि झुम्लाबाङ र वरिपरिका गाउँमा काठको फल्याकमा अंगारले लगाएको गोलो चिन्ह लगाएर बन्दुकको निशाना बनाइन्छ । पर्वको रमझममा हल्लिदै निशाना ताकेकाहरूमध्ये जसले गोलो चिन्हमा लगाउन सक्छ त्यसैको टाउकोमा तितेपाती लगाई सम्मानसाथ काँधमा बोकेर गाउँ घुमाउने चल्न छ । निशानेबाजीका विजेतालाई तरूलकासाथै विभिन्न खानेकुरा र रक्सी खुवाइन्छ । यता साँझ परेपछि स-साना केटाकेटी जम्मा भएर घरघरमा गई 'बासी आन्द्रा पाइ कि नपाई' भन्दै सोध्ने गर्छन् । उनीहरूलाई पर्वमा बचेखुचेका खानेकुरा दिइन्छ । यसरी मगर जातिको बाहुल्यता रहेको गाउँ झुम्लाबाङमा 'माघे संक्रान्ति' तीन दिनसम्म रमाइलो गर्दै मनाइन्छ । त्यसमा गाउँमा बसोबास गर्ने गुरूङ, दलित, नेवार, ठकुरी र क्षेत्री पनि हर्षोल्लासपूर्वक रम्ने गर्छन् । चेलीबेटीले तिहारमा दाजुभाइलाई पूजा गरेझैं माघे संक्रान्तिमा चेलीबेटीलाई पुज्ने यस प्रथाले मगर समुदायमा ठूलो साँस्कृतिक र सामाजिक महत्व बोकेको छ । देशभर छरिएर बसेका मगर समुदाय आफैंमा विविध सांस्कृतिक पृष्ठभूमि भएको जाति हो । भौगोलिकतानुसार भाषा, कला, संस्कृति र परम्परामा देखिएको विविधताझैं माघे संक्रान्ति मनाउने तरिकामा पनि केही भिन्नता पाइन्छ नै । तर जति दिन मनाए पनि यसलाई पूर्वदेखि पश्चिमका सबै भेगमा मगरहरूले चेलीबेटी पुज्ने र पित्री पूजा गर्ने पर्वको रूपमा मान्छन् ।

यसरी सबै ठाउँका मगरले मान्ने भएको कारण पनि मगरहरूले संयुक्त रूपमा 'माघे संक्रान्ति' लाई राष्ट्रिय चाड घोषणा गर्न माग गरेका थिए । त्यहीँ बमोजिम दुई वर्षअघि नेपाल सरकारले थारू जातिको 'माघी' झैँ मगरको 'माघे संक्रान्ति' राष्ट्रिय पर्व घोषणा गरेको

थियो । यो पर्व मनाउने परम्पराले मगर जाति सांस्कृतिक रूपमा सम्पन्न भएको पुष्टि गर्दछ । गाउँ–गाउँमा धुमधामका साथ मनाइने माघे संक्रान्ति अहिले सहरमा पनि मजाले जम्न थालेको छ । हरेक वर्ष खुलामञ्चमा जम्मा भएर नाँचगान गर्दै रमाइलो मान्ने राजधानीबासी मगर समुदायमा परम्पराको रूप लिइसकेको छ । गाउँबाट सहर मात्र कहाँ छिरेको हो र ! जहाँ मगर जाति पुगेका छन् त्यहाँ माघे संक्रान्ति पक्कै पनि पुगेकै पाइन्छ । एसियाली व्यापारको केन्द्र हङकङ होस् वा कोरियाली प्रायद्वीप, अमेरिकाको विभिन्न राज्य वा बेलायती सामाज्य । अनि रेगिस्तानको मरूभूमि चहार्दै खाडी मुलुक पुगेका मगर माघे संक्रान्तिमा व्यस्त र मस्त हुन कहिल्यै पछि पर्दैनन् ।

जुनसुकै शैलीमा होस्, सुदूर पूर्व इलामका मगर गाउँ हुन् वा राप्तीका रूकुम, रोल्पाका बाक्ला मगर बस्तीहरू माघे संक्रान्ति उल्लासमय हुने गर्दछ । तनहुँ, पाल्पा, स्याङ्जा, गुल्मी, बाग्लुङ, म्याग्दीलगायतका जिल्लाका मगरहरूको माघे संक्रान्ति मनाउने मेसो पनि उत्तिकै रोमान्चक छ । फरक ठाउँमा बस्ने, भिन्न शैलीमा बाँच्ने र प्रविधिको पहुँचसम्म पुगेका मगर हरूको एकता माघे संक्रान्तिमा देखिने गर्छ । देश–विदेश पुगेका मगर समेत माघे संक्रान्तिको रोमाञ्चित पुराना दिनहरू भुल्न सक्दैनन् । त्यसैले पनि माघे संक्रान्ति जातीय पहिचान दिने राष्ट्रिय चाड हो जसले गाउँदेखि शहरसम्मका मगर र मगर समुदायलाई सांस्कृतिक रूपमा जोड्ने गर्छ ।

*(लेखिका सन् २०११ प्रकाशित 'याँभू'का प्रधान सम्पादक तथा*
*कान्तिपुर दैनिकका पत्रकार हुन् ।)*



भोजविक्रम बुढा मगर

# युवा र राजनीति

युवाहरू देशको मेरूदण्ड हुन् किनकी देशको परिवर्तन युवाहरूको पहल र अग्रसरताबाट मात्र संभव छ । त्यसैले युवाको काँधमा वर्तमान सामाजिक-राजनीतिक यात्रालाई जिम्मेवार र रचनात्मक ढंगले सहज दिशामा पुऱ्याउने र क्रमिकरूपले नेतृत्व विकास गर्ने महत्वपूर्ण जिम्मेवारी रहेको छ । त्यसका लागि युवाहरू राजनीतिकरूपमा सचेत, संगठित र संलग्न हुन पर्दछ । राजनीति सर्वव्यापी भएकाले मानवसमाजमा हुने प्रत्येक घटना र प्रक्रियासँग प्रत्यक्ष अप्रत्यक्ष रूपमा जोडिएको छ । विहान उठ्दाबित्तिकै पिउने चियाको मूल्य, दिनभरको समय गुजारा गर्ने नोकरी, व्यापार, मजदुरी, कृषि आदि सबै पेशा र व्यवसायमा राजनीतिको असर हुन्छ । यसको अर्थ राजनीतिक सर्वव्यापी मात्र होइन सर्वमान्य पनि छ भन्ने पुष्टि गर्दछ ।

नेपालको सन्दर्भमा १६-४० वर्षका उमेर समूहलाई युवा मानिएको छ । नेपालमा यो उमेरको जनसंख्या जनगणना २०५८ अनुसार ९० लाखको हाराहारीमा छ । देशको झण्डै आधा जनसंख्या युवा हुनु आफैमा एउटा सुखद् र सकारात्मक पक्ष हो । किनकी यो समूह समाजमा सबैभन्दा सक्रिय, सृजनशिल, प्रभावकारी र भौतिक तथा मानसिक रूपले पनि तन्दुरूष्त हुन्छन् । त्यसैले युवा समुदायको मूल्य र मान्यता पनि विकृत संस्कृतिको विरूद्ध जुध्दै सभ्य र प्रगति उन्मुख समाज निर्माण गर्नु नै हो । युवाहरू देशका पहरेदार पनि भएकाले देशको विरूद्ध हुने जस्तोसुकै हस्तक्षेपको सामना गर्नुकासाथै आन्तरिक व्यवस्थापन, सुसंस्कृति सभ्यता, शान्ति सुरक्षा कायम गर्ने जस्ता कार्यमा उनीहरूको अहम भूमिका रहेको हुन्छ ।

राजनीतिको सार अर्थ राज्य सञ्चालन गर्नु हो । राजनीतिको दार्शनिक परिभाषाअनुसार स्वतन्त्रता, न्याय, सम्पत्ति अधिकार, कानून र कानुनी मूल्यमान्यतामा आधारित भएर अख्तियारवालाले कार्यान्वयन गराउने पद्धति हो । राजनीतिको समाजसँग प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ जसको मूल्यमान्यतामा आधारित भएर अर्थात मानव समाजको अध्ययन गरेर

राजनीतिक प्रणाली र आचरणको निर्माण गरिएको हुन्छ । जसको आधारमा राजनीतिले देश सुहाउँदो जनआकांक्षामा आधारित राजनीतिक व्यवस्थाको निर्धारण गर्दछ ।

नेपालको सन्दर्भमा युवाहरूको उपस्थितिलाई सामाजिक राजनीतिक रूपान्तरणको पक्षमा महत्वपूर्ण मान्न सकिन्छ । स्कूलदेखि उच्च शिक्षा हासिल गर्ने युवा विद्यार्थीहरूवाट देश र समाजको सकारात्मक परिवर्तन संम्भव छ । देशको वर्तमान जटिलता र जर्जरतालाई तोड्न राष्ट्रिय स्वार्थको पक्षमा युवाहरूको खुल्ला, विशाल, स्वतन्त्र, रचनात्मक, उर्जाशील र सकारात्मक भूमिका हुन अनिवार्य छ । जसको लागि वर्तमान अवस्थामा युवाहरूमा देखिएका गलत संस्कार संस्कृतिको अन्त्य नभएसम्म नेपालको युवा आन्दोलनले आफ्नो दिशा पहिचान गर्न सक्दैन र सफलता पनि हासिल गर्न सक्दैन । युवा आन्दोलनलाई सुदृढ र एकिकृत गर्न निम्न बुँदाहरूमा ध्यान दिन आवश्यक देखिन्छ ।

- आफ्नो व्यक्तिगत स्वार्थलाई सामूहिक स्वार्थमा समावेश गर्नु पर्दछ किनकि कि आम युवा समुदाय राम्रो भएमा आफू स्वतः राम्रो हुन सकिन्छ ।
- कुनै विचारविशेष, वर्गविशेष, जातिविशेष, क्षेत्रविशेष, लिङ्गविशेषको वस्तुगत, तथ्यगत र समय सन्दर्भमा जोड्ने र सहजीकरण गर्ने किनकी मुद्धालाई आफ्नो मुद्धा उठाउँदा अर्कोको अस्तित्व भावना र विचारलाई पनि सम्मान गर्दै सबैको प्रतिनिधित्व र अपनत्व आवश्यक छ ।
- नेपालको विषम परिवेशमा मूलतः राजनीतिक/वैचारिक अन्तर्विरोध भए पनि यसको सतह र पृष्ठभूमि भनेको बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक तथा लिङ्गीय र क्षेत्रीय असमानता हो । यसको वास्तविकता मनन् गर्दै समावेशीय समानुपातिक प्रतिनिधित्वको लागि मानसिक रूपमा तयार बन्न आवश्यक छ ।
- समाजमा भएका अधिकांश विकृति हत्या, हिंसा, बलात्कार, चोरी, डकैतीजरूता अपराधिक क्रियाकलापमा युवाहरूको प्रत्यक्ष–अप्रत्यक्ष संलग्न रहेकोले यसको निराकरण गर्न युवाहरू आफैं अगाडि बढ्नु पर्छ जसको लागि तत्कालीन र दीर्घकालीन गरी समाधानका उपायहरू खोजिनु पर्दछ ।

वास्तवमा युवाहरूले चाहे असम्भव केही छैन । त्यसैले आमयुवाहरू सामुहिक राष्ट्रिय स्वार्थमा कुनै पार्टी विषेश, क्षेत्रविशेष, लिङ्ग विशेष, वा जाति विशेष मुद्धामा अल्झिएमा अवश्य पनि हामी एक ठाउँमा अटाउन सक्दैनौं । युवाहरूको आवश्यकता र औचित्यतालाई सम्बोधन गर्ने मुद्धाहरू जुन पार्टी नजिकका युवा संगठनहरूले उठाए पनि समर्थन गर्ने र युवाहरूलाई दिग्भ्रमित पार्ने, फुट लिने र राष्ट्रिय एकतालाई खलल गर्ने संगठनको नीतिलाई विरोध गर्ने हिम्मत युवाहरूले गर्न सक्नुपर्दछ । नेपाल इन्द्रेणी जस्तै विविधतामूलक छ । यो सत्यतालाई आत्मसाथ गर्न सके मात्र पछाडि परेका र पारिएका जाति, वर्ग, लिङ्ग र क्षेत्रका मूल राजनीतिक धारमा समावेश गर्न युवाहरूको भावना र विचारलाई सकिन्छ । समाजमा भएका अपराधिक क्रियाकलाप रोक्न गलत कार्यमा संलग्न आफ्नो कार्यकर्ता वा नेतालाई संरक्षण होइन कार्वाही गर्नुपर्दछ राजनीतिक दलहरूले । स्वरोजगार, स्वावलम्बन बन्न हामी सबै युवा मेहनती चरित्रवान र रचनात्मक बनौं ।

युवा संगठनलाई कसैको शक्ति र संगठनमाथि जाइलाग्ने, काटमार गर्नेभन्दा पनि देश विकास, युवा विकास, सृजना र हत्या, हिंसा विरोधी अभियानमा संलग्न बनाउनु

पर्दछ । सम्पूर्ण युवा एक भएर सीमित आर्थिक लाभ गर्न विदेशी माटोमा श्रम गरिरहेका र स्वदेशमा बेरोजगार भएर हत्या, हिंसा, लुटपाट, लागूऔषधको दुर्व्यशन जस्ता विकृतिमा फँसेका युवाहरूलाई नेपाल र नेपालीको पक्षमा काम गर्न उनीहरूको योग्यता, क्षमता र श्रमलाई प्रयोग गरी समृद्ध नेपालको निर्माण गर्न राज्यसँग सामुहिक तथा आआफ्नो राजनीतिक संगठन व्यक्तिगत स्वतन्त्र रूपमा माग गर्दै राज्यलाई विकल्प दिनुपर्दछ । युवाहरू सकारात्मक अभियानमा लागेमा निश्चितरूपमा हामी युवाहरूमा नयाँ जोस उत्साह र जाँगरले देश जनता र समाजको लागि केही गरौं भन्ने भावनाले हामीलाई उत्प्रेणा दिने छ । यसको लागि पहलकर्ता भनेको राजनीतिक युवा संगठनहरू नै हुन् किनकी यी सबै समस्याको निराकरण भनेको सुदृढ राजनीतिक संस्कार नै हो । किनकी समाजको प्रत्यक अँग राजनीतिद्वारा निर्देशित हुन्छ । राजनीतिको आफ्नै संस्कृति, विशेषता र मूल्य मान्यता छन् । राजनीति गर्ने नेताहरूले भ्रष्टचार गर्ने, घरघरेडी बेचबिखन गर्ने, दलालको भूमिका गर्ने, घुस खाने र विभिन्न कम्पनीहरूमा दलालहरूले जस्तै सौदावाजी गर्ने गरेमा निश्चितरूपमा हामीले देशको र युवाहरूको भविष्य समाप्त गर्ने छौं ।

एकपटक सोचौं, हामीले गरेका राजनीति हामीले गरेको आन्दोलन र यो हाम्रो मूल्य मान्यताले समाजको हित गर्नु पर्दछ । समस्याका गाँठो फुकाउनु पर्दछ । समाजमा भएका सबै निराशा, कुण्ठा र निस्क्रियताको अन्त्य गरी नयाँ र विशाल संभावनाहरूको ढोका खोल्नु पर्दछ । यस अर्थमा युवाहरूको राजनीतिक लगानी यात्रा र सहभागिताले आम नागरिकले न्याय पाउने छन् । हाम्रो गल्ती, कमजोरीले आउँदो पुस्ताले दुःख पाउने छन् र उनीहरूको नजरमा हामी घृणित बन्नेछौं । इतिहासले हामीलाई दण्डित गर्नेछ । युवाहरू कुनै पनि दासत्वबाट माथि उठेर असल कुराको समर्थन र खराब चिजको विरोध गर्नुपर्छ । अहिले नेपालको परिवेशमा देखिएको विचार र दर्शनको होइन व्यक्तिको चाकडीमा हामी युवाहरू व्यस्त छौं । त्यो नै वास्तवमा हाम्रो गम्भीर भूल हो । हाम्रो स्वाभिमान र विचारको दरिद्रता हो । त्यसैले हामी कसैको स्वार्थको लागि दुरूपयोग होइन देश र जनता अनि स्वयम् आफ्नै लागि पनि उपयोगसिद्ध र सार्थक बन्ने सोच आजका अग्रगामी युवाहरूको सोच हुनुपर्दछ ।

*(लेखक नेपाल मगर विद्यार्थी संघका पूर्व अध्यक्ष हुनुहुन्छ ।)*

मीन श्रीस मगर

# मगरीकरण कि हिन्दूकरण ?

नेपालका सांस्कृतिक विश्लेषक तथा लेखकहरूमा खासगरी दुई खाले दृष्टिकोण पाइन्छ । हिन्दूवादी दृष्टिकोण र हिन्दूविरोधी दृष्टिकोण । आदिवासी जनजातिहरूको सांस्कृतिक विश्लेषणका लागि यी दुवै दृष्टिकोण पुरातनवादी वा अतिवादी सैद्वान्तिक धरातलबाट उठेका दृष्टिकोण हुन् भन्दा अन्यथा नहोला । यस्ता दृष्टिकोणबाट वस्तुनिष्ट र यथार्थपरक विश्लेषण सम्भव छैन । यस्ता दृष्टिकोणले समाजमा थप भ्रम र जटिलता सिर्जना गरेर सामाजिक अस्थिरताको वातावरण निम्त्याउने काम गर्दछ । कुनै पनि बहुलवादी समाजमा सांस्कृतिक विनिमय तथा एकअर्कामा प्रभाव स्वाभाविक रूपमा हुन्छ । कुनै एउटा सशक्त सांस्कृतिक समुदायले अन्यलाई चाहेर पनि निमिट्यान्न पार्न सम्भव हुँदैन । संस्कृति भनेको युगौंयुगदेखिको विश्वास, मान्यता, रितिथितिको निरन्तरता भएकाले एक पुस्ताबाट अर्को पुस्तामा स्वतः हस्तान्तरण हुँदै जान्छ । बाह्य प्रभाव र समसामयिक परिवर्तनले व्यापक रूपान्तरण आउन सक्छ तर विशेष परिस्थितिजन्य अवस्थामा बाहेक संस्कृति पूर्ण रूपबाट लोप भएर जान सक्दैन । यो यथार्थतालाई प्रचलित दुवै दृष्टिकोणले बुझ्न सकेको छैन ।

पहिलोः हिन्दूवादी दृष्टिकोणका विश्लेषकहरूले वैदिक दर्शनका आधारमा सम्पूर्ण आदिवासी जनजातिको संस्कृतिलाई हेर्ने गरेका छन् । उनीहरूले हरेक चाडपर्व, पूजाआजा र जीवनचक्रीय संस्कारजन्य कार्यहरूमा हिन्दू दर्शन तथा वैदिक साहित्यका मूल्य–मान्यता र विश्वासका अवशेषहरू देख्ने गरेका छन् । यो दृष्टिकोण ईसाको १९औं र २०औं शताब्दीका पूर्वाद्धतिर प्रचलित चाल्स डार्विनको Early socio-cultural evolution theory मा आधारित Unilineal evolution सँग सम्बन्धित छ ।

दोस्रोः हिन्दूविरोधी दृष्टिकोणका विश्लेषकहरूले पनि आदिवासी जनजातिका संस्कृतिमा सम्पूर्णरूपले हिन्दू दर्शनको मूल्य–मान्यताको प्रभाव मात्र देख्ने गरेका छन् । हिन्दू दर्शनबाट प्रभावित सम्पूर्ण प्रचलनहरूलाई त्याग्नुपर्छ र त्यसको विकल्पमा अन्य कुनै स्थापित धार्मिक दर्शनलाई अँगाल्नु पर्छ भन्ने अति आवरणवादी सोच देखापरेको छ । यस्तो प्रवृतिलाई समाजशास्त्रीय भाषामा भतजलयअष्मभ शब्द प्रयोग गरिएको पाइन्छ ।

यी दुवै खाले प्रचलित दृष्टिकोणले वास्तवमा आदिवासी जनजातिको मौलिक संस्कृतिलाई विनास गर्नेबाहेक अरू केही राम्रो गर्दैन । त्यसकारण आजको आवश्यकता भनेको तेस्रो खाले दृृष्टिकोण अथवा यथार्थपरक दृष्टिकोणको हो । यस्तो अवस्थामा प्रभावका आधारमा संस्कृतिका

यी पक्ष हाम्रा हुन् र ती पक्ष अर्काका हुन् भनेर केलाउन थाल्ने हो भने बाँकी केही रहदैन ।

मगर जातिको आफ्नै खाले स्थानीय संस्कृति अर्थात लोकसंस्कृति प्रचलनमा छ । प्रचलित लोकसंस्कृतिमा आधारित निश्चित दर्शनको विकास नभएतापनि मगर समुदायको धर्म संस्कृतिलाई 'मगराती धर्म संस्कृति' नामाकरण गरेर विश्लेषण गर्न सकिन्छ । वर्तमान अवस्थामा त्यसलाई विश्लेषण गर्ने सही र यथार्थपरक दृष्टिकोण भनेको 'मगरीकरण दृष्टिकोण' (Magarization Aspect) नै हो ।

प्राचीनकालदेखि नारायणी–त्रिशुली नदीदेखि राप्ती कर्णालीसम्मको विशाल पश्चिम पहाडी भूभागमा फैलिएर सघन बसोवास गरिरहेका मगर जातिले यहीँ भेगमा रहँदा बस्दा हजारौं हजार वर्षको जीवनयात्राको क्रममा विकसित गरेको विश्वास, मान्यता र अभ्यासहरूबाट वर्तमान संस्कृतिको निर्माण भएको हो ।

इतिहासको एउटा कालखण्डमा आएर खासगरी गण्डकी क्षेत्रका मगर समुदायमा एउटा मगर सभ्यताको विकास हुनपुग्यो । कालीगण्डकी किनारमा राजधानी कायम गरेका प्रसिद्ध मगर राजा अरमुडीको चर्चा भारतकालीन इतिहासमा समेत रहेको छ । त्यसपछि बल्डेङगढी सभ्यताको विकास गर्ने मगर राजा बलिहाङ रानामगरको स्मरण वर्तमान समयमा मनाइने तिहारमा पनि गरिन्छ । त्यसपछि वाइसे चौवीसे राज्यको उदयसँगै मध्यकालको उत्तरारार्द्धमा आएर मगर जातीय संस्कृतिलाई पाल्पा र गोर्खा राज्यले परिमार्जित र व्यवस्थित गर्दै लगेको पाइन्छ । मध्यकालको उत्तरार्द्धसम्ममा गण्डकेली मगर संस्कृतिले निश्चित स्वरूप धारण गरेर पश्चिम नेपालकै साझा संस्कृतिको रूपमा स्थापित भइसकेको थियो । त्यसकारण ऐतिहासिक मगरात प्रदेशका सबै जातजाति र साँस्कृतिक समूहका मानिसहरू गण्डकेली मगर संस्कृतिमा आवद्ध हुन पुगे । जसरी काठमाडौं उपत्यकामा बसोबास गर्ने सबै जातजातिका मानिसहरू मिलेर नयाँ जाति र संस्कृति नेवार' को विकास हुन गयो । त्यसैगरी मगरातमा पनि विशिष्ट खाले मगराती सभ्यता र संस्कृतिको विकास हुन गयो । यो प्रक्रियालाई अर्को शब्दमा 'मगरीकरण' भन्न सकिन्छ । मगरीकरणको प्रक्रियाले तत्कालीन मगरातमा बसोबास गर्ने बाहुन, क्षेत्री तथा अन्य आदिवासी जनजातिहरूको मौलिक संस्कृतिलाई बलात समाप्त पार्ने प्रयास गरियो भन्ने आशय होइन । मगराती संस्कृतिलाई सार्वजनिक वा राष्ट्रिय संस्कृतिकारूपमा त्यहाँ बसोवास गर्ने सवैले मान्यता दिए पनि आन्तरिक रूपमा आफ्ना घरपरिवार र टोल समाजमा आफ्नै मौलिक प्रचलन र मान्यताहरूलाई पनि निरन्तरता प्रदान गरिरहेका थिए । गाउँ समाजमा कसैबाट केही लिएपछि आफूले पनि केही दिइन्छ । त्यसकारण स्वाभाविक रूपमा मगरातका मगरहरूले आफ्नो गाउँ समाजमा आएर बस्न चाहने आगन्तुक बाहुन, क्षेत्रीहरूलाई स्वागत गरेपछि उनीहरूले पनि स्थानीय सांस्कृतिक मूल्य–मान्यतालाई सम्मान गर्न पऱ्यो । कालान्तरमा उनीहरूको वैदिक संस्कृतिमा आधारित प्रचलनहरूले पनि स्थानीय मगर समुदायमा स्वाभाविक रूपमा प्रभाव पार्न थाल्यो ।

अर्कोतर्फ, गोर्खा र पाल्पा राज्यको शक्ति विस्तारित हुँदै जाने क्रममा छिमेकी भारतीय र तिब्बतीयहरूसँग पनि सम्पर्क बढ्दै जाने क्रममा समायानुकूल सांस्कृतिक रूपान्तर हुँदै गए । गोर्खा राज्यको एकीकरण अभियानसँगै वैदिक दर्शन अनुकूलका कर्मकाण्डी, पूजापाठका विधिविधानहरू राज्यस्तरमा अलम्वन गर्न थालियो । गोर्खाबाट राजधानी काठमाडौं सरेपछि गण्डकेली मगरात संस्कृतिले नेपाली राष्ट्रिय संस्कृतिको स्तर प्राप्त गर्यो । मगरात क्षेत्रभन्दा बाहिरका पूर्व मेचीदेखि पश्चिम महाकाली र उत्तर तिब्बतदेखि दक्षिण तराईसम्मका सांस्कृतिक समुदायलाई समेटेर लैजाने क्रममा गण्डकेली मगर संस्कृतिले थुप्रै परिमार्जनका अवस्थाहरूलाई

पार गर्नु पर्यो । मगराती संस्कृतिबाट उठेर नेपाली संस्कृति बन्ने अवस्थासम्मको लामो चरण पार गर्दा अनेकन सांस्कृतिक मूल्य मान्यताहरू संमिश्रित हुन पुगे ।

राणा शासनको थालनीसम्म आइपुग्दा नपुग्दै नेपाली संस्कृतिले वैदिक संस्कारका थुप्रै मान्यताहरूलाई ग्रहण गरिसकेको पाइन्छ । जंगबहादुरको समयमा आएर मगरातबाट उठेको नेपाली संस्कृतिलाई वैधानिक रूपमै हिन्दूकरणको प्रक्रियामा राखियो । गोर्खा भर्तीको थालनीसँगै पल्टनहरूमा बाहुन पुरेत भर्ती गरेर लाहुरेहरूमार्फत गाउँगाउँमा हिन्दूकरणको अभियान थालियो । मगरीकरणबाट उठेको नेपाली राष्ट्रिय संस्कृति राणाकालमा आएर हिन्दकृत हुँदै गयो । मगरातमा विकास भएको गण्डकेली चाडपर्वहरू दशैं, तिहार, साउने संक्रान्ति, माघे संक्रान्ति आदि पर्वहरू र त्यसैसँग सम्बन्धित स्थानीय देवदेवीहरूलाई वैदिक हिन्दू साहित्यका आधारमा व्याख्या, विश्लेषण गर्ने र नामाकरण गर्ने चलनको विकास हुन गयो । यसकै परिणामस्वरूप मगर जातिको मात्र होइन बल्की सवै जातीय वा सांस्कृतिक समुदायका धर्म संस्कृतिलाई विश्लेषण गर्ने दृष्टिकोण नै हिन्दूवादी बन्न पुग्यो । यो परम्परागत दृष्टिकोणको विरूद्धमा हिन्दूविरोधी दृष्टिकोणको विकास पछिल्लो चरणमा आएर भएको देखिन्छ । यो दोस्रो खाले दृष्टिकोणका अनुयायीहरू पनि हिन्दूवादी टृष्टिकोणले स्थापित गर्न खोजेका भ्रमलाई सही मानेर आफ्नो मौलिक परम्पराको जगै खल्बल्याउने गरी क्षणिक आवेशमा आएर प्रतिवादको शैलीमा देखापर्दा मौलिक संस्कृति मात्र होइन सामाजिक सद्भाव पनि खण्डित हुने खतराको वातावरण निर्माण हुँदै गएको छ ।

गण्डकेली मगर समुदायबाट विकसित भएको दशैं र तिहार पर्वलाई वैदिक सहित्यका घटना र परिवेशका प्रसंगहरूसँग जोडेर व्याख्या गर्ने हिन्दूवादी दृष्टिकोणमा सही थपेर आफ्ना मौलिकतालाई त्याग्ने प्रवृत्तिले कसैको पनि हित गर्दैन । यदि दशैँ र तिहार हिन्दू पर्व हो भने तराईबासी हिन्दूहरू र भारतीय हिन्दूहरूले यी पर्वहरू मनाउने प्रक्रिया वा विधिसँग मगरहरूले मनाउने प्रक्रियामा किन समानता छैन ? कुन चाँही भारतीय वा तराईबासी हिन्दूले जौंको जमरा राखेर टीकाको दिन आफ्ना घरपरिवार र कुटुम्बका मान्यजनका हातबाट निधारभरि दहीचामलको हिमाल झैं सेतो टीका र पहेलो जमरा लगाउँछ ? हिन्दू धर्मावलम्वीहरूले झैं मगर जातिले विधिपूर्वक दुर्गोत्सब गरेको पाइँदैन । दशैंको अष्टमी वा नवमीका दिन गाउँका सबैले भेजा उठाएर गाम पूजाका रूपमा ढुङ्गा स्थापना गरी देवी स्थानीय (देवी देउराली) को नाउँमा सुँगुर, कुखुरा, राँगो, बोका आदि बलि दिइन्छ । त्यसै अवसरमा मगरहरूको स्थानीय देउता भैरवलाई सुँगुर बलि दिइन्छ । दशैंसँग कुनै पनि वैदिक कर्मकाण्डी, विधिविधान जोडिएको छैन तर सरकारले राष्ट्रिय पर्वको रूपमा केही विधिविधान जोडेर अलि व्यवस्थित तरिकाले सार्वजनिक रूपमा मनाउनुलाई मगर जातिमा पनि सामान्यिकरण गरेर हेर्नु संकुचित मानसिकताको उपज हो ।

यसैगरी तिहारलाई हिन्दूहरूको लक्ष्मीपूजा र गोवर्द्धनपूजाको रूपमा मगर जातिले आम रूपमा मनाएको पाइँदैन । औंसीका दिन गोठपूजा गरेर देउसी भैलो खेलिन्छ । गोठमा भएका गाई होस् वा भैंसीलाई चामलको पीठोमा पानी मिसाएर कांक्रोको भेट्नोले टीका र माला लगाइदिएर गोठबाट केही परको रूखसम्म तोरण टाँगिन्छ । टीकाको दिन दिदीबहिनीले दाजुभाइलाई फूलमाला र टीका दिएर पुज्ने गर्दछन् । बलिहाङ रानामगरको राज्य बल्डेङगटीको सभ्यताबाट विकसित पर्व तिहारमा कुन चाहिँ भारतीय वा तराईवासी हिन्दूले गोठपूजा गरी देउँसीभैलो खेल्ने र भाइटीकामा दिदीवहिनीले दाजुभाइलाई फूलमाला टीका दिएर पुज्ने गर्दछन् ? गण्डकी प्रदेशकै मौलिक पर्व दशैं तिहारलाई राष्ट्रिय पर्व

मानिएकाले नै यस क्षेत्रका सबै जातजातिका मानिसहरूले समान रूपमा मान्ने गरेका छन् तर सुदूर पश्चिम काठमाडौं उपत्यका उत्तरी हिमाली भेग र तराईतिरका नेपालीहरूले दशैं र तिहारलाई गण्डकेली समुदायकाले झैं महत्व दिएर मनाउने गरेको पाइँदैन ।

नेपाल जस्तो वहुलवादी समाजमा आफ्नो मौलिकताको खोजी गर्ने नाममा धैर्यता, गहनता र अध्ययनशीलतालाई गुमाएर अनि क्षणिक आवेशमा आएर धरातलीय खोजीबाट निर्णयमा पुग्ने प्रयासले भड्खालोमा फसाउँन सक्दछ । अहिले आएर नेपाली समाजमा जातीय वा साँस्कृतिक पहिचानको सवालले आवश्यकताभन्दा बढी चर्चा पाएको छ । भिन्न वा स्वतन्त्र जातीय पहिचानको नाममा भेषभूषा र भाषालाई मात्र आधार बनाएर आपसमा विवाद सिर्जना गर्ने र विखण्डीत हुने प्रवृत्ति पनि देखापरेको छ । कतिपय अवस्थामा राज्यले अल्पसंख्यक जाति वा सांस्कृतिक समूहलाई प्रदान गर्ने सहुलियतका लोभ र लालचमा फसेर आफ्नै समुदायलाई चोइट्याउने जस्ता घातक एवं निकृष्ट प्रवृत्ति पनि देखापरेको छ । यस्तो प्रवृत्तिलाई 'हिन्दूवादी चाल वा राज्यको फुटाउ र शासन गर' भन्ने जाल हो भनेर अन्य पक्षमा दोष थोपारेर पानीमाथि ओभानो हुने प्रवृत्ति पनि देखापरेको छ । यी सबै गतिविधिहरू अल्पज्ञान र सतही सोचको परिणाम हो ।

ऐतिहासिक मगरातको साझा भेषभूषा भोटो, कछाड, पटुकी, टोपी, मजेव्रो, चोली, गुन्यू, घलेक, टेकी आदिलाई पनि तेरो मेरो भनेर रङ्ग र लगाउने शैलीका आधारमा भागबन्डा गर्नु अर्को केटाकेटी खेल हो । मगरातको भेषभूषा र भाषालाई त्यहाँ बस्ने सबै जात, जातिले हाम्रो भनेर स्वीकारी सकेको अवस्थामा तेरो, मेरोको विभाजनले अवश्य पनि सामाजिक सद्भावलाई बिगार्ने र आफ्नै संस्कृतिलाई क्षतविक्षत पार्ने काम गर्दछ । रूकुम, रोल्पाका बाहुन, क्षेत्री वा दलितले पनि राप्तेली मगर भाषा बोल्दा, गाडो, कछाड लाउँदा तथा पाल्पा, स्याङ्जा, तनहूँ तिरका अन्य जात, जातिकाले पनि गण्डकेली मगर भाषा बोल्दा र गुन्यू, चोली, घलेक, कछाड आदि लगाउँदा हामीलाई के को टाउको दुखाई ? ऐतिहासिक मगरातको साझा संस्कृतिलाई यहाँ बस्ने सबैले सम्मान गरेकोमा हामीलाई झन् गर्व हुनुपर्दछ । सानो चित्त माखाको पित्त गरेर पहेलो पटुकी मगरको, नीलो पटुकी गुरूङको हो भन्नु वा राप्तेली मगरको घलेक लगाउने शैली (दोहोरी/गादो जस्तै गरी लगाउने) र गण्डकेली मगरको घलेक लगाउने शैली (एकोहोरो लगाउने) शैलीमा आधिकारिकता खोज्ने तुच्छ सोचबाट उठेर फराकिलो हुन आवश्यक छ ।

ऐतिहासिक मगरातमा बसोबास गर्ने कसैले पनि भेषभुषाको शैली र रंगका आधारमा जात छुट्याएको पाइँदैन । निलो, पहेलो, हरियो, गुलाबी, कालो कुनै पनि रंगका कपडाको उपलब्धताको आधारमा पटुकी, चोली, घलेक, टेकी आदि भेषभूषा लगाइरहेको यथार्थतालाई पन्छाएर शहरी क्षेत्रको बैठक कोठामा बसेर आम समुदायको संस्कृतिकोबारेमा निर्णय गर्नु कति उचित होला ? रूकुम, रोल्पा, बागलुङ, म्याग्दीतिरका उच्च पहाडी भेगमा बस्ने मगर हरूले जीउ न्यानो पार्न र दाउरा घाँस गर्दा केही सामान राख्न पनि मिल्ने खालको गादो (भाङ्ग्रा) र त्यही शैलीको घलेक प्रचलनमा ल्याए भने अलि तल्लो पहाडी भेगका गण्डकेली समाजमा कामको प्रकृति र हावापानीको अवस्थाअनुसार एकपाखे एकोहोरो शैलीमा घलेक प्रचलनमा ल्याए । त्यसमा कुन शैलीलाई, कुन रंगलाई वा कुन प्रकारको कपडा (मखमल, भाङ्ग्रा, सुती) आदिलाई मगरको आधिकारिक मान्ने भनेर बहस वा विवाद ल्याउनु मुर्खता हो । दोहोरो शैलीको मगरको र एकोहोरो शैलीको गुरूङको भन्ने सोच पनि अर्थहिन सोच हो । यी सबै भेषभूषा ऐतिहासिक मगरातको साझा हो । मगरकै भए पनि सबैले हाम्रो भनी माया गरेपछि साझा भयो । यसलाई गर्वको विषय मान्नु पर्दछ ।

यस्तैगरी, भाषालाई खाम, पाङ, ढुट, काइके, तराली के भन्ने भनेर अनावश्यक तर्क गर्नु व्यर्थमा समय खेर फाल्नु हो । ऐतिहासिक मगरातको पूर्वी भेगमा बोलिने 'गण्डकेली मगर भाषा' पश्चिमी भेगको राप्ती क्षेत्रमा बोलिने 'राप्तेली मगर भाषा' र कर्णालीको डोल्पामा बोलिने 'डोल्पाली मगर भाषा' हो । यो कुनै विवादको विषय होइन । यी सबै विवाद र अन्यौलताहरू संस्कृतिलाई हेर्ने परम्परागत 'हिन्दूवादी दृष्टिकोण' र त्यही दृष्टिकोणले स्थापित गरेको भ्रमलाई आधार मानेर कानै नछामी कागको पछि लाग्ने प्रवृत्तिले जन्माएको 'हिन्दूविरोधी दृष्टिकोण' को परिणाम मान्न सकिन्छ । त्यसकारण हाम्रो संस्कृतिलाई विश्लेषण गर्न यथार्थपरक दृष्टिकोण अर्थात 'मगरीकरण दृष्टिकोण' को तड्कारो आवश्यकता देखिन्छ ।

*(लेखक त्रिभुवन विश्वविद्यालय सामाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभागमा विद्यावारिधिका शोधार्थी हुनुहुन्छ ।)*



बमकुमारी बुढा मगर

# भूम्या वा नाम पूजाको महत्व

'भूम्या' शब्दको उत्पत्ति खस भाषाको भूमिबाट मगर वर्णमा उच्चारण गरिएको हो । 'भूम्या' भनेको भूमि पूजा हो । खासगरी भूम्यालाई 'नाम' पूजा वा 'वन लः' पूजा भनिन्छ । संसारका हरेक आदिवासीले जन्मथलो, कर्म थलो र मृत्युको लागि प्रयोगमा लिने भूमिलाई आ–आफ्नो ढंगले सम्मान गर्ने गर्दछन् । जसको अभ्यास मगर परम्परामा पनि छ । ठाउँ विशेषमा विभिन्न मिति र विधिले नाम पूजा गरिन्छ । अझ अथार मगरात क्षेत्र तथा राज्यद्वारा उपेक्षा गरिएको कर्णाली क्षेत्रसँग घनिष्ठ सम्बन्ध रहेको भेगमा 'नाम पूजा' अत्यन्त महत्वकासाथ मौसम र स्रोतको आधारमा मनाएको पाइन्छ । म्याग्दीको चिमखोलामा बैशाखे पुन्ने, कतै जेठ पुन्नी, रोल्पाको उत्तर र रूकुमको पूर्व भेगका भेडा पालक किसानहरूले असार १ गते, उवा, गाम, हवामालगायतका ठाउँहरूमा श्रावण १ गते, राङ्क्या तिवार नामबाट मनाइन्छ भने कतै भदौ १ गते घिवा संकराती वा हरेला सकराती नाम पूजा गरिन्छ । भदौ १२ गते चोखे पर्व नामबाट कालाशेष र ८ हजार तथा सल्यान जिल्लाका ठाउँहरूमा मनाइन्छ । त्यस समयमा नै सोरठी, पुरूसुङगे नाँच पनि आरम्भ गर्दै धानको बाला चढाएर पूजा गरिन्छ । प्यूठान स्याउलीबाङ र भैगमा मंसिरे पुन्नीमा गरिन्छ ।

नाम पूजा खासगरी अन्न धैरै फलोस्, अनिकाल नपरोस्, बालीनाली नोक्सान नहोस् भन्ने उद्देश्यले गरिन्छ । जौं, धान, मकैआदि बाली, भूमी र कुल देवतालाई थानमा र नाम पूजा गर्न तोकिएको स्थानमा घुसार्दै सम्मान र शरण परिन्छ भने तयारी अन्न ली (जाँड) र आरा (भात) जौको छाकी उभेली बैशाखे पुन्नीमा र उधैली मंसिरै पुन्नीमा चामलको छाकी ली बनाई सेवारे (पुजारू) तथा रमा (झाँक्री) र धामीहरूले नाम (भूमि) र कुल देवतालाई चढाएपछि मात्र खाइन्छ । विभिन्न ठाउँमा उभेली तथा उधेली यामको बालीसँग भूमिको पूजा गर्दा नाँचहरू पनि जात्राको रूपमा प्रस्तुत गरिन्छ ।

**नाम पूजा कहिले र कहाँ गरिन्छ ?**

नाम पूजा (भूम्या) विभिन्न ठाउँमा माथि उल्लेख गरेअनुसार विभिन्न तिथि, मितिमा गरिन्छ । विगत केही वर्ष यता काठमाडौंको टुडिखेल शहीद मञ्चमा 'भूम्या पर्व' नामले समारोह आयोजना गरी केही दलीय प्रतिनिधिहरूबाट शुभ-कामना मन्तव्य दिने कामहरू पनि भए । यसको निरन्तरतामा भने अलि बिचार पुगेको छैन जस्तो लागेको छ । २०६५ सालमा नेपाल मगर संघको नेतृत्वमा विभिन्न ६ वटा दलका भातृ संस्थाहरूले राष्ट्रिय पर्व माघे सकराति घोषणा गराउन नेपाल सरकारलाई दिएको ज्ञापन पत्रमा बैशाखे पुन्नी 'चण्डी' र असार १ गते 'भूम्या' पनि पर्वको सूची बनाएर पठाइएको छ । बैशाखे पुन्नी बुद्ध जयन्तीको रूपमा अन्तरराष्ट्रिय पर्वमा नै विदा मनाइन्छ ।

असार १ गतेको बारेमा जान्न जरूरी छ । २०६३ साल असार १ गते मगर राष्ट्रिय मुक्ति मोर्चाको आयोजनामा ३ दिने कार्यक्रम सम्पन्न भएको थियो । संस्कृतिलाई एक पटक रोचक ढंगले मनाउने र कुनै बखत चुपचाप रहने गर्यो भने निरन्तरता रहँदैन । यस पटक २०६७ साल असार १ गते भूम्या पर्व लुगुम्याल समाजले आयोजना गर्‍यो । यसपालि पनि ३ दिने कार्यक्रम नै राखिएको थियो । यो समय हामीले थालनी गरेको काम एकदम अर्थपूर्ण हुनु पर्दछ । समय खर्च र शक्तिको बचत गर्ने अत्यन्त प्रभावकारी कार्यक्रम तर्जुमा 'भूम्या पर्वको लागि जरूरी देखिन्छ । हामी अस्थाई बासिन्दाले रोल्पा, रूकुमजस्ता प्रकृति र सामाजिक मान्यता रहेको ठाउँसँग काठमाडौंलाई कहिले पनि दाँज्न मिल्दैन । अझ युगले उत्पति थलोमा पनि उत्पादक काम र अर्थपूर्ण गतिविधि गर्नुपर्छ भन्ने कुरा सिकाउँदैछ ।

अठार मगरात मगर प्रतिष्ठानद्वारा २०५८ मा दर्ता भएपछि काठमाडौँमा २०५९ सालको लोपोन्मुख भूम्या पर्व श्रावण १ गते सर्वप्रथम आयोजना गरियो । सीतापाइला काठमाडौंमा सम्पन्न गरिदा नेपालमा शसस्त्र युद्धको समय परेकोले नेपाल मगर संघले कुनैपनि कार्यक्रम नगर्ने निर्णय लिएको थियो । शान्ति सुरक्षाका लागि कार्यक्रम गरिएको थियो । अर्को वर्ष २०६२ सालमा बालाजुको मनमैजुमा आयोजित भूम्या पर्वमा अत्यन्त काठमाडौँबासी मगरहरूको उल्लेखनीय सहभागिता रहेको थियो । सञ्चार माध्यमले पनि चासोका साथ कभर गरेका थिए ।

अर्को वर्ष भेडापालक भेग रूकुमका केही मगरहरूले हाम्रो प्रतिष्ठानसँग असार १ गते भूम्या पर्व मनाउने प्रस्ताव आएको थियो । जुनबेला गोरेबहादुर खपाङ्गी मगरको नेतृत्वमा रहेको नेपाल मगर संघले जातीय पर्व निर्क्योल गर्न नसकेको अवस्था थियो र संघले फागुन १५ गते संघ स्थापना भएको दिनलाई राष्ट्रिय जातीय पर्व माग गर्दै थियो । त्यस समयमा एकातिर २०४८ सालसम्म 'खाम' भनिएको भाषालाई 'मगर भाषा' को महलमा गाभेर १८ मगरात क्षेत्रका मगर हरूको भाषालाई अस्तित्वविहिन बनाइयो भने अर्कोतिर तकसेरामा अध्ययन गरिरहेका विदेशी नागरिक डेविड वाटर्सले खाम जाति बनाएर मगरको अस्तित्वमाथि प्रश्न गर्न शुरू गरिसकेका थिए । त्यतिबेला युद्धको मारमा परेका विस्थापितहरू शहरको भौतिक रमझममा अलमल परेका, मौलिक ठाउँबाट टाढा भई नाता र छिमेकको फुट भए झैँ १८ मगरात शब्दप्रति नै वितृष्णा देखिन्थ्यो, गृह युद्धको स्पष्ट झलक पाइन्थ्यो । २०६१ साल सावन १ गते भने टुडिखेलमा भूम्या पर्व मनाइयो । २०६२ सालमा तत्कालिन संघका अध्यक्ष क्या. यमबहादुर बुढाथोकी मगर र वरिष्ठ उपाध्यक्ष क्या. देउबहादुर रानामगरको उपस्थितिमा डेविड वाटर्सलाई भूम्या पर्वमा सम्मान गर्ने काम भयो । त्यसको लगत्तै वाटर्सको 'थापा, राना र आले मगर हुन् उनले मगर भाषा बोल्छन्, बुढा, घर्ती, पुन र रोका खाम जाति हुन् त्यसैले उनले खाम भाषा बोल्दछन्' भन्ने जस्ता अभिव्यक्तिहरू छापामा सार्वजनिक गरेका थिए । यसरी मगर जातिको राष्ट्रिय पर्व

भूम्या पर्वलाई काठमाडौमा मनाउने क्रममा विभिन्न समूहगत एवम् व्यक्तिगत स्वार्थ र विवादबाट मुक्त हुन सकेको छैन ।

भेडा पालक किसान र नाम पूजाको महत्व प्रकृति पूजालाई 'नाम पूजा'बाट खस कुरा प्रभाव परेकोले 'भूमि'बाट मगर उच्चारणले 'भूम्या' भनिएको हो । सो पूजाको 'थाला' मा नाँचिने संस्कृतिलाई थबाङ रोल्पामा 'लोकोबाङ्गे' र तकसेरा रूकुममा भलक' नामले चिनिन्छ । अरू ठाउँमा भूम्या भनिन्छ अनि रोल्पा कालाशेष खण्डमा भदौ १२ गतेलाई 'चोख्या केप्न्या पर्व' र कतै भदौ १ गतेलाई 'हरेला पर्व' भनिन्छ ।

'भूम्या'को महत्व आजभोलि नाँचलाई मात्र दिइएको पाइन्छ । खासगरी 'भूम्या' जमिन पूजा हो । खेत, बारी खनजोत नगरी घरभित्रको खरानी, धुइसो, धुलो, फोहोर मैला फ्याकेर जमिनको नाममा पूजा सम्पन्न गरेपछि मात्र मनोरञ्जन गर्न नाँच शुरू गर्ने हो । त्यसो नगरी नाँचमा मात्र महत्व दिइयो भने अर्थहिन मानिस भेला गर्ने माध्यम मात्र बन्न जान्छ । नाँचको मन्चन जस्तो बुझाइ पर्न जान्छ । यसको महत्व जमिनप्रतिको आस्था प्रकट गरेपछि आभार व्यक्त गर्दै नाँच्ने गरिएको हो ।

भेडापालक किसानहरू कातिक अन्तिम (नोभेम्बर) देखि भेडाहरू नाम (अवल) तिर रोल्पा उत्तर र रूकुम पूर्वबाट कपिलवस्तु, दाङ, बाँकेका पहाड घारीतर्फ पाल्नका लागि लगेर बैशाख अन्तिम (मई) महिनामा बसोबास थलो बुकीमा गर्मी याममा राख्दछन् । भेडाहरू गोठमा राखेर विभिन्न जडीबुटी संकलन गर्ने समय मिलाउनुका साथै असार १ गते 'नाम पूजा/भूम्या पर्व' मान्नुको महत्वपूर्ण आधारहरू छन् ती हुन् ।

(क) जौं बालीः उच्च पहाडको प्रमुख उत्पादनमा एउटा बाली जौं हो । उभ्यालीमा बालीलाई रमा (झाँक्री) सेवारेहरूद्वारा प्रकृति र कुल देवतालाई ली/लीस् (जाँड) र पेन/आरा (ढेडो) पकाएर चढाउने संस्कृतिअनुसार जेठ महिनामा जौं बाली पाक्ने हुँदा उपयुक्त दिन पर्व मानिएको हो ।

(ख) जुगाको कम खतरा : नाम पूजाको लागि २४ दिन पहिलेदेखि धापा-धामी (युवा-युवती)हरू रथ-विरथ वै (फूल) टिप्न जाँदा जंगलमा जुगा लाग्ने कम खतरा हुन्छ । वर्षा शुरू भइ नसकेकोले जुगाको उत्पति बढी मात्रामा नभएको समय असार १ गते उपयुक्त लागेको हो ।

(ग) जेथाङसे मालः २०३३ सालमा नेपाल सरकारले उच्च पहाडी भेगको प्रमुख आय स्रोत चरेशलाई लागुपदार्थ निषेध ऐन ल्याउनु अगाडि जेठको पहिलो लटबाट आउने आम्दानी उल्लेख्य हुन्थ्यो । त्यसबखत किसानहरू हर्षले अथाह खर्च गर्ने, ६ महिना टाढा बसेका आफन्ती भेला हुने, नाम पूजा गरी सबै उमेर, लिङ्ग, वर्गका विना भेदभाव गोलो भइ भित्री घेरा पुरूष र बाहिरी घेरा महिला, सैयौं मानिस हाँसो ठट्टा गर्दै भूम्या नाँचमा सामेल हुन्छन् ।

(घ) उधेली ऋतुः खास गरी जलजला धुरीको चारैतर्फ भूम्या पर्वमा नाच्नुको मुख्य कारण मगर परम्परामा रहेको उभोली ऋतुका नाँचहरू सिङारू, धोता, जुगी, सरङ्ङ्या, बजौर्या, पैस्यारू, जोरा र दाम्फ्या नाँच्ने समयमा भेडा लिएर अवलतर्फ जान बाध्य हुने र ती विशाल नाँचमा सहभागी हुन नपाएको कारण महिला-पुरूष एकै ठाउँमा भेला भएर घित मर्ने गरी नाँच्दछन् । स्मरण रहोस्, उभेली ऋतुमा मादल बजाएर नाँचमा सहभागी हुने परम्परा नभएकोले लोकोबाङ्गे/भलक स्याईमा मादल बाजा बजाइदैन ।

(ङ) सामल्या भेडा र खाजा घानः कार्तिकमा पहाडबाट अवल झर्दा अनि बैशाखमा अवलबाट पहाडतर्फ जाँदा महिला, बुढाबुढी, केटाकेटीहरू कुखुरा, कुकुर साथमा लिएर भाडाकुडी, खर्च सामल्या भेडालाई बोकाई भेडा खुटी २-३ दिन बास बसाल्ने र चराउन

निश्चित ठाउँमा पुगेर डेरा व्यावस्था गरी सामल्या भेडालाई चरण मिलाएर घाँस खुवाउँछन् । 'सामल' भनेको खर्च अन्न हो र त्यही खर्च अन्न बोकाइने भेडालाई सामल्या भनिन्छ । उच्च पहाडबाट तराई अवल झर्दा र पहाड फर्किंदा बाटोमा पर्ने गाउँहरूमा भेडावाला किसानहरू थैला बेकेर खाजा घान माग्दै घरघर डुल्छन् । स्थानीय मगरले अरू माग्ने डुल्नेलाई भन्दा भेडावालालाई मनग्गे उदार भावनाले सुपो र डालो भरी नै मकै, गहुँ, जौँ, भटमास, साग, नून, खुर्सानीलगायत दिने गर्छन् । त्यसरी माग्ने सहयोगलाई 'खाजा घान' भनिन्छ । खाजाको अर्थ भुट्ने अन्न र घानको अर्थ भुट्न संम्भव हुने परिमाण भन्ने बुझिन्छ । यसरी मागेर थैलाभरी भएपछि कुनै घरमा चाँखी (जाँतो) मा दिनभरी पिसेर बिसन डेरामा पकाएर खाने गर्दछन् । तल–माथि, पहाड–अवल ओहोर दोहोर हिड्न खर्चको समस्या सामुदायिकरूपमा सहकारीताको भावनाले योगदान दिने हुनाले ग्वालाको जीविका निशुल्क रूपमा नै टर्दछ । असार १ गतेकोलागि अवलबाट पहाड भेडा फर्काउँदा सामल्या भेडालाई चामल, नून, तेल, कपडाआदि बोकाएर बिसाउदै पुराइन्छ । 'सामल्या भेडा' बगालमा ठूला, बलिया साँन्दा (थुमा)हरू आवश्यकताअनुसार प्रत्येक घरले छानेका हुन्छन् । ती भेडाले बोकेर पुराएका चामलले असार १ गतेको भूम्या पर्वकोअवसरमा आफन्ती बोलाएर भात खुवाउन र सामाजिक प्रतिष्ठा ठानेर रमाउन उपयुक्त दिनको छनोट गरिएको हो ।

**नाम पूजा र कर्णाली संस्कृति**

नाम पूजामा जुम्लाको चन्दननाथ मन्दिरमा अग्लो रूखको लिङ्गो ठड्याइन्छ । भूम्या थालाको प्रतिस्थापना गर्दा पनि बाँस वा रूख अग्लो तथा लेन्दा नभएको टुप्पा टुषा भएको छानेर वनबाट लिई ठड्याइन्छ । कर्णालीका विभिन्न भेगबाट पूर्वी नेपालमा बसाई सरेका मगरहरूका थरहरू रकाल (जुम्ला), रासकोटी (कालीकोट), पल्ली (जाजरकोट), अछामी (अछाम), इस्लामी (सल्यान) साविक काला क्षेत्र वा १८ मगरात क्षेत्रबाट बसाई सरेका हुन् । त्यस्तै नामजाली (रोल्पा), दर्लामी (रूकुम), लुङ्गेली (प्यूठान), थादा/ठाडा (अर्घाखाँची), सिजाली (मुगु), खपाङ्गी/खबाङ्गी (प्यूठान, रोल्पा, रूकुम) बाट पूर्वतिर फैलिएका हुन् । यसैले मगरको उत्पति पश्चिम नै हो भन्ने आधारमा हराई रहेको संस्कृति खोज्ने बेला भएको छ । अब 'भूम्या' भनेर कसरी संस्कृतिको व्याख्या गर्ने भन्ने चुनौती कतै हामी आँफै त निम्त्याई रहेका छैनौं ? नाम पूजा वा भूम्या पर्वअन्तरगत नयाँ अन्नको प्रसाद ग्रहण, भूमि पूजा अनि मात्र रस रङ्ग गर्ने, रमाउने, नाँच र गीत बाजीको रूपमा लिने गरी जात्रा लगाउने संस्कृति हो ।

एक जना पुरूषले ७ जना केटीसँग १९ दिनसम्म होलसिन्या (दोहोरी) गीत गाएका उदाहरण छन् । आजभोलि आईएलओ १६९ को व्याख्या गर्दै सरकारलाई घचघच्याउने समयको बेला १० वर्षसम्म युद्ध चलेको वस्तीमा मगर खानासम्बन्धी ज्ञान, सीप प्रयोगबारेमा र प्रथा जन्य परम्परा 'नामचुङ' (भूमिपति) स्थापना नगर्नु, भूम्या थान बनाएर पूजा नगर्नु मगर जातिले आफ्नो व्याख्या गर्न नसक्नु हो । यी सबै विषयसँग सम्बन्धित मुद्दा तथा पहिचान र सम्पूर्ण अधिकारको सुनिश्चितता माग्नु नै आत्मनिर्णयको अधिकार होइन र ?

मगर वस्तीमा विभिन्न काल खण्डमा हराएका संस्कृतिहरू सामुदायिक रूपमा राज्यको पक्षधर बन्दै आफ्नोपनलाई स्वयं पनि बुझाएको हो । सबै कुरा राज्यले नै बिगार्यो भनेर निराकार दोष दिइरहनुभन्दा पनि विभिन्न समयमा अगाडि बढेका मगर समुदायकै व्यक्तिहरू आफ्नो काम गरेको समूहभित्र कसरी कुरा राखे, कुन कुरा छाडे, कुन लिए भन्ने मूल्याङ्कन गर्नु पर्ने हुन्छ ।

नाम पूजा/भूम्या पर्व मनाउने नयाँ तरिका मगर संस्कृति अगाडि बढ्ने हो भने भूम्या पूजा सबै ठाउँको महिमा, विधि र क्रियाकलाप, जसमा मौलिकता बढी छ, संकलन गरी पूजा संस्कृति, नयाँ अन्नप्रतिको सम्मान, उत्पादनमुलक, कम खर्च, आमसहभागितामुलक बनाउनु पर्दछ । अझ स्पस्ट रूपमा भन्नु पर्दा रोल्पा, रूकुमजस्ता भेडा पालन व्यावसाय अपनाइएका ठाउँमा उक्त व्यावसाय पनि लोप भइरहेको छ । पहाडदेखि तराई अवलसम्म सामुदायिक वनको रूपमा स्थानीयले अधिनमा राखेका छन् । भूम्या संस्कृति पनि पूजा गर्नसमेत छाड्दै छन् । यो संस्कृति जीवन्त राख्न बुझ पचाएर होइन चिन्तन गरेर विगत परम्परालाई मुल्य मान्यतामा कायम राख्दै थोरै समयमा रोचक कार्यक्रम बनाउनु पर्छ । हाम्रो अनियन्त्रित अभिव्यक्तिले मगर समुदायमा फुट्ने संस्कृति बसिसकेकोले मौलिक संस्कृतिलाई पूरातन, अन्ध विश्वास भन्ने काम नगरौँ । यसतर्फ नयाँ पुस्तालाई प्रशिक्षण वा विषयवस्तु बोध गराउन जरूरी छ । भूम्या पर्वले मगर समुदायलाई यहीँ सन्देश दिएको छ । खेम्दा ।

*(लेखिका नेपाल मगर संघका पूर्व उपाध्यक्ष,*
*अथार मगरात मगर प्रतिष्ठानका अध्यक्ष र आदिवासी अधिकारकर्मी हुनुहुन्छ ।)*



नरेश खपांगी मगर

# देशभित्र र बाहिरका मगर संघको सम्बन्ध

प्राचीनकालमा वर्तमान नेपालको पश्चिम, उत्तर पूर्वी भेगबाट नेपाल प्रवेश गरेको मगर जाति अहिले विश्वभर छरिएको छ । नेपालको धमिलो समग्र अवस्था, मुट्ठीभर अवसर र विश्वव्यापीकरण मात्र मगरहरू विभिन्न मुलुकमा पुग्नुको कारण होइन । कुनै समय शासनसत्तामा रहेको मगर जातिलाई बाटो पन्छाउनैका लागि तत्कालीन राज्य ब्यवस्थाले षड्यन्त्र गरी मगरहरूलाई देशबाहिर धपाएको देखिन्छ । जो वर्तमानमा संस्कार बनेको छ ।

मगरहरू विदेशिनुको जरो खोतल्ने हो भने सन् १८१५ को काजी अमरसिंह थापा र जनरल डेभिड अक्टरलोनीबीचको सम्झौतामा पुग्नुपर्छ । अंग्रेजले गोरखाली पल्टनलाई धूलो चटाएपछि मलाउँमा भएको सम्झौताअनुसार सो वर्ष अंग्रेजले गढवाल, कुमाइ र गोरखाली गरी तीन पल्टन खडा गरेको थियो । गोरखालीहरूको लडाकुपनबाट प्रभावित अंग्रेजले त्यसपछि आफ्नो सेनामा भर्ती गर्न नेपाल सरकारसित अनेकन प्रस्ताव राख्न थालेका थिए । अन्य शासकले अस्वीकार गरे पनि वीर शमशेर प्रधानमन्त्री भएपछि अंग्रेजको प्रस्ताव नेपाली शासकहरूले अघि बढाएका थिए । सन् १८९४/५ सम्म भर्ती हुनेमा मगर र गुरूङ मात्र थिए । सन् १९०४/५ देखि १९३४/५ सम्ममा भर्ती भएकामा ३३.५ प्रतिशत त मगर मात्र थिए । यसरी मगरहरूलाई मात्र अधिक संख्यामा भर्तीमा पठाउनु के संयोग मात्र थियो ? लडाकु जाति त क्षेत्री पनि त थियो नि । उनीहरूलाई किन भर्तीमा लखेटिएन ?

गोरखा भर्तीमा काम गर्दागर्दै कति मगरहरू बर्मामा पुगे । कति टिस्टा, सतलजमा बसे । विश्व युद्धकालदेखि सिंगापुरमा बसोबास गर्दै आएका मगरहरूको कथा केही वर्षअघि कान्तिपुर दैनिकमा छापिएको थियो । मलायमा काम गर्न गएका दाजुभाइले सयौँ वर्षदेखि त्यहीँ बसोबास गर्दै गरेका मगरहरू भेटाएका बताउँछन् । केही वर्षयता वैदेशिक रोजगार, अध्ययन र

बसाइँसराइ कारण मगरहरू विभिन्न मुलुकमा पुगेका छन् ।

हङकङ र बेलायतमा मगरहरूको बसोबास बसाइँसराइ गोरखा भर्तीसित जोडिन्छ । मलेसिया, साउदी अरेबिया, दुबई, कतार, मकाओ, जापान, बेल्जियम, अमेरिकामा वैदेशिक रोजगार र अध्ययनका क्रममा पुगेका मगरहरू मगर संघ बनाएर संगठित बन्न पुगेका छन् । यसरी अहिले नेपालबाहिर करिब एक दर्जन देशहरूमा मगर संघ बनिसकेको छ । भविष्यमा यो क्रम अझ बढ्ने देखिन्छ ।

प्रवासमा रहेर पनि मगरहरू संगठनमा आवद्ध हुनु मगरहरूको लागि गौरवको कुरा हो । अबको दुनियाँमा विश्वको कुनै पनि भूगोलको नागरिक आफ्नै देशमा मात्र बाँधिएर रहन सक्ने अवस्था छैन । त्यसैले विश्वमा जहाँ रहे पनि मगरहरू संगठित हुनु समयको माग पनि हो । एक आपसको दुखसुखमा एकतावद्ध भएर साथ दिनु, आफ्नो रितिथिति, परम्परा, भेषभूषा, भाषा, संस्कृतिलाई बेलाबेलामा प्रदर्शन गर्नु संस्कृतिलाई बचाइराख्नु पनि हो । अलग्गै वातावरणमा हुर्किरहेको नयाँ पुस्तामा पुरानो पुस्ताबाट संस्कृति सार्नु पनि हो । बहुसंख्यामा रहँदा अनुभूति नभए पनि जब आफू अल्पसंख्यामा परिन्छ, त्यतिबेला आफ्नो अस्तित्व याद आउँदो रहेछ । मगर पोशाक लगाएकाहरूको संख्या नेपालमा हुने मगर कार्यक्रमहरूको भन्दा युके मगर संघको कार्यक्रममा बढी देख्दा यस्तै लाग्यो । संस्कृति र परम्पराको संरक्षणमा विदेशका मगर संघहरू सफल देखिएका छन् ।

नेपालभित्रका मगर संस्थाहरूको उद्देश्य बढी अधिकारमुखी, कम कल्याणकारी देखिन्छन् । तर विदेशका मगर संघका उद्देश्यहरू हेर्दा कल्याणकारी संस्थाजस्ता लाग्छन् । नेपालमा पो सरकारसित अधिकार माग्नु थियो त, विदेशमा कोसित माग्नु ? बाराक ओबामासित माग्नु वा डेभिड क्यामरूनसित ? त्यसैले उनीहरूको उद्देश्य कल्याणकारी हुनु स्वाभाविक पनि होला । तर कल्याणकारी बन्ने दिशामा उनीहरू यति अभ्यस्त भइदिन्छन् कि नेपालका मगरहरूले गरिरहेको अभियान वा आन्दोलनसित विदेशका मगर संघहरूको कुनै सम्बन्ध नै छैन कि जस्तो महसुस गराइदिन्छन् । विदेशका मगरहरू नेपालबाट नभई अर्कै ग्रहबाट झरेका हुन् कि जस्तो । फेरि उनीहरू फर्केर नेपाल आउन जानै नपर्ला कि जस्तो । नेपालका मगरहरू अधिकार सम्पन्न बन्नु आफूहरू पनि अधिकार सम्पन्न बन्नु होइन कि जस्तो ।

त्यसो त विदेशका मगर संस्था र नेपालका मगर संस्थाहरूबीचको सम्बन्धका बारेमा बेलाबेलामा चर्चा भइ नै रहन्छ । एकले अर्काप्रति गुनासो व्यक्त गरिरहेकै सुनिन्छ । यी दुई पक्षको सम्बन्ध हेर्दा पुरानो पुस्ताको सासुबुहारी सम्बन्धको झल्को आउँछ । यी संस्थाहरू एक अर्काप्रति गुनासो गर्नैलाई बनेका हुन् कि वास्तवमा नेपालका मगर संस्थाले विदेशका मगर संस्थाहरूलाई सहयोग रसिदका ठेली पठाउने अड्डाका रूपमा मात्र देख्ने परिपाटी अन्त्य हुनुपर्छ । विदेशका मगरहरूले आर्थिक सहयोग मात्र होइन वैचारिक र अन्य सहयोग पनि गर्न सक्छन् । त्यस्तै, विदेशस्थित मगर संघले नेपाल मगर संघलाई मियो संस्थाका रूपमा स्वीकार गर्नुपर्छ । आफूलाई दातृसंस्थाका रूपमा नउभ्याई नेपालका मगर संस्थाहरूले गरिरहेको अभियान वा आन्दोलनमा सबै किसिमले सहयोग गर्नुपर्छ ।

उनीहरूले गलत गरिरहेको भए सुझाव र आलोचना गर्न चुक्नु हुँदैन । यथार्थमा नेपालभित्र मगरहरूले गरिरहेको आन्दोलनकाबारेमा अन्तर्राष्ट्रिय माहौल बनाउन विदेशका मगर संघहरूको उपयोग र प्रयोग हुनुपर्दछ ।

विदेशका कतिपय मगर संस्थाहरू रहरले मात्र खुलेका छन् । संस्थाको नेतृत्व गर्नेहरूमा सांगठनिक ज्ञान, सीप र चेतनाको खाँचो छ । ती संस्थाहरूले गरेका कार्यक्रम हेर्ने हो भने

सांगठानिक र वैधानिक प्रक्रिया कता छ भन्ने भैउपत्तै हुँदैन । नेपालका मगर संस्थाहरूसित सांगठानिक ज्ञान बढी छ, उनीहरूले विदेशका मगर संघहरूको सांगठानिक क्षमता अभिवृद्धि र हस्तान्तरणका लागि पहल गर्नुपर्दछ । विदेशका मगर संस्थाका पदाधिकारीहरूलाई यस्ता कुरा सुझायो भने सांगठानिक प्रक्रिया र वैधानिकतालाई परम्परागत ढर्राको बिल्ला भिराइदिन्छन् र आफूलाई आधुनिक देखाउन खोज्छन् । कतिपय प्रक्रिया स्थान र समयअनुसार फरक पर्न जालान् तर विधि र प्रक्रियाको लगाम त जहाँसुकै हुन्छ नि । के आधुनिक बन्ने लालसमा माइन्यूट बुकको आदयोपान्त नै जोसुकैको पहुँच पुग्ने गरी वेभसाइटमा राख्न मिल्छ र ?

अन्त्यमा, नेपाल मगर संघले विदेशमा खुलेका मगर संघहरूको माउ संगठनका रूपमा आफूलाई उभ्याउन जरूरी छ । विदेशका मगर संघहरूलाई कसरी विधानमा समेट्ने, उनीहरूको स्थान मगर संघको सांगठानिक संरचनामा कहाँनिर हुने, विदेशस्थित मगर संघमा व्यक्तिले सदस्य वा पदाधिकारीहरूले गरेको योगदानलाई कसरी अभिलेख गर्ने भन्ने सम्बन्धमा प्रष्ट व्यवस्था गर्न जरूरी छ । नेपाल मगर संघको अहिलेसम्मका नेतृत्वले त बुझेनन् या बुझी बुझी बुझ पचाए, अहिलेको नेतृत्वले पनि यस सम्बन्धमा ध्यान दिन सकेको छैन । त्यसैले मगर संघको आउने महाधिवेसनमा यो सवाल प्रष्ट होस् ।

*(लेखक गोरखापत्रसम्वद्ध पत्रकार तथा मगर आमसञ्चारकर्मी समाजका अध्यक्ष हुनुहुन्छ र हाल बेलायतमा अध्ययनरत हुनुहुन्छ ।*

टुकबहादुर थापा मगर

# प्रस्तावित मगरात प्रदेशको समीक्षा

## पृष्ठभूमि

अहिले नेपालको सन्दर्भमा पनि मुख्यतया दुईवटा पक्षहरूलाई सङ्घीयताको आधार बनाइनु पर्दछ भन्ने मतहरू रहेको देखिन्छ । पहिलो मत भनेको भौगोलिक आधारमा संघको निर्माण गरिनु पर्दछ भन्ने छ । भौगोलिक आधारमा संघको निर्माण गर्दा सबै जात–जातिको विकास हुने र यसले जातीय दृष्टिकोणबाट तटस्थ रहन्छ भन्ने मान्यता छ । यस्तो मान्यतामा मुख्य गरेर नेपाली काँग्रेस, मधेशी दलहरू र नेकपा एमालेका केही नेताहरू र अन्य केही गैरजनजातिका अगुवाहरू पर्दछन् ।

दोस्रो मत भनेको जातीय र भाषिक हो । यदि जातीय र भाषिक आधारमा सङ्घीय राज्य बनाउने हो भने विभिन्न जातजातीय भाषा–संस्कृतिको विकास र प्राकृतिक स्रोतसाधनमा उनीहरूको सहज पहुँच हुन्छ भन्ने छ । सङ्घीय राज्यको निर्माण गर्दा जातीयता अथवा कुनै शेष पहिचानका आधारमा गर्नुपर्दछ भन्ने हो । जहाँ आत्मनिर्णयको अधिकारको पनि ब्यवस्था । यस्तो मतमा प्रायः आदिवासी जनजातिका अगुवा, एकीकृत नेकपा माओवादी र केही गैरजनजाति बुद्धिजीवी पर्दछन् । यसको अलवा पछिल्लो पटक गठन भएको संयुक्त मगर मञ्च, नेपाल, नेपाल मगर संघसहित अन्य पाँच वटा विभिन्न राजनीतिक दलसँग आवद्ध मगर मोर्चा मिलेर बनेका मन्चले पनि सङ्घीयताका आधारहरू ऐतिहासिक मूल थलो, जातीय संघीयता, भाषिक, भौगोलिक निरन्तरता र आर्थिक सम्भाव्यतालाई मानेको छ ।

संविधानसभा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले सङ्घीय इकाई निर्माणका आधारहरू पहिचान र सामर्थ्यलाई बनाएको छ । पहिचानलाई पहिलो प्राथमिकता दिएको छ भने सामर्थ्यलाई दोस्रो प्राथमिकता दिएको छ । पहिचानलाई आधार बनाउँदा जातीय/समुदायगत भाषिक, साँस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता र ऐतिहासिक निरन्तरतालाई बिचार गर्नुपर्ने भनेको छ । त्यसैगरी, सामर्थ्यलाई आधार बनाउँदा आर्थिक अन्तरसम्बन्ध र सामर्थ्य पूर्वाधार विकासको अवस्था र सम्भावना, प्राकृतिक साधन र स्रोतको उपलब्धता र प्रशासनिक सुगमतालाई ध्यान दिनुपर्ने भनेको छ ।

मुलुकलाई १४ वटा सङ्घीय प्रदेशमा बाँडेको छ । प्रस्ताव गरिएका प्रदेशहरूमा खप्तड, कर्णाली, लुम्बिनी–अवध–थारूवान, मगरात, तमूवान, नारायणी, मिथिला–भोजपुरा–कोच–मधेश,

नेवाः, ताम्सालिङ, सुनकोशी लिम्बुवान, किराँत, जडान र शेर्पा छन् । तसर्थ यहाँ मैले समितिले तयार गरेको १४ प्रदेशअन्तर्गत मगर प्रदेशका पहिचान र सामर्थ्यका आधारहरूको बारेमा केलाउने कोशिस गरेको छु ।

**मगरातको ऐतिहासिक पक्ष**

संविधान सभा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले तयार गरेको १४ वटा सङ्घीय प्रदेशअनुसार मगरात प्रदेश पनि एक हो । पहिचानभित्र पर्ने महत्वपूर्ण आधार भनेको मगरहरूको ऐतिहासिक निरन्तरता हो । तसर्थ मगरहरूको ऐतिहासिक पक्षलाई हेर्न जरूरी हुन्छ । त्यसका लागि सर्वप्रथम मगरात के हो र गोर्खा राज्य बिस्तार हुनु पूर्व मगरहरूको राज्य थियो कि थिएन भन्ने जस्ता सवालहरूको खोजी अहिलेको आवश्यकता हुन सक्दछ । सामान्य भाषामा भन्नु पर्दा मगरहरू वसोवास गरेको क्षेत्रलाई मगरात भनिन्छ । मगरात मगर जातिको आदिभूमि हो जुन मगर जातिको इतिहास र पहिचानसँग जोडिएको छ । नेपाली वृहत शब्दकोषमा मगर भन्नाले नेपाल अधिराज्यको मध्यपश्चिमी पहाडी क्षेत्रमा बस्ने, भोट-बर्मेली भाषिक समूहको एकजाति, मगराँतका आदिवासी भनिएको छ । उत्तरमा हिमालय, दक्षिणमा महाभारत श्रृखला, पूर्वमा त्रिशुली र पश्चिममा काली गण्डकीको पानी ढलौ माँझको भूभागलाई बाह्र मगराँत भनिन्थ्यो (बुडामगर २०४९; ८) केशरजङ्ग बरालमगरको भनाइमा नेपालको पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल खासगरेर लुम्बिनी, गण्डकी, धौलागिरी, राप्ती र भेरी अञ्चलहरू मगरात क्षेत्र भनेर चिनिन्छन् । लोकबहादुर थापा मगरले मगर जातिको इतिहास, धर्म, संस्कृति, भाषा र भेषभुषा सम्पूर्ण मगराँत भूमिसँग गाँसिएको छ । मगरहरूको बसोवास गरेको भूमिनै त्जभ िबलम इा :बनबचक नै मगराँत हो भनेका छन् (थापा मगर २०६४:३२) । मगरात भन्नाले मगर जातिको पुख्यौंली भूमि तथा ऐतिहासिक कालदेखि मगर जाति विचरण गर्दै हालसम्म पनि सघन बसोवास गर्दै आएको निश्चित प्रमाणिक क्षेत्र वा भूमि तथा प्राचीन मगर राज्य भएको क्षेत्रलाई जनाउँदछ (मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपालको विधान २०६३) ।

राष्ट्रिय एकीकरणभन्दा अघि कुनै बेला पश्चिमी नेपालको वाह्रमगरात राप्ती, लुम्बिनी र भेरी अञ्चलमा फैलिएको पर्वतीय प्रदेशमा सीमित भएका र आफ्नो छुट्टै राज्य भएपनि मगरहरू अहिले पश्चिमका सवै भनेजस्तो निकटवर्ती अञ्चलमा र पूर्व दक्षिण र उत्तर प्रदेशमा पनि थोर-बहुत फैलिन गएका छन् (शर्मा २०४५ः ४१) । जुम्लेली राजा पुण्य मल्लको कनकपत्र १२५८ मा महाराजाजीका महर महतो र मगर राजाहरूको उल्लेख भएको र मगरात प्रदेशलाई प्राचीन कालमा महरलोक भनेर उल्लेख गरेको पाईन्छ । नारादमुनि थलुङकाअनुसार अघि मगधलाई मगराँत भनिन्थ्यो । त्यहाँका वासिन्दालाई मगर भनिन्थ्यो । क्यासेपियन समृद्र प्राचीन कसेय सागर हुँदै भारतका भूभाग मगध नाम स्थानमा मगरहरूले राज्य गरेका कालान्तरमा मगधका मगरहरू उत्तरपट्टि लागि पश्चिम नेपालतिर हुँदै समस्त पूर्व नेपालमा बसोवास गर्न पुगेका छन् (थुलुङ २०४२ः १८४- १८५) । धवल स्रोत वा धौलागिरी अञ्चललाई ११०० इश्वीको एउटा तामपत्रमा मंग्वर बिषय भनिएको छ । मगरको सवैभन्दा पहिलो उल्लेख त्यही देखिएको छ (अधिकारी १९८८/२२) । त्यस्तै ध्जभउितयल को भनाइमा पनि राजा पृथ्बिनारायण शाहले आफूलाई मगराँतको राजा भनेको कुरालाई उल्लेख गरेका छन् । (ध्जभउितयल झढढठरठघ)

काली गण्डकी पश्चिम, जम्मु-कश्मिर पूर्व, गोरखपुर उत्तर र मानसरोवर दक्षिण यति चार किला भित्रको भूभाग नै ऐतिहासिक रूपमा मगरात हो । सन् २०० तिर सिन्धुबाट आएका प्रवासीहरूले मगरात प्रदेशको उत्तर-पश्चिम इलाकामा आफ्नो राज्य स्थापना गरे । मगरातको

स्थापनाकालदेखि सन् १८०४ सम्म मगरातको राजधानी पाल्पा भिरकोटमा रहेको थियो । यसै स्थानलाई केन्द्र मानेर मगरात राज्यमा अनेकौं मगर राजाहरूले व्यवस्थित राज्य चलाए (थापा मगर १९९४: २-३) । वर्तमान नेपालको त्रिशुली-गण्डकीदेखि पश्चिम, कर्णाली नदीदेखि पूर्व र दक्षिणमा भारतको गंगा नदीदेखि उत्तरी क्षेत्रका प्रत्येक नदी-नाला, मैदान, पहाड-पर्वत र खोला खोल्सीका नामहरूले यस क्षेत्रमा मगरहरूको प्राचीनतम अस्तित्वलाई छर्लङ्ग पारेको छ । जस्तैः 'ति' वा 'डी' ले 'झोल पदार्थ' वा 'पानी' लाई जनाउँदछ ।

जस्तोः रिडी, सेतीआदि (थापा मगर २०४९: ५) । यी माथिका भनाइले के सावित गर्दछ भने गोर्खा राज्यको विस्तारको अभियान पूर्व मगरको राज्य थियो भन्ने सवाल स्पस्ट हुन्छ । तथापि यो अझै अनुसन्धानको विषय बन्न सक्दछ ।

राज्यको पूनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले अर्घाखाँची, बागलङ, गुल्मी, म्याग्दी, पाल्पा, प्यठान, रोल्पा गरी सात जिल्लाहरू र नवलपरासीको ७४ मध्ये २२, पर्वतको ५५ मध्ये १७, स्याङजाको ६२ मध्ये २९, कास्कीको ४५ मध्ये १, तनहुँको ४७ मध्ये १२, रूकुमको ४३ मध्ये ११ र सल्यानको ४७ मध्ये २ गाविसहरूलाई मगरात प्रदेश अन्तर्गत राखेको छ । यसरी कुल ४८० गाविसहरू मगरात प्रदेशमा समावेश गरिएको छ । तथापि संयुक्त मगर मन्च नेपालले पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान, सल्यान, रोल्पा, रूकुम, बागलङ, म्याग्दी जिल्लाहरू र पर्वतको २५, नवलपरासीको ४१, स्याङ्जाको ४८, तनहुँको ३४ गोर्खाको १७ गाविस, दाङ ११, डोल्पाका ६ र लमजुङका ४ गाविसलाई मगरात प्रदेशमा राखेको थियो । राज्यको पुनर्संरचना समितिले सात जिल्ला मात्र समावेश गरेको छ र सल्यान, रूकुम र डोल्पालाई समावेश गरेको छैन् । सल्यानको दुई र रूकुमको ११ गाविसलाई भने राखिएको छ । त्यसै गरेर, पर्वतका २५ मध्ये १७, नवलपरासीको ४१ मध्ये २२, स्याङ्जाको ४८ मध्ये २९, तनहँको ३४ मध्ये १२ गाविस समावेश गरिएको छ भने गोर्खाका १७ गाविस, दाङका ११ गाविस र लमजुङका ४ गाविसहरू समावेश छैनन् । यो सिमाना छुट्याउने काम धैरै अप्ठारो र चुनौतिपूर्ण कार्य हो । तसर्थ यसलाई निकै गम्भीरताका साथ लिइनु जरूरी देखिन्छ ।

**जातीय/समुदाय**

राज्यको पुनसंरचना र राज्यशक्तिको बाँडफाँड समितिले पहिचानको अर्को महत्वपूर्ण पक्ष जातीय/समृदायलाई मानेको छ । जातीय सङ्घीयताको पक्षधरहरू जस्तै; भवानी बरालले भनेका छन् कि नेपालमा वर्षौसम्म एकात्मक राज्य व्यवस्थाले खासगरी मगर, गुरूङ, राई, लिम्बु, तामाङ, नेवार, थरूआदि जनजातिहरूको साधनस्रोतमाथि कब्जा जमाएर उत्पीडन मच्चाउँदा पनि उनीहरूको ऐतिहासिक थलोमा सघन वसोवास रहेको छ (बराल २०६३ : ३७) । उनले सङ्घीयताको मुख्य आधार जातीय हुनु पर्दछ भनेका छन् । डा. महेन्द्र लावतीले सम्भाव्यता भएसम्म जातीयतालाई सङ्घीयताको आधारमा जोड दिएका छन् । उनको भनाइमा जातीय सङ्घीयताको माध्यमवाट मात्र सीमान्तीकृत समूदायका जातीय आकांक्षाहरू पुरा हुन सक्दछन् (लावती २००५ : २३३ ) । गोविन्द न्यौपानेले ऐतिहासिक पृष्ठभूमि जस्तो बिभिन्न जातिको पुर्ख्यौली भूमि वा मुलथलो, भौगलिक सम्भाव्यता, भाषिक स्थिति र जातीय उपस्थिति सङ्घीयताका आधार हुन (न्यौपाने २०००: १३९-१४०) । भाषा, संस्कृतिक र ऐतिहासिक वासस्थान भएका वा मौलिक पहिचान भएका जातिका आधारमा राज्य बन्नुपर्ने हुन्छ जसका कारण उसले विगत सदियौँदेखि गुमाएको राजकीय पहिचान पुनः जागृत गर्न सकोस् । त्यसकारण नेपालमा सबैभन्दा सपाच्य र सहज आधार नै हो, त्यसपछि भाषा हो र क्षेत्र हो (माबुहाङ् २०६४: ९१) । यसको आलवा मगर मञ्च नेपालले पनि जातीय सघनतालाई जोड दिएको छ ।

मगरात प्रदेशमा जातीय/समुदायको लागि मगरहरूको जनसंख्यादेखि अन्य जात जातिको जनसंख्यालाई हेर्नु जरूरी पर्दछ । मगरात प्रदेशमा विभिन्न जात जातिको बसोवास रहेको छ । मगरात प्रदेशको कुल जनसंख्या २०,१६,१६१ रहेको छ । मगरहरूको जनसंख्या हेर्ने हो भने अन्य जातिहरूभन्दा ठूलो छ तथापि बहुमत भने देखिँदैन । मगरात प्रदेशको कल जनसंख्या ६,८७,८६९ अथवा ३४.११ प्रतिशत मगरहरू यस क्षत्रमा रहेका छन् । यसबाहेक बाहुनको १९.२१ १८.०९, दलितको १६.१५, अन्य जनजातिको ६.३३ र अन्य ६.०८ प्रतिशत रहेको छ । अन्य जनजातिमा नेवार, गरूङ, छन्त्याल, कुमालआदि जातिको बसोवास पनि रहेको छ । मलुकको ७५ वटा जिल्ला मध्ये ७ वटा जिल्लामा मगरहरूको जनसंख्या बढी छ । तर मगरको बहमत भएको जिल्ला पाल्पा मात्रै हो । यो जिल्ला यसै मगरात प्रदेश अन्तर्गत पर्दछ । त्यस्तै, अन्य बढी भएका जिल्लाहरू रोल्पा, प्युठान, म्याग्दी, बाग्लुङ पनि मगरात प्रदेशमा पर्दछन् । तर तनहुँ र नवलपरासीमा मगरको जनसंख्या अन्य समदायभन्दा धैर भैकन पनि पूरै जिल्ला यस प्रदेशमा परेका छैनन । केही मगर बद्धिजीविहरूले मगरको जनसंख्या अझ बढ्न सक्दछ भनेका छन् । किनभने मगरहरूको थर, उपथर क्षेत्रीसँग मिल्ने भएकोले मगरको जनसंख्या अन्यत्र मिसिन गएको छ जस्तो थापा, बुढाथोकी, घर्ती आदि ।

**राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड**
**समितिले तयार गरेअनुसार मगरात प्रदेशको जनसंख्या :**

| जिल्ला | कुल गाविस | कुल जनसंख्या | मगर | अन्य जनजाति | बाहुन | क्षेत्री | दलित | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | ४२ | २,०८,३९१ | ३४,०७८ | १२,५२३ | ७६,९८३ | ३८,१५५ | ३३,८२७ | १२,८२४ |
| बाग्लुङ्ग | ६० | २,६८,९३७ | ७४,५५० | ८,२५९ | ५९,५३२ | ५१,८७१ | ५९,५६३ | १५,१६२ |
| गुल्मी | ७९ | २,९६,६५४ | ५९,१२३ | १६,५०४ | ८४,४५५ | ६८,६५३ | ५०,११६ | १७,८०३ |
| कास्की | १ | ३,६७८ | ५८२ | १,१०६ | ४५९ | २६७ | १,२५२ | १२ |
| म्याग्दी | ४० | १,१४,४४७ | ४७,८२० | ९,७६३ | ८,९४५ | १८,८४६ | २४,२६२ | ४,८११ |
| नवलपरासी | २२ | १,१७,७८७ | ५६,४८८ | १८,१०५ | १४,६८३ | ६,०६१ | १२,७४३ | ९,७०७ |
| पाल्पा | ६६ | २,६८,५५८ | १,३६,७५० | ११,९०५ | ५१,७०३ | २१,६११ | २९,४८६ | १७,१०३ |
| पर्वत | १७ | ५८,४४९ | ९,५८५ | ४,८२० | १८,५३४ | ९,६८२ | ११,८०९ | ४,०१९ |
| प्यूठान | ४९ | २,१२,४८४ | ६५,१२३ | ११,४७० | २४,६२६ | ५७,४९५ | ४१,९६४ | ११,८०६ |
| रोल्पा | ५१ | २,१०,००४ | ९१,९३६ | ४,४२८ | २,२६५ | ७०,०९९ | ३२,०४९ | ९,२२७ |
| रुकुम | ११ | ३८,४७९ | २१,५९४ | ९७६ | ५३३ | ११,३३० | १,५०१ | २,५४५ |
| सल्यान | २ (१) | ४,३१३ | २,७३७ | - | - | ८३३ | ६२६ | ११७ |
| स्याङ्जा | २९ | १,४०,२३७ | ४७,१५६ | १९,०४० | ३९,२६९ | ७,६५३ | १६,०४५ | ११,०७४ |
| तनहुँ | १२ | ७३,७४३ | ४०,३४७ | ८,८७५ | ५,४७४ | २,२२२ | १०,४३० | ६,३९५ |
| **जम्मा** | **४८१** | **२०,१६,१६१** | **६,८७,८६९** | **१,२७,७७४** | **३८,४६१** | **३,५७,१२५** | **३५,६७३** | **१,२२,६०६** |
| **प्रतिशत** | | | **३४.११** | **६.३३** | **१९.२१** | **१८.०९** | **१६.१५** | **६.०८** |

*Sources: Central Bureau of Statistics, Population Census, 2001*

## भाषा र साँस्कृतिक

संविधान सभा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले भाषा र सांस्कृतिकलाई पहिचानको आधार अन्तर्गत राखेको छ । हर्क गुरूङका अनुसार नेपालमा तीनवटा सामाजिक समूहहरू जनजातिहरू सांस्कृतिक रूपले, दलित जातिगत रूपले र मधेशीहरू भौगलिक रूपले – राज्य पक्षवाट सधैं सिमान्तकृत हुन पुगे (गुरूङ २००३:११) । नेपालमा सधैं एउटा भाषा, एउटै संस्कृतिलाई मात्र ध्यान दिइयो जसको कारण अन्य जनजातिका भाषा, संस्कृतिहरू ओझेलमा पर्न गए । भाषिक आधारमा सङ्घीय राज्य बनाउने हो भने लगभग ९२ भाषाका अलग अलग राज्यहरू बनाउनु पर्दछ भन्ने मान्यता छ । तथापि यसको बलियो आधार भने देखिँदैन । किनभने विश्वमा भएका सङ्घीय देशले पनि भाषिक

| जिल्ला | कुल गाविस | कुल जनसंख्या | मगर | नेपाली | अन्य जनजाति | अन्य |
|---|---|---|---|---|---|---|
| अर्घाखाँची | ४२ | २,०८,३९१ | ४,९४३ | २,००,४०२ | २,३१९ | ७२७ |
| बाग्लुङ्ग | ६० | २,६८,९३७ | २१,३८१ | २,४२१६५ | ४,१४४ | १,२४७ |
| गुल्मी | ७९ | २,९६,६५४ | ९,७८६ | २,८०,९२४ | ४,७४० | १,२०४ |
| कास्की | १ | ३,६७८ | १५ | २,७५२ | ८४१ | ७० |
| म्याग्दी | ४० | १,१४,४४७ | १६,९९७ | ९०,८६८ | ५,५६२ | १,०२० |
| नवलपरासी | २२ | १,१७,७८७ | ५२,१९५ | ५४,४९४ | १,७७१ | ९,३२७ |
| पाल्पा | ६६ | २,६८,५५८ | ९१,१४७ | १,६५,००९ | ९,४४७ | २,९५५ |
| पर्बत | १७ | ५८,४४९ | ६,६८८ | ४८,२५५ | ३,०९६ | ४१० |
| प्यूठान | ४९ | २,१२,४८४ | ५,५५४ | २,०१,५२३ | ४,१११ | १,३२६ |
| रोल्पा | ५१ | २,१०,००४ | ३८,१६४ | १,७१,२६३ | २९८ | २७९ |
| रुकुम | ११ (२) | १६,६७६ | १२,७५६ | ३,८७० | - | ५० |
| सल्यान | २ (१) | ४,३१३ | - | ४,३११ | - | २ |
| स्याङ्जा | २९ | १,४०,२३७ | ४०,५२९ | ८४,२६३ | १४,९२९ | ५१६ |
| तनहुँ | १२ | ७३,७४३ | ३९,०११ | २०,२०७ | ४,७२२ | ९,८०३ |
| **जम्मा** | **४८१** | **१९,९४,३५८** | **३,३९,१६६** | **१५,७०,३०६** | **५५,९८०** | **२८,९०६** |
| **प्रतिशत** | | (२१८०३)८ | **१७.००** | **७८.७३** | **२.८०** | **१.४४** |

Sources: Sources: Central Bureau of Statisstics, Population Census, 2001

आधारमा सङ्घीय ब्यवस्थालाई अंगिकार गरेका छन् । जस्तो भारतमा लगभग ५५० भाषा भए पनि सबैलाई राज्य दिएको छैन । तथापि बंगाल, तामिलनाडु, आन्द्र, केरलाआदि राज्यहरू भाषिक आधारबाट निर्माण भएका छन् । संघीयता बास्तवमा १७६८-६९ को एकीकरणको समयदेखि नेपाली राज्यमा निर्माण भएको केही ऐतिहासिक रूपमा प्राप्त विशेषताहरू जस्तैः राजतन्त्रात्मक शासन, हिन्दु राज्य, एकात्मक प्रकारको सरकार, एउटा भाषाको प्रधानता, पहाडीया बाहुन-क्षेत्री र नेवारहरूको प्रभुत्व, काठमाडौंको केन्द्रीयता, केन्द्रीकृत प्रशासन, सामन्तवाद, मालिक-आसामीमा आधारित अधिनायकवादी प्रशासनको अस्वीकृति हो (हाथेछु २००६ः १२१) । भट्टचनकाअनुसार जातीय र भाषिक आधारित स्वायत्त क्षेत्रहरूले आउँदा दिनहरूमा जातीय द्वन्द्वहरूलाई रोकथाम गर्न प्रभावकारी कार्य गर्न सक्दछ (भट्टचन २०६१) ।

**समितिले तयार गरेअनुसार मगरात जिल्लाहरूको मानव विकास सूचकाङ्कः**

| **जिल्ला** | **मानव विकास सुचक श्रेणी** | **जिल्ला** | **मानव विकास सुचक श्रेणी** |
|---|---|---|---|
| म्याग्दी | १७ | कास्की | ३ |
| बाग्लुङ्ग | १९ | स्याङ्जा | ७ |
| पाल्पा | २३ | तनहुँ | ९ |
| अर्घाखाँची | ३३ | पर्वत | १४ |
| गुल्मी | ३५ | नवलपरासी | २५ |
| प्युठान | ५३ | सल्यान | ६१ |
| रोल्पा | ६५ | रुकुम | ६४ |

Sources: Nepal Human Development Report 2004

---

मगरात प्रदेशमा विभिन्न मातृभाषाको कुरा गर्दा मगर भाषा दोस्रो स्थानमा छ । कुल जनसंख्या मध्ये ३,३९,१५१ अथवा जम्मा १७.०० प्रतिशत मगरहरूले आफ्नो मातृभाषा मगर भनेका छन् । नेपाली भाषालाई मातृभाषा भन्नेको संख्या धेरै छ । कुल जनसंख्याको जम्मा १५७०,३०६ अथवा ७८.७३ प्रतिशत मानिसहरू नेपाली भाषालाई मातृभाषाको रूपमा लिएका छन् । त्यस्तै अन्य जनजातिहरूको मातृभाषा जम्मा ५५,९८० अथवा २.८० प्रतिशत रहेको छ । बाँकी अन्य भाषा बोल्ने जम्मा २८,९०६ अथवा १.४४ प्रतिशत जनसंख्या रहेका छन् । यस तथ्याङ्कले के देखाउँदछ भने मगर जनसंख्याको अनुपातमा मगर भाषा बोल्न सक्ने मगरहरूको संख्या कम छ । शताब्दीयौं देखिको क्षेत्री र बाहुनको दरिलो प्रवेश वा अतिक्रमणले गर्दा होला परम्परागत मुल थलो भनेर चिनिएको गण्डकी, लुम्बिनी, राप्ती अञ्चलको भेगमा मगरको वर्चस्व अहिले केही खण्डित भएको छ । जसको कारण मगरको जनसंख्या यथावत रहे पनि मगर भाषा वोल्ने मगरहरूको जनसंख्यामा कमी आएको छ । मुलुकभर जनसंख्याको हिसाबले मगर जाति कुल जनसंख्याको तेस्रो स्थान अथवा ७.१४ प्रतिशत भए पनि भाषिक हिसाबले सातौं अथवा ३.३८ प्रतिशत हुन आउँछ ।

मगरहरूको भाषामा कमी आउनुको कारण भनेको राज्यले गरेको एकल भाषा, एकल धर्म र एकल जातीय नीतिले गर्दा नै हो । धेरैजसो मगरहरूले विवाह, व्रर्तवन्ध, मृत्यु संस्कार, चाडपर्वहरूमा हिन्दु संस्कारअनुसार नै गर्दछ । तथापि २०४७ सालको राजनीतिक परिवर्तनपछि मगरहरूले आफ्नो भाषा, संस्कृतिलाई बचाउन आफ्नो संस्कारलाई मान्यता दिंदै आएका छन् ।

**भौगलिक/क्षेत्रगत निरन्तरता**

भौगलिक/क्षेत्रगत निरन्तरतालाई संविधानसभा राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिलले पहिचानभित्र राखेको छ । भौगलिक विकटताका कारण एउटै प्रशासनिक इकाइअन्तर्गत राज्य वा प्रदेश सञ्चालनको अप्ठ्यारो स्थिति आउन सक्ने सम्बन्धमा निकै विचार पुर्‍याउनु पर्ने हुन्छ । कुनैपनि प्रदेश भरसक धेरै प्रदेशसँग सिमाना जोडिएको हुनुपर्दछ । मगरात प्रदेशमा प्राय सबैभाग पहाडी जिल्लामा पर्दछ । भौगलिक अनुकुलता विशेष गरेर जाति र समुदायसँग पनि नजिक हुन्छ । यस मगरात प्रदेशमा खासगरी भौगलिक रूपले खण्डित देखिँदैन । भौगोलिक सीमाङ्कन गर्दा वैज्ञानिक र व्यवहारिक पक्षलाई विशेष ध्यान दिनु आवश्यक हुन्छ । भौगलिक सहजता तथा सामिप्यतालाई आधारभूत रूपमा व्यवस्थापन गरिनु आवश्यक हुन्छ । कुनैपनि एउटा प्रदेशको भूभाग अर्को प्रदेशको भूमिबीचमा अवस्थित भई खण्डित भएको हुनु हुँदैन । संम्भव भएसम्म धेरै जनसंख्या भएको समुदायलाई प्रादेशिक/राज्य/प्रान्तीयस्तरको स्वायत्तताको व्यवस्था गर्ने र त्यसभन्दा सानो जनसंख्या भएको समुदायको हकमा प्रादेशिक स्वायत्त संघ अन्तर्गत जिल्ला स्तरीय स्वशासित क्षेत्रको व्यवस्था गर्नु उपयुक्त हुन्छ । कतै कतै एकै भौगोलिक क्षेत्र एकभन्दा दुई समुदायको ऐतिहासिक थलो भएको र उनीहरूको बसोवासको सघनताको आधारमा सम्बन्धित समुदायको सहमतिमा संयुक्त वा एकीकृत स्वायत्त संघ निर्माणको सम्भावना रहन्छ ।

**आर्थिक र प्राकृति साधन सोतको उपलब्धता**

संविधानसभा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले आर्थिक र प्राकृतिक स्रोत साधनको उपलब्धतालाई सामर्थ्यभित्र राखेको छ । विश्वव्यापी मान्यताअनुसार संघहरूको गठन एउटा प्रमुख सिद्धान्त सम्बन्धित क्षेत्रको आर्थिक विकासमा स्थानीय जनताकै नियन्त्रण र स्वामित्व स्थापित गर्नु हो । यसो गर्नाले केन्द्र र प्रदेशबीच अधिकार र कार्यक्षेत्रको प्रष्ट विभाजन हुन्छ । नेपालको भू–बनोट र यहाँ उपलब्ध खेतीयोग्य जमीन, बनजङगल, नदीनाला, खनिज सम्पदा, पर्यटन तथा औद्यौगिक विकासका सम्भावना, जडिबुटीजस्ता प्राकृतिक स्रोतहरूको वितरणमा समान पाइँदैन ।

यदि कुनै पनि प्रदेश आर्थिक रूपमा कमजोर हुने र प्राकृतिक स्रोत साधनका सम्भावना पनि छैन भने उक्त प्रदेश केन्द्रसँग निर्भर रहनु पर्ने हुन्छ । आर्थिक विकासकालागि मानवीय तथा सामाजिक पूँजी तथा प्राकृतिक स्रोतहरूको उपलब्धतासँगै त्यसको उपयोगको सम्भावनाहरूलाई पनि केलाउनु पर्दछ । विभिन्न राज्यहरूमा आ–आफ्नै स्रोतहरू हुने गर्दछ । कसरी कर लगाउने र खर्च गर्ने तथा राज्य सरकारबीच प्रशासनिक कार्य गर्ने अधिकारको बाँडफाँड कसरी गर्ने र अन्तरसरकारी कोषको निकासाको कस्तो संरचना बनाउने भन्ने पक्षलाई ध्यान दिनु पर्दछ (शाह २००७:३) । प्राकृतिक स्रोत र साधनका हिसावले पहाडी जिल्लाहरू धेरै धनी छन् । पहाड र हिमाली जिल्लाका विभिन्न प्राकृतिक स्रोतको राम्रोसँग प्रयोग नभएको कारण देश गरिव बन्दै गएको यथार्थ हो । तथापि जलविद्युत् निर्माण र विभिन्न खनिज निर्माणमा लामो समय लाग्ने र पूँजीको आवश्यता हुने भएकोले यो एउटा चुनौतिको रूपमा देखिएको छ । यस मगरात प्रदेशमा पनि यस्ता प्रकारका प्राकृतिक स्रोतहरूको सम्भावना बढी देखिन्छ । पर्यटन क्षेत्रको हिसावले पनि यो प्रदेश निकै राम्रो छ ।

यूएनडीपिले सन् २००४ मा सार्वजनिक गरेको मानव विकास प्रतिवेदनले जिल्लागत असमानताको स्थिति देखाएको छ । औसत आयु, साक्षरता दर, विद्यार्थीले विद्यालयमा विताउने वर्ष, प्रतिव्यक्ति आय आदिलाई आधार मानेर मानव विकास सूचक तयार पारिएको हो । नेपालका ७५ जिल्लालाई प्राथिमकताका आधारमा श्रेणी विभाजन गरिएको छ । जसअन्तर्गत काठमाडौं, भक्तपुर र कास्की क्रमशः प्रथम, द्धितीय र तृतीय श्रेणीमा पर्न आउँछन् भने मुगु जिल्ला सबभन्दा पछिल्लो स्थानमा पर्न आउँछ । मगरात प्रदेशका विभिन्न जिल्लाहरूको स्थितिलाई हेर्दा म्याग्दी, बाग्लुङ, पाल्पा, अर्घाखाँची, गुल्मी, प्युठान र रोल्पा क्रमशः १७, १९, २३, ३३, ३५, ५३ र ६५औं स्थानमा पर्न आउँदछन् । यसबाहेक कास्की १ गाविस, स्याङ्जा २३ गाविस, तनहुँ १२ गाविस, पर्वत १७ गाविस, नवलपरासी २२ गाविस, सल्यान २ गाविस र रूकुम ११ गाविस क्रमशः ३, ७, ९, १४, २५, ६१ औ स्थानमा पर्न आउँदछन् । यहाँ रोल्पा र सल्यान जिल्लाको स्थान मगरातमा पर्ने अन्य जिल्लामा भन्दा कम छ ।

**प्रशासनिक सुगमता र पूर्वाधार विकासको अवस्था**

समितिले प्रशासनिक सुगमता र पूर्वाधार विकासको अवस्थालाई सामर्थ्यभित्र राखेको छ । अहिलेसम्मको नेपालको प्रशासनिक सुगमता अवैज्ञानिक, परम्परावादी ढंगबाट निर्माण भएको छ । केही जिल्लाका सदरमुकामको कुरा गर्ने हो भने सदरमुकाम पुग्न दुई, तीन दिन लाग्दछ । जिल्ला भरिका मानिसलाई मिल्ने गरी सदरमुकाम राखिएको छैन । नेपालको राजधानीको सवालमा पनि त्यस्तै छ । सबै अधिकारहरू काठमाडौँ केन्द्रित छ । तसर्थ संघीय प्रदेशमा प्रशासनिक सुगमतालाई वढी ध्यान दिनु आवश्यक छ । हिजोको जस्तो प्रशासनिक दुर्गमता मगर प्रदेशमा हुन भएन । त्यसै गरेर हिजोको केन्द्रीकृत राज्यसत्तामा जस्तो संघीय प्रदेशमा सत्ता साझेदारी गर्ने हो भने संघीयता नाम मात्रको रहने छ ।

अहिलेसम्म प्राय धेरैजसो गैरजनजातिको विरोध भनेको जातीय र भाषिक आधारमा निर्माण भएको संघीय प्रदेशले उनीहरूकै शासन रहन्छ भन्ने नै छ । जुन जातिको जति प्रतिशत जनसंख्या छ त्यहीअनुसारको प्रशासनिक निकायमा समावेसी हुने व्यवस्था गरिनु आवश्यक छ । यस्तो व्यवस्थाले एकातिर मगर जातिलाई राज्यले पछाडि पारेको महशुस गर्ने छैनन् भने अर्कातिर गैरमगरले पनि आफूलाई एक्ल्याएको महशुस पनि गर्ने छैनन् । पूर्वाधार विकासको अवस्था अझ महत्वपूर्ण पक्ष हो । प्रदेशमा यातायात सुविधा, पानी विजुलीको सुविधालाई ख्याल गर्नु आवश्यक हुन जान्छ ।

**निष्कर्ष**

संविधानसभा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले तयार गरेको संघीयताका आधारलाई हेर्दा जातीयताका आधारमा संघीय इकाई बनाएको हो कि होइन भन्न कठिन देखिन्छ । किनभने आदिवासी जनजातिले उठाएका संघीयताका आधारहरू ऐतिहासिक मुलथलो, जातीय सघनता, भाषिक, भौगोलिक निरन्तरता र आर्थिक सम्भाव्यतालाई समितिले पहिचान र सामर्थ्य गरी दुई भागमा समेटेको छ । यसले जातीयताका आधारमा संघीय इकाईहरू बनाउन हुँदैन भन्नेहरूको मुख बन्द गर्ने काम गरेको छ । मगरहरू नेपाल भरी छरिएर रहेका छन् तसर्थ सम्पूर्ण मगरलाई समेट्ने खालको मगरात प्रदेश बनाउन कल्पना पनि गर्न सकिदैन ।

जुन मगरात क्षेत्र भनेर चिनिएका छन् तिनीहरूलाई समेट्ने खालको मगरात प्रदेश बनाउन उपयुक्त हुन्छ । त्यसको लगि जिल्ला, गाविस र वडाहरूको सिमानालाई अझै पनि बदल्न

जरूरी देखिन्छ । जस्तो उदाहरणको लागि सल्यान जिल्लाको दुइवटा गाविसहरू मगरात प्रदेशमा परेको भएता पनि एउटा गाविसमा एकजना पनि मगरको जनसंख्या नभएकोलाई मगरात प्रदेशमा राखिएको छ । तसर्थ मगरहरूको बसोवास गरेको वडा, गाविस र क्षेत्रलाई एकातर्फ पार्न अझै पनि जरूरी छ । विभिन्न संघीय इकाईहरूको नामाङ्कन भने जातीय, धार्मिक, एतिहासिक पृष्ठभूमि र साँस्कृतिक पहिचानलाई मानेको देखिन्छ । संघीयतको नामाङ्कन जातीय हिसाबले राखे पनि यसलाई परिवर्तन गर्न सकिने भनेको छ । यहाँ कसैको चित्त नदुख्ने संघीयताको नाम छनौट गर्न सकिने भनेको छ । यस हिसाबले अहिले जातीय रूपले राखिएको संघीयताका नाम पछि बदल्न पनि सकिने अवस्था छ ।

मगर जातिको दृष्टिकोणमा समितिले प्रस्ताव गरेको अवधारणा प्रतिवेदन समग्रमा उपलब्धीमूलक मान्नु पर्दछ । त्यसै गरेर मगरात प्रदेशमा पहिचान र सार्मथ्यका आधारहरू प्रयाप्त छन् । नेपालको यथार्थ धरातललाई हेर्ने हो भने एउटै पक्षलाई मात्र संघीयताको आधार बनाउन सकिँदैन । एउटै पक्षलाई आधार बनाएर अर्को पक्षलाई किनारा लगाउने काम उपयुक्त पनि देखिँदैन । तसर्थ हाम्रोजस्तो जातीय विविधता भएको देशमा जातीय, साँस्कृतिक, भाषिक, क्षेत्रीय, आर्थिक, भौगोलिक आदि पक्षहरूलाई पनि संघीयताको आधार बनाइनु पर्नेहुन्छ । अन्तरिम संविधानको धारा १३८ ले देशको विद्यमान वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न संघीय लोकतान्त्रिक शासन प्राणालीलाई अङ्गीकार गर्ने कुराको उल्लेखले पनि यसलाई पुष्टि गर्दछ । राजनीतिक दलहरूले तोकिएको समयमा नयाँ संविधान बनाउन नसकेका कारण पुनः एक वर्षको समय थप गरिएको छ । विगतमा उनीहरूको राजनीतिक संस्कारले गर्दा अहिले पुनः थपिएको एक वर्षमा पनि संविधान बन्छ कि बन्दैन भन्ने सवालमा आमजनता ढुक्क हुने अवस्था छैन । नयाँ संविधानको निर्माण सिधै राज्यपुर्नसंरचनासँग जोडिएको छ । यदि नयाँ संविधान बनेन भने संघीय लोकतान्त्रिक गणतन्त्र, शान्ति स्थापना र जनजातिले मागेका जातीय, संस्कृतिक र भाषिक आधारका संघीय प्रदेश जस्ता महत्वपूर्ण सवालहरू ओझेलमा पर्ने निश्चित छ । लोकतन्त्रमा राजनीतिक दलले नै विभिन्न जात, जाति र भाषा भाषिको सवाललाई पुरा गर्न सक्दछन् । तसर्थ राजनीतिक दलले उनीहरूको मागलाई सम्बोधन गर्न सक्छन् कि सक्दैनन् भन्ने सवाल मुख्य चुनौतिको विषय बनेको छ । मगर जातिका सामाजिक र राजनीतिक संघ, संगठनबीच मगर जातिका साझा मुद्दाहरूमा व्यापक समन्वय र कार्यगत एकता गरेर राजनीतिक दलका नेतालाई आफ्ना मागकाबारेमा शसक्त दबाव दिनु अहिलेको अवश्यकता हो ।

*(लेखक त्रिभुवन विश्वविद्यालय राजनीतिकशास्त्र केन्द्रीय विभागमा जातीय संघीयता विषयमा विद्यावारिधी गर्दै हुनुहुन्छ)*

**सन्दर्भ सामग्री**


- बराल मगर, केशरजङ्ग । २०५० । पाल्पा तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति । काठमाडौंः नेपाल राजकीय प्रज्ञा -प्रतिष्ठान ।
- बराल भवानी । २०६३ पुनःप्रकाशन । यस्तो हुन पर्दछ राज्यको संरचना । काठमाडौंः विजयपुर प्रकाशन ।

- बराल, लोकराज । २०६४ । संघीय प्रणालीको आवश्यकता । काठमाडौंः नेपाल समसामयिक अध्ययन केन्द्र NCCS) ।
- बुडामगर, हर्षबहादुर । २०४९ । किराँतवंश र मगरहरू । काठमाडौंः श्रीमति उन्नती बोहोरा प्रकाशिका ।
- मगर राष्ट्रिय मुक्ति मोची नेपालको विधान २०६३ ।
- भट्टचन, कृष्णबहादुर । २००८ अप्रकाशित । संघीय लोकतान्त्रिक गणतन्त्रमा
- आदिवासि जनजातिहरूको आत्मनिर्णय र जातीय स्वायत्तताको ढाँचा ।
- भट्टचन, कृष्णबहादुर । २०६१ । जनजातिको दाष्ट्रिकोणवाट राज्यको
- पुनर्संरचनाका सवालहरू । काठमाडौंः मुल्याङ्कन पौष ।
- थापा मगर, टुकबहादुर । २३ वैशाख २०६४ । संघीय धरातल र दल नेपाल राष्ट्रिय साप्ताहिक ।
- थापा मगर, लोकबहादुर । २०६४ । नेपाली राष्ट्रियता र जनजाति राष्ट्रवाद । काठमाडौंः प्रगति पुस्तक सदन प्रकाशक ।
- थापा मगर, एमएस । २०४९ । प्राचिन मगर र अक्खा लिपि⁄ काठमाडौंः श्रीमती दुर्गीदेवी थापा मगर प्रकाशिका ।
- थापा मगर, एच बी । १९९४ । मगरात इतिहास । रोल्पाः सोरठि प्रकाशन ।
- थुलुङ, नारदमुनी । २०४२ । किराँतको नालि बेली । बाराणसीः श्रीमती अङ्कुर बन्दङवा प्रकाशिका ।
- संविधान सभा राज्यको पुनसंरचना र राज्यशक्तिको बाँडफाँड समिति २०६६ । अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्वन्धी प्रतिवेदन २०६६ ।
- संयुक्त मगर मन्च, नेपालको साझा अवधारणा पत्र -२०६५
- सुन्दर, मल्ल के. । २००८ । समावेशी तथा स्वायत्तता शासनको मान्यतामा संघीय नेपाल । काठमाडौंः नेवाः देय दबु ।
- शर्मा, शरदचन्द्र । २०४५ । नेपाल र यसका निवासी । काठमाडौंः श्री ५ को सरकार सन्चार मन्त्रालय प्रकाशन ।
- Adhikary, Surya Mani 1988. The Khasa Kingdom A Trans-Himalayan Empire of the Middle Age, Jaipur: Nirala Publication.
- Elazar, Daniel 1997: Exploring Federalism, Tuscaloosa: University of Alabama Press.
- Habtu, Alem 2003: Ethnic Federalism in Ethiopia: Background, Present Conditions and Future Prospects," a seminar paper presented on the Second EAF International Symposium entitled Contemporary Development Issues in Ethiopia, 11-12 July.
- Hachhethu, Krishna 2006: Monarchy and Insurgency in Nepal: Facets of Maoists Insurgency, Lok Raj Baral ed., pp, 118-133, New Delhi: Adroit Publishers.
- Khanal, Krishna 2007 (Unpublished): Restructuring of the Nepali State: The Federal Perspective, National Seminar Paper on Restructuring the Nepali State, organized by Nepal Centre for Contemporary Studies (NCCS).
- National Foundation For Development of Indigenous Nationalities An Introduction 2003.
- Shah, Anwar 2007. Introduction: Principles of Fiscal Federalism in Anwar Shah, ed., The Practice of Fiscal Federalism: Comparative Perspectives, Mc Gill-Queen's University Press.
- Thapa Magar, Tuk Bahadur 2008. Ethnic Federalism in Nepal: Challenges and Opportunities, Nepali Journal of Contemporary Studies, Vol. VIII, No. 2 September, Kathmandu: NCCS
- Vanhanen, Tatu 1992: Politics of Ethnic Nepotism (India as an Example), New Delhi: Sterling Publisher.
- Watts, Ronald L. 2008 (Third Edition): Comparing Federal Systems, London: McGill-Queen's University Press.
- Whelpton, John. 1997. 'Political Identity in Nepal: State, Nation, and Community', in D.N. Gellner, J. Pfaff- Czarnecka & J. Whelpton (eds.), Nationalism and Ethnicity in a Hindu Kingdom: The Politics of Culture in Contemporary Nepal, Amsterdam: Harwood Academic Publishers.



मनोज घर्ती मगर

# मित्रसेनको झुप्रोलाई एक साँझ

लामो समयको प्रतिक्षापछि खुल्यो पर्दा । दौरा–सुरवालमा चिटिक्क परेका, खुकुरीको सानसहितको ढाका टोपी । युवाझैं देखिने झल्किए स्टेजमा । 'उहाँ नेपालको ध्रुवतारा हो । उहाँका गीत सुन्दै नाँच्न लागेको पनि सत्तरी वर्ष पुग्न लागेछ' भन्दै उनी नाँच्न–गाउन थाले । र बजाउन थाले दर्शकहरू ताली । गड्ढाहट...!

सुरिलो स्वरमा मास्टर मित्रसेन थापा मगरको गीत 'अब त जाउँ कान्छी घर बाटो छ उकाली ओराली...' गाउँदै वीरबहादुर थापा मगर कम्मर मर्काउँदै नाँचे । उनको हाउभाउ, अभिनय र स्वर सुन्दा पत्यार मानेनन् धेरैले उनी ७० वर्षको वृद्ध भनेर ।

मास्टर भित्रसेनका गीत गाउँदै थिए विरबहादुर । मास्टर मित्रसेनको स्मृतिमा आयोजित भव्य साङ्गीतिक साँझको पर्दा खोल्दै थिए उनी । मित्रसेनका लोकप्रिय गीत 'अब त जाउँ कान्छी घर...' गाउँदै ।

असार ५ गते कमलादीस्थित प्रज्ञा प्रतिष्ठान भवन खचाखच थियो । ती जम्मै स्वर्गीय मास्टर मित्रसेन थापामगरलाई सम्झन पुगेका थिए । उनले गाएको गीत सुन्न पुगेका थिए । उनले नेपाली गीत सङ्गीत क्षेत्रमा गरेका योगदान, मगर समुदायको लागि गरेका योगदानबारे थप जानकारी लिन पुगेका थिए । र योगदान गर्न गएका थिए बहुप्रतिभाका धनी मास्टर मित्रसेनको भत्किन लागेको झुप्रोलाई मर्मत–संहारको सहयोगार्थ जुटाउन । मगर समुदायलाई त्यहाँ जुटाउने अवसर जुराएको हो 'मास्टर मित्रसेन थापा मगर स्मृति प्रतिष्ठान' ले । र जुराएका हुन् – हङकङमा बस्दै आएका युवा गीतकार सोम थापामगर 'पिडित'ले ।

मास्टर मित्रसेनको स्मृतिमा गीतकार 'पिडित' ले आफ्नो एकल शब्दमा साङ्गीतिक साँझ चलाए । ऐतिहासिक र पुरातात्विक महत्व राख्ने मित्रसेनको झुप्रो मर्मतका लागि सहयोगार्थ रकम संकलन गर्न उनले साङ्गीतिक साँझ 'थाकेको यात्रा' चलाएका थिए । सोमले आफ्नो जीवनका भोगाईहरूलाई समेटेर लेखेका शब्दलाई थुप्रै गायक गायिकाले कार्यक्रममा प्रस्तुत

गरे । धेरैले धेरै भने मित्रसेनका बारेमा सांगीतिक साँझमा । 'नेपाली गीत सङ्गीत जुन स्थानमा आएको छ । हामी मास्टर मित्रसेनले दिएको अनुदान कहिल्यै तिर्न सक्दैनौं' कार्यक्रमको उद्घाटन गर्न पुगेका नेपाल सङ्गीत प्रतिष्ठानका कुलपति अम्बर गुरूङले भने 'नेपालमा गीत सङ्गीतको बिउ मित्रसेनले रोपेका हुन् हामी त्यसको फल खाईरहेका छौं ।' उनले मित्रसेनको निकै प्रशंसा गरे ।

'जीवनमा सुखभन्दा दुःख धेरै भेटें
त्यही दुःख खोज्दा मित्रसेनको झुप्रो थाकेको भेटैं'

त्यही झुप्रोको सहयोगार्थ थाकेको यात्राका शब्दकार सोमले शुरूमै भने आफ्नो साङ्गीतिक साँझको बारेमा । मित्रसेनका धेरै लोक झ्याम्रे गीत गाए ७० वर्षीय वीरबहादुरले । उनीसँगै २१ वर्षीया सङ्गीता थापामगरले मित्रसेनले लेखेका दोहोरी गीतहरू गाइन् । 'जाल हान्दै आएको आँधीखोला...' जस्ता गीतहरू गाएर निकै रोमान्चकारी साँझ बनाए उनले । मिस नेपाल २००९ की फस्ट रनरअप ऋचा थापामगरको उद्घोषण कार्यक्रमको विशेष आकर्षण थियो ।

पहिलो 'नेपाली तारा' दीपक लिम्बु, गायिका जुना प्रसाई, गायक ईश्वर अमात्य, शुशील थापा, उमेश मायालु, कुबेर राई, संजीव आलेमगरलगायतका गायक –गायिकाले कार्यक्रमलाई निकै रोमान्चित बनाए । 'थाकेको यात्रा' लाई नेपाली सङ्गीतको इतिहासमा प्रथम पटक एकल शब्दकारको प्रस्तुति भनिएको छ । कार्यक्रमका परिकल्पनाकार सोम भूतपूर्व बेलायती सेना हुन् । समाजसेवीको रूपमा सक्रिय सोम पछिल्लो समय गीत–सङ्गीतको क्षेत्रमा लागेका छन् । काठमाडौंमा क्रियाशील विभिन्न मगर संघ संगठनहरूको सहयोगमा भएको उक्त साङ्गीतिक साँझको मुख्य आयोजक मास्टर मित्रसेन स्मृति प्रतिष्ठान थियो ।

**सम्झनामा मास्टर मित्रसेन**

स्वर्गीय मास्टर मित्रसेन थापा मगर नेपाली लोकगीतको शुरूवाती हस्ती मानिन्छन् । शुरूका लाहुरे मित्रसेनपछि यसरी साहित्यिक साधनामा लागे कि उनले नेपालको साहित्यिक इतिहासमा नयाँ किर्तिमानहरू बनाउन सफल भए । उनका दर्जनौं साहित्यिक कृतिहरू छन् । सम्भवतः मास्टर मित्रसेन त्यस्ता एक्ला व्यक्तित्व हुन् जसको सम्मानमा नेपाल र भारत दुवै देशले उनको नाममा हुलाक टिकट प्रकाशन गरेको छ ।

पुर्खौली थलो पर्वतको राखुपुन्ला तत्कालीन बागलुङमा भएका मास्टर मित्रसेनको जन्म सन् १८९५ डिसेम्बर २९ मा भारतको हिमान्चल प्रदेश, 'काँकडा, भाक्सु धर्मशाला, छाउनीको धाराखोला गाउँमा भएको थियो । मित्रसेनका इतिहास लेख्नेहरूले उल्लेख गरेअनुसार उनका हजुरबुवा सन्तु थापा मगर १८औं शताव्दीमा कुमाउ गढवाल र देहरादून हुँदै भाक्सु पुगेका थिए सेनापति काजी अमरसिंह थापासँगै । केही गोर्खाली सैनिक काँकडा किल्लाको छेउछाउमा बस्न इच्छुक भएपछि सन्तु पनि त्यही बसैका थिए । सोही क्रममा सन्तुका छोरा मनवीर जन्मिए । तिनै मनवीर र राधाका छोरा हुन् मित्रसेन ।

मित्रसेनको पुर्ख्यौली पेशा लाहुरे हो । त्यसैले उनले सन् १९१२ देखि १९२० सम्म सैनिक पेशा अंगाले । प्रथम विश्वयुद्धमा युरोप, अफ्रिका र मध्यपूर्वका कैयौं मुलुकहरूमा उनी पुगे पनि । 'युद्धमा हिंसा, हत्या, रक्तपात, नरसंहार र अशान्तिका दुःखद् दृश्य हेर्दा मास्टर मित्रसेनको

कोमल हृदयमा ठूलो आधात पुग्यो । फलतः विदेशबाट फर्केर आएपछि सैनिक जीवनबाट सन् १९२० मा उनले अवकाश लिए ।' 'त्रिलोकसिंह थापामगरले 'मित्रसेनको जीवनीमा लेखेका छन् । सैनिक जीवनबाट अवकास लिएपछि २५ वर्षको जीवन नेपाली लोकगीत साधना, साहित्य सिर्जना, नेपाली भाषाको प्रचार, नाटक, कथा लेखन, अभिनय, नाटक प्रदर्शन, समाज सुधारजस्ता काम गरेको जीवनीमा लेखिएको छ ।

जब मित्रसेनले भारतका विभिन्न स्थानमा रहेका नेपालीहरूसँग भेटघाटका साथै नेपालको भ्रमण गरे तब उनमा समाजसेवाको भाव जाग्यो र लागे समाज सुधारमा । सन् १९३३ अन्तिमतिर नेपाल भ्रमणमा निस्किएका मित्रसेनले १९३५ सम्म भ्रमणमै बिताएका थिए । उनले पाल्पा, गुल्मी बागलुङ र काठमाडौँको भ्रमण गरे । त्यस बेला तत्कालीन प्रधानमन्त्रीसँग अनुमति लिएर ६ जना नेपालीहरूलाई नाटक अभिनयको तालिम पनि दिए । पछि तिनीहरूलाई लिएर भारत फर्के र नयाँ नाटकहरू बनाउन सुरू गरे ।

मित्रसैन साहित्यका सबै विद्यामा पोख्त थिए । त्यही उनको बहुप्रतिभाकै कारण उनलाई मास्टरको उपाधि दिइएको हो । उनका हिन्दी, उर्दू र नेपाली भाषामा दर्जनभन्दा बढी लोक नाटकहरू छन् । उनका नाटकमा देशभक्त झल्किएका पाइन्छन् भने हरेक कृतिमा क्रान्तिकारीपनको झल्को देखिन्छ । जसले समाज रूपान्तरणका लागि निकै प्रयत्न गरेको थिए ।

नेपाली लोक संगीतको मित्रसेन अग्रणी नै हुन् । उनलाई 'झ्याउरै' सम्राटको उपाधि दिइएको छ । उनी नेपाली संगीतको पहिला यस्ता गायक हुन् जसले ग्रामोफोन रेकर्डमा झ्याउरे गीतहरू सन् १९३६ देखि हिज मास्टर भ्वाङ्स कलकत्तामा र दि स्टार अफ इन्डिया वाराणसीबाट डिस्क रेकर्ड गराएका थिए । त्यसै बेलादेखि यिनलाई 'मास्टर'को उपाधिले सम्मानित गारिएको थियो । उनलै दर्जनभन्दा बढी गीत ग्रामोफोन डिस्कमा रेकर्ड गराएका थिए ।

जानकारहरूका अनुसार मित्रसैनले कम्तिमा ९७ वटा गीत लेखेका थिए । 'हाल ६३ वटा गीतहरू मात्र फेला परेको छ । जसमध्ये २३ वटाको रेकर्ड फेला परेको छ ।' मित्रसेनको जीवनीमा त्रिलोकसिंह थापा मगरले लेखेका छन् ।

मास्टर मित्रसेन राम्रा निबन्धकार, अनुवादक तथा कथाकार पनि हुन् । महाभारतका 'आदिपर्व, सभापर्व, विराटपर्व, उद्योगपर्व, र भीष्सपर्व नेपाली अनुवाद मित्रसेनले नै गरेका हुन् । उनले डायरी लेखन, यात्रा साहित्य, खण्डकाव्य लेखेका छन् । सन् १९४० मा मित्रसेनले पहिलो निबन्ध संग्रह 'हितको कुरा तयार पारेका थिए । 'गाहिरो खोज', 'मित्रको डायरी', 'उन्नतिको साँचो', 'सुशील्ता' जस्ता उनका चर्चित निवन्धहरू हुन् । 'तिर्थयात्रा', 'धर्म छोरा', 'प्रेममा भगावान', 'तीन कुरा', 'तीन योगी' आदि चर्तित कथा मित्रसेनले लेखेको रेकर्ड छ ।

मित्रसेनले यात्रा साहित्य अत्यन्त रोचक ढंगले लेख्ने गर्दथे । उनी राम्रो खण्ड काव्य पनि लेख्थे । पर्शुराम लक्ष्मण संवाद, भक्त प्रल्हाद, चन्द्र हाँस, वीर अभिमन्यू उनका मुख्य खण्ड काव्यहरू हुन् । यी खण्ड काव्य उनले गीता महाभारत प्रसंगलाई आधार मानेर नेपाली भाषामा लेखेका हुन् । उनले सन् १९३५ मा गीता सारलाई अनुवाद गरेका थिए ।

*'राज्य सुख भोग निम्ति फाँकैला युद्ध रचाउने किन*
*मेरो मनले मान्दैन कृष्ण संसार डुबाउने किन*
*दुनियाँलाई कष्ट दुःख दिएर गरिबको रगत चुसेर*
*जनसमूहलाई मासेर मोज उडाउने किन'*

यी हरफ मित्रसेनको गीतासार अनुवादबाट साभार गारिएको हो । 'बुद्धवाणी' बुद्ध दर्शनको नेपाली भाषामा अनुवाद पनि उनै मित्रसेनले गरेका हुन् । हाँस्यकाव्य, गजल, कब्बालीजस्ता चर्चित नाटक उन धेरै छन् । 'विल्वा मंगल', 'नूरको पुतली', 'चित्तामणी', 'मरीर की हुर' लगायत ४ वटाभन्दा बढी नाटक आफैले लेखेर मित्रसेनले मन्चन गरेका थिए । उनका दुई दर्जनभन्दा बढी साहित्यिक कृतिहरू पनि रहेका छन् । 'हिमाञ्चल प्रदेश, भाग्सु धर्मशाला नेपाली साहित्यका उनी प्रथम जन्मदाता नै हुन्न पुगेका छन्' त्रिलोकसिंहले जीवनीमा लेखेका छन् ।

मास्टर मित्रसेन त्यस्ता व्यक्ति हुन् । जसका नामा दुई जना नेपालीले विद्यावारिधि गरेका छन् । मास्टर मित्रसेनको साङ्गीतिक योगदानको विश्लेषण र मूल्याङ्कनबारेमा भारतको कुरूक्षेत्र विश्वविद्यालयबाट २००१ मा डा. राजेन्द्र गुरूङ र मित्रसेन साहित्यिक योगादान बारै त्रिभुवन विश्वविद्यालयबाट डा. खग्रेन्द्र शर्माले विसं २०५९ सालमा विद्यावारिधि गरेका छन् ।

मित्रसेन थापा मगर नेपाल र नेपालीको पहिचान हुन् । मगर समुदायको त धेरै अग्रणी व्यक्तित्व । विलक्षण प्रतिभावान् व्यक्तित्व मास्टर मित्रसेनका निधन सन् १९४६ अप्रिल ९ का दिन भएको थियो । शारिरीक रूपमा मरेर गएपनि उनका जीवन्त गीत संगीत र उनको साहित्यिक कृतिहरूले उनी बाँचिरहेका छन् ।

*(लेखक नगर आमसंचारकर्मी समाजका महासचिव तथा जनदिशा दैनिक संवद्ध पत्रकार हनुहुन्छ ।)*



झकेन्द्र घर्ती मगर

# शैक्षिक दृष्टिकोणमा राज्यको संघीय पुनसंरचना

अहिलेसम्म अभ्यास गर्दै आएको केन्द्रिकृत र एकात्मक राज्य व्यवस्थाबाट नेपाल संघीय व्यवस्थामा जाने प्रक्रियामा छ । विधिवत् रूपमा भने ऐतिहासिक जनआन्दोलन ०६२/०६३ पछि बनेको नेपालको अन्तरिम संविधान २०६३ मार्फत संघीय व्यवस्थामा प्रवेश गरिसकेको छ । अन्तरिम संविधानको भाग १७ धारा १३८ मा 'वर्गीय, जातीय, भाषिक, लैंगिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रिकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी लोकतान्त्रिक संघीय शासनप्रणाली सहितको अग्रगामी पुनर्संरचना गरिनेछ' भनी उल्लेख गरिएपछि नेपालले संघीयताको विधिवत् यात्रा तय गरेको हो । यही प्रतिबद्धता अनुरूप व्यवहारिक रूपमा संघीयताको अभ्यास गर्न २८ चैत्र २०६५ मा संविधानसभाको चुनाव सम्पन्न भई संघीय गणतन्त्र नेपालको संविधान लेखिंदैछ । राजनीतिक दलहरूको संविधान निर्माणभन्दा सत्ता केन्द्रित राजनीतिक गतिविधिका कारण अन्तरिम संविधानले तोकेको २०६७ जेठ १४ सम्मको समयसीमामा संविधान निर्माण गर्न नसकेपछि थप एकवर्ष समय थपिएको छ । आम राजनीतिक-सामाजिक सहमति हुन सक्यो र थप गरिएको बाँकी समयमा संविधान निर्माण गरियो भने अवको एक वर्षमा नेपालले संघीयताको व्यवहारिक अभ्यास गर्नेछ ।

राज्य व्यवस्थाको संक्रमणकालीन यो अवस्थामा संविधान निर्माण प्रक्रियासंगै सिंगो राज्यकै संघीय पुनर्संरचनाका धेरै सवालहरूमा व्यापक बहस भइरहेको छ । खासगरी, संघीयताको स्वरूप कस्तो हुने ? संघीयताको आधारहरू के के हुने ? अधिकार र शक्तिको बाँडफाँड कसरी गर्ने ? पहिचानको आन्दोलन र विविधतालाई कसरी सम्बोधन गर्ने ? जस्ता प्रश्नहरूमा बहस हुँदै आएको छ । तर ती बहसहरूमा संघीयता र शिक्षा क्षेत्रको पुनर्संरचनाबारे खासै चर्चा भएको पाईंदैन । जबकि देश संघीय शासन व्यवस्थामा जाने भएपछि शिक्षा प्रणाली पनि

संघीय शासन व्यवस्था अनुरूपको नै हुनु जरूरी छ । त्यसैले राज्यको संघीय पुनर्संरचनामा शिक्षा एउटा महत्वपूर्ण सवाल हो र अबको शिक्षा क्षेत्रको पुनर्संरचना भनेको संघीय व्यवस्था अनुरूपको शिक्षा प्रणालीको तय गर्नु हो ।

अहिलेसम्म अभ्यास गरिएको शिक्षाको वर्तमान अवस्थालाई विश्लेषण गर्दा यो केन्द्रिकृत मात्र छैन, पहुँच र प्रतिनिधित्वको दृष्टिले जातीय, क्षेत्रीय, लिङ्गीय र वर्गीयरूपमा असमान र विभेदपूर्ण पनि छ । त्यसैले शिक्षामा देखिएका असमानता र विभेदको अन्त्य गरी शिक्षामा सबैको समान पहुँच र समावेशीकरण संघीय व्यवस्थामा कसरी गर्न सकिन्छ भन्ने सवाल नै शैक्षिक पुनर्संरचनाको प्रमुख मुद्दाका रूपमा देखिएको छ । संघीय व्यवस्थामा राज्यको शक्ति तथा दायित्व केन्द्र, प्रदेश र स्थानीय सरकारबीच संवैधानिकरूपमा बाँडिएको हुन्छ । त्यसैगरी, शिक्षाको अधिकार र दायित्व पनि केन्द्र, प्रदेश र स्थानीय सरकारबीच सबैको समान पहुँच र उपलब्धता हुने गरी न्यायोचित तरिकाले बाँड्न आवश्यक छ । जुन शैक्षिक पुनर्संरचनाको अहिलेको प्रमख चुनौति हो । अबको संघीय नेपाललाई सबल र समृद्ध बनाउन सबैभन्दा ठूलो भुमिका शिक्षाको नै हुने भएकाले राजनीतिक नेतृत्व र शिक्षासँग सरोकार राख्ने सबैले शिक्षामा प्राथमिकता दिनु जरूरी छ ।

नेपालको अहिलेसम्मको सामाजिक राजनीतिक इतिहास अध्ययन गर्दा शिक्षा सधैं कम प्राथमिकतामा पर्दै आएको छ । प्रत्येक पटक सरकार परिवर्तन हुँदा न शिक्षा मन्त्रालय दलहरूको रोजाईमा पर्छ, न दलहरूको नीति कार्यक्रम र घोषणापत्रमा शिक्षालाई प्राथमिकताका साथ राखिन्छ । जनआन्दोलन ०६२/०६३ पछि बनेको कांग्रेस नेतृत्वको अन्तरिम सरकार, संविधान सभाको चुनावपछि बनेको माओवादी नेतृत्वको सरकार र राष्ट्रपतिको कदमपछि बनेको एमाले नेतृत्वको सरकारमध्ये तीनवटै सरकारको गठबन्धनमा पनि शिक्षा मन्त्रालय अर्थ, गृह र जलस्रोत मन्त्रालय जस्तो दलहरूको प्रमुख रोजाईमा परेन । सामान्यतया के देखिन्छ भने आर्थिक चलखेल कम हुने मन्त्रालयमा कार्यकर्ताहरूको भरणपोषण गर्न नसकिने भएकाले पनि यसरी कम महत्व दिइन्छ । अर्कोतर्फ शिक्षा क्षेत्रलाई अति राजनीतिकरणको शिकार बनाइएको छ । पञ्चायत कालमा दरबार निकटका व्यक्तिहरूलाई विश्वविद्यालयको उपकुलपति लगायत शिक्षा क्षेत्रको महत्वपूर्ण जिम्मेवारी दिइन्थ्यो । २०४६ सालपछिको अवधिमा कांग्रेस र एमालेको राजनीतिक भागवण्डामा विश्वविद्यालय र प्रमुख शैक्षिक संस्थाहरू चलाउने परम्पराको विकास गरियो । त्यसैगरी, ०६२/०६३ को जनआन्दोलनपछि माओवादी, कांग्रेस र एमालेको बीचमा विश्वविद्यालयका उपकुलपति, रेक्टर, रजिष्टार, डिन र क्याम्पस प्रमुखहरू भागबण्डा गरिएको छ । यसले शिक्षा क्षेत्रमा शक्ति सन्तुलनलाई कायम गरे पनि कार्य सम्पादनमा प्राज्ञिकभन्दा राजनीतिक प्रभावलाई प्रश्रय दिएको छ । विश्वविद्यालयलाई दक्ष र प्राज्ञिक जनशक्ति उत्पादन गर्ने ठाउँभन्दा पार्टीहरूको आफ्नो कार्यकर्ता भर्ती केन्द्र बनाउने परम्पराको विकास भएको छ । यसरी विश्वविद्यालयहरूमा गरिने राजनीतिक भागबण्डाले शिक्षामा चरम पार्टीकरण हावी भएको पुष्टि हुन्छ ।

संविधानसभाबाट सबैभन्दा ठूलो दलको रूपमा स्थापित पार्टी एकिकृत नेकपा माओवादीले आफ्नो संगठनात्मक इतिहासमा नै अहिले आएर पहिल्लो पटक शिक्षा विभाग स्थापना गरेको छ । तर आफूलाई नेपालको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टी दावी गर्ने र विसं ०४६ सालपछिको बहदलीय संसदीय कालदेखि धेरैजसो सत्ता नेतृत्वमा रहेको नेपाली कांग्रेसको अहिले पनि शिक्षा हेर्ने विभाग छैन । तुलनात्मकरूपमा माओवादी र कांग्रेसभन्दा पहिले देखि नै नेकपा एमालेले शिक्षा विभागको अभ्यास गरेपनि पार्टीका अन्य विभाग जस्तो सक्रिय भूमिकामा

यो विभाग छैन । राजनीतिक बहस र प्रक्रियाहरूमा मात्र होइन अन्य सामाजिक आन्दोलनहरूमा पनि शिक्षाले खासै प्राथमिकता पाउन सकेको छैन ।

नेपाली इतिहासको पछिल्लो दशकमा प्रभावकारी बन्दै गएका आदिवासी जनजाति, मधेशी, महिला र दलित आन्दोलनमा पनि शिक्षाका स्पस्ट एजेण्डाहरू पाईदैन । सामाजिक तथा राजनीतिक क्षेत्रका व्यक्तिहरूका तर्कलाई मान्ने हो भने राजनीतिक प्रणाली व्यवस्थित नहुँदासम्म शिक्षा कम प्राथमिकतामा परिरहने छ । नेपालमा शिक्षा प्राथमिकतामा नपर्नुको पछाडिको एउटा मुख्य कारण शिक्षा क्षेत्रलाई स्वायत्तरूपमा विकास गर्न नसक्नु हो जसले गर्दा सधैं राजनीतिक हस्तक्षेपको शिकार शिक्षा क्षेत्र बन्दै आएको छ ।

त्यसैले अहिले राज्यको संघीय पुनर्संरचनाको बहसमा शिक्षालाई प्राथमिकतामा राख्नु आवश्यक छ । किनभने राज्यको पुनर्संरचना शिक्षा क्षेत्रको पुनर्संरचनासँग पनि गाँसिएको छ । संघीय संरचनामा जाँदा नेपाल कति प्रदेश बन्छ भन्ने टुंगो त लागिसकेको छैन तर संविधान सभाको राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले १४ प्रदेशको संघीय खाका प्रस्ताव गरेको छ । प्रस्तावित संघीय संरचनामा उच्च शैक्षिक संस्थाहरूको विवरण हेर्दा एकात्मक राज्यमा जस्तै असमान देखिन्छ । शैक्षिक पहुँच र उपलब्धता राम्रो रहेको प्रदेशका जनता र कमजोर रहेका प्रदेशका जनताको जीवनस्तरमा पनि ठूलो खाडल रहनेछ र अन्ततः यसले प्रदेश–प्रदेशबीचको सामाजिक, आर्थिक र राजनीतिक प्रगतिमा पनि प्रभाव पार्नेछ । जुन कुरा अहिले राज्य पुनर्संरचनाको प्रस्ताव गर्ने राजनीतिक दल र सरोकारवाला समुदायले ध्यान दिन सकेको देखिँदैन । अझ जातीय पहिचानका आधारमा बन्ने प्रदेशहरूकोलागि थप चुनौति देखिन्छ किनकी ती प्रदेशहरूमा सम्बन्धीत जातिको प्राज्ञिक जनशक्ति अत्यन्त न्यून रहेको छ । जातीय पहिचानको आधारमा ताम्सालिङ, मगराँत, तमुवान, किराँत, लिम्बुवान, थारूवान र नेवा प्रदेशहरू कायम हुने अवस्था छ । तर त्रिभूवन विश्वविद्यालय अन्तर्गतका शिक्षकहरूको विवरण हेर्दा झण्डै ६ हजार शिक्षक संख्यामध्ये तामाङको १५ जना, मगरको ३७ जना, गुरूङको ४८ जना, राईको ६० जना र लिम्बुको ३८ जना मात्र प्रतिनिधित्व रहेको छ, जुन जनसंख्याको अनुपातमा निकै कम हो । यसले के देखाउँछ भने प्रदेशहरू जातीय आधारमा बने पनि शैक्षिक रूपमा ती जातिहरूको उपस्थिति कमजोर रहनेछ । त्यसैले राज्यको संघीय पुनर्संरचना गर्दा शैक्षिक दृष्टिकोण पनि एउटा महत्वपूर्ण आधार हुनुपर्दछ । संघीय व्यवस्थाले शासनलाई जनताको नजिक लैजाने मान्यता अनुरूप शिक्षालाई पनि जनता नजिक लैजाने अकेन्द्रिकृत स्वरूपको अर्थीत शैक्षिक अधिकार र दायित्वलाई बढीभन्दा बढी स्थानीय स्तरसम्म लैजान सके मात्र शिक्षाको संघीय चरित्र देखिनेछ । जसकालागि शिक्षाका अधिकार र दायित्वलाई समुचित ढंगले बाँडफाँड गर्नु आवश्यक छ ।

नेपालमा शिक्षाबारे भएका छलफलहरू कतिपय दायित्व केन्द्र र प्रदेशको छुट्टाछुट्टै हुने भएपनि कतिपय सवालमा संयुक्त हुनुपर्ने प्रस्ताव गरिएको छ । संविधान सभा राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र राजनीतिक पार्टीहरूको प्रस्तावमा माध्यमिक तथा प्राथमिक शिक्षालाई प्रदेश तथा स्थानीय सरकारको दायित्वमा राखिएको छ भने उच्च शिक्षालाई केन्द्र र प्रदेशको दायित्वमा राखिएको छ । संघीय देशहरूका अभ्यास हेर्दा प्रायजसो देशहरूमा मुख्य गरी केन्द्रीय विश्वविद्यालय, विश्वविद्यालय अनुसन्धान लागत र शैक्षिक गुणस्तर सुनिश्चितता केन्द्र सरकारको अन्तर्गत र प्राथमिक शिक्षा, प्रादेशिक विश्वविद्यालय, नयाँ शैक्षिक पाठ्यक्रमको तर्जुमा प्रादेशिक सरकारको मातहतमा राखिएको पाइन्छ । नेपालको सन्दर्भमा पनि यो सान्दर्भिक हुन्छ । शैक्षिक लगानी पनि केन्द्र, प्रदेश र स्थानीय सरकारले नै गर्न सक्छन् ।

लगानीका दृष्टिले विश्वविद्यालयका प्राज्ञिक अनुसन्धान, विद्यार्थीको वित्तीय लागत तथा कमजोर आर्थिक अवस्था भएका शैक्षिक संस्थाहरूलाई दिइने विशेष अनुदान केन्द्रीय सरकारले लगानी गर्नुपर्दछ भने अन्य सबै लगानी प्रदेशको स्वयत्ततामा दिने प्रचलन अभ्यासमा छ। शिक्षामा केन्द्र प्रदेश र स्थानीय तहको अनुपातिक लगानी तय गरी नियमित रकम सबै केन्द्रले तथा विकास रकममा साझेदारी गर्न सकिन्छ।

संघीय व्यवस्थामा शिक्षाको दायित्व बाँडफाँडमा अर्को महत्वपूर्ण सवाल भनेको पाठ्यक्रम र मूल्यांकन हो। यस अन्तर्गत पनि सिंगो शैक्षिक पाठ्यक्रमको सरचना कस्तो बनाउने भन्ने दायित्व केन्द्रको हुनुपर्दछ। यसमा पाठ्यक्रमको ढाँचा र सन्दर्भ कस्तो हुने, पाठ्यक्रमलाई राष्ट्रिय लक्ष्यसँग कसरी जोड्ने तथा सिकाई पद्धति र पाठ्यपुस्तकहरूलाई कसरी गुणात्मक बनाउने भन्ने जस्ता महत्वपूर्ण विषयहरू पर्दछन्। त्यस्तै, मुख्य विषयहरू जस्तै गणित, विज्ञान, प्रविधिजस्ता विषयको पाठ्यक्रम बनाउने दायित्व पनि केन्द्र सरकारको दायित्वमा पर्दछ। जसले गर्दा शैक्षिक प्रमाणीकरण र गुणात्मक निर्धारण गर्न पनि सजिलो हुनेछ। ऐच्छिक विषयका पाठ्यक्रम जस अन्तर्गत व्यवसायिक र सीपमूलक विषयहरू पनि समावेश गर्न सकिन्छ। निर्माण र परीक्षा सञ्चालन, नियन्त्रण तथा प्रमाणपत्र वितरण भने प्रदेशको अधिकारभित्र पर्दछन् किनकी यी विषयहरू भनेको प्रदेश र स्थानअनुसार फरक-फरक र विशिष्ट पनि हुन सक्छन्। पाठ्यक्रम कार्यान्वयनको अनुगमन भने केन्द्रले गर्दा प्रभावकारी हुन्छ। त्यसैले पाठ्यक्रम निर्माणमा केन्द्र, प्रदेश र स्थानीय सरकारकै संयुक्त दायित्व हुनुपर्दछ।

पाठ्यक्रम निर्माण गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकतालाई मध्यनजर गरी तयार गर्नुपर्ने भएकाले देशको आवश्यकता र जातीय, भाषिक, सांस्कृतिक र भौगोलिक विविधताको समावेश पनि गराउँनुपर्दछ। जुन प्रदेशअनुसार फरक-फरक र विशिष्ट पनि हुनसक्छ। उदाहरणकालागि मातृभाषा सम्बन्धी पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्दा यस्तो अवस्था आउन सक्छ। शिक्षामा भाषाको मुद्दा पढाउने माध्यमको रूपमा र पढ्ने विषयको रूपमा गरी दुई किसिमले उठ्ने गरेको छ। नेपालमा संघीयताको बहस हुँदा भाषालाई संघीयताको आधारको रूपमा पनि प्रस्ताव गरिएको छ। नेपाल बहुभाषिक देश भएकाले संघीय व्यवस्थामा बहुभाषिक शिक्षा नीति अवलम्वन गर्नुको विकल्प छैन। विद्यालयस्तरको शिक्षामा कुन प्रदेशमा कुन-कुन भाषाको माध्यमवाट शिक्षा दिने भन्ने निर्णय गर्ने अधिकार सम्वन्धित प्रदेशको नै हुनुपर्दछ। उच्च शिक्षामा भने राष्ट्रियस्तरमा साझा मान्यता प्राप्त र अन्तराष्ट्रिय भाषाले नै प्राथमिकता पाउनेछ। अनौपचारिक शिक्षालाई स्थानीय सरकारको जिम्मेवारीमा दिंदा प्रभावकारी हुन्छ।

शिक्षकको व्यवस्थापन कसको दायित्व अन्तर्गत रहने भन्ने सवाल पनि उत्तिकै महत्वपूर्ण छ। शिक्षकको व्यवस्थापन अन्तर्गत भनी र नियुक्ति, पदोन्नति, तालिम तथा व्यवसायिक विकास कार्य सम्पादन, अनुगमन, मूल्यांकन र सेवा सुविधा पर्दछन्। सामान्यतया शिक्षकको तालिमबाहेक सबै अधिकार प्रदेशको दायित्वमा पर्दछन्। शिक्षकहरूको तालिम पनि अन्तराष्ट्रिय मापदण्डमा आधारित बनाउन केन्द्र सरकारले पर्याप्त ध्यान दिन जरूरी छ। यसरी शिक्षकको दायित्वलाई प्रदेशको मातहतमा राख्दा स्थानीय जनताहरूले शिक्षा र शैक्लिक संस्थाहरूप्रति अपनत्व महसुस गर्न सक्नेछन्। त्यसैगरी, शैक्षिक गुणस्तरको न्यूनतम मापदण्ड तय गर्ने र सुनिश्चित गर्ने जिम्मा भने केन्द्रीय सरकारको मातहतमा रहनुपर्दछ। जसले गर्दा विभिन्न प्रदेशबीचको शैक्षिक गुणस्तरमा एकरूपता कायम हुन्छ। शिक्षाको न्यूनतम राष्ट्रिय मापदण्ड कायम गर्न दक्ष प्रमाणीकरण प्रणालीको व्यवस्था गरिनुपर्दछ जसमा केन्द्रको संयोजन, प्रदेश र स्थानीय सरकारको सहभागिता हुनु अनिवार्य छ।

समावेशी शिक्षा नीति अबको शैक्षिक पुनसंरचनाको अर्को महत्वपूर्ण सवाल हो । अहिलेसम्म अभ्यास गरिएको केन्द्रिकृत र एकात्मक शिक्षा प्रणालीको कारण शिक्षा क्षेत्रमा देखिएको जातीय, क्षेत्रीय, वर्गीय, लिङ्गीय विभेद् र असमानताको सवाल सबैभन्दा बढी उठेको छ । त्यसैले संघीय व्यवस्थामा अबलम्वन गरिने शिक्षाले देशको सामाजिक विविधता र बहलताको संरक्षण र प्रबर्द्धन गरी शैक्षिक समानता कायम गर्ने सवाललाई उच्च प्राथमिकता दिनुपर्दछ । जसकालागि सिंगो शैक्षिक संरचना; खासगरी शिक्षक, कर्मचारी व्यवस्थापन र नीति निर्माण गर्ने अंगहरूलाई सामाजिक विविधता अनुरूप समानुपातिक समावेशी बनाउने शिक्षा नीति तय गर्नुपर्दछ । शिक्षाको मूलप्रवाहबाट पाखा पारिएका सीमान्तकृत वर्ग र समुदायकालागि आरक्षण र विशेष व्यवस्था गर्ने दायित्व केन्द्र र प्रदेश दुवैको जिम्मेवारीमा पर्दछ ।

त्यसैले राज्यको पुनर्संरचनामा शैक्षिक दृष्टिकोण र शिक्षा क्षेत्रको संघीय पुनर्संरचना अहिलेको उत्तिकै महत्वपूर्ण विषयहरू हुन् । खासगरी, नेपालले अहिलेसम्म अभ्यास गर्दै आएको एकात्मक र केन्द्रिकृत राज्य व्यवस्थामा राज्यशक्ति अति केन्द्रिकृत भएको र नेपाली समाजको विविधता र बहुलतालाई समेट्न नसकेको कारण नै संघीय व्यवस्था रोज्नु परेको हो । त्यसैले अब संघीय व्यवस्थामा राज्यशक्तिको पूर्ण निक्षेपन र सामाजिक विविधताको प्रवर्द्धन हुनु अनिवार्य छ । यसकासाथै यो ऐतिहासिक राजनीतिक संक्रमणको बेला शिक्षालाई प्राथमिकतामा राखेर हाम्रा राजनीतिक, आर्थिक र सामाजिक मुद्दाहरूलाई अगाडी बढाउन सकिएन भने भूमण्डलीकृत विश्व बजारका चुनौतिहरू सामना गर्न पनि सकिने छैन । त्यसकारण शिक्षाका यी चुनौतिहरूलाई सामना गर्न शिक्षाको संघीय रूपान्तरणलाई कसरी अर्थपूर्ण र परिणाममुखी बनाउँन सकिन्छ भन्ने सन्दर्भमा अबको बहस र अध्ययनलाई केन्द्रित गर्नु अत्यावश्यक देखिन्छ ।

*(लेखक नेपाल मगर विद्यार्थी संघका पूर्व अध्यक्ष तथा सरस्वती बहुमुखी क्याम्पस लैनचौरमा समाजशास्त्र/मानवशास्त्र स्नातकोत्तर तहमा प्रध्यापन गर्नुहुन्छ ।)*



**प्रतिमाया पुन मगर**

# चलचित्र निर्देशनमा आदिवासी जनजाति महिला

विगत दुई दशकदेखि विश्वमा आदिवासी जनजातिहरूको हक र अधिकारको बारेमा चर्चा-परिचर्चा निकै चलिरहेको छ । आदिवासी जनजातिको बाहुल्यता रहेको नेपाल यो विषयबाट अछुत रहने कुरै भएन । त्यसैले विश्वभर चलेको आदिवासी जनजातिको हक-अधिकार अभियानबाट प्रभावित भएर नै नेपालका आदिवासी जनजातिहरू संस्थागत रूपमा गोलबन्द भई आफ्ना हक-अधिकारका बारेमा आवाज उठाउने प्रयत्न गरिरहेका छन् । विभिन्न माध्यमवाट आफ्ना हकअधिकारकाबारेमा क्रियाशील भैरहेका छन् । यसैक्रममा चलायमान दृश्य चलचित्रको माध्यमवाट आदिवासी जनजातिहरूले आफ्नो आन्दोलनलाई विगत ४० को दशकदेखि उठाउँदै आएको पाइन्छ । खासगरी आदिवासी जनजातिको हक, अधिकार, धर्म, संस्कृति, भाषा, कला, साहित्य, भेषभूषा, ज्ञान-सीप जोगाई राख्न यो माध्यमवाट प्रभावकारी हुने भएकोले उनीहरूको मुद्दा र बिषयमा आधारित फिल्म/वृतचित्र बन्ने गरेका छन् । आदिवासी जनजाति चलचित्र निर्माण गर्ने आदिवासी जनजातिहरू आफ्ना हक अधिकार र पहिचानका लागि आदिवासी जनजाति चलचित्र महासंघ गठन गरी एकजुट भइरहेका छन् ।

अहिले आएर आदिवासी जनजातिका विषयमा चलचित्र बन्ने क्रम निक्कै तीब्र गतिमा बढिरहेको छ । २०६६ सालको अन्तसम्मको तथ्याङ्कलाई केलाउने हो भने गुरूङ जातिमा लगभग ८० वटाभन्दा बढी चलचित्रहरू बनिसकेका छन् । त्यस्तै गरेर नेवारमा ६२, थारूमा ४८, तामाङमा ३५, मगरमा २५ लिम्बुमा १८, राईमा ४, राजवंशीमा ३, धिमालमा १, दुरामा १, चेपाङमा १, दराईमा १ र माझीमा १ वटा कथानक चलचित्रहरू बनिसकेका छन् । यी चलचित्रहरूको तथ्याङ्कलाई हेर्दा महिला निर्माताहरूको नाम निकै धेरै संख्यामा शुरूवात कालदेखि नै रहेको पाईन्छ तर निर्देशकको रूपमा भने निकै

## २०६७ भाद्र मसान्तसम्म आदिवासी जनजाति महिला निर्देशक र उनीहरूले बनाएका पहिलो कथानक चलचित्र तथा बृत्तचित्रहरू :

| क्र.श. | निर्देशकको नाम | फिल्म/वृतचित्र |
|---|---|---|
| १. | सरिना गुरूङ | रिसिम (२०६२) |
| २ | रत्ना गुरूङ | म्हैता १४ मिनेट (२०६५) |
| ३ | सुनिता गुरूङ | म्हि-छयाब (२०६६) |
| ४. | रेनु चौधरी सैया | भ्याल जमैया (२०६५), लबकी कनिया (२०६५) |
| ५ | प्रतिमाया पुन | सालीज्यू (२०६६), हाम्रो रीति, हाम्रो संस्कृति (२०६४) |
| ६ | कविता आले | हुर्रा (२०६४) |
| ७. | सानुमैया राना | भुँयार पूजा (२०६५) |
| ८ | सुनिता राजभण्डारी | १२ दिन १० मिनेट (२०६५) |
| ९ | सुचित्रा श्रेष्ठ प्रेमयुद्ध | (आदिवासी जनजाति चलचित्र होइन) |
| १० | लुनिभा तुलाधर | समली |
| ११ | बिन्दु माफी | जोल |
| १२ | लक्ष्मी सुनुवार | ग्रा पला गे |
| १३. | टोमा लामा | सोल्जी |
| १४ | सृजना लिम्बु | जीवनको ताल |
| १५ | शोभा चेपाङ | ओकोसी जोदो ङ्या जीवन |
| १६. | सुकुमाया मोक्तान | पोङ १७ मिनेट (२०६७) |

कम आदिवासी जनजाति महिलाहरू संलग्न छन् । खासगरी साठीको दशकदेखि मात्र आदिवासी जनजाति महिला निर्देशकहरूको उदय भएको पाईन्छ चाहे त्यो कथानक चलचित्र या बृत्तचित्र निर्देशनमा होस् ।

चलचित्र निर्देशन गर्ने पक्ष भनेको कुनै चानचुने कुरा होइन । आमनेपाली जनमानसमा चलचित्र निर्देशन प्रायः पुरूषहरूले मात्र गर्न सक्छन् भन्ने धारणा रहेको पाईन्छ । त्यस किसिमको धारणा आदिवासी जनजाति चलचित्र निर्माण र निर्देशनमा पनि पाइन्छ । एउटा सफल चलचित्र निर्माण गर्न निर्देशकको सिर्जनशिल क्षमता र कलामा भरपर्दछ । ब्यवहारिक ज्ञान त उसलाई अनिवार्य नै हो । एउटा सफल चलचित्र निमार्ण गर्न ब्यवहारिक ज्ञान मात्र हाँसिल गरेर हुँदैन त्यसमा निर्देशकको सिर्जनशिलताको अत्यन्तै महत्व रहने गर्दछ ।

नेपालकै चलचित्र इतिहासमा आदिवासी जनजाति महिलाहरू नै चलचित्र निर्देशन गर्नेमा पहिलो बन्ने अवसर पाएका छन् चाहे सरिना गुरूङ होस या सुचित्रा श्रेष्ठ,

उनीहरू आदिवासी जनजाति महिला नै हुन् । इण्डिजिनस फिल्म आकाइभ 'आइफा' ले चलचित्र निर्देशन सम्बन्धी ७ दिने तालिम दिए पश्चात भने निकै महिला निर्देशकहरूको जन्म भएको छ । आदिवासी जनजातिहरूको संस्कृतिमा आधारित तथा मातृभाषा र नेपाली भाषामा कथानक चलचित्र निर्देशन गर्ने महिलाहरूमा रेणु चौधरी (थारू भाषा), सुनिता गुरूङ (गुरूङ भाषा), सुनिता राजभण्डारी (नेवारी भाषा), प्रतिमाया पुन मगर (मगर तथा नेपाली भाषा) र सरिना गुरूङले (राई सस्कृति) मा आधारित नेपाली भाषाको कथानक चलचित्र निर्देशन गरेका छन् । त्यस्तै गरेर लुनिभा तुलाधर, बिन्दु माझी, रत्ना गुरूङ, लिला राई, लक्ष्मी सुनुवार, टोमा लामा, सृजना सुब्बा, सुकुमाया मोक्तान, शोभा चेपाङ र सानुमैया राना मगरले आदिवासी जनजातिका साँस्कृतिक अभ्यास, ज्ञान, शीप, आदिवासी जनजाति महिला सशक्तिकरणसँग सम्बन्धित राम्रो अभ्यास जस्ता बिषयमा छोटा चलचित्र तथा बृत्तचित्र निर्देशन गरिसकेका छन् । वरिष्ठ लोक गायिका कविता आले मगरले पनि मगर संस्कृतिमा आधारित 'हुर्रा' नामक बृत्तचित्र निर्देशन गरेकी छन् ।

आदिवासी जनजाति महिला निर्देशकमध्ये रेणु चौधरी, सुनिता गुरूङ, प्रतिमाया पुन मगर, सुनिता राजभण्डारी र सुकुमाया मोक्तानले चलचित्र निर्देशन पेशालाई निरन्तरता दिईरहेका छन् । बिन्दु माझी सिनेमा मेकिङको अध्ययनमा नै ब्यस्त छिन् । सुनिता गुरूङ चलचित्र, अभिनय बिद्याबाट चलचित्र क्षेत्रमा प्रबेश गरेकाले अहिले उनलाई त्यही बिद्यामा भ्याइ नभ्याइ छ । त्यसैगरी रत्ना गुरूङ संचारकर्मी भएकाले त्यही पेशामा नै ब्यस्त छिन् भने सृजना सुब्बा केही ड्रामामा अभिनय गर्दै चलचित्र निर्माण गर्नको लागि अभ्यास गर्दैछिन् । टोमा लामा पनि संचारकर्मी भएकाले त्यहीँ पेशालाई निरन्तरता दिँदै अर्को चलचित्र निर्माण गर्ने तयारीमा छिन् । शोभा चेपाङ आफ्नो घर गृहस्थीमै रमिरहेकी छिन् भने सानुमैया राना मगर र सरिना गुरूङ क्रमशः स्टाफ नर्स र हेलिकप्टरको पाइलट भएकाले आ–आफ्नै पेशामा पेशागत धर्म निभाई रहेका छन् । ढिलै भएपनि चलचित्र निर्देशनमा लागेका आदिवासी जनजाति चेलीहरूले अझै धेरै संघर्ष गर्नु पर्ने देखिन्छ ।

युगौंदेखि पितृसत्तात्मक सामाजिक संरचनाले गाँजेको हाम्रो समाजमा महिलाहरूका लागि फिल्म निर्देशन जस्तो सार्वजनिक र चुनौतिपूर्ण भूमिका निर्माणमा लाग्न सजिलो छैन । त्यसमाथि पनि आदिवासी जनजाति महिलाहरू राज्यको विभेदपूर्ण सोच, नीति र व्यवहारसँग जुद्दै फिल्म निर्देशन जस्तो सार्वजनिक पहिचान बनाउन उत्तिकै चुनौतिपूर्ण छ । त्यसकारणले गर्दा पनि आदिवासी जनजाति महिला निर्देशकहरूको जन्म पश्चात पलायन पनि निकै छिट्टै भईरहेको अवस्था देखिन्छ ।

एकल रूपमा यो पेशा अपनाएर कार्य गरिरहेका महिलाहरू निकै कम मात्रामा रहेका छन् । धेरैजसो महिला निर्देशकहरूले एउटा मात्र चलचित्र निर्माण पश्चात पूर्णविराम लगाएर बसेको देखिन्छ । उनीहरू फेरि अर्को चलचित्र निर्देशन गर्नेतर्फ त्यति उत्साहित पनि देखिँदैनन् । केही महिला निर्देशकहरूको भने श्रीमान् नै चलचित्र निर्देशन तथा निर्माण क्षेत्रमै भएकाले त्यही पेशालाई निरन्तरता दिईरहेका छन् । त्यसैले एउटा आदिवासी जनजाति महिला चलचित्र निर्देशक बन्नमा सामाजिक, साँस्कृतिक र पारिवारिक वातावरणको अनुकुलता उत्तिकै महत्वपूर्ण देखिन्छ ।

*(लेखिका आदिवासी जनजाति चलचित्र महासंघको महासचिव हुनुहुन्छ ।)*



सन्त गाहा मगर

# राजनीतिमा मगर

आधुनिक नेपाल निर्माणमा महत्वपूर्ण भूमिका खेलेका मगर जाति राजनीतिक निर्णय लिने ठाउँमा छैन । एक दशक अघि भएको राष्ट्रिय जनगणना २०५८ अनुसार १६,२२,४२१ जनसंख्या रहेको मगर जातिको अधिकार बलात् खोसिएको छ । उहिलेको कर्णाली र गण्डकी प्रदेशको बीच भाग विभिन्न राज्यमा विभाजित रहँदासम्म मगरहरूको आफ्नै राज्य थियो । यस क्षेत्रलाई बाह्र मगरात क्षेत्र भनिन्थ्यो (विष्ट, सन् २००२) । जनसंख्याको हिसाबले तेस्रो ठूलो तथा आदिवासी/जनजाति मध्येमा सबैभन्दा ठूलो भएर पनि वर्तमान राजनीतिमा मगर जातिको राजनीतिक भूमिका शुन्य प्रायः छ ।

द्रव्य शाहले घले मगर राजालाई फागुन पूर्णिमाको दिन हतियारद्वारा आक्रमण गरी हत्या गरेर लिगलिगकोटको राजा भएको र मगर राज्यको इतिहास मेटाइएको हो (थापा, २०५०) । त्यस यता मगरहरू स्वजातीय राज्य निर्माणभन्दा पनि सिंगो मुलुकलाई मजबुत बनाउन लागेको देखिन्छ । तर यसको जससमेत उनीहरूले पाएका छैनन् । राष्ट्र निर्माण मात्रै होइन अन्याय, अत्याचार र थिचोमिचो सहनुभन्दा जीवनकै राजिनामा लेख्नु पर्दा पनि उनीहरू पछि नहटेको इतिहास छ । जहाँनिया निरंकुश राणा शासक विरूद्ध आवाज उठाएका नेपालका प्रथम शहिद लखन थापा मगरले वि.स. १९३३ फागुन २ गते राणाहरूको कायरतापूर्ण हत्यालाई हाँसीहाँसी स्विकारेका थिए (गुर्मछान, २०५५) ।

राणा शासनको अन्त्यपछि पनि मगरहरू अन्यायको चपेटामा परिरहे । २००७ सालपछि मगर समुदायबाट एकपटक पनि राष्ट्र प्रमुख हुन नपाउनु यसको ज्वलन्त प्रमाण हो । त्यति मात्रै कहाँ हो र ! राजाको शासन काल, प्रजातान्त्रिक व्यवस्था र अहिलेको गणतान्त्रिक पालामासमेत मगरलाई शासकहरूको स्वार्थ सिद्धीकालागि प्रयोग गरिएको छ । कनिष्ठ भए पनि एक जना मगरलाई मन्त्री मण्डलमा राख्ने चलन राजाको पालादेखि कै हो । त्यसरी मगर समुदायको नाम बेचेर मन्त्री भएकाहरूले मगरकैलागि के गरे त भन्ने प्रश्न महत्वपूर्ण हो । अहिलेको भाषामा

भन्दा 'समावेशी' को नाममा मन्त्री खाएका मगरले आफ्नो समुदायका लागि एउटा सिन्कोसम्म भाँचेको भए आधुनिक नेपाल निर्माणका सन्ततिको यो अवस्था पक्कै हुने थिएन । पञ्चायती शासन व्यवस्थामा मन्त्री बनेका मगरहरूले या त आफ्नै लागि गरे या राज शक्तिको नाममा समुदायगत अधिकारलाई तिलाञ्जली दिए ।

संविधान सभामा रहेका २७ दल मध्ये राष्ट्रिय जनमुक्ति पार्टी र नेकपा एकिकृतको मात्रै अध्यक्ष मगर छन् । तर दुबै दलको संसदमा हैसियत २२ सिट मात्रै हो । बढी सिट संख्या भएका एकिकृत नेकपा माओवादी, नेपाली काँग्रेस, नेकपा एमालेजस्ता दलमा मगर नेताको निर्णायक भूमिका छैन । माओवादी युद्धलाई नजिकबाट नियाली रहेकी जापानी पत्रकार कियोको ओगुराकाअनुसार माओवादी युद्धमा मारिएका मध्ये ६५ प्रतिशत मगर जाति छन् । तर १३८ सदस्यीय एमाओवादी केन्द्रीय समितिमा १३ मात्रै मगर छन् । यद्यपि प्रमुख तीन दल मध्ये माओवादीमा मगर नेताहरू सबैभन्दा बढी छन् । जसमध्ये सात पदाधिकारीमा एक, १६ जनाको स्थायी समितिमा २ र ४७ जनाको पोलिटब्यूरोमा ५ जना मगर छन् ।

एमालेको ११५ सदस्यीय केन्द्रीय समितिमा ३ जना मात्रै मगर छन्, त्यसमा एक जनालाई पनि मताधिकार छैन । उनीहरू मध्ये एक पोटिब्यूरो सदस्य, एक केन्द्रीय सदस्य र एक वैकल्पिक केन्द्रीय सदस्य छ्न् । एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल नेतृत्वको सरकारमा मगरलाई सहायक राज्य मन्त्रीसमेत बनाइएन । नेपाली काँग्रेसको ७१ जनाको केन्द्रीय समितिमा एक जना पनि मगर छैनन् । जबकी काँग्रेसले मगर बाहुल्य क्षेत्रबाटै धेरै मत पाइरहेको छ । काँग्रेसले सशस्त्र युद्ध गरेताका मुक्ति सेनामा भारतीय र बेलायतीय सेनामा कार्यरत मगरहरूले उल्लेख्य योगदान गरेका थिए ।

सबैभन्दा बढी समावेशी भनिएको संविधानसभामा ६०१ मध्ये ३० सभासद् मगर समुदायबाट छन् । मिश्रिति निर्वाचन प्रणाली अपनाइएको संविधान सभा निर्वाचनबाट ७.१४ प्रतिशत जनसंख्या रहेको मगरले समानुपातिक आधारमा ४४ सभासद् पाउनु पर्थ्यो । संविधानसभाका २७ मध्ये २१ दलमा एकजना पनि मगर सभासद छैन । माओवादीको २३७ मध्ये २०, काँग्रेसको ११४ मध्ये ३, एमालेको १०८ मध्ये ३, नेकपा माले, समाजवादीको ४ मध्ये १, राष्ट्रिय जनमोर्चाको ३ मध्ये १ र राष्ट्रिय जनमुक्ति पार्टीको २ मध्ये १ मगर सभासद् छन् । ५४.२ प्रतिशत साक्षर रहेको समुदायबाट आएका मगर सभासदहरू मध्ये २ स्नातकोत्तर, ५ स्नातक, ५ प्रविणता प्रमाणपत्र तह र ९ जना प्रवेशिका उत्तीर्ण छन् । बाँकी सभासदहरूले प्रवेशिका तह पनि पार गरेका छैनन् ।

आ-आफ्ना पार्टीमा मगर राजनीतिज्ञहरूको हैसियत साधारण सदस्यदेखि पार्टी अध्यक्षसम्म छन् । जसमध्ये अध्यक्ष, महासचिव, स्थायी समिति सदस्य, पोलिटब्यूरो सदस्य र वैकल्पिक पोलिटब्यूरो सदस्य एक/एक जना छन् । ११ जना केन्द्रीय सदस्य छन् भने ३ जना राज्य समिति सदस्य छन् । पाँच जना जिल्ला सदस्य, २ जना क्षेत्रीय सदस्य तथा २ जना भातृसंगठनमै सीमित छन् ।

जातीय आधारमा संघीय प्रदेश बनाउनु पर्ने आवाज उठिरहेको सन्दर्भमा विभिन्न पाँचवटा पार्टीमा मगर संगठन क्रियाशील छन् । माओवादीमा मगरात राष्ट्रिय मुक्ति मोर्चा, काँग्रेसमा राष्ट्रिय मगर संघ, एमालेमा लोकतान्त्रिक मगर संघ, नेकपा एकीकृतमा स्वशासित मगरात संघ र जनमुक्तिमा मगर हाङ परिषद्को नाममा मगरहरू संगठित छन् । पाँच मध्ये दुईवटा संगठनको नेतृत्व वैकल्पिक पोलिटब्यूरो सदस्यले तथा बाँकी तीन वटाको नेतृत्व केन्द्रीय सदस्यले गर्दै आएका छन् । संविधान सभाका बाँकी २२ वटा पार्टी भित्र मगर संगठन छैन ।

नामको पछाडि मगर हुँदैमा उसले मगर समुदायको हित गर्छ भन्ने बुझ्नु भ्रम हो । तथापि जनसंख्याको अनुपातमा प्रधिनिधित्व माग गर्नु उसको नैसर्गिक अधिकार हो । तर मगरहरूले आफूसम्बद्ध पार्टीमासमेत उपस्थिति जनाउन सकेका छैनन् । २०६२/०६३ को आन्दोलन सफल भएपछि बनेको सरकार होस् वा ४४ सदस्यीय माधवकुमार नेपाल नेतृत्वको सरकार होस् मगरलाई क्याविनेटमा बस्न नपाउने मन्त्री पनि बनाइएको छैन ।

कतिपय यस्तो तर्कलाई अन्धजातिवादको आक्षेप लगाउन सक्ला तर बिर्सन नहुने विषय के हो भने जसले मन्त्रीमण्डलमा जातीय प्रतिनिधित्व आवश्यक ठान्दैन उ सबैभन्दा बढी जातीय जडसुत्रवादी हो । राजनीतिक विज्ञानको हिसाब मात्रै होइन समाजशास्त्रीय, अर्थशास्त्रीय र मानवशास्त्रीय दृष्टिकोणलेसमेत जातिहरूको प्रतिनिधित्व अनिवार्य शर्त हो । यसका लागि मगरहरू आफूसम्बद्ध दलको नेतृत्वमा पुग्नु आवश्यक छ । सबै दलमा तत्काल नेतृत्व लिन सक्ने अवस्था नभए कम्तिमा निर्णायक तहमा भने पुग्नै पर्दछ ।

पत्रकार प्रदिप थापा मगरको पुस्तक 'लठुवा नबन्ने काइदा' सन् २००० मा संकलित दार्जिलिङ्गे युवाकवि केवलचन्द्र लामाको कविताले हाल मगर राजनीतिज्ञहरूको अवस्था यसरी झल्काएको छ :

***'टाउको मात्र हाम्रो हजुर ! गिदी अर्काकै***
***निधार मात्र हाम्रो कठै ! तक्दीर अर्काकै***
***आँखा मात्र हाम्रो आहै ! सपना अर्काकै...'***

*(लेखक 'हिमाल खबरपत्रिका' सम्बद्ध पत्रकार हुनुहन्छ ।)*

**सन्दर्भ सामग्रीहरूः**


- विष्ट, डोरबहादुर, फेटालिज्म एण्ड डेभलपमेन्ट, सन् १९९१
- विष्ट, डोरबहादुर, सबै जातको फूलबारी, सन् २००१
- शर्मा, बालचन्द, नेपालको ऐतिहासिक रूपरेखा
- थापा मगर, नरू, ऐतिहासिक उपन्यास, सिमारेखा, २०५०
- गुरूमछान, शिवलाल, ओझेलमा परेका मगरहरू, २०५४
- थापा मगर, प्रदीप, लठुवा नबन्ने काइदा, सन् २०००



संजोग लाफा मगर

# मगर भाषाको अवस्था

विश्वमा ६,९१२ देखि १० हजार भाषाहरू बोलिने अनुमान छ । Atlas of the World Language ले विश्वमा ६ हजार सातसय छयानब्बे वटा जिउँदो भाषाहरूको अस्तित्व स्वीकारेको छ । Ethnologue (2005) अनुसार विश्वभरिमा ६,९१२ भाषाहरू बोलिन्छन् । यी मध्ये एशियामा ३२ प्रतिशत, अफ्रिकामा ३०.३ प्रतिशत, प्यासिफिकमा १९ प्रतिशत, अमेरिकी महादेशहरू १४.५ प्रतिशत तथा युरोप देशहरूमा ३.५ प्रतिशत भाषाहरू बोलिन्छ । माइकल क्राउस १९९५ ले विश्वमा १०,००० देखि १५,००० भाषाहरू र मार्क पागेलले ३१,००० देखि ६०,०००० भाषाहरू बोलिन्थे भन्ने अनुमान गरेका छन् । टोर ज्यान्सन १९९७ काअनुसार १२ हजार वर्ष अगाडि मानिसहरू शिकारी युगमा रहेको समयमा प्रति १०००– २००० मानिसहरू बीच एउटा भाषा बोलिन्थे अर्थात् विश्वका लगभग ५०,००० भाषाहरू बोलिन्थे भन्ने छ । भाषाशास्त्रीहरूले विशेष भू-भागमा भाषाको संख्या अड्कल काटेका छन् । उनीहरू सबैको विचारमा आजभन्दा उहिले धेरै ठूलो संख्यामा भाषा बोलिन्थे ।

अमेरिकाको Summer Institute of Linguistic Inc ले प्रकाशित गरेको Ethnolouge तेह्रो संस्करणअनुसार नेपालमा बोलिने भाषाहरू एकसय पच्चीसवटा छन् । स्व. डा. हर्क गुरूङकोअनुसार नेपालमा बोलिने भाषाहरू बाउन्नवटा छ । भाषिकाहरूसहित गणना गरिएकोले एकसय पच्चीसदेखि अठ्ठाइस पुगेको हो । बाउन्न भाषाहरूमध्ये भोट-बर्मेल्ली ३६, भारोपेली परिवारका १४ तथा आग्नेय र द्रविड परिवारका १-१ छन् । तत्कालिन श्री ५ को सरकारले बैरागी काँईलाको नेतृत्वमा गठित राष्ट्रिय भाषा नीति सुझाव आयोग– २०५० पहिचान गरिएको भाषाहरूको संख्या अठसठ्ठी छन् । ती मध्ये लोपवान गरिएका भाषाहरूको संख्या– २०, लेख्य परम्परा नभएका– ३०, लेख्य परम्परा उन्मुख– १२ र लेख्य परम्परा रहेका ९ वटा छन् ।

विश्वमा सबैभन्दा धेरै भाषा बोल्नेहरूको देश पपुवा न्युगिनीमा ८२०, दोस्रो देश इन्डोनेसिया ७४३ र तेस्रो नाइजेरियामा ५१६ भाषा बोलिन्छन् । २०० भन्दा बढी बोल्ने देशहरूमा इन्डिया,

संयुक्त राज्य अमेरिका, मेक्सिको, क्यामरून, अष्ट्रेलिया, चीन, कंगो, जायर र ब्राजिल रहेका छन् । १०० भन्दा बढी भाषा बोल्ने देशहरूको संख्या २३ छन् । फिल्लिपिन्समा १८०, मलेसिया १४७, क्यानाडा १४५, सुडान १३४, चाड १३३, रसिया १२९, तान्जानिया १२८, नेपाल १२५, भानुवाटु ११५, म्यानमार (बर्मा) १२३, भियतनाम १०४ रहेको छ । भाषाहरूको संख्यात्मक हिसाबले नेपाल २० औं स्थानमा रहेको छ । संसारमा आदिवासी जनजातिका भाषाहरू ४,००० छन् । सन् २१०० मा दुई हजार भाषा लोप हुँदा मानव इतिहासमा आधा भाषाको हत्या हुनेमा आदिवासी जनजाति भाषाहरू नै हुनेछन् । २००८ जनवरी २ मा अमेरिकी आदिवासी इयाक जातिका एउटा मात्र जीवित अन्तिम वक्ता मेरी स्मिथ जोनको मृत्युले आदिवासी जनजातिहरूको ४ हजार भाषाबाट एउटा भाषा घटिसकेको छ ।

राष्ट्रिय जनगणना २०५८ अनुसार मगर भाषा बोल्नेको संख्या ७,७०,११६ देखाएकोले ३.३९ प्रतिशत छ । नेपाल मगर संघले मगर भाषा बोल्नेहरूको संख्या १० लाखभन्दा बढी भएको दाबी गरेको छ । काइके भाषा बोल्नेहरूको संख्या ७९१ मगर भाषामा सम्मिलित नगरिकन अन्य भाषिमा देखाएकोले यो भाषालाई मगर भाषाको मान्यता राज्यबाट दिएको देखिँदैन । अठार मगर भाषालाई पनि धेरै पछि तत्कालीन श्री ५ को सरकारले मगर भाषाको रूपमा मान्यता दिइएको थियो ।

क्षेत्रगत आधारमा मगर भाषालाई बाह्र मगरात भाषा ढुँट र अठार मगरात भाषा खाम/पाङ भनी दुई भागमा विभाजित गरिएको छ । मूल प्रवाहमा रहेका मगरहरूले बोलिने मगर भाषा पाल्पा, स्याङ्जा, तनहुँ हुँदै पश्चिम सुर्खेत, दैलेख र पूर्वतिर सिन्धुली, उदयपुर, धनकुटा, सिक्किम, आसाम, भूटानसम्म बाह्र मगरात भाषा बोल्ने गर्दछन् । अठार मगरात भाषामा पनि खाम (यो मगर भाषालाई खाम-पाङ् भनिनु पर्छ भनेर विवाद भईरहेकोले नेपाल मगर संघ केन्द्रीय समितिले अठार मगर भाषा भन्ने निर्णय गरेको छ । काइके भाषा गरी दुईवटा भाषा रहेको छ । रोल्पा. रूकुम. सल्यान, डोल्पा, बाग्लुङको केही भागमा अठार मगर भाषा बोलिने गरिन्छ । डोल्पाको सहतारा, कोटताराका मगरहरूले बोलिने मगर भाषालाई काइके (परीको बोली) मगर भाषा भनिन्छ । यी तीनवटै भाषा भोट-बर्मेली शाखा अन्तर्गत पर्दछ ।

क्षेत्रगत आधारमा मगर जातिभन्दा भाषामा बढी सचेतता अपनाएको पूर्वाञ्चल क्षेत्र हो भने जनसंख्याको दृष्टिकोणले मगर भाषा कम बोल्ने सुदूर पश्चिमाञ्चल क्षेत्र रहेको छ । शहरमा बस्ने ३७ प्रतिशत मगरहरूले मात्र मगर भाषा बोलेको देखिन्छ जुन ग्रामीण क्षेत्रको तुलनामा कमी हो । समग्रमा मगर जातिको जनसंख्याको आधारमा ४७ प्रतिशत मगर जातिले मगर भाषा बोल्ने गरेकोले स्थिति सन्तोषजनक नै देखिन्छ ।

मगर भाषाको लिखित इतिहासलाई अध्ययन गर्दा वि.सं. १९९६ सालमा अयोध्याप्रसाद प्रधानले मगर शब्दकोष प्रकाशित गरेका थिए । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले २०३० सालमा प्रकाशित गरेको पर्यायवाची शब्दकोष बहुभाषी शब्दकोष हो । यसमा मगर भाषाका शब्द पनि छन् । डा.हर्षबहादुर बुढा मगरले मगर-रोमन-नेपाली-लिम्बु-अंग्रेजी संक्षिप्त शब्दकोष- २०४८ प्रकाशित गरेका छन् भने सोम राना मगरले तयार पारेको अठार मगरात भाषा काइके र बाह्र मगरात भाषामा 'लाफा ङाक गोमहोक' (साथी शब्द संग्रह) २०५१ लाफा परिवारले प्रकाशित गरेको थियो । यसैगरी, कर्णबहादुर बुढा मगरको सम्पादनमा खाम मगर 'पाङ्लू तुनुजा रो : र दूप्सीन्या पो-२०५२' (खाम मगर भाषाको छोटकरी विचार तथा भेला हुने ठाउँ) अठार मगरात भाषाको शब्दकोश, मगर अध्ययन केन्द्रद्वारा प्रकाशित जुक्तिप्रसाद पुन मगरको 'खाम मगर पाङ' (नेपाली-अंग्रेजी शब्दकोश) र अठार मगरात मगर भाषा संस्कृति विकास प्रतिष्ठानद्वारा प्रकाशित

कर्णबहादुर बुढा मगरको 'नेपाली मगर पाङ्' अंग्रेजी शब्दकोश–२०६१, सिर्जना घर्ती मगर र धनमाया घर्ती मगरद्वारा प्रकाशित रणप्रसाद घर्ती मगरको खाम–नेपाली शब्दकोश–२०६२, विजय लुङ्गेली मगरको संक्षिप्त मगर व्याकरण तथा शब्द संग्रह–२०६१ र बमकुमारी बुढा मगरको 'चाउ रो ङमुउ छेन गुस्ती गेदो' (मगर पाङ व्याकरण–२०६६), चार दशकदेखि मगर शब्द संकलन र सम्पादनमा हिराञ्सिंह थापा मगरको 'बृहत् मगर शब्दकोश– २०६६' प्रकाशित भएका छन् ।

वि.सं. १९९६ सालमा पाल्पाका अयोध्याप्रसाद प्रधानले एस.एम.पी.पी. छद्म नाममा 'मगर कुरा शिक्षा' मगर व्याकरण लेखेर मगर भाषा विकासको सराहनीय प्रयास गरेका थिए । नेपाल मगर संघ केन्द्रीय समितिले मगरको पहिलो व्याकरणकार स्व. प्रधानलाई मरणोपरान्त सम्मान गरेको थियो । २०५१ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित मातृभाषा कार्यशाला गोष्ठीमा सहभागी डा. हर्षबहादुर बुढा मगरले मगर व्याकरणको प्रारूप प्रकाशित गरेका थिए । नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको लघु अनुसन्धान परियोजना अन्तर्गत लोकबहादुर थापा मगरले तयार पारेको 'मगर व्याकरणको पाण्डुलिपि प्रतिष्ठानले प्रकाशित गरेको छैन ।

विजय लुङ्गेली मगरको 'संक्षिप्त मगर व्याकरण तथा शब्द संग्रह–२०६१' र नन्द थापामगरको 'मगर व्याकरण प्रकाशोन्मुख अवस्थामा छन् । मगर उखान टुक्का, गाउँखाने कथाहरू गाउँघरमा प्रचलनमा छन् । लेख्य परम्परा नभएकाले लोपोन्मुख अवस्थामा गुज्रिरहेको बेला वैरागी नाता मगरले सङ्कलन गरी 'खीस्सा ङोराहान ड पीहीनी'–२०५० प्रकाशित गरेका थिए ।

मगर भाषा बोल्न सरल तरिकाले सिकाउन अयोध्याप्रसाद प्रधानले वि.सं. १९९६ सालमा 'मगर कुरा शिक्षा', जीतबहादुर सिन्जाली मगरले २०१२ सालमा 'मगर भाषाङ् शुरूवाँ किताब' लेखी प्रकाशित गरेका थिए । मगर भाषा बोल्न, लेख्न सिक्न डा. केशरजंग बराल मगरको 'मगर ढूट कूट जाट्म ङाक्के ?' (मगर भाषा कसरी बोल्ने ?) २०३७ र 'मगराती ढूट (मगर भाषा) २०४७, सन्जोग लाफा मगरको 'मगर ढूट ङाक्की पाहाक्च पोस्टक' (मगर भाषा सिक्ने पुस्तक) २०५७, दलबहादुर वीरकट्टा मगरको 'मगर कानूङ ढूट ङाक्की पाहाक्च पोस्टक' (मगर भाषा बोल्न सिकाउने पुस्तक) २०५७, आशिष सूर्यवंशी मगरको 'लामटानाक' (बाटो देखाउन) २०६०, खड्क सारू मगरको 'मोईढूटो गालाम फोईङ्' (मातृभाषाको ढोका उघारौँ) २०६२, पीनु थापा मगरको 'मगर भाषा ङाक्के कूट पाहाके' (मगर भाषा कसरी सिक्ने) २०६१, विष्णु सिन्जाली मगरको 'मगर ढूटाङ् कुराकानी' (मगर भाषामा बोलचाल) २०६६, अठार मगर भाषामा रणप्रसाद घर्ती मगरको 'खाम मगर भाषा कसरी बोल्ने?' मगर भाषा सिक्ने उपयोगी पुस्तकहरू हुन् ।

२०४७ सालको संविधानमा प्राथमिक तहसम्म मातृभाषामा पठनपाठनको अधिकार सुनिश्चित गरिएपछि मनबहादुर थापा मगरको संयोजकत्वमा बाह्र मगर भाषा पाठ्यपुस्तक कक्षा ५ सम्म प्रकाशित भएको छ । त्यसैगरी, अठार मगर भाषामा 'खाम कि पाङ्?' भन्ने आन्तरिक विवादले पाठ्यक्रम निर्माणमा गतिरोध उत्पन्न भएको छ । काइके भाषामा पाठ्यपुस्तक निर्माण भएको छैन । सिक्किम सरकारले मगर भाषा शिक्षा कक्षा ४ सम्म सुरू गरी उच्च शिक्षासम्म पठनपाठनको निमित्त नीति बमोजिम पाठ्यपुस्तक निर्माण गर्ने योजना गरेको छ । स्थानीय गैरसरकारी संस्था एक्सन एड नेपालले लोकबहादुर थापा मगरको संयोजनमा बाह्र मगर भाषा शिक्षा पाठ्यपुस्तक प्रकाशित गरेको हो ।

नेपाल सरकार शिक्षा मन्त्रालय र फिनल्यान्ड सरकारको सहयोगमा बहुभाषा शिक्षा अन्तर्गत ८ वटा भाषामध्ये पाल्पा जिल्लाको नवजागृति प्राथमिक विद्यालयमा बाह्र मगरात भाषा शिक्षा सुरू गरेपछि उनीहरूको रूचिअनुसार मगर पाठ्यपुस्तक निर्माण गरिएको थियो । काठमाडौँमा नाम्खान फेरा संस्थाले मगर भाषा कक्षा सन्चालन र मगर भाषा बोल्न छाडेका जिल्लाहरूमा

नेपाल मगर संघ जिल्ला समितिको संयोजनमा भाषा कक्षाहरू सन्चालन भइरहेका छन् । नेपाल सरकारले कक्षा ८ सम्म मातृभाषामा पठनपाठनको लागि बहुभाषा शिक्षा नीति पारित गरिसकेको छ । प्रजातन्त्र पुनर्बहालीपछि मगर साहित्य लेखन परम्पराको पनि विकास भएको छ । कविता, गीत, कथा, उपन्यास, नाटक, मुक्तक, निवन्ध, खण्डकाव्य, हाइकू, गजल विधामा रचनाहरू प्रकाशित भएका छन् । पहिले साहित्य जातीय मुक्ति, अधिकार प्राप्ति, चेतना र शिक्षाबारे लेखिने गरेकोमा पछिल्लो समयमा राजनीतिक र वर्गीय चिन्तनबाट प्रेरित साहित्य लेखिन थालेको छ । श्रव्यद्वश्यमा पच्चीस वटा मगर चलचित्र, वृत्तचित्र गरी ४० वटा निर्माण भइसकेको छ ।

विद्युतीय सन्चार माध्यम रेडियोबाट २०५१ भदौ १ गते रेडियो नेपालमा मगर भाषा कार्यक्रम 'कानूङ् ढूट कानूङ रोस' सहित प्रथम पटक समाचार प्रशारण गरिएको थियो । रेडियो नेपाल सुर्खेतबाट अठार मगर भाषामा समाचार, एच.बी.सी. ९४ एफ.एम. काठमाडौँबाट मगर भाषा 'कानूङ् लूम्फ्यास' कार्यक्रममा समाचार, साहित्य, कला, संगीत, इतिहास, भाषा, संस्कृति र प्रत्यक्ष टेलिफोन संवाद प्रसारण गरेको थियो । काठमाडौँ महानगरपालिकाको मेट्रो एफ.एम. ले मगर भाषा समाचार र कार्यक्रम प्रसारण गर्‍यो । काठमाडौंको गोरखा एफ.एम.ले बाह्र मगर र अठार मगर भाषा, पोखराका हिउँचुली एफ.एम. र गण्डकी एफ.एम., नारायणघाटका कालिका एफ.एम. र सिनर्जी एफ.एम., गैंडाकोटको विजय एफ.एम., बुटवलका पश्चिमाञ्चल एफ.एम., कालिका एफ.एम., पाल्पाका सामुदायिक रेडियो मदन पोखरा, श्रीनगर एफ.एम., सामुदायिक रेडियो मुक्तिनाथ, सुर्खेतको भेरी एफ.एम., विराटनगरको बि.एफ.एम., दाङका रेडियो मध्यपश्चिम एफ.एम. रेडियो स्वर्गद्वारी, रेडियो इन्द्रेणी एफ.एम., खोटाङको रूपाकोट एफ.एम. आदि रेडियोहरूमा मगर भाषामा कार्यक्रम र समाचार प्रसारण भइरहेको छ । टेलिभिजनमा सगरमाथा टेलिभिजन काठमाडौँबाट विहान १०:३० वजे र स्थानीय गण्डकी टेलिभिजन पोखराबाट बिहान ८:३० वजे बाह्र मगर भाषामा समाचार प्रसारण सुरू गरिएको थियो ।

नेपाल मगर संघ जिल्ला समिति तनहुँ-२०३९ 'सेहेच लामाङ् हवाई' र नेपाल मगर सघ केन्द्रीय समितिको मुखपत्र 'लांघाली' (गाउँले) पत्रिका प्रकाशन गरेको थियो । प्रदिप थापा मगरको सम्पादनमा 'लाफा' (साथी) त्रैमासिक पत्रिका मुनाफारहित प्रकाशन हुन थालेपछि मगरहरूमा पत्रिका प्रकाशनको बाढी उर्ल्यो । मगर संघ जिल्ला समितिको मुखपत्रदेखि स्वतन्त्र रूपले प्रकाशित मगरहरूका पत्रिका ४० वटा छन् । मगर संघ भारत, हङकङ, युकेले वार्षिक मुखपत्र प्रकाशन गरिरहेका छन् । मगर संघ अमेरिकाबाट इन्टरनेट पत्रिका 'याँभु' (इन्द्रेणी) प्रकाशन तरखरमा छ । नेपालबाट प्रकाशित आधा जति पत्रिकाहरू बन्द भइसकेका छन् । खस भाषामा प्रकाशित पत्रिकाहरूको बाहुल्य रहेको अवस्थामा मगर भाषामा 'कानूङ खबर' (हाम्रो खबर) पाक्षिक २०५५ सालमा लोकबहादुर थापा मगरको सम्पादनमा पोखराबाट प्रकाशित भएको थियो । मगर भाषा साहित्यलाई प्रमुखता दिएर काहुँ शिवपुर तनहुँबाट वैरागी नाता मगरको सम्पादनमा 'रीनाक' र लोकबहादुर थापा मगरको सम्पादनमा 'बीमलीक' (जूनकिरी) मासिक पत्रिका पोखराबाट प्रकाशित भएका थिए । २०६४ असोज १ गते सरकारी पत्रिका गोरखापत्रको १९ भाषामा प्रकाशित हुने नयाँ नेपाल स्तम्भमा पाक्षिक रूपमा मेक राना मगरको संयोजनमा बाह्र मगर भाषा र राधा भ्काँक्री मगरको संयोजनमा अठार मगर भाषा प्रकाशित गर्‍यो ।

मगर भाषामा मेक राना मगरको सम्पादन र प्रकाशनमा 'मीनाम लाम' (नयाँ बाटो) पाक्षिक पत्रिका र मीना थापा मगरको सम्पादन र प्रकाशनमा 'लांघाली' मासिक पत्रिका मगर भाषा साहित्य विकासकोलागि निरन्तर प्रकाशन भइरहेका छन् । क्रिस्चियन धर्म व्यापक प्रचार-प्रसार गर्ने उद्देश्य सरल किसिमले बुझ्न सकियोस् भनेर नेपाल बाइबल

सोसाइटीद्वारा सन् १९११ मा प्रकाशित 'सार्चो' (Joy ful आनन्दी मन) पहिलो मगर भाषा पुस्तक हो । एस.एम.पी.पी. को छद्म नाममा पाल्पा निवासी अयोध्याप्रसाद प्रधानले वि.सं. १९९६ सालमा 'मगर कुरा शिक्षा' र 'मगर शब्द संग्रह' प्रकाशित गरेका थिए । इस्वी सन् १९७६ मा क्रिस्चियन धर्मग्रन्थ बाइबलको अनुवाद 'काने जात्चा काम' (प्रेरित काम) र Gary A. Shepherd लिखित 'बोक्सी चीन्डीच मन्त्र' (बोक्सी चिन्ने मन्त्र) मगर भाषामा प्रकाशित भए । इ. १९८५ मा अठार मगर भाषामा अनूदित 'ईश्व ऐ साःरो याका–लाव ओया येशु ख्रिसए ओपालकीन–काव' प्रकाशित भएको छ । मनवीर गर्बुजा मगरको 'मगरकूङ् कर्मकाण्डौ पोस्टक' (मगरहरूको कर्मकाण्डका किताब) २०४७, सोम राना मगरको 'मगर रीही छ्योट्' (मगराँती शूभ–अशुभ कर्मकाण्ड) २०५०/२०५४, सन्जोग लाफाद्वारा अनूदित अनौपचारिक क्षेत्र सेवा केन्द्र 'इन्सेक' काठमाडौँद्वारा प्रकाशित मानव अधिकारको विश्वव्यापी घोषणापत्र 'भरमी लोयाटउ भीन्टई मन्डीच ङाक ठूरी–२०५४', आमोद धौम्य 'निर्मल' लिखित राजकुमार बगरद्वारा मगर भाषामा अनुवाद गरिएको 'छीनीङ् पीहीनो मगरको' (आजभोलिका मगरहरू) २०५७, हर्कबहादुर आले मगरको 'बुद्ध ढ्याक छ्याप' (बुद्ध पुजा संस्कार) २०६०, अथार मगरात मगर भाषा, संस्कृति विकास प्रतिष्ठान र नेपाल मगर विद्यार्थी संघद्वारा 'संविधान सभा र मगर जातिको सवाल' २०६४, तीनवटै मगर भाषामा अनुवाद गरी प्रकाशन गरिएको छ । संवैधानिक संवाद केन्द्रले संविधान सभाबारे बुझ्न मगर भाषामा 'गूमस्ठाउ ठीटी' (समाजको थिती) २०६५, 'लीस र ढरम' (देश र धर्म) २०६५, 'आडीबासी जनजाटीवउ लोयाट' (आदिवासी जनजातिहरूको अधिकार) २०६५, स्वटन्टर न्यायपालीका' (स्वतन्त्र न्यायपालिका) २०६५, 'सहभागीटामूलक संबीढान खास्च पर्कीरीया' (सहभागितामुलक संविधान निर्माण प्रक्रिया) २०६५, 'संघीय प्रर्णली' (संघीय प्रणाली) २०६५, 'सरखारौ स्वरूप' (सरकारको स्वरूप) २०६५, सम्बीढानाङ् भर्मीओ लोयाट' (संविधानमा मानव अधिकार) २०६५, 'मीनाम संबीढानाङ् भीट्रीक ठोरई लेचकूङ् लोयाट' (नयाँ संविधान अन्तर्गत अल्पसंख्यकका अधिकार) २०६५, 'संबीढानाङ् ठरठरी र गूईयाँओ बोरोबोर मोलक्चीस्म ओ चीन्डीयाक्मा' (संविधानमा विविधता र सामाजिक समावेशिकरणको पहिचान) २०६५, 'ईस्ठानीय स्वायट्टा सासन' (स्थानीय स्वायत्त शासन) २०६५ अनुवाद गरी प्रकाशित गरेको छ ।

मगर भाषामा लेखिएका कृतिहरूमा प्रायजसो मगर भाषा बोल्न सिक्ने पुस्तक, व्याकरण, पाठ्यपुस्तक, शब्दसंग्रह र कर्मकाण्डका किताबहरू रहेका छन् । साहित्यिक कृतिको प्रकाशन पनि बिस्तारै बढिरहेको छ । तर जनसंख्या हेर्दा प्रकाशन हुने किताबहरूलाई न्यून मान्नुपर्छ । यो हुनुमा राष्ट्रले इतिहासमा लागू गरेको नीतिनियमको ठूलो हात देखिन्छ । २४० वर्षदेखि मातृभाषामा राज्यले विभेदकारी नीति नियम लागू गरेर मातृभाषालाई जिब्रोदेखि नै थुत्ने काम र भाषालाई हेय दृष्टिकोणले हेर्ने परम्पराको विकास भयो । अनि मगर भाषालाई गाई खाने भाषा र मान्छे खाने भाषाको संज्ञा दिइयो । मातृभाषा बोलेको खण्डमा दण्ड, जरिवाना तिर्नुपर्ने नियम कानुनले गर्दा मातृभाषा बोल्नेको संख्यामा ह्रास हुन पुग्यो जसको असर साहित्यमा पनि परेको छ ।

मगरहरूको साँस्कृतिक, धार्मिक, भाषिक पक्षमा बलियो पकड भएको कारण तत्कालीन शासकहरूले प्रशासनिक तवरबाट वि.सं. १९६८ मा लिइएको पहिलो जनगणनामा जनसंख्याको तथ्यांक नलिई शेष नामकरण गरियो । अठार मगरात क्षेत्रमा बसोबास गर्ने मगरहरूलाई 'काला शेष' (मोल्पा) र बाह्र मगरातमा बस्ने मगर जातिलाई 'गोरा शेष' (पाल्पा) भनिन थालियो ।

मगरहरूको विरासत र अस्तित्व बोधलाई अपमान गर्नुपर्दा 'कालाशेष गोराशेष मान्छे खाने देश' भनेर होच्याउने खालका शब्दहरू प्रयोग गरिन्थ्यो ।

जीतबहादुर सिन्जाली मगर र स्वर्गीय रेखबहादुर थापा मगरको लेखनसँगै बढेको मगर साहित्य अन्य समुदायका व्यक्ति बालकृष्ण पोखरेल (बालकृष्ण रूपाबासी) ले मगर साहित्य लेखेर मगर भाषाप्रति सम्मान गरेको पाईन्छ। बाह्र मगर भाषामा साहित्य लेखन बढी अठार मगर भाषामा थोरै लेखिएको छ भने काईके मगर भाषामा शून्य छ । अठार मगर भाषा र काईके भाषा साहित्य लेखनमा अब जोड नदिने हो भने भाषा संकटमा पर्ने टड्कारो देखिन्छ ।

भाषा जिवित इतिहास हो, भाषालाई बचाउन मौलिक साहित्यको प्रमुख दायित्य हुने भएकोले चेतना अभिवृद्धि गर्दै भाषा र साहित्यको मर्मलाई निराकरण गर्न सकिन्छ । मगर भाषामा शब्दकोष प्रकाशन, चलचित्र निर्मीण, रेडियो, एफ.एम.हरूमा समाचार, कार्यक्रम प्रशारण र मातृभाषा कक्षा सन्चालनले बोलिचाली र लेख्य भाषा फरकपनको ज्ञान बुझाउन महत्वपूर्ण भुमिका खेलेको छ । मगर साहित्यलाई अन्य साहित्यकारबीच आमजीवनको साहित्य स्थापित गर्न मदत पुर्याइरहेको छ ।

भाषा शास्त्रीहरूको स्पष्ट भनाइमा अन्तर्राष्ट्रिय भाषाहरूले कम वक्ता भाषाहरूको न्भलयअष्मभ गरिरहेका छन् । भाषाको महत्व नबुझेकाहरूले राज्यको अवसरबाट बन्चित भइने मनोवैज्ञानिक डर, त्रास, हिनताबोधले घरपरिवारमा मातृभाषा संवाद नगरी अन्य भाषालाई महत्व दिइएकोले भाषा हत्यारा हामी आफैपनि बनिरहेका छौं ।

(लेखक मगर भाषाका चलचित्र निर्देशक तथा 'इन्डिजिनस फिल्म आकाइभ'सँग आवद्ध हुनुहुन्छ ।)

**सन्दर्भ सुचिहरूः**


- अमूत यान्जन-तामाङ, साप्ताहिक हाम्रो बोली, www.usnepalonline.com ,11 April 2008
- स्व. हर्क गुरूङ, Ethnic Demography of Nepal
- बैरागी काइला.,राष्ट्रिय भाषा नीति सुझाउ आयोग-२०५०
- डा. तोबे स्कुटनाव काङ्गा, Lingustic Genocide in Education or World wide and Human Rights, 2006
- अमूत यान्जन-तामाङ, साप्ताहिक हाम्रो बोली, www.usnepalonline.com ,1 February 2008
- डा. केशरजङ्ग बराल मगर. नेपाल मगर विद्यार्थी संघ केन्द्रीय समितिद्वारा आयोजित २०६२ श्रावण २२ बर्तमान परिसथिति र मगर समाज प्रस्तुत कार्यपत्र
- यम सिन्जाली मगर, शोधमाला, मगर अध्ययन केन्द्र
- HMG / Nepal National Planning Commission Secretariat, Central Bureau of Statistics and UNEPA. Population of Nepal : Village Development Committee Municipalities, population Census 2001- Selected Tables on Caste/Ethnicity/mother tongue.



मनु ठाडा मगर

# जीन्दगीको एक दिन

हेलो !

'हजुर, नमस्कार राजेश जी !'

'म यसो घुमघाम मै ब्यस्त छु । बरू तपाइको के छ भन्नुस ? अँ अँ हो नि, क्यार्नी लण्डनमा नी नघुमेर काँ घुम्ने होर भन्या ?' ब्रिटिश लाइब्रेरीबाट बाहिर निस्कदै गर्दा अचानक नेपाली भाषा बोलेको सुनेर रानु फरक्क फर्केर आवाज आएतिर हेरी । पराई भुमीमा आफ्नो भाषा सुन्दा मात्र पनि आत्मियपन महशुस हुँदो रहेछ । हेर्दा क्षेत्री– ब्राम्हण जस्तो देखिने पातलो जिउडालको त्यो युवक नजिकैको बेन्चमा उप्परखुट्टि लाएर फोनमै बोल्नमा ब्यस्त थियो ।

करिब दिउँसोको २ बजेको हुँदो हो । विहान केही नखाई हिँडेकीले रानुको पेटमा निकै मुसा दौडिरहेको थियो । त्यसैले त्यो मान्छेलाई एकछिन निहालेपछि अगाडिको म्याकडोनलमा छिरी । 'गुड आफ्टरनुन ! ह्वाट उड यु लाइक टु इट म्याम ?' काउन्टरमा उभिएकी इन्डियन भैँ देखिने केटीले मुसुक्क मुस्कुराउँदै सोधी । माथि बोर्डतिर हेर्दै रानुले अर्डर गरी 'क्यान आइ ह्याभ अ चिकेन लिजेन्ड प्लिज ? 'हिइच ड्रिंक्स डु यु प्रिफर म्याम ?'

'स्मल पेप्सी विथ लिल् बिट आइस प्लिज ।'

'एनि थिङ्ग इल्स?' ब्यापारीको अन्य थप कुरा बिकाउने उपाय मिसाइ हाली ।

'नो, थ्याङ्क्यु ।'

'इट्स फो सिक्स्टी सेभेन प्लिज ।' टिलमा पैसा जोडेर इन्टर बटन दाब्दै बोली । झोलाको भएभरका गोजी छामछुम पार्दा पनि चानचुन पैसाले चार पाउण्ड भएन । त्यसैले ५ पाउण्डको नोट झिकेर दिई ।

'योर अर्डर इज बिइङ्ग रेडी । इट्स योर रेसिट एन थर्डटी थ्री पी म्याम,' फिर्ता पेनी सहित विल रानुको हातमा थमाइ दिई ।

काम नपाई रन्थनिएर हिँडेकी रानु त्यो केटीलाई हेर्दै मनमनै सोची 'यस्तै म्याकमै काम

पाइएको भए पनि त हुने । जति एप्लाइ गरे नी नहुने मेरो भाग्य नै खराव...।' आज पनि एक असफल अन्तरवार्ताबाट फर्कदै थिई । जताततै पार्ट टाइम जब एप्लाइ गर्दा–गर्दा थकित भएर फुलटाइमको लागि एक ठाउँमा भरेको भोलि पल्टै इन्टरभ्युको लागि बोलाइएको थियो । तर जब बताइएको ठाउँमा पुगी भित्र छिर्ने बित्तिकै खैरो सिल्लिक्क परेको केश लर्काउदै त्यहाँको एक कुइरे कर्मचारीले पहिलो प्रश्न गरी 'आर यु लुकिङ्ग फर फुलटाइम जव ?'

रानुलाई फुलटाइम वर्क परमिट नभएकोले विस्तारै जवाफ फर्काइन् 'नट एक्चुअल्ली ।'

'ह्विच टाइप अफ अ भिजा डु यु ह्याभ?'

'आम् अ स्टुडेन्ट एन्ड आइ ह्याभ गट अ स्टुडन्ट भिजा ।'

'सो यु हयाव वन्लि ट्वानी आव वर्क पर्मिट, एम आइ करेक्ट ?'

'एस नाउ आइ क्यान वर्क वन्लि ट्वानी आव पर विक । बट आम हयाभिङ्ग समर होलिडे फर्म फिफ्थ अगस्ट । आइ ह्याभ दु मन्थ समर होलिडे एट द्याट टाइम आइ क्यान वर्क फुल टाइम मोर द्यान फोर्टी आवर ।'

कुइरेनीले मुसुक्क मुस्कुराउँदै भनी 'सरी डार्लीङ्ग वि निड मन्डे टु फ्राइडे फोटि आव फुल टाइमर राइट नाउ । यु कान्ट वर्क दिस सो वि विल होल्ड योर एप्लिकेशन फर अ ह्वाइल ।' घाटी तन्काउँदै बोली 'थ्याङ्गक्यु मिस रानु, यु क्यान गो नाउ ।'

त्यो चारैतिर सिंसै सिसाको झ्याल भएको उज्यालो कोठाबाट रानु कालो अनुहार पारेर निस्केकी थिई । आउँदा बाटैमा ब्रिटिश लाइब्रेरी देखेकी हुनाले कस्तो रहेछ भन्ने लागेर निरीक्षणको लागि पसेकी थिइन् । उसको अर्डर तयारी भयो । रानु भने अझै कामको चिन्तामा डुवि रहेकी थिइ । 'हिअर वि गो योर चिकेन लेजेण्ड इज रेडी नाउ । इन्जोइ योर मिल म्याम !' केटीले आफ्नो ड्युटी पुरा गरी । 'थ्याङ्क्यु सो मच' तन्द्राबाट ब्युँझदै एम लेखिएको कागजको सानो झोला समाई ।

ब्रिटिश लाइब्रेरीको त्यो रङ्गडङ्ग शान्त भवनबाट उ भोक लागेरै बाहिर निस्केकी थिई । युके समरको लामो दिन उनीसँग समय थुप्रै बाँकी थियो । बस स्टपमा म्याकडोनलको सानो झोलाबाट आलु चिप्सको टुक्रा झिकेर टोक्दै सोच्दै थिइ 'अब कता जाने ?' २०५ नम्वरको बस आयो, उ त्यसैमा चढी । बस भित्रै खानेकुरा खाँदै रानु केहीबेर घोरिई 'अव के गर्ने, कता जाने, प्रेट म्यानेजरमा आवेदन खुलेको छ भन्थे...आजै भिक्टोरिया स्टेशन पुग्नु पर्ला जस्तो छ फेरि ।' भिक्टोरिया स्टेशनको प्लेट फर्म नम्बर दुई अगाडि प्रेट म्यानेजरको अफिस रहेको छ । जहाँ निकै महिना अगाडि रानु साथीहरूको हुलमुलमा त्यहाँ पुगेकी थिई । तर उसले अहिले चढेको बस पेडिङ्गटोन जाने हुनाले उत्रेर अर्को बस फेर्न पर्ने भयो । रिजेन्स पार्क स्टेसनमा उत्रिएर उ ४५३ नम्बरको बस चढी र आफ्नो गन्तब्यतिर लागी ।

भिक्टोरिया स्टेशन पुग्दा झण्डै चार बजेछ । स्टेशनको उतापट्टि पनि एक एजेन्सी रहेछ । त्यहाँ वेटर, पिक प्याकर, सेफ इत्यादि चाहिएको ठुल्ठुला अक्षरले लेखिएको प्रिन्टेड कागज सिसा झ्यालमा टालिएको थियो । झोला भरि बायोडाटा बोकेकी रानु भिक्टोरिया स्टेशनभित्र नछिरी सिधै त्यही एजेन्सीमा छिरी । कालो, चट्ट आइरन लागेको कोट र छोटो, कालै मिडीमा सजिएर घुम्ने कुर्सीमा बसिरहेकी गोरेनीले खिसिक्क हाँस्दै स्वागत गरी ।

'हेलो ! मे आइ हेल्प यु ?'

'हाइ ! इट्स मी रानु, आम अ स्टुडेन्ड । आम लुकिङ्ग फर अ जब । डु यु ह्याब एनी काइण्ड अफ अ जब फर मी प्लिज' आफ्नो परिचयसहित रानुले कुरा राखी ।

'औ सरी डार्लीङ्ग आम अफ्रेड । वि डोन्ट ह्याभ एनी काइण्ड अफ अ जव एट द मोमेन्ट ।'

उसले अगाडि आएको केश लर्काउदै थपी 'यु क्यान ड्रप योर सि भी विथ मी इफ वि निड देन वि विल कल यु ल्याटर अन ।'

रानुलाई राम्रैसँग थाहा थियो एजेन्सीमा सिभी बायोडाटा छोड्नु भनेको कुनै डस्टविनमा हाल्नु बरावर हो । तैपनि पापी मन एक कुनामा आशा जहिलै पनि रहिरहन्छ । कतै बोलाइ पो हाल्छ की उसले झोलाबाट तीन पेजको बायोडाटा झिकेर बुझाइ र धन्यबाद भन्दै त्यहाँबाट बाहिरिई ।

भिक्टोरिया स्टेशनभित्र ट्रेन पर्खने मान्छेको भिडभाड छिचोल्दै रानु प्रेट म्यानेजरको अफिसमा पुगी । जाँदा-जाँदै ढोका नेरै रिसेप्सन थियो । खैरो-खैरो कपाल भएको पोलिस जस्तो देखिने युवकले मधुरो निलो टि-सर्टमा सजिएर सबैलाई फर्म बाँडिरहेको थियो । रानु पनि गएर सोधी 'मे आइ ह्याभ वन फर्म प्लिज' युवक व्यवसायी मुस्कानकासाथ फर्म दिँदै 'हवाइ नट, हिएर फर यू' 'ह्याभ यु गट योर पासपोर्ट रान ?' फर्म लिँदै बोली 'एस आइ ह्याभ ।' 'ओके फेन्टास्टिक । टेक अ सिट एण्ड फिल योर फर्म प्लिज' रानुलाई सोफा देखाउँदै युवकले भन्यो ।

साघुँरो कोठामा तीनवटा गोला टेवल राखिएको थियो । मानिस बस्नको लागि छालाको मोटो-मोटो विट भएको कालो सोफाहरू थिए । रानु पनि त्यहीँ एक कुनामा गएर बसी । उ जस्तै जागिरको फर्म भर्नेहरूको भिड थियो । त्यसैले उकुसमुकुस हुँदै पाँच मिनेटभित्रै फर्म भरेर बुभाइ बाहिर निस्की । कोही साथीहरू नभएकोले काम सिद्धिनासाथ सिधै कोठा फर्किने निधो गरी र गन्तव्यतिर लागी । सेफरबुस ग्रीनमा बस रोकियो, दुईचार मान्छे चढे । खुट्टा राख्ने ठाउँमा फोहोर, जुसको डिब्बा र पानीको बोटल थुप्रेकोले रानु बसेको ठाउँमा एक सिट खाली थियो । 'एक्सक्युज मी, क्यान आइ ह्याभ अ सिट प्लिज ?' रानुको छेवैमा उभिएर सिट मागिरहेको थियो एक युवक । रानुले फोहोर देखाउँदै सोधी 'हिएर इज अ मेस, डु यु रियल्ली वान अ सिट ?'

रानुको प्रश्नको उत्तर नदिइकन युवकले 'नेपाली हो?' भनेर सोध्यो । नेपालीमा बोलेको सुन्दा रानुले उसको मुहार नियाली । ब्रिटिश लाइब्रेरीको अगाडि निकै चिच्याइ चिच्याइ फोनमा बोलिरहेको सोही युवक बसमा देख्दा तीनछक परी । केही समयपछि आफ्नो अचम्मित अनुहारलाई सम्हाल्दै मुस्कुराएर भनी 'कसरी थाहा पाउनु भो ?' 'ए, म त नेपाली भने पछि गन्धैले थाहा पाउने मान्छे हुँ नी !' हाँस्दै सिटमा बसेर युवकले 'म दिप, तपाई ?' भनेर सोध्यो । रानु नचिनेको मानिससँग हत्तपत्त खुलेर नबोल्ने हुनाले 'रानु' भनेर आफ्नै सुरमा बसी । तर दिप एकछिन पनि नबोली बस्नै नसक्ने चटपटे रहेछ ।

'अनि कलेज गएर फर्किंदै ?' दिपले बोल्ने मेलो बनायो । 'हैन,' रानुले छोटो उत्तर दिएर वाक्य टुङ्गयाई । 'उसो भए काममा गएर आउनु भो ?' हैन, त्यतिकै डुलेर आएकी ।'

'ए, त्यै त डुल्नु पर्छ । लण्डन आएर पनि नडुली हुन्छ त ? म पनि आज विहानैदेखि घुम्मी घुमी फर्केको । यहाँ चाहिँ कहाँ बस्नुहुन्छ?' दिपले गफ लम्ब्याउँदै सोध्यो ।

'ग्रीनफोर्ड रोड ।' त्यति भए त सजिलै सेटल भै हाल्नु हुन्छ नि तपाईहरू ।' एकछिन आफ्नो ज्वाइलाई सुन्न रोकिएको दिप फेरि बोल्छ 'ए मेरो त खै के कुरा, एक्लो ज्यान हेर्नुस । तै पनि चार सय जति हुन्छ । कहिले त्यो पनि हुन्न ।' अपरिचित त्यो ब्यक्ति फोनमा अरूसँग बोल्दा बोल्दै उसको बारेमा रानुले धेरै जानकारी पाई । तर एकोहोरो बोल्या-बोल्यै सुनेर रानुलाई वाक्क लाग्छ । 'गर्मीमा न त बस नै चाँडो दौडन्छ न त शान्तले बस्न नै पाइएको छ' उ मनमनै सोच्छे ।

रानुको चल्याक-मल्याक देखेर हो क्यारे दिपले फोनवार्ता छोट्यायो । फोन राख्ने बित्तिकै

नाइक लेखेको कालो झोलाको माथिल्लो भागको गोजीबाट छुर्पीका टुक्रा झिक्दै रानुतिर तेर्स्यायो । 'यो लिनुस्, मेरो दिदीले पठाई दिनु भएको काठमाण्डौंबाट ।'

'नो थ्याङ्क यू' देखावटी हाँसोको साथ नकार्छे ।

'हैन, किन लिनुस् न नरम छ ।'

'हैन, हैन । थ्याङ्क क्यु तर मलाई मन पर्दैन ।' रानु नोटबुकको

छेउले आफूतिर हावा हम्काई रहन्छे ।

'साँच्चै साह्रै ढिला भो है आज त, चार घन्टामा पनि नपुराउने भो पार्करोएल' मुखमा छुर्पी टोक्दै दिप लामो स्वास फेर्दै भन्छ । उनीहरू बस चढेको दुई घण्टा हुँदा पनि पार्करोएल आइपुगेको थिएन । कोही बसयात्री गर्मीले छटपटाइ रहेका थिए भने कोही बस ढिला भएकोमा बर्बराउदै थिए । 'साच्ची, तपाईको नेपालमा घर चाहि काँ नि?' विस्तारै फेरि कुरा अगाडि बढाउँछ दिप ।

'इलाम ।'

'इलाम त साँच्चै सुन्दर ठाउँ भन्छन् । अहिलेसम्म पुग्न पाएको भने छैन ।' कुरोको मेसो दिपले झिकेपछि केही बोल्नै पर्ने भो रानुलाई । 'अँ हो त । तपाईले स्वर्गको एक टुक्रा टेक्नबाट बन्चित हुनुहुँदो रहेछ ।' रानुले पनि ताल परेको बेला भनि हाली । 'अनि तपाइको चैं काँ नि?' फर्मालिटी पुरा गर्न भएपनि रानुले सोध्न परिहाल्यो ।

'मेरो त बाग्लुङ्ग ।'

'ए हो र मेरो थुप्रै साथीहरू छन् बाग्लुङ्गका ।' 'मेरो त विकट गाउँमा पर्छ । तर मेरो काकाहरू सबै काठमाण्डौ नै हुनुहुन्छ । त्यै भएर मैले एसएलसी पनि बालाजुबाट गरेको हुँ । बसको विस्तारै बढेको रफ्तारसँगै उनीहरू बीचको कुराकानी पनि विस्तारै अगाडि बढ्यो । दुवै जना गफमा मस्त भए । स्पिक स्लिभलेस टि-सर्टमा कालो स्किनी जिन्सले रानुको सुन्दरतालाई थप उजागर गरेको थियो । उसले छोटो सिल्की केश सवार्दा कानमा झुण्डिएको झुम्काले अनुहारमा चमक ल्याउँथ्यो । रानुले अगाडि ब्रिटिश लाइब्रेरीमा देखेको कुरा गरी र अन्य दिनमा ४८७ नम्बरको बस चढ्दा दिपले उसलाई देखेको कुरा सुनायो । पुराना साथी सरह गफिएका उनीहरूबीच - कलेज जीवनदेखि घर परिवार, साथीभाई सबैको बारेमा गफ भयो । दाइ दिदीसहित बसिरहेकी रानुले दिप भने परिवारको एक्लो छोरो रहेको थाहा पाई । 'अनि किन डिपेन्डेन्ट नल्याउनु भा त ? ल्याउनु भएको भए अलि सुख हुन्थ्यो नि तपाईंलाई?' जिस्कँन्दै भए पनि रानुले वास्तविक कुरा खोतलिन् ।

'प्राय सबैले यु के आउँदा हतार-हतारमा विहे गर्दै लिएर आउँछन् । तर मेरो त खै कोही पनि थिएन त्यै भएर नल्याको नि' हाँस्दै दिएको जवाफसँगै दिपले प्रश्न राख्यो 'अनि तपाईंले चाँहि किन नल्याउनु भा त ?'

'अँ मेरो पनि त्यै भएर त हो नी । नत्र त म पनि मेरो श्रीमानसँग मस्तीले बस्ने थिएँ, कमाई पनि हुने, रमाइलो पनि' उसले पनि ठट्यौली जवाफ दिई ।

'कहिले कहीं एक्लोपनको महसुस हुन्न? मलाइ त कैले कहीं कस्तो सुन्य लाग्छ । मसँग मनका कुरा साटासाट गर्ने कोही भै दिए कति जाती हुन्थ्यो जस्तो लाग्छ' घुमाउरो तरिकाले रानुको मन बुझ्न खोज्यो दिप । रानुले लाजमान्दै उत्तर दिई 'खै, त्यस्तो त खासै भएको छैन ।'

अब त बेला भएन र कस्तो छ विचार ? अव तपाईंको त समय छ, भिजा पनि थुप्रै रहेछ । यसो मन मिल्ने साथी खोजेर घरजम बसाए हुन्छ । समाज हो, एक न एक दिन त हामीले गर्नै पर्छ । समयलाई किन खेर फाल्ने, अघि मसँग फोनमा बोल्ने बैनी ज्वाइको हेर्नुस त, दुवै

जना युनिभर्सिटी जान्छन् साथै यतै सेटल पनि हुने भएका छन् ।'

बिच्चैमा खितित्त हाँसेर जवाफ दिइ रानुले 'सोचे जस्तो भै दिएको भए त हो नी । आफु ताक्छ मुडो बन्चरो ताक्छ घुँडो के गर्नु?' गफ गर्दै बाहिर आँखा लगाउँदा क्याण्डल एभेन्युको छेउ अगाडि दुबैले ४८७ नं को बस देखे । उनीहरू दुबैले हेङ्गरलैण्डबाट त्यो वस लिनु थियो ।

'लौ हाम्रो बस त अगाडि पो रहेछ । यो त अव छुटिगो फेरि अर्को बसलाई कति कुर्नु पर्ने हो?'

'हैन, कैले कहीँ त भेटिन्छ नी । नआतिनुस न, अझै चार स्टप बाँकी छ हेङ्गरलैण्ड पुग्न' रानुले मन थम्थमाइ ।

'खै, मैले त यसरी अगाडि लागेको बसलाई कैले नि भेट्या छुइन । आज तपाईको भाग्यले साथ दिएमा भेट्छौँ कि त ?'

'हा..हा कस्तो गफ दिनु भो है तपाईंले त?' अस्वाभाविक हाँसोसहित प्रतिउत्तर दिई ।

'अव यसो गरौं, यो जाम यस्तै हो हेर्नुस हामी अगाडिको स्टपमा झरौं र अघिल्लो एक स्टपसम्म हिडेर जाउँ । बसभन्दा पक्कै हामी अगाडि पुग्नेछौं' दिपले प्रस्ताव राख्यो ।

रानुले सहमत जनाई र दुवै पार्करोएल स्टेशनमा झरेर हिडे । नभन्दै ४८७ बसभन्दा अगाडि त्यहाँ पुगे पनि । देख्नु भो रानु जी, हामी यो बसभन्दा अगाडि पनि आइ पग्यौं र शितलता पनि पायौं । कैले काइ अल्टरनेटिभ आइडिया पनि अपनाउनु पर्छ क्या?' दिपले आँखा झिम्काउदै मुस्कुराएर भन्यो ।

तर दुर्भाग्य भनौं अगाडि अझै धेरै जामका कारण त्यो बस त्यहीँबाट फर्कने भयो । 'लौ मार्यो । मेरो भाग्यलाई बसले नै च्यालेन्ज दियो' मस्किदै दिपलाई सुनाई । दुबै फेरि अर्को बस नआउन्जेलसम्म त्यहीँ गफ चुट्दै बसे ।

(लिनुस्, यो चिसो कोक खानुस्' दिपले नजिकैको पसलबाट कोक किनेर रानुको हातमा थमाइ दियो । यत्तिकैमा अर्को बस आउँदै गरेको दुवैले देखे । तर फेरि पनि त्यो बस त्यहींसम्म कोलागि मात्र रहेछ । युकेको लामो दिन भएकोले रातको दश बज्न लाग्दा पनि अझै दिउँसो लाग्थ्यो । तर अबेर त भएकै हो । उनीहरू 'अब के गर्ने?' भन्दै एक–अर्कालाई हेरे ।

एकछिन सोचेपछि 'तल्लो स्टपसम्म हिँड्दै जाउँ अनि जुन गाडी आउँछ त्यसैमा चढौँला' रानुले कुरा राखी । 'हुन्छ, नत्र त्यो नि भएन भने ट्युब मै भएनि जाउँला' दिपले साथ दियो । दुवै अण्डर ग्राउण्डको सबवेतिर लागे । बसमा भएको सुखदुखका रोचक गफगाफले उनीहरू बर्षौदेखिको साथी जस्ता भै भइसकेका थिए । त्यसैले भिडमा दिपले उसको हात समाएर आफूसँगै हिडाउँदा रानुलाई कुनै असजिलो अनुभव भएन ।

करिव १५ मिनेटको हिडाइपछि उनीहरू भिकास्र ब्रिज स्टप पुगे । भाग्यले साथ दियो, ठ्याक्कै उनीहरूले चाहेको बस नै अगाडि आइ रोकियो । दुबै बस चढे । थप गफमा भुले र फोन नम्बर पनि साटासाट गरे । अल्पटनभन्दा अगाडि जाम नभएकोले एकै छिनमा सदबरी स्टेशन आइ पुग्यो ।

'लौ त है, आज तपाईसँग भेटेर साह्रै खशी लाग्यो । कैले काहीं त यस्तो नसोचेको रमाइलो पनि हँदो रहेछ' दिपले आफू ओर्लने स्टप आउन लागेपछि भन्यो । हजुर, हो त मलाई पनि एकदम खुशी लागेको छ' रानुले हर्षित हुँदै भनी ।

'अँ, यसो समय भएको बेला फोन गर्नुस् है । मलाई त जति बेला गरे नि हुन्छ । तर तपाई त केटी मान्छे अलि समय विचार गर्नु पर्छ होला है ?' खासै त्यस्तो हुन्न ।'

'फेरि फेरि भेट्ने आशा गर्छु । यसो फोन गर्नुस्, हैन मिसकल मात्र दिए पनि हन्छ । म

कल ब्याक गर्छु है त ल बाई ।' बसको स्टप बटम थिच्दै बोल्यो दिप ।

हवस् फेरि भेटौंला ।' 'बाई' लामै लहरो तानेर रानुले बाइ भनी मिल्ने साथी छुटेको झैं न्यास्रो मान्दै दिप बसबाट ओर्लियो । रानु भित्रैबाट बाई भन्दै हात हल्लाउदै थिई । यात्रीहरू चढिरहेकोले बस रोकिएको थियो । कोठा रोड पारि भएकोले दिप बाटो क्रस गर्नेबेला रानुलाई बाई भन्न फेरि फर्केर मुस्कुराउँदै हात हल्लायो । कसैको फोन आयो एक हातले बीचबाटोमा फोन झिक्दै अर्को हातले रानुलाई बाइ भन्दै गर्दा अर्को साइडबाट एउटा गाडी आएर ड्याम्मै हान्यो । गाडीको ठक्करले दिप उछिट्टएर सिमेन्टको रोडमा पछारियो । उसको टाउकोबाट रगत हवाल्ल बगेर आहाल बन्यो । रानुको यो एकदिने कथा दिपको स्वास झैं त्यही पलमा रोकियो ।

*(लेखिका मगर आमसञ्चारकर्मी समाजकी कोषाध्यक्ष हुनुहुन्छ ।*
*उहाँ हाल ब्रिटेनमा अध्ययनरत हुनुहुन्छ ।)*



नवीन विभास

# आशा

'कुनै दिन त्यस्तो पार्टी पनि आउला जसले हाम्रो मुक्तिको सपना पूरा गर्ने बाटो खन्ला' डोकोमा नाम्लो लाउँदै भनी 'म फेरि त्यो बाटोमा लाम लागूँला ।' यति भनेर भारेडोको (मसिना प्वाल हुने गरी बुनिएको डोको) मा नुनको भारी बोकेर मुश्किलले उठी । एक झलक फर्केर पनि नहेरी बाटो लागी । जाजरकोट जाने गाडी कुर्ने प्रतीक्षालय पुग्नुभन्दा वरै उकालोमा भरियाका हुल भेटियो । उनीहरूसँग घरी पछि घरी अघि गर्दागर्दै एउटा चौपारीमा पुग्यौं । मलाई थाहा छैन । सोध्न पनि भुलिछु क्यार त्यो चौपारीको नाउँ । चौपारीमा पुगेपछि भरियाले भारी बिसाए । पसिनाले निथ्रूक्क शरीर चौपारीमा ओभाउन थाले ।

त्यै हुलकी एउटी चेली । सबैभन्दा पछि आइपुगी । उ आइपुग्दा चौपारीका बिसाउनी कब्जा भइसकेका थिए । कहाँ राख्ने ठाउँ खोजी । पाइन । चौपारीकै छेउतिर भुइतिर हेरिरहेको चुत्रोको बोटमा अडेस लगाई । र भनी 'लालमाया ! स्यान्स्यानो ढुंगा ले ।'

उभन्दा केहीबेर अघि मात्र आइपुगेकी लालमायाले पसिना ओभाइरहेकी थिई । ढुंगा लगिदिई । नमिलेको कापमा ढुंगा राखी र डोको अड्याई केही बेरसम्म डोकोमै अडेस लागेर बसी । बसे पनि शरीरबाट पसिना नथामिएको उसको अनुहारबाट झर्दै गरेका पसिनाले भन्थे । के सम्झेर कुन्नि टाउकोमा राखेको कपडा हातमा लिई । र त्यसले अनुहार सरक्क पुछी ।

कताकता देखेजस्तो न भैटेजस्तो लाग्यो । कुनै याममा देखेको अनुहारजस्तो । तर ठ्याक्कै ठम्याउन भने सकिनँ । कतै देखेजस्तो भने लागिरह्यो । पसिना पुछेर हाई काढी । भरियाका छेउतिर अघिदेखि एकटक उसलाई हेरिरहेकाले होला मतिर आँखा घुमाई । आश्चर्य मान्दै आई 'अरे ! तपाई पत्रकार दाइ होइन?' कहाँ देखेजस्तो लाग्ने उही कमरेड आशा जस्तो लाग्यो । र उसको आश्चर्यचकित प्रश्न नझर्दै मैले सोधेँ 'कमरेड आशा होइन ? केही नबोली टाउको हल्लाई । 'हो त है । त्यै त कहाँ देखेजस्तो अघिदेखि लागेको थियो ।' हात मिलाई । त्यतिखेर

जसरी सनासोले चेपेजस्तो गरेर मिलाएकी थिई यसैगरी हात मिलाई ।

'कमरेड कहाँबाट?'

'सल्लीबजारबाट' उसले भनी ।

'कार्यक्षेत्र' मैले सोधेँ 'अचेल कहाँ छ?'

मेरो मतलब थियो – कुन शिविरमा हो, वाइसीएलमा भए कहाँ ? उसले डोको देखाई ।

ठानेँ ठट्टा गरी । मैले पत्याइनँ ।

'होइन ख्याल नगर्नु न । थाहा छैन के अहिले कहाँ हो ?' उ केही पनि बोलिन । डोकोमा खकन्ना मिलाई । सानो डोको भएकाले माथिसम्म सामान राख्नलाई राखिएको खकन्नामा रूमाल राखी । र कसी । र भनी 'अचेल मेरो कार्यक्षेत्र र जिम्मेवारी यै हो ।' स्वाभाविकरूपमा सम्हालिन कोशिस गरी । कताकता के नपुगेजस्तो पनि लाग्यो क्यार उसलाई ।

'दाइ त उस्तै हुनुहुने रैछ' उसले भनी 'कपाल पनि उस्तै ।' सायद सबै ख्याल गरेकी रहिछ क्यार । त्यसबेला हामी चारजना पत्रकार गएका थियौं । केही पत्रकारले 'अन्टसन्ट' सोध्न खोजेका थिए ।

'पोल्दापोल्दै उछिट्टिएजस्ता एउटा दाइ थिए नि कुरा पनि गतिला नगर्ने । ती दाइ कता छन् ?' हामीसँग गएका रामहरि आचार्यको बारेमा सोधी । त्यसबेला काठमाडौं पोष्टमा काम गर्ने रामहरि नानाथरी आइएनजीओ फेर्दै अमेरिका पुगिसकेको थियो ।

'अमेरिका ।'

'ए हो र?' भनी ।

'म पनि अहिले त्यो पत्रिकामा होइन नि । अर्कोमा ।'

'ए हो र?' उसले भनी ।

भरियाले सुल्पामा कक्कड भरे । हावा चल्न थाल्यो । हावामा कक्कडको धुँवा अलमलिदै आकाशिन थाल्यो । केहीले चुरोट सल्काए । केहीले शिमला पहाडबाट आएका कालापारेले दिएका दिलबहादुर बिडी सल्काए ।

'पर्सी घर पुगिन्छ कि पुगिन्न?' 'मैले बोकेको यति नम्बरी भारीको कति पैसा हुन्छ ?' यस्ता हिसाब निकालिदिन भन्दैथिए केही पाका भरिया जोसँग लेखापढी थिएन ।

हावाको गतिसँगै एक हुल बादल आएर लखेट्दै अर्को हुल बादललाई नेटो कटायो । चराका हुल पनि उड्दै आएर पिपलको बोटमा बसे । भरियाका आङमा उमेका पसिना चौपारीको हावाले सुक्न थालेजस्तो लाग्यो । कारण –अघिसम्म खलखलि पसिनाले भिजेको मेरो ज्यानले चिसो चिसो महसुस गर्न थालिसकेको थियो । अघिसम्मको भारीको पीडा र पसिना भुलेर भरिया कक्कडको धुँवासँगै संचोबेसंचो थाले । एकअर्कालाई कटाक्ष हान्दै जिस्किन थाले ।

'बिहे भयो?' अनायास प्रश्न खसेछ ।

'अहँ ।'

'किन?'

'यस्सै ।'

'होइन बारे ।' अर्कीलि भनी ।

'ढाँटेकी?'

'होइन' यति भनेर आँखा टरी ।

केही बेर सन्नाटा छायो । अरूको निजी कुरा कोट्याउन पनि त जरूरी छैन । पत्रकार भनेपछि कोट्याउनै पर्छ भन्ने गलत परम्परा छ । जो गलत छ । प्रसंग अन्ततिर मोडिए । के

सम्भेर कुन्नि सायद सुनाउन चाही ।

सुनाई–

'हामीले दर्ता गरेको प्रेम प्रस्ताव पास भएपछि बिहेको कुरा पनि छिनेको थियो । बेनी कारबाहीपछि बिहे गर्न सम्पूर्ण चाँजोपाँजो हाम्रो प्लाटुनले मिलाएको थियो । यति भनेर रोकिई । कतै कोही आइरहेछ जसरी हेर्दै भनी 'तर कमरेड समीर बेनीबाट फर्कनु भएन ।' उसले यति भनिसक्दा जर्किनमा पानी बोकेर आशाकी अर्की संगीनी आई । हावा चल्न थाल्यो । डाँडामाथि उभिएको चौपारीको पिपलको पात । फर्फराउन थाले ।

'त्यसपछि ?' मैले सोधेँ । 'त्यसपछि ?' उसैले मलाई सोधी । फिस्स हाँसी । त्यसपछि एकछिन रोकिई । र भनी, 'दिल कसैमा बसेन ।' 'उमेर छ' बेला नघर्किएको भन्दै सोधेँ – 'बढीमा बाईस हुनुभयो होला ।' '१९' उसले भनी । जनसेनाबाट उसलाई वाइसीएलमा सरूवा गरिएछ । त्यसपछि 'संगठनको जिम्मेवारी दिइयो' उसले भनी ।

त्यसपछि 'केही पनि दिइएन" त्यसपछि लस्करै लागेका भारी हेर्दै भनी 'अहिले त हाम्रो काम पनि छैन जस्तो छ पार्टीलाई । खोज्दैजाँदा पनि भेट्दैनौं ।'

'अनि?'

'पेट पाल्नु पर्यो' उसले भनी 'हिजो युद्धमा थियौँ । आमालाई टार्न हुन्थ्यो । तर आज त्यो पनि छैन । केका लागि कहाँ छु भन्ने ?'त्यसपछि जुरूक्क उठी । जर्किनमा पानी लिन गई । 'बिसूर ए बिसूर ।' एकजना बूढा भरियाले बोलाएपछि फरक्क फर्केर हेरी । थाहा पाएँ उसको गाउँघरमा बोलाउने नाउँ रहेछ बिसूर । उसले पार्टीमा राखेकी थिई आशा । उसले आशापछि समीक्षा, प्रतीक्षा, लाली जस्ता नाम फेरिछ ।

उसलाई पहिलोपालि रोल्पाको भावाङमा जनसरकार घोषणा कार्यक्रममा देखेको थिएँ । त्यतिखेर क जनमिलिसियामा थिई । हिंडेको दुई महिना लागेको बताएकी थिई । त्यसताका माओवादीको कार्यक्रम थाहा पाउनु, उनीहरूलाई भेट्नु अनौठो थियो । सबै कहाँ जान पाउँथे र ! त्यो मेरो पहिलो माओवादी फिल्ड रिपोर्टिङ थियो ।

'भर्खरकी चेली के सपना उनेर लागी होली ?' मनमा नजानिदा कौतुहलता उठेका थिए । सोधेको थिएँ 'यस्तो आँधीमा तिम्रो सपना पूरा हुन्छ, तिम्रो सपना फल्ने फूलबारी देख्यौ ?' ढुक्क थिई । नेपाल फेरिने छ । आफूले देखेको सपना केही समयमै पूरा हुने छ । उसको भनाइ थियो 'यति ठूलो बलिदान भएको छ । त्यो रगत कसरी खेर जान्छ ? के हाम्रो नेतृत्व र हामी सहिदले देखाएको बाटो, तिनीहरू हिडेको बाटो छाडौंला, कस्तो करा गर्नुहुन्छ ?' सबलाई चुप पारेकी थिई ।

किन हो कुन्नि टाटेपाटे ड्रेसमा बन्दुक बोकेको उसको किशोर अनुहार मलाई खबै मन परेको थियो । आफ्नो भविष्य आफैले कोर्ने सपना उनेर हिंडेकी चेली देखेर ईर्श्या पनि जागेको थियो । जनमुक्ति सेनाका समर्पणभाव देखेर होला सायद 'बायस् भइसकेको थिएँ कि म ! मलाई यस्तै लाग्छ । अहिले पनि उनीहरूले उठाएको जोखिम र समर्पण देखेर घोत्लिन्छु ।

कनै याम थियो । जुन याममा जनमुक्ति सेना र कार्यकर्ता तात्कालीन सेना र पुलिससँग लडिरहेका थिए । कहिले मार्थे कहिले मारिन्थे । जनसेनाका महिला जवान नेपाली सेनाले पकडेर सामूहिक बलात्कार गरेका कुरा सुन्थ्यौं । तर लेख्न सक्तैनथ्यौँ । लेखे पनि छापिदैनथे । कारण त्यसबेला पनि अचेलजस्तै आफूलाई व्यावसायिक भन्दै मूलधारको दाबी गर्ने पत्रिका माओवादीविरोधी नै थिए । माओवादीका नकारात्मक कुराबाहेक छाप्दैनथे । पत्रकार पनि माओवादीतिरका पृष्ठभूमि भएकाहरू सिला खोजेजस्तै थियो ।

त्यसताका पनि माओवादीका राम्रा नराम्रा प्रायः सबै कुरा थाहा हुन्थ्यो । अर्घाखाँची, बेनी आक्रमणमा जित्दा खुसीयाली मनाउन भारतमा रहेका नेता रक्सी र मासुले भुलेको कुरा सन्नेबित्तिकै चकित भएको थिएँ । त्यहीँ आक्रमणमा आफ्ना कति कार्यकर्ता मारिए, कति जनसेना मारिए यत्तिसमेत भुलेर रक्सीले मातेर नाँचेको कार्यकर्ताले गनासो सुनेपछि 'होइन होला ?' भनेँ । नेता र कार्यकर्ताका खानामासमेत विभेद सुनेर छाँगाबाट खसेको थिएँ । यस्तो खाना पकाउने जिम्मेवारी पाएका एक नेता पकाउँदा पकाउँदै आफै तीनछक्क परेथे रे । उनले भनेका थिए 'सचिवालय, केन्द्रीय, क्षेत्रीय तहका नेता र कार्यकर्ताकालागि उनीहरूकै तह अनुसारको खाना पाके । बर्गविहीन समानको सपना उनेर लागेको पार्टीमा खाना नै चार थरीको देखेर मैले नै पत्याउन सकिनँ ।'

आशाले कहिले देखि होली यस्तो?' उसको अनुहार पढेर मनमनै सोचेँ । त्यतिखेर थोरैले मात्र पार्टीभित्र मौलाउँदै गएको वर्गविभेद देखे । 'बाहिर' देखिदैनथ्यो । शान्तिकालपछि बाहिर पनि देखियो । फरक यत्ति थियो । अँ दशैंको छुट्टि पनि मनाउने र जनयद्धको सबैभन्दा प्रभावित क्षेत्रको रिपोर्टिङ गर्ने भनेर सल्लीबजारबाट गाउँतिर उकालिएको थिएँ । दशैं मनाउन फर्किरहेका कालापारीका हुलसँग बेलाबेलामा म मिसिदै उकालिदै थिएँ । मैले आशाहरूका सपना कहाँ पुग्यो, के भन्छन् माओवादी आधार क्षेत्रका जनता, यिनलाई लेख्छ भनेर काठमाडौँबाट बाटो लागेको थिएँ । सम्भनाको सुरेली खेल्दै फेरि भाबाङ पुगेँ । जहाँ आशाहरू भर्खरकी तन्नेरी थिए मार्न र मर्न तम्तयार भएर हिंडेका । सुन्दर नेपालको सपना उनेर बाटो लागेका थिए । अहिले नै जनवाद आउँछ जस्तो आशा बोकेका उत्साही जमात । 'त्यसबेला भेटिएका कमरेड गुलाफ खै त ?'

'कालापार ।'

'संगीता ?'

'काठमाडौँमा इँटा बोक्न ।'

'संगम नि ?'

'बम्बईको लाहुरे भयो । चौँकीदारी गर्छ रे ।

'रोशन नि ?'

चौथो डिभिजनमा ।'

'रमा, रेशम, विज्ञान, इतिहास...?'

'सहिद भए ।'

'प्रकाश नि ?'

'बेनीमा गोली लागेर बायाँ गोडा छैन । शिविरमा हुनुहुन्छ ।'

'अनि ?'

म ?'

'यी ।

फेरि डोको देखाई ।

किन हिंडेकी भनेर सोध्दा उसले भनेकी थिई 'दुनियाँ बदल्न । देशको मुहार फेर्न । भोकानांगाको दिन ल्याउन ।' त्यसबेला उ बाबासित यसरी साहुको भारी बोक्ने गरेको बताएकी थिई । कसको सामान हो यो ?' सोधें । नृपजंग शाहको । आफू कहिल्यै पनि साहुको भारी बोक्न नपरोस् भनेर हिंडेको दाबी गरेकी थिई । भनेकी थिई । 'त्यो नृपजंग शाह फटाहा छ । उसको भारी कहिल्यै बोक्न नपरोस् । एक खेपमा ८ नम्बरी जति बोक्छ । खान पर्यो । गुजारा चलाउन पर्यो । आमा एक्लै हुनुहुन्छ । बालाई पुलिसले मारिहाल्यो । त्यो नराम्रो मान्छे कहाँ

किन फर्केकी त ?' जाने कहाँ त ?' उल्टै सोधी ।

'पार्टीमा ।'

मुक्तिको सपना उनेर पार्टीलाई चढायौं । सपना देखायो पनि । तर पार्टीले हाम्रा सपनालाई मात्र होइन, हामीलाई समेत माया मार्यो दाई, उसले लामो सास फेरी 'नत्र थुकेको थुक चाट्न कसलाई मन थियो र ?'

अप्ठेरो भएको भन्दै डोकोमा भाँचेको सामान मिलाउन थाली । भरिया आउँदै गरे । जाँदै गरे । दशैं बोकेर कालापारबाट आएका गोर्खालीको लर्को पनि छुटेकै थियो । 'कहाँ हिंडेकी कहाँ आइयो ?' उसले भनी जहाँ कहिल्यै जान्न भनेर हिँडेकी थिएँ, त्यही आइयो दाइ । कहाँ छन् त यहाँका नेता ?'

'साना नेता खलंगामा छन् । त्यसपछिका घोराही र नेपालगन्ज । झन् ठूला नेता काठमाडौंमा । दशैं भएकाले कोही आएका हुन सक्छन् । उनीहरूलाई भेट्न सक्नुहुन्छ ।'

काठमाडौंमा घडेरी किनेका, घर बनाएका कुरा सुनिदै आएको थियो । गाउँका छोटे नेताले पनि जिल्ला सदरमुकाम र गाउँनजिकका व्यापारिक क्षेत्रमा घरघडेरी जोडेका कुरा सुनिदै थिए । 'तर आशाहरू ?'

आशालाई भेटेर हतास भएँ ।

'म त रामरी भारी बोक्न पनि कहाँ सक्छु र दाइ । छातीमा छर्रा छ । बायाँ खुट्टामा पनि गोली झिकेकी छैन । धेरै लाग्छ रे ! पार्टीमा धेरैपालि कुरा राखे पनि उपचार नगरेको गुनासो गरी 'नेताको नातागोता वा छोराछोरी भए पो उपचार हुन्छ, कसरी झिक्नु र ! ज्यान त नगरी खाने नमरी जाने भयो नि ।' त्यसपछि उसको बोली लर्बरायो । बोल्न सकिन ।

त्यसपछि भरिया भारी बोकेर उठ्न थाले । पाका भरियाले आदेश दिए 'जाम है अब । बास पुग्न गाह्रो हुन्छ ।' सबले भारी बोक्न थाले । 'फेरि पनि आउनु है दाइ' यति भनेर हात मिलाई र नाम्लो टाउकोमा हाली र भनी 'लालमाया ! डोको उठाइ दे तो ।' जाउँ कि नजाऔंकै दोसाँधमा जाजरकोट जाने गाडी चढैँ । गाडी थोरै गुडेपछि अनायास झस्किएँ ।

'आशाका बारेमा लेखेर के हुन्छ ?' एक मनले भन्यो 'केही हुनेवाला छैन ।'

माओवादी नेताका जीवनशैली हिजोका राणा र शाहमा परिणत हुँदै थिए । 'आइसियोस्', 'गइसियास्' भन्न थालेका थिए । तिनका भूँडी होकि नौ महिने गर्भवती महिलाको भुँडी ठम्याउन हम्मेहम्मे हुँदै थियो ।

'के तिनले सम्झेलान् आशालाई ? चिन्लान् आशालाई ?' पटक्कै विश्वास लागेन ।

आशाले भनेको सम्झिएँ 'कुनै दिन त्यस्तो पार्टी पनि आउला जसले हाम्रो मुक्तिको सपना पूरा गर्ने बाटो खन्ला । फेरि हामी त्यो बाटोमा लाम लागौंला ।' तर त्यो दिन तातेको फलाम चिसिएपछि फेरि यत्ति नै तातिन कति समय लाग्छ, कुनै बार त अवश्य आउला तर कहिले ?

'अरू आशा पनि भेटिएलान् र के लेखूँला ?'

झसंग भएँ ।

'आशाका दुःख लेखेर किन नेतालाई दुखाउने ?' एक मनले भन्यो 'नेपालमा कहाँ पत्रकारिता भएको छ र, कि भएको छ पार्टीकारिता कि रोटीकारिता ।'

'गुरूजी, म त यही ओर्लन्छु ।'

उभिइरहेकी जाजरकोटकी एउटी बूढी आमैलाई मेरो सिटमा बसाले । जो सिट नपाएर उभिइरहेकी थिइन् ।

गाडीबाट ओर्लिएँ । हेरें –आशाहरू साहुको भारी बोकेर उकालिदै थिए ।

'कहाँ हिडेकी चेली कहाँ पुगी, के यिनका सपनामाथि खेलवाड गर्नेलाई सजाय हुँदैन ?'

मनमा अचम्मको यक्ष प्रश्न लिएर काठमाडौँ फर्कने गाडी कुर्न थालें । 'दाइ पार्टीले गरेको होइन बिग्रेका नेताले हो । आफूले मलजल गरेको पार्टी र नेता बिग्रन थालेपछि मन दुख्दोरहेछ । पार्टीप्रति मेरो कुनै गुनासो छैन' भारी बोक्नुअघि उसले भनेको कुरा घरीघरी कानमा गुन्जन थाल्यो 'सबै नेता भ्रष्ट, गलत नलेख्नु है दाइ । राम्रा पनि छन् । तर उनीहरू पाखामा छन् । हामीजस्ता कार्यकर्ता र असल नेता क्रान्तिमा मात्र काम लाग्दा रहेछौं ।'

कत्रो आशावाद !

आशाले त मान्छेलाई बचाउँछ ।

मलाई पनि भरोशा पो जागेर आयो । आशाको अधुरो सपना पूरा गर्न कुनै दिन त्यस्तो पार्टी फेरि आउने छ । तर कहिले आशाजस्तै यसै भन्न सक्ने स्थितिमा छैन म । भारी बोकेर पारि डाँडामा उकालिएकी आशालाई हेर्दै काठमाडौं फर्कने गाडी कुर्न थालें ।

*(लेखक 'नागरिक' राष्ट्रिय दैनिकका पत्रकार हुन् ।)*

केबी राना मगर

# मगर गाउँको अभियान

नयाँ नेपालको कुरा जति बढ्दै छ त्यत्तिकै रूपमा देशका हरेक आदिवासी जातजातिहरू आफ्नो भाषा, धर्म, संस्कार, संस्कृति, भेषभुषालगायतका मालिक पहिचानको खोजीमा र संरक्षणमा लागेका छन् । आधुनिकीकरणको प्रक्रियासँगै आफ्नो संस्कृति र परम्परा लोप पो हुने हो कि भन्ने चिन्ता उनीहरूमा उत्तिकै छ ।

यसैक्रममा नवलपरासी देउरालीका मगरबासीहरू भने सचेत छन् र आफ्नो संस्कृति संर्म्द्धन र प्रबर्द्धन गर्ने अभियानमा लागिपरेका छन् । नेपालकै घना मगर बस्ती रहेको पाल्पा र नवलपरासीको सीमानामा पर्ने नवलपरासीको देउराली गाविस वडा नम्बर ६ डिहीमा 'मगर संग्राहलय' निर्माणका लागि आठ विगाहा जमिन खरिद गरिएको छ । देउरालीका युवाहरूको भनाइमा त्यस्तो संग्राहलय नेपालमै पहिलो हो ।

विसं. २०५८ को जनगणनाअनुसार नेपालमा क्षेत्री, ब्राहमण पश्चात् तेस्रो बाहुल्यता मगर जातिको छ । तर जनगणनामा लेखिएको संख्याभन्दा मगरहरूको जनसंख्या यथार्थमा बढी रहेको दावी मगर संघ-संगठनले गर्दै आएका छन् । ठूलो जनसंख्यासँगै मगर जातिभित्र आफ्नै विधिता पनि रहेको छ । त्यसैले देशैभर छरिएर रहेको यो मगर जातिको अहिलेसम्म धर्म कुन हो भन्ने विषयमा अन्यौल छ । हिन्दु समुदायसँग नजिक रहेका मगर हिन्दु संस्कारलाई अपनाउँछन् भने बौद्ध धर्मवलम्बीको नजिक बसोवास गर्ने मगरहरू बौद्ध धर्म मान्ने गर्छन् । केही बौद्धिक मगर व्यक्तित्वहरूमा मगर जातिको बास्तविक धर्म 'प्रकृति धर्म' हो भन्ने तर्क पनि रहेको छ ।

भाषाको सन्दर्भमा पनि मगर जातिमा भाषिक एकरूपता छैन । पछिल्लो समयमा मगर भाषाको वक्ता कम हुँदै गएको अवस्था छ । यसको जर्गेणा गर्न राज्यबाट प्राथामिक विद्यालय तहसम्म मातृभाषा पठनपाठन अनुमति दिएता पनि मगर समुदायकै कमजोरीका कारण कार्यान्वयन हुन नसकिरहेको मगर अधिकारवादीहरूको तर्क छ ।

मगरहरूबीचमा विद्यमान विविधताको अध्ययन अनुसन्धानकालागि छुट्टै अनुसन्धान केन्द्रको आवश्यकता यहाँका मगरहरूले गर्न थालेका छन् । जातीयताको मुद्दासँग जोडिएर आएको पहिलो मौलिक विषय भनेको उसको धर्म, भाषा, भेषभुषा, संस्कार-संस्कृति रहनसहन नै हो । त्यसैले संग्राहलय निर्माण पश्चात विस्तृत अध्ययनतर्फ लाने उनीहरूको योजना पनि छ ।

हिजोका दिनमा राज्यबाट नै पाखा पारिएका सीमान्तकृत, दलित, आदिवासी जनजातिहरू अब बन्ने संविधानमा जातीय स्वशासन र समाबेशीकरणको खोजी भइरहेको बेला उनीहरूले

लिएको अग्रसरता उदहारणीय काम हो । नेपालका आदिबासी जनजातिहरूले अव बन्ने संविधानमा आफ्नो मौलिक, भाषा, भेषभुषा, संस्कार, संस्कृतिको पहिचान, धार्मिक, आर्थिक, सांस्कृतिक स्वतन्त्रता पाउनेछन् जुन अवसरको रूपमा लिन सकिन्छ ।

जातीयताको मुद्दा भाषा, धर्म, संस्कार, संस्कृति जसरी व्याख्या विश्लेषण भईरहेको छ त्यसलाई अध्ययनको दायरामा ल्याउनुपर्ने आजको आवश्यकता पनि हो । शसस्त्र द्वन्द्वसँगै मगर समुदायमा प्रचलित विभिन्न सांस्कृतिक कौरा, झ्याउरे, सोरठी, घाँटु नाँच, मौलिक परम्परा लोपोन्मुख अवस्थामा छन् । यी समग्र विषयको संरक्षण, सम्वर्द्धनका लागि यो मगर संग्राहलयले मद्दत पुऱ्याउनेछ ।

'मगर समुदायको बारेमा जान्न चाहने विश्वको जुनसुकैले पनि यो संग्राहलयमा आएर अध्ययन अनुसन्धान गर्न सकिने केन्द्रको रूपमा समेत विकास गर्ने योजना छ' मगर संग्राहलय केन्द्रका अध्यक्ष ओम थापा मगर भन्छन् ।

मगर संग्राहलय निर्माणको कामसँगै त्यस आसपासका क्षेत्रलाई स्थानीय मगरहरू नमुना मगर गाउँ बनाउने अभियानमा जुटेका छ्न् । त्यससँगै मगर जातिको भाषा, धर्म, संस्कार, संस्कृति, रहनसहन, चाल-चलन आदि समेटेर मगर जातिको बृत्तचित्र डकुमेन्ट्री निर्माण भईरहेको छ । त्यस्तै मगर युवाहरूलाई मगर भाषाको प्रशिक्षण, मौलिक नाँचहरूको प्रशिक्षण दिने कामहरू गरिदै छ । पूर्वपश्चिम राजमार्गबाट नौ किलोमिटर भित्र पर्ने सो संग्राहलयमा सुविधा सम्पन्न रिसोर्टसमेत निर्माण गर्ने अर्को महत्वकांक्षी योजना पनि छ उनीहरूसँग ।

यो अभियानले त्यस आसपासका मगर समुदायलाई निकै उत्साहित बनाएको छ । जसलाई सफल पार्न विश्वभरि छरिएर रहेका आम मगर समुदायको सहयोग उत्तिकै अपेक्षा गरिराखेका छन् । स्थानीय मगरबासीहरू । यो संग्राहलय नवलपरासीबासीको मात्रै नभएर आम मगर समुदाय र नेपाली जनताको समेत साझा सम्पत्ति भएकोले यसको उत्थान, संरक्षण र सम्वर्द्धनमा सबैको सहयोगी हातहरूको आवश्यक्ता पर्ने देखिन्छ ।

*(लेखक कान्तिपुर टेलिभिजनका लागि नवलपरासी संवाददाता हुनुहुन्छ ।)*

# बिन्दु थापा मगर



मोल्क्युलर बायोलोजी, बायोकेमिस्ट्री र बायोइन्फर्मेटिक्समा टोसन विश्व बिद्याल्लय, मेरि ल्यान्ड, अमेरिकाबाट अन्डर ग्याजुयट पुरा गर्नु भएकी २६ वर्षीय बिन्दु थापा मगरलाई मगर संस्कृति र नृत्य असाध्य मन पर्छ । मगर संघ अमेरिकाको स्थापना कालदेखी संघको हरेक साँस्कृतिक कार्यक्रमहरूमा आफ्नो उत्कृष्ट नृत्य कला प्रस्तुत गरेर अमेरिकि मगर समाजमा मात्र हैन विश्व भरका मगरहरूबिच आफ्नो परिचय स्थापित गर्नु भएकी उनले मगर संघले नयाँ प्रतिभाहरूलाई आफ्नो प्रतिभा र अबसर प्रदान गरेकोमा संघप्रति आभार ब्यक्त गर्दछिन् । हाल वासिङ्गटन राज्यस्थित सियाटल शहरमा बसोबास गर्नु हुने नेपालमा तनहुँ, आँबुखैरेनी घर भएका नेत्रबहादुर थापा मगर र आशमाया थापा मगरकि माइली छोरीको रूपमा आफ्ना माता-पिता सिंगापुर पुलिस फोर्समा रहेका बखत सिंगापुरमा जन्मिनु भएकी बिन्दुकि एक दिदी बिष्णु, बहिनी बिमु र भाई बिरजकुमार छन् । हामी उनको उत्तरोउत्तर प्रगतिको कामना गर्दछौं ।

**यँाँभू, सम्पादक मण्डल**



युवराज मास्की मगर

# सिनेमा निर्माणमा मगरहरू

विश्व चलचित्रको इतिहास १४४ वर्ष जति भएको छ । अहिलेसम्म यो उद्योगको विकास तथा सिनेमाहरूको निर्माण र सृजना अभूतपूर्व रूपमा भइसकेको छ भन्दा अत्युक्ति नहोला । विषय वस्तु उत्थानका हिसावले, सिनेमा प्रविधिका हिसावले सिनेमा, अभिनयलगायत अन्य दृष्टिकोणले सिनेमाको विकास चरम अवस्थासम्म भइसकेको छ । नयाँ अभ्यास र प्रयोगहरू पनि हुन छाडेका छैनन् । चलचित्रलाई मनोरञ्जनको साधन मात्र मान्ने युगदेखि हाल चलचित्रको वहआयामिक पक्षबारे जानकार रहेका दर्शकमा समेत भिन्नता आइसकेको छ । विश्वभर चलचित्र शिक्षा, सूचना, सामाजिक रूपान्तरणको प्रभावकारी माध्यम र जीवनको सार समेट्ने कलाको रूपमा स्थापित भइसकेको छ ।

नेपालमा पनि मनोरञ्जन तथा सूचना, सामाजिक रूपान्तरण र कला संस्कृतिको संरक्षणमा चलचित्रले महत्वपूर्ण भूमिका खेलेका छन् । इतिहासलाई फर्केर हेर्दा पहिल्लो नेपालकी चलचित्र 'सत्य हरिश्चन्द्र' बनेको ६० वर्ष नाघिसकेको छ । उक्त चलचित्र नेपाली भएपनि भारतमा निर्माण भएको थियो । नेपालमै चलचित्र निर्माणको शुरूआत भने वि.स. २०१८ मा राजा महेन्द्रले आफ्नो ४२ औँ जन्मोत्सवको उपलक्ष्यमा वृतचित्र निमार्ण गर्न लगाएपछि सुरू भयो । पहिलो नेपाली कथानक चलचित्र 'आमा' भने २०२२ मा मात्र निर्माण भएको थियो ।

नेपाली सिनेमा उद्योगमा मगर जातिको सहभागिता शुरूदेखि नै पाइन्छ । डि.बि. थापा मगर, ज्योति राना मगर, भिम राना मगर, वि.एस. थापा मगर, भैरव थापा मगर, राजपाल थापा मगर आदि नेपाली सिने उद्योगका परिचित नामहरू हुन् । तर मगर भाषा, संस्कृति, भेषभूषा र भूगोल आधार मानी चलचित्र निर्माण गर्ने कामको शुरूवात भने २०५१ सालबाट मात्र भएको हो । त्यसपछि अहिलेसम्म मगर भाषा, संस्कृति र विषय वस्तुमा धेरै चलचित्रहरू निर्माण भईसकेको छन् भने निर्माण हुने क्रम जारी छ ।

**मगर चलचित्रहरूः**

भनिन्छ कला विश्वव्यापी हुन्छ, संसारका सुन्दर रचनाहरूलाई विश्वकै सम्पत्तिको रूपमा लिइन्छ । तर पनि सर्जक कुनै स्थान, जाति वा देशको हुने हुँदा उसको सृजनामा त्यस देश, जाति वा भूगोलले गर्व गर्ने माध्यम हुँदो रहेछ । मगर जातिको ३ वटा भाषाहरू ढुँट, खाम-पाङ र काइके भाषाहरू छन् भने आफ्नै मौलिक लवजमा बोल्ने मगरहरू पनि धेरै जिल्लाहरूमा बसोबास गर्छन् । 'मगर चलचित्र' कस्तोलाई भन्नेबारे पनि बेलाबेलामा छलफल हुने गरेको छ । सर्वप्रथम मगर चलचित्रले मगरको भावना बोकेको हुनु पर्नेमा कसैको दुई मत नहोला । मगर भाषा, धर्म, संस्कृति, चालचलन, परम्परा, कथाब्यथा वा विषय वस्तुमा आधारित बनेका चलचित्रलाई मगर चलचित्र मान्न सकिन्छ । हाल मगर समुदायमा जातीय पहिचान बोकेका चलचित्र बन्ने क्रम बढ्दो छ । तर विभिन्न कारणवस जति हुनुपर्ने हो त्यसमा केही समस्याले गर्दा निर्माण हुन नसकिरहेको अवस्था छ ।

**प्रविधिः**

चलचित्र विचार मात्र होइन प्रविधिसँगको संगम पनि हो । नेपालमा सेलुलोइड र डिजिटल प्रविधिबाट चलचित्रहरू बनिरहेका छन् । सेलुलोइड प्रविधिबाट चलचित्र निर्माण गर्न महँगो पर्ने हुँदा धेरै जसो आदिवासी जनजाति चलचित्रकर्मी र निर्माताहरू डिजिटल फरम्याटमा चलचित्र निर्माण गरिरहेका छन् । निर्माण गरिसकेपछि बजार र वितरणको र प्रदर्शनको बेला भने चलचित्रकर्मीहरूले हैरानी खेप्नु पर्ने अवस्था आउँदछ । पहिलो त हलवालाहरूले भाषाभाषीको र आदिवासी जनजातिको विषयवस्तुमा आधारित चलचित्र लगाउन नै गाह्रो मान्छन् । दोस्रो हलमा डिजिटल प्रविधिवाट बनेको चलचित्र देखाउने साधन प्रोजेक्टर आदि हुँदैन । प्रोजेक्टर खोजेर ल्याएर देखाइ हालेतापनि चलचित्रको ध्वनि आदिको स्तर नपुग्ने भनी हलवालाहरू चलाउन मान्दैनन् । अन्तर्राष्ट्रिय मापदण्डअनुसार डिजिटल फरम्याटमा बन्दा कम्तीमा २६ फरम्याटमा चलचित्र बन्न पर्ने नियम छ । हाम्रो देशमा २४ बन्न पनि धेरै लगानी गर्नुपर्दछ जुन लगानी निर्माता पक्षले ठूलो जोखिमको रूपमा लिन्छन् । त्यसमाथि जातीय विषयवस्तुमा उक्त चलचित्र वनाउन त अझै गाह्रो छ । मगर चलचित्रहरू पनि 'सिमारेखा' बाहेक सबै डिजिटल प्रविधिमा बनेका छन् ।

**इजाजत र जोयपास पद्धतिः**

कुनै पनि नयाँ चलचित्र निर्माण गर्न निर्माण इजाजत पत्र लिनु पर्दछ । इजाजत पत्र निवेदन दिंदा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, उद्योग वा कर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, कथासार गीत रहेको पृष्ठमा कथासार र गीतकारको दस्तखत भएको लेखकको मञ्जुरीनामा रू ५/- को टिकट तथा कम्पनी वा फर्मको छापसहितको दरखास्त र संवाद वुझाउनु पर्दछ । तर सवै आदिवासी जनजाति चलचित्रकर्मीहरूले इजाजत पत्र लिने गरेको पाइएको छैन । राज्यको विभेवदकारी नीतिले दता प्रकृया नै जान्न नचाहने धेरै जस्तो चलचित्रकर्मीहरू बताउँछन् । दर्ता प्रकृयाभन्दा जाँच पास प्रकृया अझै झंझटिलो छ । जाँचपास गर्दा पनि झण्डै सत्र अठार हजार रूपैयाँ खर्च हुने भएकोले जाँचपासको निःशुल्क र विशेष सहुलियत भएतापनि हाम्रो देशमा यो व्यवस्था नभइसकेकोले चलचित्रकर्मीहरू जाँचपासमा गइ नसेकेको अवस्था छ । हाल आएर जातीय चलचित्र संघ संगठनहरू र त्यसको छाता संगठन आदिवासी चलचित्र महासंघले उक्त शुल्क मिनाहा हुनु पर्ने माग राखेको छ । तर आधिकारिक पक्षबाट त्यसको कार्यन्वयन भइ सकेको छैन ।

**बजारः**

कुनै पनि स्रष्टालाई आफ्नो रचना सकेसम्म धेरै दर्शक, स्रोता, पाठकको हातमा पुगोस् भन्ने इच्छा हुन्छ । चलचित्र निर्माताले पनि आफ्नो चलचित्र धेरैभन्दा धेरै दर्शकले हेर्न पाउन् भने इच्छा राख्नु स्वाभाविक हो । अहिलेसम्मको मगर चलचित्रको प्रदर्शनको अवस्था हेर्दा कुनै संघ संगठनबाट प्रायोजन वा आयोजना गरी टिकट बेची प्रदर्शन भइरहेको पाईन्छ भने हलमा गएर स्वतस्फूर्त भावनाले टिकट काटी चलचित्र हेर्ने परम्परा शुरू भइसकेको छैन । त्यसो त मगर बाहुल्य क्षेत्र नजिक हल नहुनु, धेरैजसो मगर जातिको बसोबास गाउँमा छरिएर रहनु, शहरमा बसाई-्सराई गरेका मगरहरूको संख्या चलचित्र हलको होल्डओभर संख्या नपुग्नु आदि कारणले पनि मगर चलचित्रको बजार व्यवस्थित भइसकेको छैन । जसरी काठमाडौँमा नेवारी र तामाङ चलचित्रहरू तथा तराईमा थारू चलचित्रहरू हलमा चल्छन् ।

त्यसै गरी मगर चलचित्रहरू चल्न सक्ने अवस्था छैन । तर पनि विदेशमा विशेषतः हङकङ र बेलायतमा बेला–बेला मगर चलचित्र शो त्यहाँका सक्रिय व्यक्ति तथा संस्थाहरूले गरी निर्माताहरूलाई राम्रै राहत पुर्याएका छन् । आफ्नो सृजना लिएर निर्देशकहरू विदेश भ्रमण पनि गरेका छन् । त्यसको अलावा नेपालका विभिन्न शहरहरूमा र गाउँमा पनि प्रदर्शन गरी लगानीकर्ताहरूले आफ्नो लगानी उठाउने र स्थानीय संस्थाहरूलाई पनि सहयोग गर्ने गरेको पाइन्छ ।

**निष्कर्षः**

आम संचारको सबैभन्दा सशक्त माध्यम चलचित्रको क्षेत्रमा पनि आफ्नो कला र सक्षमता देखाउनु आजको समयको माग हो । यसतर्फ कलाकर्मीहरू, प्राविधिकहरू, लेखकहरू, लगानीकर्ताहरू चनाखो हुनुपर्ने खाँचो छ । निर्माता, कलाकार, प्राविधिक, सर्जकहरू एउटै मन्चमा रही स्तरीय चलचित्र निर्माण होस् भन्ने उद्देश्यले मगर चलचित्रकर्मी संघ पनि स्थापना भइसकेको छ । स्थापना पश्चात् संघले मगर विद्वानहरूबीच भेला गराई विचार गोष्ठी, पश्चिमान्चलका विभिन्न जिल्लाहरूमा वृतचित्र तथा चलचित्रहरू प्रदर्शन गर्ने, विभिन्न गोष्ठीहरू सन्चालन गर्ने, फिल्म फेस्टिवल गर्ने तथा चलचित्र लेखन तालिम सम्पन्न गरी सकेको छ ।

चलचित्रप्रति ज्ञान र चेतना बढाउनमा यी कार्यक्रमहरूले प्रशस्तै सहयोग गरेका छन् । संघले आदिवासी जनजाति चलचित्रहरूमाथि भएको विभेदकारी र अव्यवहारिक नीति विरूद्ध पनि सम्बन्धित निकायहरूमा आवाज उठाई सकेको छ । मगर चलचित्रहरूको निःशुल्क जाँच पास हुनुपर्ने, जातीय संगठनहरूबाट जाँचपास भएका चलचित्रहरूलाई मान्यता दिनुपर्ने, कर छुट हुनुपर्ने, मगर बाहल्य क्षेत्रहरूका हलहरूमा चलचित्र लाग्नु पर्ने, प्रारम्भिक कालमा खस भाषाका चलचित्रहरूलाई सरकारले लगानी गरे जस्तै आर्थिक सहयोग हुनुपर्ने आदि मागहरू सम्बन्धी निकायहरूमा राखेको छ ।

अन्त्यमा, यी मागहरूलाई सम्बद्ध संस्थाबाट विषेश ध्यान दिएमा चलचित्र निर्माता पक्षलाई राहतकासाथै गुणात्मक र गुणस्तर चलचित्र बनाउन प्रोत्साहन मिल्थ्यो । युवाहरू जातीय फिल्म निर्माणमा थप आकर्षित हुन्थे । यसले फिल्मको स्तरीयतामा मात्र नभई जातीय पहिचान बचाइ राख्न र अधिकारकालागि जोडदार आवाज निकाल्नमा थप महत्वपूर्ण भूमिका खेल्ने थियो । यसकारण मगर चलचित्रतिर सबैले विषेश ध्यान दिन जरूरी देखिन्छ ।

**अहिलेसम्म मगर चलचित्रकर्मी संघमा आँकडा प्राप्त चलचित्रहरू निम्न छन् :**

| क्र.श | चलचित्रको नाम | निर्माण वर्ष | निर्माता | निर्देशक |
|---|---|---|---|---|
| १ | लंघन | २०५२ | डिबी पुलामी मगर | युवराज मास्की राना मगर |
| २ | लिसरा | २०५७ | रश्मी/गीनसरा थापा मगर | संजोग लाफा मगर |
| ३ | आश | २०६० | रश्मी/गीनसरा थापा मगर | संजोग लाफा मगर |
| ४ | एजु | २०६१ | चामबहादुर/मेकबहादुर पुन | मेबहादुर पुन/शेरबहादुर पिठाकोटे मगर |
| ५ | हरपलको बाध्यता | २०६१ | गोविन पुन/जीवन पुन | मौसम पुन मगर |
| ६ | यानीमाया | २०६३ | बलिसरा थापा मगर | प्रितम गुरूङ |
| ७ | ङा आर्मिट्मा | २०६३ | आमिता प्रोडक्शन प्रालि | जमानसि, याम राना मगर |
| ८ | बाराही पुत्र | २०६३ | खिमन, जीवन विवेक मौसम, वीरबहादुर र शुसिल पुन | मौसम पाइजा मगर |
| ९ | एजु–२ | २०६५ | चामबहादुर, अतिप्रसाद विल पूर्जा, योगकुमार फगामी, गोपाल चाचाडी, लालप्रसाद विकास | मेकबहादुर पुन |
| १० | ङऊ कर्म | २०६५ | चेतन रजाली मगर | प्रितम गुरूङ |
| ११ | सालीज्यू | २०६६ | टिका पुन, प्रतिमाया पुन मगर | सन्तोष पिठाकोटे मगर/प्रतिमाया पुन मगर |
| १२ | घाव नाङखार | २०६६ | भिमप्रकाश पुन, नविन रोका, जीवन रोका, दीपक रोका | नविन रोका मगर |
| १३ | वाङम भुले | २०६७ | रिमा थापा | श्याम थापा |
| १४ | मोङयाल्नी | २०६७ | सृष्टि पुन मगर | ध्रुव पुन मगर/विवेश पुन मगर |

*लेखक पहिलो मगर तथा गुरूङ फिल्म 'लङ्घन' र 'पाते' का निर्देशक र नेपाल चलचित्रकर्मी संघका अध्यक्ष हुनुहन्छ ।*

# खण्ड ५

## साहित्य

# गीत



**कुमार थापा मगर**

खै किन लाग्छ माया मेरो देशको
सताई रहने गरी छिन मै आउने झल्को
अझै पनि उस्तै छ रे मेरो गाउँको रन्को
बिहानै झिसमिसेमा बिदेश जाने लर्को

मूलको चिसो पानी पिउने कोहि छैन रे
बाला झुल्ने खेत बाँझै भाको छ रे
देउसी गाउने तन्नेरी हराई गए भन्दै
रून्छिन रे बुढि आमा बाटोतिर हेर्दै

मेरो देश सानो सुन्दर शान्त
हुने हो कि भोली इतिहासमा मात्र
कहिले हुन्छ सजिलो बुद्ध हिड्ने बाटो
मेरो पसीनाले भिज्ने देशको माटो

शब्द/संगीत
न्यूयोर्क

## ङा, ङा न आले

**हेमा आले मगर 'बोगी'**



चे - चेस कुरा वार्के पानाङ न
ङौ मोए याहाच आले
ङाके यिसे हुटौ रैंया ड घलेक
पट्ट सकसाङ ङाबोरोस्के ह्योक्च
यिसे हुट ड नाङिको !
कुढिन्च नाम्सुहू र
मज्जरो टुम याहाले ङौ घल्याक !
जिवाकौ पट्ट लाम कोह्लाङ
आँत बुरूक्नाङ
मिहिल टोरोस्के ङुस्ले
ङौ पोट्का !
मोए ङेओला - नानिजौ शोभास्,
गुन्यो - चोला !
लर्फु ङौ मिकरा !
ङौ बोयो
ढलिङ ढलिङ आशिष चाक्मने
ङौ शिरफुलाङ !
ङै कण्ठि ड जन्तर बुनाङ
ङा बुकि व्युटि ङाँहाके ह्योक्ले !
मिनाहाङ टिर्लिहिच ङौ फुलियाङ न
सुराकुङ गिन बाहालेसा ङेहाङ
ङौ ङेके हि र माले !
पट्ट कुर खाटाक्नाङ
नाक्कोई ङाके हि ङाँहाले छेना,
ङा, ङा न आले
ङा ङेच मगर्नी याबा
ङा ङेच मास्टु
ङा, ङा न आले !

कावासोती-१७, नवलपरासी (पूर्व)

# राहानी कान्छा

**पार्वती थापा मगर**




लहो न लिसाङ ट्याङ्च, लामो राहानी कान्छा
मैओ मिराप मिग्डी सिट्के, पामो राहानी कान्छा ‼
कुडिक मुके फकुङ लिसाङ, गोर्खाली छान्मो होलाङ !
लाङ्काए एट्मले इलाङ, डुस्मनकठा भामो राहानी कान्छा ‼
कुडिक पुन्के फकुङ लागी, गोर्खाली छान्मो होलाङ !
कान्छीओ रोह मिगिन भित्री, डामो राहानी कान्छा ‼
बोई मोई बुढास्मोभ्या, मिजाजिजी मार्च न ले !
अडिजा खुशी लोमो पाहुर, कामो राहानी कान्छा ‼
इसै झाकठा गेस्के परिस्ले अब, पट्टकठा लङघन जाट्मो !
इम आर्भा हटौ लिसो रोह, जाहामो राहानी कान्छा ‼

भावार्थ
आफ्नै देशमा उज्यालो लिएर आउ कान्छा !
आमाको रोदन, आँशु पुछ्न खोज्दै आउ कान्छा ‼
कति बस्नु अरूको देशमा गोर्खाली भई त्यहाँ !
गाउँले बोलाउँछ यहाँ, दुश्मनसँग छुट्टिएर आउँ कान्छा ‼
कति लड्नु अरूको लागि गोर्खाली भई त्यहाँ !
कान्छीको माया मुटुभित्र राखेर आउ कान्छा ‼
आमाबाबा बुढा भईसके, छोराछोरी सानै छन् !
अलिकति खुशी किनेर पाहुर हाली आउ कान्छा ‼
यहि माटोसँग खेल्नुपर्छ सबैसँग मितेरी गाँस्दै !
घर आगन अनि देशकै माया बुनेर आउ कान्छा ‼

गल्याङ नगरपालिका-११, स्याङ्जा

# युङला बासर

याङो श्रो मगर



सीप नङ सिउसिनले मानवा नङ घुमिनले
तछान तछा नेपाल चेतैर वलर नङ हुनेनले
मुल नेपाली ताउर, युङ नेपाली लेउर
ए युङला वासर, प्रदेशल वइवर

पाकल होरा बाकिनता, क्याङ्य वारि मेकिनता
वइर कता जैन्य, क्याङ्य वारि ओमालिकिनता
मुल नेपाली ताउर, युङ नेपाली लेउर
ए युङला वासर, प्रदेशल वइवर

खेपामेमा ङाजार हुरया हैलिद आमै ए कँदनैन्या
साच्चोज हुर नेपालहुर हैलिद जेयम चिउदनैन्या
मुल नेपाली ताउर, युङ नेपाली लेउर
ए युङला वासर, प्रदेशल वइवर

इलम सिउसिर कलम क्यौर नोर हुर साच्चोज
निमी स्यावई झण्डाय गित नोर गैर साच्चोज
मुल नेपाली ताउर, युङ नेपाली लेउर
ए युङला वासर, प्रदेशल वइवर

गर्खानी, रूकुम (पूर्व)
हाल - टेक्सास

# पर्देशिको सन्देशः गाउँ र जन्मभूमिलाई !!



**ललित तिलिजा मगर**
**म्याग्दी**
**हाल : जोपा, एमडी**

हे हावा तिमि बुद्ध जन्मेको शान्ति भूमि अनि
सगरमाथाको मेरो देश भेटेर आइ दिनु है,
सीमानाका काँधे तारहरूले तिम्रो बाटो छेक्ने छैनन्
हृदयका न्यास्रोहरू मेटेर आइ दिनु है...

विवसताले पर्देशी बनायो -
साथी संगी-धुलो उडाउँदै खेल्ने आँगन अनि
गोरेटोहरूले बिर्सियो भनेर गुनासो गर्दै होलान्,
लक्ष्य पुरा गरेर एक दिन अवस्य
फर्केर फेरि आउँछ भनि दिनु है......,
त्यही कुनै पाखाहरूमा पसिना खल खल मेरो बुवा,
बर्खाले भत्काएका काल्नाहरू मिलाउँदै होलान्
वृद्ध शरीर-छिन छिनको खोकी, ठेलै-ठेलै उठेका
हत्केलाहरू बल नपुग्दा थोरै भएपनि बल थपी दिनु है

सिरानी छेउ अनेक थरि औषधि राखी
निदाएकी होलिन मेरी आमा,
नब्युझाउनु उनलाई ...निन्द्रा पर्न फेरि गाह्रो पर्छ
सक्छौ भने रोग र दुखाइ तर्काइ दिनु है....,
परदेशीने होडबाजीमा पाखा खेत धितो राखी
अनेक धक्का अनि सास्ती सहदै,
दलालीको मिठा बोलीहरूमा फस्लान साथीहरू
सम्झाई बुझाई गाउँ फर्काइ दिनु है

पर्धेरी र चुल्होहरूबात शिर उठाउनै पाएनन्
हाम्री आमा दिदी र भाउजू - चेलीहरू..,
पैतालाको धुलो हैन समान अधिकारको सहयात्री
हुन् सक्ने यो समाजमा स्वाभिमानी 'नारी' दिनु है,
केहि अर्का बगालका साथी र भाइहरू कुलत र
लागू पदार्थ-दुर्व्यशनीहरूमा फसेका छन् रे ...
'गर्दैन येसले कसैको भलो'....भनि....

विकृतिको भारी बिसाउने 'चौतारी' दिनु है
हत्केला समाउँदै शिक्षा लिन अघि बढेका पैतालाहरू
अनि संरक्षणको प्रतिक्ष्यामा भौतारिएका नाबालकहरू
शिक्षाको ज्योति छर्दै सबैमा आफ्नो मुलुकको माया
र माटो को मुल्य के हो ? उपदेश दिनु है...,
सहिष्णुताको कुरा छोडेर जात, धर्म र बर्णहरूमा
विभाजित हुँदै छन् रे बस्तीहरू,
तिमि जस्तै स्वोतन्त्र जात-धर्म-बर्ण नछुत्याउने
सबैको साझा 'देश' दिनु है....

# के थाहा त्यो पहिलो दिनको

– रश्मी थापा मगर



के थाहा त्यो पहिलो दिनको
तिम्रो मीठो मीठो स्पर्सले
आज पारू,
आँसुको तालमा पौडिनु पर्छ भन्ने कुरा ! है
के थाहा त्यो पहिलो दिनको
तिम्रो त्यो न्यानो न्यानो अंगालो भित्रको मायाले
आज पारू,
धुँवाको झोक्कामा हराउनु पर्छ भन्ने कुरा !
के थाहा त्यो पहिलो दिनको
तिम्रो मुस्कान भित्रको अमृत कहानीले
आज पारू,
नशा लाग्ने प्यालाको सहारा लिन पर्छ भन्ने कुरा !
के थाहा त्यो पहिलो दिनको
तिमीसंग बिताएको त्यो पलपल साथले
आज पारू,
दर्दमय पीडा भोग्नु पर्छ भन्ने कुरा !

टोरन्टो, क्यानाडा

# इन्द्रेणी

**– पदमा बुढामगर**

रंगी विरंगी लहरा देखिन्छौ कसरी
छाम्दा भेटिन्न एउटा धागो सरी ।
पवित्र झरिमा बादल पारी
चिहाउँछौ सूर्यलाई लजाए सरी ॥

छ कि तिम्रो स्वर्गसँग चिनारी
नाम दिए तिमीलाई सबैले इन्द्रेणी ।
सिँगारिएका छौ नव दुलही सरी
सप्तरंगी दोसल्ला घुम्टो ओढी ॥

कहिले पुग्छौ सूर्यलाई घेर्न
त कोही बेला कुहिरो बेर्न ।
स्वर्गमा हो कि धर्तीमा तिम्रो बास
देखिन्छौ सप्तरंगी एक नास ॥

रंग विविधता समेट्ने विशेषता
समूहको तिमीले गर्छौ प्रतिनिधित्व ।
त्यसैले त देखिन्छौ सप्तरंगी
मिलीजुली सबै साथी संगी ॥

एकैछिनमा सुटुक्क कहाँ भाग्छौ फेरि
देखिनौं त्यही ठाउँमा घरी घरी ।
सूर्य र जल दुवैको चिनारी
आइदेउ इन्द्रेणी तिमी घरीघरी ॥

*न्यूयोर्क, अमेरिका*

## गजल

**– असीम मगर**

प्रत्येकपल टाढा टाढा हुँदै गयौ किन ?
सबै तिर उजाड छ, गाह्रो भयो जीउन
कसम थियो नछुटिने जीवन भरी हाम्रो
एक्लोपनले डोऱ्याउँदै छ भट्टीतिर पिउन
सोच्थें मैले सधैं हाम्रो चट्टान जस्तो सम्बन्ध छ
टुट्यो आज यसरी कि गाह्रो भयो सिउन
माया गर्छु मैले भन्दा गाली गर्यौ तिमीले
पश्चातापमा जल्दैछु म बिन्ती माफी दिउन

बेलायत (यु.के.)

## गीत :

**– बिष्णु (थापा) पुलामी मगर**

मगर हामो जाति हो, मलाइ गर्व छ
हाम्रो आफ्नो जाति–भाषा आफ्नै कर्म छ
हाम्रो आफ्नो चाल–चलन आफ्नै धर्म छ
घाँटु–नचरी, कौडा–मारूनी, रोदीघर गाउने साँझहरू
डम्फु–मादल, मुर्चुङ्गा–खैंजडी, मेरो हुर्रा नाँचहरू
हाम्रो आफ्नो इतिहास अनि, आफ्नै पर्व छ
हाम्रो आफ्नै चाल–चलन आफ्नै धर्म छ
भोटो–कछाड, ढाका टोपी, मगर पहिरनको कुराहरू
मखमली–चोली, छिटको गून्यु, हातमा लाउने चुराहरू
"मगर" आफ्नो भेष–भूसा मलाइ गर्व छ
हाम्रो आफ्नो चाल–चलन आफ्नै धर्म छ
मगर हाम्रो चिनारी हो, आफ्नै पर्व छ
मगर हाम्रो जाति हो, मलाइ गर्व छ

तनहुँ, नेपाल

# ग्रीन कार्ड

**– कुन्ती थापा मगर**



मलाइ नसोध तिमी कहाँ छौ
तिम्रो दिनचर्या के हो भनेर
ग्रीन कार्डलाई सोध किन भुलें
यहाँ कालचक्र घडी गनेर
हिंडेथें उज्यालो खोजीमा
अनायासै आएँ परदेशमा
दुःखको तीतो सत्य मेटाउन
सुखको मीठो जिन्दगी सजाउन
कति बढ्दोछ यो मृगतृष्णा
आत्मालाई रेटी रेटी मारेर
मुटु फुट्नै लागिसक्यो
ग्रीनकार्डको चक्रब्युहमा परेर
मै पनि विवश भएँ हराउन
ग्रीनकार्डका लागि आफूलाई
बली चढाउन

पेन्सलभेनिया, अमेरिका

# आखिर छर्छ हावाले फेरि एक मुठी खरानी

**– टिकाकमार पुन मगर**



के को नै पो कमी थियो र भए नी झुपडीको बास
कति मीठो लाग्थ्यो निश्चल माया प्रीतिको गाँस
अनायसै रहर बढ्यो खरको छानोले छाउने
अलिकति फराकिलो कोठा चोटा बनाउने
मिलेन अझै सन्तुष्टि यत्तिकैमा जाग्यो अरू रहर
गतिलै खालको बनाउने एउटा पक्की ढुंगे घर
आकंक्षा बढ्यो लागेन राम्रो ढुंगाको छपनी
देखन थालेँ अब आलिशान महलको सपनी
मेटाउन तृष्णा मनको यहीँ देशै छोडेर विदेशिएँ
बगाउँदै आँशुका बलिन्द्र धारा तिमीबाट बिछोडिएँ
थाहा छैन सुख के हो ? तर म निरन्तर दौडिरहेँ
प्राप्ति यसैका लागि भनी कहाँ कहाँ भौतारिरहेँ

यो भए त्यो, त्यो भए अर्को लालच लागिरहने जहिल्यै
असीमित आकाँक्षा मान्छेका पुग्दो रहेनछ कहिल्यै
सुखको सत्यबोध भयो आज लक्ष्मी जयन्ती मनाउँदा
उनी श्रदेय महाकवि लक्ष्मीप्रसाद देवकोटालाई सम्झँदा :
'हातका मैला सुनका थैला के गर्नु धनले
साग र सिस्नु खाएको बेश आनन्दी मनले'
जीवनको यही सत्यलाई आत्मसात गरेर
आउँदैछु प्रियसी अब म छिट्टै नै फर्केर
तँ र म अनि तेरो र मेरो रहुन्जेल परानी
आखिर छर्छ हावाले फेरि एक मुठी खरानी

*भर्जिनिया, अमेरिका*

# झझल्को

– मान बि. रानामगर



जन्मि, हुर्की, खेलेको ठाउँ
सपनामा आउँदा रूदैं छु
संगालेको पीर ब्यथा
आँशु बहाई एक्लै धुँदैछ
डाडा पाखा पखेराको
झझल्को आउँछ गाउँकै पँधेराको
खोला, नाला, छहराको
धुन मीठो चरी बचेराको
स्वर्ग सम्झे स्वर्गै लाग्ने
देश हजूर मेरो नेपाल
नेपालकै गाउँ ठाउँ
याद आउँछ किन हरपल
तान बुन्ने र भागेटारको
झल्को आउँछ आफ्नै गाउँ घरको
सम्झदा नि पीडा हुन्छ
जवानीले मारेछ नि फन्को

न्यूयोर्क, अमेरिका, (खोटाङ)

# सलाम बीर शहीदलाई !

**– मिलन थापा मगर**



म त आएँ नेपालबाट घुम्दै घुम्दै परदेश
शान्तिको आवाज फैलाउँदै दिँदै सन्देश
कति भए शहीद, कति गुमाए सन्तान
कतिको काख रित्तियो, कतिको सिन्दूर पुछियो
अगाडि बढे नेपाली जनता आवाज उठाउँदै
शान्तिको निम्ति हातमा चन्द्र सूर्य झण्डा फर्फराउँदै
बैरिको गोली छातीमा दुश्मनलाई थर्काउँदै
शहीदले त्यसै ज्यानको बाजी थापेको हैन
बुढाबूढी, बाआमाले त्यसै छोराछोरी गुमाएको हैन
होस् गर नेता हो बल्लबल्ल ल्याएको गणतन्त्र खोसेर लैजाला
सबै दल मिली गर्नु पर्‍यो देश विकासको फैसला
निर्बाचन भयो भनी हल्ला सुनिन्छ
फलाना पार्टीले जित्यो भनी गुण गाइन्छ
तर देशको स्थिति जस्ताका तस्तै
जुनै नेता आए पनि कुरा बनाउँछ दुरूस्तै
शहीदको रगतले आयो गणतन्त्र
जन बलले हट्यो राजतन्त्र
सलाम गर्दछु म बीर शहीदलाई
कहिले बिर्सन नसक्ने झल्को दियौ हामीलाई

*फिलाडेल्फिया, अमेरिका*

# खण्ड ६

## तस्वीरमा मगर संघ अमेरिका

स्मारिका २०११
प्रकाशित तस्वीरहरू

# मगर संघ अमेरिका केन्द्रीय समिति
## तस्वीरमा २०११














EXCHANGE
1991









WELCOME TO INTERACTION
ADDRESSING PROBLEMS OF RESIDUAL VIOLENCE, SERIOUS
CRIME AND CRIMINALIZED POWER STRUCTURE IN SOCIETIES
EMERGING FROM CONFLICT













# मगर संघ अमेरिका केन्द्रीय समिति तस्वीरमा २०१४





















मगर सँघ अमेरिका
सगौरव प्रस्तुत गर्दछ




5TH CONVENTION
(GENERAL MEETING)




MOKTAN
देउसी भैलो कार्यक्रम
२०६९/2012
मगर संघ अमेरिका परिवार
www.MagarUSA.org


गर संघ अमेरिकाको दशौं वार्षिकोत्सव-२०१४मा
हार्दिक स्वागत गर्दछौं।
संघ अमेरिका




















WELCOME TO INTERACTION PROGRAM ON
DRESSING PROBLEMS OF RESIDUAL VIOLENCE, SERIOUS
ME AND CRIMINALIZED POWER STRUCTURE IN SOCIETIES
EMERGING FROM CONFLICT
October 29, 2006
New York
OCT 28


Lakhan
Memorial
Day
Fagun 2






मगर संघ अमेरिका




लाङ्घाली परिवार








from the
LAND OF THE GODS


मगर सँघ अमेरिका




लखन थापा मगर स्मृति दिवस
















माघे सकान्ति २०१२






सहयोग रकम हस्तान्तर


5TH CONVEN
(GENERAL ME








मगर संघ अमेरिकाको दशौं वार्षिकोत्सव-२०१४ मा
हार्दिक स्वागत गर्दछौं।










लाङ्घाली परिवार
दोहोरी




Roland XP-60








मगर संघ अमेरिका














## Photo credits

Magar Association USA acknowledged the following photographers and institutions for their contribution.

- Pratha Magar (usnepalonline.com)
- Durlabh Magar
- Man Bahadur Rana Magar
- Bishanu Pun Magar
- Ashok Pant (nepalphotonews.com)
- Shambhu Moktan (moktandigital.com)
- Ang Kami Sherpa (photohera.com)
- Shyam Budha Magar (vistamediapro.com)
- Vishwa Sandesh Weekly
- Mero Nepal Magazine
- laaphaa Magazing
- Magar.org
- Magar Association USA archive
- Dhan Thapa Magar (DhanPhotos.com)

# मगर संघ अमेरिका केन्द्रीय समिति तस्वीरमा २०१८-२०२१












## मगर संघ अमेरिका केन्द्रीय समिति
## गतिविधिहरू २०१४-२०१७














MAGAR ASSOCIATION USA
मगर संघ अमेरिका



# तस्वीरमा न्यूयोर्क च्याप्टरको
## सांगठनिक गतिविधि २०१६–२१













दोस्रो अधिवेशन


Maghe Sankranti Program 2020






BLOOD DRIV



# तस्वीरमा डीएमभी च्याप्टरको सांगठनिक गतिविधि २०१८–२०२१












# तस्वीरमा न्यूजर्सी च्याप्टरको
# सांगठनिक गतिविधि २०१९–२०२१










# तस्वीरमा टेक्सास च्याप्टरको सांगठनिक गतिविधि २०१९-२०२१












# मगर संघ अमेरिका केन्द्रीय समिति
## तस्वीरमा २०२३



राष्ट्रिय जनगणना-२०७८
मगर-जागरण राष्ट्रिय अभियान

मेरो गणना, मेरो अधिकार

मगर गणना
हाम्रो सरोकार

मेरो गणना
मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

मगर जातिको जातीय, भाषिक, सांस्कृति पहिचानलाई स्थापित गराउन र संविधानमा व्यवस्था भएको मौलिक हकको सम्बोधन गर्न गराउन जनगणनाबाट आउने तथ्याङ्क आधिकारीक र महत्त्वपूर्ण हुने हुनाले यहि मिति २०७८ कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म पहिचानसहित कोही नछुटौं केही नछुटाऔं । नेपाल मगर संघ केन्द्रीय समितिको निर्णय बमोजिम मुख्य प्रश्नावली अन्तरगत सोधिने प्रश्नहरुको निम्नानुसार सही विवरण गणकलाई लेखाउन हुन हार्दिक अपिल गर्दछौं ।

| क्र.स | प्रश्नहरू | उत्तर | कोड नं. |
|---|---|---|---|
| १ | तपाईंको जात/जातिको नाम के हो ? | मगर | ३ |
| २ | तपाईंको पूर्खाको भाषा कुन हो ? | मगर ढुट वा | ८ |
| | | मगर खाम/पाङ वा | ३० |
| | | मगर काइके | ११४ |
| ३ | तपाईंको मातृभाषा कुन हो ? | मगर ढुट वा | ८ |
| | | मगर खाम/पाङ वा | ३० |
| | | मगर काइके | ११४ |
| ४ | तपाईंले कुन धर्म मान्नुहुन्छ ? | प्रकृति | ६ |
| | | बौद्ध | २ |

नोट : ■ बाह्र मगरात क्षेत्रका मगरहरूले मगर ढुट लेखाऔं ।
■ अठार मगरात क्षेत्रका मगरहरूले मगर खाम/पाङ लेखाऔं । ■ डोल्पाका मगरहरूले मगर काईके लेखाऔं ।

मगर संघ अमेरिका
केन्द्रीय समिति

मगर संघ अमेरिका, न्यूयोर्क च्याप्टर
मगर संघ अमेरिका, डि.एम.भी च्याप्टर
मगर संघ अमेरिका, टेक्सास च्याप्टर
मगर संघ अमेरिका, न्यूजर्सी च्याप्टर
मगर संघ अमेरिका, ईलिनिओस च्याप्टर
मगर संघ अमेरिका, कोलोराडो च्याप्टर

website:- www.magarusa.org Email:- magars2004@gmail.com









मगर संघ अमेरिका
Magar Association USA
केन्द्रिय समिति
सल्लाहकार समिति
२०२१-२०२३


मगर संघ अमेरिकाको कार्यलय व्यवस्थापनको लागि
आवश्यक सामाग्रीहरु सहयोग गर्नुहुने महानुभावहरु




आदिवासी जनजाति आयोगका माननीय अध्यक्ष
राम बहादुर थापा मगर ज्यूको


मगर संघ अमेरिका
Magar Association USA
विद्यार्थी छात्रवृति
STUDENT SCHOLARSHIP
2021
Dr. Krishna Thapa
Co-ordinator
Texas
Krishna Rana Magar
Member
Georgia
Priyanka Thapa Magar
Member
New York
(Creating a sense of shared responsibilities towards the Magar Community)
Tel. (609) 816-2364, (571) 276-8461, (917) 596-4810
Email: info@magarusa.org, efund@magarusa.org
www.magarusa.org
Magar Association USA Inc. is a 501 (c) (3) non-profit organization


मगर संघ अमेरिका
Magar Association USA
आपतकालिन कोष
EMERGENCY FUND
2021
Rudra Ale Magar
Co-ordinator
New Jersey
Ganesh Thapa Magar
Secretary
New Jersey
Janaki Thapa Magar
Treasurer
Texas
Dr. Ganga Purja Magar
Member
Virginia
Dr. Avinash Pun Magar
Member
Illinois
Yam Pun Magar
Member
New York
Khem Chauhan Magar
Member
Colorado
(Creating a sense of shared responsibilities towards the Magar Community)
Tel. (609) 816-2364, (571) 276-8461, (917) 596-4810
Email: info@magarusa.org, efund@magarusa.org
www.magarusa.org
Magar Association USA Inc. is a 501 (c) (3) non-profit organization


मगर संघ अमेरिका
Magar Association USA
EXECUTIVE COMMITTEE
२०२१ - २०२३


मगर संघ अमेरिका
Magar Association USA
कार्य समिति / EXECUTIVE COMMITTEE
२००४ - २००६
सल्लाहकार / ADVISOR


मगर संघ अमेरिका
Magar Association USA
कार्य समिति / EXECUTIVE COMMITTEE
२००६ - २००८
सल्लाहकार / ADVISOR


मगर संघ अमेरिका
Magar Association USA
कार्य समिति / EXECUTIVE COMMITTEE
२००८ - २०१०
सल्लाहकार / ADVISOR


मगर संघ अमेरिका
Magar Association USA
कार्य समिति / EXECUTIVE COMMITTEE
२०१० - २०१२
सल्लाहकार / ADVISOR


मगर संघ अमेरिका
Magar Association USA
कार्य समिति / EXECUTIVE COMMITTEE
२०१२ - २०१५
सल्लाहकार / ADVISOR


मगर संघ अमेरिका
Magar Association USA
कार्य समिति / EXECUTIVE COMMITTEE
२०१५-२०१८
सल्लाहकार / ADVISOR


मगर संघ अमेरिका
Magar Association USA
कार्य समिति / EXECUTIVE COMMITTEE
२०१८ - २०२१
सल्लाहकार / ADVISOR

# तस्वीरमा न्यूयोर्क च्याप्टर
## गतिविधि २०२१–२०२३












Magar Association USA
New York Chapter
SUMMER PICNIC


राम बहादुर थापा मगर ज्यूको














# तस्वीरमा न्यूजर्सी च्याप्टर
## गतिविधि २०२१-२०२३












मगर संघ अमेरिका, न्युजर्सी च्याप्टर
MAGAR ASSOCIATION USA, NEW JERSEY CHAPTER


मगर संघ अमेरिका
न्युजर्सी च्याप्टर


मगर संघ अमेरिका
Magar Association USA Inc.
Estd. 2004
१९औं स्थापना दिवस


MAGAR ASSOCIATION USA INC.
मगर संघ अमेरिका


MAGAR ASSOCIATION USA INC.
मगर संघ अमेरिका
८औं बार्षिक साधारण सभा

# तस्वीरमा डिएमभी च्याप्टर
## गतिविधि २०२१–२०२३





















# तस्वीरमा टेक्सास च्याप्टर
## गतिविधि २०२१–२०२३














Magar Association USA
TEXAS CHAPTER


SUMMER
GAMES




मगर संघ अमेरिका


MAGAR ASSOCIATION USA INC.
मगर संघ अमेरिका


Magar Association USA Inc.
Texas Chapter
SUMMER





# तस्वीरमा कोलोराडो च्याप्टर
## गतिविधि २०२१-२०२३













मगरहरूको राष्ट्रिय पर्व


मा. इन्दिरा राना मगर ज्यूको
स्वागत
तथा
भेटघाट कार्यक्रम
आयोजक
मगर संघ अमेरिका
कोलोराडो च्याप्टर

# तस्वीरमा ईलिनोइ च्याप्टर गतिविधि २०२१–२०२३



















# मगर संघ अमेरिका केन्द्रीय समिति
## तस्वीरमा २०२४













मगर संघ अमेरिका
Magar Association USA
Executive Committee
२०२३-२०२५
याम पुन मगर
अध्यक्ष
न्युयोर्क
दिप सागर बुढा मगर
बरिष्ठ उपाध्यक्ष
न्युयोर्क
जीवराज बुढा मगर
उपाध्यक्ष, पुर्वी क्षेत्र
टेक्सास्
मीन दर्लामी मगर
उपाध्यक्ष, मध्य क्षेत्र
इलनोयस
टेक बहादुर थापा मगर
उपाध्यक्ष, पश्चिम क्षेत्र
कोलोराडो
गणेश आले मगर
उपाध्यक्ष, आर्थिक
क्यालिफोर्निया
जेनिसा घर्ती मगर
महिला उपाध्यक्ष
न्युजर्सी
भुवन सिंह आले मगर
महासचिव
टेक्सास
पूर्ण ब. पाइजा मगर
सचिव
न्युजर्सी
यमुना थापा मगर
कोषाध्यक्ष
न्युयोर्क
रुपा सिंजाली मगर
सह-कोषाध्यक्ष
मेरील्याण्ड
केशव थापा मगर
सदस्य
कोलोराडो
बिकाश घर्ती मगर
सदस्य
न्युयोर्क
केश पुन मगर
सदस्य
क्यान्सास्
प्रदिन सुइयाल मगर
सदस्य
नर्थ क्यारोलिना
कमला थापा सारु मगर
सदस्य
टेक्सास
चेतन बुढा मगर
सदस्य
म्यासाचुसेट्स
कमल सारु मगर
सदस्य
मेरील्याण्ड
भुवन बाबु आले मगर
सदस्य
क्यालिफोर्निया


मगर संघ अमेरिका
Magar Association USA
केन्द्रिय समिति
सल्लाहकार समिति
२०२३-२०२५
कुल ब. राना मगर
सल्लाहकार/निवर्तमान अध्यक्ष
(न्युयोर्क)
डा. गंगा पुर्जा मगर
सल्लाहकार
(भर्जिनिया)
डा. चक्र बुढाथोकी मगर
सल्लाहकार
(मेरिल्याण्ड)
लक्ष्मी कु. राना मगर
सल्लाहकार
(न्यूजर्सी)
डा. कृष्ण थापा मगर
सल्लाहकार
(टेक्सास्)
बखन थापा मगर
सल्लाहकार
(क्यालिफोर्निया)
इश्वर बुढा मगर
सल्लाहकार
(पेन्सलभेनिया)
विष्णु राना मगर
सल्लाहकार
(न्युयोर्क)
लछुमन राना मगर
सल्लाहकार
(कोलोराडो)
डा. चन्द्र थापा मगर
सल्लाहकार
(केन्सास्)
डा. कमान थापा मगर
सल्लाहकार
(ओहायो)
संगीनी राना मगर
सल्लाहकार
(मेरील्याण्ड)
डा. खुशीमान पुन मगर
सल्लाहकार
(वासिङटन)
(Creating a sense of shared responsibilities towards the Magar Community)
Tel. (917) 596-4810, (646) 643-6578, (214) 213-5373
Email: info@magarusa.org, magar2004@gmail.com, admin@magarusa.org, finance@magarusa.org,
membership@magarusa.org, efund@magarusa.org
www.magarusa.org
Magar Association USA Inc. is a 501 (c) (3) non-profit organization


"जहाँ रहे पनि, जहाँ बसे पनि, नभुलौं हाम्रो मातृभूमिलाई ।
जोगाई राखौं युगौं युग, हाम्रो मौलिक कला र संस्कृतिलाई ।।"
मगर संघ अमेरिका
Magar Association USA
MASSACHUSETTS (BOSTON) CHAPTER
कार्यसमिति २०२४-२०२६
देवराज पुन मगर
अध्यक्ष
कुशमाया थापा मगर
उपाध्यक्ष
विकास थापा मगर
सचिव
मनोज कु. पुन मगर
सह-सचिव
राखी कु. पुन मगर
कोषाध्यक्ष
तारा पाइजा मगर
सह-कोषाध्यक्ष
अमन थापा मगर
सदस्य
होमेन्द्र बुढा मगर
सदस्य
उमाकान्त पुन मगर
सदस्य
टिका पुन श्रीस मगर
सदस्य
बिनोद बुढा मगर
सदस्य
राज पुन मगर
सदस्य
प्रेम थापा मगर
सदस्य
सुमित्रा रोका मगर
सदस्य
मुगा थापा मगर
सदस्य


"जहाँ रहे पनि, जहाँ बसे पनि, नभुलौं हाम्रो मातृभुमिलाई ।
जोगाई राखौं युगौं युग, हाम्रो मौलिक कला र संस्कृतिलाई ।।"
मगर संघ अमेरिका
Magar Association USA
PENNSYLVANIA CHAPTER
कार्यसमिति २०२४-२०२६
राजेन्द्र बुढा मगर
अध्यक्ष
दिनेश बुढा मगर
उपाध्यक्ष
बिजय कुमार बुढा मगर
सचिव
गोविन्द बुढा मगर
सह-सचिव
कुल ब. बुढा मगर
कोषाध्यक्ष
जुन कुमारी बुढा मगर
सह-कोषाध्यक्ष
दिनेश पुन मगर
सदस्य
राम राना मगर
सदस्य
जहर बुढा मगर
सदस्य
बिर नारायण पुन मगर
सदस्य
लक्ष्मी बुढा घर्ती मगर
सदस्य






EXIT

## । म्यासाचुसेट्स च्याप्टर माघे संक्रान्ति गतिविधि ।






# । न्यूयोर्क च्याप्टर गतिविधि ।












सुपरिचित अनुसन्धानकर्ता वन्यजन्तु वैज्ञानिक कमल थापा मगरसँग
भेटघाट तथा अन्तरक्रिया


मगर संघ अमेरिका न्यु योर्क च्याप्टर
Magar Association USA Inc. NY Chapter
ACADEMIC INTERACTIONS






मगर संघ अमेरिका




सक्रान्ति


EXIT



"जहाँ रहे पनि, जहाँ बसे पनि, नभुलौं हाम्रो मातृभुमिलाई । जोगाई राखौं युगौं युग, हाम्रो मौलिक कला र संस्कृतिलाई ।।"

# मगर संघ अमेरिका
# Magar Association USA
## आजीवन सदस्यहरु


Mr. Min B. Thapa Magar
Florida (2006)
Shyangja, Nepal


Mr. Dal B. Budhathoki Magar
New York (2007)
Baglung, Nepal


Hem Chandra Rana Magar
New York (2007)
Khotang, Nepal


Mr. Mahendra K Thapa Magar
New Jersey (2008)
Shyangja, Nepal


Mr. Khom B. Thapa Magar
New York (2008)
Shyangja, Nepal


Mr.Devendra Thapa Magar
New Jersey (2008)
Shyangja, Nepal


Mr. Man B. Rana Magar
New York (2008)
Khotang, Nepal


Mr. Bishnu Pun Magar
New York (2008)
Kaski, Nepal


Mr. Dhan Man Thapa Magar
Florida (2008)
Myagdi, Nepal


Mr. Durlabh Magar
New York (2009)
East Rukum, Nepal


Mr. Debu Thapa Magar
Connecticut (2011)
Tanahu, Nepal


Mr. Tika K. Pun Magar
Virginia (2011)
Myagdi, Nepal


Dr. Nita Thapa Magar
South Carolina (2014)
Kathmandu, Nepal


Dr. Samar Paija Magar
South Carolina (2014)
Kaski, Nepal


Mr. Narendra Thapa Magar
New York (2016)
Pyuthan, Nepal


Ms. Ruku Rana Magar
New York (2016)
Lamjung, Nepal


Mr. Rudra Ale Magar
New Jersey (2016)
Dhading, Nepal


Mr. Kul B. Rana Magar
New York (2016)
Sindhuli, Nepal


Mr. Vishnu Rana Magar
New York (2016)
Nuwakot, Nepal


Mr. Surya Thapa Magar
New York (2017)
Kathmandu, Nepal


Mr. Dipesh Barakoti Magar
New York (2017)
Sindhuli, Nepal


Mr. Aashish Thapa Magar
New York (2017)
Tanahu, Nepal


Mr. Surendra P. Pulami Magar
New York (2017)
Sindhuli, Nepal


Mr. Anil Roka Magar
New Jersey (2017)
Dang, Nepal


Mr. Kumar Thapa (Khamcha) Magar
New York (2017)
Nawalparasi, Nepal


**Mrs. Lachhimi K. Rana Magar**
New Jersey (2017)
Lalitpur, Nepal


**Mr. Yaggya Thapa Magar**
New Jersey (2017)
Lalitpur, Nepal


**Mr. Chandra B. Pun Magar**
Boston (2019)
Myagdi, Nepal


**Mr. Chandra Gurmachhan Magar**
New Hampshire (2019)
Sindhuli, Nepal


**Mr. Purna B. Paija Magar**
New York (2019)
Bardiya, Nepal


**Mr. Nilam Thapa Magar**
Maryland (2021)
Myagdi, Nepal


**Mr. Ishwor P. Budha Magar**
Pennsylvania (2021)
Rukum Purba, Nepal


**Mr. Rajendra Budha Magar**
Pennsylvania (2021)
Rukum Purba, Nepal


**Mr. Gauchan Budha Magar**
Pennsylvania (2021)
Rukum Purba, Nepal


**Mr. Chet B. Thapa Magar**
New York (2021)
Sindhuli, Nepal


**Mr. Bishnu Rana Magar**
New York (2021)
Gorkha, Nepal


**Mr. Suman Budha Magar**
New Hampshire (2021)
Dolpa, Nepal


**Mr. Suman Pun Magar**
New York (2021)
Baglung, Nepal


**Mr. Roshan Thapa Magar**
New York (2021)
Parbat, Nepal


**Mr. Omkar Budha Magar**
New York (2021)
Baglung, Nepal


**Mr. Sudhar Budha Magar**
New York (2021)
Rukum Purba, Nepal


**Mr. Rajesh Budha Magar**
New York (2021)
Rukum Purba, Nepal


**Mr. Man B. Thapa Magar**
New York (2021)
Gulmi, Nepal


**Mr. Deep K. Budha Magar**
New York (2021)
Rukum Purba, Nepal


**Mr. Dil P. Thapa Magar**
New York (2021)
Parbat, Nepal


**Mr. Amrit Roka Magar**
New York (2021)
Baglung, Nepal


**Mr. Bhabindra Sherpunja Magar**
New York (2021)
Myagdi, Nepal


**Mr. Jai B. Rana Magar**
New Jersey (2021)
Lalitpur, Nepal


**Er. Ravi Thapa Magar**
New Jersey (2021)
Kathmandu, Nepal


**Mr. Ganesh Thapa Magar**
New Jersey (2021)
Kavrepalanchok, Nepal


**Mr. Madhuram Thapa Magar**
Pennsylvania (2021)
Tanahu, Nepal


**Mrs. Bishnu Thapa Magar**
New Jersey (2021)
Palpa, Nepal


**Mr. Dinesh Budha Magar**
New York (2021)
Rukum Purba, Nepal


**Raju Gharti Magar**
New York (2021)
Rolpa, Nepal


**Mr. Tek Milan Pun Magar**
New York (2021)
Baglung, Nepal



**Mr. Indra Budha Magar**
New York (2021)
Baglung, Nepal



**Mr. Bayan Budha Magar**
New York (2021)
Rukum Purba, Nepal



**Mr. Dhabendra Gharti Magar Pun**
New York (2021)
Myagdi, Nepal



**Mrs. Gyanu Thapa Magar**
New York (2021)
Shyangja, Nepal



**Mr. Yam Pun Magar**
New York (2021)
Myagdi, Nepal



**Mr. Bhuban Singh Ale Magar**
Texas (2021)
Gorkha, Nepal



**Mr. Lalit Tilija Magar**
Maryland (2021)
Myagdi, Nepal



**Mr. Omkar Gharti Magar**
Maryland (2021)
Baglung, Nepal



**Mr. Deepak Thapa Magar**
Maryland (2021)
Lamjung, Nepal



**Mr. Devendra B. Thapa Magar**
New York (2021)
Myagdi, Nepal



**Mrs. Rooroo Thapa Magar**
New York (2021)
Rupandehi, Nepal



**Mr. Santosh Thapa Magar**
Maryland (2021)
Syangja, Nepal



**Dr. Chakra Budhathoki Magar**
Maryland (2021)
Myagdi, Nepal



**Mr. Ohm Prakash Rajan Magar**
Maryland (2021)
Sindhuli, Nepal



**Mr. Nandalal Darlami Magar**
Maryland (2021)
Gulmi, Nepal



**Mr. Kamal Bahadur Saru Magar**
Maryland (2021)
Tanahu, Nepal



**Mr. Dipen Budha Magar**
Pennsylvania (2021)
Rukum Purba, Nepal



**Mr. Rakesh Budha Magar**
New York (2021)
Rukum Purba, Nepal



**Mr. Bidur Pun Magar**
New York (2021)
Rukum Purba, Nepal



**Mr. Tham Bahadur Roka Magar**
New York (2021)
Myagdi, Nepal



**Mr. Chakra Budha Magar**
New York (2021)
Pyuthan, Nepal



**Mr. Resham B. Ale**
New York (2022)
Tanahu, Nepal



**Mr. Dujlal Gharti Magar**
New York (2022)
Rolpa, Nepal



**Mr. Janaki Thapa Magar**
Texas (2022)
Rupandehi, Nepal



**Mr. Suresh Bantha**
New York (2022)
Rolpa, Nepal



**Mr. Tek B Thapa Magar**
Colorado (2022)
Palpa, Nepal



**Mr. Krishna K. Thapa Magar**
Colorado (2022)
Palpa, Nepal



**Mr. Surendra Magar**
Colorado (2022)
Chitwan, Nepal



**Mr. Ganesh Ale Magar**
California (2022)
Tanahu, Nepal



**Mr. Phat B. Thapa Magar**
Virginia (2022)
Baglung, Nepal



**Khem B. Rana Magar**
Maryland (2022)
Syangja, Nepal



**Mr. Reman Singh Gaha Magar**
Maryland (2022)
Syangja, Nepal



**Ms. Tulsi Kala Magar**
Maryland (2022)
Nepal



**Mr. Narayan Ramjali Magar**
Colorado (2022)
Palpa, Nepal



**Mr. Janak Pun Magar**
Maryland (2023)
Baglung, Nepal



**Kamala Thapa Saru Magar**
Texas (2023)
Parbat, Nepal



**Mr. Khadag B. Pulami Magar**
New York (2023)
Sarlahi, Nepal



**Mr. Kamal Bahadur Magar**
Colorado (2023)
Okhaldhunga, Nepal



**Mr. Sandesh Budha Magar**
New York (2023)
Rukum Purba, Nepal



**Mr. Devraj Pun Magar**
Massachusettes (2023)
Rolpa, Nepal



**Mrs. Yam K. Thapa Magar**
New York (2023)
Nawalparasi, Nepal



**Mrs. Dilu Pun Magar**
New York (2023)
Myagdi, Nepal



**Mrs. Prem K. Gharti Magar**
New York (2023)
Myagdi, Nepal



**Mr. Ratna Sing Garbuja Magar**
New York (2023)
Myagdi, Nepal



**Mr. Bir Bahadur Gharti Magar**
New York (2023)
Kaski, Nepal



**Mr. Niroj Pulami Magar**
New York (2023)
Udayapur, Nepal



**Mr. Bikash Gharti Magar**
New York (2023)
Myagdi, Nepal



**Mr. Susang Budha Magar**
New York (2023)
Rukum Purba, Nepal



**Mr. Lak B. Budha Magar**
New York (2023)
Baglung, Nepal



**Mr. Surjan Gharti Magar**
New York (2023)
Baglung, Nepal



**Mr. Bishal Jugjali Magar**
New York (2023)
Myagdi, Nepal



**Mr. Khem B. Paija Magar**
New York (2023)
Myagdi, Nepal



**Mr. Buddhi Paija Magar**
New York (2023)
Myagdi, Nepal




**Mrs. Gyani Pun Magar**
New York (2023)
Myagdi, Nepal



**Mrs. Junu Garbuja Magar**
New York (2023)
Myagdi, Nepal



**Mrs. Devi Pun Magar**
New York (2023)
Myagdi, Nepal



**Mrs. Geeta Tilija Magar**
New York (2023)
Myagdi, Nepal



**Mrs. Sushila Pun Magar**
New York (2023)
Myagdi, Nepal



**Mrs. Ram Maya Buduja Magar**
New York (2023)
Myagdi, Nepal




**Mr. Gyan Purja Magar**
New York (2023)
Myagdi, Nepal



Mr. Padam B. Pun Magar
New York (2023)
Myagdi, Nepal



Mr. Yam B Pun Magar
New York (2023)
Myagdi, Nepal



Mr. Man K. Buduja Magar
New York (2023)
Myagdi, Nepal



Mr. Kishma Purja Pun Magar
New York (2023)
Myagdi, Nepal



Mr. Biru Thapa Magar
New York (2023)
Tanahu, Nepal



Mr. Rudrajang Khapangi Magar
New York (2023)
Udayapur, Nepal



Mr. Nir Kumar Magar
New York (2023)
Solukhumbu, Nepal



Mr. Binod Ale Magar
Colorado (2023)
Dhading, Nepal



Mr. Kaji Rana Magar
New York (2023)
Tanahu, Nepal



Mr. Ras Gharti Magar
New York (2023)
Rolpa, Nepal



Mr. Manoj Budha Magar
New York (2023)
Dang, Nepal



Mr. Man Budha Magar
New York (2023)
Rolpa, Nepal



Mr. Saurab Budha Magar
New York (2023)
Rolpa, Nepal



Mr. Jhakendra Budha Magar
New York (2023)
Rolpa, Nepal



Mr. Laxman Pun Magar
New York (2023)
Dang, Nepal



Mr. Prakash Pun Magar
New York (2023)
Rolpa, Nepal



Mr. Dalpurna Roka Magar
New York (2023)
Rolpa, Nepal



Mr. Dilip K. Shrees Magar
New York (2023)
Baglung, Nepal



Mr. Gagan Thapa Magar
New York (2023)
Baglung, Nepal



Mr. Kauda Budha Magar
New York (2023)
Rukum Purba, Nepal



Mr. Jeeva Raj Budha Magar
Texas (2023)
Dang, Nepal



Mr. Bhim B.Thapa Magar
Texas (2023)
Tanahu, Nepal



Mr. Mani Raj Thapa Magar
Texas (2023)
Tanahu, Nepal



Mr. Krishna Thapa Magar
Texas (2023)
Ilam, Nepal



Mr. Kamal Thapa Magar
New York (2023)
Morang, Nepal



Mr. Khim B. Roka Magar
California (2023)
Myagdi, Nepal



Kiran Budha Magar
New York (2023)
Rukum Purba, Nepal



Jyoti Saru Magar
Maryland (2023)
Palpa, Nepal



Chetan Thapa Magar
Maryland (2023)
Rupandehi, Nepal



Santi Gurung Thapa Magar
Maryland (2023)
Palpa, Nepal


**Sangini Rana Magar**
Maryland (2023)
Palpa, Nepal


**Sarita Thapa Magar**
New York (2023)
Myagdi, Nepal


**Min Darlami Magar**
Illinois (2022)
Gulmi, Nepal


**Bhakta Bahadur Ale Magar**
Texas (2022)
Gorkha, Nepal


**Laxman Darlamee Magar**
Oregon (2022)
Lalitpur, Nepal


**Charishma Ale Magar**
Maryland (2022)
Kaski, Nepal


**Lachhman Rana Magar**
Colorado (2022)
Gulmi, Nepal


**Prawin Pun Magar**
Maryland (2022)
Baglung, Nepal


**Aasa Bahadur Gharti Magar**
New York (2022)
Rolpa, Nepal


**Rim Bahadur Thapa Magar**
Texas (2023)
Syangja, Nepal


**Sher Bahadur Thapa Magar**
Maryland (2022)
Syangja, Nepal


**Chet Bahadur Rana Magar**
Maryland (2022)
Syangja, Nepal


**Kushma D.Suryabangsi Magar**
Maryland (2022)
Palpa, Nepal


**Dol Ale Magar**
Marylan (2022)
Tanahu, Nepal


**Padam Pun Magar**
Maryland (2022)
Kaski, Nepal


**Nirmal Budha Magar**
Maryland (2023)
Gulmi, Nepal


**Adibisista U Magar**
Texas(2023)
Kaski, Nepal


**Kiran Rana Magar**
Texas (2023)
Gulmi, Nepal


**Purna Bahadur Pun Magar**
Texas (2023)
Rupandehi, Nepal


**Shristina Purja Magar**
Colorado (2023)
Myagdi, Nepal


**Rabi Shoti Magar**
New York (2024)
Surkhet, Nepal


**Shyam Pun Magar**
New York (2024)
Baglung, Nepal


**Padma Linkha Magar**
New York (2024)
East Rukum, Nepal


**Yam Serpunja Magar**
New York (2024)
Myagdi, Nepal


**Man Maya Pun Magar**
New York (2024)
Myagdi, Nepal


**Shiva K Roka Magar**
New York (2024)
Baglung, Nepal


**Sushan Gharti Magar**
New York (2024)
Baglung, Nepal


**Khagendra Roka Magar**
New York (2024)
Myagdi, Nepal


**Rubel Pun Magar**
New York (2024)
Rupendehi, Nepal


**Kamal Gharti Magar**
New York (2024)
Baglung, Nepal


Prithivi K. Pulami Magar
New York (2024)
Sindhuli, Nepal


Hari Gharti Pun Magar
New York (2024)
Baglung, Nepal


Smriti Budha Magar
New York (2024)
Rolpa, Nepal


Om Budha Magar
New York (2024)
Rolpa, Nepal


Sharmila Rana Magar
New York (2024)
Tanahu, Nepal


Chakra Roka Magar
New York (2024)
Myagdi, Nepal


Rupesh Thapa Magar
New York (2024)
Myagdi Nepal


Bhima Pun Magar
New York (2024)
Myagdi, Nepal


Bishal Budha Magar
New York (2024)
East Rukum, Nepal


Dipu Shrees Magar
New York (2024)
Baglung, Nepal


Mohan Roka Magar
New York (2024)
Myagdi, Nepal


Suren Pun Magar
New York (2024)
Myagdi, Nepal


Barmaya Budha Magar
New York (2024)
East Rukum, Nepal


Ashok Budha Magar
New York (2024)
East Rukum Nepal


Jay Dev Budha Magar
New York (2024)
East Rukum, Nepal


Karmadhan Pun Magar
New York (2024)
East Rukum, Nepal


Til Prasad Pun Magar
New York (2024)
East Rukum, Nepal


Bishnu Budha Magar
New York (2024)
East Rukum, Nepal


Samundra Budha Magar
New York (2024)
East Rukum, Nepal


Ratha Pun Magar
New York (2024)
East Rukum Nepal


Chamu Budha Magar
New York (2024)
East Rukum, Nepal


Prem Prakash Gharti Magar
New York (2024)
East Rukum, Nepal



Kamara Budha Magar
New York (2024)
East Rukum, Nepal


Jiban Gharti Magar
New York (2024)
East Rukum, Nepal


Suresh Budha Magar
New York (2024)
East Rukum, Nepal


Ran P. Budha Magar
New York (2024)
East Rukum, Nepal


Yam Maya Sherpunja Magar
New York (2024)
Myagdi, Nepal


Indra Thapa Magar
New York (2024)
Myagdi, Nepal


Dil Pun Magar
New York (2024)
Baglung, Nepal


Jenisha Gharti Magar
New Jersey (2024)
Baglung, Nepal


**Santoshi Thapa Magar**
New Jersey (2024)
Rupendehi, Nepal


**Ganesh Gaha Magar**
New Jersey (2024)
Palpa, Nepal


**Amar Singh Tanglami Magar**
New Jersey (2024)
Palpa, Nepal


**Pradeep Thapa Magar**
New Jersey (2024)
Gulmi, Nepal


**Dr. Bishnu Pariyar Thapa Magar**
New Jersey (2024)
Gulmi, Nepal


**Khum Kumari Thapa Magar**
New Jersey (2024)
Syangja, Nepal


**Chan Mati Rana Magar**
New Jersey (2024)
Dhading, Nepal


**Gita Kumari Thapa Magar**
New Jersey (2024)
Syangja, Nepal


**Rupa Singjali Magar**
Maryland (2024)
Gulmi, Nepal


**Dr. Ganga Purja Pun Magar**
Virginia (2024)
Myagdi, Nepal


**Shanti Purja Pun Magar**
Virginia (2024)
Myagdi, Nepal


**Netra Jhedi magar**
Maryland (2024)
Palpa, Nepal


**Amrit Rana Magar**
Maryland (2024)
Gorkha, Nepal


**Ganesh Pun Magar**
Maryland (2024)
East Rukum, Nepal


**Bhuwan Thapa Magar**
Maryland (2024)
Dhading, Nepal


**Sangita Thapa Magar**
Maryland (2024)
Kathmandu, Nepal


**Keshav Thapa Magar**
Colorado (2024)
Tanahu, Nepal


**Upendra Rana Magar**
Colorado (2024)
Nawalpur, Nepal


**Sunny Rana Magar**
Colorado (2024)
Rupendehi, Nepal


**Bikram Barghare Magar**
Colorado (2024)
Palpa, Nepal


**Kisam Thapa Magar**
Colorado (2024)
Kaski, Nepal


**Govinda Budha Magar**
Pennsylvania (2024)
East Rukum, Nepal


**Bir Narayan Pun Magar**
Pennsylvania (2024)
East Rukum, Nepal


**Jahar Budha Magar**
Pennsylvania (2024)
East Rukum, Nepal


**Kul B Budha Magar**
Pennsylvania (2024)
East Rukum, Nepal


**Junkumari Budha Magar**
Pennsylvania (2024)
East Rukum, Nepal


**Bijya Budha Magar**
Pennsylvania (2024)
East Rukum, Nepal


**Dinesh Budha Magar**
Pennsylvania (2024)
East Rukum, Nepal


**Ram Rana Magar**
Pennsylvania (2024)
Palpa, Nepal


**Deepak Pun Magar**
Pennsylvania (2024)
Baglung, Nepal


**Prem Thapa Magar**
Massachusetts (2024)
Baglung, Nepal


**Dilli Thapa Magar**
Massachusetts (2024)
Solukhumbu, Nepal


**Chetan Budha Magar**
Massachusetts (2024)
East Rukum, Nepal


**Tilak Rana Magar**
California (2024)
Dhading, Nepal


**Dr. Chandra Thapa Magar**
Kansas (2024)
Baglung, Nepal


**Bhuwan Babu Ale Magar**
California (2024)
Gorkha, Nepal


**Pradin Suinyal Magar**
North Carolina (2024)
Lalitpur, Nepal


**Dr. Kaman Thapa Magar**
Ohio (2024)
Myagdi, Nepal


**Kesh Pun Magar**
Kansas (2024)
Myagdi, Nepal


**Bikram Pun Magar**
California (2024)
West Rukum, Nepal


**Bakhan Thapa Magar**
California (2024)
Gulmi, Nepal


**Rajesh Thapa Magar**
New York (2024)
Myagdi, Nepal


**Kalpana Pun Magar**
New York (2024)
East Rukum, Nepal


**Gagan Pun Magar**
New York (2024)
East Rukum


**Binod Pun Magar**
New York (2024)
East Rukum, Nepal


**Sasiram Pun Magar**
New York (2024)
West Rukum, Nepal


**Bijan Roka Magar**
New York (2024)
Myagdi, Nepal



**Mahendra Pun Magar**
New York (2024)
Myagdi, Nepal



**Hari Rana Magar**
New York (2024)
Myagdi, Nepal


**Man Roka Magar**
New York (2024)
Myagdi, Nepal

## मगर संघ अमेरिकाको आर्थिक सहयोग तथा मगर प्रकाशन समितिको संयोजनमा प्रकाशित पुस्तकहरू

| आर्थिक सहयोग | प्रकाशन संयोजन | संरक्षक |
| --- | --- | --- |
| मगर संघ अमेरिका<br>Magar Association USA Inc. | मगर प्रकाशन समिति<br>Magar Publication Committee | नेपाल मगर लेखक संघ<br>Nepal Magar Writers' Association |


















## मगर संघ अमेरिकाको आर्थिक सहयोग तथा
## मगर प्रकाशन समितिको संयोजनमा प्रकाशित पुस्तकहरू


| आर्थिक सहयोग | प्रकाशन संयोजन | संरक्षक |
|---|---|---|
| मगर संघ अमेरिका<br>Magar Association USA Inc. | मगर प्रकाशन समिति<br>Magar Publication Committee | नेपाल मगर लेखक संघ<br>Nepal Magar Writers' Association |










## मगर संघ अमेरिका
## **२० वर्ष (बिगतलाई हेर्दा...)** पुस्तक प्रकाशनमा आर्थिक सहयोग गर्नु हुने संघका पूर्वअध्यक्षहरू




**दलबहादुर बुढाथोकी मगर**, अध्यक्ष (२००४–२००६) । **निलम थापा मगर** का. बा. अध्यक्ष (२००६–२००८)
**क्या. महेन्द्रकुमार थापा मगर**, अध्यक्ष (२००८–२०१०, २०१०–२०१२) । **क्या. दलबहादुर रोका मगर**, अध्यक्ष (२०१२–२०१५)
**रुद्रबहादुर आले मगर**, अध्यक्ष (२०१५–२०१८) । **कुलबहादुर राना मगर**, अध्यक्ष (२०१८–२०२१, २०२१–२०२३)

## 'याँभू'का हालसम्म प्रकाशित अंकहरू












मगर संघ अमेरिका

MAGAR ASSOCIATION USA INC.

www.magarusa.org